नवप्रज्ञापन

साहित्यिक पत्रिका

पूर्णाङ्क : १००, वैशाख-असार २०८०

(प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार २०७७ द्वारा पुरस्कृत)

सम्पादक/प्रकाशक

नवराज रिजाल

सम्पादक मण्डल

प्रा.डा. ध्रुवकुमार घिमिरे
छायादत्त न्यौपाने
हेमराज अधिकारी
प्रमोद पाण्डे
रामप्रसाद अधिकारी
बाबुराम लम्साल
गणेशराज रिजाल
राजेश मानन्धर

लेआउट

डीएन्डडी कम्प्युटर
भक्तपुर

मुद्रण

लक्ष्मी गणेश प्रेस
बागबजार, काठमाडौं
फोन : ५३६०१६०

सहयात्री

राममणि दुवाडी
डा. दामोदर पुडासैनी 'किशोर'
डा. विश्वम्बरकुमार शर्मा
गोपाल अश्क
उमेश रिमाल
ईश्वरराज ढुंगेल
सदानन्द अभागी
डा. पुष्करराज भट्ट
विवेक वाइबा
भवानी तावा
टीकाराम उदासी
विनयराज गौतम
रमेश कडेल
राधा कडेल
गगनदीप सर्व
विनोद पाण्डे

मूल्य : १००१/-

कार्यालय: स्वाभिमानवस्ती जीतपुर-सिमरा उपमहानगरपालिका-१६, बारा, मधेस प्रदेश, नेपाल

सम्पर्क : ९८५११३८६२४ (काठमाडौं), ९८५५०२४९५५ (बारा)

e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com.np

नवप्रज्ञापन सभा

१. माया ठकुरी, ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर, ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, ललितपुर, ७. पीताम्बरा 'पीयूष', काठमाडौँ ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. रवीन्द्र रिजाल, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ, १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौं १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ, २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा, ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर, ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ, ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाईं, धादिङ ४६. रमेश समर्थन, रुपन्देही, ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. विजय चालिसे, काठमाडौँ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर, ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. सीताराम उप्रेती, झापा ६३. दुर्गाप्रसाद काफ्ले, उदयपुर ६४. कृष्ण, खड्का, धादिङ ६५. प्रदीप प्रधान, रुपन्देही ६६. रश्मि असफल, झापा, ६७. समीर पाख्रिन, बारा ६८. प्रभात सापकोटा, काभ्रे ६९. विजय मैनाली, बारा ७०. बैकुण्ठ नेपाल, बारा ७१. ईश्वरराज लोहनी, धादिङ ७२. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७३. मनदेवी तण्डुकार, ललितपुर ७४. छायादत्त न्यौपाने, पर्वत ७५. दुर्गा रिमाल, काठमाडौँ ७६. भक्तबहादुर नेपाली, ललितपुर, ७७. खिमानन्द पोखरेल, गुल्मी, ७८. रञ्जुश्री पराजुली, काठमाडौँ, ७९. समन श्रेष्ठ, काठमाडौँ, ८०.गोपाल बराल काठमाडौं, ८१.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८२.आरएम डंगोल नुवाकोट,८३. गोपाल अश्क, पर्सा, ८४. दिनेश गुप्ता पर्सा, ८५. हरिदेव खरेल बारा, ८६. हिर्दयनारायण चौधरी बारा, ८७. नवराज पुडासैनी, काठमाडौँ, ८८. डा. धनप्रसाद सुवेदी, खोटाङ, ८९. राममणि ढुंगेल, भक्तपुर, ९०. अमरकुमार प्रधान, दोलखा, ९१. जंगबहादुर यादव, बारा, ९२. सुदिपराज रिजाल, बारा, ९३. वसन्त रिजाल, काठमाडौँ, ९४.राधेश्याम सिवाकोटी, बारा, ९५. कलाधर काफ्ले, कास्की, ९६. हरिदत्त पाण्डेय, बैतडी, ९७. प्रतीक्षा रिजाल, बारा, ९८. शीतल गिरी रौतहट, ९९. इशहाक हुसेन, बारा, १००. श्याम रिमाल, नुवाकोट, १०१. सानुराजा अन्जान, काठमाडौं ।

सम्पादकीय

यात्रा प्रवेशका ३१ वर्ष

श्रद्धेय पाठक वृन्द, **नवप्रज्ञापन शतक अङ्क**का साथ यहाँहरू सामु उपस्थित भएको छ। सर्वप्रथम यसलाई यहाँसम्म आइपुग्न प्रेरणा, उत्साह, सद्भाव र सहयोग प्रदान गर्नुहुने सबैप्रति नवप्रज्ञापन आभार व्यक्त गर्नु आफ्नो पहिलो कर्तव्य सम्झन्छ । पक्कै हो, यहाँहरूको साथ सहयोग नभएको भए यसले आजको दिन देख्न पाउने थिएन। निर्धक्कका साथ भन्न सकिन्छ यसमा कुनै दुविधा छैन । भविश्यमा पनि यहाँहरूबाट आवश्यकताअनुसार ती कुराहरू पाइरहने आशा एवम् विश्वास **नवप्रज्ञापन**ले बोकिरहेको छ।

यो नवप्रज्ञापनको निम्ति अत्यन्तै खुसीको समय पनि हो। अस्ति र हिजो सम्झँदा मनमा काउकुति लाग्न खोज्छ। के के भन्नु पर्ने हो सोच्नै सकिरहेको छैन। परिभाषामा समेट्न पनि सकिरहेको छैन । आफैं अलमल्ल अनि असरल्ल अवस्थामा छु । विगत कोट्याउँ कि नकोट्याउँ मन दोधार दोधारमा छ। के गरौं अनिर्णित नै छु। तथापि यहाँहरूलाई नवप्रज्ञापन प्रकाशनको प्रारम्भ बिन्दु तथा अझ अगाडि लैजाउँ लैजाउँ लागिरहेको छ । पृष्ठभूमिसम्म पुऱ्याउँ पुऱ्याउँ लागि रहेको छ। अन्यथा नठानिदिन हुन विनम्र अनुरोध गर्दछु।

काम शुभारम्भ हुनुअघि त्यो विषयमा छलफल, विचार-विमर्श, चिन्तन-मनन र सोच छताछुल्ल पोखिन्छन् नै । हुन्छ हुँदैन, सकिन्छ सकिन्न र होला न होलाले विचारमा प्रशस्त काम गर्छ । अरूले खनिदिएको बाटोमा हिँड्दा खासै चिन्ता नहुन पनि सक्छ तर आफैंले बाटो खन्ने र हिँड्ने प्रयत्न गर्नेहरूको चाहिँ मथिङ्गल पक्कै छड्किन्छ। विचार यताउति लाग्न खोज्छ । विश्वास उड्छ वा गुड्छ पनि। विचारधारा चलमलाउँछ। आस्था-विश्वास आफ्नै तालसुरमा आपसमा लाप्पा खेल्न तम्तयार बन्छन् । जित-हार उनीहरूसँगै हुन्छ तथापि ती खोजीमा भौंतारिन्छन् । अवस्था कस्तुरी मृगकै हुन्छ। ती समयको लपेटमा लपेटिन्छन्। तर बाटो पाटो समाएर अगाडि बढिरहन्छ, बढिरहन्छ।

आज २०८० सालको वैशाख १ गते । आजैदेखि **नवप्रज्ञापन ३१औं** वर्षमा प्रवेश गरेको छ। शताङ्कको काम पनि करिब करिब सकिएको छ । छिट्टै प्रेस जाने तरखरमा छ । **शताङ्क**का रुपमा आउने यस अङ्कमा धेरै स्रष्टा तथा द्रष्टाहरूका रचना समावेश छन् । मुख्य मुख्य अङ्कका रूपमा आएका २१ विशेष अङ्कहरूको परिचयलाई पनि यहाँ समेटिएको छ । यस अङ्कमात्र प्राप्त गर्नुहुने पाठकहरूका लागि यसको यात्रा र उपलब्धि बुझ्न केही न केही भए पनि सहयोग पुग्ने मेरो मनमौजी ठहर छ।

वि.सं २०५० सालबाट प्रकाशन

थालिएको पत्रिका ३१औँ वर्षमा प्रवेश गरेको छ । रहर रहरमै प्रकाशन आरम्भ गरिएको पत्रिका ३१औँ वर्षमा प्रवेश गरेको सन्दर्भ सम्झँदा आफू निक्कै बूढो भएको महसुस गरिरहेको छु । सोचीरहेको छु, उपयुक्त बेलामा काम थालिएछ । बिस्तारै बिस्तारै हिँड्न सिकिएछ । सानो नै सही तर पाटो पहिल्याइएछ । मनभित्र आस्था र विश्वासको विरूवा सारिएछ । कमसेकम भाषा साहित्यको विकासमा दुई चार खुड्किला भए पनि गाह्रो लगाउने बनाईएछ । जसरी पनि बित्ने समयको अलिकति भए पनि उपयोग भएछ ।

यो त सकारात्मक सोचको पाटो हो । नकारात्मकताको पाटो फेरि अर्कै छ । व्याख्या विश्लेषण गरिरहनु आवश्यक छैन । बूढो हुनुलाई म नराम्रो ठान्दै ठान्दिनँ । धेरै कुराको अनुभवी र जीवनका पाटाहरू देखिसकेको सम्झन्छु । मैले चाहे पनि नचाहे पनि समयले मलाई पर्खदैन । समाजलाई दिनसक्ने वस्तु दिने र काम गर्ने बेला भइसकेको छ । जतिखेर सकिन्छ त्यतिखेरै दिनुपर्छ किनकि यो बेला दिने भन्ने नै हुँदैन । त्यसैले सकेको र जानेको कुरा गर्ने समय आजै र अहिल्यै हो भन्ने मेरो भनाई छ । तथापि समयसँग न मेरो गुनासो न त कुण्ठाभाव नै छ । उसलाई पछ्याउन नसक्नु मेरै मात्र हैन हामी सबैको कमजोरी हो ।

त्यतिबेला नवप्रज्ञापनको आरम्भ नगरेको भए पनि समय आफ्नै गतिमै हिँड्थ्यो । मेरो उमेर आज जत्तिकै हुन्थ्यो । न कम हुन्थ्यो न त बेसी नै । यसर्थ समयले कसैलाई पर्खदैँन र छाडेर पनि हिँड्दैन । कोही कसैप्रति आग्रहपूर्वाग्रह केही पनि राख्दैन । उसलाई न मेरो कामले छेकेको छ न त बेगवान बन्नै सहयोग गरेको छ । कुनै लेनदेन पनि छैन । यसैले भन्न सकिन्छ न समय कसैको शत्रु न त मित्र नै हो । उसले न कसैलाई माया न त हेलाँ नै गर्छ । कसैलाई आफ्नो र पराय पनि ठान्दैन । ऊसँग सिक्नुपर्ने कुरा यत्ति हो । हिजोका असभ्य, गँवार, अशिक्षित र अशिष्ट मानिसलाई आजको अवस्थामा ल्याउने उही हो । यति मात्र कहाँ हो र ? मानिसलाई निरन्तर हिँडिरहन र अगाडि बढेर गन्तव्य खोज्न पनि अभिप्रेरित गर्ने उही नै हो । त्यही भएर मानिस हिँडिरहेछ र मृत्युपर्यन्त गति खोजिरहेछ ।

वि.सं २०३५ देखि २०४० सम्म म बारा जिल्लाको कलैयास्थित सिद्धेश्वर संस्कृत माध्यमिक विद्यालयको विद्यार्थी थिएँ । कतिपय विद्यालयले विद्यार्थीहरूलाई बस्नका निम्ति छात्रावास उपलब्ध गराउँथे । अचेल गाउँगाउँमा विद्यालय छन् यसर्थ यो कुरा विद्यार्थीका निमित्त अलि अपत्यारिलो हुनसक्छ । वि.सं. १९९६ मा स्थापना भएको र सुरुका वर्षहरूमा शास्त्री तहसम्म पढाई हुने त्यो विद्यालयमा पनि छात्रावासको सुविधा उपलब्ध थियो । २२ जना ब्राम्हण बटुकहरूलाई त खानाको प्रबन्धै थियो । देशका विभिन्न भागबाट आएका ब्राम्हण बटुक त्यस्तो सुविधा ग्रहण गर्थे । त्यो विद्यालयमा सो प्रचलन आज पनि कायम छ ।

छात्राबासमा बस्ने विद्यार्थी पढाई, खेलकुद, साहित्य र अतिरिक्त क्रियाकलाप सबैतिर अब्बल मानिन्थे । जिल्लामा हुने विविध कार्यक्रममा विद्यालय बारम्बार पुरस्कृत भइरहन्थ्यो । यसको अलावा विद्यालयमा पढाई पनि सन्तोषजनक थियो । गोपाल ब्रम्हचारीको सदासयतामा स्थापित सो विद्यालयलाई विभिन्न दानी मनले सहयोग गरेका थिए । विद्यालयसँग

प्रशस्त सम्पत्ति थियो । छन त आज पनि छ तर प्रजातन्त्र पछिका विभिन्न राजनैतिक हस्तक्षेप, छाडा र मनपरीतन्त्रको बोलवाला, मानिसमा विकसित हुँदै गएको बेथिति, अमर्यादित व्यवहार र व्यवस्थापनका कमी कमजोरीका कारण विद्यालय अचेल त्यो बाटोबाट अलि पछि हिंडिरहेको हो कि भन्ने आभाष धेरैलाई हुने गरेको छ ।

कहिलेकाहिँ लाग्छ पुर्खाले छाडेको नासोको राम्रो व्यवस्थापन गर्न नसक्ने आजका हामीहरूको गन्तव्य कता होला ? हिजोका अशिक्षित तर चेतनशील पुर्खाहरूले जिम्मा लगाएका कुरा सही व्यवस्थापन गर्न नसक्ने तथाकथित शिक्षित, सुसंस्कृत, बुद्धिजीवी, जान्नेसुन्ने र भद्रभलाद्मी भै खाएका हामीहरूबाट नयाँ कुराको थालनी होला भन्नेमा म आफू नै विश्वस्त हुन सकिरहेको छैन । हिजो भन्दा आज उज्यालो छ र आजभन्दा भोलि अझ राम्रो हुनेछ भनेर विश्वास गर्नुपर्ने हुन्छ र हुने पनि त्यस्तै हो । तर वर्तमानको बेथितिले त्यतातिर जान मन डराइरहेको छ । आँखा विश्वास गर्न हिचकिचाइरहेछन् । हामीभित्र झाङ्गिदै गएको छाडापन, स्वार्थीभाव, विगतप्रति वितृष्णा, वर्तमानप्रतिको अहंवाद अनि आफू र आफ्नोलाई भन्दा अरू कसैलाई नदेख्ने प्रवृत्ति मौलाउँदै गएका कारण त्यसो भन्न वाध्य हुनु परेको हो । यो राम्रो हैन तर पनि गाडी त्यही बाटोबाट हिँडिरहेका छ ।

आज तदर्थवादमा देश चलिरहेको छ। रुनेहरू रोइरहेछन् । हाँस्नेहरू हाँसिरहेछन् । अघाएकाहरू उघ्राइरहेछन् । भोकाहरू भोकभोकै भौँतारिइरहेछन् । जीवनयात्रा गन्तव्यहीन हुँदै गएको छ । हिँड्न त हिंडिरहेका छौँ, तर कहाँ पुग्छौं आफैंलाई थाहा छैन । सायद कसैको निर्देशमा हिंडिर हेछौं र पालना गरिरहेछौं आदेश । आफूले आफूलाई चिनेका छैनौँ । तथापि दुनियाँ चिनेको, जानेको, बुझेको र पढेको डिङ हाँकिरहेछौं । गज्जव छ आफूलाई नचिने पनि सारा संसार मज्जाले चिनिरहेछौँ, जानीरहेछौँ, बुझिरहेछौँ र भोगिरहेछौँ । तर कहिलेसम्म ? थाहा छैन । न बाटो बनाउनेलाई ज्ञान छ न त भत्काउनेहरूलाई नै । तै पनि हामी हिंडिरहेछौँ अस्ति, हिजो र आजसम्म पनि ।

मभित्र विद्यालयमा हुने साहित्यिक गतिविधिले अलिकति प्रभाव पारेको थियो । त्योभन्दा बढी प्रभाव त्यस विद्यालयका तत्कालीन शिक्षक तथा वरिष्ठ नियात्राकार प्रा.डा. निर्मोही व्यास (बेदव्यास उपाध्याय न्यौपाने) लाई भेट्न आउने स्रष्टाहरूको सम्पर्क र कुराकानीले तुल्याएको थियो । छात्रावासका साथीहरू बीचमा पढाई लेखाई, खेलकुद र अतिरिक्त क्रियाकलापमा स्वस्थ प्रतिस्पर्धा पहिल्यै देखिरहेछ । मैले पनि त्यो स्थितिलाई आत्मसात गरें । कक्षा आठमा भर्ना भई एसएलसी परीक्षा दिएर घर नफर्कदासम्म जिल्लास्तरका विद्यालयले भाग लिने हाजिरीजवाफ, वादविवाद र निबन्ध लेखन जस्ता कार्यक्रमहरूमा मेरो सहभागिता अनिवार्य बन्यो ।

२०४० तिर हुनुपर्छ 'युवा तिमी देशका अखण्डशक्ति हौ' भन्ने शीर्षकको कविता प्रतियोगितामा म जिल्ला प्रथम भएँ । यसले पनि भाषा साहित्यतिर अझै आकर्षित बनायो । पाल्पा साना हुँगीका नरदेव पाण्डे नामक भाइ पनि छात्रावासमा बस्थे । उनी कविता कथा लेख्थे । म भन्दा तल्लो कक्षामा पढ्थे । त्यतिखेरै काठमाडौंबाट

प्रकाशित हुने 'मातृभूमि' साप्ताहिकमा उनको रचना छापियो । लगत्तै मेरो ' पागलको चाहना' शीर्षकको कथा सोही पत्रिककाले प्रकाशित भयो । त्यो पत्रिका मेरो प्रेरणाको अर्को विम्ब हो ।

एएसएलसीको नतिजा पछि काठमाडौं आउजाउको क्रम बाक्लियो । काठमाडौँ जाँदा कता खाने बस्ने समस्या थियो । नेरानिमावि डुमरवाना (हालको नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय डुमरवाना) का कक्षा ५/६ का सहपाठी मित्र भाइराजा पाण्डे (हाल दिवंगत) को घर कलङ्कीमा कैयौँ पटक बास बस्ने अवसर जुऱ्यो । उहाँका दाजु सुदर्शनराज पाण्डे वरिष्ठ पत्रकार हुनुहुन्थ्यो । **कलियुग** त्रैमासिक र **दिनारम्भ** साप्ताहिक पत्रिका उहाँका थिए । भाइराजा पाण्डे भेटिएका बेलामा मात्र होइन केही समयको आउजाउ पछि घर नै मेरो मित्र बन्यो । उहाँका मातापिता पुर्ख्यौली घर कानाकोट नौबिसे धादिङमा बस्नु हुन्थ्यो । पत्रकारिता गर्ने दाजु, मेरो सहपाठी भाइराजा पाण्डे, भाइहरू राम, श्याम, हरि, बहिनी सरला र भाउजु बिन्दुको व्यवहार सरल थियो । म अलिकति चिनारु पनि थिएँ । मसँग दाजुको कार्यक्षेत्रमा भेटिएका र सामान्य चिनजान भएकाहरूले पनि त्यो घरमा आश्रय लिएको ताजा सम्झना छ । वरिष्ठ पत्रकार सुदर्शन पाण्डेको व्यवहार त्यतिखेरदेखि आजसम्म उस्तै छ । उहाँले नै एकदिन भन्नुभयो, 'भाइको साहित्यमा अभिरुची रहेछ **कलियुग** त्रैमासिक तपाईंले प्रकाशित गर्नुहोस् ।'

दाइको विचार राम्रो थियो र राम्रै नियतले यो कुरा भन्नु भएको थियो । भर्खरै एसएलसी सकिएको थियो । कता पढ्ने, के पढ्ने कसरी पढ्ने कुनै टुङ्गो लागिसकेको थिएन । बारा जिल्लाबाट ऋषिराम न्यौपाने र निर्मोही व्यासको पहलमा प्रकाशित **प्रतिनिधि** नामक पत्रिका चार अङ्कमै थल्लिएको प्रसङ्ग गुरु निर्मोही व्यासको मुखारविन्दबाट धेरैपटक सुनेको थिएँ । सदरमुकामका बासी र लेखक व्यक्तित्व निर्मोही व्यासको पत्रिका त पाँचौँ अङ्क प्रकाशित हुन सकेन भने साहित्यमा अभिरुची त राख्ने तर कुनै पहुँच नभएको मैले निकाल्ने पत्रिकालाई कसले सहयोग गर्ला ? यो कुरा मनमा निकै दिनसम्म खेलेपछि दाजु सुदर्शन पाण्डेलाई भनेको थिएँ अहिले सक्दिनँ, पछि साथी सहयोगी पाए विचार गरौँला । अहिले पनि बारा जिल्लाबाट प्रकाशित साहित्यिक पत्रिकाको सूचीमा **प्रतिनिधि** दोस्रोमा छ । मैले साथ पाउने कुरै थिएन । त्यतिखेर नयाँ पत्रिका दर्ता गर्न कि काम गरेको दस वर्षको अनुभव चाहिन्थ्यो कि त बीए बास गर्नुपर्थ्यो । दाजु सुदर्शन पाण्डेको वाणी मनमा गडिइरह्यो सियोजस्तै ।

स्नातक तहको पढाइ सकियो । विभिन्न विद्यालय हुँदै २०५०मा धादिङ जिल्लाको खाल्टे गाविस-६ स्थित श्री पञ्चकन्या निमावि (हालको मावि) मा शिक्षक हुन पुगेँ । सहिदहरू, लेखकहरू, कलाकारहरू र अन्य विशिष्ट व्यक्तिहरूको जीवनी पढ्ने क्रममा उहाँहरूले आफ्नो देश र जातिको लागि गरेको कामबाट अत्यन्तै प्रभावित थिएँ । चार सहिद दशरथ चन्द, गंगालाल, शुक्रराज र धर्मभक्तको जीवनी पढेँ पछि मेरा बेस्सरी आँखा रसाए । अझै गंगालाल र उनको सुत्केरी श्रीमतीको अवस्थाले त झनै द्रवित बनायो । देशको लागि त्यति काम गर्न नसके पनि केही न केही त गरौँ भन्ने

सोच अझै दर्बिलो बन्यो । के गर्ने, कसो गर्ने र कसरी गर्ने प्रश्नले छातीमा लामो समय डेरा जमायो ।

सामाजिक सुधारपट्टि रूची रहेकाले कक्षा दशमा पढ्दै गर्दा मेरै अध्यक्षतामा गाउँमा **नवयुवा** पुस्तकालय खुलेको थियो । त्यस पुस्तकालयकै पहलमा झण्डै एकदशकसम्म चेतनामूलक नाटक दशैंतिहारमा देखाउने प्रचलन चलन चलाएका थियौं । नाटक म र सहयात्री डिलबहादुर भट्टराई मिलेर लेख्थ्यौं । कहिलेकाहिँ एक्ला एक्लै पनि लेख्थ्यौं । सम्भवतः त्यसैको तुष, झण्डै दशक अघिको सुदर्शन दाइको प्रस्ताव र साहित्यिक अभिरुचीले होला साहित्य क्षेत्रमा हैसियतले भ्याएसम्म केही गरौं भन्ने उद्देश्यले पत्रिका प्रकाशन योजना बनाएँ । योजना त बन्यो तर कसरी अगाडि बढ्ने मन द्बिविधामा थियो । जिल्लाबाट ४ अङ्कभन्दा बढी पत्रिका ननिस्कएको इतिहास छ । इतिहास मेटिन सक्छ कि सक्दैन ? मन अन्यौलग्रस्त बन्यो । रचना सङ्कल, पत्रिका वितरण, छपाईं आँखामा नाचिरहे । काठमाडौंको पढाई, धादिङको जागिर र बाराको घर आँखामा आइरहे । मनले गम खायो, लामो समय सोच्यो, सोच्दै गयो र अन्त्यमा एउटा अठोट गऱ्यो ।

प्रस्ताव दुई जना साथीहरूको माझमा पुग्यो । पहिले त हौसिनु भयो दुवै । एकजनाले त खर्चक ५० प्रतिशत आफैं व्यहोर्ने घोषणा पनि गर्नुभयो । अलिकति वादविवाद पनि चल्यो । मेरो प्रस्ताव ५० प्रतिशत म र उहाँहरू २५-२५ प्रतिशत थियो । तर एकजनाले जिद्दी नै गर्नुभयो । उहाँको विचारमा सहमत भएँ तर पछि सहकार्य चलेन । प्रयास निक्कै गरेँ । अनुरोध र आग्रह गरिरहेँ तर त्यसले काम गरेन । पछि मन फर्कला कि भन्ने थियो । धेरै जसो मेरो सोचले काम गरेको छ तर त्यतिखेर गरेन । हामीकहाँ साझेदारी कामको विकास भएको छैन । यो लिने हैन दिने मात्र हो । साथीहरूसँगको सहयात्रा साह्रै लामो समयसम्म टिक्दैन भन्नेमा म जानकार थिएँ । सोचेजस्तै भयो । आफैँले गर्नुपर्छ भनेर पूर्व तयारी अवस्थामै पनि थिएँ ।

सुरुको अवस्थामा तत्कालीन नारायणी मसलन्द उद्योगका प्रवन्धक तथा लेखक दाजु ईश्वरराज ढुङ्गेलको सहयोग प्रभावकारी रह्यो । उहाँका उत्साहप्रद सुझाउ, सल्लाह र सहयोगले पहिलो अङ्क निकाल्न निकै सहज भयो । उहाँप्रति आभारी छु । कतिपय साथीहरूलाई निःशुल्क पत्रिका बाँड्दै र हाम्रो क्षेत्रबाट निस्किएको पत्रिकामा सहभागी भएर काम गरौं भन्ने प्रस्ताव पनि राख्दै गएँ । कतिपयका गर्दै जानोस् र कतिपयका कति नाफा हुन्छ भन्ने जिज्ञासा हुन्थे । मैले नाफा हुँदैन भनेर कहिल्यै भनिनँ र भन्नु आवश्यक पनि ठानिनँ । कतिपयलाई नाफा नै हुने देखेर चलाएको हुँ तपाईं पनि चलाउनोस् र पैसा कमाउनोस् भनेँ । साहित्यिक पत्रिका प्रकाशन गर्छु भन्नेहरूले व्यवसाय जस्तै घाटा नाफाको आँखाले हेर्ने भए यो काम अगाडि नबढाए हुन्छ । बारा जिल्लाबाट २०३५/०३६ तिरै प्रकाशित ४ अङ्कको इतिहास बनाएको **प्रतिनिधि**लाई नवप्रज्ञापनबाहेक आजका मितिसम्म अन्य साहित्यिक पत्रिकाले उछिन्ने धृष्ठता गरेका छैनन् । सम्भवतः **प्रतिनिधि** प्रतिकै सदासयता हो कि ? यदाकता मेरो मनमा प्रश्न उब्जन्छ ।

प्रकाशन आरम्भ गर्दा नवप्रज्ञापनले नारायणी अञ्चललाई आफ्नो घेरो ठानेको थियो । यात्राकै क्रममा २९ औँ अङ्कसम्म आईपुग्दा **गजलअङ्क**, **माधव घिमिरे लघुशव्दचित्र**, **गीतगंगा**, **ईश्वर ढुङ्गेलका कविताहरू**, **सरुभक्त लघुशव्दचित्र**, **नारायणीका स्रष्टाहरू पहिलो भाग**, **श्यमप्रसादका रचना** र **नारायणीका स्रष्टाहरू दोस्रो भाग** जस्ता विशेष अङ्कहरू पनि प्रकाशित भए। विविधकारणले त्यसपछि केही समय सुस्तायो तर स्थगन भएन। नवप्रज्ञापनलाई सुरु देखि नै रचनाको अनुपलब्धता थिएन। छेलोखेलो नै थियो। लेखकहरूबाट माया पाएका कारण त्यसो भएको होला भन्ने मेरो बुझाई छ। रह्यो अर्थको कुरा, जागिरे र पत्रिकालाई आफ्नै पर्याय ठानेकाले त्यो समस्या पनि रहेन। धिमा गतिमै पत्रिका प्रकाशित र वितरित भैरह्यो । केही ढिला हुने वित्तिकै अग्रजहरू जिज्ञासु बन्नु हुन्थ्यो। म कर्तव्यबोधले खुम्चन्थेँ। सन्दर्भ मिलाउन अलि अप्ठेरो पर्थ्यो । तथापि मिलेर छाड्थ्यो। म मनमा इच्छा रहे काम गर्न सकिने मतको अनुयायी हुँ । इच्छा शक्ति जागृत रहे सक्रियता आफसेआफ बढ्दै जान्छ । सक्रियताले सन्तुष्टि प्राप्त हुन्छ र कामलाई निरन्तरता दिन सकिन्छ । मनले अन्हाएको काम गर्न मानिस रमाउँछ र मरिमेट्छ। त्यसको सफलता/असफलता पनि उसैसँग गाँसिने भएकाले त्यो सम्भव भएको हो। **नवप्रज्ञापन** मनकै इच्छामा थालिएको काम भएकाले जसरी पनि अगाडि बढाउने अठोटले काम गरेको हो।

२९औँ अङ्क पछि पत्रिका स्थगन गर्ने सोच मनमा नपलाएको हैन तर भेटिएका अग्रज र आदरणीयहरूको जिज्ञासा, सल्लाह र सुझावका अगाडि मसँग पानी पानी बन्नुको अर्को विकल्प छँदै थिएन। उहाँहरू पत्रिकाको भविष्यको यात्राबारे सोधखोज गर्नुहुन्थ्यो । प्रकाशन बन्द नगर्नुहोला है, सहयोग गर्न तयार छौं, उहाँहरूका प्रस्ताव हुन्थे। मेरो मन अझ अन्योलमा पर्थ्यो । हात हालेको काम नराम्रो रहेनछ मनमा लाग्थ्यो । अगाडि बढाउने कि नबढाउने ? कहिले बढाउनेले जित्थ्यो त कहिले स्थगन गर्नेको पल्ला भारी हुन्थ्यो। वर्षमा १/२ अङ्क भए पनि निकाल्नोस्, छोड्नु हुन्न, तपाईंको प्रयास स्तुत्य छ, एकाथरी तर्कहरू हुन्थे। अर्काथरी नाफामा गरिएको काम, नाफा नभए किन गर्ने, आजको आर्थिक युगमा विना पैसाको काम कहीँ गरिन्छ ? त्यसो गर्ने त आफैलाई नजान्ने/नचिन्ने मुर्खहरू हुन् निर्धक्क भएर यसो भन्थे । म चुपचाप बस्दा पनि ती तर्क एकआपसमा मुक्कामुक्की गरिरहन्थे। दुवैका विचार आ-आफ्ना स्थानमा उचित छन् मनले भन्न त भन्थ्यो तर यसै हो भनेर निर्क्योल गरिहाल्ने स्थितिमा हुँदैनथेँ। मौनता साँध्दै र उनीहरूका विचार विमर्श श्रवण गरिरहन्थेँ।

कसैले आवश्यक सहयोग गर्ला वा विज्ञापन पाइएला र पत्रिका प्रकाशित गरौँला भनेर प्रकाशन थालिएको थिएन। जे जति सकिन्छ आफैँबाट सुरु गरौँ, आफैँले थालौँ प्रारम्भिक अभिप्राय यही थियो । अहिले पनि त्यो यर्थाथबाट विचलित बनेको छैन । त्यही कारण आर्थिक अभावका कारण पत्रिका रोकिएन । समय व्यवस्थापनमा केही अप्ठेरो भएका बेला केही ढिला भने अवश्य भए । यसले पाएको पहिलो व्यवसायिक विज्ञापन साझा प्रकाशनको थियो । डा. तुलसीप्रसाद भट्टराईले

बोलाएरै त्यो उपलब्ध गराउनु भएको थियो । 'मैले पनि केही अङ्क निकालेर छोडेको हुँ । पत्रिका प्रकाशन गर्न गाह्रो हुन्छ, काठमाडौं आउँदा साझा प्रकाशनमा आएर मलाई भेट्नु होला' स्नेहील सल्लाह थियो । उहाँले उपलब्ध गराउनु भएको रु.पाँच सयको साझा प्रकाशनद्वारा प्रकाशित पुस्तकहरू पढौं भन्ने विज्ञापन र अर्डर स्लिपले निक्कै हौसिएको थिएँ । त्यतिखेरसम्म पत्रिका केही अङ्क प्रकाशित भइसकेको थियो । अलि पछि कवि विनय रावल र कथाकार ओममणि शर्माले पनि माया गर्ने वाचासहित हिँडेको बाटो उपयुक्त र सही भन्दै यै बाटोमा सधैँ हिँडिरहन र पत्रिका स्थगन नगर्न सल्लाह दिनु भएको थियो ।

२९औँ अङ्क पछि केही समय स्थगन भएको **नवप्रज्ञापन**को ३० औँ अङ्क प्रकाशित भयो । यसपछि म स्वयंले पाठ्यपुस्तकमा पढाएको र भाषासाहित्यमा अभिरुचीका कारण धेरै कथाहरू पढेको कथाकार माया ठकुरी भेटिनु भयो । उहाँले आफ्नो काममा निरन्तर लागिरहन प्रेरित गरिरहनु भयो । त्यो सिलसिला अहिले पनि रोकिएको छैन । भाषा साहित्य देशको चिनारी हो भन्ने उहाँको निचोड थियो । बारम्बार मलाई त्यो कुरा स्मरण गराइरहनु हुन्थ्यो । एकपटक घरमा बोलाएर केही पुस्तकहरू पढ्न दिँदै पत्रिकाको निरन्तरताको निम्ति सदस्य बनाउन र आफैँलाई पहिलो नम्बरमा राख्न आग्रह गर्नु भएको थियो । उहाँको आग्रहसुन्दा म छाँगोबाट खसे जस्तै भएको थिएँ । त्यो कल्पना भन्दा बाहिरको कुरा थियो । ३२ अङ्कसम्म पुग्दा कसैले नभनेको कुरा उहाँबाट सुन्दा म आश्चर्यमा पर्नु अनौठो थिएन । उहाँसँग विदा भएर हिंडेपछिल मनमा निक्कै कुराहरू खेले । कसैलाई पनि सदस्य नबनाउने सोच लिएर हिँडिरहेको मानिस सामु त्यति वरिष्ठ स्रष्टाको प्रस्ताव कम आश्चर्य थिएन । उहाँहरूलाई सम्मान गर्नुपर्छ, आदर गर्नुपर्छ, उहाँहरू साहित्यका मनिषि हुनुहुन्छ र नेपाल र नेपालीका ढुकढुकी हुनुहुन्छ भन्ने मान्यता बोक्ने मेरो सामु त्यस्तो प्रस्ताव आउनुलाई स्वभाविक ठान्नै सकिनँ ।

३३ अङ्कतिर भेटेर फर्केपछि ३/४ अङ्कसम्म बिच भेटघाट भएन । अर्को अङ्क पछि भेटौँला र प्रस्तावबारे सोचौँला भनेको थिएँ । किन हो किन उहाँकोमा जान मन लागेन । एउटा कार्यक्रममा भेटिएपछि फेरि पनि बोलाउनु भयो । आउँछु भनेँ तर गइनँ । मभित्र उहाँजस्ता स्रष्टाहरूबाट आर्थिक सहयोग लिन हुन्न भन्ने सोच थियो । अभियान थाल्ने पक्षमा म छँदै थिइनँ । ३७/३८ अङ्कतिर होला उहाँले अभियानबारे बुझाउनु मात्र भएन केही साथीहरू पनि खोजेर सदस्यता बनाउनु भयो । छक्क अनि अचम्म मानेर प्रस्ताव झण्डै दुई वर्षपछि मानेँ । अग्रज र आदरणीय स्रष्टाहरूको माया पाउनुलाई **नवप्रज्ञापन**ले अहोभाग्य पनि ठानेको छ । मरिमेटेर खोज्नेहरू सफल हुन नसकिरहेको बेलामा खोज्दै नखोज्नेले पाउनुलाई मैले तिमी काममा निरन्तर लाग, यसैगरी सहयोग र सद्भाव दिनेहरू बाटामा भेटिईरहने छन् भन्ने आर्शीवाद सम्झेको छु ।

इतिहासबाट सिकौँ, जानौँ, बुझौँ र अगाडि बढौँ भन्ने नवप्रज्ञापनले सबैलाई यही अनुरोध गरिरहेको छ । इतिहास नबुझी अगाडि बढ्न सकिँदैन । इतिहास बुझ्नु आफूलाई जान्नु र पहिचान

गर्नु हो । जसले आफूलाई जानेको, चिनेको र बुझेको छैन उसले कसैलाई पनि जान्दैन र बुझ्दैन । यदि कसैले जानेको छु भनेर आफूलाई बुज्रुगका रुपमा प्रस्तुत गरे बुझ्दा हुन्छ संसारमा त्यो सबैभन्दा पछाडि छ । अनि पछाडि हुनेले अगाडिका कुरा गर्नु डाडुमा पानी तताएर मर्नु सरह हो । अग्रजबाट शिक्षा ग्रहण गरी अनुजसम्म पुऱ्याउनु पर्छ भन्ने सोचले जीवनको उकालीतिर पुग्न लनग्नुभएका ५६ स्रष्टाहरूका १२/१५ वर्ष उमेरका संस्मरण ४०औँ अङ्कमा प्रकाशित भएको थियो । भविष्यका कर्णाधार तर आजका बालिकाका निम्ति तयार पारिएको सो अङ्क रुचाउनेहरूको सङ्ख्या अत्यधिक रह्यो । पत्रिकालाई अगाडि बढ्न यसले अझ हौस्यायो । यति मात्र हैन, वीरपुर्खाहरूको आर्जन पवित्र भूमिमा जन्मिएको साटो औकातले भ्याएसम्म सकारात्मक काममा लागिरहन अझ प्रेरित गऱ्यो ।

४१६+४ पृष्ठको **स्वर्ण अङ्क** र ४६४+४ पृष्ठको **बालसाहित्य विशेषाङ्क** नवप्रज्ञापनका क्रमशः ५० औं र ६० औँ अङ्क हुन् । ५० औँ खुड्किला उक्लेपछि अब चाहिँ विश्राम गरौँ कि भन्ने सोच मनमा नपलाएको हैन तिर त्यसो पनि हुन सकेन । ठिकै छ नरोकियौँ यही मान्यताले प्रेरित गऱ्यो । अहँ, पाइला अडिएनन् । सुस्तरी नै भए पनि हिँडिरहे । नेपाली बालसाहित्यको अवस्था कस्तो छ त ? भन्ने सोचले बालसाहित्य विशेषाङ्क जन्म गरायो । आज सबैभन्दा बढी काम गर्नु पर्ने क्षेत्र नै बालबालिकाको क्षेत्र हो । हिजो पठनसंस्कृति बढाउन नसकिएकाले आज साहित्यिक पाठकहरूको सङ्ख्या कम भएको हो । अञ्चलगत रूपमा बालसाहित्यको इतिहास, विधागत रुपमा बालसाहित्यको स्थिति, बालसाहित्यका क्षेत्रमा कलम चलाइरहनु भएका स्रष्टाहरूको जानकारी र विगतदेखि वर्तमानसम्मका बालसाहित्यका प्रतिनिधि स्रष्टाहरूका रचनाहरू समेटेर तयार पारिएको सो अङ्कलाई धेरैले राम्रो उपलब्धि र कोशेढुङ्गाको रुपमा मान्यता दिनुभयो । **नवप्रज्ञापन** दङ्ग पऱ्यो र आफ्नो सोच सही भएको महसुस गऱ्यो । यतिमात्र हैन अझ धेरै सकेसम्म गर्नुपर्छ भन्ने अठोट पनि बटुल्यो ।

साहित्यिक पत्रकारिता नेपालको सन्दर्भमा जेठो पत्रकारिता हो तर राज्यले यसलाई बेवास्ता गरिरहेको छ । कुनै पनि सुविधा दिएको छैन । यही परिप्रेक्षमा त्यसको हकहितका निम्ति २०६३ सालमा गठित नेपाल साहित्यिक पत्रकार सङ्घको गठनमा मेरो पनि महत्वपूर्ण योगदान रह्यो । अनि सोही संस्थाको पहलमा साहित्यिक पत्रपत्रिकाले पनि वर्गीकृत भएर राज्यबाट कल्याणकारी विज्ञापन पाउन थाले । मासिक बाहेक साहित्यिक पत्रिकाहरूले अझै हुलाक दर्ता सुविधा पाएका छैनन् । नेपाल साहित्यिक पत्रकार सङ्घले सरकारसँग पहल गरिरहेको छ । २०६३ पछिका सबै सरकारका तालुकवाला मन्त्री र विभागीय प्रमुखहरू सम्वादमा साहित्यिक पत्रपत्रिकालाई हुलाक सहितका सुविधा दिन मञ्जुर गर्छन् तर त्यो कुरा व्यवहारमा लागू भइरहेको छैन । भाषा, साहित्यप्रति सम्बन्धित निकायको असंवेदनशीलताको यो ज्वलन्त प्रमाण हो ।

विदेशी भूमिबाट प्रकाशित अश्लील तथा हाम्रा मूल्य मान्यता बाहिरका पत्रपत्रिका हामीकहाँ निर्वाध रुपमा आउँछन्

तर नेपालीभाषी बहुल छिमेकी मुलुकका विभिन्न ठाउँमासमेत हाम्रा पत्रपत्रिका सहज रूपमा जान सक्दैनन् । नेपाल साहित्यिक पत्रकार सङ्घले स्थापना कालदेखि नै समस्या समाधानका निम्ति सरकारसँग अनुरोध र आग्रह गरिरहेको छ। तर सरकार र सम्बन्धित निकाय कानमा तेल हालेर बसेका छन् । सरकार किन गर्दैन त पहल ? साहित्यिक पत्रकारहरू प्रश्न गरिरहेका छन् । सम्बन्धित निकाय कानमा तेल हालेर सुनेको नसुन्यै गरिरहेछ । सम्पूर्ण साहित्यिक पत्रकारहरू एकजुट भएर उठे समस्याको समाधान टाढा छैन यो निष्कर्षमा **नवप्रज्ञापन** पुगेको छ । विस्तारै बोलेर कसैले पनि नसुन्ने हुनाले ठूलो आवाजका साथ साहित्यिक पत्रकाहरू उठ्नु आवश्यक छ । त्यसका निम्ति तयार बन्न **नवप्रज्ञापन** सबैमा आग्रह पनि गर्न चाहन्छ ।

२०७१ वैशाखमा भानु द्विशतवार्षिकीको अवसर पारेर संस्कृति मन्त्रालयले केही पत्रपत्रिकाहरूलाई रकम प्रदान गरी विशेषाङ्क निकाल्न लगायो । **नवप्रज्ञापन**ले आशीर्वाद पाउने पत्रिकाको नाम पढ्यो र आफूलाई पनि जोड्यो । आधार खोज्यो । कमजोरी खोज्यो । सबल र दुर्बल पक्ष खोज्यो । तर अहँ, भेट्टाउन सकेन । क्षेत्रीय आधारमा तराईको जिल्ला बाराबाट प्रकाशित हुने **नवप्रज्ञापन** राष्ट्रिय 'क' वर्गमा वर्गीकृत छ । तर सुविधा पाउने बेलामा कसैले यसलाई सम्झेन । यो हकदार थियो । तराईबाट निस्कन्छ । सुविधासम्पन्न ठाउँबाट टाढा छ । अन्यत्रको जस्तो तराईमा नेपाली पत्रपत्रिकाका पाठक पनि छैनन् । सम्बन्धित निकाय पनि साहित्यिक पत्रपत्रिकालाई सहयोग गर्न चाहँदैनन् मात्र हैन दायित्व नै सम्झँदैनन् । सुरुदेखि आफ्नै बाहुबलमा प्रकाशित भइरहेको यसले कसैसँग पनि कुनै गुनासो त गरेन तर त्यस कार्यका लागि आफूलाई पनि कम आँकेन ।

भानुभक्त सबैका साझा ठानेर **भानुभक्त विशेषाङ्क** प्रकाशित गऱ्यो । सरकारी सहयोग र सुविधाले मात्र निस्कन्छ कि आफ्नै प्रयासमा पनि विशेषाङ्क निकाल्न सकिन्छ भन्ने आफैंले लिएको **नवप्रज्ञापन**को त्यो परीक्षा थियो । सुरुदेखि नै अवसरबाट वञ्चितहरूलाई मौका दिने उद्देश्य राखेको पत्रिका अहिले पनि त्यही उद्देश्यमा अडिग छ । राजधानी केन्द्रित वा पहुँचवालाको मात्र रचना छाप्ने र चार भन्ज्याङ बाहिर नजाने प्रवृत्तिको यो घोर विरोध गर्दछ । र हिजोदेखि आजसम्मै अवसरबाट वञ्चितहरूलाई मौका दिनुपर्छ भन्ने यसको सोच छ ।

छन्दकविताको स्थिति, ऐतिहासिक विकासक्रम, नेपालमा त्यसको अवस्था र नेपालका प्रतिनिधि छन्द कवि खोजौँ भन्ने सोचले घर गरेपछि २०७२ वैशाखमा **६८औँ अङ्क छन्द कविता विशेषाङ्क**का रुपमा प्रकाशित भयो । त्यसले पनि धेरैतिरबाट समर्थन पायो । आफूले गरेको कामको सकारात्मक प्रतिक्रिया आएपछि मानिस उत्साहित बन्दो रहेछ । छन्द कविताको महत्व नबुझी त्यसको नाम आउनासाथ ओठ लेब्राउनेहरूलाई प्रत्युत्तर दिन त्यो अङ्क निकालिएको थियो । वर्तमानले मात्र विगतको पूर्ण चिनारी दिँदैन त्यसका निम्ति ठण्डा दिमागले इतिहास पढेर सोचमग्न पनि हुनुपर्छ । यो कुरा मेरो मनमा वर्षौं वर्षदेखि खेलिरहेको छ । वर्तमानको आडमा इतिहासको मूल्याङ्कन गर्ने धृष्टता गर्ने हो भने त्यो मूर्खताभन्दा अलिकति पनि केही हुँदैन ।

कामले काम सिकाउँदो रहेछ अर्थात् गतिले गति देखाउँदो रहेछ । खोलो बग्छ तर पोखरी जम्छ । बगेको कारण खोलाले गतिको महत्व बुझ्छ । जम्ने हुनाले पोखरीको भेउ जो कोहीलाई ज्ञात हुँदैन । यसको खोजीमेली गर्ने काम पनि त्यति सजिलो हुन सक्दैन । **नवप्रज्ञापन**को समय व्यवस्थापन गर्न सकिए हरेक वर्ष कुनै न कुनै एउटा विषयको विशेषाङ्क प्रकाशित गर्ने सोचलाई मूर्त रूप दिँदै २०७३ सालमा **पूर्णाङ्क ७२ लघुकथा विशेषाङ्क**का रूपमा प्रकाशित भयो । २०७४ मा पूर्णाङ्क ७५ सम्मका लेखकहरूको नामावली र सम्पादकीय समावेश गरेर **७६ पूर्णाङ्क स्वअभिलेख विशेषाङ्क** आयो । इतिहास कहिल्यै भुल्न हुँदैन भन्ने सत्यलाई आत्मसातगरे गाडि बढ्न सकिने अभिप्रायका साथ नवप्रज्ञापनको स्वअभिलेख विशेषाङ्क प्रकाशनमा ल्याइएको हो ।

२०७५ सालमा **पूर्णाङ्क ८० मुक्तक विशेषाङ्क**का रूपमा प्रकाशित भयो । यस अङ्कले देशभरका नेपाली मुक्तककार समेट्नुका साथै नेपाली साहित्यको पहिलो मुक्तककारको खोजी पनि गऱ्यो । अनि मुक्तक के हो र कस्तो हुनुपर्छ ? समसामयिक नेपाली मुक्तकार को को हुन् खोजतलास गऱ्यो । छानविन सकियो अहँ, म भन्दिनँ तर प्रयास चाहिँ भयो यो यथार्थ वा सत्य दुवै हो यसमा कुनै शङ्का छैन । सकेको गर्ने हो, नसक्ने कसैले गर्दैन यसर्थ जे सकियो त्यो गरियो । अर्थात् नवप्रज्ञापनले आफूले सकेको गऱ्यो । नसकेको अरूको नाममा छाड्यो । जसरी सकिन्छ त्यसैगरी गऱ्यो । सत्य के भने सबैले सबै गर्न सक्दैनन् । एउटाले गरेर पुरा हुन पनि सक्दैन । संसारमा त्यस्तो कहीँ भएको पनि छैन । यसर्थ नवप्रज्ञापन सकेको गरौँ र गर्दै गर्दै जाउँ भन्ने पक्षमा छ ।

२०७६ सालमा **पूर्णाङ्क ८४, बहुभाषाकथा विशेषाङ्क**का रूपमा आयो । १२३ भन्दा बढी भाषा बोलिने नेपालका सबै भाषा समद्ध छैनन् । यसर्थ सबैभन्दा धेरै मातृभाषाका वक्ताहरू रहेका विभिन्न दश प्रमुख भाषाहरूका कथा आआफ्नै मातृभाषामा समावेश गरि प्रकामशित गरिएका छन् । यहाँ केवल कथाहरू मात्र समावेश छैनन् ती भाषाहरूको लेखन अवस्था र कथाका सारसंक्षेप पनि छ । यी सामग्री सम्बन्धित् भाषाहरूका लागि त उपयोगी छन् नै, नेपालीमा सारांस दिईएकाले ती भाषा नबुझ्नेका लागि पनि अत्यन्तै उपलब्धि मूलक छन् ।

नवप्रज्ञापन साहित्यमा एउटा विशुद्धि खोजी हो । यसले गाउँ खोज्छ । गाउँको आवाज खोज्छ । कोही पुग्न नसकीरहेको ठाउँ खोज्छ । छापिन नसकेका प्रतिभाहरू खोज्छ । तिनीहरूलाई लेख्न उत्प्रेरित छ । कुनै पनि अवसर नजुरेकाहरूका लागि मौका दिन्छ । हिँड्न र हिँडिरहनका लागि अभिप्रेरित गर्छ । हो, नवप्रज्ञापन यही र यस्तै कुराहरूमा धेरैभन्दा धेरै विश्वास गर्छ । प्रकाशन कालदेखि यही उदेश्य र लक्ष्यका साथ हिँडिरहेको नवप्रज्ञापन हिँड्न आरम्भ गरेको बाटोबाट कहिल्यै विचलित छैन ।

२०७७ सालमा **पूर्णाङ्क ८८ गीत विशेषाङ्क**का रूपमा प्रकाशित भयो । नेपाललगायत् विश्वका विभिन्न स्थानहरूमा बसोबास गरिरहनु भएका लेखकहरूका नेपाली भाषामा लेखिएका ३२० गीतहरूसहित् अन्य स्रष्टाहरूका गीतहरू बारे लेखिएका रचनाहरू यस अङ्कमा समावेश छन् । हामी गीतलाई

नवप्रज्ञापनको १००औँ अङ्क प्रकाशनका निम्ति मुद्रणालय जाने तरखरमा छ । २०५० सालमा प्रकाशन थालिएको यो पत्रिका हिजोदेखि सुरु गरे जस्तो लाग्छ तर ३१ औँ वर्षमा प्रवेश गरिसकेछ । त्यतिखेर सुरु नगरेको भए आज १००औँ अङ्कमा पुग्दैनथ्यो । ठीक समयमा ठीक काम थालिएछ । काममा हात हालिएछ। हिँड्नु पर्ने बाटो हिँडिएछ। त्यसैले त यहाँ आइपुगियो नि । एउटा कुरा पक्का हो- हिँड्नु पर्ने जति हिँड्न सकिएन । गर्नुपर्ने जति गर्न सकिएन । देख्नु पर्ने जति देख्न सकिएन । सुन्नु पर्ने जति सुन्न सकिएन । काम ढिला सुरु गरेकाले पो त्यस्तो भएको हो कि मनमा प्रश्न उब्जन्छन् र आफैंतिर तेर्सिन्छन् । किन यति थोरै ? किन ढिलो ? अर्को मन भन्छ प्रश्न ठीकै हो 'नहुनु मामा भन्दा कानो मामा जाति' । हिँड्दै नहिँड्नु भन्दा अलिकति भए पनि हिँडेको जाति । बोल्दै नबोल्नु भन्दा दुई चार शब्द नै सही तर बोलेको जाति । नगर्नेहरूको अगाडि थोरै भए पनि गरेको जाति/ हिँडेको जाति र अगाडि पाइला चलाएको जाति ।

पत्रिका प्रकाशन आरम्भ गर्नुभन्दा अगाडि देखि नै हिँड्ने बाटो अलि फरक हो भन्ने मलाई थाहा थियो । किनकि हरेक काम कुरो मिलेर गर्ने, सँगै जाने, हात समातेर हिँड्ने, साझेदारीमा अगाडि बढ्ने संस्कृति हामीकहाँ विकास भइसकेको छैन । मलाई मात्र हैन साझेदारीमा त्यस्तो काम राम्ररी अगाडि बढेको अनुभूति कसैले पनि गरेको छैन । वर्तमानमा हामी र हाम्रो भन्दा म र मेरो भन्ने सोच बोलवाला छ । साहित्यिक पत्रिकारिता लिनु हैन, दिनु मात्र हो, यसमा साझेदारी नचल्नुलाई पनि म असान्दर्भिक भन्दिनँ । जीवनयापनका

एउटा आँखाले हेर्छौं । त्यसो भए विश्वले कसरी हेर्छ त ? त्यसको खोजी यहाँ गरिएको छ । पूर्व र पश्चिम दुवैतिर गीतको प्रार्दुभाव कसरी भयो त ? ती के भाव बोक्छन्, मनोदशा कस्तो छ यी कुराहरूलाई पनि यहाँका सामग्रीहरूले समेटेका छन् ।

२०७८ सालमा प्रदेशका २ का गजलहरू समावेश गरेर **पूर्णाङ्क ९२ प्रदेश २ गजल विशेषाङ्क**का रूपमा प्रकाशित भयो । यस अङ्कमा मधेस प्रदेशका ८ जिल्लाभित्रका गजलकार हरूलाई समेटिएको छ । प्रतिभा गाउँ गाउँमा छन्, बस्ती बस्तीमा छन् । यत्रतत्र छरिएर रहेका ती प्रतिभाहरू लेखिरहेका छन् । तिनीहरूलाई समेट्नुपर्छ, उचित स्थान दिएर हुर्कने र बढ्ने अवसर प्रदान गर्नुपर्छ भन्ने उद्देश्यले यस्तो अङ्क परिकल्पना गरेको हो । नवप्रज्ञापनले आफ्नो परिकल्पनामा आफू सफल भएको निष्कर्ष निकालेको छ ।

२०७९ सालमा **पूर्णाङ्क ९६ नेपालीय भोजपुरी साहित्य विशेषमाङ्क**का रूपमा प्रकाशित भयो । भोजपुरी नेपालमा बोलिने तेस्रो ठुलो भाषा हो र नवप्रज्ञापन यही क्षेत्रबाट विगत ३१ वर्षदेखि यसै क्षेत्रबाट निरन्तर प्रकाशित भइरहेको छ । भोजपुरीको आफ्नो छुट्टै पहिचान र अस्तित्व छ । यो भाषाको लोक साहित्यिक परम्परा पनि अत्यन्तै दर्विलो छ । यस अङ्कमा भोजपुरी भाषामा लेखिएका तथा अनुवाद गरिएका ६५ रचनाहरू समावेश छन् । यी सामग्रीहरूले भोजपुरी नेपालमा बोलिने समृद्ध भाषा हो भन्ने कुरा पुष्टि हुन्छ । २०७९साल माघसम्म आईपुग्दा यसका ९९ अङ्क प्रकाशित भए भने २०८० वैशाखमा १०० औँ अङ्कका रूपमा तयार भएको छ ।

निम्ति भौंतारिइरहनु पर्ने र आर्थिक क्रियाकलापमा संलग्न हुनुपर्ने अवस्थाका बिच यतातिर लाग्ने फुर्सद कसैलाई हुँदैन । सक्ने, बुझ्ने र हैसियत भएका कतिपयहरू समेत यस्तो कार्यलाई उपयुक्त मान्दैनन् । यस्तो विषम परिस्थितिमा मैले चाहेको साथ नपाउनुलाई अस्वभाविक मान्दिनँ । गरौँ-गरौँ लाग्यो सुरु गरेँ, अनि मलाई लागेको कुरा अरुलाई लाग्नु पर्छ भन्ने पनि छैन ।

आरम्भका दिनहरूमा नै म एक्लै हुन्छु भन्ने पक्का थियो । तथापि दुई जना नजिकका मित्रहरूलाई प्रस्ताव राखेँ । पास भयो तर हिँडाई सँगै भएन । कुनै गुनासो राखिनँ । भाषा साहित्यको सेवा बाहेक मेरो अर्को स्वार्थ पनि छैन । आफ्नो काममा निर्धक्क र निश्चिन्त थिएँ । विश्वस्त र आश्वस्त भएकै कारण लगातार हिँडिरहेँ । नवप्रज्ञापनलाई स्वविम्ब सम्झेँ । प्रतिबिम्ब सम्झेँ । आकारप्रकार सम्झेँ । जो सुकैले जे भने पनि पाइला अगाडि बढिरहे । बीचबीचमा अन्य साथीहरू चौतारामा भेटिए र चामैतारामै छुटे । भेट हुनु छुटिनु प्रकृतिको नियम हो । मैले त्यही रूपमा लिएँ । त्यही रूपमा लिएर अगाडिको बाटो लाग्ने पनि छु ।

त्यसो त बाटा र चौतारामा भेटिएकाहरू केही समय सँगसँगै हिँडे पनि छुटेका छन् । अर्को बाटो बनाएका छन् र नसके पनि हिँड्ने प्रयास गरिरहेका छन् । सुरुसुरुका अवस्थामा खहरे वा छहरो भएका साथीहरू कुनै सिन्को नभाँचे पनि दुई चार अङ्कपछि महासागर, सगरमाथा, विश्व राजमार्ग बन्ने खोज्ने अवस्था आएका छन् । हेरेको मात्र हैन देखेको र भोगेको पनि छु । मनमा कतै पढेको हिन्दी कहावत आइरहन्छ - 'जो गरजता है वो वरसता नही और वरसता है वो गरजता नही ।' यो यथार्थ खुबै बुझेको छु । किनकि नबुझी धरै छैन । यही कुरालाई मनन गरेको छु । यसो गर्नु आवश्यक पनि भएको छ ।

कोही कसैको पनि प्रतिस्पर्धी हुँदैन । भए पनि कम से कम **नवप्रज्ञापन** को भने छैन । भए आफ्नो प्रतिस्पर्धी आफैँ छ । **नवप्रज्ञापन**को प्रतिस्पर्धी अन्य कोही नभएर ऊ आफैँ हो । सबैले गर्ने काम उस्तै हुन्छन् । हिँड्ने बाटो उस्तै हुन्छ । पुग्ने ठाउँ पनि उस्तै हुन्छ । तथापि यात्रा फरक हुन्छन् । हातका पाँच औँला पनि लामाछोटा हुन्छन् । एकै बाबु आमाका सन्तान पनि फरक प्रकृति, स्वभाव र रुपरङ्गका हुन्छन् । गर्ने काम र उपलब्धि पनि भिन्नभिन्न हुन्छन् । यसैले भन्न सकिन्छ कोही कसैको प्रतिस्पर्धी होइन सबै आआफ्ना प्रतिस्पर्धी हुन् । गुल्मीको कुरा एउटा होला । स्याङ्जाको कुरा अझ अर्को होला । रुपन्देही र मकवानपुर अर्कै प्रकृतिका होलान् । काठमाडौं र झापाको सन्दर्भ पृथक नहोला कसरी भन्नु । बाराको प्रसङ्ग अर्को हुनु पर्छ ।

भाषा साहित्यलाई हेर्ने, बुझ्ने, सुन्ने, अनुभूति गर्ने र त्यसको उत्थानका निम्ति सोच्ने प्रवृत्ति नेपालका अन्य भागको भन्दा मेरो क्षेत्रको प्रवृत्र बिलकुल भिन्न छ । भाषा साहित्यमा यो भेगले मनग्गे काम गर्न सकेको छैन । त्यसैमा जोडिन्छ यसको नाम । नवप्रज्ञापनको क्षेत्रबाट नियमित प्रकाशित हुने साहित्यिक पत्रिकाहरू केवल तीनवटा मात्र छन् । यसले पनि हाम्रो अवस्थाकान बारेमा जानकारी गराउँछ । किन ? यो प्रश्नको उत्तर खोज्न गहिरिनै पर्छ । त्यसैले त भनियो नि हुने खाने र गरिबको तुलना एक ठाउँमा बसेर

एकै मेसोमा गर्न सकिन्न ।

भन्न के सकिन्छ भने इच्छाशक्ति भए केही न केही गर्न सकिन्छ। हिंड्ने प्रयास, बोल्ने प्रयास, अगाडि पाइला चाल्ने प्रयास, आफूलाई चिन्ने प्रयास, आफ्नोपन चिनाउने प्रयास, जीवनको सार्थकता खोज्ने प्रयास र सारमा आफूलाई सन्तुष्ट राख्ने प्रयास । विभिन्न तिरबाट भएका सनासाना प्रयासलाई जोड्ने हो भने त्यो ठूलो प्रयास नभए पनि त्यतातिरको यात्रा अवश्यै हुनेछ । यस्तै सोचले आफ्नो औकातले भ्याएजति गरौँ भनेर सुरु गरिएको **नवप्रज्ञापन**ले सानै र मसिनै काम गरेर भए पनि ३१ वर्ष विताएछ। तथापि आफ्नो कामबाट सन्तुष्ट छैन । आँखा अगाडि थुप्रै काम छन् । गर्न पाए हुन्थ्यो जस्तो पनि लाग्छ तर के गर्नु, लागेर मात्र नहुँदो रहेछ। लाग्नु र गर्नुमा फरक छ। त्यसलाई मिलाउन कठिन छ । अप्ठेरो र असजिलो छ। यी सबै हेर्दा कहिले काहीँ त लाग्छ चाहेको काम गर्न नसक्ने भएपछि के काम गरिरहनु। झिनामसिना भन्दा ठूलो कामले पो सेवा हुन्छ त भाषा साहित्यको। तर फेरि मनको अर्को पाटो भन्छ सके ठूलो गर्ने नसके सानै भए पनि गरिरहने अर्थात् हिँडिरहने तर काम गर्न नछाड्ने। हो, आजसम्म **नवप्रज्ञापन** यही कुरालाई आत्मसात गरिरहेको छ।

आफूलाई आफैँले ऐनामा हेर्दा **नवप्रज्ञापन** सन्तुष्ट नै छ । आशावादी पनि छ। भर्खर हिँड्न सुरु गरेकोले अझै हिँड्नु छ यही मान्यता राख्छ। गरिरहेको काममा परिमार्जन गर्नुपर्छ। नभएका काम खोज्नुपर्छ । विश्व साहित्यमा नेपाली साहित्यलाई जोड्न प्रयास गर्नुपर्छ। अरुको मुख ताकेर हैन, पहल आफैले गर्नुपर्छ । अर्काले हिँडेर हुँदैन, आफैँले हिंड्नुपर्छ, गन्तव्यको आँकलन आफैले गर्नुपर्छ । आफू भित्रको शक्ति पहिल्याउनु पर्छ । परायका भरमा पुग्न सकिँदैन । आफ्नो कम्मर आफैले कस्नुपर्छ भन्ने सोचमा **नवप्रज्ञापन** हिजोदेखि आजसम्मै रहिरहेको छ । अग्रजहरूको, आदरणीयहरूको, अनुभवीहरूको, कार्यक्षेत्रमा लागिरहनु भएकाहरूको र यसको उत्थानका निम्ति सकारात्मक सोच बोक्नु भएकाहरूको सल्लाह-सुझाउलाई सदैव कदर। सम्मान र मार्गदर्शक सिद्धान्तका रूपमा पूजा गर्नेछ।

३१औँ अङ्कको सम्पादकीय लेखिरहँदा मेरा नजरमा हजारौँ अनुहारहरू उपस्थित हुनु भएको छ । म उहाँहरूसँग आँखा जुधाउन सकिरहेको छैन । बोल्न पनि सकिरहेको छैन। उहाँहरूका आँट र साथ नपाएको भए **नवप्रज्ञापन** कसरी १०० **औँ** अङ्कमा पुग्न सक्थ्यो होला र ? पक्कै सक्ने सक्ने थिएन। सर्वप्रथम लेखकहरूले आआफ्ना लेखरचना दिएर मलाई सघाउनु भयो त्यसकारण मलाई लेख रचनाको अभाव कहिल्यै भएन । पत्रपत्रिकाको पहिलो कुरा लेखरचना हो त्यो प्राप्त भए पत्रिका निस्कने एउटा आधार बन्छ । त्यो आधारको अभाव यसले १००सम्म कहिल्यै गर्नु परेन । यसर्थ नवप्रज्ञापन आदरणीय लेखकहरू सदा आभारी छ।

साहित्यिक पत्रपत्रिका पनि विज्ञापनका हकाधिकारी त हुन्छन् तर हकाधिकारी नै भए पनि त्यस्तो अवसरबाट अपवाद बाहेक सधैँ बञ्चित छन् । ज-जसले जे-जे कुरा गरे पनि संसार बलियोको हो, कमजोरको हैन । भन्न त कमजोरकै लागि काम गरिरहेका छौँ भन्नेहरू पनि हाम्रा आँखा अगाडि धेरै छन्। त्यसो भन्नेहरूले पनि शक्ति आर्जन गरेर बलियो भए पछि पहिलेका सबै कुरा

बिर्सेका उदाहरण धेरै छन् । भोलिको कुरा नगरौँ तर हिजो थिए र आज पनि पनि छन् । यो इतिहासले देखाएको देखाएको सत्य हामी नेपालीहरूले भोगेको नियति हो । यो नियतिको बार न हामीले न त नेपालीले साहित्यिक पत्रकारिताले नै भत्काउन सकिरहेको छ ।

अनगिन्ती वाध्यता हाम्रा अगाडि ठिङ्ग उभिई रहेछन् । तिनीहरूबाट बच्न सक्ने कुनै उपाय छैन । यसैले महत्त्वहीन स्वरहरू पनि कान थुनेर सुन्नु परिरहेको छ। ती सुनाउन उद्यत छन् अर्थात् मरिमेटेर लागि रहेछन् । नाइँ र हुँदैन परिस्थिति नै छैन । रमाइलो कुरा छ कि समयअनुसार तरिका फेरिन्छन् । शैली बदलिन्छन् । आरोह अवरोह पृथक बन्छन् । सन्दर्भ अलग बनाएर भाष्य तयार गरिन्छ । ती परिवेश र परिस्थिति अनुसार बेग्लाबेग्लै स्वरूपमा उभिन्छन् । उनीहरूका भनाई द्वन्दात्मक कहिल्यै हुँदैनन् । म नै अन्तिम सत्य हो भन्ने आधारमा ती अभिव्यक्त हुन्छन् । नपत्याई धरै छैन । पत्याउनु पर्छ । र आजसम्म पत्याई रहेका पनि छौँ ।

हजुर, हिजो र आजको अवस्था जे जस्तो भए पनि नवप्रज्ञापनले धेरैको साथ सहयोग पाएको छ । माया, ममता र स्नेह बटुलेको छ । त्यही कारण त नवप्रज्ञापन हिँडिरहन सकेको हो नि । **शतक अङ्क**को तयारीमा सम्पादक मण्डलका सदस्यहरू सहित् धेरैले सघाउनु भएको छ । पत्रिकामा नाम नराखिएका साथीहरूको सद्भाव अझ धेरै छ । उहाँहरूको साथ र सहयोगले मलाई अत्यन्तै प्रभावित बनाएको छ । पहिलो अङ्क प्रकाशित गर्दा मनमा जति खुसी थियो आज त्यो भन्दा पनि बढि खुसी छु । किनकि मैले गरेको काम सकारात्मक रहेछ । सकारात्मक भएकै कारण अग्रजदेखि अनुजसम्म धेरैको सद्भाव पाएको हुँ भन्ने मेरो बुझाई छ ।

तराईको जिल्ला बाराबाट प्रकाशन आरम्भ गरेको नवप्रज्ञापनले त्यति बेलैदेखि नेपाली बाहेक नेपालका अन्य मातृ भाषाका रचनाहरूलाई पनि उपलब्धताका आधारमा स्थान दिने गरेको थियो । त्यो परम्परा अहिले पनि छ । यो काम कसैले भनेर वा लगाएर गरिएको थिएन । वस्तुस्थिति बुझेर स्व विवेकले गरिएको थियो । हामी एक भएर हिँडे मात्र हामीहरू सबैको विकास सम्भव हुन्छ भनेर गरिएको थियो । भौगोलिक यथार्थ बुझेर थालिएको त्यो काम सही रहेछ भन्ने कुरा आज पुष्टि भएको छ । यही नीति भविष्यमा पनि राखि राख्ने यसको सोच छ । यो अवधिमा नवप्रज्ञापनमा दर्जनभन्दा बढी भाषाका रचनाहरू प्रकाशित भएका छन् ।

अन्त्यमा आइपुग्दा बारा जिल्लाको माटोबाट ३१ वर्षअघि हिँडन सुरु गरेर **शतक अङ्क**मा आईपुगेको **नवप्रज्ञापन**ले भाषा साहित्यको उत्थानका निम्ति हिँड्नु पर्ने जति हिँड्न नसकेको र गर्नुपर्ने जति गर्न नसकेको स्वीकार गर्दै आदरणीय स्रष्टाहरुमा यसले गरेका सकारात्मक काम स्वीकारी नकारात्मक काम यसैलाई फिर्ता गरिदिन अनुरोध छ । यस क्षेत्रमा लामो देखि सक्रिय रहनु भएका आदरणीय अग्रजहरूको साथ सहयोग र मप्रतिको माया ममतालाई पनि कहिल्यै भुल्न सक्दिनँ । यसैगरी यात्राका विविध खण्डमा साथ दिने र दिइरहेका अनगिन्ती साथीहरू र सहयोगी मित्रहरूलाई सम्झँदै यस अङ्कको सम्पादकीयबाट विदा हुन चाहन्छु ।

रचनाक्रम

- **स्मृतिमा साहित्यिक पत्रपत्रिका**
  - – रोचक घिमिरे/१९
  - – विजय चालिसे/२३
  - – रामप्रसाद पन्त/२७
  - – अमर कुमार प्रधान/३१
  - – डा. देवी क्षेत्री दुलाल/४३
  - – प्रा.डा. ऋषिराम शर्मा/४६

- **आफ्ना बाटा आफ्नै हिंडाई**
  - – ईश्वरराज ढुङ्गेल/४९
  - – विवेक वाइबा/५३
  - – गङ्गा कर्माचार्य पौडेल/५६
  - – प्रतीक्षा रिजाल/५९
  - – छायादत्त न्यौपाने 'बगर'/६२
  - – बाबुराम लम्साल/६६
  - – रमेशमोहन अधिकारी/७०
  - – वासुदेव अधिकारी/७५
  - – डा. पुष्करराज भट्ट/७८
  - – डिल्लीराम मिश्र 'कमलजीवी'/८३
  - – बद्रीप्रसाद ढकाल/८६
  - – प्रमोद प्रधान/९१
  - – शीतल गिरी/९५
  - – डा. शैलेन्दुप्रकाश नेपाल/९८
  - – प्रा.डा. कपिल लामिछाने/१०७
  - – आर.एम्. डङ्गोल/१११
  - – बाबुराम पोखरेल/११५
  - – डा. देवी नेपाल/१२०
  - – प्रा. केशव सुवेदी/१२८
  - – नन्दु उप्रेती/१३१
  - – प्रा.डा. ध्रुवकुमार घिमिरे /१३५

- **सम्पादकीय यात्रा / १४०**

- **यात्राका सहयात्रीहरू/ २०७**

- **शुभेच्छामा जोडिएका मन/ ४०७**
  - – गंगा सुवेदी/४०७
  - – राममणि पोखरेल /४०९
  - – माधव पोखरेल 'गोज्याङ्ग्रे'/४१०
  - – हेमराज अधिकारी/४१२
  - – भवानी तावा/४१३
  - – सीताराम उप्रेती/४१४
  - – नारायण तिवारी/४१६
  - – जय छाङ्छा/४१९
  - – नगेन्द्र रेग्मी/४२१
  - – वसन्तराज अज्ञात/४२३
  - – मातृका पोखरेल/४२५
  - – राम भरोस कापडि भ्रमर/४२६
  - – रामचन्द्र महतो कुशवाहा/४२७
  - – डा.राजेन्द्र विमल/४२८
  - – कार्तिकेय घिमिर/४२९
  - – माधव काफ्ले /४३०
  - – यशु श्रेष्ठ/४३३
  - – सञ्जय साह 'मित्र'/४३६
  - – किशुन दयाल 'श्रीकृष्ण'/४३८
  - – रेणु गुप्ता/४३९
  - – डा.गोपाल ठाकुर/४४१
  - – मुकुन्द आचार्य/४४२
  - – सुनील कुमार/४४४
  - – रामप्रसाद अधिकारी/४४६
  - – जंग बहादुर यादव/४४८
  - – गणेशराज रिजाल/४४९

– विजय मैनाली/४५०
– ईशहाक हुसेन/४५२
– जगदीशप्रसाद 'पंकज'/४५३
– हिर्दयनारायण चौधरी 'थारु'/४५४
– राधेश्याम शिवाकोटी /४५६
– गोपाल अश्क/४५८
– डा. विश्वम्भरकुमार शर्मा/४६१
– गणेशप्रसाद लाठ/४६३
– विनयराज गौतम/४६५
– नगेन्द्रराज शर्मा/४६७
– मोहन दुवाल/४६७
– विनयकुमार शर्मा नेपाल/४६८
– विदुर गौतम/४७०
– नवराज पुडासैनी 'ज्योत्स्ना' /४७०
– राम सञ्जेल /४७१
– वियोगी बुढाथोकी /४७२
– चेतनाथ धमला/४७४
– आर.सी. रिजाल/४७६
– होमशङ्कर बास्तोला/४७७
– धीरकुमार श्रेष्ठ/४७८
– लक्ष्मी भट्टराई 'परिधि' /४७९
– सूर्यप्रसाद लाकोजू /४८०
– नानीमैयाँ अधिकारी/४८१
– अच्युत घिमिरे/४८२
– देवराज खरेल/४८३
– डा. तुलसी भट्टराई /४८४
– प्रा. डा. लक्ष्मणप्रसाद गौतम/४८६
– माया ठकुरी/४८८
– भागीरथी श्रेष्ठ/४९०
– श्रीओम श्रेष्ठ 'रोदन'/४९१
– राममणि ढुङ्गेल/४९२
– श्याम रिमाल/४९४
– अमृत योन्जन-तामाङ/४९६
– प्रमोद पाण्डे/४९७
– विनय अर्याल/५०२
– अरुणबहादुर खत्री 'नदी'/५०३
– राजेश मानन्धर/५०४
– रवीन्द्र तामाङ/५०५
– सानुराजा अन्जान /५०८
– हरिप्रसाद पाण्डेय/५०९
– रामविनय/५११
– गगनदीप सर्व/५१२
– देवेन्द्र अर्याल आँसु/५१५
– राममणि दुवाडी/५१७
– रमेश कँडेल/५१८
– राधा कणेल/५२०
– गोपाल फ्युवा/५२२
– डा. नवीनबन्धु पहाडी/५२४
– भगवती अधिकारी/५२६
– ललिता 'दोषी'/५२७
– विश्वप्रेम अधिकारी/५२८
– सदानन्द अभागी/५२९
– मिलन समीर/५३१
– माधव घिमिरे 'अटल'/५३२
– विजयराज न्यौपाने/५३४
– गायत्री लम्साल/५३६
– टीकाराम उदासी/५३७
– खिमानन्द पोखरेल/५३८
– रमेश समर्थन/५३९
– के.बी. सिम्पल/५४१
– वीरबहादुर चन्द/५४२
– रामचन्द्र नेपाल/५४३

• **परदेशी मन**
– तैँ तैँ धिताल/५४६
– विष्णु शास्त्री/५५१
– कृष्ण बजगाईं /५५२

• **नवप्रज्ञापन गतिविधि / ५५४**

खण्ड : क

स्मृतिमा साहित्यिक पत्रपत्रिका

(यात्राको ३० वर्ष पूरा गरी नवप्रज्ञापन ३१ औँ वर्षमा प्रवेश गरेको छ । बितेका ३० वर्षमा यसका ९९ अङ्क प्रकाशित भए । ३१ औँ वर्ष प्रवेशको अवसरमा सय अङ्क प्रकाशित हुँदैछ । हिजो यात्रा थालिएकै कारण नवप्रज्ञापन ३० वर्ष हिंडेर ३१ औँ वर्षमा प्रवेश गरेको हो । हाम्रो सन्दर्भमा साहित्यिक पत्रकारिता व्यावसायिक हुन सक्दैन । यो कुरा बुझ्रेरै नवप्रज्ञापन हिंडिरहेको हो ।

नेपाली भाषाको साहित्यिक पत्रकारिता लगभग १५० वर्षको छेउछाउमा छ । आजको दिन आइपुग्न धेरै साहित्यिक पत्रकार र पत्रिकाको ठुलो योगदान छ । उहाँहरूलाई नसम्झी अगाडि बढ्न सकिँदैन । हामी नयाँ बाटो आफैँ बनाएर हिंडिरहेका हैनौँ । अग्रजले बनाएको बाटोबाट हिंडेका हौँ । यसर्थ उहाँहरूका काम र नामलाई शिरमा राखेर अगाडि बढ्नु हाम्रो दायित्व हो । नवप्रज्ञापन त्यही बाटो बाट हिंड्ने प्रयासमा छ ।

यस खण्डमा हिजो हाम्रा लागि बाटो बनाई दिएका तर आज प्रकाशन बन्द रहेका पत्रपत्रिकाका बारेमा लेखिएका केही आलेखहरू छन् । चाहना त अलि धेरैको नाम दिउँ भन्ने थियो तर सकिएन । सबै चाहना कहाँ पुरा हुँदो रहेछन् र ? रहेनछन्, यसर्थ यति मात्र सकियो । नेपाली साहित्यिक पत्रकारिता सम्बन्धी एक अनुभव पनि यस खण्डमा समावेश गरिएको छ ।

नेपाली साहित्यमा महत्तम प्राप्ति भित्र्याउने पत्रिका–'प्रगति'

● रोचक घिमिरे

'प्रगति' साहित्यिक पत्रिका नारायणप्रसाद बाँसकोटाको सम्पादन-प्रकाशनमा २००९ सालमा प्रकाशित भएको हो । त्यसो त यो पत्रिकालाई डा.ईश्वर बराललले २००८ सालमा र ग्रीष्म बहादुर देवकोटाले २०१० सालमा प्रकाशित भएको मानेका छन् । तर अन्वेषक शिव रेग्मीले २००९ मा नै सम्पादक नारायण बाँसकोटाले पुस-माघ लेखी भवानी भिक्षुलाई उपहार दिएको 'प्रगति'को पहिलो अङ्क फेला पारेकाले यसको प्रकाशन २००९ मा नै

भएको प्रमाणित हुन्छ । (शिव रेग्मी-‘ अतीतका पाना’, २०६३)

‘प्रगति’को पहिलो अङ्कमा मिति नहुँदा यस्तो अन्योल भएको हो । पहिलो अङ्कदेखि चौथो अङ्कसम्म यसलाई ‘नेपाली प्रगतिशील साहित्य संकलन’ भनिएको छ । पहिलो र दोस्रो अङ्कको मुखपृष्ठमा ‘मासिक’ भनिए तापनि दोस्रो अङ्कको भित्री पानामा ‘द्वैमासिक’ भनिएको छ । यसै अङ्कदेखि यसको वार्षिक मूल्य १२ र एक अङ्कको २ रुपियाँ मूल्य राखिएको छ। यस अङ्कलाई ‘फाल्गुण-चैत्र’ भनिएपनि साल भने लेखिएको छैन । यस अङ्कमा सम्पादकीय पनि छैन ।

तेस्रो अङ्कमा २०१० भाद्र-आश्विन भनिएको छ । यसै अङ्कमा महाकवि देवकोटाको प्रसिद्ध कविता ‘पागल’ छापिएको छ । रचनाको क्रमलाई यस अङ्कदेखि ‘ उपक्रमणिका’ भनिएको छ । अघिल्ला अङ्कहरूमा ‘सूची’ भनिएको थियो । चौथो अङ्क २०१० कार्तिक-मंसीरमा प्रकाशित छ। यस अङ्कमा ‘सर्वाधिकार सुरक्षित’ लेखिएको छ। साहित्यिक पत्रिकामा यस्तो लेखिएको संभवतः यही मात्र हो कि !

२०१० पूस माघमा प्रकाशित पाँचौं अङ्कदेखि भने चौथो अङ्कसम्म लेखिंदै आएको ‘नेपाली प्रगतिशील साहित्य संकलन’ हटाइएको छ । यसै अङ्कमा ‘ प्रगति’ कार्यालयको ठेगाना यसरी दिइएको छ; प्रगति प्रकाशन १/१०४ बागमती पुल टोल ललितपुर-काठमाडौं नेपाल ।

छैटौं २०१० फागुन-चैत अङ्कमा प्रकाशकीय छैन । पटनामा छापिएको यो अङ्क प्रकाशकले प्रेसबाट फिर्ता नलगेपछि कवाडीमा बेचिएकाले यो अङ्कका प्रति नेपाल आएनन् । जनकलाल शर्माले कलकत्ताको फुटपाथमा फेला पारेर काठमाडौं ल्याएको एउटा प्रतिले नै यसको अस्तित्व देखायो । यसै अङ्कमा शङ्कर लामिछानेले मातृकाप्रसाद कोइरालासँग लिएको एउटा अन्तर्वार्ता छापिएको छ । मातृका प्रधानमन्त्री हुँदा लिएको तर प्रधानमन्त्रीबाट हटेपछि छापिएको भनिन्छ यो अन्तर्वार्ता । आश्वासन पाए पनि सत्ताच्युत भएका मातृकाले आर्थिक सहयोग नगरेको कारण यो अङ्क प्रेसबाट निकाल्न नसकिएको त्यसबेलाका जानकार हरूबाट सुनिएको हो ।

२०११ वैशाख-जेठमा निस्केको सातौं अङ्कमा ‘नेपाली साहित्य माध्यमिक कालीन विशेषाङ्क, २ भाग’ प्रकाशन गर्ने घोषणा गरिएको भएपनि अङ्क भने प्रकाशन भएको देखिंदैन । आठौं अङ्कमा प्रकाशन मिति छैन र प्रकाशकको नाम पनि छैन । यसै अङ्कमा विश्वेश्वरप्रसाद कोइरालाको ‘साहित्यमा प्रगतिशीलता’ शीर्षक लेख प्रकाशित छ । पूर्णाङ्क ९ मा २०११ साल मात्र छ; महीना कुन हो उल्लेख छैन । श्री ५ त्रिभुवन र श्री ५ महेन्द्रबाट पत्रिकाले सहयोग पाएको कुरा सम्पादकीयमा भनिएको छ । यसै सम्पादकीयमा प्रगतिको यात्रा आठौं अङ्कमा नै टुङ्गिन लागेको तर लक्ष्मीप्रसाद देवकोटा र अन्य साथीको प्रयत्नद्वारा यसले फेरि जीवन पाएको उल्लेख छ ।

पूर्णाङ्क १० मा प्रकाशन मिति छैन । साहित्यिक पत्रिकालाई सरकारले गरेको अवहेलनाप्रति विशेष सम्पादकीय प्रकाशित छ यस अङ्कमा । ११ औं अङ्क र १२ औं अङ्कमा पनि प्रकाशन मिति र प्रकाशकको नाम दिइएको छैन । पूर्णाङ्क १३ मा सम्पादकीय राखिएको छैन । पूर्णङ्क १४ मा र पूर्णाङ्क १५ मा प्रकाशन मिति छैन ।

पूर्णाङ्क १६ प्रगतिको अन्तिम अङ्क हो । यो कविताङ्कको रूपमा प्रकाशित छ ।



प्रगतिको पहिलो र अन्तिम अङ्क

३९ कविका कविता राखिएका छन् यस अङ्कमा । यसमा सम्पादकीयको अन्त्यमा- नारायण बाँसकोटा नाम राखिएको छ । यस अघिका कुनैपनि अङ्कको सम्पादकीयमा यसरी नाम राखिएको देखिदैन ।

'प्रगति'का विभिन्न अङ्क भारत र नेपालका प्रेसमा छापिएका देखिन्छन् । नरेन्द्र यन्त्रालय बनारसमा पूर्णाङ्क १, २, ४, जोरगणेश छापाखाना, काठमाडौंमा पूर्णाङ्क ३, ७, ८, ९, १३, चन्द्रगुप्त मुद्रणालय, पटनामा अङ्क ५, मोहन प्रेस पटनामा अङ्क ६, हिमहारती प्रेस लगनमा पूर्णाङ्क १०, आर्यभूषण प्रेस बनारसमा पूर्णाङ्क ११, १२, १४, हितचिन्तक प्रेस, बनारसमा पूर्णाङ्क १५, श्रीराम प्रेस बुलानाला, बनारसमा पूर्णाङ्क १६ छापिएका छन् ।

पहिलो अङ्कको सम्पादकीय शीर्षक ' प्रगति किन ?' भन्ने छ । यसमा भनिएको छ; "प्रगति एउटा पुरानो स्वप्नको मूर्तरूप हो । हामीले यसको प्रथम अङ्कलाई डेढ वर्ष अगावै पाठकहरू समक्ष उपस्थित गर्ने प्रयत्न गरेका थियौं, तर परिस्थितिको वाध्यताले गर्दा यस साहित्य संकलनलाई योजना गरेको डेड वर्षपछि मात्र प्रकाशित गर्न सक्यौं । प्रारम्भमा हामीले "प्रगतिशील लेखक संघ"को निर्माण गरेर संघका केही सदस्यको सम्पादनमा एउटा मासिक साहित्यिक संकलन 'प्रगति' र अरू मौलिक तथा अनुवादित साहित्यका रचनाहरू प्रकाशन गर्ने आयोजना गरेका थियौं । तर मूल योजनाअनुसार हामी अगाडि बढ्न असमर्थ जस्तै भएर 'प्रगति'को प्रथम अङ्कलाई पाठकहरूको समक्ष उपस्थित गरिरहेका छौं ।" सम्पादकीयको अन्त्यमा लेखिएको छ; "हामी हाम्रा राष्ट्रनायक श्री ५ महाराजाधिराजको साहित्यप्रतिको अनुराज्ञालाई प्रशंसा गर्दछौं । मौसूफकै महान् सहयोग र सद्भावनामा आश्रित भएर 'प्रगति' निक्लिरहेको छ । अस्तु ।" सम्पादक प्रकाशकमा नारायणप्रसाद बाँसकोटा रहेपनि 'प्रगति' प्रकाशित हुनुमा महाकवि देवकोटाको सक्रिय सहयोग रहेको कुरा

यसको सम्पादकीयमा उल्लेख छ । ईश्वर बराल, बाबुराम आचार्य, भवानी भिक्षु पनि 'प्रगति'का सक्रिय सहयोगी रहेका कमल दीक्षितले भनेका छन् । ('बिर्सनु नहुने बीस २०७२)

'प्रगति'को पहिलो अङ्कको आवरणमा राजा त्रिभुवनको तस्वीर छ भने दोस्रो' अङ्कमा इतिहास शिरोमणि बाबुराम आचार्यको तस्वीर छ । बाबुरामको "काठमाडौं" शीर्षक लेख पनि छ दोस्रो अङ्कमा । १ देखि १० अङ्कसम्मका मुखपृष्ठका कलाकार अज्ञात छन् । ११ देखि १५ अङ्कसम्मको मुखपृष्ठका कलाकार चाहिं लैनसिंह बाङ्देल भएको जानकारी सम्पादक नारायण बाँसकोटाका छोरा कमल बाँसकोटाले २०७८ मा प्रकाशित "प्रगति र नारायणप्रसाद बाँसकोटा स्मृति भेट" नामक पुस्तकमा गराएका छन् । 'प्रगति'का कुनै अङ्कमा पनि विज्ञापन छापिएको छैन । पत्रिकाको रूपमा दर्ता नम्बर पनि लिइएको छैन । संकलनका रूपमा प्रकाशित छ यो पत्रिका ।

'प्रगति'ले कविता, कथा, निबन्ध, आलोचना, आत्मचरित्र, भेट, हास्यव्यङ्ग्य, अनूदित साहित्य, एकाङ्की, परिचय, लोक साहित्य आदिसँग सम्बन्धित लेख-रचनाहरू छापेको देखिन्छ । नेपालमा आजसम्म निस्केका साहित्यिक पत्रिकामा 'प्रगति' रूपगुण सम्पन्न प्रतिनिधि पत्रिका हो भन्न धक मान्नु पर्दैन । १६ अङ्क मात्र निस्केपनि यसका प्रत्येक अङ्क विशेषाङ्क बराबरका सामग्रीयुक्त खँदिला अङ्क हुने गरेका थिए । भाषा-साहित्य-संस्कृति-साहित्यकार अनि विदेशी अंग्रेजी साहित्यको परिचय नेपालीमा सर्वप्रथम 'प्रगति'ले नै गराएको स्पष्ट छ । नेपाली भाषा र साहित्यको उन्नतिका निमित्त यस पत्रिकाले जे जति काम गऱ्यो यस अघिका र यसपछिका पत्रिकाहरूले त्यस अनुपातमा गर्न सकेको देखिँदैन । यसका प्रत्येक रचना नेपाली साहित्यका महत्तम प्राप्तिका रूपमा आएका कुरा मान्न सङ्कोच मान्नु पर्दैन । नेपाली साहित्यको उत्थानमा 'प्रगति'को योगदान अतुलनीय रहेको छ ।

'प्रगति' मा नेपालीका अमर स्रष्टाहरूका गहन सृजना प्रकाशित छन् । तीमध्ये केही यी हुन्; लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, भवानी भिक्षु, माधव घिमिरे, विश्वेश्वरप्रसाद कोइराला, ईश्वर बराल, बदरीनाथ भट्टराई, बाबुराम आचार्य, केदारमान व्यथित, सत्यमोहन जोशी, रामकृष्ण शर्मा, तारिणीप्रसाद कोइराला, भीमदर्शन रोका, शंकर लामिछाने, गोविन्दबहादुर गोठाले, जनकलाल शर्मा, रमेश विकल, धर्मराज थापा, दौलतविक्रम विष्ट, चक्रपाणि चालिसे, कमल दीक्षित, हृदयचन्द्र, लैनसिंह बाङ्देल, लीलाध्वज थापा आदि । 'प्रगति' मा छापिएका स्रष्टाहरूमा हाल चित्तरञ्जन नेपाली, नरबहादुर दाहाल, दुर्गाप्रसाद श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ र द्वारिका श्रेष्ठ मात्र हाम्रा समक्ष छन् । अमर स्रष्टाहरूका योगदानले महिमामण्डित भएको 'प्रगति'को सम्पादन प्रकाशन गर्ने तपस्वी साधक नारायणप्रसाद बाँसकोटाले पनि नेपाली वाङ्मयवृत्तमा अमरता पाएका छन् । बाँसकोटा २०५३ सालमा दिवङ्गत भए । उनको निधनको २५ वर्षपछि उनका छोरा डा.कमल बाँसकोटाले आफ्ना पिताको योगदानलाई स्मरणीय बनाउन २०७८ सालमा "प्रगति र नारायणप्रसाद बाँसकोटा स्मृति भेट" नामक गहकिलो ग्रन्थ निकालेका छन् । 'प्रगति' र नारायण बाँसकोटाको योगदानलाई यस ग्रन्थले जीवन्त बनाएको छ । 'प्रगति' गाथा यत्तिनै ! इत्यलम् ।

(प्रधान सम्पादक तथा प्रकाशक
रचना द्वैमासिक)

साहित्यिक युगनिर्माता
शारदा र ऋद्धिबहादुर मल्ल

● विजय चालिसे

सुरुमा नेपाल बाहिरबाट प्रारम्भ भएको नेपाली साहित्यिक पत्रकारिताको इतिहास पनि गोरखापत्रको सहयोग बिना पूर्ण बन्न सक्दैन। नमुनाका लागिसमेत कतै उपलब्ध हुन नसकेको सुधासागर (१९५५) पछि अखबारी पत्रकारिताका साथै साहित्यिक पत्रकारिताको दुवै भूमिका गोरखापत्रले नै वहन गर्दै आयो । त्यसपछि वि.स. १९९१ माघ महिनादेखि नियमित रूपमा प्रकाशित शारदा र जोरगणेश प्रेससँगै साहित्यिक पत्रकारिताका साथै मुद्रणको इतिहासले पनि फड्को माऱ्यो। यो नेपाली साहित्यले आधुनिक युगमा प्रवेश गर्दाको महत्वपूर्ण परिघटना पनि थियो । त्यसैले नेपाली सहित्यमा शारदा, जोरगणेश प्रेस र यी दुवैका सम्पादक, प्रकाशक तथा सञ्चालक ऋद्धिबहादुर मल्लको अत्यन्त महत्वपूर्ण योगदान रहेको छ। समालोचक कृष्ण गौतमको भनाइ सापट लिँदा यसो भन्न सकिन्छ, यसको गहकिलो भूमिका नेपाली साहित्यलाई आधुनिकता तर्फ डोहोऱ्याउनुमा रहेको छ।

जङ्गबहादुरले बेलायतबाट फर्कंदा नेपाल भित्र्याएका पहिलो छापाखाना गिद्धे प्रेस (१९०८)को आगमन पछि छापाखानाको सङ्ख्या बढ्दै जानुका साथै नेपालमै पनि यस्ता छापाखानाहरू निर्माण हुन थाले। यसबाट मुद्रण कार्यमा सरलता आयो । नेपालभित्रैबाट प्रकाशन कार्य सम्भव हुन पुग्यो। यही क्रममा युवाकवि मोतीराम भट्टले नेपालमा व्यावसायिक छापाखाना खोले र त्यही छापाखानाबाट सुधासागर निस्केको थियो,भनिन्छ। त्यसको लगत्तै गोरखापत्र (१९५८) को प्रकाशन प्रारम्भ भयो।

इतिहासमा मात्र सुनिने सुधासागरलाई बिर्सने हो भने शारदाको प्रकाशन हुनुपूर्व साहित्यिक पकारिताको प्रारम्भ नेपाल बाहिरबाट भयो । त्यसक्रममा उपन्यास तरङ्गिणी(१९६३, वनारस), सुन्दरी(१९६५, वनारस), माधवी(१९७१,वनारस), चन्द्र (१९७१,वनारस), चन्द्रिका(१९७२,खर्साङ), तरुण गोर्खा(१९८५, देहरादुन) आदिको उल्लेख भेटिन्छन्।

सुरुदेखि नै मुरारी गुरुको सङ्गत र गोरखा भाषा प्रकाशिनी समितिको आउजाउका क्रममा नेपालीमै पुस्तक प्रकाशन गर्ने सपना हुर्काएका ऋद्धिबहादुर मल्लले भारतबाट आउने टेलिग्राफमा छापिएको प्रिन्टिङ

प्रेसको विज्ञापन देखे । त्यसपछि उनमा त्यो किन्ने हुटहुटी बढ्यो । आमासँग रोईकराई गरेर मागेको सय रुपियाँले उक्त प्रेस मगाए । यसरी १९७१/७२ सालतिर नेपालमा एउटा महत्वपूर्ण छापाखानाको स्थापना भयो । यसरी जोरगणेश प्रेसको प्रारम्भ भएपछि शारदा प्रकाशनको निमित्त समेत दरिलो आधारशिला खडा हुनगयो (ऋद्धिबहादुर मल्ल, आत्मकथा, उन्नयन-२५, साउन-पुस २०५८) ।

शारदाको प्रकाशनको कथा पनि कम सङ्घर्षपूर्ण छैन । पछिल्लो पञ्चायतकालीन नेपालमा त पत्रिका प्रकाशनका गर्ने स्वीकृति पाउनु समेत सजिलो थिएन भने राणाकालीन त्यो समय कति कठिन थियो होला ? सहजै अनुमान लगाउन सकिन्छ । सत्तारूढ राणा शासक र अन्य शक्तिशाली भारदारहरू गोरखापत्र एउटा छँदैछ, अर्को किन चाहियो र भन्ने मानसिकतामा थिए ।

नेपाली भाषामा एउटा पत्रिका निकाल्ने ऋद्धिबहादुर मल्लको प्रस्ताव सुनेपछि सरदार रुद्रराज पाण्डेले त्यसलाई गोरखा भाषा प्रकाशिनी समितिको बैठकमा लैजानु भयो । विडम्बना, समितिका सदस्यहरू उक्त प्रस्तावमाथि छलफल गर्नसमेत तयार भएनन् । त्यसको लागि फेरि उनै प्रिन्सिपल बाजे रुद्रराज पाण्डले शिक्षा निर्देशक मृगेन्द्र शमशेरलाई गुहार्नुपर्‍यो । आफूले अघि बढाएको प्रस्तावको बेवास्ता गरिएपछि पाण्डेले नै शिक्षा विभागका डाइरेक्टर मृगेन्द्र शमशेरसँग सरकारकै लागि पनि एउटा पत्रिका निकाल्ने अनुमति दिनु राम्रो हुने कुरा राख्नुभएछ । अनि बल्ल समितिमा निवेदन दिने आदेश भएर जुद्धशमशेरद्वारा मासिक पत्रका निकाल्ने अनुमति प्राप्त भएछ ।

शारदाका पूर्व सम्पादक प्रसिद्ध साहित्यकार गोविन्दबहादुर मल्ल गोठालेको अनुभव पनि यस्तै छ । उहाँको भनाइमा पनि शारदाले प्रकाशनको अनुमति पाउनु भाग्यको कुरा थियो । "केही दिन अघि मात्रै जाबो लाइब्रेरी स्थापनाको इजाजत प्राप्त गर्न निम्ति बिन्तीपत्र चढाउने जतिले सजायको भागी हुनु परेको थियो । यस्तो वातावरणमा "शारदा" पत्रिका जन्मने इजाजत पाउनु भाग्यको कुरा थियो (गोविन्दबहादुर मल्ल, प्रकाशन सहमति मन्तव्य, शारदाका सम्पादकीय विचारहरू, नेराप्रप २०५८) ।

यसरी गोरखापत्रका पूर्व सम्पादक प्रेमराज शर्माको सहयोग लिएर वि.सं. १९९१ सालको माघ महिनामा शारदाको पहिलो अङ्क प्रकाशन भएर नेपाली साहित्यिक पत्रकारिताको नयाँ इतिहास प्रारम्भ भयो । "छापाखाना रमासिक पत्रिका अहिलेको संसारमादाल, भात , तरकारीभन्दा पनि आवश्यक भइसके । यसै संसारभित्रका हामीहरूमा पनि यो भावना प्रबल हुँदैगयो । ...यसको कारण मनुष्यलाई साँचो मानिस बन्नका निमित्त सकेसम्म सजिला साधनहरूको आवश्यकता छ । यो आवश्यकतालाई राम्ररी बुझेका पक्षमा बीसौं शताब्दीको मनुष्य-समाजलाई साहित्यिक पत्रपत्रिकाको जरुरी पनि सहजै बुझ्न सकिन्छ" भन्ने उद्घोष सहित निस्केको शारदा आफ्नो उद्देश्यमा पनि स्थिर रही प्रा यदुनाथ खनालको शब्दमा "शारदा युग" को निर्माण गर्न सफल भयो ।

निस्कन त निस्क्यो, खड्गो भने सुरुदेखि नै अनेकौं भोग्नु पर्‍यो शारदाले । कहिले समितिको व्याकरणसँग मेल नखाने लेख

"लेखकको इच्छामुताविक लेख जस्ताको तस्तै छापिएको छ ।" भन्ने पादटिप्पणी राखेर छाप्दा खप्की खानु परेर पत्रिका बन्द हुने डरले सातो लग्यो, कहिले ग्राहकले शुल्क नतिर्दा आर्थिक सङ्कट परेर बन्द हुने तहसम्मको समस्या भोग्नुपऱ्यो । यसैबिच भारतीय डाँक व्यवस्था बन्द भएर नेपाल आफैंले हुलाक व्यवस्था सञ्चालन गर्न थालेपछि अर्को समस्या थपियो । भारतीय डाँक व्यवस्थामा चार पैसामा हुलाकले ग्राहकसम्म पुऱ्याइदिने पत्रिकालाई आफ्नै हुलाक व्यवस्था सुरु भएपछि भने बाह्रदेखि पच्चीस पैसासम्म लाग्ने भयो । फलतः शारदाको प्रकाशनले निरन्तरता पाउन सकेन । कुन कारणले पत्रिका रोकिएको भन्ने कुरा राणा प्रधानमन्त्री जुद्ध शमशेरसम्म पुगेपछि बल्ल शारदा पत्रिका हुलाकमा ००१ नम्बरमा दर्ता गरी ग्राहकसम्म चार पैसामा नै शारदा पुऱ्याउने आदेश भयो । हुलाक दर्ता नम्बरमा शारदाभन्दा धेरै वर्ष अगाडिदेखि निस्किएको गोरखापत्रलाई यसले उछिन्यो । शारदाले दर्ता नम्बर ०१ पायो, शारदाभन्दा पछाडि दर्ता भएको गोरखापत्रले ००२ ।

शारदाले फेरि पुनर्जीवन प्राप्त गऱ्यो । ग्राहक शुल्क नउठ्ने समस्यासँगै फेरि अर्को समस्या भोग्नुपऱ्यो यो ऐतिहासिक प्रकाशनले । त्यही बेला ९७ सालको काण्ड सुरुहुनु अगाडिदेखि नै मानिस त्रस्त हुँदै गए । केही बोलियो भने त जिब्रो थुतिएला भन्ने त्राशको त्यस अवस्थामा लेख्दा तलमाथि पर्ला भन्ने डरका कारण बरु लेख्दै नलेख्ने कुरा स्वाभाविक थियो । फलतः शारदका निमित्त प्रकाशनार्थ रचनाहरू नै आउन बन्द भए । लेख नै नभएपछि छाप्ने पो के ? त्यतिबेलाका सम्पादन सहयोगी हुनुहुन्थ्यो युगकवि सिद्धिचरण श्रेष्ठ । सम्पादक सुब्बा ऋद्धिबहादुर मल्लको यो भनाइले त्यतिबेलाको अवस्था प्रष्ट पारेकोछ । उहाँ भन्नुहुन्छ,"९३/९४ सालको पत्रिका पल्टाएर हेरेमा पत्रिका लँगडाउँदै थिचिँदै थिचिँदै प्रकाशित भएको प्रष्टै थाहा हुनेछ । संपादकीय लेख्दा पनि चारैतिरको हावापर्यन्तलाई बचाउँदै लेख्नुपर्ने अवस्था भएकोले प्राय सबै जस्तो लेखमा श्री ३ को गुणगान नै गर्नु पर्दथ्यो नत्र, पत्रिकाको धुकधुकी पर्यन्त अवरुद्ध हुने डर थियो ।" फलतः १९९७ मा आएर पत्रिकाको प्रकाशन नै बन्द भयो ।

२००२ सालमा शारदाको सम्पादकमा गोपालप्रसाद रिमाल आउनुभयो । रिमाल राणा विरोधी आन्दोलनमा संलग्न रहनुभएको थाहा पाएर राणा सरकाले सम्पादक फेर्ने दबाब दिएकोले केही समय ऋद्धिबहादुरकै सुपुत्र साहित्यकार गोविन्दबहादुर मल्लले शारदाको सम्पादन भार लिनुभएकोरहेछ । यसरी लड्दै उठ्दै २८ वर्षसम्म चलिरहेको शारदा २००७ पछि केही समय चलेर बन्द भएर एउटा इतिहासको पटाक्षेप हुनपुग्यो । अन्वेषक शिव रेग्मीका अनुसार शारदाका जम्मा १८० अङ्क निस्किए पनि तिनमा २६ वटा अङ्क संयुक्त भएर निस्केका थिए (शिव रेग्मी सं, शारदाका सम्पादकीयविचारहरू २०५८, नेराप्रप्र)।

कुनै बेला यसको सम्पादकमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले पसिना बगाउनु भएको शारदाको दाँजोमा पुग्ने अर्को त्यतिबेलाको कुनै पत्रिका छैन । यस्तो मान्यता राख्नुहुने प्रसिद्ध समालोचक रामकृष्ण शर्मा (उन्नयन-२५, साउन-पुस २०५८) का अनुसार "विक्रम सम्वत् १९९० देखि यसो छापिएका साहित्यिक पपत्रपत्रिकाको

मूल्याङ्कन गर्दा सर्वोच्च स्थानमा "शारदा" ले र "शारदा" मात्र पाइन्छ। यसरी आधुनिक नेपाली साहित्यको प्रेरणाको मुहान बनेको "शारदा"माजस्तो रचनाको वैशिष्ट्य अरु पत्रिकामा पाउन सकिन्न।"

यति हुँदा हुँदै पनि कतै कुनै कोणबाट शारदाले मात्र हुकुमी शासनको तावेदारी गर्‍यो अर्थात राणा शासनको जयजयकार गरेर अलिकति पनि प्रगतिशीलता देखाउन सकेन भन्ने आरोप पनि नखेपेको पनि होइन। यो आलोचना भनेको युगीन परि स्थितिबाट अनभिज्ञ केहीले भानुभक्तलाई गरेका आलोचनाजस्तै मात्र हो भन्ने मेरो धारणा छ। त्यो समय कस्तो थियो र मात्रप्रकाशनको लागि के कति तारतम्य मिलाउनु पर्दोरहेछ भन्ने कुरा माथिका कथाबाट प्रस्टै देखिन्छ। त्यस अवस्थामा कठिनतापूर्वक निस्किएको साहित्यिक पत्रिकामा क्रान्तिकारिताको अपेक्षा गर्नु स्वयम्मा न्यायसङ्गत नहोला। त्यो अवस्थामा शारदा राजनीतिक गन्धहीन भयो, परिवर्तनको सहयोगी बनेन भन्ने आरोपले शारदाको समग्रयोगदानमाथि पटक्क सम्मान गर्दैन। त्यस्तो अवस्थामा एउट पत्रिका निस्कनु नै ठूलो कुरा थियो त्यसैलाई आत्मसात् गरेर अगाडि बढ्नु नै बुद्धिमानीपूर्ण कार्य हो।

"श्री ३ महाराजको असीम उदारता (सम्पादकीय वर्ष ४, अङ्क ५-६, भदौ-असोज १९९५)" जस्ता सम्पादकीय विचारलाई लिएर यस्ता आलोचना गरिँदा शारदाले नै त्यतिबेला उठाएको, "....विदेशी बैंकमा द्रव्य साँच्नु भन्दा आफ्नो देशमा यता उता परिरहेको नाङ्गा डाँडाहरू सिँगार्नु धरै बेस।", "...आर्थिक स्थिति बलियो नभएको राष्ट्रको कुनै स्थिति पनि बलियो हुँदैन।" , "...आसपासको संसारमा निरीक्षण गरेनौं भने आफ्नो आदर्शको दृष्टिबाट हामी कहाँ पुग्यौं सो पूर्णतया थाहा पाउने छैनौं। अतएव क्षणभर आसपास हेर्ने प्रयत्न पनि गरौं (सम्पादकीय वर्ष ४, अङ्क १२, चैत्र १९९५)।" भन्ने सम्पादकीयका श्याम व्यङ्ग्य र यथास्थितिप्रतिको नजानिंदो विरोधलाई पनि ध्यान दिनु आवश्यक छ। यी दुईवटासम्पादकीय मात्रैको अध्ययन गर्ने हो भने पनि त्यतिबेला यति मात्रै पनि आलोचनात्मक दृष्टिकोण राख्नु सानो कुरा थिएन भन्ने प्रस्ट हुन्छ।

शारदाले विभिन्न स्वनामधन्य साहित्यकारका मौलिक रचनाका साथै बङ्गाली र फ्रान्सेली भाषाका कथा-उपन्यासलाई अनुवाद गरेर प्रकाशित गरेको देखिन्छ। त्यसका अतिरिक्त उपन्यासहरूमा स्वयम् ऋद्धिबहादुर मल्लका शर्मिष्ठा र अन्यमा वीरचरित्र विशेष उल्लेख्य रहेका छन्। शारदामा प्रकाशित मौलिक सामग्रीहरूमा कविता, कथा, निबन्ध, र समालोचक रघु घिमिरेका अनुसार केही नाटक पनि रहेका देखिन्छन्। यसका स्वनामधन्य नेपाली साहित्यकारहरूमध्ये लेखनाथ पौडेल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे लगायत त्यस युगका सबै छापिएका भेटिन्छन् भने अन्य धेरै लेखक साहित्यकार शारदाबाट नै स्थापित भएका छन् भन्नु बेठिक नहोला !

टिप्पणी : (यो आलेख उन्नयन रजत अङ्क र शारदाका सम्पादकीयहरूशीर्षक कृतिका सूचनाहरूमा आधारित रहेको छ।)

(विजय निवास, आरुबारी, काठमाडौँ)

रत्नश्रीले गरेको अठतीस बर्से यात्रा

• **रामप्रसाद पन्त**

नेपाली साहित्यिक पत्रकारिताको इतिहास पल्टाउने हो भने हामी वि.सं. १९५५ सालमा प्रकाशित 'सुधासागर' सम्म पुग्न सक्छौँ । जुन पत्रिका नेपाली राष्ट्रिय पत्रिकाको रूपमा कहलिएको र हालसम्म चलिआएको गोर्खापत्र भन्दा तीन वर्ष जेठो पत्रिका थियो । तर इतिहासको कालखण्डमा साहित्य, संस्कृति र कलाको क्षेत्रमा राज्यको दृष्टि पुग्न नसकेका कारण जसरी प्रगति र समुन्नति हुँदै जानुपर्ने थियो, त्यो भएन । प्रतिफल यही भयो, साहित्यिक पत्रिकाहरू जन्मिँदै गए र मर्दै गए । फेरि जन्मिए, फेरि मरे । फेरि जन्मिए, फेरि मरे । यो प्रक्रिया हिजो थियो, आज पनि छ र भोलिको पनि स्थिति यस्तै नरहला भन्न सकिँदैन ।

राज्य चलाउने शासक र चेतनशील वर्गले सोच्नुपर्थ्यो– साहित्यिक पत्रकारिता भनेको सभ्य र सुसंस्कृत समाजको पहिचान स्थापित गर्नु हो, राष्ट्रिय गौरव बढाउनु हो र अनुशासित एवं नैतिकवान् नागरिक निर्माण गर्नु हो । विज्ञान र आधुनिकताको जतिसुकै विकास भए पनि आत्मिक पहिचानका लागि साहित्यिक पत्रकारिता अनिवार्य छ भन्ने बोध गराउनु हो ।

वि.सं. २०२० साल भदौ-असोजदेखि सुरू भएर १८४ अङ्कको प्रकाशन पश्चात् बन्द हुन पुगेको 'रत्नश्री' पत्रिका यसैको उदाहरण हो । मदनदेव भट्टराईको प्रधान सम्पादकत्व र शान्तदेव भट्टराईको व्यवस्थापनमा सञ्चालन भएको उक्त पत्रिकाले सुरूका दिनहरूमा अत्यन्त ख्याति आर्जन गऱ्यो र नेपाली साहित्यमा उदीयमान थुप्रै स्रष्टाहरूलाई जन्माउने र स्थापित गराउने काम गऱ्यो ।

नेपाली साहित्यको गति तीव्र हुन नसक्नु र अवरूद्ध हुँदै जानुमा रत्नश्रीका सम्पादकले केही राज्यको दोष र केही लेखकको पनि दोष औँल्याउनुभएको छ– 'हिजोआजको राजनीति फोहोरै फोहोरले प्रदूषित भएको छ । प्रदूषित भएकै कारण छटपटाइरहेका छन्, दिशाहीन भइरहेका छन् र आफ्नो गहन लक्ष्य एवं गन्तव्य बिर्सेर भड्किन पुगेका छन् बुद्धिजीवीहरू पनि ।सत्तामा जुन पक्ष जान्छ, त्यही पक्षका पछौटे साहित्यकारहरू खुड्किला नचढी उफ्रेर माथि पुग्छन् र साहित्यकै हुर्मत लिन्छन् । अतः राजनीतिसँगै साहित्य पनि गनाउँदै गएको छ ।

आजका युवाहरूमा गम्भीर साहित्य पढ्ने र आफूलाई तिखार्ने क्रममा कमी आउन थालेको छ । थोरै अध्ययनबाट धेरै लेख्ने प्रवृत्तिको साथै अन्य लेखकका रचनाहरू कम पढ्ने, आफैँलाई अधिक महत्त्व दिने र आत्मप्रचार गर्ने प्रवृत्तिको

अधिक विकास भएको छ । यसले साहित्यको स्तरीयतामा ह्रास हुनुसिवाय अरू उपलब्धि हुन सक्तैन ।'

०००

पत्रिका निकाल्ने मात्र होइन, वार्षिकोत्सवको अवसर पारेर रत्नश्रीको विशेष समारोह हुन्थ्यो र त्यस समारोहमा राष्ट्रप्रमुख श्री ५ महेन्द्रलाई नै प्रमुखअतिथिको रूपमा आमन्त्रित गरेर रत्नश्री पदक वितरण गरिन्थ्यो । त्यस्तो पदक नेपालका साहित्यकारलाई मात्र होइन, विदेशमा रहेर नेपाली भाषा-साहित्यको सेवा गर्ने विशिष्ट साहित्यकार हरूलाई पनि प्रदान गरिन्थ्यो । त्यो पदक अत्यन्त उच्चस्तरको मानिन्थ्यो र त्यसले देशविदेशमा रहेर नेपाली भाषा-साहित्यको सेवा गर्ने साहित्यकारका लागि साहित्यिक गरिमा बढाउन आधारशिला तयार गर्थ्यो ।

यतिमात्र होइन 'रत्नश्री' पत्रिकामा रचना समाविष्ट गर्ने नारीसाहित्यकारलाई बढी महत्व दिइन्थ्योर वर्षभरिमा उत्कृष्ट साहित्य रचना गर्ने नारीहरूलाई विशेष सम्मान अर्पण र पदकद्वारा विभूषित गर्ने परम्परा पनि चलेको थियो । यो क्रम सम्पादक मदनदेव भट्टराईको निधनपछि रोकियो र पत्रिकाको सम्पूर्ण बागडोर भाइ शान्तदेव भट्टराईको काँधमा आयो । त्यसपछि भने आधाशक्ति गुमाएका शान्तदेवले यी सबै परम्परालाई निरन्तरता दिन सक्नुभएन, तथापि पत्रिकालाई जीवित राख्नुभयो ।

जब शान्तदेव भट्टराई पनि स्वयं अशक्त भएर घरबाट बाहिर निस्कन नसक्ने अवस्थामा पुग्नुभयो,तब २०५७ सालमा यसको प्रकाशन बन्द भयो ।

०००

रत्नश्री पत्रिका दर्ताको सम्बन्धमा केही कुरा –

प्रेस काउन्सिल नेपालद्वारा प्रकाशित 'नेपाली साहित्यिक पत्रपत्रिका सङ्क्षिप्त ग्रन्थकोश' अनुसार रत्नश्री द्वैमासिकको प्रथम प्रकाशन 'भदौ-असोज २०२० र द.नं. १४२/२३६ का.मे. (काठमाडौँ मेजिष्टेट) कार्यालय, सम्पादक मदनदेव भट्टराई' देखिन्छ भने प्रकाशक र मुद्रकको ठाउँ खाली देखिन्छ ।

यसैगरी ग्रीष्मबहादुर देवकोटाद्वारा लिखित 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास' अनुसार पनि ' का.मे. द.नं. १४२/२३६ र सम्पादक मदनदेव भट्टराई' नै देखिन्छ । तर रत्नश्रीको प्रथम प्रकाशन साउन-भदौ २०२० उल्लेख भएको देखिन्छ । साथै भाषा नेपाली, वार्षिक शुल्क १२ र एक प्रतिको मूल्य रू. २।- समेत उल्लेख गरेको देखिन्छ । तर प्रकाशक र मुद्रकको हकमा यो पुस्तक मौन देखिन्छ ।

अब प्रश्न उठ्छ, रत्नश्री थालनी भएको महिना कुन हो त ? भदौ-असोज २०२० हो कि साउन-भदौ २०२० हो ? यस सम्बन्धमा खोजतलास हुँदा रत्नश्रीको पूर्णाङ्क १८३ वैशाख-जेठ २०५६ मेरो हात पर्छ । त्यस अङ्कको सम्पादकीय हेर्छु । लेखेको देख्छु– 'रत्नश्री' प्रथम प्रकाशन साउन-भदौ २०२० ।' यसबाट स्पष्ट हुन्छ– रत्नश्रीको प्रथम प्रकाशन साउन-भदौ २०२० मा भएको रहेछ, अर्थात् 'रत्नश्री' द्वैमासिक ऋतुलाई आधार मानेर प्रकाशन सुरू गरेको देखिन्छ । तर पछिल्लो चरणका अङ्कहरूले ऋतु पछ्याएका देखिँदैनन् । जति प्रकाशन भएका छन्, जोर महिनालाई अर्थात् वैशाख-जेठ, असार-साउन भएर प्रकाशन

हुँदै आएका देखिन्छन् ।

०००

अब म रत्नश्रीको पूर्णाङ्क १८२ पुस-चैत २०५६ मा प्रकाशित शान्तदेव भट्टराइको सम्पादकीय अंश उल्लेख गर्न उपयुक्त ठान्दछु–

'वि.सं. २०२० देखि प्रकाशन सुरू भएको 'रत्नश्री'ले एकदमै उदारनीति अपनायो । न कुनै गुटमा लाग्यो, न त आफैँले निर्माण गऱ्यो । यसले सबै प्रकारका वाद मान्नेनमान्नेहरूलाई मात्र समेटेन, एउटा नयाँ आयाम थप्न र साहित्यको चौतर्फी विकास गर्ने महाअभियानमा आफूलाई समर्पित गऱ्यो । यसको प्रकाशनबाट बहुसङ्ख्यक साहित्यकारहरूले आफ्नो सिर्जना पाठकहरूसमक्ष पुऱ्याउन सहज माध्यम पाए । कुनै पनि साहित्यिक वा राजनीतिक विवादबाट मुक्त रहेको र शुद्ध साहित्यिक रचनाहरूको चयनमा दृष्टिदोष नलिएकै कारण युवादेखिबुढा लेखकहरू सबैले यसबाट सम्मान पाउन थाले । सघन रचना छाप्न पाएर मात्र होइन, उत्कृष्ट लेखहरू एकदमै नौलो र मौलिक तवरबाट प्रकाशन गरी 'रत्नश्री सुवर्ण पदक' बाट अभिनन्दित पनि हुन पाएर । जनताका तर्फबाट एउटा साहित्यिक पत्रिकाले योभन्दा उच्च र गरिमामय अभिनन्दन अरू केबाट गर्न सक्थ्यो र ! यसबाट स्वदेश लगायत भारत, अमेरिका र बेलायतका लेखकहरूसमेत अभिनन्दित भइसके– सयभन्दा बढी सङ्ख्यामा । यस्तै रत्नश्रीले अर्को महायज्ञ सुरू गऱ्यो– नारी हस्ताक्षरहरूलाई अघि बढाउन । त्यसताका प्रायः गन्न सकिने अवस्थामा रहेका नारी स्रष्टाहरूलाई घचघच्याउँदै लेख्न प्रेरित गऱ्यो । प्रत्येक वर्ष एउटा 'नारी अङ्क' निकाल्ने क्रम वि.सं. २०२१ देखिचलिरहेको छ ।'

०००

शान्तदेव भट्टराई दिवङ्गत हुनुभन्दा करिब एक वर्षअघि उहाँलाई भेट्दा भएका वार्तालाप र त्यसैको आधारमा तयार गरिएको 'शान्तदेवको शालीन अभिव्यक्ति' लेखबाट केही अंश समावेश गर्न उपयुक्त ठानेँ –

'नातिले मलाई अगुवाई गर्दै बैठक कोठामा पुऱ्याएपछि शान्तदेव खोच्याउँदै ढोकाबाट छिर्नुभयो । लामो समयपछिको यो अकस्मात् मिलन उहाँलाई पनि अत्यन्त रूचिकर लाग्यो ।

कुरा उठ्यो खुट्टाकै । २०५० सालदेखि आक्रमण गरेको चिनीरोगले शान्तदेवलाई घरबाहिर निस्कने त कुरै छाडौँ, तल्लो तलामा ओर्लन पनि नदिने भएछ । यनकेन बिचको कोठाबाट भऱ्याङको बार समाउँदै माथिल्लो तल्लामा निस्किनुहुन्छ, छतमा घाम ताप्नुहुन्छ र भान्सा गर्नुहुन्छ । यसबाहेक छतमा टहलिनुपऱ्यो भने पनि उहाँलाई टेकोको आवश्यकता पर्दछ ।

खुट्टाको उपचारका लागि उहाँ कहाँ पुग्नुभएन ? कुनचाहिँ चिनीरोग विशेषज्ञलाई जचाउनुभएन ? तर उपलब्धि शून्य । उहाँको दृष्टिमा नेपाल राज्यमै कुनै त्यस्तो विशेषज्ञ छैन, जसले चिनीरोगको सूक्ष्म जड पत्ता लगाओस् र रोग निर्मूल पारोस् ।

शान्तदेव एक जना सहयोगी साथमा लिएर दिल्ली पुग्नुभयो, पटना पुग्नुभयो र भेलोर पनि पुग्नुभयो । त्यो पनि कतिपटक हो कति ! औषधीले छोएजस्तो गर्छ, फेरि उस्तै । अब भने उहाँलाई डाक्टरको विश्वास पनि लाग्न छाडिसकेको छ । तैपनि काठमाडौँमा दुईतीन जना डाक्टरको

रेखदेखमा हुनुहुन्छ र घातक आक्रमण हुन थाल्यो भने सम्पर्क गरिहाल्नुहुन्छ ।

'रत्नश्री' पत्रिका जन्माउन र रत्नश्रीलाई बचाएर राख्न शान्तदेवले के गर्नुभएन ? अरू उपायद्वारा पत्रिका दर्ता गराउन नसकेपछि उहाँले काठमाडौँका मजिस्ट्रेट (सि.डि.ओ.) बालकृष्ण लुइँटेलको भावनाअनुरूप'रत्नश्री' नामकरण गरेर २०२० सालमा पत्रिका दर्ता गराउनुभयो ।

रत्नश्रीले दिन खोजेको सन्देश थियो– साहित्यिक रत्नहरूको शीर्ष पत्रिका । तर दर्ता गराउनका लागि अरू उपाय नदेखेर रत्न (तत्कालीन बडामहारानी) को नाम झल्किने बेगल अर्थ पेस गरियो, अनिमात्र पत्रिका दर्ता भयो । रत्नको नाम लिइसकेपछि महेन्द्रको जल्दोबल्दो शासनकालमा पत्रिकाको भावनामाथि अनास्था देखाउने कसको के तागत ?

संस्थापक प्रधानसम्पादक मदनदेव भट्टराई र संस्थापक सम्पादक/प्रकाशक शान्तदेव भट्टराई । पत्रिकाले यात्रा तय गर्‍यो निरन्तर । तर २०१८ सालमा झन्डै दुर्घटनामा परेको ! दाजु मदनदेवको उपचारार्थ भारत गएको तीनचार महिनासम्म पत्रिका निस्कन सकेन । शान्तदेवले कुनै सहयोगीलाई गुहार्नुभयो र उहाँको अनुपस्थितिमा पत्रिकाको एउटा अङ्क प्रकाशित भयो । तर नयाँ शिक्षा लागू भएको प्रारम्भिक अवस्थामा नयाँ शिक्षाबारे एउटा आलोचित लेख पत्रिकामा प्रकाशित भएछ । पहिलो कुरा त शिक्षाबारेको असम्बन्धित लेख प्रकाशित भयो र दोस्रो, नयाँ शिक्षाको विरूद्धमा ।

भारतबाट फर्केर आएपछि शान्तदेव अञ्चलाधीशसामु उभिनुपर्‍यो । तर उहाँको अनुपस्थितिमा अरू कसैबाट अज्ञानतावश प्रकाशित भएको भन्ने विवेक प्रयोग गरी पत्रिका बन्द हुनबाट जोगियो ।

कसैले त भने शान्तदेवलाई– 'केदारमान 'व्यथित'ले आफ्नो 'हिमानी' पत्रिकाको प्रमुख संरक्षक श्री ५ महेन्द्रलाई राखेजस्तै तपाईंले पनि बडामहारानी रत्नलाई संरक्षक राखेर अतुलनीय सम्पत्ति कुम्ल्याउनुभएको त छैन ?' शान्तदेवले कसम खाएर भन्नुभयो – 'दरबारबाट एक पैसा पनि लिइनँ र लिने प्रयास पनि गरिनँ । बरू दश/बीस कपि पत्रिका दरबारमा पठाइरहेँ । साहित्यिक पत्रिका निकाल्न सङ्कल्प र अठोट चाहिन्छ । त्यो भएन भने कसैलाई संरक्षक राख्दैमा पत्रिकाले निरन्तरता पाउँदैन ।'

०००

'रत्नश्री' को यात्रा रोकिए पनि २०२० देखि २०५८ सम्म जन्मिएका १८८ सन्तान अहिले पनि शान्तदेवको संरक्षणमा छन् । यति नै पत्रिका पनि शान्तदेवलाई अमर बनाउन सफल हुनेछन् । यस अतिरिक्त प्रत्येक वर्ष प्रदान गरिने रत्नश्री पदक, प्रत्येक वर्ष एउटाका दरले प्रकाशित हुने नारी अङ्कलगायत दार्जिलिङ अङ्क, सिक्किम अङ्क, कथा अङ्क, कविता अङ्क, निबन्ध अङ्क, सिद्धिचरण अङ्क र संयुक्ताङ्कहरूले शान्तदेवलाई सम्झिरहन प्रेरित गर्नेछन् ।

अब प्रश्न उठ्छ, मसँगको भेटमा शान्तदेव भट्टराईले रत्नश्रीका जम्मा अङ्क १८८ भन्नुभएको थियो तर चर्चामा १८६ मात्र देखिन्छन् । उहाँको जिब्रो चिप्लियो कि मेरो श्रवणशक्तिले काम गरेन ? वा सङ्ख्या १८८ नै हुनुपर्ने हो ? यस बारे खोज अनुसन्धान हुनुपर्ने देख्दछु ।

(प्रधानसम्पादक– दायित्व द्वैमासिक)

रूप-रेखा पूर्णाङ्क २०० सम्म

● **अमरकुमार प्रधान**

२००७ साल फागुन ७ गते उप्रान्त नेपालमा १०४ वर्षसम्मको राणाहरूको जहानियाँ शासनलाई अन्त्य गरी प्रजातन्त्रको प्रादुर्भाव भयो । यसैको उद्वेगमा दोलखा प्राचीन नगरीमा पनि २००८ सालमा भीम आधार स्कुलको बीजारोपण भयो । लगत्तै २०१० सालमा त्रिपुरा पुस्तकालय स्थापना भयो । यो सामुदायिक पुस्तकालय हुनाले सरकारले पनि राजपत्र हुलाकबाट पछिसम्म पठाइरहेको थियो । यही क्रममा तत्कालीन समाजसेवी भैरवबहादुर श्रेष्ठको उत्प्रेरणा र हरिभक्त श्रेष्ठको सक्रियतामा 'भैरव लाइब्रेरी' अमेरिकी पुस्तकालयको सहयोगमा खुल्यो । २०२३ साल जेठ ९ गते डोक्छैं (ड्वाकु छैं अर्थात् ठुलो घर जहाँ ५५ चुल्हो बल्थ्यो) भीषण आगलागीमा पर्यो । त्यो बेला आगलागीको त्रासबाट जोगाउन दुबै पुस्तकालयका पुस्तक पत्र-पत्रिकाहरू ओसारिएर भीम पब्लिक स्कुलकै विकसित भीम पब्लिक हाइस्कुल (हाल उच्च भीम माध्यमिक विद्यालय)मा राखेर बचाइयो ।

२०२४ साल कार्तिकताका का.मु.प्र.अ. भई रामबहादुर श्रेष्ठ (डा. कविताराम श्रेष्ठ) कार्यरत भएपछि त्रिपुरा र भैरव नामलाई मिलाई त्यही भीम स्कुलकै नाममा आफ्नै नेतृत्वमा भीम पुस्तकालय तदर्थ समिति गठन गर्नुभयो जसको सचिव अधोहस्ताक्षरी (म) भएँ । चोकबहादुर दाहाल (पूर्व मेयर भीमेश्वर नगरपालिका) उपाध्यक्ष बलराम श्रेष्ठ कोषाध्यक्ष रहेको सो भीम पुस्तकालयलाई छुट्टै कक्षमा व्यवस्थित गरी तत्कालीन श्री ५ को सरकार सूचना विभाग, काठमाडौं स्थित राजदूतावासमा लेखापढी गरी पुस्तक पत्रपत्रिका माग गर्यौं नभन्दै सकारात्मक कार्यान्वयन भयो । माघमा प्र.अ.को रूपमा मेघराज कोइरालाको आगमनपछि साधारण सभाले छलफल गरी टुङ्गो लाग्न नसकेपछि मतदान प्रक्रियामा जाँदा पनि प्र.अ. र दोलखा गाउँ पञ्चायतका तत्कालीन प्रधानपञ्च भरतबहादुर श्रेष्ठ बिचमा बराबर मत भई गोलाप्रथाद्वारा प्र.अ. अध्यक्ष (पदेन) भए पश्चात् प्रधानपञ्च उपाध्यक्ष भए । सहायक प्र.अ. रामबहादुर श्रेष्ठ सचिव हुनुभयो । म चाहिँ लाइब्रेरियन भएँ । घरघर गई 'पुस्तक दान' आव्हान पनि गरियो । भैरवबहादुर श्रेष्ठकै सुपुत्र समाजसेवी विद्युत् इन्जिनियर आत्माकृष्ण श्रेष्ठले एस.एल.सी. कोर्सको २ सेट पुस्तक बुबाकै नाममा भनी उपलब्ध गराइ दिनुभयो ।

आ-आफ्नो आस्थाको हकमा रामबहादुर श्रेष्ठ र मेघराज कोइराला फरक भएपनि दुबैमा क्रान्ति चेत थियो ।

त्यही बेलादेखि शुक्रबारको हाफटाइमको छुट्टीपछिको विदामा साहित्य गोष्ठी, वादविवाद, हाजिरीजवाफ प्रतियोगिताजस्ता बौद्धिक क्रियाकलाप सम्पन्न गर्ने परिपाटिको आरम्भ भयो ।

दुबै बेला बेलामा आफ्ना रचना हामीलाई नमुना सुनाइ उत्प्रेरणा गर्नुहुन्थ्यो । एक दिन कोइराला सर श्रेष्ठ सरसँग भन्दै हुनुहुन्थ्यो 'रूपरेखा'मा एउटा मात्र रचना छापियो भनेपनि नेपाली साहित्यमा प्रतिष्ठित हुन्छ । नभन्दै त्रिपुराको हो वा भैरवको अपुताली ? 'रूपरेखा' द्वैमासिक पूर्णाङ्क एक यही पुस्तकालयमा पाएँ । यसको सम्पादक बासुदेव रिमाल, सहसम्पादक जनकनाथ प्याकुऱ्याल, प्रकाशक नेपाल राष्ट्रिय पुस्तकालयका निम्ति योगेन्द्रनाथ अर्याल, छापाखाना चाहिँ पशुपति छापाखाना । २०१७ साल असार-साउनको मिति राखिएको यो पहिलो अङ्कमा नेपाल राष्ट्रिय पुस्तकालयको परिचय पनि दिइएको थियो । स्थापना २००९ भदौ ३०, जुद्ध सडक, किताब सङ्ख्या २०००, सदस्य साधारण ४००, आजीवन २३, संरक्षक ३, सञ्चालक समिति (कार्यकारिणी) १५ जना, स्वयंसेवक २२, सरकारी आर्थिक सहयोग वार्षिक ३००/- (२०१६ सालमा) । यसरी हेर्दा तत्कालीन अवस्थामा सुसम्पन्न संस्थाले साहित्यिक पत्रिकाको पनि निब हाली सम्पादकीयमा "रूप-रेखा परिवार सबैसँग पुकार गर्दछ र साहित्यको अभिरुचि बढाउन केवल प्रयास मात्र गर्दछ र त्यही प्रवाहमा बग्न चाहन्छ जुन प्रवाहले अनेक हाम्रा पूर्वज लेखक साहित्यसेवीलाई दुःख र कष्टमय जीवनसँग सम्बन्ध राख्थ्यो ।" यद्यपि यही अङ्कमा डि.के. चारकोलको सदीक्षा प्रबन्धमा हाम्रो नेपाली साहित्यमा हास्य र व्यङ्ग्यको यस्तो अनिकाल किन पर्‍यो ? आर्थिक बोझ र राजनीतिक बन्धन भएसम्म हास्य र व्यङ्ग्यको ढोका खुल्दैन भन्ने यथार्थ पुट रचना समाविष्ट छ । विषय सूचीमा डि.के. चारकोलको नाम छुटेको छ । जनकविकेशरी धर्मराज थापाको 'कलापूर्ण लोकगीत र नाचकथा', श्यामप्रसादको 'ज्यामी कमारो होइन', योगनाथ प्याकुर्यालको 'परिचय' शीर्षक विचारोत्तेजक निबन्ध छन् । कृष्णप्रसाद पराजुलीको 'एक चोइटो गजलः

जसलाई मैले अमृत देखेँ,
त्यो विषको प्याला रहेछ ।'

यस्तै कविताहरूमा परशुराम प्रधान (पर शु) को 'यो फूलबारी हो पराईको', पोषणप्रसाद पाण्डेको 'अनावृष्टि', तारिणीप्रसाद कोइरालाको 'को हौ तिमी' (लामो गद्य कविता), लीलाध्वज थापाको 'नाटक गर्छु' समाविष्ट थियो । कथाको हकमा खलिल जिब्रानको 'मेलामा' (अनु. लोकेशचन्द्र प्रधान) र रमेश विकलको मेरी कान्छी माइजू' प्रकाशित थिए । रमेश विकल मेरो फेब्रेट कथाकार हुनुहुन्थ्यो । उहाँका अधिकांश कथा सरल सामाजिक हुन्थे । ६,७,८ कक्षाका पाठ्यपुस्तकमा पनि उहाँका कथा समावेश थिए । झन् नीतिमूलक 'तेह्र रमाइला कथा' त कण्ठै भयो । तर मेरी कान्छी माइज्यू' भन्ने कथा फरक दृष्टिले लेखिएको थियो । सिग्मन्ड फ्रायडद्वारा प्रतिपादित यौन मनोविज्ञान जसलाई नेपाली साहित्यमा विश्वेश्वरप्रसाद कोइरालाले 'चन्द्रवदन'बाट प्रवेश गराउनुभएको थियो । बुढो मामासँग उमेरमा धेरै फरक भएर हुर्किएकी कान्छी माइज्यूलाई म पात्रले 'आज यतिका वर्षपछि एक्कासी देखेर आश्चर्य यति बढ्यो कि म आतङ्कले जड झैं भएँ ।' भन्दै

पूर्व स्मृतिमा गएर बताइएको छ । माइजूले किशोर भान्जालाई आफ्नो वात्सल्य अनुराग बर्साउँछिन् । सँगसँगै तिनको यौन उद्वेग पनि अनायास छताछुल्ल हुन्छ । 'बाबु तपाईँलाई बोक्सीले चुस्या भन्या थाहा छ ?...थाहा छैन ? हेर्नु हुन्छ ? लौ...' भन्दाभन्दै उनी अप्रत्याशित ढङ्गबाट चोलोको तुना खोलेर उदाङ्ग पारि दिन्छिन् । म सरमको भित्री अनुभूतिले गर्दा त्यहाँ सोझो आँखाले हेर्न सक्तिनथेँ । तर जिज्ञासाले कुत्कुत्याएर चोरका जस्ता घोप्टे आँखाले हेर्दथेँ । नभन्दै त्यहाँ... सुनौला अम्बामा दानाजस्ता दुईतिरका छाती खित्का हाँसिरहेका हुन्थे । अनि त्यही पुष्ट छातीको बिचमा चारओटा निला दाग ठिक यस्तो देखिन्थ्यो जस्तो कटमिरा अम्बा दानामा गडेको दाँतको निलो दाग ।'

माइजूको हँसिया र घरेलु नोकरको काटिएको लिङ्ग गोठमा पाइएको सन्दर्भपछि रहस्यमय रूपमा हराइएकी माइजूको पुनरागमन कथाको सम्प्राप्ति हो । श्यामप्रसादको निबन्ध सङ्ग्रह 'तँ, तिमी, तपाईँ, हजुर'को विश्लेषणात्मक समालोचना तारानाथ शर्माले गरेका छन् । यसपछिका अन्यत्र 'ताना शर्मा' भनी चिनाइएको छ । 'तँ, तिमी, तपाईँ, हजुर' निबन्धसङ्ग्रह पनि भीम पब्लिक हाइस्कुलकै संस्थापक समाजसेवी इन्द्रमणि राजभण्डारीले आफ्ना छोराहरू (माधवमणि, दिव्यमणि र दीपमणि) लाई ट्युसन पढाएबापत गुरु भेटीमा छपाइ दिनुभएको थियो । तारानाथको मूल्याङ्कनमा 'यो कृति नेपाली साहित्यमा कला, शैली, सिप र भाषाको गुलियोपन जस्तै गहनाहरूले सिँगारिएर भित्र ह्याकुलामा प्रगतिको हुरी बोकी निस्केको छ' ।

आनन्ददेव भट्टको संस्मरण 'मृत्युशैयामा पुष्कर शमशेर' कारुणिक छ । थोरै तर्कपूर्ण कथाका स्रष्टा पुष्कर शमशेर पक्षघातबाट पीडित अवस्थामा भेट्दाको दारुण चित्रण भट्टले गरेका छन् । 'मेरो दृष्टि अरूतिर जान सकेन । मैले श्रद्धाले झुकेर नमस्कार गरेँ । मलाई थाहा थियो- यो मूर्ति २००७ सालमा आफ्नो मान, विचार र अठोटमा बाँचेको मूर्ति हो । त्यो मूर्तिले त्यत्रो जनताले त्रिचन्द्र कलेज अगाडि घेरेर जाँदा (पुष्कर शमशेर त्यसबेलाका भाषानुवाद परिषद्का अध्यक्ष थिए, जसको कार्यालय त्रिचन्द्र कलेजकै परिसरमा थियो) कर गर्दा पनि 'प्रजातन्त्र जिन्दावाद' भनेनन् । तर त्यति भएर पनि ऊ आजसम्म 'रावण बिचको विभीषण' भन्दा कुनै अर्थमा पनि देशको निम्ति कम इमानदार र लगनशील देखिएन ।

रूप-रेखाको दोस्रो पूर्णाङ्क (भदौ-असोज २०१७)को प्रधान सम्पादक वासुदेव रिसाल सम्पादक मण्डलमा जनकनाथ प्याकुर्याल, श्रीरामदेव भट्टराई र जगदीशप्रसाद अधिकारी व्यवस्थापक लवप्रसाद शर्मा, प्रकाशक पूर्ववत् नेपाल राष्ट्रिय पुस्तकालयको लागि योगेन्द्रनाथ अर्याल । श्रीरामदेव भट्टराई नेपाल राष्ट्रिय पुस्तकालयका अध्यक्ष थिए । 'रूप-रेखा' प्रकाशित गर्ने निधो भएपछि उनले त्यसबेला भारतमा भौँतारिरहेका उत्तम कुँवरलाई (पहिले पुस्तकालयकै स्वयंसेवक) झिकाएका थिए । पशुपति छापाखाना पशुपतिदेव पाण्डेसहितको हुनाले त्यसैबाट बालमुकुन्ददेव पाण्डे पनि रूपरेखा परिवारमा मिसिन पुगेका थिए । यद्यपि प्रारम्भमा कुँवर र पाण्डेको नाम पत्रिकामा लिपिबद्ध भएन ।

पूर्णाङ्क दुई कवितामा मोहन कोइराला, मोहन हिमांशु थापा (कहीं हिमांश), ओकियुमा ग्वाइन, कृष्णभक्त श्रेष्ठ,

कालीप्रसाद रिजाल, रत्नशमशेर थापा (कहीँ रत्नथापा) बासु शशी, भूतको भिनाजु, पारिजात वाइबा, दया सिं र अजिता रिजाल सङ्कलित छन् । शङ्कर लामिछानेद्वारा अनुदित टि.यस. इलियटको 'खोक्रा मान्छे' कविता पनि छ । मोहन कोइरालाको गद्य कविता 'घाइते युग' यस पत्रिकाको मानक रचना नै भइदियो जसको चर्चा डा.वासुदेव त्रिपाठीले रूपरेखा पूर्णाङ्क २००सम्म गरेका छन् ।

कथामा पनि यो अङ्क गरिब छैन । लोकेन्द्रराज, सोमध्वज विष्ट, मुकुन्द ढुङ्गेल समालोचनामा अम्बिकाप्रसाद अधिकारीको 'आधुनिक आलोचना हेर्दा' हास्यव्यङ्ग्यमा केशवराज पिंडालीको 'शूरवीरहरूको नर्क यात्रा' अनि इतिहास शिरोमणि बाबुराम आचार्यको 'भक्तपुर राज्यको उत्थान' पठनीय छन् ।

दोस्रो अङ्क हुनाले पाठक प्रतिक्रियामा भीमनिधि तिवारीको चिठी छ । नेपाली भाषामा नयाँ पत्रिका प्रकाशित भयो भनी सुन्दा घरमा आफ्नै सन्तान उत्पन्न भएको जस्तो हर्ष र आनन्दको लहर मेरो अन्तस्तलमा उर्लिएर आउँछ ।

किरणनाथको चिठीमा चाहिँ तारानाथ शर्माको समालोचनालाई 'उरन्ठेउलो, उत्ताउलो र एकहोरो विचारले लेखिएको घोत्ल्याइँ, गाली-गलौज साहित्यमा निजको भविष्य निकै उज्ज्वल' भन्न बाँकी राखेनन् । भवानीप्रसाद शर्माले चाहिँ साउने सङ्क्रान्ति २०१७ को रूप-रेखा सङ्क्रान्तिकै खिर जस्तो स्वादिष्ट गरिष्ठ कोसेली माने ।

सम्पादकीयमा 'नेपाली कविताको स्रोत र प्रवाहमा आदिकवि भानुभक्तको जयन्ती र कविशिरोमणि लेखनाथ पौडेलको वार्णिक छन्द कविताको चर्चा गरिएको छ । पूर्णाङ्क १ को प्रकाशकीयमा हामीलाई लेखहरू जम्मा गर्न बहुत कठिन पर्यो । कतिपय लेखकहरूले १/२ महिना झुलाउनुभयो । तर कतिपयले एकै वचनमा लेख पठाई हामीलाई उत्साहित पार्नुभयो ।' उल्लेख गरिएकोमा पूर्णाङ्क २ मा 'समयमा पाठक समक्ष हात पुर्याउन सकेकोमा खुसी' व्यक्त गरिएको छ ।

भीम पुस्तकालयमा यसरी 'रूप-रेखा' का पुराना र पछिका केही नयाँ प्रति पाइए जति मन लगाएर पढ्दथेँ । कालान्तरमा आ-आफ्नो आस्थाप्रतिको विभेदको झगडामा रामबहादुर सर हट्नुभयो । (उहाँका अनुसार तत्कालीन सरकार नै उहाँप्रति कोपाभाजन थियो रे) राजधानी फर्केपछि मन्त्र, सञ्जीवनीजस्ता सामयिक सङ्कलन निकाल्नुभयो तर अस्वीकृत लेखनको नारा लिएर । बल्ल चिन्यौँ उहाँको साहित्यिक नाम कविताराम । 'कविता' नाम पुग्दो भए पनि उहाँले पद्य लेख्नुभयो जस्तो लागेन । नाटक, कथा, दर्शन, जीवनी, आदि गरी २७ ओटा ग्रन्थ उहाँका प्रकाशित छन् तर 'अस्वीकृत साहित्य' मान्नुपर्ने उहाँकै आग्रह रहिरह्यो ।

मैले माथि उल्लेख गरेँ कोइराला र श्रेष्ठ दुबै प्रतिभाशाली थिए । दुबैले बेलाबखत विद्यार्थी कलाकार जुटाइ नाटक, सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्दा दर्शकहरू अभिभूत भई प्रशंसा गर्दथे ।

२०२४ माघ २४ गते स्कुलको ' जन्मजयन्तीको (पछि मनाइएन, बैशाख १ गते अभिभावक दिवसको चलन पुष्पमान जोशी प्र.अ. भएपछि थालनी भयो ।) अवसरमा राजा महेन्द्रलाई जनकपुरमा बम हान्ने सहिद दुर्गानन्द झाकै मृत्युदण्ड दिएको परिवेशमा आधारित रूपक प्रदर्शन सफलतापूर्वक भयो । (स्टेज बनाउन राखिएको जी.आइ. पाइपमा अल्झेर लडेर

निधारमा घाउ र दाँत पनि भाँच्चिएकोले मैले हेर्न पाइनँ ।) सो रूपक प्रदर्शनको निहुँमा तत्कालीन निर्दलीय सरकारले गर्नसक्ने कारवाही छल्न रूपक लेखनको पाण्डुलिपि जलाइएछ ।

कोइराला सरले पनि ६ देखि १० कक्षासम्मका गरी १०० जना विद्यार्थीबाट जनही रु. ५ उठाई ५००/-को पुँजीमा २०२६ साल बडादशैँमा 'आँखा' प्रकाशक भीम पब्लिक हाइ स्कुल प्रधान सम्पादक उहाँ सम्पादक द्वयमा श्याम श्रेष्ठ (कवि डा. मधु माधुर्यको पिता र म) राखी प्रकाशित गर्नुभयो । यसमा मेरो बाल मनोविज्ञानमा आधारित कथा 'चित्र बुद्धको', प्रा.डा.श्याम जोशीको 'उकुसमुकुस जिन्दगीको' कथा थियो । रूप-रेखा पूर्णाङ्क २ मा छापिएको कविताबाट परिचित मोहन कोइरालाको ' कहाँ हराएको छ ?' शीर्षक कविता यसैमा समावेश गरिएको थियो । 'नयाँ सन्देश' साप्ताहिक पत्रिकाका तत्कालीन सम्पादक होमनाथ दाहाल (पछि सांसद) को साथ सहयोगमा सोही पत्रिका छापिने सशाङ्क प्रेसमा 'आँखा' छापिएको थियो । दोलखा जिल्लाको पहिलो प्रकाशित पत्रिका दोस्रो अङ्कदेखि कालिन्चोक युवा क्लबको व्यवस्थापन र अलिपछि पुरै प्रकाशकको निस्किरह्यो । राधाप्रसाद घिमिरे सञ्चार मन्त्री भएपछि दर्ता नगरीकन पत्रिका प्रकाशन गर्न नपाइने अनुदार परिपत्रपछि 'आँखा' बन्द भएर १२ वर्षपछि ७ औँ पूर्णाङ्क निस्केर हालसम्म २०औं स्वर्णिम अङ्क प्रकाशन हुन सकेको छ ।

रूप-रेखा केही वर्षको अन्तरालमा मासिक भयो । नेपालमा मासिकसम्म साहित्यिक पत्रिकाले मात्र हुलाक दर्ता सुविधा पाउने भएकोले आफूले बनाएका आजीवन सदस्य, उप-संरक्षक, संरक्षक कहाँ पत्रिका हुलाकमार्फत नै पठाउन सुगम भयो । मलाई साहित्य लेखनको मापन 'रूप-रेखा' जस्तो हुनुपर्दछ भन्ने छाप छोड्ने गुरुद्वय कोइराला र श्रेष्ठले स्कुल छोडे तापनि पाएसम्मका रूप-रेखा वार्षिक ग्राहक भीम पुस्तकालय पनि बन्यो । समय क्रममा नेपाल राष्ट्रिय पुस्तकालय बन्द हुने भएपछि पूर्णाङ्क ७ मा बालमुकुन्द देव आबद्ध भए । पूर्णाङ्क १३ मा उत्तम कुँवर पनि रूप-रेखा परिवारभित्र छिरे । जनकनाथ प्याकुर्याल र योगेन्द्रनाथ अर्यालसँग जोडिएर बालमुकुन्द सम्पादक बनेका हुन् । फेरि बालमुकुन्द हटेर योगेन्द्रनाथ र उत्तम सम्पादक बने । राष्ट्रिय पुस्तकालय स्वयं बन्द हुने स्थितिमा पुगेपछि रूप-रेखाको 'स्थायित्व र नियमितता'को लागि मुनाल प्रकाशनलाई गुहारिन्छ । अनि पूर्णाङ्क ३२ देखि 'मुनाल प्रकाशन' बाट प्रकाशित हुन्छ । तर ४८ देखि पत्रिकाको अभिभारा पुरै उत्तम र बालमुकुन्दको काँधमा लाग्छ । किशोरावस्थामा नै साथी बनेका यी जोडी नियतिले एउटै कर्ममा आबद्ध गराएकोमा मेहनत, प्रयास र निष्ठावान् भई अनवरत लाग्छन् । कविता विशेषाङ्क, संस्मरणविशेषाङ्क, शङ्कर लामिछाने विशेषाङ्क,लेखक विशेषाङ्क (पूर्णाङ्क १००) गर्दै पुस २०३४ मा पूर्णाङ्क २०० जसलाई 'रूप-रेखा र नेपाली वाङ्मय विशेषाङ्क' भनी ५६८ पृष्ठको बृहत्ताकार प्रकाशित गरेको छ ।

'शुभकामना' व्यक्त गर्ने क्रममा 'अटुट सङ्घर्षसहित बाँच' भनी नाट्य सम्राट कविवर बालकृष्ण समले आफूलाई २०३० सालमै पक्षघातले आघात पारेको उपचारको लागि भेलोर गएको, इष्टदेवको सहायताले आफ्नो इच्छाशक्तिले बाँचिरहेको उल्लेख गर्दै रूप-रेखाले जनतालाई यसैगरी रिझाओस्,

यसका लेख कविता, समालोचना दर्शनहरूले सधैँ जस्तै जनतालाई चेतना दिउन्' भनी उद्गार पोखेका छन् । रानी जगदम्बाकुमारी देवीको 'आशीर्वाद' यस शताब्दीको दोस्रो दशकतिर मदन पुरस्कारले नेपाली वाङ्मयको क्षेत्रमा एउटा भरपर्दो प्रभाव सृजना गर्‍यो भनेर मलाई जस दिएको सुनेको छु । त्यसबेलाको त्यो प्रभाव समग्रमा मेरो सृष्टि होइन । तर पनि त्यसै प्रभावमा 'सन्तान भनिएको रूप-रेखा' चाहिँ मलाई आफ्नै नातिनातिना जस्तै लाग्छ' भनी ममता खन्याउनु भएको छ । स्मरणीय छ, उत्तम कुँवरले नेपाली वाङ्मयका विशिष्ट प्रतिभाहरूसँग लिएको अन्तर्वार्ता सङ्कलन 'स्रष्टा र साहित्य' ग्रन्थका लागि २०२३ को मदन पुरस्कारद्वारा सम्मानित हुनुभएको थियो ।

यस विशेषाङ्क विशेषमा राजा वीरेन्द्रसँग लिएको अन्तर्वार्ता उल्लेख्य छ । तत्कालीन राजकीय प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको साहित्य भेला (जसको उद्घाटन राजा वीरेन्द्रबाट भएको थियो) मा केन्द्रित भएर गरिएको अन्तर्वार्तामा राजाले 'साहित्यमा मानव जातिको सम्पूर्ण वैचारिक पक्षलाई समेट्ने भएकोले यसको विकासबिना भौतिक विकास दिगो रहन गाह्रै पर्छ'। भनिएको र 'यसै सन्दर्भमा राष्ट्रिय योजना आयोगका प्रस्तावित योजनाहरूमा भाषा, साहित्य र संस्कृतिको विकास गर्ने खालका योजनाहरू पनि समावेश हुन सम्भव होला ?' भन्ने प्रश्नको उत्तरमा राजाले यसतर्फ राष्ट्रिय योजना आयोगको ध्यानाकर्षण गर्नु राम्रै होला भनिएको छ ।

अहिले पनि रा.यो.आ.ले जसरी विभिन्न मन्त्रालय र यसअन्तर्गतका विभागद्वारा प्रस्तुत आयोजनाहरूको बर्सेनी बजेट बन्नु अघि छलफल गर्दछ । बजेटपछि चौमासिक समीक्षा गर्दछ । त्यसमा भाषा, साहित्य प्राथमिकतामा पर्दैनन् । अरुण तेस्रो जलविद्युत् आयोजनामा संलग्न भारतीय कम्पनी 'सतलज विद्युत् निगम'ले प्रारम्भमा बजेट प्रस्तुत गर्दा 'राजभाषा प्रवर्द्धन' भन्ने शीर्षक पनि सुनायो । म त्यसबेला जलस्रोत मन्त्रालयको उप-सचिव हुनाले प्रतिनिधिको रूपमा कार्यक्रममा सहभागी थिएँ । 'राजभाषा प्रवर्द्धन' त्यो पनि विद्युत् उत्पादन आयोजनामा नबुझेर सोद्धा बताइयो, हिन्दी भाषा-साहित्यको क्षेत्रमा पनि निश्चित रकम विनियोजित गर्ने परिपाटि बसालिएको रहेछ जुन हामी कहाँ दुर्लभ छ । अर्थात् यस्तो (अनिवार्य) परिपाटि न बसाल्न सकियो न यसतर्फ कसैले सोचेकै छन् । पुस्तक लोकार्पण गर्ने विशिष्ट व्यक्ति राष्ट्रपतिदेखि मन्त्री जो होउन् कसैले पनि यस दिशामा उच्चारण गरेका छैनन् ।

अर्थात् हामीकहाँ समग्र वाङ्मय अझै अनुत्पादक छ । यो पृष्ठभूमिमा रूप-रेखाले १८ वर्ष बाँचेर २०० पूर्णाङ्क विशेषाङ्क प्रकाशन आफैमा स्तुत्य छ । यस अङ्कमा विविध विषयमा तत्तत् विद्वान् र विज्ञबाट लिखित रचना पस्किएका छन् । यदुनाथ खनालले राजकीय प्रज्ञा-प्रतिष्ठान (हाल नेपाल प्रज्ञा-प्रतिष्ठान) र त्रिभुवन विश्वविद्यालयद्वारा आयोजित नेपाली भाषासम्बन्धी गोष्ठीको समीक्षात्मक टिप्पणी 'दुई गोष्ठी र नेपाली भाषा'मा गरेका छन् । 'कुनै विकासशील भाषाले अन्त्यमा जनताको मुख नताकीकन सुख छैन, जनतातिर नफर्की धर छैन ।' अनि व्याकरण शुद्धि लक्ष्य हुँदैन, साधन हुन्छ, भाषान्तरका प्रचलित शब्द हेय हुँदैनन्, ग्राह्य हुन्छन् ।

आधुनिक नेपाली साहित्यको इतिहास खोतल्ने प्रयास गरेका छन्, अभि

सुवेदीले । रूप-रेखाका कैयन् अङ्कमा उनका समालोचनाले ठाउँ पाएका छन् जसमा उनको पूरा नाम अभिनारायण सुवेदी छ । उनले नेपाली साहित्यको प्रकाशनकाल निकै लामो भएको प्रारम्भमा भास्वतीको नेपाली अनुवाददेखि मोतीराम भट्टको युगसम्म, अनि मोतीराम भट्टको युगमा मोतीको प्रयासबाट 'गोरखा भारत जीवन' नामक पत्रिका भारतेन्दु हरिश्चन्दको सहयोगले प्रकाशन भएको विज्ञापन चाहिँ फेला परेको परन्तु सो पत्रिकाको अस्तित्वको पुस्ट्याइँ हुन नसकेकोले प्रमाणपत्र पहिलो नेपाली पत्रिका मोतीकृष्ण शर्मा ठहिटीद्वारा सम्पादित तथा प्रकाशित 'सुधासागर (वि.सं.१९५५)' नै देखिएको छ । राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले युरोप भ्रमण गरी आउँदा प्रेस ल्याएका थिए (गिद्धे प्रेस) तर पशुपति प्रेसबाट नै संवत् १९५८ मा 'गोरखापत्र' राणा प्रधानमन्त्री देवशमशेरको शासनकालमा मानवतावादी जयपृथ्वीबहादुर सिंहको अनुप्रेरणाबाट प्रकाशन हुन थाल्यो । गोरखापत्रको प्रकाशन हुनु अघि दार्जिलिङमा पनि पादरी गंगाप्रसाद प्रधानद्वारा 'गोर्खे खबर कागज' प्रकाशन भइसकेको थियो । उत्तम कुँवर लिखित 'नेपालमा पत्रिकाको विकास' रूप-रेखा पूर्णाङ्क १९० मा चर्चा गरिएको छ ।

यता स्वदेशमा संवत् १९९० को भूकम्पपछि आएको नयाँ जागरणमा ऋद्धिबहादुर मल्लको प्रकाशकत्वमा १९९१ देखि 'शारदा' साहित्यिक पत्रिकाको प्रकाशन भयो । जसले लेखन र चिन्तनको एउटा विशेष धारा मात्र तयार गरेन अपितु यसले नेपाली साहित्यमा एक यस्तो युगको सूत्रपात गऱ्यो जसभित्र शास्त्रीय, रोमान्टिक, धार्मिक, नैतिक र झ्याउरे साहित्य समान्तर वृद्धि भयो ।

रूप-रेखाको प्रकाशनमा छ, यसले मोहन कोइराला, रत्नशमशेर थापा, पारिजात, ओकियामा ग्वाइन, वासु शशी, भूपि शेरचन, द्वारिका श्रेष्ठ, गोविन्द भट्ट, पोषण पाण्डेजस्ता सुरुका कविहरूका कविताहरू पहिलो वर्षकै अनेकौं अङ्कमा प्रकाशित छन् । विविध शैली, बिम्बविधान र युगजनित व्यङ्ग्यको उचित प्रयोग भएका कविहरूले आफ्ना सृजनाहरूको प्रकाशनको छहारी पाए । रूप-रेखाको कविता विशेषाङ्क (पूर्णाङ्क २४) मा नेपाल भरिकै र प्रवास सँगसँगै अनुवाद पनि गरी ९२ कविका कविताहरू समाहित छन् । जसले नेपाली साहित्यको केन्द्र राजधानी मात्र नरहेर देशव्यापी हुन पुगेको दर्साएको छ ।

पूर्णाङ्क ३६मा चाहिँ समालोचना अङ्क छ । जसमा रत्नध्वज जोशी, अभि सुवेदी, कृष्णचन्द्रसिंह प्रधान, रामकृष्ण शर्मा, वासुदेव त्रिपाठी, ताना शर्मा, जगदीश शमशेर, शंकर लामिछाने, आनन्ददेव भट्ट, धनुषचन्द्र गौतमका रचना छन् ।

रूप-रेखामा नै कवि ईश्वरबल्लभ र बैरागी काइँला एवं कथामा इन्द्रबहादुर राईले तेस्रो आयामको घोषणा गरे । इन्द्रबहादुर राईको 'आयामिक सम्पूर्णतामा अनुभूति (पूर्णाङ्क ५८)', ईश्वरबल्लभको ' बाङ्गा टेडो छड्के रेखाको कला (पूर्णाङ्क ६८)' र बैरागी काइँलाको (पूर्णाङ्क १४९) मा प्रकाशित एउटा बुद्धि तत्त्व आयामेली कविताको सानो अंश प्रस्तुत गरौं -

गङ्गा नीलो बग्छु,
यात्री-
उभिन्छु
कुदेर
बुद्धिसम्म भित्र बाहिर
कति पुगिन्छु-ले नित्य शिलाखण्ड उभिन्छु

म
यौटा लहर हात उठेर सगर नछोई पात खस्दछ
सीमाहीन नीलिमा लहरले उफ्रेर
छालहरू उज्यालो हिर्काउँछन् संगमर्मर भएर पहरा छु ।

यसैगरी पारिजात, मञ्जुल, रामेश आदिको राल्फाली आन्दोलनको सशक्त प्लेटफर्म पनि रूप-रेखामै मुखरित भयो । हुन त दार्जिलिङमा 'तेस्रो आयाम' मासिक प्रकाशन भइरहेको विज्ञापन रूप-रेखा (पूर्णाङ्क २७) मा छ ।

पूर्णाङ्क ४८ संस्मरण विशेषाङ्क विभिन्न साहित्यकार अलावा अन्य व्यक्तित्वका तितामिठा स्मरण सँगालिएका छन् । रूप-रेखाकै पूर्णाङ्क २७, २८, २९, ३० मा 'म कहिल्यै बिर्सन्न' स्तम्भ पनि छापिएका थिए तर त्यसले नियमितता पाएको छैन । गोरखापत्र संस्थानद्वारा २०२५ साल जेठ महिनादेखि प्रकाशित मासिक पत्रिका 'मधुपर्क'ले पनि केही वर्ष बिर्सन नसकिने स्तम्भ राखेको थियो । इतिहास शिरोमणि बाबुराम आचार्य, चित्तरञ्जन नेपालीका ऐतिहासिक खोजपरक लेख पनि रूप-रेखाका विशेषता हुन् । पूर्णाङ्क १८० को सम्पादकीयमा नयाँ मोड भन्दै ' नव वर्षाङ्कदेखि कथा, कविता, र निबन्धको अतिरिक्त सामाजिक आर्थिक तथा बौद्धिक खोज विषयक गहनतम रचनाहरू पनि छाप्ने नीति अपनाएको नेपाली वाङ्मयका सबै पक्षको संवर्द्धन र विकासमा लागि लेख्ने, पढ्ने त्यो पनि किनेर पढ्ने खालका सबै पक्षको संगठित शक्तिले लक्ष्य प्राप्त गर्न गराउन पूर्ण सहयोग गरी 'रूप-रेखा'लाई अर्को कीर्तिमान कायम गराउनका निम्ति मद्दत गर्न हार्दिक आव्हान गरिएको छ ।

'नुतन सनातन' स्तम्भमा नवप्रतिभा, कवि र कविता स्तम्भमा काव्य सृजनामा आ-आफ्नो दृष्टि र अनुभव : उदाहरण, विजय मल्ल मेरा काव्यगत मान्यता प्राप्ति (पूर्णाङ्क २९) मोहन कोइराला : 'मेरा काव्यकता केही धारणा' (पूर्णाङ्क ३०) कवितासहित राखिएका छन्, जसले स्रष्टाका विचार र अभिव्यक्ति बुझ्न पाठकलाई सजिलो बनाएको छ ।

कमल दीक्षितका खोजपरक निबन्ध, ध्रुवचन्द्र गौतमका 'एक यात्रानुभूति (पूर्णाङ्क ३०)' सम्झन लायक छन् । अनि गोविन्द भट्टको 'एउटी निग्रो आमाको गुनासो' मा भनिएको छ :

म काली छु,
तर मेरो दुध,
उस्तै सेतो छ,

नेपालमा निग्रो जाति छैन । तर कविताले सर्वजनिन व्यथा बोलेको छ । यहाँनिर साहित्य स्वदेशीय मात्र हो कि ? सर्वदेशीय भन्ने बहस पनि चलेको छ । रूप-रेखाले लु सुन् चेखोबका कथा, इलियट आदिका कविता, म्याक्सिम गोर्कीको ' आमा' उपन्यास धारावाही रूपमा प्रकाशन गरेको छ । रूप-रेखा जन्मनु अघिका महाकवि लक्ष्मीप्रसाद देवकोटा मात्र होइन आदिकवि भानुभक्त आचार्य, युवककवि मोतीराम भट्टका जयन्तीको बेला सम्झेर श्रद्धाञ्जलि व्यक्त गर्न कञ्जुस्याइँ गरेन ।

यो विशेषाङ्कमा महासमालोचक डा.वासुदेव त्रिपाठी, मोहन कोइरालाको समग्र काव्य व्यक्तित्वको मूल्याङ्कन गरिएको छ । छन्द कवि र बेछन्द (गद्य) कवि बिचको द्वन्द्वलाई पर सारेर छन्द सारथी राष्ट्रकवि माधवप्रसाद घिमिरेको शब्दमा ' गद्य कविता लेखे मोहन कोइराला जस्तो होस्' (पूर्णाङ्क ३३) स्मरणीय छ ।

रूप-रेखाको शङ्कर लामिछाने विशेषाङ्क अर्को मानक अङ्क हो । म वा मभन्दा पनि प्रबुद्ध (पाठक ??) का लागि लेख्छु भन्ने शङ्कर खासगरी नेपाली आत्मपरक निबन्ध साहित्यमा महाकवि लक्ष्मीप्रसाद देवकोटा पछिका विशिष्ट प्रतिभा थिए । पारिजातको उपन्यास 'शिरीषको फूल'मा लामिछाने लिखित भूमिका पनि उत्तिकै चर्चित रह्यो । कविता र कथामा पनि नित्य प्रयोग गर्न रुचाउने लामिछानेलाई कुमुदिनी (पूर्णाङ्क १३६) ले 'शंकर लामिछानेप्रति मेरो ठुलो सम्मान छ, आदर र पूजाको भाव छ,' भन्दै लामिछानेको पूर्णाङ्क ११२ र ११४ मा प्रकाशित 'आ भाँ गार्देको सौन्दर्य शास्त्र' माइकल कविको लेखकै चोरी भनी आरोप लगाएपछि शंकरले उही अङ्कमा 'शंकर लामिछाने स्वयंलाई लेखक ठान्दैन, यस पाँच वर्षभित्र उसले चार पाँचओटा विश्वको ' महान् इतिहास र शैलीसमेत चोरेको छ, यो उसले गर्नुपर्ने कारण हो उसको जागिर थिएन र उसलाई बाँच्नु थियो' भनी सकार्दै 'म सायद साहित्यिक क्षेत्रबाट सन्यास लिँदैछु र अब म लेख्ने पनि छैन होला' भनी साँच्चिकै लेख्न छोडे । २०० विशेषाङ्कमा रूप-रेखाको 'पाठक-प्रतिक्रिया'का वादविवाद लेखक र पाठकको घोचपेच बिन्दु सुवेदीले उतारेका छन् ।

यसरी रूपरेखामा प्रकाशित कथा र कथाकारहरूको समीक्षा डा.दयाराम श्रेष्ठले 'आधुनिक नेपाली कथा र रूप-रेखा', कृष्णचन्द्र सिंह प्रधानले रूप-रेखाका चार उपन्यास पूर्णाङ्क ७२, २०२४मा ध्रुवचन्द्र गौतमको 'अन्त्यपछि' पूर्णाङ्क १३८, २०२८ मा पारिजातको 'बैंसको मान्छे' पूर्णाङ्क १४८, २०३०मा दसजना कथा लेखकहरूको संयुक्त प्रयासमा 'आकास विभाजित छ,' पूर्णाङ्क १७९, २०३२मा भाउपन्थीको लघु उपन्यास 'आदि पुरुष'को समीक्षा गरिएको छ ।

जगदीश घिमिरेको 'को बौद्धिक ?' डा.कमलप्रसाद मल्लको 'नेपाली भाषामा प्राविधिक तथा चिन्तन साहित्य एक लघु अध्ययन' विचारोत्तेजक छ । बालमुकुन्द देव पाण्डेको स्तम्भ 'चारैतिर'बाट प्रयुक्त आफ्नै भाषा (ह्रस्व मात्र प्रयोग गर्ने 'स' मात्र लेख्ने आदि)को विवेचना डा. चूडामणि बन्धुले गरेका छन् । पाण्डेले ब ल म क द नाममा 'चारैतिरबाट समसामयिक थिति बेथितिको प्रहार गर्दै आएकोमा 'पूर्णाङ्क २००मा ' एकातिरबाट मात्र' लेखेका छन् । उत्तम कुँवरले चाहिँ 'उत्तमको कथा 'रूप-रेखा'को प्रसङ्गमा 'भरी' रूपरेखा प्रकाशनको हुटहुटी २०० पूर्णाङ्कसम्मको यात्रामा ५ संरक्षक, २ उप-संरक्षक अनि झन्डै १०० आजीवन सदस्य बनाउन गरेको माथा पच्चीसी पत्रिकाको लागि आफ्नो सेवा र समर्पणको कथा र व्यथाको नालिबेली कोरेका छन् । लैनसिंह वाङदेलको 'नेपालको प्राचीन कला एक मूल्याङ्कन', धूस्वाँ सायमीको ' धर्म, नेपाल संस्कृति र फ्रिक स्ट्रिट', डिल्लीराज उप्रेतीको 'नेपालमा पर्यटन उद्योगको भूमिका'ले तत्कालीन समसामयिक कला, संस्कृति र 'हिप्पी' संस्कृतिबाट उदाएको पर्यटनसमेतलाई उजागर गरेको छ । रामशरण दर्नालले 'रूप-रेखा र सङ्गीत'मा 'रूप-रेखा'ले साहित्योत्थानमा झैं सांस्कृतिक उत्थानमा योगदान दिएको पूर्णाङ्क १०० सम्म १८ ओटा सङ्गीतसम्बन्धी लेखहरू प्रकाशित गरेको, अनि १०१ देखि २०० सम्म पनि १८ ओटै यही विधाको लेखलाई प्रश्रय दिएको, अम्बर गुरुङलाई 'काठमाडौँ ल्याउन र टिकाउन सराहनीय प्रयास' गरेको, प्रवासकी गायिका अञ्जुदेवी दर्नाललाई २०३३ साल साउन २० गते राष्ट्रिय सभामा

'अञ्जुदेवी नाइट' आयोजना गरेर चिनाएको प्रसङ्ग उल्लेख गरेका छन् ।

तत्कालीन देश, नरेश र व्यवस्था अनुकूल शिक्षा पद्धति २०२८ पुस १ गतेदेखि चरणबद्ध रूपमा देशभरै लागु भयो । पहिले सामुदायिक विद्यालय र महाविद्यालयहरू थोरै सरकारी अनुदान, जनताकै सहयोग, विद्यार्थीको शुल्कबाट र शिक्षकको पनि केही हदसम्म स्वयंसेवाबाट चल्ने गरेकोमा अब सबै शैक्षिक संस्था सरकारीकरण गरिए । यसले गर्दा शिक्षकहरूले निश्चित तलब पाउने भए । (प्राइभेट बोर्डिङहरूको हकमा चाहिँ छुट थियो ।) यो शिक्षा पद्धतिको प्रशंसित पक्ष थियो । राष्ट्रिय विकास सेवा कार्य स्नातकोत्तर परीक्षाको प्रथम खण्डपछि बिचमा २ महिना तालिम अनि १० महिना तोकिएको गाउँको विद्यालयमा आबद्ध भएर शिक्षण सेवा अनि ग्रामीण विकासको चेतना अभिवृद्धिमा सघाउ पुर्याउने । प्रथम नियमित कार्यक्रम २०३१/३२मा आरम्भ भयो । त्यसबेला एउटैमात्र विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयअन्तर्गत सञ्चालित यो कार्यक्रमले उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरूलाई किताबको शिक्षा मात्र नबनाई व्यावहारिक ज्ञान र अनुभव दिलायो पनि । गाउँ ठाउँ हेरी निर्वाह भत्ता मासिक रू. २०० देखि रू.३०० सम्म, दुर्गम जिल्लामा जानेलाई ५० प्रतिशत थप भत्ता, आफूसँग लैजान आवश्यक सामानको निम्ति एकमुष्ट रकम रू. ५०० तालिम अवधिमा खाना, खटिएको जिल्लामा जान आउन बाटो र भ्रमण खर्च, औषधोपचारका सुविधाहरूको व्यवस्था पनि गरिएको थियो । यस कार्यक्रमको प्रशंसा अमेरिकी पूर्व राजदूत क्यारोल सी लेस (पछि विदेश मन्त्री)ले पनि नेपालका राजा (वीरेन्द्र)' ले विद्यार्थीलाई गाउँमा खटाएर राष्ट्रिय सेवामा समर्पण हुन अवसर जुटाएका छन् भनी सराहना गरेका थिए । 'रूपरेखा' पूर्णाङ्क २००मा रा.वि.से.का निर्देशक डा.तुलसीराम वैद्यले यस कार्यक्रमको विवेचना गरेका छन् । गाउँमा व्यतित गरेको अवधिको प्रतिवेदन 'भिलेज प्रोफाइल' उपलब्धिमूलक थियो ।जसको आधारमा विद्यार्थीको मूल्याङ्कन गरी नम्बर दिइन्थ्यो । यो प्रोफाइल त्रि.वि. केन्द्रीय पुस्तकालयमा सुरक्षित राखी सम्बन्धित गाउँको बारेमा जान्न बुझ्न चाहनेका लागि उपयोगी भइरहेछ । (स्मरणीय छ २०३६ साल जेठ १० गते राजा वीरेन्द्रले निर्दलीय सुधारिएको पञ्चायतको विकल्पमा बहुदलीय व्यवस्था रोज्न पाउने जनमत सङ्ग्रह घोषणा गरेपश्चात् म रा.वि.से. विद्यार्थी भएकाले हामीले बहुदलीय व्यवस्थाको पक्षमा चेतना जागरण गर्नुपर्दछ भनी 'नयाँ युग' साप्ताहिक, मातृभूमि साप्ताहिक'मा चिठी छपायौँ । तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले रा.वि.से. विद्यार्थीलाई कार्यक्रम नै हालको परिस्थितिमा स्थगन घोषणा गरी फिर्ता बोलाई यो विशिष्ट सेवा कालान्तरमा सधैँका लागि तुहाइदिए ।)

२०१७ साल पुस १ गते (१८ महिनामै) राजा महेन्द्रले संसदीय व्यवस्था राष्ट्रको लागि अफाप भनी जन निर्वाचित सरकारलाई भङ्ग गरी (तत्कालीन नेताहरू प्र.म.विश्वेश्वरप्रसाद कोइराला, यातयात मन्त्री गणेशमान सिंह, सभामुख कृष्णप्रसाद भट्टराईलगायत सबैलाई थुनामा राखी) निर्दलीय पञ्चायती संविधान लागु गरी राष्ट्रिय पञ्चायतदेखि गाउँ पञ्चायतको व्यवस्था भएको थियो । यसैलाई टेवा दिन २०२४ मा गाउँ फर्क राष्ट्रिय अभियान आयो । सुरुमा सबैले 'गाउँमा

गई श्रमदान गर्नुपर्दछ' भन्ने मान्यताको यो नारा र कदम सराहनीय देखिएपनि राजा महेन्द्रको २०२८ माघ १७ गते स्वर्गारोहण भएपछि गद्दीआसीन भएका राजा वीरेन्द्रले तत्कालीन संविधानको संशोधन र गाउँफर्क अभियानको पनि नीतिमा संशोधन गरी व्यवस्थालाई झन् अनुदार गरेको पृष्ठभूमिमा कमलराज रेग्मीले 'पञ्चायत राजनीतिको मौलिक उपज' गाउँ फर्क राष्ट्रिय अभियान (एक टिपोट) प्रस्तुत गरेका छन् । अनि गाउँ फर्कमा उल्लेखित 'साझा' कार्यक्रमको चर्चा रणधीर सुब्बाले साझा यसको अपरिहार्यता र सीमाहरू' शीर्षक आलेखमा साझा संस्था र सहकारीको महत्त्व सम्झाएका छन् ।

डा.केदारनाथ श्रेष्ठले 'राष्ट्रिय शिक्षा र राष्ट्रिय विकास' शीर्षक रचनामा राष्ट्रिय शिक्षा पद्धतिकै तत्कालीन अवस्थाको चित्रण गरेका छन् । ऊर्जा विज्ञ पशुपतिप्रताप शाहको 'जलविद्युत् स्रोत एउटा मानवीय आवश्यक' भन्दै विश्वकै तत्कालीन अध्ययनअनुसार सन् २०२० सम्म कुल जलविद्युत् क्षमताको ८० प्रतिशत जति उत्पादन हुन थाल्ने अनुमान गरेका छन् । अर्का विज्ञ गणेशबहादुर थापाको 'नेपालमा औद्योगीकरण एक दृष्टिकोण'मा त्यसबेलासम्म नेपालको ४० वर्षको औद्योगिक विकास पर्यावलोकन गरिएको छ । डोरबहादुर बिष्टको 'राष्ट्रिय एकता' बडामहाराजाधिराज पृथ्वीनारायण शाहले 'एकीकरण अभियान थालनीपछि सुरु भएको प्रसङ्ग उल्लेख गरी जमिन, जल र जङ्गलको समानुपातिक उपभोग जनताले गर्न पाउनु पर्ने भएमा मात्र एकता बलियो हुने शाश्वत सत्य पनि दर्साएका छन् । देवेन्द्रराज उपाध्यायले 'त्रिकोणाकार नेपाली परराष्ट्र सम्बन्ध र नीतिको चतुष्कोण'मा तत्कालको लागि समसामयिक नीति अपनाउनु पर्ने धारणा राखेका छन् । गोविन्दप्रसाद लोहनीको 'नेपालको आर्थिक चिन्तामा भूमि र जनको स्थितिले प्रस्तुत गरेका केही विसङ्गतिहरू' आलेख विचारोत्तेजक छ । यसमा २०२१ सालदेखि लागु गरिएको भूमिसुधारको पक्ष र विपक्ष केलाउँदै पुछारमा भनिएको छ, "शुद्ध मानवीय आधारमा गरिने भूमिसुधार धार्मिक भावनाले प्रेरित कुराजस्तो हुन्छ, आर्थिक राजनैतिक विकासको आधारशिला हुन सक्तैन ।"

प्रशासनसम्बन्धी डा.प्रचण्ड प्रधानको 'नेपालमा प्रशासनिक विकासको एक झलक'मा पृथ्वी नारायणको एकीकरणपश्चात् वि.सं. १८३६ देखिको प्रशासनिकको आधारशिला केलाई क्रमशः राणाकालीन शासनमा "राजस्व र प्रधानमन्त्रीको (श्री ३) निजी आम्दानीमा भिन्नता थिएन । हर वर्षको अन्तमा खर्च हुन नसकेको सरकारी रकम प्रधानमन्त्रीको निजी ढुकुटीमा दाखिला हुन्थ्यो । यस समय कर्मचारीको विशेषताको आधार नै कम खर्च गरी बढी रकम प्रधानमन्त्रीको ढुकुटीमा दाखिला गर्ने हुन्थ्यो ।" भन्दै २००७ सालको प्रजातन्त्रपछि राजनैतिक परिवर्तन भई मन्त्रालयहरूको गठन, पहिलो बजेटको प्रस्तुति, २०१३ सालमा तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यको अध्यक्षतामा उच्च स्तरीय प्रशासन पुनर्गठन योजना आयोग खडा भयो, २०१३ साल भदौ २२ गते निजामती सेवा ऐन लागु भयो र पञ्चायती व्यवस्थाको स्थापना भएपछि १४ अञ्चल ७५ जिल्ला वर्गीकृत गरी विकेन्द्रित प्रशासन लागु गर्ने ९०,००० कर्मचारी भर्ती, तालिमको व्यवस्था क्रमशः हुँदै गरेको परिप्रेक्ष्मा यथेष्ट सुधार हुन बाँकी रहेको तथ्य औंल्याएको छ ।

डा. चन्द्रप्रसाद गोर्खालीले 'समाजको विकास र विज्ञान'मा मानव जातिको बढ्दो आकाङ्क्षा, सूक्ष्म अनुभूति तथा स्वतन्त्र चिन्तन प्रवाहसँगै द्रुततर गतिले परिवर्तन भइहेको स्थितिमा मानव-समाज कतातिर र किन लम्किँदैछ भन्ने प्रश्न माथि बीसौं शताब्दीको अन्तकालमा जे जति व्यापक रूपमा चर्चा गरिँदैछ, सो सायद अघि कहिल्यै भएको थिएन भन्दै डेभिड सार्नोफको भविष्यवाणी उद्धरण गरेकाछन्- 'सन् २००० सम्ममा मानव जातिले यस संसारबाट भोकलाई निर्मूल पार्ने, आफ्नो आयु १०० वर्षसम्म लम्ब्याउने र पैत्रिक गुणलाई बदल्ने गरी प्राविधिक क्षमता हासिल गर्नेछ । मानिसको ऊर्जा स्रोत तथा कच्चा पदार्थ असीमित रहनेछ र यस्तै गरी सन् १९८० भित्र बिजुली र ऊर्जा हावा जस्तै बिना मूल्य प्राप्त हुनेछ ।'

विज्ञान र प्रविधिको उपयोगले निश्चय पनि सुख सुविधापूर्वक जीवन यापन गर्ने मार्गमा प्रशस्त अगाडि भईकन पनि माथि उल्लेखित भविष्यवाणी सन् २०२३ को प्रथम चौमासिक व्यतित गरिहेको अवस्थामा विश्वको एक तिहाई मानव रोग, भोक, शोक गरिबीको चूडान्तमा गुज्रिरहेको मानवीय उपयोगका खाना, नाना र छानाको आपूर्तिको मूल्य दिनानुदिन महङ्गो भइरहेको धर्म, जात, वर्ण, लिङ्ग आदि जस्ता विभेदबाट उन्मुक्ति पाइनसकेको यथार्थ छ ।

यसरी पूर्णाङ्क २०० मा उपन्यासबाहेक अरू सबै क्षेत्रमा यत्किंचित बयान छ। पूर्णाङ्क १३४मा इन्द्रबहादुर राईले 'अस्तिवादी तीन नेपाली उपन्यासकार'का रूपमा पारिजात, विश्वेश्वरप्रसाद कोइराला र असीत राईलाई चर्चा गरेको प्रसङ्ग चाहिँ उल्लेखनीय छ ।

विज्ञापन बटुलेर प्रकाशनको खर्च जुटाउन नसकेको होइन । मोरङ्ग सुगर मिल्सको उत्पादन चिनीको प्रचार : प्रशस्ति हेरौं :

नलेखेको कागज जस्तो सेतो,
लेखेको साहित्य जस्तो मिठो,

यही अङ्कमा ६२ जना विज्ञापन सहयोगी छन् । ६ जना संरक्षक, २ जना उपसंरक्षक (जसको परिचय विभिन्न अङ्कमा दिइन्थ्यो) ७३ जना आजीवन सदस्य सूचीले 'रूप-रेखा'लाई दीर्घायु बनाउन आशीर्वादसहित सहयोग गरेको देख्दा रूप-रेखा' चिरायु होला भन्ने अडकल बढी होइन । तर नियतिलाई अर्कै मञ्जुर रहेछ । नाम अनुरूप स्वनामले धन्य उत्तम कुँवरको ४४ वर्षको उमेरमै २०३९ साउन १५ गते निधन भयो । उनको बिंडो श्रीमती शान्ति कुँवर र २०० पूर्णाङ्क सम्मका व्यवस्थापक किशोर कुँवरले थामे पनि व्यवधान आइपरे । बालमुकुन्द देव पाण्डे २०४४मा गोरखापत्रको प्रधान सम्पादक भए । शान्ति कुँवरले पनि गद्य तर्फको उत्कृष्ट पुस्तकलाई बर्सेनी 'उत्तम शान्ति पुरस्कार' गुठी राखे पश्चात् निधन भयो । किशोर कुँवर रुपायण प्रेस छोडी आवर्त प्रेस खोली जीवन गुजारा गर्दागर्दै अमेरिका लागे । गोरखापत्रपछि राजधानी दैनिकको सम्पादक हुनुभएका पाण्डेको निधन पनि ६६ वर्षको उमेरमा २०५९ असार ५ मा भयो ।

यसरी 'रूप-रेखा' मात्र इतिहास भयो । तर त्यसले नेपाली भाषा-साहित्य वाङ्मयको क्षेत्र एउटा ठुलो कालखण्डमा पुऱ्याएको योगदान अविस्मरणीय छ जसका कारण यसका परिवार सर्जक 'जीवतै'भएको अनुभूत हुन्छ ।

(दोलखा,
हाल-झम्सीखेल, ललितपुर)

तेश्रो आयाम पत्रिकाको खोजीमेली

● डा.देवी क्षेत्री दुलाल

नेपाली साहित्यमा **तेश्रो आयाम** पत्रिकाको छुट्टै र विशेषतायुक्त इतिहास छ । यसबारे थप भनिरहनै पर्दैन । विचार, लेखनशैली र प्रस्तुतिको पृथक त्रिवेणी नै तेश्रो आयामको खास गुदी हो । यो आयामिकविचारको प्रवर्तक इन्द्रबहादुर राई, ईश्वर बल्लभ र बैरागी काइँला हुन् । साहित्यमा आयामिक विचार प्रतिपादनका लागि उनीहरूले वि.स.२०२०साल जेठमा दार्जीलिङबाट **तेश्रो आयाम** नामक मासिक साहित्यिक पत्रिका प्रकाशन गरेका हुन् ।

यो पत्रिकाको सम्पादक तिलविक्रम नेम्वाङ (बैरागी काइँला) हुन् र प्रकाशक पनि काइँलाकै भाइ अमर नेम्वाङ हुन् । तेस्रो आयामको विचारक, स्रष्टा र द्रष्टाको रूपमा राई, नेम्वाङ र बल्लभको नाम आउँछ । यो आजभन्दा ५९ वर्षपहिलेको कुरा हो । यो आलेखमा म त्यही बुढो पत्रिकाको सामान्य परिचय पाठकहरूकाबिचमा राखिरहेको छु । यो समालोचना नभएर पाठकीय प्रतिक्रिया मात्र हो । यसै रूपमा बुझिदिन आग्रह गर्दछु ।

तेश्रो आयाम दार्जिलिङबाट प्रकाशित साहित्यिक मासिक प्रकाशन हो । यसको प्रथम अङ्क वि. स. २०२० सालको जेठमा प्रकाशित भएको थियो । यो पत्रिका १८ पेजको बुकलेट साइजको छ । पहिलो अङ्कमा सम्पादकीय लेखको अतिरिक्त अगमसिह गिरीको **चिहान यहाँ बोलिरहेछ** कविता, ईश्वर बल्लभको **आयतन एकटुका जिन्दगी** र **बन्द कुइरोमा नानीको पाइताला** शीर्षकको कविता तथा बैरागी काइँलाको **मातेको मान्छेको भाषण मध्यरातपछिको सडकसित** र **साँझ रेखाभित्र** शीषर्कका दुईवटा कविता समावेश छन् ।

इन्द्रबहादुर राईको **ब्ल्याकआउट, काजु,बदामर छोरा** शीर्षकको कथा छापिएको छ। बाहिरी खोल र भित्री खोल नाममा स्थायी स्तम्भ राखिएको छ । यो स्तम्भमा ईश्वर बल्लभको लेख रहेको छ। पत्रिकाको मूल्य वार्षिक ४ रुपैयाँ ८० नयाँ पैसा राखिएको छ । प्रतिअङ्कको मूल्य भने ४० पैसा राखिएको छ । यसमध्ये १५प्रतिशत विक्रेतालाई बोनसको व्यवस्था गरिने भनिएको छ । यो पत्रिकाको सम्पादकीय र प्रकाशकीय यस्तो रहेको छ।

तेश्रो आयामतिरकाम अप्ठेरो भेटेको छु : *रोगबाट निको हुँदै उठ्न लागेको हाम्रो सम्पादक (भाइ श्री तिलविक्रम नेम्बाङ) लाई कष्ट नदिने भई उसको सम्पादकीय लेखौं लेख्दैछु । अबको साहित्य लेखनले मानिसको सम्पूर्णलाई उचाल्न सक्नु पर्छ । मानिस आँखा मात्र, कान मात्र, मन मात्र होइन । ऊ जम्मै इन्द्रिय, हृदय, मस्तिष्कको पुञ्ज हो र अब लेखिने प्रत्येक वाक्य र पङ्क्तिले उसको सम्पूर्णतालाई समाउनु पर्छ, उचाल्नु पर्छ ।*

यो गर्न हाम्रो प्रत्येक कृतिले आयात आफूमा ल्याउन सक्नु पर्छ । दुःख पाउने मान्छेको कथा वा कविता त्यो एउटा

मान्छेले दुःख पाएको कथा वा कवितामा मात्र सीमित् नहोस् । त्यसले उठ्न सकेर त्यो टुक्रा टुक्राको पछि एउटा विशाल विचार बसेको होस्, उँभोतिर एउटा दर्शनको आकाश टाँगियोस् , त्यो सामाजिक भाष्य बनोस्। त्यो मात्र भन्दा धेरै.धेरै अरू कुरा होस् । त्यै धेरैहरू हो तेश्रो आयाम ।

विज्ञानको सापेक्षवाद र अझ नवीनतम् आविष्कार, त्यसको दार्शनिक अर्थ्याइँ, चित्रकला र सङ्गीतमा त्यसको प्रतिरूप, शृङ्खलामा मनोविज्ञान, अवचेतना, प्रतीक, सब हाम्रा तृतीय आयाम झिक्नलाई हतियार छन् । हामी नबुझिने बनौँला । तर लोकप्रियताको लोभ गरिरहे केही लेख्न सकिन्न । हामीले ऐले सफलता देखाउँन नसकेका हौँला पछि जरुर सक्नेछौँ । पछि आउँनेहरूले त्यो गर्नेछन् र गरिछाड्नेछन् । कारण मानिसको शरीर छाडी अरू केही पनि मर्दैन । विचार मर्दैन । -इन्द्र बहादुर राई । १/४/१९६३ ।

यसको प्रकाशकीय यस प्रकार रहेको छ : **साहित्यिक परियोजना** *यस पत्रमा प्रकाशित रचनाहरूको आलोचनाप्रत्यालोचना यसैपत्रमाप्रकाशितभइरहनेछ। विज्ञ आलोचक तथा सचेत पाठकवर्गबाट प्रतिक्रियाको आशा गर्दछौं । यस अङ्कमा प्रकाशित रचनाहरूको आलोचना प्रत्यालोचना आउँदो अङ्कमा प्रकाशित हुनेछ, पढ्नुहोस् ।* अमरकुमार नेम्वाङ ३-४-६३ ।

तेश्रो आयामको सैद्धान्तिक घोषणा या सूत्र यति नै रहेको देखिन्छ । यसको सैद्धान्तिक, वैचारिक एवम् दार्शनिक पक्षका बारेमा साहित्यिक विवेचना गर्नु अर्कै विषय हो । यसपछि दोश्रो अङ्क २०२० साल असारमा प्रकाशित भएको छ । यो अङ्क पहिलो अङ्कभन्दा केही पृष्ठ बढेर २४ पेजको बनेको छ । यो अङ्कको सम्पादकीय तिलविक्रम नेम्वाङले **लेखकउत्तरदायित्व र इमान्दारी** शीर्षकमा लेखेका छन् ।

प्रकाशकीय अघिल्लो अङ्कबाटै साभार गरिएको छ । वीरेन्द्र सुब्बाको दुईवटा कविता, खड्गसिह राईको काँडाको एक्लो पन शीर्षकको कविता, बैरागी काइँलाको पर्वत र ईश्वर बल्लभको **पाइला आजको गति हिजोको** र **बाँझोबादलको सुख्खा छाया** शीर्षकका कविता समावेश भएका छन् । यस्तै वीरबिक्रम गुरुङको **उसको कत्रो भुल** तथा **टिकटिके चरा** र **ठुटे नेता** शीर्षकका कथाहरू छापिएका छन् ।

छ्याके नेता शीर्षकमा नाराईण प्रधानको निबन्ध छापिएको छ । स्थायी स्तम्भमा **के हामीलाई साहित्यकारहरू नभई हुँदैन?** शीर्षकको ईश्वर बल्लभको लेख रहेको छ । यसैगरी यहाँ पाठकका विचारहरू महत्त्वकासाथ छापिएका छन् । पत्रिकाको मूल्य वार्षिक ७रुपैयाँ ८० पैसा र प्रतिअङ्क६५ पैसाबनाइएको छ । काइँलाको सम्पादकीय र बल्लभको स्तम्भले तेश्रो आयामबारे थप प्रस्ट पारेको देखिन्छ ।

यसपछि वर्ष १ अङ्क ३ त्यसैवर्षको साउनमा प्रकाशित भएको छ । यस अङ्कमा कुमार प्रधानको **जन्मदिनको रात**, देवनम देबशाको **हुरी**, भीम थापाको हुँ **म एक जमदार र तरंग** शीर्षकका रचना छापिएका छन् । त्यस्तै इन्द्रबहादुर राईको **त्यसरी बाँचेको छ त्यसरी नै** शीर्षकको कथा, यलम्बरको **दश बुद्धिको लमतन्न बीस बुद्धिको पत्र्यो उत्तानो** शीर्षकको लोककथाले स्थान पाएका छन् । यसैगरी महानन्द सापकोटाको **इतिहास बाँचोस्** शीर्षकको निबन्धले स्थान पाएको छ । सापकोटाको निबन्ध हिमालचुली पत्रिकाबाट साभार गरिएको देखिन्छ ।

अमर गुरुङ्को **गीत र सङ्गीत** शीर्षकको लेख र एउटा गीतले स्थान पाएको छ । **भानु जयन्ती हाम्रो यसपालाको श्रद्धाञ्जली** शीर्षकको सम्पादकीय तिलविक्रम नेम्वाङले लेखेका छन् । पाठकको विचारले यथेष्ठ स्थान पाएको छ ।

यस अङ्कमा स्थायी स्तम्भ भने छुटेको छ। तेश्रो अङ्क प्रकाशनपछि २०२० सालको असोजमा अङ्क ४ र ५ संयुक्त अङ्कका रूपमा प्रकाशित भएका छन् ।

यसमा तिलविक्रम नेम्वाङले **आयामिक लेखनबारे** शीर्षकमा सम्पादकीय लेखेका छन् । यो पहिलो अङ्कमा राईले लेखेको सम्पादकीय विचारको पुनर्व्याख्या र पुनःपुष्टि हो। उनले नयाँ युगका नयाँ मान्छेको साहित्य तेश्रो आयाम हुने र यो नयाँ तरिकाले लेखिने कुरालाई थप प्रस्ट पारेका छन्। यो अङ्कमा कुमार प्रधानले अनुवाद गरेको ल्यु. एच. अडेनको रचना छापिएको छ।

यस्तै बानिरा गिरीको **विहानी र साँझको प्रणयी गीत र जीवन अनि यसभित्रको छाँया** शीर्षकको दुईवटा कविताले यहाँ ससम्मान स्थान पाएको छ । हरिनाथको **क्षितिज** शीर्षकको कविता, कुमार घिसिङको **थुनिएको कैदीभित्रको जिन्दगी** शीर्षकको कथा र यलम्बरको **सिमल चियाउने साँद नखियाउने** शीर्षकको लोककथा छापिएका छन् । यसका साथ साथै ईश्वर बल्लभको **कि रात यसै काटौँ** गीत र त्यस गीत माथि अमर गुरुङको टिप्पणीले स्थान पाएको छ। पाठकको विचार र प्रतिकृया अघिल्ला अङ्कमा जस्तै यस अङ्कमा पनि महत्वका साथ छापिएका छन् ।

यसरी हेर्दा पत्रिका सङ्ख्यामा जम्मा चारवटा छापिएको छ भने अङ्कका आधार मा पाँचवटा छापिएको देखिन्छ । चार र पाँच अङ्क संयुक्त अङ्कको रूपमा छापिए लपछि पत्रिका बन्द भयो । त्यसपछि आजसम्म अर्को अङ्क छापिएको छैन । यो पत्रिका यतिकैमा इतिहास बन्न पुग्यो । ईश्वर बल्लभ पहिल्यै बिते ।

आइ. बी. सर पनि अघिल्लो वर्ष बिते। यस पत्रिकाको प्रकाशक अमर नेम्वाङ पनि २०७५ को माघमा हामीबाट बिदा भए । यतिबेला हाम्रासामु तेश्रो आयामका सम्पादक बैरागी काइँला मात्र जीवित छन् । डाँडामाथिको घामजून जस्ता बनेका काँल्दाइ अतीतका सबै कुरा ठम्याउन सक्दैनन् मात्र हैन भेउ पाउँन पनि छाडिसकेको अवस्था छ।

तेश्रो आयाम पत्रिकाले सङ्ख्यात्मक रूपमा थोरै स्रष्टाका सीमित रचनालाई मात्र स्थान दिन सक्यो । जम्मा पाँच अङ्क प्रकाशित हुँदा धेरै स्रष्टाको रचनाले स्थान पाउने कुरा पनि भएन । तर वैचारिक, सैद्धान्तिक एवम् दार्शनिक दृष्टिले हेर्दा उनीहरूले जे मान्यता राखेका थिए त्यसमा भने सफल भए । वल्लभ, राई र काइँला नेपाली साहित्यमा शिखर व्यक्तित्व बने । थोरै लेखेर पनि सधैँ सफलता र चर्चाको शिखर चुमिरहे। धेरै मान र सम्मानहरू पाए।

उनीहरूले आयामिक लेखनले आफ्नै जीवनकालमा मान्यता पाएको देखे। यसका प्रकाशक अमरदाइ उच्चशिक्षा हासिल गरेर जन्मथलो पाँचथरको पौवासारतापमा बसेर समाजसेवामा रमाए। उनी आजीवन त्यहाँको जननिर्वाचित नेता भए। कहिल्यै हारेनन्, जनताको आँखामा नबिझाउने नानीझैं बने। यसका साथै साहित्य लेखनमा आफ्नै गतिमा लागिरहे।

अमेरिका भ्रमणका केही सम्झनाहरू, सम्झनाका तरेलीहरू र एउटा साँझको अवसान जस्ता कृतिको प्रकाशनले उनको साहित्यिक योगदानको पुष्टि गर्छ।सम्झनाका तरेलीहरू नामक निबन्धकृति नेपाली पर्यावरण साहित्यमा नवीन मानक कृतिको रूपमा स्थापित भयो । यसरी हेर्दा यी चारैजनाले नेपाली वाङ्मयलाई महत्त्वपूर्ण योगदान दिए। तीनै जनाले यथेष्ठ मान सम्मान पनि पाए । यसको आधार तेश्रो अयामको प्रकाशन र आयामिक विचार नै हो । बितेर जाने तीन जना पितृलाईहार्दिक श्रद्धाञ्जली, बाँचिरहेका काँल्दाइको दीर्घायुको कामना र तेश्रो आयाम पत्रिकाको स्मरण यसरी र यत्तिकै गर्छु।

(इलाम बजार)

साहित्यिक पत्रिकाको सीमान्तीयता र नवप्रज्ञापन

● प्रा.डा.ऋषिराम शर्मा

अहिलेको जमाना अचम्मको छ । साहित्यिक पत्रिका सीमान्तीकृत छन् । भूमण्डलीकरणको आशीर्वाद र वरदान पाउन नसके त्यस्तो साहित्य र त्यस्तो साहित्यिक पत्रिका सीमान्तीयताको कुपोषणबाट ग्रस्त हुन्छन् । कतिपयले सुरुसुरुमा सम्पादक र प्रकाशक बनेर मक्ख पर्दै पत्रिका दर्ता गर्छन् । होस गुमाउँदै बडो जोशसाथ साहित्यिक पत्रिका प्रकाशनको थालनी पनि गर्छन् । एकदुई अङ्क बडो फुर्तीसाथ निकाल्छन् पनि । केही थान पत्रिका लगेर चटरपटर गर्दै साहित्यिक पत्रिका पसलका सटरसटर चहान पनि बिर्संदैनन । बिक्रीमा राख्छन्, तर बिक्रेताले कहिल्यै एक सुको पनि दिन्न । अब त बिक्यो होला कि भनेर जब त्यो सम्पादक पत्रिका पसलमा पुग्छ तब पसलवाला साहुजीले न त दिएको पत्रिकाको अनुहार देखाउँछन् न त फुटी कौडी नै दिन्छन् । साहित्यिक पत्रिकाको सम्पादक पसलमा आएको देखेकि भन्न थाल्छन् हेर्नोस् न, साहित्यिक पत्रिका कोही किन्दै किन्दैनन् । बिचरो सम्पादक मुख च्यापच्याप सुकाउँदै लुरुलुरु निस्कन्छ । हो, यसरी थुप्रै साहित्यिक पत्रिकाहरू जन्मेको दुई चार महिनाकै सेरोफेरोमा अकालमै मरेको हामी धेरैले देखेका छौँ । तर नवप्रज्ञापन पत्रिका यसको अपवाद हो । भूमन्डलीकरणको तप्केनीमा पनि यो पत्रिका हुर्किरहेको छ, बढिरहेको छ र हिँडिरहेको छ । त्यसैले त यो आज सयौँ अङ्का रूपमा तपाई हाम्रा हातमा आइपुग्न सफल भएको हो ।

आधुनिक साहित्यिक पत्र पत्रिकाको कुरो गर्दा हामी सयौँ अङ्क प्रकाशन गर्ने रोचक घिमिरे, नगेन्द्रराज शर्मा, मोहन दुवाल, रामप्रसाद पन्तलगायतलाई वन्दना गर्नुपर्ने हुन्छ । नेपाली साहित्यिक पत्रिकालाई शिखरमा पुऱ्याउने उहाँहरूका योगदान बारे कुनै दिन बेग्लै लेखुँला भन्ने मैले सोचेको पनि छु । उहाँहरू र अरू साहित्यका अनुरागी एवम् साहित्यिक पत्रिकाका लागि आफ्नो सम्पूर्ण ऊर्जा खर्च गर्नेहरूको चर्चा गर्नु पनि यस लेखको उद्देश्य होइन । अहिले पनि चेतनाथ धमलाजीले कौसिकी र अच्युत घिमिरेले आलेख चलाईरहनु भएकै छ । साहित्य सन्धया टोलीले शब्दसंयोजन निरन्तर सफलताका साथ चलाइरहेको छ । खिमानन्द पोखरेलको हिमाली गुराँस पनि यात्रारत छ । पत्रिका बचाउन उहाँहरूले आआफ्ना चप्पल केकति खियाउनु भएको छ र त्यस्ता कार्यहरूमा संलग्न अरु कति सम्पादक महोदय महोदयाहरू हुनुहुन्छ यो पनि भविष्यमा अध्ययनको विषय नै रहला । आफूहरू पचेर भए पनि साहित्यिक पत्रिका बचाउनेहरूका साहित्यिक पत्रिका र उहाँहरूका बारे ठुलै रिसर्च हुनुपर्छ र होलान् पनि ।

यहाँ त केवल नवराज रिजालले नवप्रज्ञापन साहित्यिक पत्रिकालाई यो बजारवाद र भूमन्डलीकरणको बनमाराभित्र रोपेर पनि कसरी हराभरा बनाउनु भयो होला, कसरी सय अङ्क पुऱ्याउनु भयो होला ?, यसो गर्दा उहाँले केकति कष्ट भोग्नु भयो होला त्यो त नवराजजी नै जान्नु होला, तर बच्चा जन्माउँदा पाएको कष्ट एउटी सुत्केरीले बच्चाको अनुहार हेरेर भुलेझैँ सयौँ अङ्कसम्म प्रकाशन गरेर सयौँ अङ्कको अनुहार हेर्दा नवराजजीलाई पत्रिकाका जन्माउँदाको प्रसव वेदनाले पक्कै पनि पिरोलेन होला ।

अहिले नियमित प्रकाशन भै रहने साहित्यिक पत्रिकाहरूलाई वर्गीकरण गरेर राज्यले केही मात्रामा विज्ञापनको चारो खुवाउने र निश्चित तर नगण्य रकम दिने काम चाहिँ गरिरहेको सुनिन्छ । तर त्यसले साहित्यिक पत्रिका प्रकाशनको आहारा पुग्दै पुग्दैन । यसो भनौँ मर्न नदिने गरी हल्का भेन्टिलेटरको काम चाहिँ गरेको छ । यी सब कुराहरू बिर्सेर पत्रिकाको कलेवरमा ल्याउने काम जुन सम्पादकहरूले गरिरहेका छन् त्यो चानचुने काम कुरो होइन । नवप्रज्ञापन पनि त्यस्तै काम गरिरहेको छ ।

भनिन्छ नि, "साहित्यसङ्गीत कलाविहीन साक्षात् पशुपुच्छविषाणहीन" । साहित्य, सङ्गीत र कला नभएको मान्छे पुच्छर नभएको पशु हो । त्यसो त सङ्गीत र कलाले राम्ररी बजार पिटेकै मानिन्छ । सङ्गीतकार र कलाकारहरूको रोजीरोटी पनि त्यसले चलाएकै देखिन्छ, तर साहित्य र साहित्यकारहरूको पीडा अर्कै छ । त्यसो त विज्ञापनमा रमाउने र बजारवादको रङ्गीचङ्गी र्‍यापिङ्ग गरेर चम्केका केही स्वघोषित सेलिब्रेटी साहित्यकार हरूको जत्था पनि नभएको होइन । तर नवराजजीको नवप्रज्ञापन त्यस मानेमा अर्गानिकै होला भन्ने मलाई लाग्छ ।

अँ, मलाई यो साहित्यिक पत्रिकाको प्राण धान्नेबारे एक दुई कुरा गर्न मन लाग्यो । अहिले स्थानीय पालिकाका अनुगमनमा विद्यालयहरूको व्यवस्थापन समिति छ । पालिकाले कम्तीमा लगातार निश्चित अङ्क निकालेका पत्र पत्रिकाहरूमध्येबाट आफ्नो प्रदेशबाट निस्कने साहित्यिक पत्रपत्रिकाहरूलाई विद्यालयका पुस्तकालयको ग्राहक बनाउने र विद्यार्थीहरूलाई हप्ताको एकबार साहित्य सङ्गीत र कलाको बारका रूपमा छुट्याए कति जाती हुन्थ्यो होला । यसो गर्दा विद्यार्थीको सिर्जनात्मक सिप नि बढ्ने अनि साहित्यिक पत्रिकाको प्राण पनि जोगिने । तर सीमान्तीकृतहरूका लागि यहाँ बोलिदिने को पो छ र खै ?

यसै यो लेखको सुरुका अनुच्छेदमा मैले जुन कुरा लेखेँ, त्यो मेरो पनि भोगाइ थियो । हो, मैले पनि २०५२ सालतिर लोकसाहित्य प्रधान वृष्टि पत्रिका निकालेको थिएँ । उपप्राध्यापक थिएँ । तीन तीनजना बालबच्चा हुर्काउँदा र पढाउँदा यो वृष्टि पत्रिका हुर्काउन सक्छु भन्ने लाग्दै लागेन । त्यो बेलाको एउटा गजबको प्रसङ्ग सुनाइहालूँ ।

रत्नपार्कमा माइल्दाइ पत्रिका बेच्थे । उनी पत्रिका बेच्दाबेच्दै दैनिक र मासिक पत्रिकाका सम्पादक बने । अर्थात् अरुका पत्रिका बेच्दा बेच्दै आफै सम्पादक भए । आज सम्झन्छु, साहुको गाडी चलाउँदा चलाउँदै ड्राइवर जसरी गाडी साहु हुन्छ र गाडी साहु रिनमा डुब्छ त्यसै गरी साहित्यिक पत्रिका बेच्नेहरू उक्सिने र छाप्नेहरू टाक्सिने क्रम चलिरहेकै रहेछ भन्नु पऱ्यो । त्यतिबेला ती माइल्दाइ, ठुल्दाइ तथा कान्छादाइहरूलाई पत्रिका बेच्न दिने साहित्यिक पत्रिकाहरू थुप्रै अकालमा मरे । मेरो पत्रिका पनि त्यसरी नै जन्मना साथ मरेको थियो । उनको पसलमा साहित्यिक

पत्रिका एक लहरमा हुन्थे र अर्को लहरमा युवतीको अर्धनग्न तस्वीर छापिएका रङ्गीन दुनियाका रङ्गीन पत्रिका निकै शानसँग विराजमान हुन्थे । ती हटकेक जस्ता थिए र तात्तातै बिक्थे । आज भोलि जस्तो यूट्यूब र टिकटकको जमाना भाको भए ती पनि के बिक्थे होलान् ? माइल्दाइको पसलमा अर्कातिर समाचारमूलक साप्ताहिक पत्रिका हुन्थे । ती साप्ताहिक विमर्श, दृष्टि, छलफल, सुरुचि, पुनर्जागरण र देशान्तरलगायत थिए ।

मैले पनि माइलदाइका पसलमा मेरो वृष्टि पत्रिका दिएँ । उनले फुटपाथको त्यो पसलमासमेत अरू पत्रिकाले च्याप्ने गरी मेरो पत्रिका राखे । १० ओटा पत्रिका दिएको थिएँ, पत्रिका बिक्यो होला कि बिकेन होला ? मनमा खुल्दुली थियो त्यसैले एकमहिनासम्म हेर्न गइरहेँ । पत्रिका ज्यूँका त्यूँ थियो । पत्रिकाको यो बर्खाले खासै खेती हुने लक्षण त थिएन नै । केटाकेटीको पेट काटेर बचाएको पैसाले पत्रिका निकाल्दा केटाकेटी कुपोषित हुने र पत्रिका पनि नबाँच्ने निष्कर्षमा पुगेँ । पत्रिका प्रकाशन गर्ने मोहभङ्ग भयो । म आफै साहित्यिक पत्रिका जन्माएर न्वारन नहुँदै गुमाएको मान्छे न परेँ । आज नवराजजीले कति हन्डर र ठक्कर खाएर नवप्रज्ञापन हुर्काउनु भयो होला, कति कष्ट झेलेर शताङ्कमा पुऱ्याउनु भयो होला मनमा कल्पना गर्दैछु । जे होस्, नवप्रज्ञापनले नवराजजीजस्तो अभिभावक पाएकामा मैले नवप्रज्ञापनलाई मुरीमुरी बधाई दिनैपर्छ र यही बधाईस्वरूप यो लेख लेखेको हुँ ।

अँ, माइल्दाइको जनसत्ता भन्ने पत्रिका निस्कन्थ्यो । उनी पत्रिकामा सनसनीपूर्ण समाचार फुराउँथे । उनले बजार राम्रै बुझिसकेका थिए । उनी भन्थे "समाचारपत्रमा भएको समाचार छाप्ने होइन, मान्छेलाई के मन पर्छ त्यो कुरा आफै फुराएर छाप्ने हो ।" समयमै बजार र मानिसको मुड बुझेकै कारण होला ! बजारवादले उनलाई फुटपाथको पसलबाट प्रमोसन गराएर भोटाहिटीको सटरमा सानदारसँग साऱ्यो । उनले फुटपाथको पसल पनि छाडेका थिएनन् । आफुलाई सटरमा पुऱ्याउने भुँइलाई सायद भुल्न चाहेनन् होला ।

मेरा दाजु खेम कोपिला साप्ताहिक पत्रिकाको सम्पादक हुनुहुन्थ्यो । उहाँले मलाई माइल्दाइसँग परिचय गराउनु भयो । म मेरो साहित्यिक पत्रिकाका लिएर माइल्दाइ कहाँ गएँ । साहित्यिक पत्रिका साहित्यका पाठकले पढ्ने हो । तपाईलाई थाहा छ ? साहित्यिक पाठकले पत्रिका किन्दैनन् । कोहीकोही त यहाँ आएर बेच्न राखेको पत्रिका पढ्छन् र मैले यसो यताउति हेऱ्या बेलाँ पत्रिका लिएर कुलेलम ठोक्छन् । उनी घुमाउरो पारामा नजानी नजानी साहित्यिक पाठकहरूका नियत, अभाव र सीमान्तीयताको त्रिवेणी सुनाइरहेका थिए । साहित्यका सबाल्टर्न पाठक र साहित्यिक पत्रिकाहरूका सबाल्टर्न सम्पादकबारे उनका कुरो सुनेर म खङ्रङ्ग भएँ । नवराजले पनि त पक्कै कैयौँ नव नव दुख खेप्नु भएकै होला नवप्रज्ञापन चलाउँदा । उहाँले हार र हरेस दुवै खानु भएन । यसर्थ भूमण्डलीकरण, उपभोक्तावाद र बजारवादको भिड छिचोलेर निरन्तर अघि बढ्दै नवप्रज्ञापनलाई सयौँ अङ्कको शिखरमा पुऱ्याउन सफल हुनुभयो ।

म अन्त्यमा आईपुगेको छु, जे होस् सयौँ अङ्क सफलतापूर्वक पूरा गरेकोमा नवप्रज्ञापनलाई मुरीमुरी बधाई ! कुनै पनि साहित्यिक पत्रिकाले शतक (सेन्चुरी) हान्नु चानचुने कुरो पक्कै होइन । एलिट भूमन्डलीकरणको हमलाबाट जोगाउँदै साहित्यिक पत्रिकालाई हुर्काउने र बढाउने नवराजजीको जाँगर जारी रहोस् र जोस नसेलाओस् !

(गुल्मी,
हाल काठमाडौँ)

खण्ड : ख

आफ्‌ना बाटा आफ्‌नै हिंडाई

(नवप्रज्ञापन विगत ३० वर्ष देखि हिँडिरहेको छ। हिँड्न त हिँडिरहे को छ नि, तर कसरी हिँडिरहेको छ, हिँड्नै पर्ने बाटो हिँडिरहेको छ कि हिँड्न नपर्ने बाटो हिँडिरहेको छ त्यो खोजीको विषय हो। हिँडिरहे को छ यो चाहिँ ध्रुव सत्य हो। ती हिँडाईमध्ये २१ हिँडाईलाई यसले सम्झन खोजेको छ किनकि ती साँच्चै फरक हिँडाई हुन्।

नवप्रज्ञापनका हिँडाई बारे विभिन्न २१ व्यक्तिहरूले फरक फरक ढङ्गले ती सामग्रीहरूको चिरफार गर्नु भएको छ। अर्थात् यस खण्डमा ती सामग्री के के हुन् र कस्ता कस्ता छन्। तिनीहरूको साहित्यिक महत्व के कस्तो छ यी कुरा खुट्याउने काम यी लेखहरूले गरेका छन्। ती अङ्कहरू पढ्न नपाउनु भएका पाठकहरूका लागि यी सामग्रीहरू अति उपयोगी हुने ठकर नवप्रज्ञापन टिमको छ।)

नवप्रज्ञापन पहिलो अङ्क प्रकाशनको सन्दर्भ, साउन–भदौ २०५०

• ईश्वरराज ढुङ्गेल

यतिखेर मेरो हातमा नवप्रज्ञापनको पहिलो अङ्क छ। मैले यसलाई ओल्टाइपल्टाइगरेको पनि केहीक्षण भयो। यसका सम्पादक/प्रकाशक नवराज रिजालले पत्रिका हातमा राखिदिएर केही लेखिदिन आग्रह गरेको पनि केहीदिन भएको छ। तर मैले उनको आग्रहलाई भनेको समयमा पुरा गर्न सकिरहेको छैन। मन दोधारमा छ या भनौँ अलमलमा छ। के लेख्ने टुङ्गो लाग्न सकिरहेको छैन। यसो गरौँ कि उसो गरौँ मन द्विविधामा छ। म अलमल अलमलमा छु।

ए बाबा हो !, लेख्न त लेख्ने नै हो, तर के लेख्ने, कसरी लेख्ने, कति लेख्ने, यसको कुनै टुङ्गो लाग्न सकिरहेको छैन । रूल्लटुल्ल अवस्थामा छु । मन एकाएक २०३७ सालतिर पुग्छ । त्यतिबेला जनचेतनाका लागि गाउँगाउँमा नाटक हुन्थे । हाम्रो गाउँमा पनि नाटक भयो । त्यसको नेतृत्व कलैयामा माध्यमिक तहमा पढ्दै गरेका नवराज रिजाल र दिलबहादुर भट्टराईले गरेका थिए । नाटक हेर्न विभिन्न गाउँहरूबाट गाउँलेहरू आउँथे । ओहो ! भीड पन्छाइ नसक्नु हुन्थ्यो । आयोजकहरू मुस्किलले यसको व्यवस्थापन गर्थे ।

देखाइने नाटकहरू धेरैजसो ती आफैँ लेख्थे । यदाकदा प्रचलित नाटककारहरूका नाटक पनि देखाइने परम्परा थियो । मलाई सम्झना भएसम्म गंगालालको चिता, बहुलाकाजीको सपना र कोही किन बरबाद होस् जस्ता प्रख्यात लेखकका विशिष्ट नाटक हाम्रो गाउँमा देखाइएका थिए । यी नाटकहरूको खुब प्रशंसा पनि भएको थियो । गंगालालको चिता नाटकमा पुष्पलालको भूमिकामा गोली लागेर ढलेका नवराजको त्यो अभिनय धेरैका मनहरूमा पछि पछिसम्म रहिरहेको थियो ।

दुई छिमेकी भाइहरू नवराज रिजाल र दिलबहादुर भट्टराई एकै कक्षाका विद्यार्थी थिए । सदरमुकाम कलैयामा पढ्ने उनीहरूको मित्रता लोभलाग्दो थियो । एकआपसमा अत्यन्तै मिल्थे । यसो पनि भन्न सकिन्छ तिनीहरूको मेल अनुकरणीय थियो । ती नयाँ-नयाँ कुराहरूमा रूचाउँथे । समय आजजस्तो थिएन, काम गर्न अप्ठेरो थियो तर उनीहरूले सामाजिक चेतनाका केही कामहरू गरे । हामीले आजको आँखाले हेर्दा तिनीहरूले गरेको त्यो काम सानो लाग्न सक्छ तर विना पूर्वाग्रह हिजोमा पुगेर मूल्याङ्कन गर्ने हो भने त्यसलाई आँटिलो प्रयास भन्नु पर्छ ।

२०३८/२०३९सालमा गाउँमा **नवयुवा** पुस्तकालय खुल्यो । पुस्तकालय विद्यालयसँग कोठा मागेर बनाइएको थियो । गाउँगाउँबाट पुस्तक सङ्कलन गरिएको थियो । झण्डै एकहजार पुस्तक र पत्रपत्रिका जम्मा भएका थिए । गाउँमा नाटक देखाएर जनचेतना अभिवृद्धिमा लागेका यी दुईयुवाहरू नै पुस्तकालय खोल्न सक्रिय थिए । नवराज रिजाल अध्यक्ष र दिलबहादुर भट्टराई सचिव बनेर खुलेको पुस्तकालय २०४४/२०४५सम्म चल्यो । त्यसपछि उनीहरू पढाइतिर लागे । अहिले पुस्तकालय अस्तित्वमा छैन । गाउँमा यतिखेर त्यसको अभाव खड्कने गरेको छ ।

हो, दशैं-तिहारमा उनीहरूले आरम्भ गरेको नाटक देखाउने प्रचलन पनि यतिखेर छैन । २०४४/०४५कै हाराहारीदेखि त्यो क्रम बन्द छ । अहिले त झन् समय फेरिएको छ हुने कुरा पनि भएन । विश्वविद्यालयमा पढ्ने बाटो खुलेपछि उनीहरूको गाउँसँगको सम्पर्क पनि पातलियो । अर्थात् कलैयामा पढ्दा भएको सहज बिस्तारै असहज बन्न लाग्यो । कलैया अनि गाउँको दुरी तथा राजधानी र अन्य सहर तथा गाउँको दुरी फरक भयो । अर्थात् उनीहरू उच्च शिक्षाका लागि गाउँ छाडेर हिँडेपछि पुस्तकालय खोल्ने र पढ्न अभिप्रेरित गर्ने तथा नाटक देखाउने कार्यले निरन्तरता पाउन सकेन । ती बिस्तारै ओझेलमा पर्दै गए ।

अन्तर्मुखी स्वभावका नवराज रिजाल

सानै उमेरदेखि परिश्रमी, मेहनती र जेहेन्दार व्यक्ति हुन् । मैले लडाइ, झगडा, वादविवाद र द्वन्द्वप्रति उनको रूचि कहिल्यै देखिनँ । उनी एकान्तप्रेमी हुन् । बालककालदेखि नै सधैँ केही न केही नयाँ काम गर्न रूचाउने, सबैसँग मिल्ने उनको स्वभावलाई विषय बनाएर गाउँमा तर्क वितर्क पनि हुनेगर्थ्यो । त्यो सोचबाट म पनि टाढा थिइनँ । समवयी साथीहरूभन्दा अग्रज पुस्ताहरूसँग बढी घुलमिल हुने र नयाँ नयाँ जिज्ञासा राखिरहने उनको मसँगको सामीप्यता पनि त्यसैको निरन्तर सिलसिला हो ।

सानै उमेरदेखि हामी आफैँले केही गर्नुपर्छ र गर्न पनि सक्छौँ भन्ने सोच बोकेका उनको भाषा साहित्य र संस्कृतिप्रति ठुलो लगाव थियो । गाउँमा गरिने नाटकका पुस्तक पनि उनैका हुन्थे । साहित्यप्रति गहिरो अभिरूचि राख्ने उनी पढ्ने कुरामा अत्यन्तै सचेत थिए । उनको यही सचेतता नै पुस्तकालय खोल्नमा कारक बनेको होला भन्ने अनुमान गर्न कुनै कठिन हुँदैन ।

मैले पनि पढाइ र जागिरको पुच्छर समाएर गाउँ छाडेँ । मेरो बसाइ केही समय काठमाडौँ र त्यसपछि सिमरामा भयो । हाम्रो भेट अलि पातलियो । हाम्रो अलि गाउँ फरक त भयो तर भेटघाट रोकिएन । म गाउँ जाँदा उनलाई भेट्थेँ र उनी घर आउँदा मलाई भेट्न सिमरा आईपुग्थे । उनको मनमा धेरै जिज्ञासाहरू हुन्थे । मैले उनका धेरै जिज्ञासाहरूको उत्तर दिएको छु । मेरो उत्तरबाट उनी सन्तुष्ट पनि हुन्थे । चित्त नबुझेको विषयमा हामी बिच बहस पनि हुन्थ्यो र त्यो परम्परा अहिले पनि तोडिएको छैन । अर्थात् त्यसले निरन्तरता पाइरहेको छ ।

उनको मनमा यति धेरै कौतूहलता छ कि मलाई हरेक भेटमा सोधेका प्रश्नको उत्तर दिन हम्मे-हम्मे पर्छ । धनी, गरिब, शोषक, सामन्त, शोषण, दमन र उत्पीडनका विषयमा खुलेर कुरा गर्छौं ।

२०५० साल असार महिनातिरको कुरा हो, उनी मेरो प्रेसमा आएर जय नेपाल दाइको सम्बोधन (उनी मलाई जय नेपालदाइ नै भन्छन्, यो उनले मलाई गरेको व्यङ्ग्य हो) गर्दै थुचुक्क बसे । "के छ त हालखबर ?" भन्ने मेरो प्रश्नको जवाफ दिँदै पत्रिका प्रकाशन गर्न लागेको कुरा सुनाए । अनि टाइपका लागि आवश्यक सबै सामग्रीटेबुलमा राखिदिए । "चल्छ त ?" मेरो प्रश्नको उत्तरमा "चलाउँछु" भन्ने जवाफ दिए ।

वितरणको समस्या तेर्स्याएँ र अप्ठेरो पनि देखाएँ । हाम्रो जिल्लाबाट निरन्तर पाँच अङ्कसम्म कुनै पनि साहित्यिक पत्रपत्रिका निस्कन नसकेको कुरा अवगत गराएँ । पछि हट्ने त कुरै छाडौँ, उनी टसकोमस पनि भएनन् । "सकिन्छ र सक्नुपर्छ दाजु" उनले अन्त्यमा थपे । मलाई केही भन्न मन लागेन । त्यसो त के भो र ? मेरो पनि प्रेस छ सघाउँला नि, मैले मनमनै भनेँ । सानैदेखि देखेको र सङ्गत गरेको लगनशील तथा मेहनती भाइलाई मैले विश्वास नगर्ने कुरै भएन, त्यसकारण गरेँ । अनि कम्पोजिटरलाई बोलाएर कम्पोज गर्न लगाएँ ।

त्यतिबेला उनी धादिङको कुनै विद्यालयमा निम्नमाध्यमिक तहका अङ्ग्रेजी विषयका शिक्षक र पाटन क्यामपसका विद्यार्थी थिए । पत्रिकाको ठेगाना बिरगञ्ज थियो । सकिन्छ दाजु, उनी सधैँ भन्थे ।

उनको कुरामा मलाई विश्वास पनि थियो किनकि उनी गर्न सक्ने कुरा मात्र भन्थे र भनेको कुरा पूरा पनि गर्थे ।

जिल्लाका लेख रचनाहरूलाई अलि बढी प्राथमिकता दिनुपर्ने उनको मत थियो । रूचि भएकाहरूलाई लेख्न प्रोत्साहन गरिरहने उनको बानी थियो । सम्पादन गरेर छाप्न मिल्ने भए छापिदिने र नमिल्ने भएगल्ती कमजोरी औँल्याउदै पुनः लेख्न प्रोत्साहन पनि गर्थे । यो केवल भनाइ मात्र होइन सामान्य लेखपढ गर्नेहरूले अहिले राम्रै लेख्न थालेको देखेको हुँदा भनाइ गराइमा परिणत भएको देखेको छु ।

पहिलो अङ्क पत्रिका छापियो । उनलाई सूचना गरेँ । रात्री बस चढेर बिहान चारबजे प्रेसमा आए । भरे रात्री बसमै फर्कने पनि सुनाए । साँझ उनी जाने बेलामा पत्रिकाको पोको काम गर्ने केटाले मेरो टेबुलमा राखी दियो । हातमा रहेको पत्रिकाको पोको भुँइमा राख्दै उनले भनेका थिए "कति पैसा भयो दाजु ?" मैले जवाफमा भनेको थिएँ यो अङ्कको पैसा लाग्दैन । उनी आश्चर्य मान्दै मतिर फर्किएका थिए "किन दाजु ?" "तिमीले यत्रो काम आरम्भ गऱ्यौ, म त दाजु नि तिमीलाई प्रोत्साहन गर्नु परेन ? छपाई मेरो सहयोग भयो" मैले भनेको थिएँ । पछि पनि केही अङ्क मेरै प्रेसमा छापियो ।

"दाजु तपाईहरूकै साथ सहयोगमा हिँडिरहेको नवप्रज्ञापन सयअङ्क निस्कने तरखरमा छ केही लेख्नुहुन्छ कि ?" उनी मेरो आँखा अगाडि ठिङ्ग उभिएर भन्छन् । खै के भन्नु के, म अलमलमा पर्छु । मेरो जस्तै उनको पनि कपाल र दाह्रीजुँगा फुल्न लागेको छ । तर उनीभित्र जोस र जाँगर पहिला जस्तै छ । अहँ अलिकति पनि कम देखिदनँ । यसको साटो अझ प्रतिबद्ध बने जस्तो लाग्छ । हो नि, त्यसैले त उनी लागेको काम दिलो ज्यानले गरिरहेका छन् नि । अहँ, पछि हटिरहेका छैनन् । यसले उनी दृढ अठोटी भएको पुष्टि हुन्छ ।

भाइ नवराज रिजालले नवप्रज्ञापन प्रकाशित गर्न लागेको पनि ३० वर्ष पुगेर ३१ वर्ष लागेको छ । बाटामा अप्ठेरा र असजिला भेटिएनन् होला भन्न सकिँदैन । भेटिए होलान् तर उनी पछि हटेनन् यो सत्य वा यथार्थ हो । आफ्नो काममा निरन्तर निरन्तर लागिरहे । पक्कै हो, हिँडिरहे गन्तव्य पुग्न सकिन्छ । यसैले त उनीभित्र २०३७ मा गाउँमा नाटक देखाउने प्रचलन आरम्भ गर्दा, २०३८/२०३९मा नवयुवा पुस्तकालय खोलिरहँदा, २०५० नवप्रज्ञापनको प्रकाशन आरम्भ गर्दा र अहिले शताङ्क प्रकाशनको तयारीमा जुटिरहँदा उस्तै जोस, उमङ्ग,उत्साह, जाँगर र लगनशीलता देखिरहेको छु । म यति भन्न सक्छु उनको सक्रियताले मलाई उनीप्रति आशावादी बन्न सहयोग गरिरहेको छ । उनीभित्रको जोस, जाँगर र उत्साह थाकेर कहिल्यै नबसोस् मेरो अपेक्षा रहेको छ ।

अन्त्यमा म एउटा अभिभावक, बारा जिल्लाबाट विगत तीस वर्षदेखि निरन्तर प्रकाशित भइरहेको साहित्यिक पत्रिका **नवप्रज्ञापन**ले यही वि.सं २०८० साल वैशाखबाट ३१औँ वर्षमा प्रवेश गर्ने तयारीका साथ **शताङ्क** प्रकाशित गर्न सफल भएकामा बधाई तथा शुभकामना दिँदै त्यसपछि पनि पत्रिकाको निरन्तरताको कामना गर्दछु ।

(सिमरा, बारा)

गजल अङ्क

(पूर्णाङ्क ७, माघ २०५१)

● विवेक वाइबा

नेपालमा साहित्यिक पत्रपत्रिकाको प्रकाशन सहज नभएको कुराको प्रमाण हो देशभरिबाट जम्मा पाँच दर्जन हाराहारी पत्रपत्रिका प्रकाशित हुनु हो । यदि साहित्यिक पत्रपत्रिकाले आर्थिक लाभ दिन्थे भने पक्कै पनि यसमा लाग्नेहरूको सङ्ख्या ठुलो हुने थियो होला । यो अनुमान मात्र होइन यथार्थको कसी पनि हो । अनि मानिसहरू पनि तँछाडमछाड गरेर साहित्यिक पत्रिपत्रिका प्रकाशन गर्न मरिहत्ते गर्थे होलान् ।

यसले आर्थिक लाभ दिँदैन त्यसैले यतातिर लाग्नेहरूको सङ्ख्या असाध्यै सानो छ । तथापि यो क्षेत्रमा कोही नलागेको हैन लागेका छन् तर लाग्नेहरूको सङ्ख्या थोरै छ । जो लागेका छन् ती मन वचन र कर्मले सकेको काम गरिरहेछन् । त्यही सकेको काम गर्नेहरूको बलमा नेपालकासाहित्यिक पत्रपत्रिकाहरू बाँचेका छन् । थोरैको आड र भरोसाले पनि बाँच्न सकिन्छ भन्ने यो बलियो प्रमाण हो ।

यही थोरै पत्रिकाहरूको कोटीमा पर्छ ' नवप्रज्ञापन' पनि । तर यो विगत ३० वर्षदेखि अनवरत रूपमा बारा जिल्लाबाट प्रकाशित हुँदै आएको छ । अहिले पनि यो पत्रिका निरन्तर प्रकाशित भइरहेछ । अहँ, गति रोकेको छैन । कुनै अप्ठेरो र असजिलोमा पनि रोकिएको छैन । यो आफू मात्र हिँडेर खुसी भइरहेको छैन, अरूहरूलाई हिँड्न अभिप्रेरित पनि गरिरहेको छ ।

हिँड्ने यात्रा सुरुआतकै क्रम अर्थात् पूर्णाङ्क ७ मा गजल विशेष निकालेको थियो । पत्रिकाको त्यो पहिलो विशेष अङ्क थियो । त्यसपछि पनि यसले क्रमशः अन्य विशेषाङ्कहरू प्रकाशित गर्‍यो । एक अङ्क मात्र हैन विभिन्न कालखण्डमा यसका अनेकौँ विशेषाङ्कहरू प्रकाशित भएका छन् । अहिलेसम्म यसले प्रकाशित गरेका त्यस्ता अङ्कहरूको सङ्ख्या २१ पुगिसकेको छ ।

यात्रा थालेपछि यसले विश्राम लिएको छैन । हुन त समयक्रममा अप्ठेरा असजिला नपरेका हैनन्, परेका छन् तर आंशिक रूपमा जे जे भएपनि पूर्णरूपमा यसको यात्रा रोकिएको छैन । यो जसरी भएपनि हिँड्यो र हिँडिरह्यो । त्यसैले आजको अवस्थासम्म आइपुग्न सकेको हो । पत्रिकाले शताङ्क प्रकाशन गर्नु नवीन विषय त हैन तथापि हाम्रो नेपाली सन्दर्भ सम्झँदा कमसेकम मैले चाहिँ साहसिक कदम नै मानेको छु ।

पत्रिका प्रकाशन थालेको दोस्रो वर्ष यसले गजल विशेष प्रकाशन गरेको देखिन्छ । यो अङ्क पढ्ने मौका मिल्यो । घनश्याम न्यौपाने परिश्रमी, गोवर्धन पूजा, धीरेन्द्र प्रेमर्षि, केशव प्रधान, ललिजन रावल, बागियान शर्मा, सुनिल पुरी, बियोगी बुढाथोकी, नन्दु परिश्रमी, वासुदेव अधिकारी, सानुराजा अन्जान, डिल्ली प्र.शर्मा अधिकारी, अमीर निशाचर, मनु ब्राजाकी, राजेन्द्र चोथाले, रमेशप्रसाद सागर, उज्वल जीसी, प्रमोद स्नेही लगायत १८ जना गजलकारहरूका गजलहरू यस अङ्कमा समेटिएका छन् । यहाँ समेटिएका केही गजल यस प्रकारका छन् :

चोर कता गयो कुन्नि,
मन मेरो साथमा छ
ताल्चा कता गयो कुन्नि,
साँचो मेरो हातमा छ

– मनुब्राजाकी

शान्त सहरको सडकमा नारा नखोज
मरूभूमिमा पानीको धारा नखोज

– घनश्याम न्यौपाने परिश्रमी

मनमा आगो सल्किएछ अब आफैँ जल्नुपर्ला
आफन्तले छेक्न आए बाध्यतावश छल्नुपर्ला

– वियोगी बुढाथोकी

भोकले प्यासको डढेलो बलेको
देख्ने को ? सुखको सपना जलेको

– नन्दु परिश्रमी

आज भोलि अँध्यारोमा राम खोज्नुपर्ला
बदनाम त्यो बस्तीमा नाम खोज्नुपर्ला

– अमीर निशाचर

तिम्रो दुःख मेरो मनमा परेपरे जस्तो लाग्यो
इच्छाहरू आँसुसँग झरेझरे जस्तो लाग्यो

– सानुराजा अन्जान

गजलका बारेमा म त्यति धेरै जान्दिनँ तथापि यसले असाध्यै लोभ्याउने गर्छ । जानिफकार वा गजलकारका भनाइ अनुसार आजको दिनसम्म आइपुग्दा नेपाली गजलले ठुलो फड्को मारेको छ । परम्परागत मान्यताभन्दा निक्कै माथि उठेको छ । अझ भनौँ हिँडेको हिँड्यै छ, । अहँ, पटक्कै बसेको छैन । अर्थात् नयाँनयाँ गजलकारहरू आइरहेका छन् । फक फरक शैलीका गजलहरू लेखिरहेका छन् । यसबाट के पुष्टि हुन्छ भने गजलको भविष्य उज्ज्वल छ ।

हुन त नेपाली साहित्यमा गजल कान्छो विधा हो । तर यसो भए पनि यसले निक्कै खुड्किलाहरू पार गरिसकेको छ । हिजो र आजको गजलमा आनकोतान भिन्नता छ । गजल गायनको क्रम क्रमशः बाक्लिन थालेको छ । धेरैभन्दा धेरैको मन गजलतिर तानिँदै गएको छ । अर्थात् उनीहरूको मनमस्तिष्क यतातिर आकर्षित बनिरहेको अवस्था छ ।

धेरैको आँखा यता पर्नु भनेको गजलको विकास र विस्तारमा मन मस्तिष्कहरू एकजुट हुनु हो यसलाई सकारात्मक नजरले हेर्नैपर्छ । किनकि कुनै समयमा गजल पढ्न लेख्न हुँदैन भन्ने थियो धेरै यसलाई नकारात्मक नजरले हेर्ने गर्थे । तर आज परिस्थिति बदलिएको छ र मानिसहरू सम्मानको आँखाले हेर्न थालेका छन् ।

हिजो गजल भन्नाले श्रृङ्गार रसमा लेखिने रचना बुझाउँथ्यो । यसर्थ धेरै

मानिसहरूको यसप्रतिको धारणा अलग थियो तर आज मानिसका सोचहरू परिवर्तन भएका छन् र गजल पनि सबै रसहरूमा लेखिन थालेको छ । यही भएर धेरै मानिसहरूको नजर यतातिर पर्न थालेको आभास हुन्छ ।

नवप्रज्ञापन सधैँ आफ्नो हैसियतको बाटोमा हिँड्यो । कहिल्यै कोरा कल्पना र भावनामा बगेन । हिँड्दै गर्दा यसले धेरै सिकेको, जानेको र थाहा पाएको बुझिन्छ । क्रमशः बढ्दै गएको यसको आकार प्रकारले त्यो कुरा प्रष्ट पार्छ । यो सत्य काम पनि हो । अर्काको टाउकोमा टेकेर हिँड्ने यसले कहिल्यै अवसर भेटेन । यसर्थ सकेकोजति आफ्नै मनले हिँड्यो । विचार र विश्वासले हिँड्यो । थाकेन र रोकिएन ।

साहित्यिक पत्रिकाको प्रकाशन गर्नु ढुङ्गा चपाउनु जस्तै हो । यसैले हाम्रो देशमा साहित्यिक पत्रपत्रिकाको सङ्ख्या अत्यन्तै न्यून छ । यतातिर लाग्नेहरू सानो सङ्ख्यामा छन् । हिजोदेखि काम गर्नेहरू अझै लागिरहे पनि नयाँ नयाँ अनुहारहरूको आकर्षण यतातिर पटक्कै देख्न सकिँदैन । हिजो र आजको पुस्तामा निक्कै पृथकता छ त्यसैले उनीहरू यतातिर आइरहेका छैनन् ।

मधेस प्रदेशकै कुरा गरौँ न, **नवप्रज्ञापन** पनि मधेस प्रदेशबाट ३१ वर्षअघिदेखि निरन्तर प्रकाशित भइरहेको साहित्यिक पत्रिका हो । राष्ट्रिय क वर्गमा वर्गीकृत यो पत्रिकाले नेपाली मात्र हैन नेपालका अन्य भाषाका रचनाहरूलाई बरोबर स्थान दिइरहेको देख्न सकिन्छ । तर अन्य साहित्यिक पत्रपत्रिकाहरू त्यस्तो काम गरेको देखिँदैन । भाषा साहित्यलाई सम्मान गर्नेहरूले नवप्रज्ञापनको यो कार्यलाई नमन गर्नै पर्छ ।

हो यो प्रदेशबाट २०० हाराहारीमा समाचार मूलक पत्रपत्रिका निस्कन्छन् । तर नियमित प्रकाशित हुने साहित्यिक पत्र पत्रिकाहरूको सङ्ख्या एकदम न्यून छ । अर्थात् सिङ्गो मधेस प्रदेशभित्रबाट नियमित प्रकाशित हुने साहित्यिक पत्रिका केवल तीनवटामात्र छन् । तिनीहरू धनुषाबाट मैथिलीमा प्रकाशित हुने आँजुर, सलार्हीबाट नेपालीमा प्रकाशित हुने गोलसिमल र बाराबाट नेपालीमा प्रकाशित हुने नवप्रज्ञापन हुन् ।

म पनि यसको नियमित पाठक, शुभचिन्तक र सहयोगीहरूमध्येकै एक हुँ । पत्रिका र सम्पादकसँगको मित्रता पुरानो हो । यसले यात्राका क्रममा अनेकौं हन्डर ठक्कर,उकाली ओह्राली र अप्ठ्याराहरू सामना गरेको मेरा आँखाले पनि देखेका छन् । तर पनि पत्रिका हिँड्न छाडेको छैन । जस्तोसुकै अप्ठेरो परिस्थितिमा पनि यो हिँडिरहेको छ यसलाई मैले अत्यन्तै सुखद् पक्ष मानेको छु ।

पत्रिकाका प्रकाशक एवम् सम्पादक नवराज रिजाल स्थापित साहित्यकार हुन् । उनी पत्रिकाको उन्नति र प्रगतिमा अनवरत रूपमा लागिरहेका छन् । भाषा साहित्यको हित चिताउनेहरूका लागि यो सकारात्मक कुरा हो । आगामी दिनमा पनि उनको मन यसैगरी लागिरहोस् अहिले यतिमात्र भन्नु म सान्दर्भिक ठान्दछु ।

अन्त्यमा बारा जिल्लाबाट विगत तीस वर्षदेखि निरन्तर प्रकाशित भइरहेको साहित्यिक पत्रिका नवप्रज्ञापन यही वि.सं २०८० साल वैशाखबाट ३१औँ वर्षमा प्रवेशका साथ शताङ्क प्रकाशित गर्न लागेकामा बधाई तथा शुभकामना दिँदै त्यसपछि पनि यसको निरन्तरताको कामना गर्दछु ।

(दुधिअवा, रौतहट)

'माधव घिमिरे लघुशब्दचित्र'

(पूर्णाङ्क ११, माघ २०५१)

● गङ्गा कर्माचार्य पौडेल

वि.सं २०५० मा बारा जिल्लाबाट प्रकाशन आरम्भ गरिएको यो पत्रिका आज सयअङ्क प्रकाशनको तयारीमा छ भन्ने सुन्दा म अत्यन्तै हर्षित भएकी छु। मेरो विचारमा साहित्यिक पत्रिका सय अङ्कसम्म पुग्नु सामान्य कुरा हैन। झिनो मसिनो प्रयत्नले त्यहाँसम्म पुग्न सकिँदैन। सयअङ्क नाघेका हाम्रा साहित्यिक पत्रपत्रिकाहरूको सूची बनाउने हो भने यो कुरा स्पष्ट हुन्छ।

विगत तीन दशकदेखि निरन्तर प्रकाशित भइरहेको यो पत्रिकामा नेपाली भाषा साहित्यको मात्र हैन नेपालका अन्य भाषा साहित्यका रचनाहरूले पनि आवश्यकता अनुसार स्थान पाउने गरेका छन्। यसले पूर्णाङ्क ८४ लाई नेपालका प्रमुख १० भाषाका कथाहरू समावेश गरेर बहुभाषा कथा विशेषाङ्कका रूपमा र पूर्णाङ्क ९६ लाई नेपालीय भोजपुरी साहित्य विशेषाङ्कका रुपमा प्रकाशन गरिसकेको छ। यो कर्मले उहाँ नेपालका सबै भाषा साहित्यको विकास र संरक्षणप्रति उत्तिकै सचेत हुनुहुन्छ भन्ने पुष्टि हुन्छ।

स्वाभिमानबस्ती, जीतपुर-सिमरा उपमहानगरपालिकामा कार्यालय रहेको यस पत्रिकाले विगत तीन दशकको अवधिमा थुप्रै नयाँ साहित्यकारहरू जन्माएको छ। पत्रिकाले पूर्णाङ्क ७६मा प्रकाशित गरेको पूर्णाङ्क १ देखि पूर्णाङ्क ७५सम्म रचना छापिएका स्रष्टाहरूको सूचीमा झण्डै ११५० को हाराहारीका नामहरू छन्। यी नामहरू हेर्दा के पुष्टि हुन्छ भने यसले धेरै जनाबाट माया ममता र स्नेह पाएको छ। उहाँ नयाँ नयाँ स्रष्टाहरूलाई अगाडि आउन बाटो बनाइदिनुपर्छ भन्ने मान्यता राख्नुहुन्छ।

नयाँ नयाँ स्रष्टाहरूलाई उचित स्थान र अग्रज स्रष्टाहरूलाई आदर अनि सम्मान भन्ने मान्यता राख्नु हुने उहाँद्वारा सम्पादित यस पत्रिकाले नयाँ र पुराना दुवैलाई उत्तिकै स्थान दिएको देखिन्छ। यो असल साहित्यिक पत्रकारको नैतिक दायित्व पनि हो। प्रेम, सद्भाव, सहकार्य र सकारात्मक सोचले अगाडि बढ्न सकिन्छ भन्ने मान्यता राख्नुहुने सम्पादक नवराज रिजाल आफ्नो कर्ममा निरन्तर लागिरहने व्यक्तिको नाम हो। मैले विगत लामै समयदेखि उहाँलाई यसै रूपमा चिनिरहेकी छु।

सामान्य अङ्कको अलावा यसले समय समयमा विशेष अङ्कहरू पनि प्रकाशन गरिरहेको छ। यो क्रममा पूर्णाङ्क ११ मा माधव घिमिरे विशेष प्रकाशित गरेको थियो। माधव घिमिरे नेपाली साहित्यिक आकाशका एउटा सशक्त नक्षत्र हुन्।

नेपाली साहित्यलाई आजको अवस्थामा ल्याउन धेरै अग्रजहरूको अतुलनीय योगदान छ । उहाँहरूको अथक परिश्रमले नेपाली साहित्य समृद्ध र शक्तिशाली बनेको हो ।

नेपाली साहित्यलाई शक्तिशाली बनाउन महत्वपूर्ण भूमिका खेल्ने स्रष्टाहरूको नाम लिँदा माधव घिमिरेको नाम पनि अग्रभागमा आउँछ । मेरो के अनुमान छ भने उहाँको नामलाई अझ परिचित गराउनु आवश्यक सम्झेर यसले माधव घिमिरे विशेष प्रकाशित गरेको हुनुपर्छ । देशका लागि काम गरेका पुर्खा वा अग्रजहरूलाई चिनाउनु हाम्रो नैतिक जिम्मेवारी पनि हो ।

पत्रिकाले यथासमयमा कविवर माधब घिमिरे लघुशव्दचित्र विशेष प्रकाशित गरेर अग्रजप्रति सम्मान गरेको पुष्टि हुन्छ । यो उसले गरेको राम्रो काम हो । म यसको प्रशंसा गर्छु । भविष्यमा पनि पत्रिकाले यस खालका कामहरू गरिरहनुपर्छ भन्ने मेरो मान्यता छ । अझ अगाडि बढेर भन्न चाहन्छु उहाँलाई मात्र हैन अन्य हाम्रो भाषा साहित्यको उन्नयनमा लागि रहेका स्रष्टाहरूलाई नवप्रज्ञापनले समय समयमा सम्झोस् भन्ने चाहना राख्दछु ।

माधब घिमिरे प्रौढ साहित्यका अलावा बालसाहित्य पनि उक्तिकै रोचक ढङ्गले सिर्जना गर्नुहुन्छ । उहाँका कवितामा प्रयोग हुने विम्ब, प्रतीक प्राय प्रकृतिनै हुने गर्छन् । उहाँको कवितामा हिमाल हाँस्छन् । तराई बोल्छन् । छाँगा छहराहरू गीत गाउँछन् । माटोको सुगन्ध आउँछ । राष्ट्र र राष्ट्रियतालाई शिरमा राखिएको हुन्छ । हरेक पढुँ पढुँ लाग्छन् । हामी सानो छँदा स्कुलमा उहाँको राष्ट्रिय गीत **गाउँछ गीत नेपाली ज्योतिको पंख उचाली, जय जय जय नेपाल सुन्दर शान्त विशाल** गाउने गर्दथ्यौं ।

प्रवेशाङ्क देखि नै यसले अनेक आरोह-अवरोहहरू पार गरेको छ । माओवादी द्वन्द देखेको छ, गणतन्त्र बेहोरेको छ । राजनीतिक उथलपुथल र विकृति, विसङ्गतिभोगेको छ । तर हिँड्न छाडेको छैन, निरन्तर हिँडिरहेको छ । बरु अझ उँचाइमा पुग्ने कामहरू गरिरहेको छ । मेहनत, परिश्रम र समर्पणभाव दर्बिलो देखिन्छ । यो अत्यन्तै शुभ सङ्केत हो । यो कर्मले यसलाई अझ अगाडि बढाउने कुरामा कुनै शङ्क छैन । यसका पाइलाहरू निरन्तर अगाडि बढीरहुन् म यही कामना गर्न चाहन्छु ।

नेपालको परिप्रेक्ष्यमा लेखक साहित्यकार बन्नु सजिलो छैन । साहित्यलाई अनुत्पादक क्षेत्र ठान्नेहरूको सङ्ख्या ठुलो छ । ती साहित्यमा लगानी गर्न रुचाउँदैनन् । लेखकले आफ्नाकृति गाँस काटेर प्रकाशन गर्नुपर्ने हुन्छ । छापेका किताब बिक्री नहुँदा लेखकको उत्साह घटेर जान्छ । पैसाको अभाबमा कतिपय प्रतिभाशाली व्यक्तित्वहरू ओझेलमा परिरहेका छन् । हुन त प्रेस काउन्सिलबाट वर्गीकृत पत्रिकालाई थोरै भएपनि रकम उपलब्ध हुन्छ तर त्यसले धान्दैन । यस्तो स्थितिमा विशेषाङ्क प्रकाशित गर्नु भनेको अझ कठिन कार्य हो ।

मलाई थाहा छ एउटा विशेषाङ्क निकाल्न धेरै मेहनत, परिश्रम, खटाइ, जोरजामको आवश्यकता पर्दछ । मैले भानु मासिक (२०६९–२०७४) सम्पादन समुहमा बसेर कामगर्दा अनुभूत गरेको छु । नवप्रज्ञानले वर्षेनी विशेषाङ्क प्रकाशित गरिरहेको छ यो सामान्य कुरा होइन । सम्पादक/प्रकाशक नवराज रिजालको साहित्यप्रतिको आस्था, त्याग, तपस्या र लगावले मात्र यो काम सम्भव भएको हो ।

यस अर्थमा भाषा साहित्यमा समर्पित

नवप्रज्ञापनको योगदान ठुलो छ भनेर बिनाहिचकिचाहट भन्न सकिन्छ । यस्तो साहित्य मैत्री, हितकारी पत्रिकाको नाम कसरी जुराइयो होला ? मेरो मनमा एउटा खुल्दुली केही समय चलिरह्यो । शाव्दिक अर्थ के रहेछ त ? मैले वरिष्ठ कोशकार वसन्त शर्म्मा नेपालको विशाल शव्दकोश नेपाली शव्दसागर पल्टाएरं खोजेँ । त्यहाँ लेखिएको रहेछ–**नव को अर्थ** । (सं, पु.) रातो पुनर्नवाबुटी; नौ अंक, नौ । नवीन; नूतन, नयाँ; नौलो, अपूर्वको; एक अंकमा सबभन्दा ठुलो, गणनाको क्रममा आठपछि गनिने, पाँचमा चार जोड्दाको नौ । प्रज्ञापनको अर्थ–। सं.,नं. । जनाउ, रचना, विज्ञापन भनि लेखिएको पाइयो । भावार्थमा नवप्रज्ञापनको अर्थ समुन्द्र जत्तिकै गहिरो, आकाश जत्रै विशाल भएको मैले अनुभूत गरैं । यस्तो अपूर्व शीर्षकका परिकल्पनाकार रिजाल चानचुने व्यक्ति हुनुहुन्न । बहुप्रतिभाशाली हुनुहुन्छ । प्राध्यापन पेसामा आवद्ध उहाँ नेपाली साहित्यका स्थापित साहित्यकार पनि हुनुहुन्छ ।

मैले उहाँलाई डेडदशक पहिले भेटेकी थिएँ । त्यतिबेलैदेखि प्रतिभाशाली व्यक्तित्व, सादा जीवन र उच्च विचारका अनुयायी तथा सहयोगी स्वभावका धनीका रूपमा पाएकी छु । यो जमानाका धेरै मानिस स्वार्थी स्वभावका छन् । उनीहरूमा मै खाउँ र मै लाउँ, अरू जेसुकै होस् भन्ने भाव बढिरहेको देखिन्छ । तर नवराज रिजाल त्यसको अपवादकारुपमा पर्नुहुन्छ । इमान्दारीपूर्वक काममा एकोहोरो बनेर लागिरहने र अरूलाई माथि उठाउन सक्दो मद्धत गर्ने मानवीय गुण उहाँमा विद्यमान भएको मैले अनुभूत गरेकी छु ।

म नेपाली भाषा साहित्यकी विद्यार्थी हुँ । अझै पनि सिकारु अवस्थामै छु । तापनि उहाँले मेरा रचनालाई नवप्रज्ञापनमा स्थान दिनु भएको छ । बेलाबेलामा रचना पठाउन घचघच्याइरहनुहुन्छ । विशेषाङ्क प्रकाशित हुने बेला अनुरोध गरेरै लेख्न लगाउनुहुन्छ । अनि मलाई लेखनमा सक्रिय रहन प्रेरित गरिहनु भएको छ । यस्ता सहयोगी-मनकारी सम्पादक रिजालप्रति हार्दिक हार्दिक आभार व्यक्त गर्नु मेरो कर्तव्य सम्झन्छु ।

मैले भेटेजति यसका सम्पदकीयहरू नछुटाई पढ्ने गरेकी छु । अन्य पत्रिकाहरूको भन्दा यसको सम्पादकीय फरक पनि लाग्छ । समसामयिक र सन्देशमूलक सम्झन्छु । अर्थात् खास लाग्छ । किनभने सम्पादकीयमा जीवन दर्शन हुने गरेको पाएकी छु । सबैजसो अङ्कका सम्पादकीय उल्लेखनीय र उदाहरणीय छन् । यहाँ पूर्णङ्क ९५, बाट दुइ अनुच्छेद उधृत् गरिएको छ -सम्पादकीयको शीर्षक छ **कर्तव्यवोधको महत्व "जो कसैलाई पनि जो कसैको खोट वा कमी कमजोरी देखाउँदा मन गर्वले सगरमाथाको शिर छुन पुग्छ । बडो दत्तचित्त भएर ती त्यस्ता कर्ममा कम्मर कसेर लाग्छन् । होची अर्घेली वा कमी कमजोरी काम गर्नेकै हुन्छ, नगर्ने वा चुपचाप बस्नेहरूको कहिल्यै केही हुँदैन भन्नेतिर तिनीहरूका सोच पुग्दै पुग्दैनन् । त्यसैले त ती सँधै जहाँको त्यहीँ र जस्ताको त्यस्तै अवस्थामा रहिरहन्छन् ।**

हाम्रो लागि हामी नै सबथोक हौँ र हामीले सुकर्म गरे मात्र हाम्रा पाइला अगाडि बढ्न सक्छन् । नत्र त्यो संभव छैन भन्नेतिर सकारात्मक सोच पुग्ने सकिरहेका छैनन् । यही भएर हामी सँधैं पछि पछि परिरहेकाछौं । हाम्रो सोच भित्रको चिन्तन नवदलिएसम्म कुनै पनि हालतमा मानसिकतामा फेरबदल आउन सक्दैन ।"

आहा ! कति सारगर्भित छन् ती भनाइर

कति उच्च र पवित्र छन् ती विचारहरू । आकाश जतिकै फराकिलो र समुद्र जतिकै गहिरो छ । यसर्थ जति ब्याख्या गरे पनि सकिँदैन । अर्थात् यो गहिराइमापन गर्न सकिने प्रकृतिको पटक्कै छैन । त्यसकारण दुई वाक्यमा भन्छु :मानिस स्वयम्ले आ-आफनो तर्फबाट गर्नुपर्ने कर्तव्य पूरा गरे समाजमा लुछाचुँडी, लडाइ, झगडा कहिल्यै हुने थिएन । हुने थियो त जतातते शान्ति नै शान्ति मात्र ।

नेपाली भाषा साहित्यको सेवामा विगत ३० वर्षदेखि निरन्तर लागिरहेको नवप्रज्ञापन र यसका सम्पादक/प्रकाशक नवराज रिजाल बारे खोज-अनुसन्धान गरे अझ धेरै लेख्न सकिन्छ । तर यो लेखको उद्देश्य पटक्कै त्यस्तो हैन । यसले त एउटा विशेष अङ्कको चिनारी दिने अभिलाषा राखेको हो । यतिखेर ३१औँ वर्ष प्रवेशको अवसर पारेर र शताङ्क प्रकाशन हुन लागेको थाहा पाउँदा म अत्यन्तै हर्षित भएको छु ।

अन्त्यमा बारा जिल्लाबाट विगत तीस वर्षदेखि निरन्तर प्रकाशित भइरहेको साहित्यिक पत्रिका नवप्रज्ञापन यही वि.सं २०८० साल वैशाखबाट ३१औँ वर्षमा प्रवेशका साथ शताङ्क प्रकाशित गर्न लागेकामा बधाई तथा शुभकामना दिँदै त्यसपछि पनि यसको निरन्तरताको कामना गर्दछु ।

(कपन, काठमाडौँ)

गीत–गंगा

(पूर्णाङ्क १३, साउन भदौ २०५२)

• **प्रतीक्षा रिजाल**

"जब गीत सङ्गीतबद्ध हुन्छ अनि त्यसले मनमस्तिष्कमा सहजै प्रभाव पार्दछ । वास्तवमा गीतभित्र मानवअनुभूतिका भावनाहरू नै सल्बलाएका हुन्छन् । गुनगुनाएका हुन्छन् । हुन त गीत चुम्बक हो भन्ने प्रमाण 'लाजलो जावोरको ग्लूमी सण्डे' गीतले दिएको छ । जुन गीत सुनेर थुप्रै मान्छेहरूले आत्महत्या गरेको हुनाले त्यसलाई हत्यारा गीत भन्दै प्रतिबन्ध लगाइएको थियो ।" सम्पादकीयको पहिलो अनुच्छेदमा सम्पादकले यस्तो विचार प्रस्तुत गरेका छन् ।

निश्चयनै हो गीत अत्यन्तै शक्तिशाली हुन्छ । यसको शक्ति यति नै हुन्छ भनेर मापन गर्न सकिँदैन । हिजो पनि सकिएको थिएन, आज पनि सकिएको छैन, यो सम्भावना प्रवल छ भोलि पनि सकिँदैन । संसारमा कसैले गर्न नसकेको काम गीतले गरेको छ, सङ्गीतले गरेको छ यसर्थ गीत र सङ्गीतबाट संसारमा आफूलाई अत्यन्तै

बलशाली ठान्नेहरू पनि डराउँछन् । कसैले हल्लाउन नसकेको सत्ता पनि गीत सङ्गीतले हल्लाएका उदाहरण धेरै छन् ।

गीत सङ्गीतले अत्यन्तै निष्ठुर, अविवेकी र कठोर ठानिएका मनहरूलाई पनि पगाल्न सक्छन् । त्यो सामर्थ्य यहाँ भित्र छ । अर्थात् पराक्रम यिनीहरूका साथमा छ । यसैले कठोरहरूको मन पग्लिएको हो अनि निष्ठुरहरू निहुरिएका हुन् । यो विषयमा कसैले कसैलाई पनि केही भनिरहनु पर्दैन । रातको चन्द्र र दिनको सूर्य जस्तै यो कुरा स्पष्ट छ । यसमा तलमाथि हुने कुनै सम्भावना छैन । यो सबैमा जगजाहेर छ । यसकै कारण कैयौँ बज्रसमान मन मुटुमा कोमलता उम्रिएका छन् । गीत सङ्गीतमा शक्ति भएकै कारण बलशालीहरू तर्सिएका हुन् ।

कसैलाई केही नदिनेहरूको मन पनि गीत सङ्गीतमा पग्लिएको र भएभरको जायजेथा उडाएको कुरा पनि यदाकदा सुन्न पाइन्छन् । रागतानमा सबैको मोह हुन्छ भन्ने आजभन्दा धेरै अगाडि पृथ्वीनारायण शाहले आफ्नो दिव्योपदेशमा उल्लेख गरेका छन् । अझै अघि बढेर भन्दा क-कसका गीत सुन्ने र क-कसका गीत नसुन्ने भन्ने आशयसमेत अभिव्यक्त गरेका छन् । टुक्राटुक्रामा विभाजित नेपाल एकीकरण सन्दर्भलाई जोडेर उनको कुरा बुझ्दा बढी यर्थापरक हुन्छ ।

रोम सहर जलिरहँदा समेतत्यहाँका राजा निरो महफिलमा रमाइरहेका थिए तर सहर जलेको कुरापट्टि उनको ध्यान जान सकिरहेको थिएन भन्ने सुन्न पाइन्छ । यसको अर्थ हो गीत सङ्गीत चुर्लुम्म डुबेपछि बाहिरी संसारको कुनै मतलब रहँदैन । उसले आफैँलाई भुलिरहेको हुन्छ । वरिपरिको परिवेश छाडेर कता पुगेको हुन्छ कता । रोमको सन्दर्भमा पनि त्यही भएको हो । गीतसङ्गीतको रसमा डुबेकाले निरोले रोम जलिरहेको विषयमा त्यति ध्यान नदिएका हुन् ।

माथि गीतसङ्गीतका विषयमा विभिन्न कुराहरू आए । प्रसङ्ग र सन्दर्भहरू पनि आए । नेपालका एकीकरणकर्ता पृथ्वीनारायण शाह र रोमका तत्कालीन राजा निरोसम्मका विषयहरू पनि उठे । आखिर सबै कुराको निचोड भनेकै गीतसङ्गीत अत्यन्तै बलशाली हुन्छ र यसको अगाडि कसैको जोड चल्न सक्दैन भन्ने नै हो ।

सम्भवतः यिनै कुरालाई मध्यनजर गरेर हुनुपर्छ नवप्रज्ञापनले पनि आफ्नो १३ औँ अङ्कलाई गीत गंगा नाम दिएर गीत अङ्कको रूपमा प्रकाशन गरेको छ । यस अङ्कमा कृष्णप्रसाद पराजुली, भूपाल राई, मञ्जुल, प्रकट पगेनी 'शिव', श्रवण मुकारुङ, रमेश क्षितिज, भैरवनाथ रिमाल 'कदम', राजेन्द्र चोथाले, धनेन्द्र विमल, विश्ववल्लभ र वेदबहादुर कुँवर जस्ता गीतकारहरूका गीतहरू रहेका छन् ।

गीत के हो भन्नु भन्दा पनि के हैन भन्दा राम्रो हुन्छ । अर्थात् गीत धेरै कुरा हो । यसले अलिकति भनेर मान्छेका धेरै भन्दा धेरे भावना, विचार र दृष्टिकोण प्रस्तुत गर्छ । थोरैमा धेरै कुरा अभिव्यक्त गर्नु गीत सङ्गीतको खुबी हो । मान्छे मात्र हैन पशुपक्षी र चराचुरुङ्गी पनि गीतसङ्गीप्रति मोहित हुन्छन् भन्ने कुरा धेरैका मुखबाट सुन्न पाइन्छ । यसको अर्थ हो गीत सङ्गीतप्रति लालायित नहुने भनेका त सकारात्मक आत्मा नहुनेहरू नै हुन् ।

यहाँ समावेश गरिएका गीतहरूमा हाम्रो देशको प्राकृतिक सौन्दर्यको बयान गरिएको छ । यहाँका विविधताको महिमा गान छ ।

हिमाल, नदी, भीर, पाखा र उकाली, ओराली सबै एकएक गरेर आएका छन् । भञ्ज्याङ र चौतारीका पीर, कथा, व्यथा, दुखेसो आदिलाई टपक्क टिपिएको छ । मनका भावना जुरूक्क उचालिएका छन् । विश्वास सगरमाथा उक्लने बाटोतिर हिँडिरहेको छ । हिँड्नेहरूलाई रोक्ने छेक्नेहरू कोही अगाडि आउन सकिरहेका छैनन् ।

गीतमा माया, पिरती, अपनत्व, भावना र चाहनाका बुट्टाहरू पनि कोरिएका छन् । विगतका गाथाहरू खोलिएका छन् । पुर्खाहरूले देश र सन्ततिको लागि रहर, इच्छा र आवश्यकतालाई थाती लगाएको तीतो यथार्थ पनि कोरिएका छन् । जन्म, मृत्यु, मिलन, बिछोडलाई केलाउने प्रयत्न शब्दहरूमार्फत् गरिएको छ । आशा र भरोसाले पुरै जीवन पर्खाइको पर्खाल निर्माण गरे पनि केही उपलब्धि नभएको सत्यता बोकेको छ । बेथिति, अन्याय, अत्याचार र अपराधको विरोध गर्नुपर्छ, मौनताले यिनीहरूलाई उकासिन सहयोग पुग्छ भन्ने कुरा पनि गीतमा अभिव्यक्त छ ।

बाटोमा हामी हिँड्छौँ । यसले हामीलाई हिँड्न दिन्छ । हामी बाटोमा हिँड्ने काम मात्र गर्दैनौँ आफ्नो स्वार्थ पूरा भएपछि गर्नुनगर्नु गर्छौं । तर पनि ऊ केही भन्दैन । बाटो हिँड्न प्रतिबन्ध पनि लगाउँदैन । यसैले त बाटोका बारेमा गीतकार मञ्जुल भन्छन् -

यो संसारमा कहाँ पाउनु बाटो जस्तो साथी
जसले हिँड्न दिन्छ कठै ! आफ्नै छाती माथि
न त दुख्यो भन्छ यसले न त आह भर्छ
न त छेकबार हाल्छ कुनै न नाइँनास्ती गर्छ
माया पनि कस्तो माया दिने केवल दिने
सधैँ शान्त सधैँ सौम्य न हाँस्ने न रूने

गीतहरू शक्तिशाली हुन्छन्, बलशाली हुन्छन् ती न कसैका अघि झुक्छन् न त कसैका अगाडि रूक्छन् नै । आफ्नो सामर्थ्य देखाउँछन् । औकात देखाउँछन् र मै हुँ भन्नेलाई औँला ठड्यार तिमी संसार जित्छु त भन्छौ तर सक्दैनौ भन्न पनि बिर्सदैनन् । यसर्थ गीतलाई कसैले मार्न सक्दैन । ती ठिङ्ग उभिन्छन् सतीसाल जस्तै । ती कुरा गीतकार राजेन्द्र चोथाले यसरी अभिव्यक्त गर्छन् -

मभन्दा सयौँगुना मेरा गीतहरू निडर छन्
कमसेकम तिमीसामु पुग्ने त आँट गर्छन् ।
हुन्छन् जब यी ओठमा संकोच टाँसिएका
गलाको गर्भभित्र मेरा स्वर भासिएका
आफ्नै ती कमजारीले लाचार भएको बेला
मेरा कलम उठेर पानामा पीर भर्छन् ।

मनको बह कस्तो हुन्छ ? यसको उत्तर जो कोहीले दिन सक्दैन । जसले भोगेको छ वा जो यथार्थको पाटोमा पुगेको हुन्छ उसले यो बताउन सक्छ अरू कसैले सक्दैन । भनिन्छ खुकुरीको चोट अचानोलाई मात्र थाहा हुन्छ । यो सत्य कुरा हो यसमा असत्यताको मात्रा अलिकति पनि छैन । यो यथार्थ भुल्नेहरू आफूलाई नचिन्ने र आफूलाई नचिन्नेहरू अरू कसैलाई चिन्ने कुरै आउँदैन । यसैले गीतकार भैरवनाथ रिमाल 'कदम' भन्छन् -

मनको बह सावनको भेलसरि बग्छ
गीत भन्ने भावहरू चैते हुरी लग्छ
डुबुँ कति कल्पिएर दिलको दह भित्र
भस्किरह्यो झल्किएर छायाँ बनी चित्र

यहाँ विश्वासघातीहरूको कुनै कमी छैन । ती विश्वासघातमा जहिले पनि रमाउँछन् । त्यसलाई पराक्रम मान्न पनि पछि पर्दैनन् । तर ती जहिले पनि पछिको पछि नै हुन्छन् । तिनीहरूले प्रगतिको बाटो अहँ समाउन सक्दैनन् । जहिले पनि जहाँको

त्यहीँ र जस्ताको त्यस्तै रहिरहन्छन् । तिनीहरू बारे गीतकार प्रकट पगेनी 'शिव' यसो भन्छन् -

साथ दिन नसक्नेले
किन वाचा बाँधिराख्नु ?
आफ्नो भन्न नसक्नेले
किन सीमा कोरी राख्नु ?
नओछ्याए पनि हुन्थ्यो
पहिलो नजर याचनाको
न लम्ब्याए पनि हुन्थ्यो
सस्तो विश्वास बहानाको
एकै दिनको लागि मात्र
किन चिनापर्ची राख्नु ?
साथ दिन नसक्नेले
किन बाचा बाँधी राख्नु ?

हो, यस अङ्कमा समावेश गीतहरू यस्तै यस्तै छन् । तिनीहरूले मानिसका मन छोएका छन् । विचार खोजेका छन् । विश्वासको डोरी बाटेर आस्थाको फेरो समाई उकालो चढिरहेछन् । ओरालो झरिरहेछन् र मनमनै डोरी बाटेर विश्वास साटिरहेका छन् । लामो यात्रा तयगरी शताङ्क प्रकाशन भएकोमा पत्रिका परिवारलाई बधाई तथा शुभकामना भन्दै मेरो कलम यहीँ बन्द गर्न चाहन्छु ।

(स्वाभिमानबस्ती, बारा)

'ईश्वर ढुङ्गेलका कविताहरू'

(पूर्णाङ्क १४, असोज २०५२)

● छायादत्त न्यौपाने 'बगर'

नेपाली भाषा धैरै नेपालीको मातृभाषा हो । यो नेपाली मन-मुटुको विचार विनिमय गर्ने माध्यम भाषाका रुपमा स्थापित र विकसित छ । यो सबै नेपालीको प्रिय सम्पर्कसूत्र हो । संसारकै प्राचीन भाषा संस्कृतको सन्ततिका रुपमा विकसित नेपाली भाषाको आयु लामो भए पनि यसले लिपिबद्ध भई गति प्राप्त गरेको समय छोटो छ । यस भाषाले प्राप्त गरेको लेख्यरुपको आयु एघार सय वर्षको हाराहारी रहेको देखिन्छ । अशोक चल्लको ताम्रपत्र १०३८ नै अहिलेसम्म प्राप्त पुरानो लिखित प्रमाण मानिन्छ । यहीँदेखि विभिन्न ताम्रपत्र, शिलालेख, यात्रासंस्मरण, औषधी उपचारको सन्दर्भमा नेपाली भाषाको लिपिले मूर्तरुप लिएको देखिन्छ । शक्तिबल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, सुवानन्द दास, विद्यारण्य केसरी, भानुभक्त आचार्य, मोतीराम भट्ट, गङ्गाधर द्रविड, जयपृथ्वीबहादुर सिंहहरूका सिर्जनात्मक लेखन र विस.१९५७ मा गोरखापत्रको प्रकाशन आरम्भ भएपछि भने यसले विकासको गति प्राप्त गरेको हो । सँगसँगै शम्भुप्रसाद ढुङ्गेल, महानन्द सापकोटा, नरेन्द्रमणि आदी स्रष्टाहरूसँगै आएका सुन्दरी,

माधवी, गोरखा संसार जस्ता पत्रिकाहरूले पनि नेपाली भाषा हुर्काउँदै बढाउँदै फैलाउँदै ल्याएको देखिन्छ । यसपछि थरीथरी पत्रिकाहरू प्रकाशनक्रम थपिँदै जाँदा भाषाको उन्नति हुँदै आएको देखिन्छ। यहीक्रमको कुरा गर्दा पछिल्लो समयका धेरै पत्र-पत्रिकामध्ये नवप्रज्ञापन साहित्यिक त्रैमासिकको उपस्थिति पृथक् देखिन्छ ।

भाषाको विकासमा मलजल सिर्जनात्मक लेखन अभ्यास साहित्यले गर्छ। नेपाली साहित्यको प्रामाणिक इतिहासको समय विस.१८००देखि यतालाई मानिएको छ । भाषा साहित्यको उन्नयनमा उल्लेख्य भूमिका निर्वाह गर्ने खुराक पत्र-पत्रिका हुन् । यसलाई आधार मानेर भन्ने हो भने नेपाली वाङ्मयको आयु तीन सय वर्ष नपुगेको केटाकेटी देखिन्छ । यो लेखन अभ्यासको छोटो इतिहासलाई हेर्दा नेपाली भाषा थोरै समयमा व्यापक भूगोलसम्म फैलिन सफल नेपालीपन र मन विनिमयको सूत्र मानिन्छ । आज यो नेपाली भूगोलमा सीमित छैन । यसले छिमेकी देश भारत, भुटान, चीन, बेलायत, अमेरिका, जापान, क्यानडा जस्ता देशहरुमा आफ्नो उपस्थितिलाई सशक्त बनाइसकेको छ । भारतमा त यसले राष्ट्रिय भाषाका रुपमा संवैधानिक मान्यता प्राप्त गरेको छ । यसै गरी विभिन्न देशका सञ्चार माध्यमहरुमा पनि यसलाई स्थान प्राप्त छ । नेपाली भाषामा देश-विदेशका ठाउँ ठाउँबाट असङ्ख्य पुस्तकहरु प्रकाशित भई पाठकप्रिय भइसकेका छन् ।

नेपाली नेपालको संवैधानिक भाषा, शिक्षा, स्वास्थ्य तथा व्यावसायिक भाषाको रुपमा विकसित छ । यसले नेपाली भूगोलमा छरिएर बसेका झन्डै १२३ जात-जातिलाई एकै सूत्रमा उनेको पाइन्छ । अनेक नेपालीलाई एकताबद्ध गरी हामी नेपाली हाम्रो नेपालको एकत्वभाव सम्प्रेषण गर्दै आएको देखिन्छ । नेपालमा प्रचलित भाषाहरुको संरक्षण कार्यमा विभिन्न सञ्चार माध्यमसँगै पत्र-पत्रिकाले मुख्य भूमिका निर्वाह गर्दै आएको पाइन्छ । व्यक्तिगत प्रयास तथा संस्थागत रुपले प्रकाशनमा आएका समाचार मूलक दैनिक, साप्ताहिक, पाक्षिक, साहित्यिक मासिक, त्रैमासिक, चौमासिक, अर्धवार्षिक, वार्षिक, मुखपत्र, स्मारिका जस्ता विभिन्न पत्रिकाले नेपाली भाषाको प्रचार-प्रसार गरी श्रीवृद्धिमा योगदान दिँदै आएका छन् । यस सन्दर्भमा निजीस्तर तथा सरकारी तहबाट राजधानी काठमाडौँमा प्रकाशित हुने,मोफसलमा प्रकाशित हुने र विदेशी भूमिबाट समेत प्रकाशित हुँदै आएका पत्र-पत्रिकाले नेपाली वाङ्मयको उन्नतिमा निरन्तर योगदान पुऱ्याइरहेका छन् । यसरी विविध माध्यमबाट प्रकाशनमा आउने यिनै हजारौँ पत्रिकाहरुको योगदान रहेको छ । यिनले पाठकहरुमा साहित्यिक रसास्वाद गराउँदै भाषिक परिष्कार गर्दै चमत्कार थपेर वैज्ञानिकीकरण गरिरहेका हुन्छन् । भाषिक अभिव्यक्ति साहित्य सिर्जना वाङ्मयी कर्म हो । यसले सामयिक जीवनका कथाबेथा चिन्ने चिनाउने र आपसमा सहयोगी भूमिकामा रहन सचेत गराउँछ । यही प्रक्रियाले संस्कार संस्कृति पुस्तान्तरणको भूमिका पनि निर्वाह गर्छ । यसरी नेपाली वाङ्मयी सेवामा जुटेका हजारौं पत्रिकाहरुको पङ्क्तिमानवप्रज्ञापन साहित्यिक त्रैमासिकले आफ्नो उचाइ नापिरहेको छ ।

नवप्रज्ञापन साहित्यिक त्रैमासिकको प्रकाशन २०५०देखि बारा जिल्लाबाट हुँदै आएको छ । यसले सम्प्रेषण गर्दै आएको सिर्जनात्मक अभिव्यक्तिले पाठक हृदय स्पर्श गरेको पाइन्छ । यसले गति लिँदै पाठकहरुमा चेतना फैलाउने उद्देश्य लिएको देखिन्छ । केही वर्ष यसले हवाई स्वरुपलाई नै गति दियो । यसबाट कति नवप्रतिभा अघि बढे

कतिले साहित्यिक रसास्वाद लिए, कति अग्रज लाभान्वित भए, कति समकालीनसँग सहकार्य गरियो ? यसको लेखाजोखा हुँदै जाला । यसले छिचोलेको सयौं घुम्ती र तय गरेको तीन दशक लामो यात्राले नेपाली वाङ्मयी इतिहासमा भने परिपक्व भई दर्ज हुन भ्याएको देखिन्छ । यस अवधिमा हजारौँ स्रष्टाका अनुपम सृष्टिबाट स्नेही सिंचन लेनदेन भइरहेको पाइन्छ । उस्तै सङ्ख्यामा नवस्रष्टा उत्पादन भइरहेको तथ्य पनि यसका विविध अङ्कमा प्रकाशित सामग्रीले बताउँछन् ।

यो स्वतस्फूर्त गरिने साहित्यसेवा सामजिक कार्य हो, राष्ट्रिय सम्पदा संरक्षणको दायित्वबोधी कार्य हो । भनिन्छ भाषा साहित्यको विकासविना देश समृद्ध बन्दैन । यही मर्म बुझेर नवप्रज्ञापन साहित्यिक त्रैमासिक नेपाली भाषाको प्रवर्धनमा समर्पित भएको हुनुपर्छ । यो केही स्रष्टाका सिर्जना प्रकाशनमा सीमित छैन । यसले त नेपालमा प्रचलित मातृभाषाहरुको संरक्षण र विकासमा समतामूलक योगदान गरिरहेको छ। वाङ्मयको योगदानका लागि तीन दशक लामो समय धेरै होइन तर व्यक्तिगत निरन्तरताका लागि यो ज्यादै चुनौतीपूर्ण सीमा हो । निश्चित उद्देश्य राखेर सक्रिय भई गरिएको निरन्तर साधनाले नवप्रज्ञापन साहित्यिक त्रैमासिक राष्ट्रिय सम्पदाका रुपमा स्थापित भएको देखिन्छ । यस पत्रिकाले ३ दशकको छोटो अवधिमा झण्डै दुईदर्जन विशेषाङ्क प्रकाशित गरेर आफूलाई फरक बाटो हिँड्ने यात्रीका रुपमा चिनाएको छ । यसले अरुले भन्दा पृथक् बाटो, पृथक् अभ्यास, पृथक् परिणामका लागि विशेष काम गर्दै आएको देखिन्छ । नेपाली वाङ्मयका क्षेत्रमा यसको उपस्थिति बेग्लै र विशिष्ट छ । झन्डै २ दर्जन विशेषाङ्क प्रकाशन गरिसकेको यसका सम्पादक/प्रकाशक नवराज रिजाल वैयक्तिक सुखभन्दा माथि उठेर समग्र नेपाली जनजीवन सिँगार्ने उद्देश्यमा एकोहोरिएको देखिन्छ । उनले स्थानीय कला -संस्कृतिको संरक्षण र विकास नै सार्थक जीवनको लक्ष्य बनाएको पाइन्छ । त्यसैले त नवप्रज्ञापनले राष्ट्रियस्तरको 'क'वर्गमा आफ्नो पहुँच पुऱ्याइसकेको छ । यो पत्रिका सयौँ स्रष्टाहरूको साझा ढुकढुकी बनेर आजीवन सदस्यका रुपमा आबद्ध गर्न सफल भएको पाइन्छ । यस शताङ्क प्रकाशनको सुखद् घडीमा सक्रिय सारथि नवराज रिजाललाई बधाई तथा थप चुलिँदै जान शुभकामना छ ।

पूर्णाङ्क १४ मा कवि इश्वर ढुङ्गेलका कविताहरू छन् । कविताका शीर्षकहरू ' तक्मा' 'नारी विद्रोह गर्न खोज्दछे', 'जीवन' र 'तिमी : म' हुन् । गद्य लयमा रचिएका यी कविताहरूले मानवीय संवेदना र नारी चेतनाका दृष्टिले उच्चभावना सम्प्रेषण गर्छन् । कवि नागरिक हकका लागि पसिना चुहाउने स्वाभिमानी सन्तानका छातीमा गोली बर्साएर तक्मा भिर्ने शासकीय प्रवृत्तिप्रति तीव्र कटाक्ष गर्छन्, असहमति जनाउँछन् ।

एउटै वर्गको मान्छेहरूलाई
छाती ताकी गोली हानेर जितेको पुरस्कार
पहेंलो तक्मा...(तक्मा)

ढुङ्गेलको 'नारी विद्रोह गर्न खोज्छे' कविताले नारीलाई विभिन्न दाउपेच गरी प्रशंसाका तिखा शब्दवाण चलाएर फरक बाटोबाट आफ्नै पर्खालभित्र खुम्च्याउन बल गर्ने परम्परागत पुरुष सोचप्रति चोटिलो प्रहार गर्छन् । उनी निर्बाध जिउन चाहने नारीले समाजमा ससम्मान शिर उचालेर हिँड्न चाहन्छे र उसलाई यो अवसरबाट वञ्चित गरिनु हुन्न भन्ने मत जाहेर गर्छन् । यहाँ आजका छोरीमान्छे खुम्चिएर होइन उन्मुक्त भई स्वतन्त्र जीवन जिउन चाहन्छन् भन्ने नारी चेतना बिउँझाउन कवि हृदय उद्वेलित रहेको देखिन्छ ।

...जहाँ उस्को मोलतोल हुँदैन
जहाँ उ एक्लिएकी हुन्न
जहाँ उ आफ्नै लागि
निर्धक्क संग बाँचेकी हुन्छे ।
(नारी विद्रोह गर्न खोज्छे)

कवि ढुङ्गेल निर्धक्क भन्छन् आजका नारी आफ्नो उपस्थिति खोज्छन्, जीवन जस्तो जीवन बाँच्न चाहन्छन् । जीवन शीर्षकको कवितामार्फत् उनी थप्छन् लत्रेर होइन बिउँझेर बाँच्न चाहेको सन्देश समस्त पाठकलाई मनन् गर्न आग्रह । जीवन अरुको लागि जिउने होइन आफ्नो लागि जिउने हो । प्रत्येक मान्छेको जीवन निजी हो स्वाभिमान बोकेर बाँच्ने अभ्यास चाहिन्छ र सबैले यसैमा रमाउन पाउनुपर्छ भनी अह्वान गर्छन् । तिमी ः म उनी श्रीमान् श्रीमतीको जीवनलाई आत्मीय र एकअर्काको परिपूरक हुनुपर्ने आग्रह गर्छन् । उनी चाहन्छन् परम्परागत मूल्यभन्दा माथि उठेर दाम्पत्य जीवनले एकअर्कालाई समता प्रदान गरोस्, सहकार्य होस्, सहअस्तित्वमा रहेर गतिशील जीवन जिउन सकियोस्, प्रवाहमय गतिले हिँड्न पाइयोस् र एउटै लयमा मुस्कान छर्न सकियोस् भन्ने गतिशील उर्जा सम्प्रेषण गर्छन् । धर्मप्रतिको आडभरोसा खोज्नुभन्दा पतिपत्नी जीवन सहचरी भई गरिने सहृदयी व्यवहारमा आत्मीय सद्भाव सप्रियोस् भन्ने चाह राखेको पाइन्छ ।

कवि ढुङ्गेलका झन्डै तीन दशक अघिका यी कविताले पाठकमाझ गतिशील चेतना सम्प्रेषण गर्ने चेष्टा गरेको पाइन्छ । उनी नारी र पुरुष दुवैको जीवन कर्मयोगतर्फ अघि बढे सहअस्तित्वमा रमाउन सकिने विश्वास व्यक्त गर्छन् । कवि सचेत नागरिक इमानदार भई कर्मयोगी हुनुपर्ने निर्णय सुनाउँछन् ।

अन्त्यमा **नवप्रज्ञापन** सयौं स्रष्टाहरूको सामूहिक उपस्थितिमा अघि बढेको साहित्यिक पत्रिका हो । यसले अथक साहित्य साधकहरूलाई सदस्यका रूपमा पाएको छ । यसको निरन्तरताका लागि यससँग जोडिएका सिर्जनकर्मी नवप्रतिभाहरुको देन रहेको पाइन्छ । रहरले गरिने र उत्प्रेरित भई अन्तर हृदयबाट निसृत सिर्जनकर्मले पत्रिका सिंचित हुन्छ । नवप्रज्ञापनले नयाँ र परिष्कृत यी दुवै थरी सिर्जनालाई स्थान दिँदै आएको देखिन्छ । नेपाली वाङ्मयको इतिहासमा धेरै पत्रिका निस्केको देखिन्छ । कुन-कुन पत्रिकाले कति-कति अङ्क निकाले ? निरन्तर प्रकाशन भई कति पाठकसम्म पुगे ? कतिले इतिहास रचे ? कति बिचैमा हराए ? यो फरक पाटो हाम्रो चासोको विषय रहेन तर नवप्रज्ञापन सयौँ अङ्कमा पुग्नु, तीन दशक अवधि पूरा गर्नु, बिचमा क्रम नटुट्नु, उल्लेख्य सङ्ख्यामा विशेषाङ्कहरू प्रकाशित हुनु, अग्रजलाई सम्मान दिई समकालीनसँग सहकार्य गर्नु, नवप्रतिभालाई प्रोत्साहन गर्नुजस्ता अनुकरणीय उपलब्धि यसको सबल परिणाम हो । यसरी लक्ष्य पछ्याइरहन सक्नु नै पत्रिकाको पहिचान हो र स्थायित्व पनि हो । यसको सफलताबाट पत्रिका चलाउने धेरै साथीहरूमा जाँगर भरिने गरी साथ सहयोग र उत्साह पनि मिलेको हुनुपर्छ । यसरी पत्रिका सम्पादन/प्रकाशन सुरु गरेपछि सङ्घर्ष गर्न र चुनौती उछिन्दै अघि बढेर देउराली पुग्न प्रेरणा दिने अभ्यास पनि स्वतः भइरहेको पाइन्छ । यो लगातार इमानदार अभ्यासको सुखद् परिणाम र स्थायित्वका लागि सम्पादकले गरेको साधनालाई म आदर र सम्मान गर्न चाहन्छु ।

अन्त्यमा बारा जिल्लाबाट विगत तीस वर्षदेखि निरन्तर प्रकाशित भइरहेको साहित्यिक पत्रिका **नवप्रज्ञापन** यही वि.सं २०८० साल वैशाखबाट ३१औँ वर्षमा प्रवेशका साथ शताङ्क प्रकाशित गर्न लागेकामा बधाई तथा शुभकामना दिँदै त्यस पछि पनि यसको निरन्तरताको कामना गर्दछु ।

(नागार्जुन-४, काठमाडौँ)

सरुभक्त लघुशव्दचित्र

(पूर्णाङ्क १६, मंसिर २०५२)

• **बाबुराम लम्साल**

नेपाली साहित्यिक पत्रिकामा ऐतिहासिक फड्को मार्दै गरेको नवप्रज्ञापन सेन्चुरीको दौडानमा छ। नेपाल भित्र बोलिने र लेखिने भाषा साहित्यसम्बन्धी दर्जनौं विशेषाङ्क निकाल्न सफल नवप्रज्ञापनलाई बहुभाषा त्रैमासिक साहित्यिक पत्रिका पनि भन्न सकिन्छ। आज सय अङ्कको सँघारमा आउँदा निकै उकाली ओरालीको हन्डर ठक्कर खाँदै आँधीको ढुङ्गो बनेर उभिएको छ। सयौं साहित्यकार जन्माएको छ भने सयौंलाई लेखनका लागि हौस्याएको छ। कतिपयलाई आगमनको पर्खाइमा हातको पाली लगाएर हेर्न बाध्य बनाएको छ। नियमितता यसको विशेषता नै हो। कतिखेर हात पर्छ भन्ने हुटहुटी बनाएको छ।

अनेकौं लेखरचनाको प्रभावले कलम समात्न नजान्नेलाई समात्न सिकाएको छ। खानामा चौरासी व्यञ्जनझैं साहित्यमा बहुआयामिकतालाई आत्मसात गरेको छ। साहित्यिक पत्रिकाको इतिहासमा एक कोसेढुङ्गाको रूपमा उभिएको नवप्रज्ञापनले सय अङ्कको दौड पूरा गरेको छ। आरोह अवरोहका बाबजुद पनि यात्रालाई अविश्रान्त रूपमा शिखरसम्म पुऱ्याउन सक्नुले नवप्रज्ञापनको आफ्नै सुनौलो इतिहास बनेको छ। दर्जनौं स्रष्टालाई विशेषाङ्कमा समेटेको छ। यसै मध्येका बहुमुखी प्रतिभाशाली व्यक्तित्व सरुभक्त सोर्हौं अङ्कमा जङ्गे पिलर बनेर विशेषाङ्कका रूपमा उभिएका छन्। त्यही अङ्कमा टेकेर उनै सरुभक्तका बारेमा विहङ्गावलोकन गरिएको छ।

सरुभक्तको जन्म पिता गणेशबहादुर श्रेष्ठ र माता लक्ष्मी श्रेष्ठका ज्येष्ठ सन्तानका रूपमा वि.सं. २०१२ भाद्र ३ गते हरितालिका तीजका दिन पोखरा महानगरपालिकाको बागबजारमा भएको हो। उनको वास्तविक नाम भक्तराज श्रेष्ठ भए तापनि साहित्यका क्षेत्रमा सरुभक्तका नामबाट प्रसिद्ध छन्। नेपाली साहित्येकाशमा जाज्वल्यमान नक्षत्र बनेर धरालाई प्रदीप्त पारेका छन्।

सरुभक्त श्रेष्ठको औपचारिक अध्ययनको सुरुआत बाघबजारको सामान्य विद्यालयबाट भएको हो। प्राथमिक शिक्षा पोखरामा नै प्रारम्भ भएको हो। तीक्ष्ण क्षमता भएका सरुभक्तलाई उनका बाबुले असाधारण क्षमता देखेकाले गण्डकी अवासीय विद्यालय लामाचौर पोखरामा भर्ना गरिदिए। उनी त्यहाँ नौं कक्षा पढ्दै गर्दा आफ्नो प्रिय शिक्षकलाई विद्यालय प्रशासनले निकालिदिए पछि शिक्षक फिर्ता ल्याउन निकै प्रयास गरे तर सकेनन्। त्यसैको

प्रतिफलस्वरुप आफ्ना केही साथीहरूसहित उनले स्कुल छाडिदिए । उनले आफ्नै घर नजिकको तत्कालीन राष्ट्रिय व्यावसायिक माध्यमिक विद्यालय पुरानो टुँडिखेलबाट दोस्रो श्रेणीमा एस.एल.सी परीक्षा उत्तीर्ण गरेका हुन् ।

आइएस्सी अमृत साइन्स कलेज काठमाडौँबाट उत्तीर्ण गरे भने मानविकी तर्फबाट स्नातक तहको शिक्षा पृथ्वीनारायण क्याम्पस पोखराबाट पूरा गरे । आफ्नै घरआँगन छेउको पृथ्वीनारायण बहुमुखी क्याम्पस छाडेर स्नातकोत्तर तह अध्ययनका लागि कीर्तिपुर रोजे । त्यहाँ उनले औपचारिक शिक्षा मात्रै ग्रहण गरेनन्, साहित्यको अध्ययनका लागि विशाल पुस्तकालय पनि फेला पारे । उनले त्रिविवि कीर्तिपुरबाट नेपाली, अङ्ग्रेजी, इतिहास, अर्थशास्त्र, समाज शास्त्रलगायत धेरै विषयमा स्नातकोत्तरसम्मको अध्ययन गरेका छन् । मानविकीका धेरै विषयमा सरुभक्तले हात हाले पनि स्वाध्ययनका माध्यमबाट ज्ञानको अथाह भण्डार भर्न सफल भए । यसको पुस्ट्याइँका लागि उनका दर्जनौँ कृति प्रमाणका रूपमा उभिएका छन् ।

सरुभक्त नै तीक्ष्ण बुद्धि भएका प्रतिभाशाली व्यक्ति हुन् । त्यसमा अझ सामाजिक परिवेशले उनलाई साहित्य लेख्न उत्प्रेरित गरेका हो । हुन त माछापुच्छ्रे, अन्नपूर्ण हिमालको काखमा रहेको पोखराको नयाँ बजारमा जन्म हुनु र सेती नदीको गहिराइ जसरी अध्ययनको गहिराइ पहिल्याउनु सरुभक्तको वेशिष्ट्य नै हो भन्न सकिन्छ । 'मलाई दुईटा सूर्य देऊ' शीर्षकको कविता (२०३४) बाट साहित्यिक यात्रा प्रारम्भ गरेका सरुभक्त हालसम्म आइपुग्दा दर्जनौँ कृति लिएर नेपाली साहित्यमा सतिसाल बनेर उभिएका छन् । लेखनका हिसाबले 'असिना पग्लन्छ' उनको पहिलो एकाङ्की कृति हो । यो पहिलो साहित्यिक रचना २०३० मा गरिएको हो । आह्वान साप्ताहिक पत्रिकामा पहिलो कविता प्रकाशित गराएका थिए । उनका साहित्यिक रचनामा मानवताको रक्षा, बौद्धिकताको प्रदर्शन, कलात्मक काव्यिक भाषा, झिनो अनि सूक्ष्म कथानक, नारी अस्तित्वको खोजी, पात्र प्रयोगमा अमूर्त र नयाँपन, सरल सहज र सुललितता उनका लेखनगत शैलीशिल्प हुन् ।

सरुभक्त साहित्य लेखनका माध्यमबाट मात्रै प्रसिद्ध छैनन्, उनमा संस्थागत साहित्यिक सेवा गर्ने उत्तिकै हुटहुटी छ । मोफसलमा रहेर साहित्यिक शिखरमा पुग्न सक्नु उनको संस्थागत र व्यक्तिगत रुपमा गरिएका साहित्य सेवा नै हो । उनले २०३४ मा पोखरेली युवा नाटक परिवारको स्थापना गरेर संस्थागत कार्यको थालनी गरेका छन् । साथसाथै उनी २०३५ स्थापना भएको युवा नाटक परिवारको संस्थापक पनि हुन् । २०३५ मा संरक्षण कविता आन्दोलनको संयोजक भएर अभियान नै चालेका थिए । यिनले २०५६ मा राष्ट्रिय बाल-प्रतिभा पुरस्कारको संस्थापक भई स्थापना गरेका हुन् । उनले साहित्य लेखनका क्रममा विश्वका दर्जनौँ देशहरुको अवलोकन भ्रमण गरेका छन् । हङ्कङ, भारत, भुटान, कोरिया, अमेरिका, चीन, बेल्जियम, इटली, लक्जेम्बर, इजरायल, फ्रान्स, कतार, मलेसिया, जर्मनी आदि प्रमुख देश हुन् ।

नेपाली साहित्यका बहुमुखी प्रतिभाले सम्पन्न साहित्यकार सरुभक्त विविध विधामा कलम चलाई बहुआयामिकताको पहिचान बनाउन सफल भएका छन् । साहित्यमा २०३४ सालबाट यात्रा सुरु गरेका उनले कविता, कथा, उपन्यास, नाटक आदि विधामा दख्खल राख्दछन् । उनको लेखनका दृष्टिले पहिलो साहित्यिक रचनाका रूपमा '

असिना पग्लन्छ’ भन्ने एकाङ्की भए तापनि प्रकाशनका हिसाबले ‘मलाई दुइटा सूर्य देऊ’ शीर्षकको कविता हो ।

सरुभक्तका कृतिहरू उपन्यासअन्तर्गत पागल बस्ती (२०४८), तरुनी खेती (२०५३), समय त्रासदी (२०५८), चुली (२०६०), अँध्यारो कोठा -बाल उपन्यास (२०६०) छन् । यस्तै कथासङ्ग्रहहरू एक अविनवको आत्मकथा (२०४४), छोरी ब्रह्माण्ड (२०४७), यामागल (२०५४) पदार्थहरूको गीत (२०६३) अन्नपूर्ण पिथेकस (२०६७), विरुपाक्ष र देश (२०७१), विज्ञान कथा (२०७१) आदि छन् भने कवितासङ्ग्रहहरू बोक्सीको आह्वान र घोषणा (२०४०), कवि, प्रेम र पागल (२०५०), प्रयोगशाला भित्र (२०५८), इतरसमय (२०६८) प्रकाशित छन् । खण्डकाव्यहरू कुरूप मसिहा (२०५४), ज्यानमाया (२०५६), कापुरुष (२०५७), मनभरि माटाभरि (२०६१), हजार बुद्धहरू (मुक्तकसङ्ग्रह, २०६१) आदि प्रकाशित छन् । नाटकहरू युद्धः उही ग्याँस च्याम्बर भित्र (२०३७), इतिहास भित्रको इतिहास (२०४१), इथर (२०४३), निमावीय (२०५५), शिरुमारुनी (२०६१), शरणार्थीहरू (२०६३) छन् ।

बाङ्गिएका धर्साहरू (संस्मरणात्मक लेखसङ्ग्रह, २०७२) पनि प्रकाशित छन् । उनले दर्जनौं कृतिहरु कुशलतापूर्वक सम्पादन र प्रकाशनसमेत गरेका छन् । उनी लेखक सर्जक मात्र नभएर एक सशक्त नाट्य कलाकार र निर्देशक पनि हुन् । २०३६ मा मञ्चन गरिएको उनको नाटक एउटा घरको कथा होइन ले तहल्का पिटेको थियो । डढेलोले खाएको वन, इतिहास भित्रको इतिहास, एक अभिनवको आत्मकथा, थाङ्ला, मलामी लगायतका नाटकको लेखन, मञ्चन, अभिनय र निर्देशन गरिएका प्रसिद्ध नाटकहरू हुन् । अझ बढी यिनलाई नेपाली वैज्ञानिक साहित्यकार र दार्शनिक चिन्तकका रूपमा पनि चिनिन्छ । सरुभक्त एक सुप्रसिद्ध गीतकारका रुपमा सुपरिचित छन् । यसमा हङ्कङ पोखरा, भेडी गोठैमा, चाइना कम्पनीलगायतका गीतहरु नेपाली साङ्गीतिक क्षेत्रमा कालजयी भएर गुन्जिरहेका छन् ।

सरुभक्तका मूलभूत प्रवृत्ति र विशेषतामा अस्तिवादी धारालाई आत्मसात गर्दछन् । मानिसलाई नै प्रमुख ठानी उसैको सर्वस्वका प्रकाशनमा रुचि देखाउन सबल छन् । मानिसले आफूलाई चिनाउन वा आफ्ना लागि गर्नुपर्ने सबै काम आफैं गर्ने अर्थात् अरू कोही सहयोगी पाउँदैन् भन्ने मान्यता पाएको छ । पात्रका माध्यमबाट व्यक्त गर्दा मानिसका मनमा उब्जेका एक्लोपन, चिन्ता, भय, मृत्युजस्ता कुरा सधैँ साथमा आएको महसुस प्राय औपन्यासिक कृतिबाट गराइएको छ । उनका रचनालाई अभिव्यक्तिको दृष्टिकोणले हेर्दा अन्तर्मुखीपन, परम्परागत मूल्य प्रदर्शन, काव्यात्मक भाषाको प्रयोगमा रुचि चाहना राख्ने मानवीय प्रकृतिको प्रस्तुतीकरण पाइन्छ ।

कृतिमा नारीका सम्बन्धमा बढी लचिलो देखिन्छ । यसैले नारीवादी चिन्तक पनि हुन् उनी । वेदनाका बिचमा पनि नारी स्वतन्त्रता र अस्मिताको पक्षमा वकालत गरेको पाइन्छ । झिनो कथानकका माध्यमबाट मानवता र विश्वशान्तिको सन्दर्भमा भाव प्रकटीकरण गर्नु उनको लेखनगत वैशिष्ट्य नै हो । कतिपय प्रसङ्गमा जटिलतम भाषाशैलीको प्रयोगले दुर्बोतध्यता निम्त्याए पनि पात्र जीवनका पक्षमा वकालत गरेको भने पाइन्छ । मानव अस्तित्वको खोजी कुनै न कुनै माध्यमबाट उनका साहित्यिक कृतिमा अन्तर घुलन भएर आएकै हुन्छ ।

सरुभक्तले भाषासाहित्यको क्षेत्रमा योगदान पुऱ्याए वापत राष्ट्रिय तथा अन्तर

ाष्ट्रिय स्तरका दर्जनौं मान, सम्मान र पुरस्कारद्वारा सम्मानित तथा पुरष्कृत पाएका छन् । राष्ट्रिय कविता महोत्सव २०३५ मा तृतीय पुरस्कार, अन्तर्राष्ट्रिय अपाङ्गवर्ष २०३८ मा सर्वोत्तम नाटक पुरस्कार, त्रि.वि. साहित्य प्रतियोगिता २०३९ मा प्रथम पुरस्कार, राष्ट्रिय युवा महोत्सव २०४१ मा सर्वोत्तम नाटक पुरस्कार, जि.ए.ए. प्रतियोगिता २०४१ सालमा सर्वोत्तम नाटक पुरस्कार, राष्ट्रिय कविता महोत्सव २०४२ मा ने.रा.प्र.प्र. बाट प्रथम पुरस्कार युवा वर्ष २०४३ सालमा मोती पुरस्कार, गाईजात्रा हास्यव्यङ्ग्य महोत्सव २०४३ मा ने.रा.प्र.प्र. बाट सर्वोत्तम व्यङ्ग्य मुक्तककार पुरस्कार, उपन्यासका लागि २०४८ सालमा मदन गुठी संस्थाबाट मदन पुरस्कार प्राप्त गरेका छन् ।

सरुभक्तले नेपाल जेसिसबाट वि.सं. २०३४ मा बुसाक स्वर्ण पदक सम्मान, राष्ट्रिय महोत्सवमा वि.सं.२०४२ मा ने.रा.प्र.प्र.बाट सर्वश्रेष्ठ नाटककारको पदक, म्युजिक नेपालबाट वि.सं. २०५८ मा सम्मान, वि.सं. २०५८ मा वीरेन्द्र-ऐश्वर्य पदक, पृथ्वीनरायण क्याम्पसद्वारा वि.सं. २०५९ मा स्व.वि.यु. सम्मान, गंकी बसुन्धरा प्रतिष्ठानबाट वि.सं. २०६० मा उपन्यास शतवार्षिकी सम्मान, नेपाली केन्द्रीय विभागबाट वि.सं. २०६२ मा साहित्य कुञ्ज सम्मान, डि. सि. मेट्रो च्याप्टर, वासिङ्टन डि.सि.बाट वि.सं. २०६२ सालमा अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मान, न्युयोर्कबाट वि.सं. २०६३ मा न्युयोर्क कलामञ्च सम्मान, पृथ्वीनारायण क्याम्पसबाट वि.सं. २०६७ सालमा स्वर्ण जयन्ती अवसर सम्मान, कतारबाट वि.सं. २०६९ मा कास्की आदर्श सेवा समाज सम्मान, दोहा कतारबाट वि.सं. २०६९ मा अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मान, दोहा, कतारबाट वि.सं. २०६९ मा, उत्तम शान्ति पुरस्कार, राष्ट्रिय मुक्तक पुरस्कार (२०७४), गोपालप्रसाद स्मृति सम्मान, हेटौडा (२०७४), नवोदित मोबाइल पुस्तकालय सम्मान आदि मानसम्मान प्राप्त गरेका छन् । सिर्जनात्मक योगदानको फलस्वरूप उनी वि.सं. २०६० मा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य र २०७१ भाद्रदेखि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भएका थिए ।

बहुआयामिक व्यक्तित्वका धनी सरुभक्त नेपाली साहित्यका एक मेरुदण्ड नै हुन् । पूर्वीय र पाश्चात्य साहित्यमा विकसित सैद्धान्तिक अवधारणा खोज्दै जाँदा अनेकानेक वैशिष्ट्य प्राप्त गर्न सकिन्छ । मानिसका अनुभूतिका पुञ्ज साहित्य भएर पोखिने हुनाले कृतिलाई केलाउन व्यक्तिका जीवनबोधका पाटाहरु पल्टिन सक्छ । सरुभक्तका कृतिमा अस्तित्ववादी र विसङ्गतिवादी जीवन भोगाइका अनुभूतिहरू अटेसमटेस भएर ओकलिएका छन् । मानव जीवन अनेक सङ्घर्ष र कठिनाइको समुच्चय रुप पनि हो । यसको चित्रण कथा, उपन्यास तथा आख्यान भएर खनिएका छन् । कतिपयका जीवनमा पाशविकवृत्ति हावी हुँदा मानवता संकटमा परेको देखिन्छ । मानवताको खोजी सरुभक्तका कृतिमा अर्न्तघुलन भएर आएका छन् । एक युगमा एक दुई जनाले मात्र मानवताको चुली चढ्ने अवसर पाइरहेका हुन्छन् । मानव जीवनमा मायाप्रेमले बास गर्‍यो भने प्रेमिल प्रवृत्तिले अमरता प्राप्त गर्न सक्छ । उनका कृतिमा जीवनको सुन्दरता र सङ्घर्षशील जीवनको कलात्मक प्रस्तुति पाइने र भेटिने हुनाले मानवतावादका उनी पक्षपोषक हुन् भन्न सकिन्छ ।

प्रकृतिप्रेमी व्यक्तिले कृतिमा पर्यावरणीय क्षेत्र र हिमाली परिवेशको सफल चित्रण गरेका हुन्छ । यस किसिमका कुरा समेट्न

सरुभक्त माहिर देखिन्छन् । प्रकृतिलाई मानवीकृत गर्दै मानवीय नैतिकतामा आएको ह्रासप्रति चिन्ता प्रकट गर्न उनी चुकेका छैनन् । विचार अभिव्यक्त गर्दा अलि जटिल भाषाशैली र अमूर्त पात्रको प्रयोग गर्नु उनको लेखनगत विशेषता पनि बनेको छ । यसले बौद्धिक पाठकका लागि बुद्धिविलास गर्ने मौका मिलेको प्रतीत हुन्छ । उनका आख्यानको आस्वादन गर्दै जाँदा काव्यात्मक पुट भेटिनु भाषिक कलाको नमुना हो । उनका कतिपय कृतिले नारी अस्मिताको पक्षमा वकालत गरेको अनुभूति पाठकहरुले पाउने गर्दछन् । अतः झिनो वा सूक्ष्म कथानकको प्रयोग गरेर विश्वशान्ति र विश्वमानवताको पक्षमा वकालत गर्न सक्नु सरुभक्तको लेखनगत चातुर्यता हो । मानव जीवन बाच्नका लागि खान मात्रै होइन, यसलाई उद्देश्यमूलक र सार्थक बनाउन सक्नुपर्छ भन्ने उनको गहनतम विचार सिर्जनमा पाइनाले लेख्नका लागि मात्रै होइन जीवनका लागि पनि सिर्जना गर्नुपर्छ भन्ने दृढता व्यक्त उनका कृतिमा पाइन्छ ।

सारमा भन्दा २०१२ जन्मेका सरुभक्त नेपाली साहित्यका फाँटमा एक असाधारण व्यक्ति हुन् । जीवनलाई साहित्यमा ढाल्न सक्ने सरुभक्त साहित्य साधक हुन् । उनले नेपाली साहित्यमा कविता, कथा, नाटक, उपन्यासलगायत साहित्यका तमाम विधालाई आत्मसात गरी बहुमुखी प्रतिभाको पहिचान दिन सफल भएका छन् । उनका हालसम्म तीन दर्जन साहित्यिक कृतिहरु प्रकाशित भइसेका छन् । उनको कलमको गति अझै बढी नै रहेको छ । उनका कैयौँ फुटकर रचनाहरुले सङ्ग्रहको स्वरुप लिनका लागि पर्खिरहेका छन् ।

(किहूँ, तनहु)

नारायणीका केही स्रष्टाहरू

(पहिलो भाग पूर्णाङ्क–२२, माघ–चैत, २०५३)

• **रमेशमोहन अधिकारी**

१.**परिचय** : नवप्रज्ञापनको आरम्भ २०५० सालमा भएको थियो । आरम्भताका रहर रहरमा निस्के जस्तो लाग्ने यो पत्रिका बिस्तारै तर निरन्तर हिँडेर आजको अवस्थामा आइपुगेको छ । यो अत्यन्त्यै खुसीको विषय हो । सयअङ्कमा पुगेको यस पत्रिकाको योगदान कुनै पनि साहित्यिक पत्रिकाकोभन्दा कमजोर छैन । विषय केन्द्रित भएर पत्रिकाले दुईदर्जन हाराहारीमा त विशेषाङ्कहरू नै प्रकाशन गरेको छ । यसले अगाडि हिँड्ने बाटोको समेतसङ्केत गर्छ । यो आलेख पत्रिकाको पूर्णाङ्क २२ मा केन्द्रित रहेर तयार पारिएको छ ।

पत्रिकाले समग्राङ्क २२ अर्थात् माघ–चैत्र २०५३ को अङ्कलाई नारायणीका केही स्रष्टाहरू पहिलो भागको रूपमा प्रकाशन गरेको थियो । यो पद्यखण्ड

हो, यसर्थ यहाँ कवि, मुक्तककार तथा गजलकारहरू मात्र समेटिएका छन् । यस अङ्कभित्र २२ कविता, दुई मुक्तक तथा ९ गजल गरी ३३ स्रष्टाका रचनाहरू समेटिएका छन् ।

यहाँ रौतहटका बालमुकुन्द कार्की, सपूत कार्की तथा शीतल गिरीका कविता, हरिकृष्ण काफ्लेको मुक्तक, माधवप्रसाद काफ्ले तथा केशव वाग्लेका गजल; पर्साका धर्मेन्द्र भट्टराई, शान्त बस्नेत तथा चिरञ्जीवी गुरागाईंका कविता, घनश्याम न्यौपाने तथा गोपाल अश्कका गजल; बाराका अच्युत खनाल, जुनु क्षेत्री, ईश्वरराज ढुङ्गेल, निर्दोष कुमार, माधवप्रसाद गौतम, अमानव तथा शिरोमणि अर्यालका कविता, अमर त्यागी तथा बागियान शर्माका गजल; मकवानपुरका भीम विराग, आर.आर.चौलागाईं, केशव श्रेष्ठ 'ज्योति' तथा तीर्थदेवी सिलवालका कविता, साम्ब ढकालको गजल एवं चितवनका नवराज ढुङ्गाना, दुर्गाप्रसाद पोखरेल, सुरेन्द्र अस्तफल, कल्पना कँडेल तथा कमल कँडेलका कविता, रवीन्द्र लामिछानेको मुक्तक एवं गणेश शर्मा तथा गोपाल पौड्यालका गजल छन् ।यहाँ विविध उपविधाका यिनै रचनाहरूलाई सर्सर्ती हेर्न खोजिएको छ ।

२. **कविता** (क) बालमुकुन्द कार्कीको 'कलम रोगाएको छ' कविता यहाँ समेटिएको छ । यो कवितामा विसङ्गत वर्तमानको यथार्थ चित्र प्रस्तुत गरिनुका साथै लेखकहरूले कर्तव्य निर्वाह गर्न नसकेकाप्रति व्यङ्ग्य छ । (ख) शीतल गिरीको 'सहिदकी आमा' कवितामा सहिद बनाउने व्यवस्था अर्थात् पञ्चायती व्यवस्थाप्रति आक्रोश छ । प्रकृतिसँग मानवीय अवस्थाको सम्बन्ध जोड्ने प्रयत्न छ । यसमा हिमालय, पहाड, कोइली, नदी, मयुर आदि प्राकृतिक बिम्बहरू प्रयोग भएका छन् । (ग) शान्त बस्नेतको 'आजको साँढे' कवितामा निरङ्कुश राजतन्त्र जनताका सामु घुँडा टेकी संवैधानिक बन्न स्वीकार गरेको तथा जोसुकैलाई आफ्नो चरित्र बदलिन साह्रै गाह्रो पर्ने हुनाले राजतन्त्रलाई पनि संवैधानिकताभित्र अट्न गाह्रो परेको सन्दर्भ प्रस्तुत छ ।

घ) चिरञ्जीवी गुरागाईंको 'जन्मन गाह्रो भो' कवितामा प्रकृति प्रकृति जस्तो हुन नपाइरहेको, युवतीहरू वेश्यालयमा बेचिनुपरेको, राष्ट्रियताको रक्षा हुन नसकिरहेको, राष्ट्रप्रेमीहरू निरीह हुनपरेको, युवाहरू वैदेशिक रोजगारीमा जानुपरेको तथा कविले बाँच्ने उपक्रममा राष्ट्रप्रतिको जिम्मेवारी पूरा गर्न नसकेको जस्ता यथार्थ ब्यक्तिएका छन । (ङ) अच्युत खनालको 'जब दुख्न थाल्छ' कवितामा मानिसका पीडा ब्यक्तिएको छ । खेतीकिसानी गर्ने मर्कामा पर्ने गरेको यथार्थता प्रस्तुत भएको यस कवितामा परिस्थिति प्रतिकूल भइरहेकाप्रति तथा बेइमानी, महँगी र भ्रष्टाचार बढेकाप्रति असन्तुष्टि पाइन्छ । अनि प्रजातन्त्रको कुरूप पक्ष तथा नेताको अवसरवादिताप्रति व्यङ्ग्य गरिएको छ ।

(च) जुनु क्षेत्रीका दुईओटा कविताहरू छन् । पहिलो कविता 'बोध' हो । त्यहाँ नयाँ जोश र जाँगरसाथ समाज अनि देशलाई अघि बढाउने अभिप्राय छ । उनका कवितामा सामाजिक असमानताका सबै पक्ष हटाउनुपर्ने, पसिनाका मूल्यको खोजी गर्नुपर्ने, शान्तिको सन्देश फैलाउनुपर्ने, नागरिकहरूका मन जितेर अघि बढ्नुपर्ने तथा आफूभित्रका कल्मषहरू फाली उठ्न आवश्यक भइसकेको सन्देश छन् । स्वजागरणको अनुभूति गराउने यो कविता लयात्मक छ । अर्को कविता हो ' अनुभूति ।' यसमा वस्तुस्थिति नबुझ्री अघि

बढ्न खोज्नेहरूप्रति, विसङ्गत वर्तमानप्रति तथा मानिसका स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य छ । (छ) निर्दोष कुमारको 'मेरो देशभित्र' कविता राष्ट्रवादी कविता हो । यस कवितामा आवश्यक परे राष्ट्रका लागि उत्सर्ग गर्ने प्रण छ ।

(ज) माधव गौतमको 'साँप आ सिँढीके खेल' भोजपुरी कविता हो । यस कवितामा लुडो खेलमा हुने सर्प र भऱ्याङको खेललाई राजनीतिसँग तुलना गरिएको छ । राजनीतिमा लुडोका सोझा खेलाडीझैँ सोझासाजा तलै रहने र टाठाबाठा भऱ्याङ छिटै उक्लन सक्ने हाम्रो समाजको यथार्थ प्रस्तुत छ । कवितामा नेताहरूको चरित्रलाई दुईमुखे सर्पसँग तुलना गरिएको छ । (झ) शिरोमणि अर्यालको 'सडकमाथि ओर्लेको साँढे' कवितामा व्यवस्था स्वेच्छाचारी र निरङ्कुश भएकामा व्यङ्ग्य छ । कवितामा साँढे प्रतीकका रूपमा आएको छ ।

(ञ) भीम विरागको 'समय विडम्बना' कवितामा लक्ष्य प्राप्तिका लागि गरेका सङ्घर्षहरू प्राप्तिहीन भएकामा आफैँप्रति असन्तुष्टि छ । आफूले जीवनमा सुख प्राप्त गर्न नसकेको भावना व्यक्त छ । आफ्नै जीवनको समीक्षापरक यो कवितामा मूलतः निराशा व्यक्त छ । उनको कवितामा "सागरको गहिरोपनले सागरलाई सागर बनायो"भन्ने पङ्क्ति भने विशिष्ट पङ्क्ति हो । ट) आर.आर. चौलागाईँको 'आफैँभित्रको उद्घोष' कवितामा मानिसहरूको आर्थिक स्थिति खस्केको, चेलीहरू बेचिनुपरेको तथा यावत् विसङ्गतिहरू बढिरहेका अवस्थामा भएका २०३६ तथा २०४६ का आन्दोलनहरूले समेत मानिसहरूका दुःख, व्यथा हटाउन नसकेका; बलात्कार, हत्या, हिंसा, बेरोजगारी, शोषण तथा स्वेच्छाचार जारी नै रहेका, राजतन्त्रको निरङ्कुशता ब्युँताउने षड्यन्त्र भइरहेको तथा पाखा पारिएका मण्डलेहरू पनि पुनः सल्बलाउन थालेको अवस्थाप्रति चिन्ता पाइन्छ ।

(ठ) केशव श्रेष्ठ ज्योतिको 'प्रतिप्रश्न' कवितामा आस्थाको सपनामा प्रहार भएको भाव अभिव्यक्त भएको छ भने आस्थाको केन्द्र नै विचलित भएकामा तीक्ष्ण व्यङ्ग्य छ । आस्थामा प्रहार गर्नेहरूबाट सजग रहनुपर्ने सन्देश छ । (ड) तीर्थदेवी सिलवालको 'घाम उदाएपछि' कवितामा २०४६ को आन्दोलनले आफ्नो उपलब्धिका रूपमा परिवर्तन ल्याउन नसकेकामा छक्क परेको र दुःखी भएको अवस्था व्यक्त छ । सामाजिक असमानताप्रति असन्तुष्टि ब्यक्तिएको छ । कविता निराशाजनक छ । (ढ) नवराज ढुङ्गानाको 'देश ....'कवितामा राष्ट्रियता हराउन लागेको, एकनासले बढिरहेको मूल्यवृद्धिप्रति तथा मानिसहरूको ध्यान कर्तव्यभन्दा पनि ब्यक्तिवादतर्फ आकर्षित हुन थालेकामा चिन्ता छ ।

(ण) दुर्गाप्रसाद पोखेलको 'म' कवितामा मानिसको वैयक्तिक क्षमता तथा वास्तविक परिचय खुल्न नपाइरहेको यथार्थ छ । उपनिषद्को 'अहं ब्रह्मास्मि' मूलमन्त्र रहेको यस कवितामा मानिसको परिचय हराइरहेकाप्रति व्यङ्ग्य छ ।.(त) सुरेन्द्र अस्तफलको 'आफ्नै भूगोलमा हराएको देश' कवितामा माओवादी युद्धकालमा नागरिकहरू बिच परस्परमा अविश्वास बढ्न थालेको कटु यथार्थ छ । साथै बाह्य हस्तक्षेपको तीव्र सम्भावनाको आँकलन छ । देश देश जस्तो हुन नपाइरहेको, देशको सांस्कृतिक पहिचान गुम्दै गएको, मुलुकमा व्याप्त हिंसाले नागरिकहरूमा असुरक्षाको भावना बढाईरहेकोप्रति पनि चिन्ता व्यक्त भएको छ । (थ) कल्पना कँडेलको कविता 'स्मृति'को 'ह्विस्कीको कपभित्र बितेको जिन्दगी' हो । यस कवितामा पिउँदाको प्रसङ्ग आएको छ । (द) कमल कँडेल 'प्रकृति'को कविता '

आमा' हो । यसमा आमाको ग्रामीण दैनिकी प्रस्तुत गरिएको छ ।

३. **मुक्तक र छोटा कविता** (क) सपूत कार्कीका चारओटा छोटा अर्थात् हाइकु शैलीका कविता यहाँ समेटिएका छन् । ' शासन' शीर्षकको कवितामा शासकहरूको स्वार्थान्धताप्रति व्यङ्ग्य पाइन्छ, 'प्रजातन्त्र' मा गासको समस्या टार्न नसकेकामा सरकारप्रति तीक्ष्ण व्यङ्ग्य छ । 'विचारक' मा चियागफ दिने तथा सामान्य आर्थिक अवस्थाको मानिस पनि दार्शनिक देखिन खोज्ने प्रवृत्तिप्रति व्यङ्ग्य छ । राष्ट्रिय खानाको उपेक्षा गरिएकोमा यस कवितामा सामन्ती चिन्तन प्रस्तुत भएको छ । 'शान्ति' शीर्षकको कवितामा विडम्बनाहरूप्रति व्यङ्ग्य तथा बोक्रे आदर्शको पर्दाफास देखिन्छ ।

(ख) यहाँ हरिकृष्ण काफ्लेका तीनओटा मुक्तक समेटिएका छन् । 'तिमी' शीर्षकमा अहङ्कारी, क्रूर तथा आततायी शासकप्रति व्यङ्ग्य पाइन्छ, 'भूल' मा तृष्णा, पीडक प्रवृत्ति तथा अहङ्कारप्रति छ, यसै गरी 'साथी' मा गठबन्धनप्रति व्यङ्ग्य छ । यो कविता आशावादी छ । ग) यहाँ धर्मेन्द्र भट्टराईका तीनओटा कविताहरू छन् । ' अस्तित्व' प्रतीकात्मक कविता हो । यसमा वैदेशिक रोजगारीको पीडा छ, विपन्न जीवन जिउनुपरेकाहरूको अवस्थाप्रति असन्तुष्टि छ । 'मान्यता' कवितामा अरूका क्षमता स्विकार्न नसक्ने तथा परिवारवादप्रति तीक्ष्ण व्यङ्ग्य छ । 'धर्म' मा मानिसका जीजिविषाको अभिव्यक्ति छ । हिन्दू सांस्कृतिकता तथा आध्यात्मिकताप्रति विश्वास छ । बाँच्नका गाह्राले आत्महत्या रोज्नेप्रति, आडम्बर तथा अर्थमोहप्रति व्यङ्ग्य छ ।

घ) यहाँ ईश्वरराज ढुङ्गेलका दुईओटा कविता छन् । 'तिहार' कवितामा तिहार दुष्टबाट रक्षा गरिमाग्न होइन, दुष्टहरूसँग भिड्ने सामर्थ्यको अभिप्रेरणाका लागि आवश्यक रहेको कुरा औँल्याइएको छ । 'सावधानमा पुरुषहरूले लैङ्गिक अहम् त्याग्नुपर्ने अभिप्राय छ । (ङ) अमानवका 'केही छेस्का' मा पाँचओटा साना कविताहरू समेटिएका छन् । 'मेरो खाँचो' मा प्रेमको अपेक्षा गरिएको छ । 'मेरो भन्नु र रोज्नु' मा मानवता, प्रजातन्त्र, मानव अधिकार र समानताका साथै मानव जीवनको सार्थकताको खोजीएको पाइन्छ । यस कविताका आधारमा कवि सङ्घर्षप्रिय लाग्दछन् । 'इच्छा र पूर्ति' मा प्रकृति संरक्षणको अपेक्षा छ, 'मेरो श्रद्धा' मा मार्गदर्शक, प्रियतमा, ज्योत्सना तथा देवीप्रति कृतज्ञता छ । यसै गरी 'मेरो स्वागत' मा प्रियतमा, सुन्दरी तथा स्वप्नदेवीप्रति कृतज्ञता छ । (च) रवीन्द्र लामिछानेको 'छोटो मुक्तक' मुक्तकभन्दा पनि छोटो कविता प्रकारको छ । यसमा फेसनप्रति व्यङ्ग्य छ ।

४. **गजल** (क) माधव काफ्ले उनको पहिलो गजलमा आदर्श स्थापनाको प्रयत्न, उपकार गरिएकाबाट कृतघ्नताको सम्भावना, ईर्ष्या र अहङ्कार त्याग्न आग्रह तथा मानवीय सम्बन्धको खोजी पाइन्छ । दोस्रो गजलमा जीवन बिते जसरी नै बित्दा फरक नपर्ने कुरा औल्याउँदै स्वार्थी प्रवृत्तिप्रति तीक्ष्ण प्रहार गरिएको छ । (ख) केशव वाग्लेका दुवै गजल वियोगी हुन् । पहिलो गजलमा छाडी जानेप्रति व्यङ्ग्य पाइन्छ । दोस्रो गजलमा 'घर्मै' काफियाको प्रयोग जबर्जस्ती भए झैँ लाग्छ ।

(ग) घनश्याम न्यौपाने 'परिश्रमी'को पहिलो गजल पाँच सेरको छ । यसमा निस्वार्थताको अपेक्षा, आदर्श प्रेमको पक्षधरता, सादा जीवनको चाह, वियोगको पीडा तथा पारिवारिक खुसीको अपेक्षा गरिएको पाइन्छ । यो गजल कोमल छ ।

दोस्रो गजल चार सेरको छ । आफ्नो जीवन पूर्ण नभएकाप्रति असन्तुष्टि, आफू साधन मात्र बन्नुपरेको यथार्थताबोध तथा साहित्यिक चोरीप्रति असन्तुष्टि पाइन्छ । यसै गरी चोर नै पुजिने संस्कार तथा श्रमशील र कर्मनिष्ठहरू उपेक्षामा पर्नुपरेकाप्रति व्यङ्ग्य पाइन्छ ।

(घ) गोपाल अश्कको भोजपुरी भाषाका 'दुई गजल' मध्ये पहिलोमा स्वार्थान्ध समाजप्रति असन्तुष्टि तथा जीवन जिउन गाह्रो परेको यथार्थता प्रस्तुत छ । दोस्रोमा मानिसको शोषण गर्ने प्रवृत्तिको प्रस्तुति छ भने आजका मानिसको आडम्बरी प्रवृत्तिप्रति व्यङ्ग्य छ । (ङ) अमर त्यागीका 'दुई गजल' मध्ये पहिलोमा आत्मपीडा छ । आफू सङ्लो र सदाशययुक्त अभिव्यक्ति छ । दोस्रो गजल कुण्ठाको अभिव्यक्ति हो । यसमा विसङ्गतिहरूप्रति असन्तुष्टि तथा धोका दिनेप्रति व्यङ्ग्य छ । रूपक अलङ्कारको प्रयोगले गजल सुन्दर बनेको छ ।

(च) बागियान शर्माका दुई गजल छन् र ती दुवै चार चार सेरका छन् । पहिलोमा देशमा राजनीतिक परिवर्तन आए पनि जनताका पीडा उस्तै रहेकोमा चिन्ता छ । अवसरवादप्रति व्यङ्ग्य छ तथा विसङ्गतियुक्त व्यवस्था परिवर्तनका लागि आह्वान छ । दोस्रोमा सृजनाको चाह छ । धोका दिनेहरू नै बढी रहेको र आफूले गर्न चाहेका कुरा नपाएकाप्रति असन्तुष्टि छ । साथै आफ्नो प्रतिष्ठा ख्याल नगर्ने तथा अवसरवादी प्रवृत्तिप्रति व्यङ्ग्य छ ।

(छ) साम्ब ढकालको गजलमा मानिसमा बेइमानी र सामाजिक असमानता निरन्तर बढोत्तरी भएकामा चिन्ता पाइन्छ । अनि शोषणको पराकाष्ठाप्रति, समानताको उल्टो भाषणप्रति तथा मानवता हराउँदै गएकाप्रति तीक्ष्ण व्यङ्ग्य छ । (ज) गणेश शर्माको गजलमा खतराबाट बचेको आभास, सहजताको खोजी तथा स्वतन्त्रताको पक्षधरता पाइन्छ । यसै गरी अवसरवादप्रति व्यङ्ग्य पाइन्छ । गजल शृङ्गारिक तथा प्रतीकात्मक छ । (झ) गोपाल पौड्यालको गजल सहरिया विसङ्गतिहरूप्रति लक्षित छ । भ्रष्टचार तथा महँगी बढिरहेकामा असन्तुष्टि छ । यसै गरी सहरिया आडम्बर तथा स्वाभिमान गुमाउनेहरूप्रति व्यङ्ग्य छ ।

५. **परिक्रमा** यस स्तम्भमा निर्दोष कुमारद्वारा कृति समीक्षा प्रस्तुत गरिएको छ । यसमा निबन्धकार श्यामप्रसादका कृतिहरू परेका छन् । पहिलो कृति '१९९५ का रचनाहरू' हो । यो श्यामप्रसादका सन् १९९५ मा प्रकाशित सम्पूर्ण रचनाहरूको सँगालो हो । दोस्रो समीक्षित कृति 'गाउँमा जाँचबुझ गर्ने बारे' हो । यो चीनका कम्युनिस्ट नेता माओ त्से तुङले येनानमा दिएको प्रवचनको नेपाली अनुवाद हो । यस सँगालामा यी दुवै पुस्तकको परिचयात्मक र गुणग्राही समीक्षा गरिएको छ ।

६. **निष्कर्ष** निश्चय नै यस अङ्कमा नारायणी अञ्चल जन्मथलो वा कर्मथलो भएका सम्पूर्ण स्रष्टा समेटिएका छैनन् र यस्तो प्रायः सम्भव पनि हुँदैन । कसैसँग सम्पर्क हुँदैन, कसैले दिन जाँगर लगाउँदैनन् र पत्रिकाको आकारको पनि आफ्नै खालको सीमा हुन्छ । त्यसो हुँदाहुँदै पनि यसले नारायणी अञ्चलका कविहरूलाई एक ठाउँमा समेट्न गरेको प्रयास स्तुत्य छ । यसको निम्ति पत्रिकालाई धन्यवाद भन्नुपर्छ ।

अन्त्यमा बारा जिल्लाबाट विगत तीस वर्षदेखि निरन्तर प्रकाशित भइरहेको साहित्यिक पत्रिका नवप्रज्ञापन यही वि.सं २०८० साल वैशाखबाट ३१औँ वर्षमा प्रवेशका साथ शताङ्क प्रकाशित गर्न लागेकामा बधाई तथा शुभकामना दिँदै त्यसपछि पनि यसको निरन्तरताको कामना गर्दछु ।

(च.पुर, रौतहट)

श्यामप्रसादका रचना

(पूर्णाङ्क २७, जेठ २०५५)

• वासुदेव अधिकारी

नवप्रज्ञापनको वर्ष ६ (फागुन ०५४-जेठ ०५५) मा नेपाली प्रगतिवादी साहित्यका धरोहर श्यामप्रसाद शर्माले सं १९९४ मा रचना गरेका २१ वटा लेखहरूको सँगालो 'सही र गलत प्रवृत्तिहरू'शीर्षकको पुस्तक सङ्गृहीत रहेको छ। कुल ६० पृष्ठ भएको यस सङ्ग्रहभित्र मेरो पहिलो कवितासङ्ग्रह 'समयका स्वरहरू'को समर्पण खण्डको उल्लेख तथा 'लहर' पत्रिकामा आफैँले प्रकाशित गरेको 'साहित्यिक फाँटका मेरा केहीधारणा' फेला परेको सुखद् संयोग पनि जुरेको छ।

विशेषाङ्कको रुपमा प्रकाशित सो लेख सङ्ग्रहमा निबन्ध, वैचारिक लेख, संस्मरण र भूमिका/समीक्षा आदि आएका छन् । श्यामप्रसाद शर्मालाई समग्र रुपमा पढ्न नभ्याउनु भएका पाठकहरूका लागि सं. १९९४ मा लेखिएको यो विशेषाङ्क नमुना सामग्रीको रुपमा रहेको प्रतीत हुन्छ। यसमा उनको साहित्यिक चिन्तन, साङ्गठनिक व्यक्तित्व, मिलनसार व्यक्तिगत स्वभाव, वैज्ञानिक दर्शनयुक्त राजनीतिक धारणा, समाजको सर्वतोमुखी विकास र उन्नयनको लागि अवलम्बन गर्दै आएको फराकिलो एवम् सकारात्मक सोच, ००४ सालतिरको जेल बसाइको इतिहास, प्रगतिशील लेखक सङ्घ स्थापनाको प्रसङ्ग, बीरगञ्ज क्षेत्रमा हुर्किएको बाल्यकाल, भूमिगत जीवन बिताउँदाको क्षण, ०४६ साल पछिको रचनात्मक क्रियाशीलताआदि समाविष्ट भएको देखिन्छ।

सामान्यतया श्यामप्रसाद शर्मा खिरिलो तर गुनिलो रचना लेख्छन् । उनी विचारमा स्पष्ट छन् । उनको विचारमा सिद्धान्तको सीमा भए पनि ती विचारहरू हाम्रै व्यवहारको माटोमा उम्रिने गर्छन् । श्यामप्रसाद ६५ वर्ष हुँदा लेखेको यो सङ्ग्रह पढ्दा आफू ६५ वर्ष हुँदा यति होस, सन्तुलन तथा विचारशील भई अभिव्यक्त हुन सकिएला त ? दभन्ने प्रश्न मनमा बारम्बार उठ्ने गर्छन् । आयामतर्फ वर्ष दिनमा श्यामप्रसादले जम्मा ६० पृष्ठ मात्र रचना गर्नु कम लागे पनि पोषण तथा गुणवत्ताको दृष्टिले उनका रचनापठनीय, सङ्ग्रहणीय रहेको देखिन्छ।

सङ्ग्रह वा विशेषाङ्कमा सङ्गृहीत रचनामध्ये दईवटा निबन्ध, 'उनीकति राम्री ? 'तथा' मायाप्रीति' उम्दा स्तरका छन् । महिला केन्द्रित ती दुई निबन्धमा लेखकले माया, प्रेम, बिबाह लगायतका सन्दर्भमा स्पष्ट र सन्तुलित विचार राखेका छन् ।

दुबै निबन्ध उत्कृष्ट छन् । 'उनीकति राम्री ?' निबन्धमा निबन्धकारले महिला रुप तथा सौन्दर्यको खानी भएर पनि तिनको व्यवहार तथा चालचलन असल भएन भने तिनलाई राम्रो भन्न सकिँदैन । अर्थात् तिनको व्यवहारलाई अपनाउन सकिदैन भन्ने सन्दर्भ कोट्याएका छन् । त्यसै गरी 'मायाप्रीति' निबन्धमा आत्मिक सम्बन्ध भौतिक सम्बन्ध भन्दा दिगो हुन्छ, चिरस्थायी हुन्छ भन्ने विषयलाई पनि अनेक प्रसङ्गल्याई पुष्टि गरेका छन् । निबन्धकारले मन मिल्यो र बिहे गर्ने प्रतिबद्धता छ भने बिबाह अघि पनि शारीरिक सम्बन्ध हुन सक्छ, परिस्थिति हेरी पारपाचुके तथा पुनर्विवाह गर्न सकिन्छ भन्ने विचार अभिव्यक्त गरेका छन् ।

लेख रचना/सङ्ग्रह वा विशेषाङ्कको अर्को महत्वपूर्ण सामग्री संस्मरणात्मक लेखहरू हुन् । गुप्तवासका श्रृङ्ग्लाबद्ध चार संस्मरण, 'विद्यालय बेलाका केही सम्झना' र 'स्वास्थ्य सम्बन्धी मेरा रचना' आदिमा नेपाली समाज, राजनीति, शिक्षा तथा स्वास्थ्य क्षेत्र आदिको ऐतिहासिक झलक, तत्कालीन परिवेशको चित्रणका साथै ऐतिहासिक व्यक्तिको योगदानका बारेमा एक पसर उज्यालो पाउन सकिन्छ । 'विद्यालय बेलाका केही सम्झना' सानो भइकन पनि चहकिलो संस्मरण हो । गुप्तवासको संस्मरणले श्यामप्रसाद राजनीतिक दलको मुख्य सङ्गठक रहेका, त्यस क्रममा भेला, बैठक तथा प्रशिक्षणहरू हुने गरेको, उनी जनताको घरमा सुरक्षित रहेका, त्यस क्रममा सेल्टरदाता परिवारसँग, खासगरी साना बालबालिकासित उनी साथी बनेर बसेका, त्यही सन्दर्भमा साहित्यिक रचना हुने गरेको एवम् उनका पार्टी गतिविधिको प्रतिवेदन उनले नै तयार गर्ने गरेका र त्यो साहित्यिक खुराकको रुपमाउपयोग हुने गरेको स्पष्ट देखिन्छ । उनलाई पार्टीले नेताभन्दा पनि साथीको रुपमा परिचित गर्ने गरेको व्यहोरा गुप्तवासको सम्झना- ४ मा उल्लेख छ । यी चार संस्मरणले श्यामप्रसादको गुप्तवासको अवधि कहिले सामान्य त कहिले विशिष्ट काम गरी बितेको स्पष्ट पार्दछन् । साना बालबालिकाबाट सिक्ने उनको वानी घतलाग्दो देखिन्छ । जनआन्दोलन देखिका मेरा रचना, गतिविधि र मूल्याङ्कनः १ ले उनको लेखाइ पढाइको आयाम बुझ्न मद्दत पुऱ्याएको छ ।

विचार प्रवाह श्यामप्रसादको लेखनको विशेषताहो । उनले यस सङ्कलनमा घर परिवार, साहित्यिक क्षेत्र, माया प्रेम, दसैं तिहारजस्ता चाडबाड मनाउने तौरतरीकाका बारेमा आफ्नो स्पष्ट र सन्तुलित धारणा राखेका छन् । सङ्कलनमा साना तथा मझौला आकारका करिबसातवटा लेख छन् । तीमध्ये हाम्रो 'परिवार राम्रो परिवार', 'सही र गलत प्रवृत्तिहरू', 'साहित्यिक फाँटका मेरा केही धारणा' तथा 'प्रगतिवादी साहित्यको प्रगति'मननीय रचना हुन् । श्यामप्रसादका बुझाइ तथा विश्लेषण कति मिहिन र व्यावहारिक हुन्छ भन्ने चाल पाउन यी चार रचना पर्याप्त देखिन्छन् । सामान्यतया अरु प्रगतिवादी लेखकले नजर अन्दाज गर्ने परिवार, स्वास्थ्य, बालबालिका तथा महिला सम्बन्धी विषयमाउनको चासोयुक्त चर्चा, पढ्दा सामान्य लागे पनि दिगो मूल्यको प्रतीत हुन्छ । उनले परिवार वर्षको सन्दर्भमा बनाएको योजना अन्तर्गतको अर्थनीति, कामको बाँडफाँड, नाता कुटुम्ब नीति, परिवारमा आपसको सम्बन्ध, परिवार समिति, योजना, रक्षानीति, शिक्षानीति, शिष्टाचार नीति, श्रमनीति, स्वास्थ्यनीति र

सल्लाहकार गरी तर्जुमा गर्न सुझाएका १२ वटा नीति उन्नत चेतना र समझदारीका उपज हुन् । त्यसै गरी प्रगतिवादी साहित्यको प्रगतिको सन्दर्भमा उनले सुझाएका १. कक्षा सञ्चालन, २. लेख्नुअघि र लेखिसकेपछि, ३. बजारको व्यवस्था, ४. साहित्यकार र कलाकारको सम्बन्ध, ५. परिवार नाता र छिमेकी, ६. क्षेत्र, संस्था र विषयको आधारमा काम, ७. विषयको आधारमा प्रचार, ८. विशेषज्ञहरूलाई मान्यता, ९. संयुक्त प्रयत्नमा बल, र १०. परिस्थितिका दुई पक्ष वषयक परिचर्चा मननीय रहेका छन् । उनका वैचारिक रचनामा वर्गीयता प्रखर रुपमै आएको देखिन्छ । नारी पुरुषको सहसम्बन्ध र हार्दिकता उनको चासो र विश्लेषणको पक्ष रहने गरेको छ, जुन यस सङ्ग्रहको पनि विषय बनेको छ ।

यस सङ्कलनमा शीतल गिरी तथा कुमार अंशु (नन्दकुमार सुब्बा) को खण्डकाव्य, तीर्थादेवी सिल्वालको कविता सङ्ग्रहको भूमिका/मन्तव्य तथा साहित्य सन्ध्या, पर्सालाई दिएको शुभकामना लगायतका सामग्रीले श्यामप्रसाद आम लेखक समुदायसँग सन्निकटमा रही अरुलाई लेखन तथा अभियानमा प्रेरित गर्ने अभिभावक हुन् भन्ने पनि खुलस्त हुन्छ । उनले व्यक्ति चर्चाको क्रममा साहित्यकार लीला उदासीको बारेमा पनि कलम चलाएका छन् । उनका यी २१ वटा रचना काठमाडौँ, हेटौँडा र वीरगञ्जमा रहँदा-पुग्दा लेखिएका देखिन्छन् ।

लेखिएका रचना हराउनु वा जगेर्ना गर्न नसक्नु आज धेरै लेखकको विशेषता बन्दै गएको छ । यसबाट हामी पनि मुक्तहुन सकेका छैनौँ । श्यामप्रसाद आफ्नो रचना जतन गर्न सक्ने संयमी साहित्यकार हुन् । नवप्रज्ञापनको विशेषाङ्कको रुपमा आएको सं. १९९४को यस सङ्कलन त्यही जतन गराइको प्रमाण हो । कम्तीमा पनि त्यस वर्षको उनको रचना हराउन पाएन । यस प्रकारको वार्षिक प्रकाशन अरु केही वर्ष पनि प्रकाशित भएका छन् ।

लामो गुप्तबास, पाको उमेर र नयाँ परिवेशसँग भएको नवीन साक्षात्कारको कारण उनको रचनामा जति नयाँ परि स्थितिको विश्लेषण हुनु पर्ने हो त्यति हुन सकेको छैन । यो नै श्यामप्रसाद शर्माको लेखनको सीमा हो । ०४६ सालको परिवर्तन पछि मुलुकले भोगेको नयाँ चुनौतीको चर्चा तथा नयाँ परिवेशको स्पर्श अलि बढी भित्र्याउन सकेको भए पाठक मन अरु फुरुङ्ग हुने थियो । यसमा प्रकाशकको भन्दा लेखकको जिम्मबारी बढी हुन्छ ।

खासमा नवप्रज्ञापनले आफूले यात्रा थालेको प्रारम्भिक कालमै मूर्धन्य साहित्यकार श्यामप्रसादको एक वर्षे लेखनलाई समेटी विशेषाङ्क प्रकाशन गरेर नेपाली साहित्यलाई ठुलो गुन लगाएको छ । पत्रिकाको सम्पादकीयमा भनिएझैँ 'सही र गलत प्रवृत्तिहरू' नामक कृतिभित्र बिभिन्नप्रकारका परिकारहरू छन् र तिनीहरू अनेक आस्वादका, मिठासका र विचारका लाग्छन् । साहित्यिक पत्रिकाले कुनै विषय वा विधामा विशेषाङ्क निकाल्नु आफैँमा स्तुत्यकाम हो भन्ने विषयलाई यस विशेषाङ्कले चरितार्थ गरेको छ ।

श्यामप्रसाद रचनाहरू समेटिएको यो विशेषाङ्कका बारेमा लेख्दालेख्दै म निक्कै तल आइपुगेको छु । विगत ३० वर्षदेखि बारा जिल्लाबाट प्रकाशित भइरहेको नवप्रज्ञापनका ९९ अङ्कहरू प्रकाशित भइसकेका छन् । २०८० सालको

वैशाखमा सयौँ अङ्क प्रकाशनका तयारीमा रहेको यो पत्रिका सोही अङ्कदेखि ३१ औँ वर्षमा प्रवेश गर्दै छ । साहित्यिक पत्रिकाको यस खालको गतिलाई हामी सबैले आदर गर्नु अति आवश्यक छ ।

वर्तमानमा साहित्यिक पत्रिका प्रकाशन त्यति सहज छैन तथापि हिजैदेखि प्रकाशन थालिएका पत्रिकाहरू जसोतसो प्रकाशित भइरहेछन् । यसमा कुन मनस्थितिले काम गरेको छ त्यो भने खोजीको अर्को पाटो हो । नयाँ दर्ता हुनेक्रम अत्यन्तै पातलो भए पनि पुरानाहरू हिँडिरहेका छन् । यही कारण झण्डै ६२ वर्षदेखि रचना, ५३ वर्षदेखि अभिव्यक्ति, ४० वर्षको हाराहरीदेखि तन्नेरी, जनमत, श्रृङ्खला, लहर र दायित्वलगायतका पत्रपत्रिकाहरू प्रकाशित भइरहेका छन् । भाषा साहित्यप्रेमीहरूका लागि यो सन्तोषको विषय हो ।

अन्त्यमा विभिन्न मातृभाषाहरूमा लेखिएका रचनाहरूलाईसमेतयथोचित स्थान दिँदै समय समयमा विशेषाङ्क समेत प्रकाशित गरिरहेको नवप्रज्ञापनको शतक अङ्क प्रकाशित हुन लागेकोमा यसलाई हार्दिक बधाई तथा शुभकामना भन्दै यो लेखको बिट यहीँ मार्न चाहन्छु ।

(सुनौलाबजार, धादिङ)

नारायणीका सष्टाहरू

(दोस्रो भाग, पूर्णाङ्क २९, असोज २०५६)

- **डा.पुष्करराज भट्ट**

नवप्रज्ञापन नेपाली साहित्यिक पत्रकारिताको क्षेत्रमा महत्वपूर्ण स्थान राख्ने पत्रिकाको नाम हो । मोफसलबाट प्रकाशित यस पत्रिकाले नेपाली वाङ्मयको विकासमा महत्वपूर्ण भूमिका खेलेको छ । नेपालभित्र मात्र नभएर नेपालबाहिर पनि यसले आफ्नो भूमिका विस्तारित गरेको छ । वि.स. २०५० सालमा नितान्त वैयक्तिक प्रयासबाट प्रारम्भ भएको यस पत्रिकाले तीन दशकका अवधिमा थुप्रै लेखकका रचनाहरूलाई स्थान दिएको छ । वर्ष ७, पूर्णाङ्क २९, २०५६ को सम्पादकीयमा सम्पादक नवराज रिजालले "विक्रमको २०५० देखि आफ्नो क्षेत्रबाट भाषा र साहित्यमा केही गरौं भन्ने ध्येयले यसको प्रकाशन सुरु भएको" विचार व्यक्त गरेका छन् ।

"नितान्त व्यक्तिगत इच्छाले जन्मिएको पत्रिकाले धेरैबाट माया, स्नेह, सुझाव र सल्लाह पाएको" सम्पादक रिजालको कथनबाट पनि पुष्टि हुन्छ । नवप्रज्ञापन नेपाली साहित्यको एक प्रिय पत्रिका हो । यस पत्रिकाले नेपाली भाषाका देशविदेशका अनेकन स्रष्टाहरूलाई स्थान दिनुका साथै

विभिन्न मातृभाषी रचनालाई पनि स्थान दिएको छ । यस पत्रिकामा रचना प्रकाशित भएका स्रष्टा देशका विशिष्ट विद्वानका साथै नवप्रतिभा पनि रहेका छन् । राष्ट्रका अति सम्मानित सष्टा निर्माणमा नवप्रज्ञापनको महत्वपूर्ण भूमिका रहेका कुरा सर्वविदितै छ । यो सामान्य किसिमले निरन्तर प्रकाशित भइरहेको मात्र छैन समय समयमा विशेषाङ्कहरू पनि प्रकाशन गरिरहेको छ ।

यस अघि प्रवेशाङ्कसहितछ अङ्कहरू विशेष अङ्कका रूपमा प्रकाशित यो पत्रिकाको वि.स. २०५६ प्रकाशित् २९औं अङ्क सातौं विशेष अङ्क हो । नारायणीका स्रष्टाहरू, दोस्रो भाग, गद्य खण्डका रूपमा प्रकाशित यो अङ्लाई यहाँ अध्ययन गर्ने प्रयास गरिएको छ । नारायणीका स्रष्टाहरू, दोस्रो भाग, गद्य खण्डमा ३८ लेखकका ३८ रचना प्रकाशित छन् । यस अंङ्कमा अच्युत खनाल, डा. केशवप्रसाद उपाध्याय, गोविन्द भट्ट, गोविन्द गिरी प्रेरणा, क्या. जनकबहादुर राणा, डा. भीमचरण थापा, रमेशमोहन अधिकारी, राम पराजुली र मुकुन्द आचार्य गरेर ९ जना लेखकका संस्मरण प्रकाशित छन् ।

यस अङ्कको पहिलो रचना अच्युत खनालको **खोइत्यो पोको** हो । यसमा उनले जागीरे जीवनका अनुभूतिलाई प्रस्तुत गरेका छन् । संस्मरणमा उनले बर्दियाको राजापुरबाट सर्लाहीमा सरुवा भएर जाँदाको यात्रा अनुभूति, यात्राका कठिनाइ,श्रीमती बालबच्चासँगको यात्राका असहजता, यात्राका क्रममा नाउ, ट्रेन, पैदल यात्राका अनुभूतिलाई सजीवताका साथ प्रकट गरेका छन् । नेपालमा यातायातका साधनको अभाव, भारतको गोरखपुर, मुजफ्फपुरको यात्रा आदिलाई उनले कलात्मक तरिकाले व्यक्त गरेका छन् । यात्रामा सामान छुटेको प्रसङ्गसँगै संस्मरण टुंगिएको छ ।

डा. केशवप्रसाद उपाध्यायको **त्यो एक रहस्मयी घटना** संस्मरण लेखमा आफ्नो घरमा आश्रय लिएकी एक विधवा महिलाको जीवनससँग सम्बन्धित घटना प्रस्तुत छ । यस लेखमा विधवा महिलाले मृत्युपछि पनि भूत बनेर तर्साएको, आफ्नो अतृप्त इच्छा पुरा भएपछि बिमार बूढा मानिसलाई छोडेको घटना आएको छ । गोविन्द भट्टको संस्मरणमा भारतीय विद्वान राहुल सांकृत्यान सम्बन्धित आफ्ना अनुभूति रहेको छ । आफूले राहुललाई गौर स्कुलको विद्यार्थी हुँदा पढेको, सन् १९५६, ५७ मा दुई घण्टा लामो भाषण सुन्ने अवसर प्राप्त गरेको, उनी सरल र सहज विद्वान भएको संस्मरण रहेको छ ।

गोविन्द गिरी प्रेरणाले **जब हामी चढेको ढुंगामा प्वाल पऱ्यो** संस्मरणमा वि.स. २०३९ मा पोखरामा भएको टिकटमा मुक्तक कार्यक्रमको चर्चा गरेका छन् । उनले डुंगामा चढ्दा डुंगामा प्वाल परेको, उषा र शम्भुले अंजुलीमा पानी उठाउँदै पानी बाहिर फालेको र डुंगा बिसौनीमा पुगेको घटनालाई प्रस्तुत गरेका छन् । क्या. जनकबहादुर राणाको अतीतलाई छोट्याउँ कसरी ? संस्मरणमा मानिसका गलत आनीबानी र व्यवहारलाई प्रस्तुत गरिएको छ । यसमा उनले एक इमान्दार चोरको चर्चा गरेका छन् । आफूले चोरेको जानकारी दिँदै चोरेको सामान फिर्ता दिने कार्यको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यसमा उनले किताब चोर्ने राजदुत र पशुको आहारामाथि भ्रष्टाचार गर्ने नेताका गतिविधिलाई प्रस्तुत गरेर गलत पात्र तथा प्रवत्तिको आलोचना गरेका छन् ।

डा. भीमचरण थापाको **पैंचालिस वर्ष अगाडिका केही अनुहारहरू**मा पैंचालिस वर्षपछि आफ्नो जन्मस्थान पुगेको,

पुराना आफ्ना साथीभाइ तथा इष्टमित्र भेटेको र उनीहरूको जीवनमा आएको परिवर्तनलाई देखेको घटनालाई व्यक्त गरिएको छ । यस संस्मरणमा समयसँगै मानिसका जीवनमा अनेकन सुखद्, दुखद् घटना घटेका र ती घटनाका प्रभावले मानिसको जीवनमा आएको परिवर्तनलाई समेत कलात्मक तरिकाले देखाइएको छ । रमेशमोहन अधिकारीको **माछी काँढैले**मा विद्यार्थीलाई लगेर प्रतियोगितामा समावेश गराएको घटनालाई प्रस्तुत गरिएको छ । यसमा यात्राका कठिनाइ, बाटोमा भेटिएका मानिसको प्रसङ्ग, पुराना साथीसँगको भेट, प्रतियोगितामा विद्यार्थीले प्रथम स्थान पाएको आदि घटनासँगै आफ्ना अनुभूतिलाई व्यक्त गरिएको छ ।

राम पराजुलीको **फरियाको भोटो** मा आमा पात्रको छोराप्रतिको संवेदना र सो संवेदनालाई कुनै महत्व नदिने छोरा पात्रको क्रियाकलाप छ । मुकुन्द आचार्यको **श्रद्धाञ्जलीमा** बाबुआमाको सम्झना गरिएको छ । यस अङ्कमा आएका संस्मरणमा वैयक्तिक जीवनका संवेदना, निकट व्यक्तिहरू सँगको प्रेमभाव, शिक्षकको कर्तव्य, महान् व्यक्तिको सम्झना आदिलाई विषय बनाइएको पाइन्छ ।

यस अङ्कमा कपिल अज्ञात, धनराज गिरी, नवराज शर्मा, नारायणप्रसाद खनाल, पाण्डवराज कार्की, विनय रावल, माधव काफ्ले, रमेश गोर्खाली, रामबाबु घिमिरे, रामप्रसाद अधिकारी, शिव अधिकारी, शीतल गिरी एवम् श्यामप्रसाद शर्माका लेखनिबन्ध प्रकाशित छन् भने हृदयनारायण चौधरीको भाषिक लेख छापिएको छ । कपिल अज्ञातको **समीक्षामा शुद्धताको आग्रह** लेखमा कुनै पनि समीक्षामा नैतिकता र विवेकलाई ध्यान दिनुपर्ने, समीक्षक पूर्वाग्रहबाट मुक्त र गुटबन्दीबाट टाढा हुनुपर्ने विचार व्यक्त गरिएको छ ।

धनराज गिरीको **मर्म** निबन्धमा आफ्ना जीवनका अनुभूतिलाई प्रस्तुत गरिएको छ । आफू धनको पछि नलागेर शिक्षण पेसामा लागेको, धनका पछि लाग्नेको जीवन कष्टकर बनेको घटनालाई उनले सरल भाषामा प्रस्तुत गरेका छन् । नवराज तिमिल्सिनाको **सन्दर्भ हेटौंडा** नामाकरण लेखमा हेटौंडा नामाकरण सम्बन्धमा विभिन्न भनाइलाई प्रस्तुत गरिएको छ । नारायणप्रसाद खनालको **नारायणीको लहरलहरमा** निबन्धमा प्रकृतिचेत, नदी संस्कृतिका साथै वैयक्तिक जीवन अनुभूतिलाई प्रस्तुत गरिएको छ । पाण्डवराज कार्कीको **साहित्यमा मेरो दश वर्ष** लेखमा आफ्नो जीवनका सङ्घर्ष र सफलताका पक्षलाई अघि सारिएको छ ।

विनय रावलको **सीमन, तसलिमा र स्वास्नीमान्छे** निबन्धमा नारीमाथि हुने विभेदका घटनाका साथै सचेत नारीको सङ्घर्षलाई प्रस्तुत गरिएको छ । माधव काफ्लेको **युद्ध जो हारियो, युद्ध जो हारिएन** मा जीवनका उतारचढाव, सङ्घर्ष, प्राप्ति र अप्राप्तिलाई विषय बनाइएको छ । लघुकथामा अस्तित्ववादी चेत प्रखर रूपमा आएको छ । रमेश गोर्खालीको **भूमिकाहरूको कपटी बान्की** निबन्धमा जीवनको विसङ्गत यथार्थलाई प्रस्तुत गरिएको छ । यस लेखमा विसङ्गतिले भरिएको पात्र, प्रवृत्ति, दिशाहीन आदर्श र कोरा सिद्धान्तका कारण उत्पन्न समस्यालाई उजागर गरिएको छ । रामबाबु घिमिरेको **नलिहाडको हाड र डिस्कोमा आधा रात** निबन्धमा नाइट रेष्टुरेन्ट, डिस्को सुन्दरीसँग सम्बन्धित विषयवस्तुलाई उठान गरिएको छ ।

रामप्रसाद अधिकारीको **बेखर्चीको बिहेमा जन्त जाँदा** लेखमा बिहेमा जन्त

जाँदाका अनुभव, विभिन्न पात्रका गतिविधि एवम् क्रियाकलापलाई प्रस्तुत गरिएको छ। शिव अधिकारीको **नदीको बाटो** निबन्धमा नदी सस्कृति र आफ्नो पुर्खाको बसाइसराइ यात्रा आदिलाई रोचक किसिमले प्रस्तुत गरिएको छ। शीतल गिरीको **अम्बिकाको सुदिन कहिले आउला** ? मा नारी उत्पीडन र यसको प्रभावलाई देखाइएको छ। श्यामप्रसाद शर्माको **भूतको भिनाजुसँग बस्दा** निबन्धमा भूतको भिनाजु वासुदेव लुइँटेलसँगका संस्मरणका साथै आफूले भेटेका, जानेका पात्र र प्रवृत्तिको बारेमा चर्चा गरिएको छ। यस अङ्कमा प्रकाशित रचनामा एकातिर निजात्मक निबन्धलाई प्रस्तुत गरिएको छ भने अर्कोतिर संस्मरणात्मक अनुभूतिलाई प्रस्तुत गरिएको छ।

यस अङ्कमा अमर त्यागीको **अनुराधा उपन्यासको नायक नायिकाको मनोरचना** समीक्षामा अनुराधा उपन्यासका पात्रहरूको मनोरचनाको अध्ययन गरिएको छ। यसमा नारी मनोविज्ञानको राम्रो वर्णन गरिएको छ। यसमा अनुराधामा पितृरति ग्रन्थी मनोरचना भएको विचार व्यक्त भएको छ। अनुराधाले आफ्ना दमित इच्छालाई पुरा गर्न देवरसँग लहसिएको आदि घटनालाई समेत उल्लेख गरिएको छ।

साथ साथै गोपाल अश्क, धर्मेन्द्र भट्टराई नवराज रिजाल, विश्वम्भरकुमार शर्मा एवम् लक्ष्मण गौतमका समालोचना समावेश छन्। गोपाल अश्कको **भोजपुरी गजलको विकास यात्रा : एक दृष्टि** समालोचनामा गजलको सामान्य परिचय प्रस्तुत गर्नाका साथै भोजपुरी गजलका विभिन्न चरण र प्रवृत्तिलाई प्रस्तुत गरिएको छ। धमेन्द्र भट्टराईको **गोठालेको पल्लो घरको झ्यालभित्र चियाउँदा** समालोचनामा श्रीमानको उपेक्षाबाट मिसरीमा मानसिक असन्तुलन देखिएको, श्रीमानको असल व्यवहार मन नपरेर अर्को श्रीमान खोजेको प्रसङ्ग उठाइएको छ। यसमा असमान्य मानसिक अवस्था भएकी महिलाको चरित्र चित्रण गरिएको छ।

नवराज रिजालको **सरिता खण्डकाव्य : एक अध्ययन**मा निर्मोही व्यासको खण्डकाव्यात्मक प्रवृत्तिलाई प्रस्तुत गरिएको छ। विश्वम्भरकुमार शर्माको **भोजपुरी खण्डकाव्यहरू भित्रको एक क्षण** मा उमाशंकर द्विवेदी, संजय कुमार श्रीवास्तव, गोपाल अश्क, आशानारायण अशोक आदिका खण्डकाव्यको परिचय एवम् प्रवृत्तिलाई प्रस्तुत गरिएको छ। यस्तै लक्ष्मण गौतमको **सूत्र उपन्यासमाथि सूत्र समालोचना एक आरेख** समालोचनामा ध्रुवचन्द्र गौतमका सूत्रउपन्यासका प्रवृत्तिलाई प्रस्तुत गरिएको छ। यसमा ध्रुवचन्द्र गौतमको सूत्र उपन्यासमा पतनोन्मुख मानवीय चरित्र र विकृत संस्कारप्रति तीव्र आक्रमण, मानिसका हुतिहारा प्रवृत्ति र दीनहिन एवं पाशविक मनोवृत्तिको प्रकटन, मानिसका कुण्ठा, निराशा र अभिशप्तताको उद्घाटन पाइने विचार व्यक्त गरिएको छ।

बालसाहित्यले पनि यहाँ स्थान पाएको छ। यहाँ धुव घिमिरेको बालकथा **एकसिङगे कलुवाका चारवटा थाम** प्रकाशित छ। यसले पशुपंक्षी सम्बन्धि जानकारी दिनुका साथ साथै पशु संरक्षणको चेतना जगाउने काम गरेको छ। यस अङ्कमा रासाको **लघुनाटकमा** नारीपुरुष सम्बन्धका अनेक आयामलाई प्रस्तुत गरिएको छ। यहाँ चार लघुकथाहरू प्रकाशित छन्। यस अङ्कमा नाम समावेश भएका लघुकथाकारहरू जुन क्षेत्री, विभु अधिकारी, हरिहर खनाल एवम् हरिहर पौडेल हुन्।

जुनु क्षेत्रीको **परिणाम** लघुकथामा

योग्य पात्रको उपेक्षा एवम् अयोग्य पात्रको चयनलाई प्रस्तुत गरिएको छ । विभु अधिकारीको **कोल्टे फर्केको समय** लघुकथामा हत्यारा नेताले जितेको, शक्तिका भोका मानिस हत्यारा नेताको पक्षमा लागेपनि स्वाभिमान व्यक्ति एक्लै भएको अवस्थाबोध गरिएको छ । हरिहर खनालको **किंवदन्ती** लघुकथामा सत्ताद्वारा निर्दोष जनताको हत्या गरिएकोमा विरोध व्यक्त गरिएको छ भने हरिहर पौडेलको **अवकाश** लघुकथामा विदेशको सम्पन्न सहरमा विपन्न नेपालको विवशताजन्य अनुभूतिलाई प्रस्तुत गरिएको छ ।

अनि यस अङ्कमा ओममणि शर्मा र गोवर्द्धन पूजाका नेपाली भाषाका कथा प्रकाशित छन् । एमडी. आइ. हुसेन को मातृभाषा भोजपुरीमा लेखिएको कथा प्रकाशित छ । ओममणि शर्माको **भेद-विभेद** कथामा एक विपन्न नागरिकको मृगतृष्णालाई प्रस्तुत गरिएको छ । एक सम्पन्न नागरिककहाँ काम गर्ने विपन्न नागरिकले आफू पनि सम्पन्न बन्ने आकांक्षा राखेको छ । गोवर्द्धन पूजाको **ऊ अबुझ छ, म विवश छु** कथामा प्रेममा विफल भएपछि एक मानिसको मानसिक अवस्था सन्तुलनमा रहन नसकेको र उसले आफ्नी पूर्व प्रेमिका जस्तै देखिने केटीलाई समेत प्रेमिका ठान्न पुगेको छ सन्दर्भ औंल्याइएको छ ।

नवप्रज्ञापन नेपाली साहित्यको अग्रणी साहित्यिक पत्रिका हो । यसमा धेरै भाषाका रचनाहरूले स्थान पाउने गरेका छन् । यसका सम्पादकको आग्रहमा मैले डोटेली भाषा रचनाहरू उनलाई उपलब्ध गराएको छु । विभिन्न भाषाका रचनाहरूले समय समयमा नवप्रज्ञापनमा स्थान पाइरहेका छन् । गीत र कविताका अलावा डोटेली भाषाका कथाहरूले यहाँस्थान पाएका छन् । पत्रिकाको यस कार्यलाई धेरै प्रशंसा गरेका छन् । किनकि नेपाली भाषाका अन्य पत्रिकाहरूले अन्य मातृभाषी रचनाहरूलाई स्थान दिएको अपवाद बाहेक भेटेको छैन ।

पत्रिकालाई यहाँसम्म ल्याइपुऱ्याउन सम्पादकको विशेष मेहनत मात्र हैन सोच दृष्टिकोण र इच्छा शक्तिले पनि काम गरेको छ । इच्छाशक्ति भए काम गर्न सकिन्छ भन्ने नवप्रज्ञापन एउटा प्रमाण हो । लामो समयसम्म विद्यालय तहदेखि क्याम्पस तहसम्मका विद्यार्थीहरूसँग सहकार्य गरेका सम्पादकले यसको प्रकाशनलाई कहिले पनि प्राथमिकता बाहिर राखेनन् त्यसैले यो सय अङ्कसम्म आएपुग्न सकेको हो ।

नारायणीका सष्टाहरू पहिलो खण्डमा पद्य विधाका रचनाहरू रहेकामा यो दास्रो खण्डमा गद्यविधाका रचनाहरू समावेश गरिएका छन् । यी रचनाले तत्कालीन समाज, संस्कृति र जीवनको सही प्रतिनिधित्व गरेका छन् । सम्पादकले धेरै मेहनत पनि गरेको देखिन्छ । धेरैका नजरले यो कामलाई के भन्छ कुन्नी म जान्दिनँ तर मेरो नजरमा यो अत्यन्तै राम्रो काम हो । साहित्यिक पत्रकारिता पेसा व्यवसाय हुन सक्दैन । हुने भए यो क्षेत्रमा लाग्नेहरू थामी नसक्नु हुने थिए । यो भावनाले गरिने काम हो यसर्थ यता लाग्नेहरूको सङ्ख्या सानो छ । त्यही सानो सङ्ख्या यसका सम्पादक पनि पर्छन् ।

भाषा साहित्यको उत्थानमा लामो समयदेखि लागिरहेको एउटा सर्जकको नातामा म **नवप्रज्ञापन**को शुभेच्छुक हुँ । यसर्थ यसको उत्तरोत्तर प्रगतिको अपेच्छा गर्दै अगामी यात्रा अझ गतिशील हुँदै जाओस्, हार्दिक शुभकामना व्यक्त गर्दछु ।

(धनगढी, कैलाली)

बाल्यकालीन संस्मरण विशेषाङ्क

(पूर्णाङ्क ४० वैशाख असार २०६५)

- **डिल्लीराम मिश्र 'कलमजीवी'**

नेपाली भाषासाहित्य एवम् साहित्यिक पत्रकारिता क्षेत्रमा **नवप्रज्ञापन**ले पुऱ्याउँदै आएको योगदान स्तुत्य छ । वि.सं. २०५० सालदेखि प्रकाशन प्रारम्भ भएको यस साहित्यिक पत्रिकाले आज तीनदशकको यात्रा पुरा गर्नु आफैमा एक उत्कृष्ट कर्मसाधन पनि हो । यस बीचमा कति साहित्यिक पत्र पत्रिकाहरूको उदय भयो, कति साहित्यिक पत्रिकाहरू अस्ताए पनि । तर निजीस्तरमा प्रकाशन थालेको **नवप्रज्ञापन** हिजोदेखि आजसम्म गतिवान बनेर हिँडिरहेको छ । एकल व्यक्तिको प्रयासमा चलिरहेको यसलाई चलायमान बनाइ राख्नु निश्चय पनि सजिलो कार्य हुदै हैन । तथापि यो हिँडिरहेको छ र यसको हिँडाइलाई सकारात्मक मान्नु यसको यात्रा अगाडि बढिरहोस् भनेर कामना गर्नु हो भन्ने मेरो ठम्याइछ ।

भाषासाहित्य, कला र संस्कृतिको क्षेत्रमा जतिगर्न सकिन्छ त्यति गर्ने उद्देश्य लिएर जन्मिएको **नवप्रज्ञापन**ले दर्जनौं दर्जन लेखक, कवि एवम् साहित्यकारहरू जन्माएको छ । हिँडिरहन प्रेरित गरेको छ उत्साहको सगरमाथा निर्माण गरेर गन्तव्यमा पुग्न हौस्याएको पनि छ । यसर्थ उनीहरूको भावनात्मक र रचनात्मक सम्बन्ध पनि यससँग सन्निकट हुनपुगेको छ । नवप्रज्ञापनले नेपाली साहित्यमा नवीनतम् सन्दर्भ, विषयवस्तु, घटना र प्रसङ्गलाई नयाँ शैली र प्रस्तुति दिइरहेको छ । आफूलाई अरूभन्दा पृथक राख्ने चेष्टा साहित्यका मर्मज्ञ र कर्ममा विश्वास राखेर हिँडिरहेका यसका सम्पादक प्रकाशकले गरिरहेको दृश्य पत्रिका पढ्नेहरू जो कोहीले सहजै देख्न सक्छन् ।

हरेक मानिसले प्रतिनिधित्व गरेको समयको साक्षी मानिस आफै हो । समाजको कुनै पनि तह र तप्काका सीमित र सम्झनालायक मानिसहरूको कालजयी इतिहास उसको आफ्नै मात्र नभएर समाज र राष्ट्रको समेत इतिहास हो । यस्तै आफ्नै श्रम, सीप, पसीना कला-कौशल, क्षमता र कर्मसाधनाको सुगन्धमा फैलिएर आफ्नो सघन योगदानलाई साहित्यिक पत्रकारिता मार्फत् केही हदसम्म भए पनि जीवन्त बनाउने पक्षमा तीन दशक अघिदेखि निरन्तर सङ्घर्षरत छन् यसका सम्पादक नवराज रिजाल । त्यसैले **नवप्रज्ञापन** एउटा त्यस्तो साहित्यिक कथा हो, जहाँ उनका जीवनगाथाका सफल अंश पनि जोडिएको छ । **नवप्रज्ञापन** १६ औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा यसले नववर्ष २०६५ को सन्दर्भ पारेर एउटा नवीनतम्

कार्यसम्पादनको सुरुवाद गरेको रहेछ, जुन यस क्षेत्रमा नौलो प्रयोग र परम्परा पनि हो।

नेपाली भाषा, साहित्य, संस्कृति, सङ्गीत कला तथा वाङ्मयका अन्य क्षेत्रका ५६ जना विशिष्ट व्यक्तित्वहरूका उहाँहरू १०/१२ वर्ष उमेर हुँदाका संस्मरण एवम् जीवनमा घटित घटनाक्रमलाई लिएर २०६५ सालमा **नवप्रज्ञापन**को पूर्णाङ्क ४० बैशाख असार अङ्कमा बाल्यकालीन संस्मरण प्रकाशित गरिएको छ। आजका विशिष्ट प्रतिभाहरूका बाल्यकालीन सोचलाई पाठकसमक्ष ल्याउनु अति आवश्यक छ। आज विशिष्ट स्थानमा पुग्नु भएका उहाँहरूको बाल्यकाल त्यतिबेला कस्तो रहेको थियो तथा उहाँहरूको जीवन गति कसरी अगाडि बढेको थियो भन्ने कुरा आजका बालबालिकाका लागि प्रेरणाको स्रोत र आत्मविश्वास बढाउने विषय पनि हुन सक्छ। सम्भवतः नवप्रज्ञापनले यही सन्दर्भलाई मध्य नजर गरी हुनुपर्छ।

भन्ने नै हो भने पूर्खाहरू भावी सन्ततिका लागि अनुभवजन्य सम्पत्ति हुन्। इतिहासप्रति सचेत र भविष्यप्रति आशावादी हरेक व्यक्तिहरूले यस कुरालाई आत्मसात गर्नै पर्छ। **नवप्रज्ञापन**को यो अङ्कमा विविध क्षेत्रका ५६ जना विशिष्ट स्रष्टाहरूका ताजा, तर अतीतकालीन सस्मरणहरु समेटिएका छन्। ती संस्मरणहरूमा १० जना महिला साहित्यकार हुनुहुन्छ। यहाँ हरेक स्रष्टाका एक एक संस्मरण यसमा सङ्कलित छन्। ती अपेक्षाकृत केही लामा र केही छोटा छन्। विशेष गरी यी अनुभवजन्य सामग्रीहरू वालवालिकाहरूका लागि प्रेरणादायक पाठ्यसामग्री बनुन् भन्ने मूलध्येय पत्रिकाले राखेको देखिन्छ। कस्ता छन् त उनीहरूका स्मृति ? यिनलाई अग्रजहरूबाट सिक्ने क्रमको एक पाटो मान्दा सम्भवतः अत्युक्ति नठहर्ला भन्ने **नवप्रज्ञापन**को सोचलाई समयसापेक्ष मान्नुपर्दछ।

विशेष गरी एक सिङ्गो आलेखका रुपमा आजका अग्रजका वाल्यकालीन संस्मरणहरू प्रकाशित गर्ने क्रममा **नवप्रज्ञापन**ले झण्डै एक सय हाराहारीका स्रष्टाहरूसँग सम्पर्कसूत्र वा पत्राचार गर्ने प्रयास गरेको रहेछ। यसो गर्दा कतिपयसँग सम्पर्क स्थापित हुन नसकेको तथा कतिपयबाट सामग्री प्राप्त गर्न नसकिएकाले सोचे जस्तो आकारमा पत्रिका प्रकाशित गर्न नसकेको अनुभव सम्पादकसँग छ। यस अङ्कमा छोटा वा लामा जे जस्ता भए पनि भाषा साहित्यलगायत अन्य क्षेत्रका समेत छपन्नजना व्यक्तित्वहरूका बाल्यकालीन संस्मरणहरु समेटिएका छन्। ती सबैको महत्व आ-आफ्नो ठाउँमा छदैछ। "यसलाई पहिलो अङ्क मानेर भविष्यमा दोस्रो अङ्क निकाल्ने सोच छु" सम्पादक मसँगको कुराकानीमा बताउँछन्। कैले यसलाई अत्यन्तै सकारात्मक सोच मानेको छु।

बाल्यकालीन संस्मरणमा समेटिएका ४६ पुरुष स्रष्टाहरू सर्वश्री कमलमणि दीक्षित, अम्बर गुरुङ, आनन्ददेव भट्ट, कृष्णप्रसाद पराजुली, ज्ञानमणि नेपाल, कृष्ण गौतम, डा. केशवप्रसाद उपाध्याय, राजेन्द्र सुवेदी, पुरुषोत्तमशमशेर जवरा, डा. रामचन्द्र लम्साल, अशेष मल्ल, ईश्वर वल्लभ, केवलपुरे किसान, के के कर्माचार्य, गोविन्द भट्ट, जीवनलाल सत्याल, डा. जीवेन्द्रदेव गिरी, तेजप्रकाश श्रेष्ठ, दुर्गालाल श्रेष्ठ, परशु प्रधान, पीताम्बर उपाध्याय, प्रकाश श्रेष्ठ, पुरुषोत्तम सापकोटा, बालकृष्ण पोखरेल, मनुजबाबु मिश्र, माधवप्रसाद घिमिरे, डा. माधवप्रसाद पोखरेल, मोदनाथ प्रश्रित, मोहन दुवाल, मोहनबहादुर कायस्थ, डायमनशमशेर राणा, यादव खरेल, रत्नशमशेर थापा,

राजेश्वर देवाकोटा, रामप्रसाद शर्मा, रोचक घिमिरे, वासुदेव मुनाल, विनयकुमार कसजु, विश्वम्भर चञ्चल, शम्भु राई, शिव रेग्मी, श्यामप्रसाद शर्मा, सनत रेग्मी, सत्यमोहन जोशी, सुरेश अधिकारी र हरि पाण्डे हुनुहुन्छ ।

यसै पनि पुरूष स्रष्टा वा वाङ्मय सेवीहरूको तुलनामा महिला स्रष्टा वा वाङ्मय सेवीहरूको सङ्ख्या अलि सानै छ। आगामी अङ्कहरूमा त्यस्ता सामाग्रीहरू प्रकाशन गर्दा सम्पादकको ध्यान त्यता जानु जरूरी देखिन्छ । यस अङ्कमा नारी पात्रतर्फ क्रमशः पदमावती सिंह, गीताकेशरी, हिरण्यकुमारी पाठक, माया ठकुरी, कल्पना प्रधान, भद्रकुमारी घले, भुवनेश्वरी सत्याल, भागिरथी श्रेष्ठ, कविता पौडेल र चन्द्रकला नेवार समेटिनु भएको छ ।

बाल्यकालीन सस्मरणलेखनमा सबैबाट सातसय शब्दसम्मको स्मृतिको अपेक्षा गरिएको भए पनि त्यस सीमाबाट धेरैजना बाहिरिनु भएको छ अर्थात् मर्यादापालन भएको देखिदैन । कसैका संस्मरणहरू आधा पृष्ठका छन् त कसै कसैका पाँच पृष्ठसम्मका छन् । मोदनाथ प्रश्रित, कविता पौडेल, राजेन्द्र सुवेदी, गीता केशरी, डा. केशवप्रसाद उपाध्याय, जीवेन्द्रदेव गिरी, तेजप्रकाश श्रेष्ठ, माधवप्रसाद घिमिरे, डा. माधवप्रसाद पोखरेल, ज्ञानमणि नेपाल, डायमनशमशेर राणा र पुरुषोत्तमशमशेर जवराका स्मृति लेखहरू पाँचपृष्ठसम्मका छन् । त्यसो त उहाँहरूका संस्मरण ज्ञानवर्द्धक र पठनीय पनि छन् । सायद इतिहासका पात्र र घटनाक्रमको भोगाईबाट पनि त्यो घनत्व बढेको हुन सक्छ । टोलाउँदै सम्झिँदै धादिङ केवलपुरका कवि केवलपुरे किसान राँडी आमालाई कसैले केही भनी विजाएछ भने भीमसेन थानतिर फर्केर हात जोडेर यस्तो भनेको सुन्थेँ-हे भिम्मली महाराजा ! तेसको सत्यानाश होस्, मैले खाए विराएको भए मैलाई लागोस् नत्र तेसैलाई ! यस बारेमा कवि केवलपुरेले कविताबाटै यस्तो सम्झना गरेका छन् -

गाउँमाथि भीमसेन थान
सबै गर्छन यिनको मान
बाख्रीका छोरा रेटेर
हुन्छ पूजा खुब धुमधाम !

तत्कालीन समाजमा परिचित नभएका एवम् समाजको योगदानमा समेत केही देन दिन नसकेका १०/१२ वर्षे उमेर समुहका यी सबै व्यक्तिहरूका शीर्षकृत संस्मरणहरू प्रायजसो उस्तै उस्तै र मिल्दा जुल्दा नै छन् । सबै स्रष्टाका संस्मरणहरू अवलोकन गर्दा पनि सबै विषयवस्तुका बारेमा भन्न खोजेको अन्तरवस्तुको बोधत्व समेत बुझ्न सकिन्छ । समसामयिक घटनाक्रममा आधारित भएर छनोट गरिएका संस्मरणका शीर्षकहरू : घाँटीमै ल्वाङ्ग अड्कियो, चौथीको त्यो सात, मेरो कोठो खुस्कँदा, ईश्वरचाको बोको, हाम्रो कुलमा, महामन्त्र पाएको दिन, माइत भागेको रात, बोक्सी र भूतका कुरा, टाटे कामी, टोलाउँदै सम्झिँदै रहेका छन् ।

यसैगरी गढीमाई मेलाको मेरो पहिलो अनुभव, मैले चोरी गरेको एकदिन, म र मेरो परिवेश, मृत्युको मुखबाट जोगिएको क्षण, नपत्याउने खोलोले वगाउँछ, पहिलोपल्ट नदी देख्दा, जन्मथलो काप्रीचौरमा बटुलेका केही अनुभूति, मेरो शैशवका सम्झना, मेरो बाल्यकाल वित्यो उकाली ओरालीमा, चोर औंलाले घोचेपछि, मेरो पढाइ बिच बिचमा छुटिरह्यो, बाल्यकालको अविस्मरणीय घटना, पिखुवाले बगाएको भए, मेरो बाल्यकाल सम्झनाका डोबहरू, बेकसुर मेरो अड्क काटियो, स्मृतिको पाटो, मेरो बले, मेरो बाल्यकाल, पन्ध्रवर्षे उमेर र पढाई, तिनको

सम्झना, मैले स्वतन्त्रता पाएको दिन, मेरा प्रारम्भिक शिक्षाका सम्झनाहरू, मेरो मनमा बोक्सीको जन्म, स्मृति विम्वहरू, देउताको पुरस्कार, कालो लुगा लगाउने पुलिस अरबी घोडा र खराव शिक्षक, सर्बोदय हाइस्कुलको निर्मित भवन भत्किंदा, अचम्मका ती चिजहरू र काकाले मलाई आँखा तर्नुभयो जस्ता शीर्षकहरू यहाँ समावेश छन् ।

अनि सम्झना पाँचदशक अगाडिको, त्यो त भूकम्प रहेछ, म पनि रोएँ, बालस्मृति भँडाको अर्थ बुझ्न बेहोरेको खती, घोडाबाट पछारिए कर्णेल बूढा, इखले नै क्लव स्थापना गरियो, बालीको भूमिकामा भानुको कविता बाचन, मेरो वालपन : मेरो परिवारको छाप, कागतीसँग साटेँ सारङ्गी, बीस पैसाको बम्बइसन, भाइको ज्यान जोगाएको, मेरो सम्झनामा पहिलो साहित्यिक व्यक्तित्व, गुच्चाकै लागि सिसि फुटालेँ, म चटकमै भुलेँ, बाल्य अवस्थामा केही दिन र दरो आत्मबल हुनुपर्छ, जस्ता पृथक पृथक शीर्षकहरू पनि रहेका छन् । सबै शीर्षकहरूको महत्व र समसामयिकतालाई बुझ्ने प्रयास गर्दा यस क्षेत्रमा अभिरुचि राख्ने वालवालिकाहरूले यहाँबाट केही न केही शिक्षा र ज्ञान आर्जन गर्न सक्छन् भन्नेमा कुनै शङ्का र विमति छँदैछैन ।

अन्त्यमा बारा जिल्लाबाट विगत तीस वर्षदेखि निरन्तर प्रकाशित भइरहेको साहित्यिक पत्रिका **नवप्रज्ञापन** यही वि.सं २०८० साल वैशाखबाट ३१औँ वर्षमा प्रवेशका साथ शताङ्क प्रकाशित गर्न लागेकामा बधाई तथा शुभकामना दिँदै त्यसपछि पनि यसको निरन्तरताको कामना गर्दछु ।

(भानु ११, तनहुँ)

नवप्रज्ञापन स्वर्णअङ्क

(पूर्णाङ्क ५०, कार्तिक पौष २०६७)

● बद्रीप्रसाद ढकाल

नेपाली भाषा र साहित्यको समृद्धिलाई आत्मसात् गरी साहित्यमा समर्पित नव स्रष्टाहरूलाई अघि बढ्न प्रेरणा दिन सफल नवप्रज्ञापनले स्वर्ण अङ्कसम्म आइपुग्दा निकै लामो फड्को मारिसकेको छ । वाङ्मयको विकासमा गरिमामय योगदान दिइ आएको यसले समय समयमा नेपालका अन्य भाषामा लेखिएका साहित्यिक रचनाहरूलाई समेतस्थान दिई नेपाली साहित्यका स्थापित स्रष्टालाई साथमा लिएर अघि बढिरहेको सर्वविदितै छ । साहित्यिक पत्रकारिताको इतिहासमा एक अब्बल पत्रिकाका रुपमा समाविष्ट यो पत्रिका वि.सं. २०५० देखि निरन्तर प्रकाशित भइरहेको छ । साहित्यका विभिन्न विधागत रचनालाई स्थान दिँदै नवस्रष्टाहरूको सहयात्रीका रुपमा निरन्तर साथ रहनुजस्ता

विशेषता बोकेको यो पत्रिकाले स्वर्णअङ्कसम्म आइपुग्दा निकै आरोह-अवरोहको सामना गरेको भए पनि त्यो अवस्थालाई आत्मसात गरी निकै अगाडि बढि सकेको अवस्था छ ।

विशेष गरी आज पनि नेपाली भाषा साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान दिइरहेको यस पत्रिकाको स्वर्णअङ्कमा विभिन्न अग्रज- विद्वान् समालोचकहरूका सोह्र वटा समालोचना, स्थापित साहित्यकार हरूका तेह्र वटा नियात्रा र संस्मरण, पन्ध्र वटा लेख, दुईवटा नाटक एकाङ्की, लगायत अनुभव/अनुभूति, व्यङ्ग्य, भाषणसम्बन्धी लेख, त्रिचालिस वटा कविता, मुक्तक हाइकु, बिस वटा कथा/लघुकथा, कृति परिक्रमा र उन्नाइस वटा गीत गजल समाविष्ट गरी प्रकाशन गरेको छ । १ देखि ४९ अङ्कसम्म आइपुग्दा विभिन्न स्रष्टाका ६०६ वटा विभिन्न विधाका साहित्यिक रचना तथा समालोचनालाई प्रकाशन गरिसकेको नवप्रज्ञापनको ५० औं अथवा स्वर्ण अङ्कमा विभिन्न स्रष्टाका १३४ वटा रचनाहरू समावेश गरिएका छन् । ४१६ सोह्र +४ पृष्ठको यस अङ्कभित्र समावेश रचनाका मुख्य सारलाई विवेच्य रुपमा यहाँ प्रस्तुत गरिएको छ :-

नेपालीभाषा साहित्यमा समालोचनाको महत्त्व निकै छ । कुनै पनि स्रष्टाका विधागत वा धारागत रचनामा रहेका कुरालाई सूक्ष्म रुपमा विवेचना गर्नु नै समालोचना हो । यस अङ्कमा प्रा.डा केशवप्रसाद उपाध्यायले गोपी सापकोटाद्वारा लिखित एकाङ्की ‘सर्पहरूको’ विश्लेषण गरेका छन् । गोपी सापकोटाले प्रतीकात्मक शीर्षकमा लेखेका सर्पहरू एकाङ्कीले समकालीन स्वार्थपूर्ण राजनैतिक प्रकृतिप्रति तिखो व्यङ्ग्य र असन्तुष्टि व्यक्त गरेका कुरालाई यस समालोचनामा डा.उपाध्यायले स्पष्ट पारेका छन् ।

नेपाली साहित्यमा महाकवि देवकोटाको कवितायात्राका प्रारम्भका विभिन्न पक्षका चित्रण गर्दै जीवनयात्राका पहिलो दशकको योगदानको मूल्याङ्कन गर्दै समालोचक प्रा.डा. महादेव अवस्थीले देवकोटाको जीवनयात्रालाई सूक्ष्म रुपमा केलाउँदै दशकीय (एक दशक /दशक) अध्ययन पद्धतिका आधारमा सृजनात्मक तथा संस्कारगत सूचकहरूलाई समाविष्ट गरी तथ्यहरुको अध्ययन प्रस्तुत गरेका छन् ।

प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलले लोकसाहित्य लोकवार्ता र लोकवार्ता विज्ञानको सैद्धान्तिक स्वरुपलाई समालोचकीय दृष्टिकोणसमेत राखी स्पष्ट पारेका छन् । सामान्य जनसमुदाय वा लोकबाट सिर्जना गरिने लोकसाहित्यको अध्ययन गर्ने लोकवार्ता विज्ञान तथा लोकसाहित्य शास्त्र ज्ञानको सूक्ष्म अध्ययन गरी सैद्धान्तिक स्वरुपको चर्चा गरिएको यस अनुसन्धानात्मक समालोचना सिद्धान्तले लोकसाहित्यको “विशद् चर्चा गरेको छ ।

राष्ट्रकवि माधवप्रसाद घिमिरेद्वारा रचित ‘राजेश्वरी’ खण्डकाव्यको ध्वनितात्विक विश्लेषण शीर्षकमा सह.प्रा. डा शैलेन्दुप्रकाश नेपालद्वारा लेखिएको समालोचनामा राजेश्वरी खण्डकाव्यको प्रतिपाद्य विषय, आधुनिक नेपालको इतिहासको एउटा आर्थिक एवम् क्रुरतम घटनाको पृष्ठभूमिमा रचित काव्यले ध्वनिका तहबाट कसरी प्रस्तुत भएको छभन्ने कुराको विश्लेषण गरेको छ ।

‘अलिमियाँ’ खण्डकाव्यमा अलि मियाँको खोजी शीर्षकको समालोचनामा डा. कपिलदेव लामिछानेले खण्डकाव्यको कथ्यसन्दर्भ र शिल्पसौन्दर्यको अध्ययन गर्दै खण्डकाव्यकार माधव वियोगीको

रचना सन्दर्भ र अलि मियाँले नेपाली लोकसाहित्यमा पुऱ्याएको भूमिकालाई चिन्ने र चिनाउने प्रयत्न गरेका छन् ।

लक्ष्मीप्रसाद देवकोटाका केही महत्वपूर्ण, मूल्याङ्कनका सन्दर्भ शीर्षकमा डा. खेमनाथ कोइरालाले देवकोटाका जीवनका मुख्य घटना, सङ्घर्षपूर्ण दिन, आर्थिक परिवारिक विभिन्न दुखपूर्ण अवस्थामा जेजति गरेका छन् त्यस्ता युग हाँक्ने देवकोटाको व्यक्तित्वका सम्बन्धमा चर्चा परिचर्चा गरेका छन् । यसैगरी गंगा पौडेलको कथाकारिता र उनको चार आँठे चुल्ठो कथामा प्रयुक्त शिल्प शैलीका बारेमा रामप्रसाद ज्ञवालीले चर्चापरिचर्चा गरेका छन् । फरक क्षमताकी कथाकार पौडेलको मानसिक सबलता र सक्रियपनको विश्लेषण गरिएको छ ।

नेपाली समालोचनाका चार प्रवृत्तिका बारेमा चर्चा गर्दै समालोचक नेत्र एटमले समालोचनाको प्रभाववादी, सैद्धान्तिक, प्रगतिवादी र उत्तरवर्ती समालोचनालाई विश्लेषण गर्दै तिनका प्रवृत्ति र विशेषतालाई उल्लेख गरेका छन् । कवितामा प्रयुक्ति विचलनका बारेमा समालोचकीय दृष्टिकोण राख्दै कवि विप्लव ढकालले कवितामा प्रयोग भएका प्रयोक्ता र परिस्थति भूमिका तथा सीमाको चर्चा गरेका छन् । भाषिक भेद वा शैलीको प्रयुक्तिका इलाकालाई अतिक्रमण गरेर शैली निर्माणको विशिष्ट प्रणालीका रुपमा अङ्गीकार गरिएको पाइन्छ । कुनै निश्चित विषयका सम्बद्ध भाषिक प्रयोगका प्राविधिक पक्षहरुलाई अर्कै सन्दर्भसँग गाँसेर शैलीको सार्थक सत्तालाई प्रतिष्ठापित गराउने कार्यका रुपमा विश्लेषण गरिएको छ ।

उत्तरआधुनिक विमर्श शीर्षकमा समालोचकीय दृष्टिकोण राख्दै समालोचक सुधन पौडेलले उत्तरआधुनिक विकासका बारेमा मुख्य दृष्टिकोण राख्दै तिनका विश्वव्यापी प्रभाव र साहित्यमा त्यसको प्रभाव तथा विवेचनालाई स्पष्ट धारणासहित चर्चा गरिएको छ । त्यस्तै नेपाली गजल, केही सन्दर्भिक प्रश्न र अभिमतका बारेमा देवी नेपालले गरेका छन् । ध.च. गोतामेका उपन्यासमा आञ्चलिकता शीर्षकमा धनप्रसाद सुवेदीले गोतामेका उपन्यासमा आएका प्रायोगिक क्षेत्र, पात्र र भाषाका साथमा तराईका विभिन्न क्षेत्र वीरगञ्ज र त्यस आसपासका विभिन्न परिवेशका विशेष चर्चा परिचर्चा गरेका छन् ।

नेपाली महिला उपन्यासकारका उपन्यासमा सांस्कृतिक दृष्टिकोण शीर्षकमा लीला लुइटेलको समालोचकीय दृष्टिकोण र सांस्कृतिक पक्षका बारे विश्लेषण गरिएको छ । गजलकार डा'. धनश्याम न्यौपाने परिश्रमी र उनको गजल यात्रा बारे अमर त्यागीको समालोचना रहेको छ । रामबहादुर पहाड़ीका गजलहरूको समीक्षा गर्दै देवी शर्माले गजलका विशेषता तथा थारु संस्कृतिको अभिन्न अंग अष्टिकी/ संख्या (लोकभागवतको चर्चा) गर्दै कृष्णराज सर्वहारीले काव्य र थारु संस्कृतिका विभिन्न पक्षलाई प्रस्तुत गरेका छन् ।

विभिन्न विषयगत शीर्षकमा भएका समालोचनाले स्वर्णअङ्क निकै गहकिलो बन्न पुगेको छ । निर्मोही व्यासको नियात्रा/ संस्मरण विधामा बाँदर भालुको नाचमा देखिएको वाल्यकालीन स्मृति, देवीचन्द्र श्रेष्ठको यिनको त जुम्ला गएर मर्नु लेख्या पो र छ, दामोदर पुडासैनीको चीलका झम्टाइहरु छाम्दैमा विदेशमा भोगेका तिता मिठा अनुभव र अनुभूति, अनन्त वाग्लेको देशभरि इलाम हुने सके नियात्रामा इलामको सौन्दर्यको चर्चा, श्रीओम श्रेष्ठ रोदनको मेजर कि माइनरमा मुटु अप्रेसन

गर्दाको क्षणको सम्झना, युवराज नयाँघरेको अमेरिकामा जाडो शीर्षकमा अमेरिकामा भोगेको चिसो समयको अनुभूति, राम विनयको निश्छल खुलासामा बालबालिका र घरपरिवारका घटना, अनिल पौडेलको ठगको अर्तीमा बैंकको भीड मुद्रा सटहीको पीडा र मोहनबहादुर कायस्थको अबोध बेलाको साहसिक क्षणमा विगतका स्कुले जीवनका संस्मरणहरू रहेका छन् ।

यसैगरी नकुल सिलवालको मसुरीमा नेपाली भैलोमा नेपाली संस्कृति र चाडपर्वका प्रसङ्ग, डीबी गुरूङको सम्झनाको क्षण, सीताराम उप्रेतीको बाँचुन्जेल लेखेर जानेहरुप्रति संस्मरणमा नेपाली साहित्यका अग्रजका साथै उपेन्द्र श्रेष्ठसँगको सम्झनयोग्य क्षण, विनोद पोखरेलको मेरो विद्यार्थी जीवनको विगतको सस्मरणका साथै नेपाली साहित्यको जगेर्ना र श्रीवृद्धिमा योगदान पुऱ्याएकोमा धन्यवाद नवप्रज्ञापनलाई शीर्षकको लेखहरू समाविष्ट गरिएको छ । त्यस्तै अन्य उत्कृष्ट लेखहरूमा नेपाली साहित्यमा आदिकविको स्थानको चर्चा गर्दै लेखिएको डिल्लीराम मिश्र, जीवन साहित्य शीर्षकमा जुनु क्षेत्री र नगेन्द्रराज रेग्मीद्वारा लिखित साहित्य सञ्चारका लागि हवाइ आन्दोलनका सम्बन्धमा केही संस्मरणहरूले ससम्मान स्थान पाएका छन् ।

यही क्रममा मोहन दुवालको अँध्यारो उज्यालो, माधव काफ्लेको वीरगञ्ज, रमेश गोरखालीको सुनौलो दिनको सदिच्छा, विनोद मञ्जनको मेरो मनको मान्छे, ज्ञानेन्द्र विवशको यौटा मान्छेको माया, कृष्णप्रसाद घिमिरेको यसरी बन्छ ! नयाँ नेपाल, सुकुम शर्माको जीवन यात्रामा अनुभूति जस्ता लेखका साथ साथै बौद्ध दर्शनका सम्बन्धमा दार्शनिक दृष्टि प्रस्तुत गरिएको विष्णु प्रभातको लेख समाविष्ट भएको छ । साहित्य र सामाजिक रुपान्तरण शीर्षकमा सनत रेग्मी, ज्योतिषः विज्ञान, परम्परा र विश्वास शीर्षकमा विद्याप्रसाद घिमिरे र रामकुमार जिम्बा तामाङको म्हेनिङला छार क्वान जस्ता विविध प्रसङ्ग र सन्दर्भका लेखहरूले पनि यहाँ स्थान पाएका छन् ।

त्यस्तै म नयाँ बुद्ध र जङ्गबहादुर खोजिरहेछु एकाङ्की नाटकमा देशप्रेम बारे डा. देवी क्षेत्री दुलालको चिन्तन पाइन्छ । अनि शिवप्रसाद तिमल्सेनाको सिर्जना नगर नाटकमा प्रदुषण र सामाजिक अवस्थाको चित्रण गरिएको छ । तिलविक्रम नेम्बाङ शीर्षकको अनुभव अनुभूति, यशु श्रेष्ठको लेख, मनु ब्राजाकीको पत्र साहित्य, नरनाथ लुइटेलको व्यङ्ग्य सतीको सराप, डा. जीवेन्द्रदेव गिरीको भाषा सम्बन्धी लेख सबैको नेपाली : पाठ्यक्रमदेखि पठनपाठनसम्मले यस अङ्कमा आफ्नो उपस्थिति दर्ता गराएका छन् । ध्रुवकुमार घिमिरेको लोकोपमा : संरचनात्मक एवं अर्थगत विश्लेषण नामक भाषिक लेखले पनि आफ्नो स्थान सुरक्षित पारेको छ ।

कथा लघुकथाको विधागत रचनामा समसामयिक विषयवस्तुमा लेखिएका आख्यानहरूमा माया ठकुरीको अन्तर्दाह, कृष्ण बजगाईँको इर्ष्या, भागीरथी श्रेष्ठको सुपारी, डा. लक्ष्मणप्रसाद गौतमको उत्तरआधुनिक प्रेम -नौ, कृष्ण वलदेव वेदको आलाप, वकार वन अलीको नदी पार, नारायण तिवारीको जङ्गबहादुर पनि हाँस्छ, विश्वराज अधिकारीको मृत्युदण्ड, किशोर पहाडीको विकासको स्वाद, शर्मिला खड्का (दाहाल) को वर्तमानको क्यानभास, हरिप्रसाद पाण्डेयको दृष्टि, पुष्करराज भट्टको प्रतिवद्धता, गोपाल अश्कको परिवेश, हरि खनालको हाकिमसाहेबको अन्त्य, इशा शाहको अन्योल, सुन्दर खडकाको

धन्यवादका पात्र, तुलसीहरि कोइरालाको सम्पत्ति, इन्द्रकुमारश्रेष्ठ सरितको भानु अब त मान्देउ, ललिता दोषीको महान् कविज्यू, श्रमिक बरालको उपहार शीर्षकका रचनाहरू समाविष्ट छन् । कृति परिक्रमा अन्तर्गत यशु श्रेष्ठका दुई कृतिहरू शीर्षकमा अस्मिता शर्माको कृति समीक्षा रहेको छ ।

राष्ट्रिय भावना, देशप्रेम, समाज चित्रण, प्रकृति प्रेम र प्रेमसम्बन्धी विषयमा लेखिएका कविता, हाइकु, मुक्तक, गीत गजलहरूले पनि आफ्नो स्थान बनाएका छन् । यही क्रममा हरि अधिकारीको अनाम विदुषकको कविता, भुवनहरि सिग्देलको म भानुभक्त हुँ, रामबाबु सुवेदीको थोपा झरेन तेलको, मञ्जुलको साहित्य बगैंचा, अमर गिरीको इतिहासको पुस्तक, राजवको विलबोर्डका उक्लिएको किताब, साम्ब ढकालको चराहरू व्युँझिएपछि, वासुदेव अधिकारीको रुपान्तर, घनश्याम कँडेलको रहर मऱ्यो, श्याम रिमालको श्रीपेचहरू खोजेर, टङ्क उप्रेतीको आँखाहरू तथा मातृका पोखरेलको नागार्जुनको सर्प नामका रचनाहरू यहाँ समावेश गरिएका छन् ।

यसैगरी शार्दूल भट्टराईको पूजा, शशी लमुम्बूको तिम्रो आगमनमा, रमेशजङ सिजापतिको नटुवा, हेमसागर पोखरेलको खाँचो छ, भागवत आचार्यको सिसिफसको ढुङ्गा र जमुनीका सपनाहरू, यज्ञराज प्रसाईको निषेध छ तिम्रा......., प्रमोद स्नेहीको घामको छाताले पानी छेलिरहेँछु, दिपेन्द्रसिंह थापाको पृथक पात्र, ठाकुर बेलवासेको मनकुमारी, कृष्ण जोशीको कथामात्र हुने छैनन्, कृष्ण बाउसेको केही मुक्तक, छविरमण सिलवासको धर्ती, वैरागी जेठाको मेन्द्रवाङ रेटछ, चेतनाथ धमलाको हाइकू, प्रतिरोध कार्कीको स्मृतिमा, भक्त कार्कीको अँध्यारामा बाँचेकाहरू, लक्ष्मी उप्रेतीको स्निग्ध अनुभूति, खिमानन्द पोखरेलको बुद्ध र शान्ति जस्ता कविताहरू समवेश छन् ।

वीणा पोखरेलको स्वागतम्, सुभद्रा पौडेलको अधिकार र कर्तव्य, रामप्रसाद पन्तको एउटा पत्रः सहरमा बस्नेलाई, भीम क्षेत्रीको रजस्वला धर्ती, इन्द्रकुमार श्रेष्ठको आफ्नैलाई गुमाई ....रामेश्वर राउत मातृदासको यही हो मुक्त माटो, हेम प्रभासको भित्ताको चस्मा, जयन्ता पोखरेलको सेतो घरमा चिप्ले किराहरू, ,शारदा श्रेष्ठको आशाको किरणहरू, कदम आचार्यको उज्यालोको खोजी, पञ्चकुमारी परियारको काठमाडौं आउनुहोस, मङ्गलनारायण जोशीको बस....अरु केही होइन, श्रीजिता चौलागाईको संविधान र जनता, बूँद राना, रामबहादुर पहाडी, धनराज गिरी, उज्ज्वल जी.सी, जय गौडेल, शान्ता अजनवी, राधा कर्णेल, राश्मी असफल, प्रभाती किरणका गजल र वसन्तराज अज्ञातको गीत तथा राम उदित, नितेश गौतम, ज्ञानु विद्रोही, सुरेश सुवेदी, केशवराज आमोदी, गोविन्द ढकाल ढुङ्गेली' र लीलाराज दाहालका गजलहरू समाविष्ट भएका छन् ।

समग्रमा उत्कृष्ट लेख, समालोचना, नियात्रा संस्मरण तथा कविहरूका कविता, कथाकारहरूका कथा र लघुकथाहरू समाविष्ट गरिएको यो अङ्क अत्यन्तै पठनीय र सङ्ग्रहणीय छ । साहित्यिक पत्रिका मार्फत् देश सेवा गरिरहेका रिजालको सम्पादन तथा प्रकाशनमा बाराजिल्लाबाट प्रकाशित हुँदै आएको यस पत्रिकाले निकट भविष्यमा शताङ्क प्रकाशन गर्न लागेकामा पत्रिका परिवारलाई हार्दिक बधाई तथा शुकामना भन्दै भविष्यमा पनि यसको निरन्तरताको अपेक्षाका साथ अहिले विदा हुन चाहन्छु ।

(चन्द्रागिरी, काठमाडौँ)

बालसाहित्य विशेषाङ्क

(पूर्णाङ्क ६०, वैशाख असार २०७०)

• **प्रमोद प्रधान**

नेपाली साहित्यको विकास, विस्तार र प्रवर्द्धनमा साहित्यिक पत्रपत्रिकाहरूको योगदान अत्यन्त महत्त्वपूर्ण भएको तथ्य सर्वविदितै छ । धेरै पत्रपत्रिकाहरूले लामो समयदेखि समर्पित भावले नेपाली भाषा र साहित्यका लागि गरेको योगदानको जति प्रशंसा गरे पनि पुग्दैन । तर बालसाहित्यतर्फ भने त्यस्ता पत्रपत्रिकाको पनि ध्यान पुग्न सकेको देखिन्न । जनसङ्ख्याको ४० प्रतिशत भाग ओगटेका बालबालिकाका लागि लेखिने साहित्यको महत्व बुझ्न नसक्दा यस्तो स्थिति देखिएको हो जस्तो लाग्दछ । यस्तो परिस्थितिमा पनि केही पत्रिकाले भने बालसाहित्यतर्फ विशेष चासो राखेको देखिन्छ, जुन स्तुत्य छ । यस्तै पत्रिकाको सूचीमा पर्छ **नवप्रज्ञापन** !

नवप्रज्ञापनको पूर्णाङ्क ६० बालसाहित्य विशेषाङ्कको रूपमा प्रकाशित भएको छ । २०७० वैशाख-असारमा प्रकाशित यस विशेषाङ्कले बालसाहित्यअन्तर्गतका विभिन्न विषयसँग सम्बन्धित खोजपरक लेख र समालोचनाका अतिरिक्त सिर्जनात्मक रचनाहरूलाई पनि समेटेर महत्त्वपूर्ण काम गरेको छ । यसमा भएका रचनाहरूलाई विषयसूचीमा विभिन्न नौ शीर्षकमा वर्गीकरण गरिएको छ । त्यसमध्ये खोजपरक लेख र समालोचनातर्फ इतिहास, अनुभूति, लेख, खोजी र समालोचना गरी पाँच र सिर्जनात्मकतर्फ नाटक, कविता/गीत/गजल, विविध र कथा गरी चार शीर्षकमा रचनाहरूको वर्गीकरण गरिएको छ ।

खोजपरक लेख तथा समालोचनातर्फ सबैभन्दा पहिले 'इतिहास'अन्तर्गत विजय चालिसे, तेजप्रकाश श्रेष्ठ, प्रमोद प्रधान र नवराज रिजाल चार जनाका रचना रहेका छन् । विजय चालिसेको *नेपाली बालनाटक : सङ्क्षिप्त अध्ययन,* तेजप्रकाश श्रेष्ठको *नेपाली बालकथाको विकासक्रम,* प्रमोद प्रधानको *नेपाली बालकविताको विकासक्रमको सङ्क्षिप्त रूपरेखा* र नवराज रिजालको *नेपाली बालउपन्यासको उद्भव*ले क्रमशः नेपाली बालनाटक, बालकथा, बालकविता र बालउपन्यास विधाको प्रारम्भदेखि पछिल्लो अवस्थासम्मलाई विश्लेषण गर्ने काम गरेको छ । ती रचनाहरूले ती विधाको विधागत स्थितिबारे पाठकलाई प्रशस्त सूचना र जानकारी दिएका छन् । सबै लेखक बालसाहित्यका क्षेत्रमा लामो समयदेखि कलम चलाइरहेका व्यक्ति भएकाले पनि ती लेखहरूमा प्रस्तुत सूचना र जानकारीहरू प्रामाणिक देखिन्छन् ।

नेपाली बालसाहित्यको विधागत

अध्ययन अत्यन्त कम भइरहेको अवस्थामा यस्ता रचनाहरूको लेखन र प्रकाशनको विशिष्ट महत्त्व हुने कुरा निर्विवाद छ । यसपछि अनुभूति शीर्षकअन्तर्गत प्रा. डा . चूडामणि बन्धुसँग यशु श्रेष्ठले लिएको अन्तर्वार्ता प्रस्तुत छ। नेपाली बालसाहित्यको विकास, विस्तार, लेखन, साङ्गठानिक कार्य र अन्वेषण लगायतका कार्यमा लामो इतिहास बनाइसक्नु भएका प्रा. डा. बन्धुसँगको यो अन्तर्वार्ताले बालसाहित्यको विषय, भाषा, शैली, गुणस्तर लगायतका विषयमा उहाँको धारणालाई गहन रूपमा प्रस्तुत गरेको छ । एउटा प्रश्नको उत्तरमा उहाँले भन्नुभएको निम्न अंशले नेपाली बालसाहित्यलाई हेर्ने दृष्टिकोणबारे स्पष्ट पार्छ :

यो उपेक्षामा नै रहेको छ । राज्यले पनि वास्ता गर्न नसकेको, अभिभावकहरू, स्कुलहरू कसैले पनि चाहिँदो मात्रामा हेर्न, बुझ्न र आवश्यकता महसुस गर्न नसकेका कुरा छन् । लेखक, प्रकाशकहरूले नै यसलाई चाहिँदो मात्रामा आफ्नो बनाउन सकेका छैनन् । बालसाहित्य मात्रै लेख्ने, प्रकाशन गर्नेलाई औँलामै गन्न सकिन्छ । ...राज्य, अभिभावक, प्राज्ञिक व्यक्तिहरूबाट उपेक्षित भएपछि प्रकशक, लेखकहरू पछि हट्छन् । उनीहरू कम परिचित भएको, कम पाठक पाएको महसुस गर्दछन् । प्रौढ साहित्य लेखेपछि परिचित भइन्छ, पाठक धेरै पाइन्छ भन्ने ठान्छन् । यसैले बालसाहित्य उपेक्षित नै छ । त्यसैले बालसाहित्य लेख्नेलाई साहित्यकार होइन कि जस्तो लागेको पनि हो । (पृ. ५८)

यस विशेषाङ्कले समेटेको अर्को महत्त्वपूर्ण पक्ष बालसाहित्यका विविध पक्षबारे लेखिएका लेख रचनाहरू हुन् । यसमा समावेश गरिएका लेखहरूमध्ये विनय कसजूको *नेपाली बालसाहित्यको अवस्था, हाँक र अवसर* अत्यन्त महत्त्वपूर्ण आलेखको रूपमा रहेको छ। विशेष गरेर यस आलेखमा बालसाहित्यमा आधुनिक माध्यम, प्रविधि र सीपको प्रयोगका सम्बन्धमा विचारणीय तथ्य र चिन्तन प्रस्तुत गरिएको छ। लेखमा भनिएको छ : *प्रविधिमा आएको विकास र यसले मानिसको सोच र व्यवहारमा ल्याएको परिवर्तनलाई हामीले स्वीकार गरेनौँ र त्यसअनुसार चलेनौँ भने हाम्रो बालसाहित्य धेरै पछि पर्ने छ । बालसाहित्य पछि पर्नु भनेको बालबालिकाले समयअनुसारको मानसिक खुराक नपाउनु हो । फलस्वरूप हाम्रो भविष्यका कर्णधारहरूसँगै हामी सबै पछि पर्ने छौँ । (पृ. ६५)*

बालसाहित्यको क्षेत्रमा आफ्नो सम्पूर्ण जीवन बिताउनुभएका विशिष्ट स्रष्टा शान्तदास मानन्धरको पठन सीप र पढ्ने बानीको विकास कसरी हुन्छ ?शीर्षकको रचना अर्को महत्त्वपूर्ण रचना हो । यसले बालबालिकाको पठन सीप प्रवर्द्धनका लागि गर्न सकिने र गर्नुपर्ने विषयमा महत्त्वपूर्ण जानकारी दिएको छ । यस्तै महेश पौड्याल 'प्रारम्भ'को बालसाहित्यको विकासक्रम : केही पश्चिमेली सन्दर्भहरू शीर्षकको आलेखमा पश्चिमेली देशहरूमा बालसाहित्यको विकासका लागि भए गरेका सिर्जनात्मक प्रयासहरूबारेका सामग्री समावेश छ। डा, ध्रुवकुमार घिमिरेको बालवाङ्मयका विधागत सर्वेक्षणको आलोकमा नेपाली बालसाहित्य लेखन र स्थानीय सन्दर्भ शीर्षक लेखमा एकातिर बालसाहित्यका विविध स्वरूपका अतिरिक्त आख्यानात्मक र इतर आख्यानात्मक बालकृतिका बारेमा जानकारीमूलक सामग्री रहेका छन् भने अर्कोतिर दृश्य स्वरूपअन्तर्गत नाटक, साञ्चारिक स्वरूपअन्तर्गत विद्युतीय सञ्चारमाध्यममा आएका बालकार्यक्रम

आदि, शैक्षणिक स्वरूपअन्तर्गत पाठ्यसामग्री तथा अनुवादित र पुनर्लिखित स्वरूपअन्तर्गत अनुवाद र बालसंस्करणका बारेमा चर्चा गरिएका छन् ।

एकप्रकारले यस आलेखले बालवाङ्मयका धेरैजसो क्षेत्रलाई समेटेको पाइन्छ। यसका अतिरिक्त यसमा मोहनबहादुर कायस्थको *बालक, बालसाहित्य र बालसाहित्यकार* र छायादत्त न्यौपानेको *बालसाहित्यको परिचय र नेपाली परम्परा* तथा अमृत योन्जन तामाङको *तामाङ बालसाहित्य : स्थिति र सम्भावना* र सञ्जय साह 'मित्र'को *बज्जिका बालसाहित्य : एक चर्चा* शीर्षकका रचना पनि रहेका छन् । अघिल्ला दुई रचना सैद्धान्तिक र पछिल्ला दुई विभिन्न भाषामा रहेका बालसाहित्यको अवस्थामा केन्द्रित छन् ।

यस विशेषाङ्कको अर्को विशेषता बालसाहित्यको आञ्चलिक अवस्थाबारे केन्द्रित रचनाहरू हुन् । यसमा मेची, कोशी, सगरमाथा, जनकपुर, वागमती, नारायणी, गण्डकी, लुम्बिनी, धवलागिरि, भेरी, कर्णाली र राप्ती गरी १२ अञ्चलका साथै सेती र महकालीलाई सुदूरपश्चिम शीर्षकमा समेटिएको छ । यी रचनाहरू क्रमशः प्रेम प्रभात, विवश पोखरेल, यादेवी ढकाल, माधव सयपत्री, अनन्तप्रसाद वाग्ले, रमेशमोहन अधिकारी, डा. अच्युतशरण अर्याल, प्रा.डा. कपिलदेव लामिछाने, भक्त कार्की, डा. मधुसूदन गिरी, के.बि. सिम्पल, सूर्य बी.सी. र प्रकाश शर्माले लेखेका हुन् । यसरी बालसाहित्यबारे अञ्चलकेन्द्रित इतिहास सम्भवतः पहिलोपल्ट यस पत्रिकाले प्रस्तुत गरेको छ, जुन आफैँमा उल्लेखनीय मान्नुपर्छ । यसका साथै नेपाली बालसाहित्यमा योगदान गरेका र स्पष्ट पहिचान बनाइसकेका स्रष्टाहरूका रचनाका बारेमा रहेका विश्लेषणात्मक रचना पनि यस विशेषाङ्कको अर्को महत्त्वपूर्ण पक्ष हो ।

यसमा नेपाली बालसाहित्यका विशिष्ट स्रष्टाहरू लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरे, देवकुमारी थापा, रमेश विकल, श्यामप्रसाद, कृष्णप्रसाद पराजुली, जनकप्रसाद हुमागाईं, देवीप्रसाद वनवासी, शान्तदास मानन्धर, विश्वम्भर चञ्चल, दैवज्ञराज न्यौपाने, शारदारमण नेपाल, तेजप्रकाश श्रेष्ठ, विजय चालिसे, प्रमोद प्रधान, कपिल लामिछाने, ध्रुव घिमिरे, हरि खनाल, शारदा अधिकारी (ढकाल), शाश्वत पराजुली र नवराज रिजालका योगदानको विश्लेषणसमेत समावेश छन् । यी रचनाहरूले विशेषाङ्कको महत्तालाई अझ बढाएको छ । प्रा. राजेन्द्र सुवेदी, डा. शैलेन्दुप्रकाश नेपाल, डा. जीवेन्द्र देव गिरी, प्रा. गोपीकृष्ण शर्मा, गुरुप्रसाद पोखरेल, बाबुराम लम्साल, लक्ष्मी उप्रेती, प्रभा भट्टराई आचार्य, रमेश शुभेच्छु, राममणि पोखरेल, धनराज भट्टराई, अमरकुमार श्रेष्ठ, शान्ता अजनबी, राजश्री गौतम, प्रभात सापकोटा, मिलन समीर, नीलकमल, शारदाकुमारी दाहाल, प्रा.डा. रामचन्द्र लम्साल, पुष्करराज भट्ट र यशु श्रेष्ठले यी विश्लेषणात्मक रचना लेखेका हुन् । यसरी यस विशेषाङ्कले नेपाली बालसाहित्यको विधागत इतिहास, प्रवृत्ति र परम्परा, आञ्चलिक स्थिति र स्रष्टाको योगदानसम्मलाई आफूभित्र समेटेको देखिन्छ । नेपाली बालसाहित्यलाई बुझ्नका लागि यो विशेषाङ्क एक अत्यन्त महत्त्वपूर्ण सन्दर्भसामग्रीको रूपमा रहेको छ भन्दा अत्युक्ति हुँदैन ।

यसबाहेक यस विशेषाङ्कको अर्को उल्लेख्य पक्ष भनेको बालसाहित्यका विविध विधाका रचनाहरूको प्रस्तुति पनि हो । यसमा नाटक, कविता/गीत/गजल, कथा

र अन्य विविध सामग्री पनि समावेश छन् । यस्ता सामग्रीमा नाटक ३, कविता ५१, कथा ३१ र विविध सामग्री ४ गरी कुल ८९ सामग्री रहेका छन् । यसमा श्यामदास वैष्णव, विमल भौकाजी र कृष्ण शाह यात्रीका नाटक रहेका छन् । कविताहरू सर्वाधिक छन् । कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, युद्धप्रसाद मिश्र, श्यामप्रसाद, कृष्णप्रसाद पराजुली, प्रेमा शाह, ध्रुवकृष्ण दीप, दैवज्ञराज न्यौपाने, दुर्गालाल श्रेष्ठ, कल्पना प्रधानदेखि पछिल्लो पुस्ताका अच्युत घिमिरे, केदार श्रेष्ठसम्मका बालकविता यसमा रहेका छन् । यो विशेषाङ्क विषय, भाव, लय, शैली आदिका दृष्टिले विविधतापूर्ण बालकविताको रमाइलो सङ्कलन बन्न पुगेको छ ।

तथापि, कतिपय प्रतिनिधि स्रष्टाका बालकविता भने यसमा परेको देखिँदैन । यस्तो चयनमा सम्पादक अलि सचेत हुनुपर्छ भन्ने मेरो धारणा छ । यस्तै कथामा अघिल्लो पुस्ताका देवकुमारी थापा, रमेश विकल, जनकप्रसाद हुमागाईं, देवीप्रसाद वनवासी, परशु प्रधानदेखि पछिल्लो पुस्ताका अत्यन्त सक्रिय र महत्त्वपूर्ण स्रष्टाहरू शाश्वत पराजुली, शर्मिला खड्का दाहाल, विजयराज आचार्य, कार्तिकेय घिमिरे, अनुराधा, राजेन्द्रभक्त जोशी, सौरभकिरण श्रेष्ठसम्मका रचना समावेश छन् । यसले नेपाली बालकथाको प्रवृत्तिका बारेमा पाठकलाई जानकारी दिन्छ । यसमा गोपाल पराजुलीले लेखेको डायमनशमशेरको जीवनीसहित कन्हैया नासननी, कुवेर गर्तौला र मित्रलाल पंज्ञानीका निबन्धात्मक रचना पनि छन् ।

समग्रमा भन्नुपर्दा, नेपाली बालसाहित्यमै केन्द्रित भएर प्रकाशित भएको सम्भवतः यो पहिलो विशेषाङ्क हो । नेपाली भाषा साहित्यमा योगदान गर्दैआएका पत्रपत्रिका अरू पनि छन् तर ती पत्रपत्रिकाहरूले बाल साहित्यकेन्द्रित विशेषाङ्क निकालेको मलाई भने थाहा छैन । यसका सम्पादक नवराज रिजाल आफैँ पनि बालसाहित्यको एक सक्रिय र सचेत स्रष्टा भएकोले पनि यो विशेषाङ्क निकाल्ने जाँगर चलाएको हुनुपर्छ । कुल पृष्ठ सङ्ख्या ४६४ रहेको यस विशेषाङ्कले नेपाली बालसाहित्यको समग्र पक्षलाई समेटेर बालसाहित्यसम्बन्धी अध्ययन, अनुसन्धान, विश्लेषण गर्ने व्यक्तिहरूका साथै बालसाहित्यमा रुचि राख्ने सबैलाई एकै ठाउँमा विशिष्ट सामग्री उपलब्ध गराएको छ, जुन आफैँमा ऐतिहासिक र अद्वितीय छ । यो लेखलाई अन्त्य गर्नुअघि यसको *सम्पादक्यौली*मा रहेको निम्न अंश उद्धृत गर्न चाहन्छु, जुन अहिलेको सन्दर्भमा पनि उत्तिकै चिन्तनीय छ :

नेपालमा आज सबैभन्दा धेरै लेखिनुपर्ने, पढिनुपर्ने, पढाउनुपर्ने, बुझ्नुपर्ने र बुझाउनुपर्ने साहित्य नै बालसाहित्य हो । हिजो बालसाहित्यको महत्त्व पुष्टि गर्न नसकिएकाले प्रौढ साहित्यको पाठक नबढेका हुन् । आज पनि हामी पठन संस्कृतिको विकासमा लाग्न सकेनौँ भने भोलिको अवस्था पनि सकारात्मक हुनेछैन अर्थात् भविष्यमा पनि वर्तमानको छविछाया स्पष्ट देखिने छ । यसर्थ सबैले पठन संस्कृतिको विकास र विस्तारमा आ-आफ्नो ठाउँबाट सकारात्मक सहयोग गर्नुपर्छ र राज्य समेत चनाखो बन्नुपर्छ । भोलिको सुन्दर शान्त नेपाल भनेकै आजका बालबालिका भएकाले उनीहरूको चौतर्फी विकासको निम्ति आजैदेखि, अझ भनौँ अहिल्यैदेखि गहन सोचका साथ अगाडि आउनुपर्छ । यो नै नेपाल र नेपालीको भोलिको सुन्दर चित्र हो (पृ. ७) ।

(बिराटनगर, मोरङ)

भानुभक्त विशेषाङ्क

(पूर्णाङ्क ६४, वैशाख–असार २०७१)

• शीतल गिरी

वि.सं. २०५० सालदेखि प्रकाशन आरम्भ गरी आजपर्यन्त निरन्तर प्रकाशित भइरहेको **नवप्रज्ञापन** बारा जिल्लाबाट प्रकाशित हुने साहित्यिक पत्रिका हो । यथा समयमा विभिन्न विषयगत विशेषाङ्कहरू प्रकाशित गर्ने गरेको यसले पूर्णाङ्क ६४ वैशाख-असार २०७१ लाई'भानुभक्त विशेषाङ्' का रूपमा प्रकाशित गरेको थियो । यस अङ्कमा भानुभक्त का नाममा लेखिएका ८२ व्यक्तित्वहरूका लेख रचना समावेश छन् । अनि पुस्तक २५६ पृष्ठमा समेटिएको छ । यस आलेखमा त्यो विशेषाङ्को परिचय दिने प्रयत्न गरिएको छ ।

यहाँ आएको एउटा वाक्य 'आज समय बदलिएको छ' र समावेश सम्पूर्ण रचना विभिन्न अर्थ र व्यंजनाहरूको साथमा केन्द्रस्थ छ । यी रचनाहरूमा विगतका मूल्य, मान्यता, आस्था, विश्वास, विचार र दृष्टिकोणमा व्यापक फेरबदल देखिन थालेको प्रा. राजेन्द्र सुवेदीको लेख 'यात्रा एक गन्तव्य अनेक' ले बताउँछ । प्रा.डा.जीवेन्द्रदेव गिरीको ' प्रगतिवादी दृष्टिमा भानुभक्त आचार्य' गोविन्द भट्टको 'भानुभक्त र आजको नेपाल' तथा शीतल गिरीको 'फेरि भानुकै चर्चा' आदि रचनाहरूमा ती कुरा प्रष्टसँग देख्न बुझ्न पाइन्छ ।

बदलिएको समय अनुसारको सकारात्मक प्रतिवादले यस विशेषाङ्कका रचनाहरूलाई यथार्थ चित्रणसम्म मात्र सीमित बनाएको छैन बरू भानुभक्तका देनलाई परिवर्तनकामी अंतर्दृष्टिले सम्पन्न पारेको छ । रमेशमोहन अधिकारीको ' अमरावती' कवितामा शैलीवैज्ञानिक दृष्टि' मा 'कान्तिपुरी नगरी' भन्ने पद समुह प्रत्येक श्लोकमा दोहरिनाले कवितालाई लयात्मकमात्र मात्र बनाएको नभएर मिठास भरी सुन्दर बन्न सघाएको छ ।

हुने नहुने बेग्लै कुरा हो तर यस विशेषाङ्कमा समावेश रचनाले भानुभक्तको स्वाभिमान स्वभाविक रूपमा उजागर भएको छ । 'तिमी मेरो सम्झनामा'बालकवितामा कवि प्रतीत रिजाल भन्छन् -

तिम्रा लेखरचना तोप भन्दा शक्तिशाली छन्
क्रुर शासकको विचारलाई पनि पछि पार्ने छन्

हिटलरको शक्तिभन्दा पनि विशाल छन्
समाजलाई अघि बढाउन हार्दिक र मार्मिक छन् ।

'भानुको सम्झनामा' कवितामा माया ठकुरीले आजको समयको नेपाली साहित्य भानुले कोरेको गोरेटोबाट मूल सडक बन्न

गएको हो । प्रत्येक अक्षरमा ज्योतिको रूपमा भानु बसेका छन् । अक्षर, शब्द र भावको अनुशासनमा रहनु साहित्यको धर्म हो । कहिले एकल, कहिले सामूहिक प्रयासमा नयाँ मान्यताको खोजी समय समयमा नभएको होइन र केही सफल भएका छन् । प्रायः जसो पानीका फोका झैं विलाएर गएका छन् भन्ने भाव छ । हरि खनालको 'वैराग्य र भक्तिको उत्कर्ष भावः भक्तमाला' र रमेश शुभेच्छुको 'भक्तिकाव्य परम्परामा भक्तमाला' मा भानुभक्त ईश्वरका भक्त छन्,उनको साधनालाई अहिले नकारे पनि काव्यचेतनाको शब्दनादमा कुनै फरक पर्दैन । आध्यात्मिक चेतना, सकारात्मक कर्मको आवश्यकता जीजिविषाको एउटा अङ्ग हो र सही अर्थमा पलायन-वृत्तिको विरोधमा छ । भक्तमालाको भानुभक्त धर्मको नाममा अंभक्त बन्ने पक्षमा छैन किनभने यति सुन्दर मानव जीवन अकर्मको लागि हुँदै होइन भनिएको छ । समालोचक हरि खनालको निष्कर्ष छ, "राम्रा कर्म गर्ने सन्देश अप्रत्यक्ष रूपमा दिएको भए पनि यसले प्रत्यक्ष रूपमा सकारात्मक कर्महरूका लागि मान्छेलाई आह्वान गर्न सकेको भए यो अझै सुन्दर हुने थियो ।"

कतिपय रचनाहरूमा भानुभक्तको वारेमा उस्तै भाव र तर्कले गुणगान गाउँने काम मात्र पनि भएको छ । 'भानुभक्त आचार्य : रामगीता' मा प्रा.डा.कृष्णप्रसाद घिमिरेले रामगीताको पक्षमा आत्माचिन्ने सरल उपाय ज्ञान हो र यो ज्ञान रामगीताबाट प्राप्त गर्न सकिन्छ भन्ने मत अघि सारेका छन् । 'पुनः जन्म भानु' कविताका ललिता 'दोषी'ले अहिलेको समयमा भाषा, संस्कृति, साहित्य उपेक्षित रहेको बताएकी छिन् । उनी अहिलेको अर्थमुखी समयमा नेपाली समाज भाषा, सस्कृति, साहित्य र मैलिएको तथा अभावग्रस्त छ भन्ने विचार राख्छिन् । लीलबहादुर क्षत्री 'आसामको नेपाली जनजीवन र भानुभक्त' मा रैथाने भएका असमीया नेपालीहरूमा भानुभक्तीय रामायण सूर्यको किरणझैं फैलिएको स्वीकार गर्छन् ।

घाँसीले अर्ती दिएको हुँदा भानुभक्तले साहित्य सिर्जना गरे भन्ने घिसेपिटेका पुरानै रटान 'भानुभक्त' कवितामा अरुणबहादुर खत्री 'नदी'को रहेको छ । नेपाली समाजमा घाँसी पेसा र जातिको अस्तित्व हिजो पनि थिएन र आज पनि छैन । इतिहासले कतै सङ्केतसम्म नगरेको नचाहिँदो कुराको पछि लागेर अनुसन्धान र तथ्यको आधारमा सत्य केलाउन नचाहनेहरू कहिलेसम्म झूटलाई अंगाली रहन्छन् अचम्म लाग्छ ।यथार्थ खोज्न परिश्रम नगर्नेहरूको जमातमा 'कौवाले कान लग्यो' भन्ने सुन्दा कौवाको पछि दगुर्नेले अवश्य प्रमाण खोज्न सक्दैन । अरूको सिको गर्दा कतै कहिले ठेस लागेमा 'सरी' भनेर पन्छिनेहरू प्रयाप्त छन् । यसकारण गोविन्द ढकाल 'ढुङ्गेली'को गजलको भाव सटिक छ– कहीँकतै दुःख देख्दा उनलाई पीर पर्थ्यो, त्यो पीर व्यथा आफ्नै ठानेर शब्दमा उतार्ने गर्थे भानु ।

शेखर कार्कीले 'मेरो भानुभक्त : काव्य कवितामा' किटेर लेखेका छन् अध्यात्मरामायणको नेपालीमा भाषानुवाद गर्ने भानुले संस्कृतका विशाल काव्यस्तम्भ मानिएका प्रतिभासम्पन्न तथा महाकवि व्यासको पौराणिक काव्यको साहित्यिक स्वरमा भर्खर फुट्दो नेपाली भाषामा आफूले रुपान्तर गरिरहेका कुरा कतै बिर्सेका छैनन् । यो पङ्क्ति सम्पूर्ण विवेक र समझदारीको साथमा भानुभक्तलाई आफ्नो अध्ययनबाट प्राप्त ज्ञानले लेखिएको सत्य हो भनी म स्वीकार गर्छु । 'भानुभक्तप्रति' दुर्गा शर्मा

लेख्नको लागि मात्र देखिएका छन् । यस्तो गहकिलो विशेषाङ्कमा सामान्य कविता लिएर आउँदा उनको क्षमताको यथार्थ स्वरूप देखा पर्न सक्दैन । 'नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष' मा महाकवि देवकोटाले 'साहित्यिक श्रेष्ठताको नाप जनतामा परेको प्रभाव र सर्वकालीन हृदयस्पर्शितामा निर्भर रहन्छ' भनेर बाटो देखाएका छन् । जसले नेपाली साहित्यको उत्पत्ति स्वदेशी डोको र भासको भएको रहस्य थाहा पाउँछ ऊ महान बन्छ यही रहस्य बुझ्नसकेको हुँदा लक्ष्मीप्रसाद महाकविमा दरिनु भयो ।

'सुल्झन नसकेको उल्झनभित्रका भानुभक्त आचार्य' मा शिव रेग्मीले खोज अनुसन्धानको भित्रि तहमा पुगेर भानुबारे पाइएका, देखिएका, सामान्य भनी वास्ता नगरिएका कुरा सप्रमाण स्वस्थ रूपमा अगाडि ल्याएर छर्लङ्ग देखाइ दिएका छन् । कतिपय रचनामा शिव रेग्मीले औँल्याएका गल्ती/त्रुटी हुनु अवश्य नै दुर्भाग्यपूर्ण स्थिति हो । मेघनाथ खनाल ' बन्धु'को 'आदिकवि : आदि हास्यव्यङ्ग्य कवि पनि' श्याम रिमालको 'भाषागीत' डा. भद्रबीर अधिकारीको 'अनौठो प्रतिभाका धनी भानुभक्त आचार्य' आदि रचनामा गुणवान चरमसीमामा छ । 'आदिकवि आदि हास्यव्यङ्ग्य कवि पनि' मा मधेश आन्दोलनको नाममा ढालिएका भानुभक्तका शालिकको गतिलो चित्रण छ । 'भानुभक्तीय रामायण र यसको संरचना' कोमलप्रसाद पोखरेलले देखाएर छन्द प्रयोगको दृष्टिले उच्च कोटिको कृति मान्नु भएको छ । सूर्यविक्रम ज्ञवालीको 'भानुभक्तका केही कवितासम्बन्धी विचार' यथार्थको नजिक र धेरै शसक्त छ । भानुभक्तको कविताबाट पाठक र स्रोताले आनन्द प्राप्त गर्ने कुरा पनि आएको छ । क्रूरता र संवेदनहीनताबाट भानुका कविता टाढा रहेकोले नै पाठक र स्रोतालाई तृप्ति प्रदान गर्दछन् ।

सरल, सहज भावले भानुले कवितालाई सवल बनाएका हुँदा जन जनको मनमा बस्न सकेको छ । 'भानुको सम्झनामा'कवितामा तिलोतमा पौडेत 'शारदी'ले संकेत गरेकी छन् । भानु आफ्नो राम्रो समाजपयोगी विचारको कारणले तत्कालीन समयमा हेय दृष्टिले हेरिने भाषालाई बलियो बनाउँने महारथी हुन् । धर्मको काम समाजलाई सबल बनाउने हो । धर्ममा जब बिचौलीयाहरूको हालीमुहाली चल्छ तब धर्म विकृत बन्छ । तर भानु साहित्यमा धर्मको स्वच्छ छवि देखाउन सकेको हुँदा नै नेपाली जातिका आफन्त बन्न सकेका छन् । जनमानसको मन छुन नसक्ने र ढुकढुकीसँग धड्कन नसक्ने कविता कविताको भावना र मर्मभित्र पर्न सक्दैनन् त्यसैले भानुभक्तभन्दा पूर्व रचिएका कविता टुटेफुटेका भावाभिव्यक्तिका अस्थिपञ्जर मात्र हुन् भन्नु अतियुक्ति नहोला । भानुभक्तका कविताहरूले धार्मिक अनुष्ठानका क्रममा कीर्तनभजन गाउँदा शब्द र भावको शक्तिले अपठित स्रोतालाई वास्तविक अध्यात्मको मार्ग पहिल्याउन सहयोग गरेका छन् ।

यसैगरी 'व्यङ्ग्य बाजेलाई एउटा खुला पत्र' मा भैरव अर्यालको चोटिलो प्रस्तुतिलाई स्वीकार गर्न नसक्नु पक्कै पनि प्रतिगामी हेराइबुझ्न सकिन्छ । मुक्तिनाथ शर्माको लेखन भानुभक्तकै बारेमा भए पनि अध्येताहरूका नजरमा बस्न सक्ने जस्तो लागेन । यो सत्य हो भानुभक्तलाई हेर्ने दृष्टि र अनुभव लेखकको नै हो, तर उहाँको दृष्टि-पथलाई गहन अध्ययन मनन हो भनेर भन्न सकिँदैन । 'आदिकविको दुई सयौं जन्मजयन्ती' मा राममणि पोखरेलले–

शब्द श्रद्धा ! प्रकट गर्नुलाई आफ्नो दायित्व ठान्नु भएको छ । 'आदिकविलाई सम्झन खोज्दा' मा तेजप्रकाश श्रेष्ठले श्रद्धा प्रकट गर्ने अनुयायीको रूपमा आफूलाई राम्ररी उभ्याउनु भएको छ । नेपाली भाषामा अध्यात्म रामायणको उनको अनुवाद नै धार्मिक प्रचारको लागि अति लोकप्रिय साधनका रूपमा संस्कृतको निम्ति पहिलो हाँक थियो । ठिक त्यसै गरी जसरी बाइकको अंग्रेजी अनुवाद ल्याटिन भाषाका निम्ति पहिलो हाँकस्वरूप थियो ।

मुख्य कुरा आधुनिक नेपाली रचनामा कतिपय विङ्गति र कुरुपता नपाइने होइन । प्रसंग भानुभक्तमाथि बनेको चलचित्रको चित्रणमा लाटोसाथीले भन्नु भएको छ । प्रा.डा. वेणीमाधव ढकालले सहजरूपमा 'नेपाली संस्कृति, साहित्य, कला, इतिहास एवम् भूगोलमा प्रतिविम्बित रामायण संस्कृति' यथार्थ रूपमा प्रकट गर्नु भएको छ । सबभन्दा अप्ठेरो कुरो आदिकवि भानुभक्त आचार्यलाई नेपाली भाषाको उत्तर मध्यकालीन प्रतिनिधि कविमात्र हुन् भनेर भन्नु हो । यो जोखिम विजय चालिसेले 'भानुभक्तीय नेपाली भाषा' मा लिनु भएको छ । हो, भानुभक्तको पालामा नेपाली भाषामा व्याकरण थिएन, व्याकरण नहुनु भनेको भाषा अनुशासनभन्दा बाहिर थियो भनेर विजय चालिसे अप्ठेरोमा पर्नु भएन । हुन पनि व्याकरण त भाषा स्थापित भएपछि, बनाइने भाषाको नियम न हो ।

यति त भन्नै पर्छ सङ्ग्रहका रचनाहरूलाई साहित्य-तत्वको कारणले पठनीय र संप्रेणणीय बनाएको छ । प्रतीक्षा रिजाल, हेमराज अधिकारी, रमेश पोखरेल, रामकृष्ण काफ्ले आदिले भानु बारे आफ्नो अनुभव र विचार सहज रुपमा अभिव्यक्त गरेका छन् । 'भानु तिमी' कवितामा भक्त कार्कीको प्रारम्भ नेपाली पहिचानका गाथा तिमी, भाषासेवीका सगरमाथा तिमीले पाठकको मनमा कौतूहलता जगाउँदछ । ' आदिकविको सम्झना' मा भागीरथ मिश्रको यो वाक्य एउटा जिज्ञासाको रूपमा गर्वसाथ देखा परेको छ–'सत्यको पक्षमा भगवान् रामचन्द्रलाई रावणका भाइले सहयोग गरेको घटना, सीतालाई हरण गरेपछि पनि सीताको पतिव्रता धर्म, बाँदर सेनाहरू, समुद्रमा पुल हालेको घटना, वनबासको कठिन अवस्था, आफ्नै भाइहरूको सहयोग र विश्वास रामायणमा उल्लेख गरिएको पाइन्छ ।' भानुका कतिपय फुटकर कवितामा राष्ट्रप्रेम, जातीय गौरव र राष्ट्रियताको झलक पाइन्छ। भानुले नेपाली भाषाप्रतिको अगाध माया र महान् सेवा गरेको कारण नै नेपाली संसारले उनलाई श्रद्धा सम्मान गरेको हो । भानुका कवितामा युगको व्याख्या पाइन्छ । यसकारण उनका रचनाहरू प्रशंसा गर्न लायक छन् ।

नेपाली भाषामा रामायण लेखेर भानुभक्तले आफ्नो अभीष्ट पुरा गरे । मलाई नेपाली भाषा र भानुभक्त एक सिक्काका दुइ पाटा हुन् जस्तो लाग्छ । नवप्रज्ञापनको भानभुक्त विशेषाङ्कको सम्पादकीयले नै पाठकको मनमा कौतूहल जगाउँदछ । 'तत्कालीन शिक्षित-मध्यम र उच्चवर्गीय नेपाली जनमानसमा परिचित रामकथालाई सरल नेपाली भाषामा भावानुवाद गरेर उनले जुन प्रशंसनीय कार्य गरे त्यसलाई अत्यन्तै साहसिलो कदम मान्नुपर्छ किनकि त्यतिखेरसम्म नेपाली भाषामा लेख्नु शोभनीय मानिँदैनथ्यो ।' सम्पादकको यस घोषणाबाट यो विशेषाङ्क सार्थक भएको प्रमाणित हुन्छ । साथ साथै भाषा-सामर्थ्यलाई पनि प्रमाणित गर्दछ । 'सहज यथार्थवादी कवि : भानुभक्त 'अपला चपलाहरू एक सुरमा'

'श्रद्धाञ्जली भानुप्रति' 'सम्झनामा भानुभक्त' जस्ता अनेकन रचनाहरूले भानुभक्तलाई राम्ररी चिनाउने काम गरेको छ ।

यसैगरी 'भानुभक्त आचार्यका काव्य कृतिमा दार्शनिकता' 'नेपाली जनजिब्रोका कवि भानुभक्त आचार्य त्रि-शतकमा प्रवेश' जस्ता रचनाहरू पछिल्ला पुस्ताका लागि निश्चय नै प्रेरणाका स्रोत बन्ने छन् । एउटा व्यक्तिगत सोचमा प्रकाशन आरम्भ गरी विगत ३० वर्षदेखि बारा जिल्लाबाट भाषा साहित्यको सेवा गरिरहेको तथा यसै अङ्कदेखि ३१ औं वर्षमा प्रवेश गर्न लागेको 'नवप्रज्ञापन' लाई म मेरो तर्फबाट शुभकामना दिनु पहिलो कर्तव्य सम्झन्छु । वरिष्ठदेखि कनिष्ट उमेरसम्मका रचनाकारका रचनाहरूलाई सम्मानसाथ स्थान दिनुहुने सम्पादकको यस्तो महनीय कार्यको गति रोकिनु हुँदैन म पनि भन्छु । भन्ने अधिकार पनि छ किनकि उनी मेरा छिमेकी भाइ पनि हुन् ।

हो, भन्न सजिलो छ त्यसैले मैले पनि भनेको हुँ । अझ सशक्त बनेको भए पनि हुन्थ्यो यसो भन्न पनि नसकिने हैन । सम्पूर्ण काम व्यहोर्ने त सम्पादक नै हुन् । अर्थात् भाइ नवराज रिजाल । त्यो कर्म उनी स्वेच्छापूर्वक गरिरहेका छन् । अझै गरिर हुन् । यसर्थ यो अङ्क बारे लेखिँदारहँदा मलाई पनि भन्न मन लाग्यो यति महत्त्वपूर्ण विशेषाङ्क प्रकाशित गर्न स्वेच्छापूर्वक रचना उपलब्ध गराउनु हुने सम्पूर्ण सर्जकहरूलाई साधुवाद । र शताङ्क अङ्क प्रकाशन पछि पनि पत्रिकाको निरन्तरताको शुभकामना ।

(गौर, रौतहट)

छन्दकविता विशेषाङ्क

(पूर्णाङ्क ६८, वैशाख-असार २०७२)

● **डा. शैलेन्द्रप्रकाश नेपाल**

१. विषय प्रवेश

नेपाली साहित्यिक पत्रपत्रिकाको इतिहास धेरै लामो छ । यही शृङ्खलामा नेपालका सबैजसो प्रदेश, जिल्लाबाट कुनै न कुनै प्रकृतिका लेख्य सामग्री प्रकाशनमा आइरहेका छन् । यद्यपि साहित्यिक पत्रिकाको सङ्ख्या कम देखिन्छ तापनि यस क्षेत्रमा समर्पित स्रष्टा, पत्रकार तथा अन्य सरोकारवाला व्यक्तिको निरन्तरको अथक प्रयास र प्रयोगले नेपाली वाङ्मय जगत् लाभान्वित हुँदैआएको छ । हवाई, गोजिका, साप्ताहिक, पाक्षिक जस्ता साहित्यिक प्रयोग पनि एकातिर रहेका छन् भने अर्कातर्फ **सुधासागर** (१९५५), **सुन्दरी** (१९६३), **माधवी** (१९६५) आदिले देखाएको बाटो पछ्याउँदै मासिक, द्वैमासिक, त्रैमासिक रूपमा साहित्यिक पत्रिका सम्पादन, प्रकाशन

गरेर सर्जक, संस्थाहरूले नेपाली साहित्यको विधागत विकासमा अमूल्य योगदान दिने काम गरेका छन् । स्थापित र नवोदित दुवै अवस्थाका प्रतिभालाई मार्गप्रशस्त पनि गरिरहेका छन् । तसर्थ नेपालमा नेपाली साहित्यिक पत्रिकाको निःस्वार्थ योगदान सदैव प्रशंसनीय रहिआएको छ ।

माथि उल्लेख गरिए झैँ लगभग सवाशताब्दी पार गरिसकेको नेपाली साहित्यिक पत्रिकाको यात्रामा वि.सं.२०५० देखि बारा जिल्लाबाट साहित्यकार नवराज रिजालको सम्पादन र प्रकाशनमा आफ्नो मौलिक पहिचान बोकेर उदाएको **नवप्रज्ञापन** साहित्यिक त्रैमासिक पत्रिकाले निरन्तरता कायम गर्दै तीन दशकको यात्रा गरिरहेको छ । यसबिचमा अनेक विधा र प्रकृतिका विशेषाङ्कहरू पनि आएका छन् । तीमध्ये यस प्रसङ्गमा भने २०७२ मा प्रकाशनमा आएको *छन्द कविताविशेषाङ्क* (६८ औँ अङ्क) का विषयमा सङ्क्षिप्त चर्चा गर्ने जमर्को गरिएको छ ।

२. नवप्रज्ञापनको छन्दकविता विशेषाङ्क

नवप्रज्ञापन (२०५०) बारा जिल्लाबाट निरन्तर प्रकाशनमा आइरहेको साहित्यिक त्रैमासिक पत्रिका हो । यसका विभिन्न अङ्कहरू विविध विशेषाङ्कका रूपमा आएका छन् । त्यही क्रममा २०७२ सालमा यसको *६८ औँ अङ्क छन्द कविताविशेषाङ्क*का रूपमा प्रकाशित भएको छ । नवराज रिजालको सम्पादन/प्रकाशन, डा. सुधन पौडेलको सम्पादन र यशु श्रेष्ठको सहसम्पादनमा प्रकाशित यस अङ्कलाई *छन्द कविताविशेषाङ्क* नामकरण गरिएको छ । यहाँ प्रयुक्त 'छन्द' शब्दले शास्त्रीय (संस्कृत) छन्दको सङ्केत गरेको छ । यसमा गद्य र पद्य दुवै शैलीका सामग्रीहरू रहेका छन् । गद्य रचनातर्फ एक दर्जन सामग्री छन्दको शास्त्रीय परिचय, इतिहास र महत्त्व, वार्तालगायत नेपाली कविताकाव्यमा छन्दको प्रयोगसम्बन्धी विषयमा केन्द्रित रहेका छन् । दुईवटा अन्तर्वार्ता पनि समावेश गरिएका छन् ।

कवितातर्फ शक्तिवल्लभ अर्ज्यालदेखि जिपी काश्यपसम्म १०२ जना स्रष्टाका त्यति नै रचना प्रस्तुत गरिएको पाइन्छ । पुराना/अग्रजका रचना साभार गरेर राखिएका छन् भने पछिल्लो पुस्ताका रचना समसामयिक रहेका छन् । विविध शास्त्रीय छन्द प्रयोग गरिएका कविताहरू एक श्लोकदेखि डेढ दर्जन श्लोकसम्म विस्तारित रूपमा छन् । विविध विषय, भाव, संरचना र सौन्दर्यमा समाहित कविताहरू समेटिएको यस विशेषाङ्कले नेपाली शास्त्रीय कविताको सवाद्विशताब्दीको यात्रा, प्रवृत्ति र प्राप्तिलाई सङ्केत गरेको छ । कवि स्रष्टाहरूले आफ्नो समय, संस्कृति, प्रकृति र युगबोधलाई यथाशक्य चित्रण गरेको पाइन्छ । यिनमा लामो-छोटो चौडाइका २१ वटा शास्त्रीय छन्दलयको प्रयोग भएको पाइन्छ । ऐतिहासिक कालदेखि वर्तमानका प्रौढ तथा नवपुस्तासमेतको प्रतिनिधित्व भएको छ । यस विशेषाङ्कले नेपाली कविताको खासगरी शास्त्रीय छन्दलयतर्फको नेपाली स्रष्टाको पहुँच र प्राप्तिलाई मुखर गरेको छ । आवरणसहित २२२ पृष्ठसम्म विस्तारित यस विशेषाङ्कमा गद्य रचनाले ११६ पृष्ठ ओगटेको देखिन्छ ।

३. नवप्रज्ञापनमा प्रकाशित समीक्षा–नुसन्धानमूलक लेखरचना र अन्तर्वार्ता

नवप्रज्ञापनको प्रस्तुत विशेषाङ्कमा एक दर्जन गद्य लेखरचना तथा अन्तर्वार्ता रहेका छन् । यिनलाई सैद्धान्तिक र प्रयोगमूलक रचना तथा अन्तर्वार्ता उपशीर्षकमा राखेर चर्चा गर्नु वाञ्छनीय भएकाले तल क्रमशः प्रस्तुत गरिएको छ :

३.१ सैद्धान्तिक रचना

गद्य रचनातर्फ रहेका सातवटा सामग्री छन्दकै सेरोफेरोमा केन्द्रित रहेका छन् । डा. सुधन पौडेलको *नेपाली छन्दकविताको इतिहासर विकासक्रम* शीर्षकको लेखमा नेपाली भाषामा शास्त्रीय छन्दलयमा कविता सृजन प्रारम्भ भएदेखि अहिलेको अवस्थासम्मको कवितायात्रालाई सङ्केत गरिएको छ । निरन्तर विकसित हुँदैआएको नेपाली कविता शास्त्रीय, लोक र मुक्त लयको प्रयोगमा प्रवाहित छ । उक्तलेखमा नेपाली परिवेशमा लिच्छवि शासन काल (आठौँ शताब्दी) देखि संस्कृतमा प्रयोग हुँदैआएको शास्त्रीय छन्दको उपयोग त्यसपछि मल्लकालमा नेपाली भाषाको उत्पत्ति (वि.सं.१०३८) पश्चात् क्रमशः पद्य लेखनतर्फ प्रवृत्त भई शाहकालमा नेपाली भाषा विस्तारित र विकसित हुँदै शास्त्रीय कवित्वको प्रवाहमा लागेको र विभिन्न चरण पार गर्दै वर्तमानमा तीनै स्रोतका छन्द (शास्त्रीय, लोक र मुक्त) मा प्रवाहित रहेर नेपाली कविता यात्रारत रहेको बताइएको छ । *छन्द र लय* शीर्षकको महाकवि लक्ष्मीप्रसाद देवकोटाको निबन्ध पनि यस पत्रिकामा साभार गरिएको छ । यसमा देवकोटाले कविताका लागि छन्द अनिवार्य रहेको बताएका छन्, छन्दको गुणगान गाएका छन् । डा. भागवतप्रसाद शर्माको *पौरस्त्य वाङ्मय, छन्दशास्त्र परम्परा र आचार्य पिङ्गल* लेखमा पूर्वीय (संस्कृत) वाङ्मयको सङ्ख्यात्मक र गुणात्मक चर्चासहित शास्त्रीय छन्दपरम्परालाई विस्तारित र विकसित पार्नमा रहेको आचार्य पिङ्गलको योगदानको स्मरण गरिएको छ । *प्रमुखशास्त्रीय छन्दहरूको लक्षण र उदाहरण* शीर्षकको प्रा.रामहरि दाहालको लेखमा संस्कृत परम्परामा रहेका मात्रिक र वर्णमात्रिक एक अक्षरीदेखि माथिसम्मका छन्दको परिचयात्मक चर्चा गरी तिनको उदाहरणमा नेपाली कविता प्रस्तुत गरिएको छ । डा. रीता ज्ञवालीको *उपजाति छन्दको शास्त्रीय स्वरूप र भेदहरूको विवेचना* लेखमा विभिन्न/ खासगरी चार प्रकार (इन्द्रवज्रा र उपेन्द्रवज्रा, शालिनी र वातोर्मी, रथोद्धता र स्वागता तथा वंशस्थ र इन्द्रवंशा छन्द) का उपजातिको परिचय, संयोजन सन्दर्भ र उदाहरण प्रस्तुत गरिएको छ । श्लोकनिर्माणका क्रममा समान धर्मका दुई छन्दका पाउहरूको मिश्रणबाट उपजाति छन्द निर्माण हुने बताउँदै पाउको सङ्ख्यात्मक मिश्रणका कारण छन्दले नयाँ उपनाम पाउने सङ्केत पनि यसमा गरेको पाइन्छ । त्यसैगरी वासुदेव खनालको *छन्दविमर्श* तथा रम्भा शर्माको *छन्द : परिचय र महत्त्व* शीर्षकका लेखहरूमा पनि शास्त्रीय/संस्कृत छन्दको उत्पत्ति, प्रयोग, परम्परा र तिनको सार्वकालिक महत्त्वको बारेमा उल्लेख गरिएको पाइन्छ ।

उपर्युक्त सैद्धान्तिक सामग्रीहरूमा मूलतः शास्त्रीय/संस्कृत छन्दको उत्पत्ति, दीर्घ परम्परा, नेपाली समाज र भाषामा परेको तिनको तीव्र प्रभावको चर्चासहित समग्र नेपाली कवित्व तिनकै आधार भूमिमा प्रवाहित भइरहेको सङ्केत गरिएको छ ।तसर्थसो प्रवाह आधिकारिक र प्राज्ञिक महत्ताले परिपूर्ण र अत्यन्त उपयोगी रहेको पुष्टि हुन्छ ।

नवप्रज्ञापनको प्रस्तुत अङ्कमा डा. कपिलदेव लामिछानेको *शान्तिदूत महाकाव्यमा छन्दको प्रयोग,* डा.घनश्याम न्यौपाने परिश्रमीको *गजलमा शास्त्रीय बहर/छन्द* र डा. रमेश शुभेच्छुको *नेपाली कविताका बान्की* शीर्षकका व्यावहारिक समालोचनातर्फका सामग्री पनि रहेका छन् ।

यिनमा लक्ष्मीनाथ अधिकारीकृत **शान्तिदूत** (२०६७) महाकाव्यमा प्रयुक्त शास्त्रीय छन्दको परिचय र उपयोगिताको उल्लेख गरी चौबिस सर्गमा विभाजित उक्त महाकाव्यमा १९ वटा वर्णमात्रिक र २ वटा मात्रिक छन्दहरूको उल्लेखनीय र स्मरणीय प्रयोग गरेको बताइएको छ । त्यसैगरी समालोचक डा.घनश्याम न्यौपाने परिश्रमीको लेखमा संस्कृत शास्त्रीय परम्पराका छन्दहरूबाटै प्रभावित/विस्तृत भएर अरबी, फारसी, उर्दू भाषामा प्रचलित र लोकप्रिय बनेको गजल विधाको उत्पत्ति र परम्पराको चर्चासाथै त्यसमा रहने छन्द/बहरको भूमिका बारे उल्लेख गरी नेपाली गजलहरूमा प्रयुक्त छन्द/बहरको सोदाहरण विवरण प्रस्तुत गरेको पाइन्छ । समालोचक रमेश शुभेच्छुले आफ्नो लेखमा कविताको संरचनागत आयाम (लघु, मध्यम र बृहत्) को चिनारी दिँदै तिनका विविध स्वरूप र प्रयोगबारे चर्चा गरी उदाहरणसहित नेपाली कविता परम्पराको सङ्केत गरेका छन् । यी तीनै लेखहरू उल्लेखनीय रहेको पाइन्छ ।

विशेषाङ्कमा दुईवटा वार्ता पनि समावेश गरिएका छन् । राष्ट्रकवि माधवप्रसाद घिमिरेको *छन्दलाई मैले संस्कारमा पाएँ* शीर्षकको वार्ता साभार गरेर राखिएको हो भने डा. सुधन पौडेलले कवि प्रा.घनश्याम कँडेलसँग गरिएको कुराकानी पनि रहेको छ । दुवै कविस्रष्टाहरूले नेपाली कवितासृजन परम्परामा शास्त्रीय/संस्कृत छन्दको उत्पत्ति प्रकृति, संस्कृति र समग्र नेपाली परिवेश र संस्कार हो भन्ने निचोड दिएको पाइन्छ । यी दुवै वार्ता अत्यन्त रोचक र उपयोगी रहेका छन् ।

नवप्रज्ञापनको छन्दकविता विशेषाङ्कमा समेटिएका एक दर्जन गद्य रचनाहरू अति महत्त्वपूर्ण, पठनीय र उपयोगी देखिन्छन् । यिनमा रहेको विविधता र आधिकारिकताले यस विशेषाङ्कलाई गहन र ओजपूर्ण बनाएको प्रस्ट हुन्छ । प्राज्ञिक जगत्लाई यथेष्ट सूचना दिने काम यिनले गरेका छन् ।

४. नवप्रज्ञापनमा प्रकाशित कविता

नवप्रज्ञापन *६८ औँ अङ्क छन्दकविता विशेषाङ्क*का रूपमा प्रकाशित भएको छ । यसमा नेपाली कविताको प्राथमिक कालदेखि वर्तमान (२०७२) सम्मका कविस्रष्टाहरूका १०२ कवितारचना समेटिएका छन् । सबै कविताहरू शास्त्रीय छन्दमा संरचित छन् । शक्ति वल्लभ अर्ज्यालदेखि जिपी कश्यपसम्मका रचना यसमा समाहित छन् । इन्दिरस, भानुभक्त, मोतीराम, शम्भुप्रसाद, चक्रपाणि, धरणीधर, सोमनाथ, लेखनाथ, देवकोटा, सम, घिमिरे, भीमनिधि, सिद्धिचरण, युद्धप्रसाद, भानुभक्त पोखरेल, दैवज्ञराजलगायत घनश्याम कँडेल, निर्मोही व्यास, भुवनहरि सिग्देल, गोविन्दराज विनोदी, गणेश विषम, रमेश खकुरेल, मित्रलाल पंज्ञानी, मोदनाथ प्रश्रित, बुँद राना, बमबहादुर जिताली, प्रभा भट्टराई, देवी नेपाल, लालगोपाल सुवेदी, चन्द्रप्रसाद न्यौपाने, शैलेन्दुप्रकाश नेपाल, बुनु लामिछाने, लेखप्रसाद निरौला, बलराम दाहाल, प्रेक्षा लम्साल, परशुराम पराशर, सुधन पौडेल, गोविन्दप्रसाद घिमिरे आदिका विविध विषय/भाव र संरचनाका रचनाहरू यसमा समेटिएका छन् । स्थापित र नवोदित, पुरुष र नारी सबै खाले स्रष्टाहरूका रचना यहाँ परेका छन् ।यस विशेषाङ्कमा रहेका कविताहरूको शीर्षक, संरचना, लयविधान, विषय/भाव, सन्देश/मूक्तिमयता र भाषाशैली बारेमा सङ्क्षिप्त सङ्केत गर्ने प्रयत्न यहाँ गरिएको छ ।

४.१ शीर्षक र संरचना

विशेषाङ्कमा समेटिएका कविताका शीर्षक निर्दिष्ट भावभूमिलाई सङ्केत

गर्ने खालका रहेका छन् । यहाँका शीर्षक धेरैजसो पद, पदावलीमा आधारित छन् भने केही वाक्य/ वाक्यांशका रूपमा रहेका छन् : जवानी, मान्छे, चाहन्छु भेडै हुन,जिन्दगीवरदान हो,आजको मान्छे, विद्रोह अर्को छिटै, बन्धु फर्केर आऊ आदि। मुख्यतः आफूले प्रस्तुत गर्न चाहेको विषय/भावलाई समेट्ने गरी सर्जकहरूले शीर्षक चयन गरेको बुझिन्छ। त्यस्तै १०२ कविताहरू छन्दको स्वरूप/संरचनाको आधारमा लामोछोटो दुवै प्रकारका चौडाइगत बनोटमा रहेका छन् । दुई श्लोकदेखि उन्नाइस श्लोकसम्मका कविता यहाँ परेका छन् । संरचनागत दृष्टिले पूर्ण र शीर्षक चयनका दृष्टिले सबैजसो कविताहरू अर्थपूर्ण र यथोचित लाग्दछन् ।

४.२ **लयविधान**

लयविधानका दृष्टिले १०२ कवितामा विविधता रहेको पाइन्छ । मूलतः संस्कृत/शास्त्रीय छन्दमा संरचित रचनाहरू यहाँ छन् तापनि तिनमा प्रयुक्त छन्दका प्रकारगत भेदले लयमा विविधता कायम गरेको पाइन्छ। लयका दृष्टिले कविताहरू सुमधुर र मर्मस्पर्शी बनेका छन् । भाषा, व्याकरण, भाव र लयको समुचित संयोजन मिल्नु यस पक्षमा अपरिहार्य मानिन्छ। यहाँका कवितामा व्याकरणिक बलिदान धेरै दिनुपरेको अवस्था देखिँदैन । त्यस्तो प्रयोग सामान्य मात्र रहेको पाइन्छ। लयविधानका दृष्टिले कविताले धर्म थामेको अवस्था छ। यहाँ २१ वटा शास्त्रीय छन्दको सफलतासाथ प्रयोग भएको भेटिन्छ : स्वागता, इन्दिरा, तोटक, द्रुतविलम्बित, शालिनी, वंशस्थ, उपजाति, चौपाई, इन्द्रवज्रा, स्रग्विणी, उपेन्द्रवज्रा, पञ्चचामर, मालिनी, मन्दाक्रान्ता, अनुष्टुप्, शिखरिणी, वसन्ततिलका, शार्दूलविक्रीडित, स्रग्धरा, भुजङ्गप्रयात र हारिणी । यसले शक्तिवल्लभदेखि आजपर्यन्तको नेपाली कवितामा शास्त्रीय छन्द परम्परा र प्रयोगमा देखापरेको शृङ्खलात्मक परिवर्तन र सिद्धिलाई सङ्केत गरेको पाइन्छ । साथै शास्त्रीय छन्दप्रयोगको परम्परालाई नेपाली कवि स्रष्टाहरूले सफलतासाथ आत्मसात् गरेको पनि बोध हुन्छ ।

पानी खरानीसित फुस्रिँदै छन्
दुर्भाग्यका रात नजिक्किँदै छन्
झर्ने कहाँ हो नगरी विचारै
उम्ल्यौ नि साथी किन यत्ति सारै !
(मित्रलाल पंज्ञानी)

नासो पूर्वजको लिई अघि सर्‍यौ जोगाइराख्छौँ भनी
सक्छौ सन्ततिमा बुझाउन उही खाता दुरुस्तै गरी ?
बस्छौ लट्ठ नशा पिएर अहिले बन्दै सधैँ विस्मृत
घोटाला यदि भेटियो कि त तिमी फस्छौ नराम्रोसित !

(प्रभा भट्टराई, आचार्य) छन्दप्रयोग वा लयनिर्माणका कारण स्रष्टाका जुनसुकै विषय/भावलाई असहज र अपूर्ण बनाएको देखिँदैन। सहज, स्वाभाविक रूपमा प्रत्येक सर्जकले निर्धक्क बनेर आफ्ना विचार, दृष्टिकोण र वर्णनलाई अभिव्यञ्जित गराएको देखिन्छ।

४.३ **विषय/भाव**

विशेषाङ्कमा विविध विषय/ सन्दर्भ/ भावमा आधारित कविताहरू रहेका छन् । मूलतः मानव जीवनकै सेरोफेरोमा रचिएका यी रचनामा स्वदेश प्रेम र यससँग सम्बन्धित प्रसङ्गहरू छन् भने मानवता, प्रकृति, संस्कृति, आशा-निराशा, साहस, स्वाभिमान, विकृति-विसङ्गति, समाजका विभिन्न सन्दर्भ, मानवीय अनुकूल-प्रतिकूल चरित्र र व्यवहार, स्वतन्त्रता, जीवनको मूल्यबोध जस्ता

सन्दर्भलाई संवेदनशीलतापूर्वक उठाइएको छ । दार्शनिक पृष्ठभूमिका कविता पनि यहाँ छन् । खासगरी अध्यात्म/भक्तिभावका रचनाले अध्यात्म दर्शनलाई मुखरित गरेको पाइन्छ। वैचारिक/दार्शनिक विषय/सन्दर्भले भरिएका कविता विशेष लाग्दछन् । राष्ट्रको सदाबहार प्रकृति र गौरवमय सांस्कृतिक परम्परा र यसले नेपालीको जीवनशैलीमा पारेको असरको चित्रण पनि पाइन्छ । व्यङ्ग्यभावले भरिएका चोटिला कविता पनि छन्, तिनले विशेषगरी शासकीय सत्ता र कार्यशैलीप्रतिको जनसरोकारको प्रतिनिधित्व गरी व्यङ्ग्यवाण प्रहार गरेको भेटिन्छ । नेपालीको वीरता, न्यायप्रियता, सत्यनिष्ठा, कर्तव्य परायणता, मातापिताप्रतिको श्रद्धाभाव, महत्त्वकाङ्क्षा, नारीचेतना, विभेद जस्ता सन्दर्भलाई सशक्त रूपमा चित्रण गरेको देखिन्छ । वर्गभेद, वर्णभेद, लिङ्गभेदका कुरालाई पनि कवितामा चित्रण गरिएको छ । अगिल्लो पुस्ताका प्रायः पढिएका कविता छन् पछिल्लो पुस्ताका नवरचना प्रस्तुत गरिएको बोध हुन्छ । तसर्थ यी कवितामा मानव र यसका मूल्यगत सन्दर्भ, विश्वबोध, युगबोध र कर्तव्यबोधका पक्ष, नेपालको जातीय वा वर्गीय समाज व्यवस्था र राजनीतिक पक्षमा देखिएको गतिरोध र परम्परित उत्साह अनि समसामयिक घटनाक्रमको अभिव्यक्ति पाइन्छ । शृङ्गार, वीर, वीभत्स (घृणाभाव) रसभावका कविता उल्लेख्य छन् । नेपाल र नेपालीको विगत र वर्तमानलाई यी रचनाहरूले मुखरित गरेको पाइन्छ । केही दृष्टान्त हेर्नसकिन्छ :

एउटा मित्रको निन्दा, अर्काको गरी तारिफ
सभामा ताली मार्नाले बढ्छ जातीय गौरव !

(दाताराम शर्मा)

बिहे बन्द भएका छन् जन्ती आउन बन्द छ ।
मलामी नहुने बेला मुर्दा संस्कार्न बन्द छ ।

(दैवज्ञराज न्यौपाने)

घाम लाग्नेछ भोलि त निर्धाको भाग्यमा पनि
उज्यालाभरि जोतौँला खनौँला खाउँला बसी ।

(मदन भण्डारी)

सबैले चाहेको मुलुकभरि हो उन्नति भने
सबैको इच्छा हो जनहित हुने पद्धति भने
सबैका आत्मामा झलल 'नव नेपाल' छ भने
स्वयमूलाई ढाँटी किन बुझ्न पचाई पर हुने ?

(गोविन्दराज विनोदी)

वासन्ती वनका लताकुसुममा नौला चढे पल्लव
गर्छन् चिर्बिर चुल्बुले वनचरी डाकी नयाँ उत्सव
चुम्छन् पुष्पपराग मस्त भमरा हालेर आलिङ्गन
यस्तो मौसममा छु व्याकुल अहो ! थामिन्न वैरी मन !

(रुद्र ज्ञवाली)

ललितपुर नाङ्गै भो, कलाकौशल भत्किए
धरहरा भयो टुक्रा, झरे दर्शक लत्रिए ॥
चढी सगरमाथामा, देश हेरी रमाउने
छोपिए हिमपैह्रामा, हिमपैरो नजाती भो ॥

(गीता सापकोटा)

वर्तमान नेपाली कवितामा राष्ट्रवादी चिन्तन र चिन्ताका भावसन्दर्भहरू बढी

मात्रामा ध्वनित भएको पाइन्छ । त्यस यथार्थतालाई यहाँ समेटिएका अधिकांश कविताले पुष्टि गरेका छन् । भ्रष्टाचारको तीव्र विरोध गरिएको छ। राष्ट्रलाई अग्रगति दिनुपर्ने आह्वान गरिएको छ । तसर्थ विषयभावगत विविधताले भरिएका कविताहरू मूल्यवान् लाग्दछन् ।

४.४ सन्देश/सूक्तिमयता

प्रायः कविताहरू सन्देशमूलक रहेका छन् । यिनले राष्ट्रप्रेम, प्रकृतिप्रेम, संस्कृति प्रेमलाई आत्मसात् गरेर स्वाभिमानका साथ राष्ट्रनिर्माणमा जुट्ने, जीवन सार्थक पार्ने, मानवतापूर्ण सद्व्यवहार गरेर जीवनलाई आनन्दपूर्ण र कर्मशील बनाउनुपर्ने सङ्केत गरेका छन्। यिनमा पर्याप्त सूक्तिमयता पाइन्छ।

कलाकारिताको खुला जिन्दगी हो
स्वयम्मा रहेको प्रभा जिन्दगी हो
धरा हाँस्नसक्ने भए पो समाज
सबै एक-एकै रहेको समाज ।
(ठाकुर शर्मा भण्डारी)

चराहरूमा सब एकता छ
मनुष्य भै आज गरी तमास
हिँड्दा अहो ! हुन्छ कि भौँ वित्यास
सङ्कटमा पर्छ कि देश आज ?
(तिलोत्तमा पौडेल घिमिरे)

लेऊ उच्च विचार लौ अब तिमी गर्दै नयाँ सिर्जना !
(प्रेक्षा लम्साल)

इमान छैन देशमा छ बेइमान सर्वदा
लुकेर खान छ मजा दिएर खान खै मजा !
(इन्द्रकुमार श्रेष्ठ)

मेरो राष्ट्र सजाउने जुलुसको आएर आँधी गयो
मात्रै बोतल फेरियो तर उही रक्सी पुरानै रह्यो ॥
(बलराम दाहाल)

सन्देश/सूक्तिमयताका दृष्टिले पनि यहाँ समेटिएका कविताहरू उल्लेख्य, पठनीय र स्मरणीय रहेका छन् । यस प्रसङ्गबाट नेपाली कविकवयित्री कवित्व सृजनामा गम्भीरतापूर्वक जुट्नेगर्छन् भन्ने सङ्केत मिल्दछ। पाठकलाई विचलित तुल्याई समुचित प्रभाव, उत्प्रेरणा र सन्तुष्टि प्रदान गर्नसक्ने क्षमता कवि र कवितामा देखापरेको छ।

४.५ भाषाशैली

विवेच्य कविताकृतिले नेपाली भाषाप्रयोगको लामो शृङ्खलालाई सहज ढङ्गले प्रस्तुत गरेको पाइन्छ । लगभग दुईअढाई शताब्दीको नेपाली भाषा उपयोगको मोटामोटी खाका यसमा आएको छ। एकातिर भाषाप्रयोग र अर्कातिर कवित्व सृजनाको संयोजित यात्रालाई नवप्रज्ञापनको यस विशेषाङ्कले समेटेको छ। शक्तिवल्लभ, भानुभक्त हुँदै शम्भुप्रसाद, लेखनाथ, सम, देवकोटादेखि वर्तमान पुस्तासम्मले उपयोग गर्ने नेपाली भाषाको यथार्थ रूप/स्वरूप र प्रयोगमूलक ढाँचाको राम्रो उदाहरण यसमा पाइन्छ । कवितामा तत्सम, तद्भव र ठेट नेपाली तथा आगन्तुक शब्दको पनि उपयोग भएको पाइन्छ। भाषालाई शास्त्रीय छन्दलयानुकूल बनाउन धेरै कविकवयित्रीले विशेष कसरत गर्नुपरेको छनक पनि मिल्दछ। नेपाली भाषा निरनतर परिकृष्त बन्दै यहाँसम्म आइपुगेको यथार्थतालाई कविताले पुष्टि गर्दछन् । भाषाको व्यावहारिक स्वरूपलाई सहज रूपमा पक्रेर कविता सृजना गर्ने कवि सहज कवि मानिन्छ । जटिल/दुरुह शब्दशैलीको प्रयोगबाट कविता विरसिलो बन्नपुग्छ। यहाँका अधिकांश कविता सरल, सहज र मिठासपूर्ण रहेका छन् । नेपाली भाषा शास्त्रीय कवित्व प्रवाहित गर्न सक्षम रहेको सङ्केत पनि कविताले गरेका छन् । शिल्पशैलीको पक्ष पनि चर्चायोग्य रहेको

छ । खासगरी अनुप्रासीय/आलङ्कारिक भाषाशैलीले कवितालाई रोचक बनाएको पाइन्छ । सहज, स्वाभाविक र आलङ्कारिक शैलीयहाँ प्रयुक्त छ । अनेक अलङ्कारहरू यत्रतत्र ध्वनित भएको अवस्था छ । शब्दालङ्कारका तुलनामा अर्थालङ्कारहरू बढी मुखरित भएको पुष्टि हुन्छ । कुनैकुनै कविता वर्णनात्मक शैलीमा आबद्ध छन् भने धेरैजसो भाव गहनताका दृष्टिले स्मरणीय बनेका छन् । अधिकांश कविताले स्रष्टाको मौलिक पहिचान कायम गरेको बुझ्नसकिन्छ । भाषिकप्रयोगको शृङ्खलात्मक दृष्टान्त यस्तो छ :

व्रज र बेस् बन्यो तिम्री जन्मले ।
लक्ष्मि छन् जहाँ तिम्री प्रीतिले ॥
प्रिय ! निहार हे प्राण ! धर्दछन् ।
तिमरि हुन् सबै खोजि गर्दछन् ॥

(इन्दिरस)

प्रिये ! छौ कहाँ आज यस्ता बखत्‌मा
अभागी म झैँ छैन कोही जगत्‌मा
अकेला म छू बेहिसाब् चल्छ आँधी
गरूँ हाय ! कस्को म सम्झी समाधि ॥

(आशुकवि शम्भुप्रसाद ढुङ्गेल)

गण्डकी जलका राशी पीयूष बनी बग्दछन्
हरिया वनका झाडी ओखती मूल बन्दछन् ।
सरिता पहरा फोर्दै पार्छिन् फाँट हराभरा
घुमेर हेर्दछिन् हाम्रा हरिया खेतका गरा ।

(पशुराम पराशर)

नेपाली शास्त्रीय कविता नै नेपाली भाषा विस्तार र विकासका मेरुदण्ड हुन्, नेपालीत्व अभिवृद्धिका कारक हुन्, एकताका मजबुत कडी हुन् अनि नेपाली संस्कृतिका हार्दिक संवाहक हुन् भन्ने सत्यतथ्यलाई यहाँका कविताले जोडदार वकालत गर्दै प्रमाणित गरेका छन् ।

५. निष्कर्ष

नेपाली साहित्यिक पत्रिकाको लामो परम्परामा उदाएर लगभग अढाई दशकको यात्रा तय गर्दैगर्दा नवप्रज्ञापन त्रैमासिक पत्रिकाले ६८ औँ अङ्कलाई भव्य रूपको छन्द (शास्त्रीय छन्द) कविता विशेषाङ्कका रूपमा प्रकाशनमा ल्यायो । यसमा शास्त्रीय छन्दको उत्पत्ति, अर्थ, महत्त्व, प्रकार र परम्परा बारेमा चर्चा गरिएका गहन लेखहरू, केही समालोचना तथा दुई विशिष्ट कविसँगका वार्ता प्रस्तुत गरिएको छ । यी सामग्रीहरू अनुसन्धानमूलक, तथ्यपरक र प्राज्ञिक महत्त्वका रहेकाले नेपाली भाषासाहित्यका अध्येता, शिक्षक, विद्यार्थी सबैलाई अत्यन्त उपयोगी रहेका छन् । अर्कातर्फ नेपाली शास्त्रीय छन्दपरम्पराको लामो कालखण्डलाई समेटेर र शक्तिवल्लभ अर्ज्यालदेखि प्रेक्षा लम्सालसम्मका १०२ कविकवयित्रीका कवितारचनाहरू प्रस्तुत गरिएको छ । यी रचनाहरू विषय/भावगत विविधता, छन्दलयगत फरक स्वाद र सन्दर्भमा आधारित रहेर नेपाली पाठकलाई आकर्षण र रोचकता प्रदान गर्ने सक्षम देखापर्छन् । प्रारम्भिक र परिमार्जित दुवै अवस्थाका रचना यहाँ छन् । त्यसो हुनाले नेपाली शास्त्रीय कवितापरम्पराबारे अध्ययन गर्नचाहने जोकोहीलाई यस विशेषाङ्कले महत्त्वपूर्ण योगदान गर्नसक्छ । कविताहरू अविस्मरणीय रहेका छन् । अन्त्यमा, नवप्रज्ञापनको यस विशेषाङ्कले नेपाली कविताकाव्य जगत्‌मा गहन योगदान पुऱ्याउने उल्लेखनीय कार्य गरेको छ । यस निम्ति यसका सम्पादक/प्रकाशक साहित्यकार नवराज रिजाललगायत सम्पूर्ण सहयोगीप्रति हार्दिक आभार प्रकट गर्नु कर्तव्य भएको छ ।

(प्रधान सम्पादक,
हिमाली सौगात द्वैमासिक)

लघुकथा विशेषाङ्क

(पूर्णाङ्क ७२, वैशाख–असार २०७३)

• प्रा.डा. कपिल लामिछाने

लघुकथा आख्यानको छोटोछरितो फुटकर विधा भएकाले यसको विकास, विस्तार र प्रवर्धनमा पत्रपत्रिकाको विशेष महत्त्व रहन्छ । त्यसमा पनि पत्रपत्रिकाका लघुकथा अङ्क/विशेषाङ्कको झन् बढी महत्त्व रहेको रहने गर्छ । नेपाली साहित्यमा यस्तो कार्यको आरम्भ **वान्की** पत्रिका (२०२८) बाट भएको हो । पछि यो **बाटोमा प्रयोग** (२०३४), **दर्पण** (२०३४), **चौतारो** (२०३४), **नवरत्न** (२०३४), **दुबो** (२०३९), **नागबेली** (२०३९), **लघुकथा** (२०४३), **सौरभ** (२०४६/२०४७), **अध्याय** (२०४७), **अभिभावक** (२०५०), **अभिव्यक्ति** (२०५१), **ज्योतिपुञ्ज** (२०५१), **प्रसून** (२०५३), **दायित्व** (२०५४, २०५९), **गुञ्जन** (२०५६), **मधुपर्क** (२०५६/२०७२), **मन्थन** (२०५८), **शारदा** (२०६४ र २०७१), **अक्षर** (२०६४), **समकालीन साहित्य** (२०६७), **कौशिकी** (२०६८), **सुलेख** (२०७०), **वैजयन्ती** (२०७०), वनिता लगायत्का पत्रपत्रिका देखा परेका हुन् । यही बाटोमा **नवप्रज्ञापन**को लघुकथा विशेषाङ्क (२०७३) पनि देखापरेका हो ।

नेपाली लघुकथाको विकासमा **नवप्रज्ञापन** त्रैमासिक पत्रिका (२०५०) को विशेष योगदान छ । अघिपछिका अङ्कमा पनि लघुकथा र लघुकथासम्बन्धी व्यक्तित्व, समीक्षा तथा समालोचनालाई स्थान दिँदै आएको यस पत्रिकाले आफ्नो ७२ औँ अङ्कलाई विशेषाङ्कका रूपमा प्रकाशन गरेको छ । यो विशेषाङ्क २०७३ वैशाख-असारमा प्रकाशनमा आएको हो । यसका सम्पादक/प्रकाशक नवराज रिजाल हुन् भने यो अङ्को अतिथि सम्पादकका रूपमा डा. पुष्कराज भट्ट रहेका छन् ।

यस अङ्कभित्र हिँड्ने बाटो, आलेख, समालोचना, समीक्षा, कुराकानी र लघुकथा गरी मुख्य छ खण्ड छन् । हिँड्ने बाटो ६९ औं अङ्कदेखि आरम्भ गरिएको एक स्तम्भ हो । यस अङ्कमा विनयकुमार कसजूको परिचय दिँदै उनको ‘लघुकथाको बदलिँदो स्वरूप’ शीर्षकको लेख प्रस्तुत गरिएको छ । नेपाली लघुकथाको सिर्जना र समालोचनामा कसजूको उल्लेख्य योगदान छ । उनले यस लेखमा “कुनै पनि सामान्य/असामान्य घटना वा मन छुने घटना/विषयलाई पाठकलाई च्वास्स बिझ्ने, सोच्न बाध्य तुल्याउने, नयाँ विचार दिने वा झल्याँस्स पार्ने गरी मौलिक वा नयाँ दृष्टिकोणले प्रस्तुत गर्नु लघुकथा हो” भन्दै “विषयवस्तु र माध्यममा आएको परिवर्तनले गर्दा लघुकथालाई जीवित र लोकप्रिय बनाउन आधुनिक माध्यमका उपभोक्ता, पाठकहरूको मन छुने गरी नयाँ स्वरूपमा प्रस्तुत गर्नु आवश्यक” (पृ.१५)

भएको मान्यता राखेको पाइन्छ । यो लेख छोटो भईकन पनि लघुकथाका स्रष्टाका लागि नयाँ दृष्टिकोण प्रस्तुत गर्न सफल देखिन्छ ।

आलेख स्तम्भअन्तर्गत् पुष्करराज भट्टको 'नेपाली लघुकथा : परम्परा र प्रवृत्ति' शीर्षकको लेख रहेको छ । यसमा लघुकथाको परिचय, नेपाली लघुकथाको पृष्ठभूमि, विकासकाचरण, बामेसराइ, नेपाली लघुकथा लेखनमा आएको तीव्रता प्रस्तुत गर्दै तथा नेपाली लघुकथामा भएको प्राज्ञिक अनुसन्धान, संस्थागत प्रयास, पुरस्कार र सम्मान आदि बारे प्रकाश पार्दै अब नेपाली लघुकथाको स्तरीयता र गुणस्तरमा ध्यान जानु आवश्यक भएको निष्कर्ष निकालिएको छ । यो अतिथि सम्पादक भट्टका तर्फबाट प्रस्तुत एक अग्रलेख हो ।

यहाँ समालोचना स्तम्भअन्तर्गत पाँचवटा लघुकथा-समालोचना सँगालिएका छन् । तीमध्ये प्रा.डा. दयाराम श्रेष्ठ (सम्भव) को 'आधुनिक नेपाली लघुकथाका पूर्वप्रसङ्गहरू'मा मुन्सीका 'तीन आहान', कुलचन्द्र अर्यालको 'लौकिक न्याय मणिमाला', गोपालसिंह नेपालीको कल्पना (१९९२)का रचनाहरूलाई आधुनिक लघुकथाका पूर्वप्रसङ्गका रूपमा लिनु न्यायसङ्गत हुने निष्कर्ष निकालिएको छ । कृष्ण शाह यात्रीको 'नेपाली रङ्गमञ्चमा लघुकथा' समालोचनामा नेपाली लघुकथाको मञ्चनको इतिवृत्त प्रस्तुत गरिएको छ। नेपाली रङ्गमञ्चमा २०६५ मा 'पहिचानको खोजी' पहिलोपटक मञ्चन भएको हो । त्यसपछि थोरै भए पनि महत्त्वपूर्ण लघुकथा मञ्चन भएको भन्दै यात्रीले यस्तो कार्यलाई विस्तार गर्नुपर्ने राय प्रस्तुत गरेको पाइन्छ । अगिब बनेपालीको 'नेपाल भाषाको लघुकथाको विकास प्रक्रिया'मा नेपाल (नेवारी) भाषाका लघुकथाको ऐतिहासिक विवेचना गरिएको छ । यस क्रममा यहाँ नेपाल (नेवारी) भाषाका लघुकथाको परम्परा समृद्ध रहेको निष्कर्ष निकालिएको छ । मिलन समीरको 'नेपाली लघुकथाको विगत, वर्तमान र भविष्य' शीर्षकको समालोचनामा नेपाली लघुकथाको ऐतिहासिक विकासक्रम र यस सम्बद्ध परिघटना प्रस्तुत गर्दै यसको वर्तमान भरोसालाग्दो तथा भविष्य सुनिञ्चित भएको निष्कर्ष निकालिएको छ ।

यहाँ विभिन्न नौवटा समीक्षा प्रस्तुत गरिएका छन् । तीमध्ये प्रकाश क्षितिजको 'आधुनिक नेपाली लघुकथाको पहिलो सङ्ग्रह झिल्का' शीर्षकको समीक्षामा पूर्णप्रकाश ब्राह्मणको **झिल्का** (२००७) लघुकथा सङ्ग्रहको समीक्षा गर्दै यसमा सामाजिक आध्यात्मिक नैतिक आदर्शको खोजी, समाज सुधारको चाहना, दार्शनिक चेत रहेको भनी प्रस्ट्याइएको छ । यो कृतिकेन्द्री समीक्षा हो ।

प्रमोद प्रधानको 'कलात्मकताका पक्षधर लघुकथाकार विनय कसजू' शीर्षकको समीक्षामा लघुकथाकार विनय कसजूका लघुकथा सम्बन्धी सिर्जना, समालोचना र विचार वा दृष्टिकोण बारे बिस्तृत रूपमा प्रकाश पारिएको छ । यो स्रष्टाकेन्द्री समीक्षा हो ।

रमेश समर्थनको 'लघुकथामा कपिल' शीर्षकको समीक्षामा कपिल लामिछानेका **अन्यथा** (२०५४), **जलमानव** (२०६१) र **बोन्साई** (२०६८) गरी तीन लघुकथासङ्ग्रहको समीक्षा गर्दै लामिछानेलाई प्रगतिशील तथा व्यङ्ग्यकारका रूपमा उभ्याइएको छ ।

छायादत्त न्यौपानेको 'नवराज रिजाल र उनका दुई लघुकथासङ्ग्रह' शीर्षकको समीक्षामा स्रष्टा नवराज रिजालको परिचय दिँदै उनका **अदृश्य पीडा** (२०५७) र **माटो खोज्दै** (२०६७) लघुकथाको समीक्षा गरिएको छ । यहाँ नवराज रिजालका

लघुकथामा सामाजिक चेत प्रबल रूपमा मुखरित भएको निष्कर्ष निकालिएको छ ।

बाजुराम पौडेलको 'अच्युत घिमिरेका दुई लघुकथासङ्ग्रहहरू' मा लघुकथाकार अच्युत घिमिरेका **शिखर चढिरहेको मान्छे** (२०६१) र **भुइँचालोको डर** (२०७२) गरी दुवै लघुकथासङ्ग्रहको समीक्षा गरएको छ । गङ्गा कर्माचार्य पौडेलको 'पुष्कर भट्टका तीन लघुकथा कृति' शीर्षकको समीक्षामा लघुकथाकार पुष्करराज भट्टको सामान्य परिचय दिँदै भट्टका **कर्मयोद्धा** (२०५९), **मुक्तिदूत** (२०६२) र **एक थोपा सागरको** (२०६४) गरी तीनवटा लघुकथासङ्ग्रहको विवेचना गरिएको छ ।

खिमानन्द पोखरेलको 'विश्वराजका दुई लघुकथा कृति'मा विश्वराज अधिकारीका **सूर्य** (२०५४) र **अभिनय** (२०६०) दुई लघुकथासङ्ग्रहको समीक्षा गरिएको छ । यहाँ अधिकारीलाई छोटा र चोटिला लघुकथाकारका रूपमा लिइएको छ । भक्त कार्कीको 'विनय श्रेष्ठका ३२ लघुकथा'मा विनय श्रेष्ठको **३२ लघुकथा** (२०६९) शीर्षकको लघुकथासङ्ग्रहको समीक्षा गरिएको छ । ३२ वर्षको उमेरमा ३२ ओटा लघुकथाको सङ्ग्रह प्रकाशनमा ल्याएका बेनीका विनय श्रेष्ठका लघुकथामा सामाजिक विकृति र विसङ्गतिप्रति ब्यङ्ग्य गरिएको बताइएको छ ।

प्रतीक्षा रिजालको 'दमिनी कान्छी र रामचन्द्र खतिवडा'मा रामचन्द्र खतिवडा (विष्णुप्रसाद खतिवडा)को **दमिनी कान्छी** (?) लघुकथासङ्ग्रहको समीक्षा गरिएको छ । यो सङ्ग्रह कहिले प्रकाशित भएको हो त्यो यहाँ उल्लेख गरिएको छैन । खतिवडाका लघुकथामा सुधारको चेत रहेको भनी प्रस्ट्याइएको छ । यस्तै यहाँ एकमात्र अन्तर्वार्ता समावेश गरिएको छ । कुराकानी स्तम्भमा लघुकथा समाजका अध्यक्ष लघुकथाकार श्रीओम श्रेष्ठ रोदनसँग लघुकथाकै सेरोफेरोमा रहेर अन्तर्वार्ता लिइएको छ । यसमा लघुकथा समाजको स्थापनाको उद्देश्य, यसका गतिविधि, भविष्यको लक्ष्य, बताउँदै लघुकथाको लेखन र प्रकाशनको अवस्थाबारे श्रेष्ठको आफ्ना धारणा प्रस्तुत गरेको पाइन्छ ।

२००७ सालमा पूर्णप्रसाद ब्राह्मणको **झिल्का** लघुकथासङ्ग्रह प्रकाशित भएपछि नेपाली लघुकथाको औपचारिक र सचेत प्रयोग भएको मानिन्छ । यहाँ लघुकथा स्तम्भमा कमसेकम एउटा कृति प्रकाशित गराएका कृतिकारहरू छनोटमा परेका छन् । पूर्णप्रसाद ब्राह्मणदेखि यताका प्राप्त अभिलेख र प्रकाशन समयका आधारमा ११७ जना नेपाली भाषाका लघुकथाकारका दुईदुई लघुकथाहरू समावेश गरिएको छ । यहाँ सेटिएका लघुकथाकार यस प्रकार छन्- पूर्णप्रसाद ब्राह्मण, जयनारायण गिरी, जगमोहन शाक्य, रामकुमार श्रेष्ठ, शशिकला शर्मा, श्याम गोपालआशा, साथी (ध्रुव मधिकर्मी) ।

यसैगरी अनिता तुलाधर, दुर्लभलाल सिंह, रत्न कोजू, जगदीश नेपाली, विनयकुमार कसजू, रमेश नेपाली, अमोददेव भट्टराई, भागीरथी श्रेष्ठ, बालमुकुन्द खनाल, रामबहादुर बानियाँ क्षेत्री, सुमन सौरभ, किशोर पहाडी, बासु मार्मिक, रवीन्द्र समीर, कपिल लामिछाने, विश्वराज अधिकारी, इन्दिरा प्रसाईं, रामविक्रम थापा, कृष्ण शाह यात्री, हरिगोविन्द लुइँटेल, नवराज रिजाल, नारायण तिवारी, श्रीओम श्रेष्ठ रोदन, प्रयास सौरभ श्रेष्ठ, विष्णुबहादुर सिंह, गोविन्द भट्टराई, पुष्करराज भट्ट, यमनदेव उत्प्रेरक, शेखरकुमार श्रेष्ठ, इन्द्रकुमार विकल्प, अगिब बनेपाली, किशन थापा अधीर, कुसुम ज्ञवाली, डम्बर रसिक भारती, बद्री पालिखे, विजय सागर, हिरण्य भोजपुरे,

अच्युत घिमिरे, केशव प्रधान, गोरखबहादुर सिंह, पोष चापागाईं, भरत भारद्वाज, भूपेन्द्र सुवेदी, माधव लामिछाने, श्रीबाबु कार्की उदास, षडानन्द पौडेल, अमित घिमिरे र गोपाल ढकाल पनि यहाँ नाम समेटिएका लघुकथाकार हुन् ।

धनुषराज राई राशी, पदमप्रसाद शर्मा, बी. थुलुङ, राजुराम मुनकर्मी, हरिहर पौडेल, ज्योतिप्रभा बिष्ट, बुद्धिनाथ ज्ञवाली, मित्र पाठक राजु, शिवहरि अधिकारी, हरिप्रसाद भण्डारी, एलबी क्षेत्री, कृष्ण बजगाईं, प्रदीप प्रधान, शर्मिला खड्का दाहाल, हरिहर खनाल, आर.आर. चौलागाईं, नारा जोशी, भीम राना जिज्ञासु, सरस्वती रिजाल, सुमनराज ताम्राकार, जगदीश घिमिरे, दिलीप शाह, देवेन्द्र अर्याल आँसु, मुक्तिनाथ घिमिरे, सनत रेग्मी, सुशीला देउजा, टङ्कराम सुनुवार सिर्सेली, सन्तोष श्रेष्ठ, डम्मरबल्लभ गड्तौला, महेश प्रसाईं, रमेश भट्टराई पुजारी, रसुवाली कवि, राजुक्षेत्री अपुरो, लुमडी आचार्य, साधना प्रतीक्षा, सिन्धु गौतम, चिन्तु गिरी, दलीप सागर राई, मणिकुमार पौडेल, विनय श्रेष्ठ, मित्र आभाष, रामचन्द्र नेपाल, विमला अधिकारी, सुशील सिम्खडा, कैलास शिवाकोटी, रामचन्द्र खतिवडा, राजु दाहाल, चन्द्रप्रसाद न्यौपाने र कल्याण पन्तका कथाहरू पनि समेटिएका छन् ।

यो अङ्कमा नाम समेटिएका अन्य कथाकारहरूमा टीकाराम रेग्मी, नारायण मरासिनी, प्रेमसिंह धामी, रामकुमार पण्डित क्षेत्री, राधा कार्की, लक्ष्मण नेवटिया, कलाधर काफ्ले, भाष्कर, सरुभक्त, कमल दीक्षित, कृष्ण सर्वहारी, रामप्रसाद पन्त र प्रोल्लास सिन्धुलीय छन् । माथि नै भनि सकिएको छ कृति प्रकाशित भएका स्रष्टालाई मात्र समेट्ने उद्देश्य राखिएकाले यहाँ लघुकथाका नाममा कमल दीक्षित आदिका चुट्किला पनि परेका छन् । कतिपय छोटाकथाहरूले पनि स्थान पाएका छन् । यस्ता अपवादबाहेक नवप्रज्ञापनको यस अङ्कमा उत्कृष्ट र मानक लघुकथा समेटिएको पाइन्छ । लघुकथाकृति प्रकाशन भएका स्रष्टालाई मात्र समेट्ने उद्देश्य राखिएकाले यहाँ त्यतिखेरसम्म फुटकर रूपमा उत्कृष्ट लघुकथा लेख्ने स्रष्टाका लघुकथा परेका छैनन् । जति परेका छन्, तिनबाट त्यतिखेर (२०७३) पूर्वसम्मको नेपाली लघुकथाको प्रतिनिधित्व हुन सकेको देखिन्छ ।

यसैगरी यहाँ घरभित्रका लघुकथामध्ये नेपाली भाषाका ११७ लघुकथाकारका दुईदुई लघुकथाका अतिरिक्त नेपाल भाषाका तीन लघुकथा रहेका छन् । नेपाल भाषाबाट नारद वज्राचार्य, श्याम आशा र केदार सितुका एकएक लघुकथा रासाद्वारा अनुवाद भई यहाँ प्रकाशित भएका छन् ।

यस्तै यहाँ छिमेकीका लघुकथा स्तम्भमा प्रा.डा.कपिल लामिछानेद्वारा हिन्दीबाट अनूदित सुरेश अवस्थी, श्यामसुन्दर अग्रवाल, दीपक भारतदीप, सन्तोष सुपेकर, कृष्णकुमार पाठक, अंकुश्री, पवित्रा अग्रवाल, माधव नागदा, सुधा भार्गव, डा. उपमा शर्मा, आभा सिंह र डा. गजेन्द्र नामदेव गरी १३ जनाका एकएक लघुकथा रहेका छन् । यिनबाट छिमेकी भारतका लघुकथाको सानो चुस्की पाउन सकिन्छ ।

अनि विदेशी लघुकथा स्तम्भमा गगनदीप सर्वद्वारा अनूदित अपराधसम्बन्धी १० लघुकथा रहेका छन् । त्यस्ता लघुकथाकार हुन्- ओ हेनरी, अल्बर्तो मोराविया, विलियम सरोयाँ, डेविड मार्सल, डोनाल्ड वाटसन, थोमस मस्टर, जोरिस मोरिस, विल काथर, एम्ब्रोस बियर्स, एम देलारु । यसबाट एकै विषयकेन्द्री विदेशी लघुकथाको आस्वादन लिन सकिन्छ ।

यसरी हेर्दा **नवप्रज्ञापन**को यस लघुकथा विशेषाङ्कमा नेपालका विशेषतः नेपाली र

अंशतः नेपाल भाषाका लघुकथा नेपाली भाषामा प्रस्तुत भएको पाइन्छ । नेपालका भोजपुरी, अवधी, मैथिली, बज्जिका, गुरुङ, मगर, डोट्याली आदि भाषामा पनि लघुकथाको सिर्जना भइरहेको पाइन्छ । यहाँ ती सबै समेटिन सकेका छैनन् । यसप्रति सम्पादकको ध्यान गएको छ । अनुरोध गरिएको, तर लघुकथा उपलब्ध हुन नसकेको सम्पादकको भनाइ सम्पादकीयमा रहेको पाइन्छ । यो कुराबाट सम्पादकले प्रयत्न गरेको बुझिन्छ । उनको यो कदमलाई म प्रशंसा गर्छु किनकि कतिपय कुराहरू प्रयत्न गरे पनि प्राप्त गर्न सकिँदैन । सम्पादकले प्रयत्न गरे होलान् भन्नेमा म विश्वस्त छु ।

एउटै साहित्यिक पत्रिकामा डिमाइ साइजको २२२ पृष्ठमा लघुकथासम्बन्धी सिर्जना, समालोचना र दृष्टिकोण प्रस्तुत हुनु, नेपाली र नेपाल भाषाका लघुकथाको ऐतिहासिक रूपरेखा प्रस्तुत हुनु, लघुकथा कृति (सङ्ग्रह) प्रकाशित भएसम्मका सबै लेखकलाई समेट्नु, छिमेकी र विदेशी लघुकथालाई एकै अङ्कमा स्थान दिनु आदि प्रस्तुत लघुकथा विशेषाङ्कका खासखास विशेषता र उपलब्धि हुन् । यसले स्वदेशी तथा विदेशी लघुकथा पस्केको छ । लघुकथा छोटोछरितो फुटकर विधा भएकाले यसको विकास, विस्तार र प्रवर्धनमा पत्रपत्रिकाका लघुकथा अङ्क वा विशेषाङ्कको महत्त्वपूर्ण भूमिका रहन्छ । **नवप्रज्ञापन** को प्रस्तुत विशेषाङ्कको पनि महत्त्वपूर्ण भूमिका रहेको छ भन्नेमा म विश्वस्त छु ।

(भैरहवा, रूपन्देही)

स्वअभिलेख अङ्क

(पूर्णाङ्क ७६ वैशाख–असार २०७४)

• आर.एम्. डङ्गोल

१. पृष्ठभूमि

पत्रकारितालाई राज्यको चौँथो अङ्ग मानिन्छ । यसले देश दुनियाको खबर दिन्छ । पाठकलाई सुसूचित तुल्याउने कार्यमा पत्रकारको भूमिका विशिष्ट हुन्छ । छापामाध्यम, डिजिटल माध्यम वा श्रव्यदृश्य माध्यमबाट यसले सञ्चारजगत्मा आफ्नो उपस्थिति देखाइरहेको छ । पत्रकारितामा 'साहित्य' शब्द जोडिँदा दिने अर्थ अलिक भिन्न हुन जान्छ । अर्थात् साहित्यिक पत्रकारिता साहित्यको खबरको माध्यम हो । स्रष्टाको सिर्जनात्मक अभीष्टसँग पाठकलाई जोड्ने काम यसले गर्दछ । साहित्यिक विधाहरूको उन्नयन र प्रशारणको प्रयोजनले प्रकाशन हुँदै आइरहेको साहित्यिक पत्रिकाहरूलाई समयावधि, विधास्वरूप भाषिक माध्यम आदि आधारमा वर्गीकरण गर्न सकिन्छ । यसमा साहित्यका विभिन्न विधाका अतिरिक्त

वाङ्मयका अन्य विषयलाई पनि ठाउँ दिने गरिएको पाइन्छ । एउटा पत्रिकाको जीवन भन्नु त्यो देशको भाषा, साहित्य, संस्कृति र इतिहासको जीवन हुन जान्छ ।

नवप्रज्ञापन प्रज्ञापन नामबाट न्वारन भई ३१ वर्ष लामो यात्रा पार गरी नेपाली भाषा, साहित्य, संस्कृति र वाङ्मय क्षेत्रमा आफ्नो बलबुताले भ्याएसम्मको योगदान दिँदै आइरहेको तीन महिने साहित्यिक पत्रिका हो । प्रज्ञापनको अर्थ कुनै घटना, विषय वा कुराको जनाउ दिने सूचना, विज्ञापन भन्ने हुन्छ । सम्भवतः प्रेस काउन्सिलमा अभिलेखीकरण क्रममा आफ्नो न्वारनको नाममा नव विशेषण थप्नु पर्‍यो र यो नवप्रज्ञापन हुन पुग्यो । पत्रिका प्रकाशनमा सम्पादकको बेग्लै दुःख हुन्छ । त्यो हेर्नका लागि सम्पादकीय पढ्नुपर्ने हुन्छ । यसका सम्पादक नवराज रिजालले यस पत्रिकाको नाम जुराउनु भयो, प्रकाशनको चाँजोपाँचो मिलाउनु भयो, राजधानीबाट पर दूरदराजको गाउँमा बसेर काम गर्दै पत्रिका प्रकाशन आरम्भ गर्नुभयो । पत्रिकालाई यस रूपमा जीवन दिने सम्पादकको आफ्नै कथा छ । सम्पादकीयमा सम्पादकको अनुभूति, भोगाइ, रचना दृष्टि, उद्देश्य, विषयको प्रस्तुति हुन्छ । एक प्रकारले एउटा पत्रिकाको जीवनसँग सम्पादकको जीवन पनि जोडिएको हुन्छ ।

नवप्रज्ञापनको प्रकाशन आरम्भदेखि ७५ औँ अङ्क सम्मको सम्पादकीय पढ्दा सम्पादकले गर्नुपरेको रचना जोरजामको उद्यम, राष्ट्रि जीवनको अनेक उतार चढावले पारेको प्रभावको, एउटा सग्लो चित्र उपस्थित हुन्छ । जसलाई सम्पादकको जीवन नाम दिएर अध्ययन गर्न सकिन्छ ।

२. **सम्पादकको जीवन**

बारा जिल्ला सम्पादकको पैत्रिक थलो हो । पेशाले शिक्षक यिनी २०५० ताका धादिङ जिल्लाको खाल्टे गाविस स्थित पञ्चकन्या नि.मा.वि.मा शिक्षण गर्दै थिए । आफ्नो गृहजिल्ला बाराको पत्रकारिताको इतिहासबारे यिनी राम्रै जानकार थिए । बाराबाट प्रकाशित हुने साहित्यिक पत्रिका **प्रतिनिधि** र समाचारमूलक पत्रिका **सिमरा** साप्ताहिक का बारेमा उनले पत्रिकाको दोस्रो अङ्कको सम्पादकीयमा केही सूचना दिएका छन् । उनी नेपाली साहित्यिक पत्रकारितामा बाराको तर्फबाट उपस्थिति देखाउने रहरमा थिए । खाल्टेस्थित पञ्चकन्या विद्यालयमा कार्यरत धादिङकै स्थानीय शिक्षक डम्बरबहादुर श्रेष्ठ र वीरगञ्ज निवासी चिरञ्जिवी गरागाईँलाई यिनको आफ्नो सोचमा सहमत गराए । २०५० को असारमा पहिलो अङ्क प्रकाशन भयो (सम्पादकीय - ५०) । तीन महिने यो पत्रिका प्रकाशनको क्रममा यिनको जीवनले अर्को मोड लियो । पत्रिकाका लागि साहित्यिक सामग्री सङ्कलन गर्नु, काँटछाँट गर्नु, टङ्कन गर्नु र प्रकाशन गृह छापाखानासम्म पुर्‍याउनु प्रकाशन अधिका काम भए । प्रकाशनपछि सर्जकको हातमा लेखकप्रति थमाउनु, पाठकको हातहातमा पुर्‍याउनु, पत्रिकाको बारेमा प्रतिक्रिया लिनु र अर्को अङ्कको लागि पूर्व तयारी गर्नु जस्ता काममा उनको जीवनको ऊर्जाशील समय खपत हुन थाल्यो ।

उनले पहिलो अङ्कको सम्पादकीयमा लेखेकका छन् "सामान्य गाउँ वस्तीबाट प्रकाशित यो पत्रिका अहिले तपाईँको हातमा छ । तपाईँको साहित्यिक तिर्खा पूर्ण रूपमा मेटिएला भन्ने धारणा त यसको पनि छैन तर छोटो समयमा, सानो खर्चमा, एक बसाईँमा शारीरिक शिथिलता र मस्तिष्कको थकानमा आराम गर्दा बसाईँ उपयोगका तिर्खा भने अवश्यै मेटिएला भन्ने हाम्रो सोच

छ ।" पत्रिका प्रकाशनको लागि सानो खर्च तर समयको ठूलो लगानीबाट आज नेपाली साहित्यिक पत्रकारितामा निरन्तरताको पर्याय बन्दै प्रेस काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत राष्ट्रिय साहित्यिक पत्रिकाको परिचय यसले प्राप्त गरेको छ । एकातिर शिक्षण पेसा, अर्कोतिर आफ्नो पढाइलाई निरन्तरता दिनुपर्ने बाध्यता अनि सँगै पत्रिका प्रकाशनको जिम्मेवारीबोधको प्राप्ति भनेको साहित्यिक पत्रकारितामा एक जुझारू, अगुवा साहित्यिक पत्रकारको परिचय पाउनु र सर्जकसँगको घनिभूत अन्तर्क्रियाले अझ माझिँदै गएको सम्पादक व्यक्तित्व, अझ सिर्जनशील सर्जक व्यक्तित्वको निर्माण हुनु पनि हो ।

उनी पत्रिकाको २९ औँ अङ्कको सम्पादकीयमा लेख्छन् "कहिले पढाइलाई पत्रिकाले र कहिले पत्रिकाले पढाइलाई अप्ठेरो पारे तर गति धिमा नै भए पनि दुबैको क्रम भने रोकिएन ।" काठमाडौँ, धादिङ, बारा र वीरगञ्जको सेरोफेरोमा केही सीमित साथीहरूको सहयोग र सद्भावमा पत्रिकाले निरन्तरता त पाइरह्यो । तर प्रकाशन सन्दर्भमा सरकारी नीतिगत विभेदका तिक्त भोगाइ पनि सम्पादकको जीवनको अंश बन्न पुग्यो । द्वैमासिक, त्रैमासिक पत्रिका जो वर्षमा चारदेखि ६ अङ्कसम्म मुस्किलले निस्किन्छन्, तिनलाई बेलाबेलामा कहिले श्रमजीवि कानुन त कहिले नियुक्ति, तलब, प्यान र भ्याट समस्याले अल्झाएको (सम्पादकीय -६४) स्मरण गर्दै उनी आफ्नो पत्रिकाले बारामा प्यान नम्बरका लागि शुल्क बुझाएको तर काठमाडौँका पत्रपत्रिकाले निशूल्क प्यान नम्बर पाएकोमा दुखेसो व्यक्त गर्दछन् ।

प्रेस काउन्सिलको वर्गीकरण २०६४-६५ बाट सुरू भएयता आफ्नो पत्रिका सूचिकृत हुँदै आइरहेको तर १३० वर्षजतिको इतिहास (सम्पादकीय - ५१) बोकेको नेपाली साहित्यिक पत्रकारिता अझै संस्थागत बन्न नसकेको उनको ठम्याइ छ । एउटा पत्रिकाको लामो यात्रामा राष्ट्रिय जीवनका विविध घटनाप्रसङ्गको साक्ष्यका रूपमा उनका सम्पादकीय दृष्टिकोण, चिन्तनलाई लिन सकिन्छ । उनको आख्यानकार व्यक्तित्व सम्पादकीयमा आलोचकका रूपमा प्रस्तुत छ । उनी नेपाली साहित्यका अग्रणीहरूको योगदानको मुक्त कण्ठले प्रशंसा गर्छन् । देवकोटा, भानुभक्त, भूपी शेरचनको कृतित्व र व्यक्तित्वको मूल्याङ्कनमा होस् अथवा समकालका अग्रणी स्रष्टाहरू पारिजात, गोविन्द भट्ट, शिवकुमार राई (खर्साङ), केवलपुरे किसानलाई गुमाउँनु पर्दा राष्ट्रले ब्यहोर्न परेका क्षति होस् -उनको गुणग्राही आलोचक व्यक्तित्व उपस्थित हुन्छ ।

नेपालबाहिर रहेर नेपाली भाषा, संस्कृति र साहित्यका निम्ति सक्रिय नेपालीभाषी भारतीय स्रष्टा हरिप्रसाद गोर्खा राई (सम्पादकीय - २१) र म्यान्मारका पं. ठाकुरप्रसाद गुरागाईं (सम्पादकीय-२५) मा क्रमशः २०५१ र २०५२ को राष्ट्रिय जगदम्बाश्री पुरस्कार पाएकोमा ती स्रष्टाहरूप्रति बधाई, शुभकामना साथै मदनपुरस्कार गुठीको यस्ता कार्यको सराहना गरिएको छ ।

व्यक्तित्व विशेष, विधा विशेष अङ्कहरूमा उनले साहित्यको प्रकृति र विधास्वरूप, लेखनको प्रयोजन र उद्देश्यका बारेमा सूचनात्मक जानकारीका साथै गम्भीर चिन्तन पनि प्रस्तुत गरेका छन् । उनी लेख्छन् -"लेखकहरू मान्छे र माटाको गीत लेख्नुभन्दा व्यक्ति र सत्ताको स्तुति गाउँछन्, बोल्नु मात्र पनि कुन ठूलो कुरा

हो र (सम्पादकीय-४) ?" साहित्य बौद्धिक पाठकहरूका लागि मात्र होइन, बहुसङ्ख्यक जनताका लागि लेखिनुपर्छ । त्यसैले साहित्यिक मान्यताको पुनः परिभाषा गरिनुपर्छ (सम्पादकीय-६) ।"

राष्ट्रिय पर्व र दिवसहरूको अवसरमा आम पाठकलाई खुसी बाँड्ने र शुभकामना दिने मात्र होइन, यसको सान्दर्भिकताबारे बहस गरिनुपर्ने आवश्यकता पनि औँल्याउँछन् । राष्ट्रिय राजनीतिक परि दृश्यबारे चनाखो देखिन्छन् । आवधिक चुनावपछि प्राप्त जनदेशका आधारमा सरकार परिवर्तन हुँदा होस् वा राजनीतिक जोड घटाउको दाउपेचमा सरकार परिवर्तन हुँदा होस्, उनी साधारण जनताको अपेक्षा, चाहनाको कदर गर्न, सहिदहरूको सहादतको मूल्य खेर जान नदिन सरकारलाई खबरदारी गर्छन् । गणतन्त्रात्मक देशको नयाँ संविधान जारी हुँदाको नागरिकी दायित्वबारे उनी लेख्छन्- "नेपालको संविधान २०७२ असोज २ गते राष्ट्रपति रामवरण यादवबाट जारी भयो । संविधान संविधान मात्र हो, अर्थात् बाटो बाटोमात्र हुन्छ, यो साधन हो साहित्य होइन (सम्पादकीय - ६९) ।" २०५२ सालको महाविनाशकारी भूकम्पले, आहत मनोदशाको चित्रण गरिएको सबैभन्दा लामो ६८औँ छन्दोबद्ध कविता विशेषाङ्कको सम्पादकीयमा सुगौली सन्धिपछिका दिनहरू हाम्रा लागि सुखद नभएको तीतो यथार्थता प्रस्तुत छ ।

पत्रिकाको अङ्क ३० बाट सम्पादकीयको भाषा वर्णनात्मकताबाट सूत्रात्मक आत्मलापीय बन्न पुगेको छ । राष्ट्रको द्वन्द्वशील राजनीतिक परिस्थितिको प्रभाव सम्पादकको सम्पादकीयमा पनि परेको छ । यसमा कतै आख्यानात्मक पुट छ, पात्र, घटना, परिवेशले सङ्केत गर्छ । आस्था र सपनाको क्षय भएको, स्वतन्त्रता, स्वाभिमान, स्वपहिचान सङ्कटमा परेको, दुख, पीडा, आँसुको, त्रासद वातावरण वर्णन गरिएको छ । सम्पादकको मानसका ज्युँदोजाग्दा वास्तविक पात्रहरू ऊ अर्थात् चन्द्रे (भरिया) र विन्दा माझीका माध्यमबाट उकुसमुकुसको भारी बिसाउने प्रयास गरिएको (सम्पादकीय ४० र ४३) छ ।

पछिल्लो समय सम्पादक नेपाल साहित्यिक पत्रका संघको नेतृत्वदायी भूमिकामा छन् । संस्थालाई गति दिन संस्थागत रूपमा भएका कार्यक्रमहरूमा उनका सक्रिय भूमिका रहने गरेको छ । ३१ वर्षको यो यात्रामा- चितवन र पर्वतको कुस्मा तथा बाग्लुङको कार्यक्रममा साहित्यिक पत्रकार संघको ब्यानरमा यात्रा गरिएको सूचना (सम्पादकीय- ४५ र ६३) दिइएको छ ।

अहिले सम्पादक प्रकाशकको साहित्य लगाव भाषा लगावलाई माया गरेर उनको साथमा उभिनेहरूको ठुलो लाम छ । सम्पादन, व्यवस्थापन, कानुनी परामर्शसहित पत्रिकाको साजसज्जामा सघाउने स्थायी सहयोगीहरूका समूहको साथमा सहयात्रीहरू थपिन आइपुगेका छन् । १०० जना नवप्रज्ञापन प्राज्ञसभाको साथमा सम्पादकको उत्साह दुगुना भएको छ ।

३. पत्रिकाको जीवन

नवप्रज्ञापनको घोषित उद्देश्य छ - मोफसलको साहित्यिक पत्रकारितामा मियो भएर उभिने । नेपाली आम साहित्यिक पत्रिकाले जे काम गर्दै छ - **नवप्रज्ञापन** ले त्योभन्दा भिन्दै काम गरेको होइन । तर ३-३ महिनामा साहित्यिक सरजाम बोकेर पाठकरूपी पाहुनाको अगाडि उभिनु र साहित्यको रसास्वादनसँगै सिर्जनाको अर्चना गर्नु, अझ विगत ३१ वर्षयता यसले निरन्तरता पाइरहनु आफैमा सुखद् कुरा हो ।

पत्रिकाको नियमित स्तम्भ उही हो-कथा, कविता, नाटक निबन्ध । निबन्धमा पनि संस्मरण आत्मकथा, नियात्रा, हास्यव्यङ्ग्य कविताअन्तर्गत गद्य, पद्य, गीत, गजल तथा भाषा व्याकरण र समालोचना/समीक्षा पनि यसमा अटाएको छ । बालसाहित्यिक र लोकसाहित्यिक सामग्रीका साथै इतिहास, संस्कृति, विचार-दर्शन तथा अनुवाद साहित्यले पनि यसमा ठाउँ पाएको छ। अन्य केही नौला स्तम्भ पनि यसमा राखिएको पाइन्छ । 'युवापुस्ता', 'युवाचाहना' स्तम्भमा युवा अभिमत समेट्ने प्रयास गरिएको छ भने 'मेरो कलम' स्तम्भमा पछिल्ला पुस्ताका नयाँ प्रतिभालाई सिर्जनात्मक प्रस्तुतिको मञ्च प्रदान गरिएको छ ।

पत्रिकामा विधा विशेष रचनाहरूको विशेष अङ्क निकाल्ने क्रममा सातौँ अङ्क 'गजल अङ्क' १३ औँ अङ्क 'गीत विशेष', ६० औँ अङ्क 'बालसाहित्य विशेषाङ्क', ५८ औँ अङ्क 'छन्द कविता विशेष' र ७३ औँ अङ्क 'लघुकथा विशेषाङ्क'का रूपमा प्रकाशित भएका छन् भने स्रष्टा विशेष अङ्कका रूपमा ईश्वर ढुङ्गेलका केही कविताहरूलाई स्थान दिइएको १४ औँ अङ्क, ६४ औँ अङ्क 'भानुभक्त आचार्य विशेषाङ्क'का रूपमा र ६५ औँ अङ्कमा विश्वराज अधिकारीका कथाहरू समेटिएको छ । पूर्णाङ्क २७ मा श्यामप्रसाद शर्माका सही र गलत प्रवृत्तिहरू नामक सिङ्गै कृतिलाई सामग्री बनाइएको छ ।

तराईंको फाँट उब्जाउयोग्य तर साहित्य सिर्जनामा सुख्खा भएकैले सिर्जनात्मक क्रियाकलापलाई प्रोत्साहन गर्नका लागि **नवप्रज्ञापन**को महत्त्वपूर्ण भूमिका रहेको छ । आफ्नै भूगोल खासगरी नारायणी अञ्चलभरिका स्रष्टाहरूलाई मञ्च प्रदान गर्ने उद्देश्यअनुरूप पत्रिकाको २२ औँ अङ्कमा अञ्चल भरिका ३३ स्रष्टाहरूलाई समेटिएको छ भने नारायणीका पद्य स्रष्टाहरू तथा गद्य स्रष्टाहरूको रचना समेटिएको छुट्टाछुट्टै अङ्क समेत प्रकाशन भएको छ । यसको ५० औँ अङ्क स्वर्ण अङ्कका रूपमा प्रकाशित छ ।

४०औँ अङ्कमा ५५ वर्ष नाघेका प्रौढ स्रष्टाहरूका बाल्यकालीन संस्मरण रचनाहरू समेटी त्यसलाई पहिलो भाग नाम दिइएको छ । १२ औँ र २९ औँ अङ्कको सम्पादकीयमा पत्रिकाको प्रकाशन केही समय स्थगन भएको सूचना दिइएको छ । सम्पादकीय अध्ययन क्रममा १६ औँ र २८ औँ अङ्क खाली रहेको देखिन्छ । अर्थात यी दुई अङ्क प्रकाशन क्रमले निरन्तरता पाउन सकेको देखिन्न ।

नेपाली साहित्यिक पत्रकारितामा मोफसल अर्थात् स्वाभिमान वस्ती, जीतपुर-सिमरा उपमहानगर पालिका १६, बारामा कार्यालय रहेको यो पत्रिका निरन्तर प्रकाशन हुँदै आइरहेको छ । प्रथम शुभारम्भ अङ्क २०५० देखि ७५ अङ्कसम्म विभिन्न साहित्यिक तथा गैर साहित्यिक/वाङ्मयिक गरी जम्माजम्मी ११४४ सामग्रीहरूले स्थान पाएका छन् । अर्थात् नवप्रज्ञापनले सयौँ स्रष्टाहरूलाई सिर्जनात्मक मञ्च प्रदान गरेको छ । पत्रिकाले भाषा साहित्य क्षेत्रमा गरेको योगदानको कदरस्वरूप यसले २०७६ सालमा प्रेस काउन्सिल साहित्यि पत्रकारिता पुरस्कार पनि प्राप्त गरेको छ । यसले नेपाली भाषा साहित्यमा पुऱ्याएको योगदानमा केन्द्रित भई जनमैत्री क्याम्पस कुलेश्वर र त्रिभुवन विश्वविद्यालय केन्द्रिय क्याम्पस कीर्तिपुरबाट शोध, अनुसन्धान पनि भएको छन् । पत्रिकाको ३१ वर्ष लामो जीवनको प्राप्ति र सीमाका बारेमा छुट्टै अध्ययन गर्न सकिन्छ । तर मोफसलमा रहेर

मोफसलको सिर्जनात्मक लेखनलाई बलियो आड भरोसा दिँदै साहित्यिक पत्रकारिताको मियोकै रूपमा प्रभावकारी भूमिका निर्वाह गर्नु नै **नवप्रज्ञापन**को विशिष्ट परिचय हो ।

४. **निष्कर्ष**

नेपाली साहित्यिक पत्रकारिताको इतिहास हेर्दा मुद्रण युगबाट मोतीराम भट्टको सक्रियतामा यसले गति लियो । आज प्रविधिको उच्चतम विकासले गर्दा यो मुद्रण युगबाट डिजिटल युगमा प्रवेश गरेको छ । हातहातमा पढ्न सकिने अनलाइन ई-पोर्टलका कारण कागज, छापाखाना, ढुवानीजस्ता समस्याहरू अब रहेनन् । पत्रिका किन्ने, पढ्ने पाठकहरूको सङ्काय पनि ह्वात्तै घटेको छ । अझ पछिल्लो समय विश्वव्यापी आर्थिक मन्दीका कारण पत्रिकाहरूलाई खर्च धान्न धौधौ छ । यस्तो विकट समय परिवेशमा **नवप्रज्ञापन**लाई जीवन दिनु, यसलाई निरन्तरता दिनु आफैमा कष्टसाध्य काम हो । तर पनि यसका सम्पादकले पटक्कै हरेस खाएका छैनन् । पत्रिकाले जीवन पाउँदा सम्पादक सम्पादक भएर अस्तित्वशाली हुन सक्ने हो । पत्रिकाको विकल्पमा सम्पादकले जे कदम चाले पनि यसको नाम र काम यथावत् रहोस्, **शतक अङ्क** प्रकाशनको शुभकामना ।

(शेरा, नुवाकोट)

मुक्तक विशेषाङ्क

(पूर्णाङ्क ८०, वैशाख असार २०७५)

• बाबुराम पोखरेल

वि.सं. २०५० देखि प्रकाशन शुरु भएको साहित्यिक पत्रिका नवप्रज्ञापनको यो मुक्तक विशेषाङ्क हो । २०७५ वैशाखसम्म आइपुग्दा पत्रिकाले यस १७ थान विशेष अङ्कहरू प्रकाशित गरेको छ । पत्रिकाको यो पछिल्लो अङ्क हो । यस अङ्कमा देशभरका १६५ स्रष्टाका ८२५ मुक्तक र ४ स्रष्टाका लेख तथा समीक्षा र कुराकानी समावेश गरिएका छन् । विधागत रूपमा विशेषाङ्कहरू प्रकाशित गरिरहेको पत्रिकाको यो कर्मलाई साहित्यानुरागी तथा सेवीहरूले अभिवादन गर्नैपर्छ । किनकि बेलाबेलामा यसले विधाकेन्द्रित विशेषङ्कहरू प्रकाशन गर्दै आएको छ ।

ऋग्वेदकालदेखि नै संस्कृत साहित्यमा देखापरेको मुक्तक नेपाली साहित्यको एक सङ्क्षिप्त संरचनामा आबद्ध भएर पनि विशाल भावसागर समेट्न सक्ने महत्वपूर्ण कवितात्मक प्रभेद हो । वर्तमान साहित्य जगतको लोकप्रिय विधाको रूपमा मुक्तक साहित्यानुरागीहरूको मन मस्तिष्कमा

सल्बलाइरहेको बेला नवप्रज्ञापनले प्रतिनिधिमूलक मुक्तक विशेषाङ्क प्रकाशन गर्नु आफैँमा एक उत्कृष्ट छनोट थियो । तराईको जिल्ला बाराबाट यस खालको प्रयास गरेर सम्पादकले जोखिम मोलेकै हुन् । साहित्यिक पत्रपत्रिकाको प्रकाशन गर्ने आँट गर्नु भनेकै जोखिम मोल्नु हो ।

साहित्य समाजको गहना हो । जुन समाजमा भाषा साहित्य र संस्कृतिको सम्मान हुँदैन त्यो बस्न लायक रहँदैन । यदि बसियो भने पनि आदर, सत्कार र सम्मान भन्ने कुरा धेरै टाढा रहन्छन् । सभ्य र शिष्ट समाज साहित्यभन्दा अलिकति पनि टाढा हुँदैन । जहाँ साहित्यले समाजलाई डोऱ्याएको हुन्छ त्यहाँ विद्वान्‌को उचित कदर र मानसम्मान हुन्छ । विद्वान्‌को मानसम्मान र कदर हुनु भनेकै साहित्यको सम्मान हुनु हो । जुन देशको भाषा साहित्य र कलाको विकास भएको छ त्यो देशको उच्च मूल्याङ्कन हुन्छ र त्यस देशलाई सबैले सम्मानको आँखाले हेर्छन् ।

साहित्य साँच्चिकै समाजकै उपज हो । जब यो समाजमा हावी हुन्छ तब समाज उन्नतिको खुड्किला क्रमशः उक्लन थाल्छ । जुन समाजमा साहित्यलाई सम्मान गरिँदैन त्यो समाज प्रगतिको बाटोतिर हिँडेकै हुँदैन । गल्लीतिर रहल्लिएको हुन्छ । बाटो नदेखेर भौँतारिइरहेको हुन्छ । यो कुरा पक्का हो कि नेपाली साहित्यमा यति ठुलो विशेषाङ्क प्रकाशन गरेर नवप्रज्ञापनले नेपाली साहित्यलाई निक्कै ठुलो गुन लगाएको छ । यस विशेषाङ्कले समाजको यथार्थ चित्रण उतारेर सो माथि सकारात्मक परिवर्तनका लागि वैचारिक आलोक छर्ने कार्य गरेको छ । विशेषाङ्कले बहन गरेको महत्वपूर्ण जिम्मेवारीलाई आदरसहित सम्मान गर्नैपर्छ । यसका लागि सम्पादक र पत्रिका टिम बधाईका पात्र छन् ।

विभिन्न भाव र शैलीका मुक्तकहरू रहेको यस अङ्कले १६९ जना स्रष्टाहरूलाई आफूभित्र समाहित गरेको छ । विभिन्न विश्वास, धारणा र मान्यता बोकेका मुक्तकहरूले यहाँ स्थान पाएकाछन् । यति धेरै स्रष्टाहरू एक ठाउँमा भेला गराएर पत्रिकाले मननीय काम गरेको छ । देशभित्र बसिरहेका मात्र हैन परदेश पुगेका स्रष्टाका रचनाहरू पनि यहाँ समेटिएका छन् । रचना सङ्कलनको काम पनि त्यति सजिलो छैन तथापि यहाँ १६९ जना लेखकहरूका विचार, विश्वास र दृष्टिकोण आएका छन् यसको तारतम्य मिलाएर पाठकको हातमा पुऱ्याउने लरतरो काम हैन तर सम्पादकले के कसरी गरे तर काम गरेका छन्, यो खुसीकै विषय हो ।

यहाँ एकभाव र विचारका मात्र हैन अनेकभाव र विश्वासका मुक्तकहरू छन् भन्ने कुराका प्रमाण तलका प्रस्तुत भएका मुक्तकहरूले सिद्धगर्छन् । नेपाली साहित्यको प्राथमिक कालका उदयानन्द अर्याल र भानुभक्त आचार्यदेखि नै राष्ट्रप्रेम नेपाली साहित्यको विषयवस्तु बन्यो । यहाँ देशलाई मातृभूमि मानेर आमा र राष्ट्रलाई पर्यायको रूपमा लिने साहित्यकारहरू धेरै छन् । यस अङ्कभित्र परेका मुक्तकहरूले पनि यो तथ्यलाई पुष्टि गरेका छन् । मुक्तककार अर्जुन 'बेघर'को निम्न मुक्तकले यही भावलाई उजागर गरेको छ :

आउन साथी देशका लागि जुट्नुपर्छ अब
हेर, कति बस्ने हात बाँधेर उठ्नुपर्छ अब

अरूले नै हाम्रा लागि गरिदिए हुन्थ्यो भन्ने
तिम्रा हाम्रा पुराना आदत हट्नुपर्छ अब ।

मुक्तककार विष्णु कार्कीको मुक्तक देश प्रेमको भावनाले ओतप्रोत छ । हामी संसारको जुनसुकै काप्चामा बसे पनि हाम्रो रगतका थोपाथोपामा देश बहेको हुन्छ । विचार र भावना उठेर देशको रक्षा खातिर सजग बनिरहेको हुन्छ । मन मुटुमा मेची कालीको शुद्ध जल प्रवाहित भइरहेको हुन्छ । अरूहरूले देख्ने रगत नेपालीको लागि मेचीकालीको पावन जल हुन्छ । यो देशप्रेमको ज्वलन्त उदाहरण हो । हामी अपराजित जाति हौँ । संसार हामीदेखि डराउँछ तर हामी ऊ देखि कहिल्यै डराउँदैनौँ । यो हाम्रो अग्लो चिनारी र सग्लो पहिचान हो । मुक्तककार अगाडि भन्छन् ः

दाजुभाइ बैरी बन्दा आज छाती दुख्यो साथी
स्वाभिमानी नेपालीको उच्च शिर झुक्यो साथी
जवाफ देऊ जन्मभूमि छाडी प्रवास गएदेखि
रगतभित्र मेचीकाली बग्दैछ कि सुक्यो साथी ।

मुक्तककार रामकाजी कोनेले आफ्नो मुक्तकमा देशप्रतिको मायालाई भिन्न शैलीमा व्यक्त गर्दै नेताहरूलाई सचेतीकरणका लागि झक्झक्याएका छन् । देशका असफल नेताहरूप्रतिको कडा ब्यङ्ग्यबाण देशप्रेमको एउटा दरिलो खाका नै हो । असल नेता नपाएकै कारण देश अघि बढ्न नसकेको हो । उनीहरू स्वार्थको दहमा डुबेका कारण देश घायल अवस्थामा छ । जबसम्म नेता सुध्रदैनन् तबसम्म देशले फड्को मार्न सक्दैन । यसका लागि नेता सुध्रिनु अनिवार्य जस्तै छ । मुक्तककार रामकाजी कोने आफ्नो मुक्तकमा यसरी अभिव्यक्त हुन्छन् ः

अनौठो खबर पत्रिकामा पढ्न पाए कसो होला
दुखद् एउटा उदाहरण देख्न पाए कसो होला
असफल प्रेमीहरूझैँ यो देश बिग्रेको झोँकमा
आत्महत्या गऱ्यो नेताले, सुन्न पाए कसो होला ।

जीवन के हो ? जगत के हो ? यसको विश्लेषण गर्ने र यसैका विषयमा तर्कसाथ सकेसम्मको निर्क्यौल गर्ने जिम्मा जुन विद्याले पाउँछ त्यो दर्शन शास्त्र हो । जीवन दर्शनको विषय निकै गहनतम् ठहरिन्छ । हामीलाई नेपाली साहित्यमा मुक्तकले यो विषयवस्तुलाई प्रशस्त मात्रामा उठान गरेको महसुस भइरहेको छ । यसै परिप्रेक्षमा यस विशेषाङ्कमा समेटिएका मुक्तकहरूमध्ये कतिपय मुक्तकहरूले जीवन दर्शनलाई विषयवस्तु बनाएका छन् त कतिपयले जीवनका विभिन्न लयहरूलाई पर्गेल्ने काम गरेका छन् । मानव जीवनलाई सकेसम्म बोध्य बनाउन यी मुक्तकले मद्दत पुऱ्याएका छन् । मुक्तककार अम्बु विहानीको यो मुक्तकलाई यी भावहरूलाई समेटेको छ ।

यस्तै हो प्रिय भान्सामा घरीघरी नुनतेल सिद्धिन्छ
बुद्धत्वको बाटो हिँडे सबैले यहाँ जालझेल सिद्धिन्छ
अन्तिम सत्य लाग्छ यो जीवन नै हो हामी बाँचुञ्जेल
मृत्युपछि त जति फुर्ती लाए पनि सारा खेल सिद्धिन्छ ।

जीवनको अभिष्ट शान्ति हो । यही शान्तिलाई 'बुद्धत्वको बाटो'को रूपमा औल्याइएको पाइन्छ । आफूले भोगिरहेको जीवनमा नै सत्यता देख्ने मुक्तककारले यस मुक्तकमा चार्वाक सिद्धान्तको आंशिक समर्थन गरेको देखिन्छ । मृत्युपछि जीवनका सारा खेल सिद्धिने विचारलाई केन्द्रियभावमा उजागर गर्दै यो मुक्तकले समाप्तिको बाटो समात्छ ।

मुक्तककार नवराज रिजालको तलको मुक्तकले जीवनलाई यथार्थतामा केलाउने प्रयत्न गरेको छ । जीवन धान्ने कलाको पारख गर्दै दुर्बोध्य जीवनलाई खास पर्गेल्न कठिन भए तापनि जीवनको दैनिक क्षयीकरणतर्फ भने मुक्तकले सफल सम्बोधन गरेको छ । जीवन यात्रालाई विविध जङ्घारहरूले सङ्घर्षशील बनाउँछन् तैपनि जीवन धान्नका लागि विविध यत्नहरूको माग स्वयम् जीवनले नै गर्ने गर्दछ । जीवनसम्बन्धी सङ्घर्षशील पाटाहरूको विश्लेषण गर्दै जीवन भोगाइलाई मादलको खरीसँग दाँजेर मुक्तक उत्कर्षमा पुगेको छ :

चरन चरनमा चरिरहेछौँ तपाईं हामी
तिनीहरूकै जङ्घार तरिरहेछौँ तपाईंहामी
सखल्दो परिचय त खुट्याउनै गाह्रो छ
मादलको खरीजस्तै झरिरहेछौँ तपाईंहामी ।

मुक्तककारहरू अस्मिता भट्टराई, आनन्द रानोहौँछा, इन्द्रकुमार जोशी 'विकल्प', उदास कार्की, कपिलमणि शर्मा रेग्मी 'अज्ञात', कृष्णराज सर्वहारी, यमकुमार श्रेष्ठ, बाबुराम पोखरेल, रुद्र ज्ञवाली, सरस्वती श्रेष्ठ सरु आदिले दार्शनिक धरातलमा उभिएर जीवनबोधका क्षेत्र र पाटाहरूमा नजर पुऱ्याएको देखिन्छ । जीवन दर्शनलाई विषयवस्तु बनाउने मुक्तककारहरूले जीवनका विविध अवयवहरूसँग सान्निध्य कायम गर्दै जीवनका केस्रा केलाउने प्रयत्न गरेको पाइन्छ ।

उपसंहार

आधुनिक प्रथम मुक्तककार भीमदर्शन रोकादेखि वर्तमान पुस्ताका नवमुक्तककारसम्मको साझा सँगालोको रूपमा आएको नवप्रज्ञापनको पूर्णाङ्क ८० नेपाली मुक्तक क्षेत्रको एउटा सिङ्गो युग हो । यसले नेपाली मुक्तक विधालाई अगाडि बढ्ने बाटो देखाएको छ भन्दा हिचकिचाउनुपर्ने कुनै पनि अवस्था छैन । वि.सं. २०१० देखि २०७५ को सुरुआतसम्मका प्रतिनिधिमूलक मुक्तकहरू यस विशेषाङ्कमा समेटिएका छन् । त्यसैले यो नेपाली मुक्तकको विकासका सन्दर्भमा एक युगकै प्रतिनिधित्व गर्ने महत्वपूर्ण सँगालो हो । यो नेपाली मुक्तकको सच्चा इतिहास हो, मुक्तकको विकास र विस्तारका क्रममा हुने अनुसन्धानका लागि एउटा महत्वपूर्ण स्रोत हो । नवप्रज्ञापनले नेपाली साहित्यलाई निकै ठुलो गुन लगाएको छ भन्दा कुनै अप्ठेरो महसुस गरिरहनु पर्ने स्थिति छैन । यो सत्य र यथार्थ दुवै हो ।

अन्त्यमा बारा जिल्लाबाट विगत तीस वर्षदेखि निरन्तर प्रकाशित भइरहेको साहित्यिक पत्रिका नवप्रज्ञापन यही वि.सं २०८० साल वैशाखबाट ३१औं वर्षमा प्रवेशका साथ शताङ्क प्रकाशित गर्न लागेकामा बधाई तथा शुभकामना दिँदै त्यसपछि पनि यसको निरन्तरताको कामना गर्दछु ।

(बिराटनगर, मोरङ)

बहुभाषा कथा विशेषाङ्क
(पूर्णाङ्क ८४, वैशाख असार २०७६)

● **डा. देवी नेपाल**

१. विषय प्रवेश

'नवप्रज्ञापन' २०५० सालदेखि अनवरत रूपमा प्रकाशन हुँदै आएको उच्चकोटिको साहित्यिक पत्रिका हो । २०७६ साल वैशाख-असारसम्ममा यसका ८४ ओटा अङ्कहरू प्रकाशित भइसकेका छन् । प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रिय 'क' वर्गमा वर्गीकृत यो पत्रिका सक्रियता, निरन्तरता, स्तरीयता र अनुपम सेवाभावको प्रतिविम्ब बन्न पुगेको छ । नेपाली प्रौढसाहित्य तथा बालसाहित्य दुवै क्षेत्रमा उत्तिकै सशक्त सिर्जना गर्ने नवराज रिजाल सम्पादक/प्रकाशक रहेको यस पत्रिकाले सफल नेतृत्व र सबल सहकार्य हुन सकेमा कतिसम्म ऐतिहासिक कामहरू सम्पन्न गर्न सकिन्छ भन्ने कुराको उदाहरण प्रस्तुत गरेको छ । नवराज रिजालको नेतृत्व, प्रमोद पाण्डे, समीर पाख्रिन, गणेशराज रिजाल, अधिवक्ता रामकृष्ण काफ्ले, कलाकार राजेश मानन्धर आदि व्यक्तित्वहरूको आआफ्नो क्षेत्रको योग्यता, दक्षता र निःस्वार्थ श्रम र सिपको लगानी तथा दर्जनौँ यहयात्रीहरूको प्रत्यक्ष योगदान अनि सयौँ स्रष्टा एवम् द्रष्टाहरूको सिर्जनात्मक योगदानले नै 'नवप्रज्ञापन' सफलताको चुली चुम्न आइपुगेको हो भन्न सकिन्छ । वर्तमानमा यो पत्रिका एउटा नियमित रूपमा प्रकाशन हुँदै आएको त्रैमासिक साहित्यिक पत्रिका मात्र जस्तो लागे पनि यसका नियमित अङ्कहरू र बेला बेलामा प्रकाशन हुने विशेषाङ्कहरूले नेपाली साहित्यको उन्नयनमा ऐतिहासिक भूमिका निर्वाह गर्ने छन् भन्ने कुरामा विश्वस्त हुन सकिने साक्ष्यहरू आजसम्ममा नै प्रशस्त फेला परिसकेका छन् । 'नवप्रज्ञापन'ले पूर्णाङ्क-८४ अथवा वैशाख-असार २०७६ को अङ्कलाई 'बहुभाषा कथा विशेषाङ्क'का रूपमा प्रकाशन गरेको थियो । प्रस्तुत अङ्क बहुभाषिक नेपाली समाजको सुवासलाई नेपाली पाठकसामु सम्प्रेषण गर्न सफल भएको छ । यस छोटो समीक्षामा 'नवप्रज्ञापन'को सोही विशेषाङ्कको मात्रात्मक, गुणात्मक तथा प्राज्ञिक महत्त्वका बारेमा पाठकीय टिप्पणी प्रस्तुत गर्ने जमर्को गरिएको छ तर पङ्क्तिकारको बुहुभाषिक ज्ञानको अभावका कारण नेपाली भाषामा लेखिएका कथा र आलेखका बारेमा थोरै समीक्षात्मक टिप्पणी प्रस्तुत गरी अन्य भाषाका स्रष्टा

र सिर्जनाका बारेमा सतही जानकारी मात्र प्रस्तुत गरिएको छ ।

२. 'नवप्रज्ञापन' पूर्णाङ्क- ८४ को बाह्य संरचना र बहुभाषिक कथाको स्वरूप

'नवप्रज्ञापन' पूर्णाङ्क-८४ अथवा 'बहुभाषा कथा विशेषाङ्क' डिमाइ साइजका ३२० पृष्ठमा संरचित छ । पछिल्ला १६ पृष्ठहरू विज्ञापनले भरिएका भए पनि बाँकी ३०४ पृष्ठमा अत्यन्त पठनीय कम समालोचनात्मक र बढी सिर्जनात्मक सामग्रीहरू समावेश गरिएका छन् । कलाकार राजेश मानन्धरद्वारा तयार पारिएको विविधताभित्रको एकतापूर्ण नेपाली समाजको स्वरूप झल्किने बाह्य आवरणले नै यसभित्र के विषय समेटिएको छ भन्ने कुराको अनुमान लगाउन सकिन्छ । त्यसभित्रको मुखपृष्ठ र भित्री पृष्ठमा नवप्रज्ञापन समूह र प्राज्ञसभाका बारेमा विस्तृत जानकारी दिइएको छ । यसपछिका छ पृष्ठमा साहित्यिक पत्रिकाको अवस्था, समस्या, सम्भावना र चुनौती आदि सबै कुरा समेटिएको अत्यन्त प्राज्ञिक, बौद्धिक एवम् जानकारीमूलक सम्पादकीय प्रस्तुत गरिएको छ । यसपछि राखिएको विषयसूचीले प्रस्तुत अङ्कभित्रको समग्र चित्र खिचेको छ । पृष्ठ ११ देखि यस अङ्कमा प्रस्तुत अपेक्षित सामग्रीहरू क्रमशः राखिएका छन् । 'हिँडेको बाटो' स्थायी स्तम्भमा वरिष्ठ कथाकार माया ठकुरीको विस्तृत परिचयका साथमा 'उफान' शीर्षकको विशिष्ट नारी मनोविज्ञानमा आधारित कथा समावेश गरिएको छ । यसपछि 'आलेख' शीर्षकको स्तम्भमा समालोचक डा. सुकुम शर्माद्वारा लिखित 'कथाबारे' शीर्षकको सैद्धान्तिक सामग्री प्रस्तुत गरिएको छ । यसपछि नेपाली कथासाहित्यका क्षेत्रमा स्थापित विभिन्न कथाकारहरूका नेपाली भाषाका १८ ओटा, मैथिली भाषाका ६ ओटा, भोजपुरी भाषाका ७ ओटा, थारू भाषाका ७ ओटा, तामाङ भाषाका ५ ओटा, नेपाल भाषाका ७ ओटा, बज्जिका भाषाका ५ ओटा, मगर भाषाका ४ ओटा, डोटेली भाषाका ६ ओटा र अवधी भाषाका ४ ओटा गरी जम्मा ७९ ओटा कथाहरू समावेश भएका छन् । यिनका बिच बिचमा हरेक भाषाको साहित्यिक अवस्था र कथागत स्वरूपमा बारेमा स्पष्ट जानकारी दिने प्रकारका सैद्धान्तिक एवम् समालोचनात्मक लेखहरू नेपाली भाषामा नै समावेश भएका छन् ।

यसरी बाह्य संरचनालाई मात्र हेर्दा पनि 'नवप्रज्ञापन'को बहुभाषा कथा विशेषाङ्क साँच्चै नै विशेषाङ्क बनेको देखिन्छ । यहाँ समाविष्ट कथाहरूमध्येमा थोरै मात्र लघुकथाको आकारमा देखिन्छन् भने धेरैजसो कथाहरू फुटकर कथाको संरचनामा नै रहेका छन् । सिद्धान्त, विकासक्रम र कथागत स्वरूपको समीक्षा आदि पनि अत्यन्त सूत्रात्मक रूपमा आएका हुनाले पाठकले यथेष्ट जानकारी पनि प्राप्त गर्ने, दिक्क लाग्दो पाण्डित्य प्रदर्शन पनि नपाइने अवस्था यहाँका आलेखहरूमा पाइन्छ । यस कारण 'नवप्रज्ञापन'को प्रस्तुत अङ्क नेपाली साहित्यिक पत्रिकाको इतिहासमा विशिष्ट स्वरूप लिएर आएको स्पष्ट देख्न पाइन्छ ।

३. 'नवप्रज्ञापन' पूर्णाङ्क- ८४ को अन्तर्वस्तु र गुणात्मक महत्त्व

'नवप्रज्ञापन'को बहुभाषा कथा

विशेषाङ्कमा विभिन्न दशओटा भाषाका ७९ ओटा कथाहरू समाविष्ट गरिएको कुराको जानकारी माथि नै दिइएको छ । यहाँ छनोट भएका स्रष्टाहरू सम्बन्धित भाषाका विशिष्ट प्रतिभाहरू हुन् भने यहाँ समाविष्ट सिर्जनाहरू सम्बन्धित लेखकका उत्कृष्ट कथाहरू नै हुन् । यस कारण पनि 'नवप्रज्ञापन'को यस अङ्कमा प्रकाशित रचनाहरूको अन्तर्वस्तु र गुणात्मक महत्ताका बारेमा समीक्षा गर्न सजिलो छ । उच्चकोटिका स्रष्टा र उच्चकोटिका सिर्जनाहरू एकै ठाउँमा समावेश भएपछि तिनले साहित्यिक पत्रिकाको गरिमालाई पनि ह्वात्तै माथि उठाउने काम गर्दछन् र इतिहासमा तिनको विशिष्ट मूल्याङ्कन पनि हुने गर्दछ ।

प्रस्तुत अङ्कको 'हिँडेको बाटो' स्थायी स्तम्भमा समाविष्ट वरिष्ठ कथाकार तथा प्राज्ञ माया ठकुरीको 'उफान' कथामा नारी मनोविज्ञानको उच्चतम प्रयोग गरिएको छ । एउटा आदर्श परिवारकी जिम्मेवार आमा मुग्धा उमेर तथा जिम्मेवारी दुवै कुराले परिपक्व नारी चरित्र हुन् तर छिमेकी घरको बार्दलीबाट एउटा युवकले हेर्नासाथ उनको मनमा उत्पन्न भएको अनेकौँ आशङ्का र रागात्मक अनुभूतिको जागृतिले एक विशिष्ट प्रकारको नारी मनोविज्ञानलाई केलाएको छ । जतिबेला उक्त युवकले आफ्नी मरेकी आमाजस्तै लागेर हेरेर रहस्य खुल्छ, त्यतिबेला कथा पनि समाप्त हुन्छ र मुग्धाको मनमा उत्पन्न रागात्मक अनुभूतिले लज्जाको रूप लिन्छ । समग्रमा हेर्दा प्रस्तुत कथा विषयवस्तुको व्यवस्थापन, कौतूहलपूर्ण शिल्पविधान र संवेगात्मक भावविधान आदि सबै दृष्टिले उच्चकोटिको देखिन्छ । यसबाट मानवीय संवेगलाई उमेर, जिम्मेवारी वा सामाजिक भूमिका आदि कुनै कुराले छेक्न सक्दो रहेनछ भन्ने कुराको विशिष्ट स्वरूपको स्थापना भएको पाइन्छ ।

समालोचक डा. सुकुम शर्माद्वारा लिखित 'कथाबारे' आलेख कथाको स्वरूपबारे सैद्धान्तिक जानकारी दिने उद्देश्यले राखिएको लेख हो । यसमा कथा के हो ? कथाका लागि आवश्यक बाह्य तथा आन्तरिक पक्षहरू के के हुन् भन्ने जस्ता विषयमा सैद्धान्तिक जानकारी दिइएको छ । विषय क्षेत्रलाई हेर्दा यस आलेखको आकार सानो छ तापनि यहाँ विन्दुमा सिन्धु अटाउने प्रयास स्वरूप सूत्रात्मक रूपमा अपेक्षित सामग्रीको व्यवस्थापन गरिएको छ । यसले कथा सिद्धान्तका बारेमा जानकारी राख्न चाहने प्रबुद्ध तथा नवीन दुवै खाले पाठकहरूका लागि बौद्धिक खुराक प्रदान गरेको छ ।

यसपछि नेपाली भाषाका १८ जना कथाकारका एक एकओटा कथाहरू लगातार प्रस्तुत गरिएका छन् । विषयगत विविधता, शैलीगत विविधता, शिल्पगत विविधता र वैचारिक विविधताका कारण ती सबै कथाहरू अत्यन्त रोचक, आकर्षक र मनोरञ्जक छन् । यिनमा नेपाली समाजको सामाजिक, राजनीतिक, सांस्कृतिक स्वरूपको प्रतिविम्बन हुनाका साथै मानवीय चरित्रका अनेकौँ रूप र मनोवैज्ञानिक यथार्थका सर्वपक्षीय पाटाहरू एकै ठाउँमा उद्घाटन भएका देखिन्छन् । वरिष्ठ कथाकार विजय चालिसेद्वारा लिखित 'सपनाको चिहान' सामाजिक तथा राजनीतिक विषयमा लेखिएको कथा हो । यसमा नेपाली समाजमा एक समयमा फैलिएको माओवादी युद्धको त्रासदी, त्यसले

पारिवारिक जीवन र सामाजिक जीवनमा पारेको मनोवैज्ञानिक प्रभाव आदि जस्ता कुराहरूलाई अत्यन्त कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यसरी नै गोविन्द गिरी प्रेरणाद्वारा लिखित 'कथाकार' शीर्षकको कथामा एउटा स्रष्टाको सिर्जनात्मक समस्या, पारिश्रमिकको अपेक्षा, सम्पादक तथा प्रकाशकहरूबाट हुने व्यक्ति र कृतिमाथिको अवमूल्यन र स्रष्टाले आफ्नो सिर्जनामाथि गर्ने गौरवबोध जस्ता कुराहरूलाई अत्यन्त जीवन्त रूपमा प्रस्तुत गरिएको छ। कथाकार सनत रेग्मीद्वारा लिखित 'अन्तिम मानव' लघुकथाको आकारमा संरचित रचना हो । यसमा चन्द्रमाका खेलाडी र पृथ्वीका खेलाडीबिचको रोचक खेललाई प्रस्तुत गरी विज्ञान र मानवीय जीवनलाई रोचक शैलीमा जोड्ने काम गरिएको छ । कथाकार अभय श्रेष्ठद्वारा लिखित 'वाख्यागीत' बौद्धिक प्रकृतिको कथा हो । यसमा पौराणिक मिथक र समाजको अन्तरसम्बन्धलाई अत्यन्त प्राज्ञिक ढङ्गले प्रस्तुत गरिएको हुनाले यो कथा बौद्धिक पाठकहरूका लागि साँच्चै उपयोगी बन्न पुगेको छ । यसरी नै कथाकार हरिप्रसाद पाण्डेयद्वारा लिखित 'आडम्बर' शीर्षकको कथामा नेपाली समाजमा र मानवीय चरित्रमा जरो गाडेर बसेको देखावटीपन, तडकभडक र तुजुकपूर्ण जीवनशैलीको यथार्थ प्रस्तुत गरी आदर्श जीवनप्रति सूक्ष्म सङ्केत गरिएको छ । कथाकार भागीरथी श्रेष्ठद्वारा लिखित ' दिलूबज्यै' कथामा दिलूबज्यैलाई अशिक्षा, अन्धविश्वास र गरिबीले ग्रस्त नेपाली ज्येष्ठ नागरिकको प्रतिनिधि पात्रका रूपमा प्रस्तुत गरेर तिनले भोग्नुपरेका आर्थिक, सामाजिक, अन्धविश्वासी तथा कुलतग्रस्त पीडाहरूलाई एकै साथ प्रस्तुत गरिएको छ। साथै कथाकार ललिता दोषीद्वारा लिखित ' अपराधबोध' कथामा मान्छेबाट अज्ञानता र बलमिच्याइँले गरिने अपराधबाट उत्पन्न पश्चात्तापको सरल तर मार्मिक ढङ्गले चित्रण गरिएको छ ।

कथाकार नारायण तिवारीद्वारा लिखित 'टुलुटुलु बसेर हेरूँ ?' नेपालको प्रशासनिक क्षेत्रमा देखिने विभेदपूर्ण क्रियाकलापलाई समेटिएको कथा हो । यसमा सरकारी वा गैरसरकारी जुनसुकै कार्यालयमा पाइने हाकिमी शैली र तल्लो वर्गका कर्मचारीहरूले भोग्नुपरेका पीडालाई यथार्थ रूपमा प्रस्तुत गरेर सहनशीलताले कायरतालाई जन्माउने हुनाले स्वाभिमानको रक्षाका लागि हरेकले स्वयम् सचेत हुनुपर्ने सन्देश दिइएको छ । यसरी नै कथाकार प्रोल्लास सिन्धुलीयद्वारा लिखित 'काम अर्थात् फुस्रो नोट' कथामा वर्तमान नेपालको शिक्षापद्धति, योग्यता र व्यावसायिक यथार्थका बारेमा प्रश्न उठाइएको छ । देशमा योग्यताअनुसारको अवसर नहुनाले र श्रमको मूल्याङ्कन नहुने हुनाले डिग्री पास गरेकाले रिक्सा चलाउनुपरेको र त्यसको पनि उचित सम्मान नभएको कारुणिक यथार्थ उद्घाटन गरी देशको शिक्षापद्धति र श्रमलाई हेर्ने दृष्टिकोणमाथि नै यस कथामार्फत विमति राखिएको छ। कथाकार हरि खनाल (हरे) द्वारा लिखित 'सुनार जेठा' कथामा नेपाली समाजमा रहेको धार्मिक अन्धविश्वास र जातीय विभेदको जीवन्त चित्र खिचिएको छ । यस कथामा नेपाली समाजका कथित उच्चजातिले तल्लो जाति मानिएका शिल्पीसमुदायलाई मन्दिरमा प्रवेश गर्न नदिएको र विभेदपूर्ण अपमानजनक व्यवहार

गरेको सन्दर्भलाई जोडेर मानवताका पक्षमा आत्मअभिमतलाई प्रस्तुत गरिएको छ । यसरी नै कथाकार गङ्गा कर्माचार्य पौडेलद्वारा लिखित 'बाँचेको सार' कथामा नेपाली समाजमा हुने गरेका नारीहिंसाका अनेकौँ रूपहरूको प्रतिनिधिमूलक चित्रण गरिएको छ ।

कथाकार नवराज रिजालद्वारा लिखित 'घर' शीर्षकको कथा आकारगत दृष्टिले लामो प्रकृतिको रचना हो । यस कथामा मान्छेभित्र रहेको मांसल प्रेम र मानवीय चिन्तन र चरित्रको कुरूप यथार्थलाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ । यसरी नै कथाकार राममणि पोखरेलद्वारा लिखित 'हामीले के पायौँ ?' कथामा देशमा अनेकौँ युद्ध, क्रान्ति र परिवर्तनका स्वरहरू घन्किए पनि सर्वसाधारण जनतामा त्यसको कुनै पनि अनुभूति हुन नसकेको तितो यथार्थलाई शालीन आक्रोशका साथ प्रस्तुत गरिएको छ । कथाकार ईशा शाहद्वारा लिखित 'सपना' कथामा नेपाली समाजको संवेदनहीनता र जडतालाई सशक्त रूपमा प्रस्तुत गरी नारी संवेदना र समस्याको मूर्त चित्र प्रस्तुत गरिएको छ । साथै कथाकार इन्दिरा दीक्षितद्वारा लिखित 'परदेशी मित्र' कथामा डायस्पोरिक चेतना, प्रवासी समस्या र संवेगात्मक अवस्थाको सुन्दर चित्रण गरिएको छ भने कथाकार दिला शाहद्वारा लिखित 'कोइलीमा आकृति' कथामा गाउँले जीवन र सहरिया जीवनबिचको अन्तर्द्वन्द्वात्मक चिन्तन, मानवीय संवेदना र समस्याको विरोधाभासपूर्ण चित्रण आदिको स्वाभाविक उद्घाटन गरिएको छ ।

यसरी प्रस्तुत अङ्कमा समाविष्ट नेपाली भाषाका १८ ओटा कथामा विषयगत विविधता, शैलीगत अनेकता, संरचनागत पृथकता र वैचारिक व्यापकताको प्रतिनिधित्व भएको पाइन्छ । यी कथाहरूले वर्तमान नेपाली कथा लेखनको प्रवृत्तिगत प्रतिनिधित्व गरेका छन् ।

'नवप्रज्ञापन'को ८४ अङ्क बहुभाषा कथा विशेषाङ्क भएकाले यसमा नेपाली भाषाका अतिरिक्त अन्य विभिन्न मातृभाषाका कथाहरूलाई पनि सोही भाषामा जस्ताको तस्तै प्रकाशन गरिएको छ । नेपाली भाषाका कथाहरूपछि मैथिली भाषाका कथाहरू समाविष्ट छन् । यसको थालनीमा नै विजेता चौधरीद्वारा लिखित 'मैथिली कथासाहित्यको विकासक्रम' शीर्षकको ऐतिहासिक विश्लेषणसहितको आलेख समेटिएको छ । उक्त आलेखले मैथिली भाषाको कथा लेखनको स्वरूप र प्रवृत्तिबारेमा एउटा सुन्दर चित्र प्रस्तुत गरेको छ । यसपछि कथाकार राजेन्द्र विमलद्वारा लिखित 'जिनगी धुआँ-धुआँ', कथाकार रामभरोस कापडि भ्रमरद्वारा लिखित 'आइसीयु', कथाकार रमेश रञ्जनद्वारा लिखित 'स्वप्निल उडान', कथाकार विजेता चौधरीद्वारा लिखित 'फूलबहिन', कथाकार डा. संजीता बर्माद्वारा लिखित 'पश्चात्ताप' र कथाकार संगीता ठाकुरद्वारा लिखित 'अगर प्रेम करै छी त ?' गरी मैथिली भाषाका छओटा कथाहरू समावेश गरिएका छन् । पूर्ण भाषिक ज्ञानको अभावमा उल्लिखित कथाहरूको समग्र अन्तर्वस्तुका बारेमा विश्लेषण गर्न सम्भव नभए पनि आंशिक बोधका आधारमा यी कथाहरूले स्थानीय समाज, संस्कृति र जीवनपद्धतिका बारेमा प्रतिनिधिमूलक चित्राङ्कन गरेको अनुमान लगाउन सकिन्छ ।

यस विशेषाङ्कमा मैथिली भाषाका

कथाहरूपछि भोजपुरी भाषाका कथाहरू समाविष्ट छन् । यसको थालनीमा नै गोपाल अश्कद्वारा लिखित 'भोजपुरी कथासाहित्यको विकासयात्रा' शीर्षकको ऐतिहासिक विश्लेषणसहितको आलेख समेटिएको छ । उक्त आलेख नेपाली भाषामा नै लेखिएको हुनाले यसले भोजपुरी भाषाको कथा लेखनको स्वरूप र प्रवृत्तिबारेमा जानकारी प्रदान गरेको छ । यसपछि कथाकार गोपाल अश्कद्वारा लिखित 'इन्तजार', कथाकार उमाशंकर द्विवेदीद्वारा लिखित 'रमकुँवरी', कथाकार सुनील कुमारद्वारा लिखित 'मनतोडवा दाई', कथाकार वीणा सिन्हाद्वारा लिखित 'समा', कथाकार रामप्रसाद साहद्वारा लिखित 'कारक', कथाकार दिनेश गुप्ताद्वारा लिखित 'सत्यनारायण के सच' र कथाकार अनिता साहद्वारा लिखित 'इज्जत' गरी भोजपुरी भाषाका सातओटा कथाहरू समावेश गरिएका छन् । आंशिक बोधका आधारमा यी कथाहरूले पनि स्थानीय समाज, संस्कृति र जीवनपद्धतिका बारेमा प्रतिनिधिमूलक चित्राङ्कन गरेको अनुमान लगाउन सकिन्छ ।

यस विशेषाङ्कमा भोजपुरी भाषाका कथाहरूपछि थारू भाषाका कथाहरू समाविष्ट छन् । यसको थालनीमा नै कृष्णराज सर्वहारीद्वारा लिखित 'थारू साहित्यमा कथाको अवस्था' शीर्षकको ऐतिहासिक विश्लेषणसहितको आलेख समेटिएको छ । उक्त आलेख नेपाली भाषामा नै लेखिएको हुनाले यसबाट थारू भाषाको कथा लेखनको स्वरूप र प्रवृत्तिबारेमा जानकारी पाइन्छ । यसपछि कथाकार हृदयनारायण चौधरी थारूद्वारा लिखित 'अग्निरेखा', कथाकार सोम डेमनडौराद्वारा लिखित 'छट्पटावन', कथाकार सत्यनारायण दहितद्वारा लिखित ' टिरठ', कथाकार शेखर दहितद्वारा लिखित 'छारा', कथाकार नरेश लालकुसम्याद्वारा लिखित 'बट्या-४', कथाकार मधुसूदन चौधरी थारूद्वारा लिखित 'कलुवा अउर कर्‍म' र कथाकार देवराज चौधरी अमिटद्वारा लिखित 'नटिवक चिट्ठि' गरी थारू भाषाका सातओटा कथाहरू समावेश गरिएका छन् । यी कथाहरूले सम्बन्धित जाति र भाषा साहित्यको विशिष्ट प्रतिनिधित्व गरेका छन् ।

यस विशेषाङ्कमा थारू भाषाका कथाहरूपछि तामाङ भाषाका कथाहरू समाविष्ट छन् । यसको थालनीमा नै अर्जुनबहादुर तामाङद्वारा लिखित 'तामाङ साहित्यको चर्चा' शीर्षकको जानकारीमूलक आलेख समेटिएको छ । उक्त आलेख नेपाली भाषामा नै लेखिएको हुनाले यसले तामाङ भाषा र साहित्यबारेमा विशेष जानकारी प्रदान गरेको छ । यसपछि कथाकार यकिना अगाधद्वारा लिखित 'अन्तरे बोम्बो', कथाकार आर.के जिम्बा पुर्बेलीद्वारा लिखित 'नागा ह्वाबा थेन योमो', कथाकार हिरामाया घिसिङद्वारा लिखित 'बिरबहादुरला राप', कथाकार नेपालप्रसाद स्याङतानद्वारा लिखित 'किच्चे म्याङगाइ' र कथाकार नेत्र मोक्तान तामाङद्वारा लिखित 'ब्लेगु नाका ममा, चिङ्ना थेन करवति' गरी तामाङ भाषाका पाँचओटा कथाहरू समावेश गरिएका छन् । यी कथाहरूले सम्बन्धित जातिको कथासाहित्यको विशिष्ट प्रतिनिधित्व गरेका छन् ।

यस विशेषाङ्कमा तामाङ भाषाका कथाहरूपछि नेपाल भाषाका कथाहरू समाविष्ट छन् । यसको थालनीमा नै गगनदीप सर्वद्वारा लिखित 'कथाभित्रको सानो कथा' शीर्षकको थप जानकारीमूलक

आलेख समेटिएको छ । उक्त आलेख नेपाली भाषामा नै लेखिएको हुनाले यसले सम्बन्धित कथाहरूका बारेमा थप जानकारी प्रदान गरेको छ । यसपछि कथाकार मथुरा सायूमिद्वारा लिखित 'मसां', कथाकार सुवर्णकेशरी चित्रकारद्वारा लिखित 'हडताल', कथाकार राजा शाक्यद्वारा लिखित 'द्यःया दूत', कथाकार मनदेवी तण्डुकार (ताम्राकार)द्वारा लिखित 'संस्कार म्वानाच्वनी', कथाकार केदार सितुद्वारा लिखित 'जुजुमान', कथाकार अमरकुमार प्रधानद्वारा लिखित 'साइनो' र कथाकार रासाद्वारा लिखित 'बाखं' गरी नेपाल भाषाका सातओटा कथाहरू समावेश गरिएका छन् । यी कथाहरूले सम्बन्धित जाति र भाषा साहित्यको विशिष्ट प्रतिनिधित्व गरेका छन् ।

यस विशेषाङ्कमा नेपाल भाषाका कथाहरूपछि बज्जिका भाषाका कथाहरू समाविष्ट छन् । यसको थालनीमा नै सञ्जय मित्रद्वारा लिखित 'बज्जिका कथामा समाजको बोली' शीर्षकको विश्लेषणात्मक आलेख समेटिएको छ । उक्त आलेख नेपाली भाषामा नै लेखिएको हुनाले यसले बज्जिका भाषाको कथाको स्वरूप र प्रवृत्तिबारेमा जानकारी प्रदान गरेको छ । यसपछि कथाकार विश्वराज अधिकारीद्वारा लिखित 'उढरा-उढरी', कथाकार सञ्जय मित्रद्वारा लिखित 'गीतके मोल', कथाकार सञ्जय सुदामाद्वारा लिखित 'दिपू', कथाकार चाँद चञ्चलद्वारा लिखित 'एगो एहनो बेटा' र कथाकार किशुनदयाल यादव श्रीकृष्णद्वारा लिखित 'राम कहानी' गरी बज्जिका भाषाका पाँचओटा कथाहरू समावेश गरिएका छन् । यी कथाहरूले सम्बन्धित जाति र भाषाको कथासाहित्यको विशिष्ट प्रतिनिधित्व गरेका छन् ।

यस विशेषाङ्कमा बज्जिका भाषाका कथाहरूपछि मगर भाषाका कथाहरू समाविष्ट छन् । यसको थालनीमा नै टीकाराम उदासीद्वारा लिखित 'मगर भाषा साहित्य र कथा सिर्जना' शीर्षकको ऐतिहासिक विश्लेषणसहितको आलेख समेटिएको छ । उक्त आलेख नेपाली भाषामा नै लेखिएको हुनाले यसबाट मगर भाषाको कथा लेखनको स्वरूप र प्रवृत्तिबारेमा जानकारी पाइन्छ । यसपछि कथाकार टङ्कबहादुर आले मगरद्वारा लिखित 'फूङ्गवाट्च कानूङ मोई', कथाकार क्षितिज मगरद्वारा लिखित 'जंगलकुटीला घाँट', कथाकार महेश आरोहीद्वारा लिखित 'प्रेमसम्बन्ध' र कथाकार रामबाबू रानाद्वारा लिखित 'मेनो भर्मी' गरी मगर भाषाका चारओटा कथाहरू समावेश गरिएका छन् । यी कथाहरूले सम्बन्धित जाति र भाषाका कथासाहित्यको विशिष्ट प्रतिनिधित्व गरेका छन् ।

यस विशेषाङ्कमा मगर भाषाका कथाहरूपछि डोटेली भाषाका कथाहरू समाविष्ट छन् । यसको थालनीमा नै डा. पुष्करराज भट्टद्वारा लिखित 'डोटेली भाषाका कथाहरू' शीर्षकको ऐतिहासिक विश्लेषणसहितको आलेख समेटिएको छ । उक्त आलेख नेपाली भाषामा नै लेखिएको हुनाले यसबाट डोटेली भाषाको कथा लेखनको स्वरूप र प्रवृत्तिबारेमा जानकारी पाइन्छ । यसपछि कथाकार कविराज भट्ट बिलौनाद्वारा लिखित 'मुइले बसिबरे पड्या झ्याल', कथाकार जगदीश ओझाद्वारा लिखित 'बदेलो', कथाकार पुष्करराज भट्टद्वारा लिखित 'पहाडोः मान्स', कथाकार

रमेश पन्त मीतबन्धुद्वारा लिखित 'इन्साफ', कथाकार लक्ष्मण पन्तद्वारा लिखित 'अन्यारी गोःरा' र कथाकार वीरबहादुर चन्द विश्रामद्वारा लिखित 'लोवि जिज्ज्यारो' गरी डोटेली भाषाका पाँचओटा कथाहरू समावेश गरिएका छन् । यी कथाहरूले सम्बन्धित क्षेत्र र भाषा साहित्यको विशिष्ट प्रतिनिधित्व गरेका छन् ।

यस विशेषाङ्कमा डोटेली भाषाका कथाहरूपछि अवधी भाषाका कथाहरू समाविष्ट छन् । यसको थालनीमा नै विक्रममणि त्रिपाठीद्वारा लिखित 'अवधी कथा' शीर्षकको आलेख समेटिएको छ । उक्त आलेख नेपाली भाषामा नै लेखिएको हुनाले यसबाट अवधी भाषाको कथा लेखनका बारेमा जानकारी पाइन्छ । यसपछि कथाकार इद्रिस सायलद्वारा लिखित 'प्रजा औ पहिचान', कथाकार हंसा कुर्मीद्वारा लिखित 'हमार घर कहाँ होय ?', कथाकार शिवप्रसाद पाठकद्वारा लिखित 'परदेशी' र कथाकार राजेशकुमार चौधरी जिज्ञासुद्वारा लिखित 'बाद कै ढकोसला' गरी अवधी भाषाका चारओटा कथाहरू समावेश गरिएका छन् । यी कथाहरूले सम्बन्धित भाषाका कथासाहित्यको विशिष्ट प्रतिनिधित्व गरेका छन् ।

यसरी 'नवप्रज्ञापन'को बहुभाषा कथा विशेषाङ्क साँच्चै विशेषाङ्क नै बनेको छ । यसमा बहुभाषिक नेपाली समाजको एउटा सुन्दर चित्र प्रस्तुत भएको देखिन्छ । इन्द्रेनीमय नेपाली समाजको सुवासलाई यस अङ्कले कथामार्फत प्रस्तुत गरेको छ ।

४. मूल्याङ्कन तथा निष्कर्ष

समग्रमा हेर्दा 'नवप्रज्ञापन' नेपाली साहित्यिक पत्रकारिताको इतिहासमा एउटा विशिष्ट चिनारी बनाइसकेको साहित्यिक पत्रिका हो । यसका समय समयमा प्रकाशन हुने विशेषाङ्कले नेपाली भाषा साहित्यको उन्नयनमा एउटा उल्लेखनीय उचाइ प्राप्त गरिसकेका छन् । यसको ८४ अङ्क बहुभाषा कथा विशेषाङ्कका रूपमा आएर विविधताभित्रको एकतापूर्ण नेपाली समाजलाई प्राज्ञिक सम्मान गरेको देखिन्छ । जुन जाति र भाषाको सिर्जना भए पनि त्यो नेपाल र नेपाली साहित्यकै प्राज्ञिक सम्पत्ति हो । त्यसैले यहाँका कथाहरू वर्तमान नेपाली कथाका प्रतिनिधि आवाजहरू हुन् । यहाँका बहुभाषिक कथाहरूमा संरचनाका दृष्टिले थोरै मात्र लघुकथाका आकारमा संरचित छन् भने अधिकांश कथाहरू मझौला प्रकृतिका छन् र केही कथाहरूचाहिँ थोरै लामा पनि छन् । सम्पूर्ण भाषाको ज्ञानको अभावका कारण नेपालीबाहेक अन्य भाषाका कथाहरूको भावगत अनुमान मात्र गर्न सकिन्छ तर ती कथाहरूले सम्बन्धित जाति, भाषा र कथासाहित्यका क्षेत्रमा एउटा ऐतिहासिक धरोहर निर्माण गर्न सक्ने कुरा निर्विवाद छ । नेपाली भाषा सबै जातजाति र भाषाभाषीहरूको साझा भाषा भएको हुँदा यहाँ समाविष्ट नेपाली कथाहरूले सबैको मन आकर्षित गर्ने छन् भने अन्य भाषाका कथाहरूले सम्बन्धित भाषाज्ञाता पाठकहरूलाई सूचना र मनोरञ्जन दुवै प्रदान गर्ने छन् । यस कारण पनि 'नवप्रज्ञापन'को प्रस्तुत ८४ अङ्क नेपाली कथासाहित्यको इतिहासमा एउटा कोसेढुङ्गा बनेर बस्ने छ भन्ने कुरा निर्विवाद देखिन्छ ।

(झापा)

गीत विशेषाङ्क

(पूर्णाङ्क ८८, वैशाख–असार २०७७)

• **प्रा. केशव सुवेदी**

नवराज रिजाल र नवप्रज्ञापन

नवराज रिजाल (बारा) बहुमुखी साहित्य सर्जक हुन् । १७ वर्षको उमेरदेखि नै प्रथमतः कथासृजनामार्फत् सिर्जनायात्रा प्रारम्भ गरेका रिजालका कथा, लघुकथा, मुक्तक, गजल, नियात्रा, समालोचना तथा बालसाहित्य सिर्जनासमेत गरी डेढदर्जनभन्दा बढी कृतिहरू प्रकाशित छन् । तिनमा उनको सिर्जनशील व्यक्तित्वको सुस्पष्ट परिचय देखिन्छ । उनका प्रकाशित रचनाहरूतर्फ दृष्टि दिँदा उनले विभिन्न विधाहरूमा कलम चलाउँदै आए तापनि सङ्ख्यात्मक र गुणात्मक दृष्टिले मुख्य योगदान कथासृजना र बालसाहित्य लेखनमा नै रहेको देखिन्छ ।

नवराज रिजाल सर्जक त हुँदै हुन्, यसबाहेक २०५० सालदेखि उनी पत्रिका सम्पादन कार्यमा समेत समर्पित हुँदै आएका छन् । उनले २०५० सालदेखि **नवप्रज्ञापन** पत्रिकाको सम्पादन आरम्भ गरी यस कठिन कार्यलाई अहिलेसम्म निरन्तरता दिँदै आएका छन् । २०५० सालयता साहित्यिक पत्रिका प्रकाशनका अनेक प्रयासहरू थालिए तापनि तीमध्ये धेरैजसोले प्रकाशनको नियमितता निरन्तरता पाएको देखिँदैन । प्रथमतः प्रकाशनयोग्य सामाग्रीको अनुपलब्धता, सामग्री जोडजाम गरिसकेपछि प्रकाशनको चाँजोपाँजो मिलाउने समस्या, प्रकाशन गरिसकेपछि पत्रिकालाई पाठकसम्म पुऱ्याउन पर्ने कठिनाइ, समाजमा देखापर्दै गएको पठनशीलतामा ह्रासलगायतका विविध कारणहरूले गर्दा साहित्यिक पत्रिकाहरू चिचिलैमा बन्द हुने प्रवृत्ति विकसित भईरहेको बेलामा पनि नवप्रज्ञापन निरन्तर प्रकाशित भईरहेको छ ।

विगत तीन दशकदेखि निरन्तर प्रकाशित भइरहेको **नवप्रज्ञापन** अब **सय अङ्क**का रूपमा प्रकाशित हुँदै छ । सोही अङ्कमा समावेश गर्ने उद्देश्यले यसको ८८औँ अङ्क अर्थात् गीत विशेषाङ्कको विवेचनामा केन्द्रित भई यो आलेख तयार पारिएको छ । यसमा विशेषतः **नवप्रज्ञापन**को गीत विशेषाङ्कका प्रमुख विशेषता र उपलब्धिको विवेचना वा चर्चा गर्ने प्रयास गरिएको छ ।

नवप्रज्ञापन गीत विशेषाङ्कको सम्पादन र संयोजन

नवप्रज्ञापनको ८८औँ पूर्णाङ्क गीत विशेषाङ्कका रूपमा प्रकाशित छ । गीत विशेषाङ्क प्रकाशनमा सम्पादक-प्रकाशक नवराज रिजालको मुख्य भूमिका त छँदै छ, उनीबाहेक यस विशेषाङ्कलाई विशेष र उपलब्धिपूर्ण तुल्याउनका उनका समकालीन

साहित्यसर्जक मित्रहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । यस सन्दर्भमा कुशल साहित्यसर्जक एवम् कलास्रष्टा वसन्तराज 'अज्ञात'को नाम उल्लेख्य छ । यसमा उनले अतिथि सम्पादकका रूपमा आफ्नो श्रम र सिप समर्पित गरेका छन् । यसै गरी विशेषाङ्कका निम्ति सामग्री सङ्कलनदेखि प्रस्तुतीकरणका तहसम्म पुऱ्याउनमा सम्पादन टिमका सदस्यहरू तथा व्यवस्थापनमा गणेशराज रिजालको सक्रियता पनि त्यत्तिकै उल्लेख्य रहेको देखिन्छ । त्यसै गरी गीत संयोजकका रूपमा गगनदीप 'सर्व'को सहयोग पनि महत्त्वपूर्ण रहेको देखिन्छ ।

नवप्रज्ञापन गीत विशेषाङ्कमा सामग्रीको संयोजन

नवप्रज्ञापनको गीतविशेषाङ्कमा सङ्कलित सामग्रीलाई हेर्दा यसमा सम्पादकीय, गीतको उद्भव, समकालीन नेपाली गीतको परम्परा र गीतकारको अन्तर्वार्ता तथा गीतसमेत गरी पाँच प्रकारका सामग्रीहरू प्रस्तुत गरिएका छन् । यद्यपि **नवप्रज्ञापन** गीत विशेषाङ्कको मुख्य प्राप्ति यसमा सङ्कलित गीतहरू नै हुन् तापनि गीत बाहेक यसमा समावेश गरिएका सामग्रीलाई हेर्दा तिनले गीतको सङ्क्षिप्त सैद्धान्तिक परिचयका साथै नेपाली गीतको परम्परा र समकालीन नेपाली गीतका विशेषताहरू बारे जानकारी दिने खालका लेखहरू समेत प्रस्तुत गरिएको छ । सम्पादक नवराज रिजालको सम्पादकीय लेखबाट प्रारम्भ भएको यस पूर्णाङ्कमा अतिथि सम्पादक वसन्तराज अज्ञातका तर्फबाट पनि सम्पादकीय शैलीमै संङ्क्षिप्त आलेख प्रस्तुत गरिएको छ । यी दुवै सम्पादकीयमा गीतको साङ्केतिक सैद्धान्तिक परिचयका साथै नेपाली गीतको परम्परा र संवर्धनका क्षेत्रमा भए गरेका प्रयासहरूबारे चर्चा गरिएको छ ।

सम्पादकीय लेखपछि विश्वराज अधिकारीको **पूर्व पश्चिममा गीतको उद्भव** शीर्षकको आलेख प्रस्तुत भएको छ । गीतको परिचयबाट सुरु गरिएको यस आलेखमा मूलत ः संस्कृत र पश्चिममा गीतको उत्पत्तिबारे चर्चा गरिएको छ । यसै गरी प्रस्तुत लेखमा गीत सङ्गीतका रागहरूबारे पनि सङ्क्षिप्तमा चर्चा गरिएको छ र गीत तथा गायनमा हुने अन्तनिर्हित् शक्तिका बारेमा पनि सामान्य उल्लेख गरिएको छ । यी विविध सन्दर्भहरूमार्फत पूर्व र पश्चिममा गीतको उद्भव र गीतले पाठक श्रोताका अन्तःश्चेतनामा पार्न सक्ने प्रभाव बारे पनि चर्चा गरिएको छ ।

यस अङ्कमा प्रस्तुत तेस्रोथरी सामग्रीका रूपमा नेपाली गीतको विवेचनासँग सम्बद्ध आलेखलाई लिन सकिन्छ । गीता त्रिपाठीद्वारा लिखित 'समकालीन नेपाली गीत' शीर्षकको लेख शीर्षकअनुसार नेपाली गीतका विषयगत र शैलीगत प्रवृत्तिको विवेचनामा आधारित छ ।अनुसन्धानात्मक प्रकृत्तिको प्रस्तुत आलेखमार्फत त्रिपाठीले समकालीन नेपाली गीतका आधारभूत वैशिष्ट्यको रेखाङ्कन गर्ने प्रयास गरेको देखिन्छ ।

यहाँ सङ्कलित चौथो प्रकारको सामग्रीका रूपमा कृष्णहरि बरालसँग हरिराम पौडेलले लिएको अन्वार्तालाई लिन सकिन्छ। चर्चित गीतकार तथा गीतमै विद्यावारिधि अनुसन्धान गरेका र गीत गजल विषयक अनेक अनुसन्धानात्मक कृतिहरू लेखिसकेका बरालको अन्तर्वार्तामा गीतको सैद्धान्तिक पक्ष एवम् नेपाली गीत सृजना परम्पराबारे सविस्तार चर्चा गरिएको छ । यसबाट नेपाली गीत सङ्गीतको

स्वरूप र अवस्थाबारे पाठकहरूले पर्याप्त प्राज्ञिक लाभ प्राप्त गर्न सक्छन् । यसरी **नवप्रज्ञापन**का प्रारम्भमै समावेश गरिएका यी चारथरी सामग्रीहरूले गीतको सैद्धान्तिक परिचय खुलाउनमा तथा पूर्व पश्चिमका साथै नेपाली गीतका भाव विचारगत र शैली संरचनागत वैशिष्ट्यहरूको निरूपणमा प्रासङ्गिक विमर्श प्रस्तुत गरेका छन् ।

नवप्रज्ञापनको गीत विशेषाङ्कमा प्रस्तुत पाँचौ प्रकारका सामग्रीहरू यसमा सङ्कलित गीतहरू नै हुन् र तिनै गीतहरू नै यस विशेषाङ्कका मुख्य प्राप्तिहरू पनि हुन् । सङ्ख्यात्मक दृष्टिले हेर्दा यसमा जम्मा १६२ जना गीत स्रष्टाहरूका गीति रचना छापिएका छन् । तीमध्ये चार जना गीतकारका एक एक र बाँकी १५८ जनाका दुई दुई रचना गरी जम्मा ३२० वटा गीति रचना सङ्कलित् छन् । प्रस्तुत विशेषाङ्कमा समेटिएका गीतकारहरूको स्थानगत परिचयमा एकरूपता कायम भएको देखिँदैन । कतिपय गीतकारहरूका स्थायी बसोबास भएका जिल्ला सङ्केत गरिएको छैन । कतिपय उपत्यका बाहिर जन्मी हुर्की यहाँ बसोबास गर्न थालेकाहरूको स्थान पनि उपत्यका नै जनाइएको छ भने कतिपयको स्थायी बसोबास भएकै जिल्ला उल्लेख गरिएको छ । यदि गीतकारहरूको स्थानगत परिचय प्रस्तुत गर्दा एकरूपता कायम गर्ने प्रयास गरिएको भए भौगोलिक दृष्टिले कुन कुन जिल्लाका गीतकारहरू यसमा समाविष्ट छन् तिनले देशका के कति भूभागको प्रतिनिधित्व गरेका छन् भन्ने कुराको आधिकारिक लेखाजोखा गर्न सकिन्थ्यो । यति हुँदा हुँदै पनि प्रस्तुत गीत विशेषाङ्कलाई हेर्दा यसमा पैँतालिस भन्दा बढी जिल्लामा जन्मिएका गीतकारहरू समेटिएका छन् र यिनले मुलुकका पुगनपुग दुई तिहाइ भागको प्रतिनिधित्व गरेका छन् । यीबाहेक नेपालमा जन्मिएका र हाल अमेरिका, बेलायत, जापान र हङकङ लगायतका देशहरूमा बसोबामस गर्दै आएका डायस्पोराहरू र कामको सिलसिलामा मध्यपूर्वका विभिन्न देशहरूमा गएकाहरू एवम् भारत, भुटान र म्यानमारमा बसोबास गर्ने नेपाली भाषी गीकारहरूका गीति रचना पनि यसमा समावेश गरिएका छन् । यसरी गीतकार हरूको स्थायी बसोबासको आधिकारिक सूचना समेत सङ्कलन गर्नेतर्फ त्यति चासो नराखिए तापनि यहाँ जे जति स्थानगत सङ्केत गरिएको छ त्यसबाट नेपालको बृहत्तर भू-भागको प्रतिनिधित्व हुन पुगेको अनुमान गर्न सकिन्छ ।

नवप्रज्ञापनको प्रस्तुत गीत विशेषाङ्क सृजनात्मक सक्रियता, पुस्तागत विविधता एवम् लैङ्गिक दृष्टिले पनि समावेशी प्रकृतिको बन्न पुगेको छ । यसमा एकातिर जीवनभर गीत सृजनामा समर्पित साधकहरूका गीत सङ्कलित छन् भने अर्कोतिर गीत सृजनामा आफ्नो परिचय स्थापित भईनसकेका नवस्रष्टाका गीतहरू यसमा समेटिएका छन् । लैङ्गिक दृष्टिले पुरुष गीतकारहरूको सङ्ख्यात्मक उपस्थिति बढी हुँदाहुँदै पनि नारी र पुरुष दुवैथरीका रचना यसमा समाविष्ट छन् । यसरी उपर्युक्त विविध कोणबाट पनि **नवप्रज्ञापन**को गीतविशेषाङ्कलाई समावेशी स्वरूपको सङ्ग्रह मान्न सकिन्छ ।

नवप्रज्ञापन गीत विशेषाङ्कका गीतहरूको स्वर-शैली

नवप्रज्ञापनको प्रस्तुत गीतविशेषाङ्क स्वर-शैलीका दृष्टिले पनि महत्त्वपूर्ण सङ्ग्रह बन्न पुगेको छ । यसमा विविध रसभावका गीतहरू सङ्कलित छन् । स्वर

अर्थात् भाव विचारका दृष्टिले यसमा सङ्कलित गीतहरूमा देशप्रेम, मानवप्रेम तथा समाजप्रतिका आस्था र सद्भाव अभिव्यक्त भएको पाइन्छ । प्रेमी प्रेमिका बिचको प्रणय सन्दर्भलाई पनि यसमा सङ्कलित गीतको विषय बनाइएको छ । यसै गरी मान्छे र ऊ बाँचिरहेको समाज तथा उसका सुख दुःखका प्रसङ्गहरू पनि कतिपय गीतका विषय बनेका छन् । समाजमा विद्यमान आर्थिक तथा वर्गीय विभेद पनि यसका कतिपय गीतमा चित्रित छन् । समाजको आधा आकाशको प्रतिनिधित्व गर्ने नारीहरूले भोग्दै बेहोर्दै आएका विभेद र असमानताका गीतहरू पनि यस सङ्ग्रहका परेकै छन् ।

उता देशभित्र कामको अवसरका अभावका कारण जीवन निर्वाहको बाटो खोज्दै परदेसिएका र आफ्नो देश, आफ्नो परम्परा र आफन्तहरूसँग टाढिएर अनिश्चित भविष्यको खोजी गरिरहेका छोराछोरीहरू एवम् तिनीहरूको अनिश्चित प्रत्यागमनको साइत कुरेर पर्खिरहेका आफन्तका मनोभावहरू समेटिएका गीतहरू पनि यस विशेषाङ्मा परेकै छन् । यसमा सङ्कलित गीतमा नेपालको प्राकृतिक सौन्दर्यको अभिव्यञ्जना पनि त्यत्तिकै छ । यसरी उपर्युक्त विविध भावधाराका गीतमार्फत उच्च, उदात्त, समृद्ध एवम् न्यायपूर्ण समाज निर्माणको आकाङ्क्षा एवम् मानवताको सर्वोपरि आराधना यस विशेषाङ्कका गीतले गरेका छन् र यिनबाट समकालीन नेपाली समाजको धुकधुकी र चेतनाधारालाई पहिल्याउन सकिन्छ ।

गीतको अर्को महत्त्वपूर्ण पक्ष शैली हो । शैलीअन्तर्गत गीतमा अँगालिएका लय, भाषा, संरचना, विम्बालङ्कार लगायत पक्षहरू पर्दछन् । लयका हिसाबले यस विशेषाङ्कका गीतहरू मूलत ः स्वतन्त्र गीति लयमा रचना गरिएका छन् भने लोकलयमा संरचित गीतहरू पनि यस विशेषाङ्कमा देख्न सकिन्छ । यसैगरी गीतमा प्रयुक्त लयलाई बढीभन्दा बढी गेयात्मक गुण सम्पन्न बनाउनका निम्ति सबैजसो गीतस्रष्टाहरूले आनुप्रासिक भाषिक संयोजनमा जोड दिएको देखिन्छ । गीतका चरण चरणका बिचको अनुप्रास एवम् अन्त्यानुप्रासको अनुशासन प्रायः सबैजसो सबैजसो गीतमा परिपालन गरिएका कारण ती गेयात्मकसमेत बन्न पुगेका छन् । यसै गरी भाषा प्रयोगका दृष्टिले पनि प्रस्तुत विशेषाङ्कका गीत विशिष्ट छन् । सरल, सहज, कोमल एवम् बोधगम्य गीतिसुलभ पद पदावलीको संयोजनमा गीतकारहरू सचेत रहेका देखिन्छन् । गीतमा प्रयुक्त भाषाले नै तिनका ध्वन्यात्मक, वर्णनात्मक कथनलाई सरस र सशक्त बनाएका छन् । साथै उक्तिवक्रतापूर्ण, आलङ्कारिक एवम् विशिष्ट भाषिक विन्यासका कारण गीतमा अर्थको सघनता थपिएको देखिन्छ । यसरी शैलीका दष्टिले पनि प्रस्तु गीत विशेषाङ्क उपलब्धिमूलक बन्न पुगेको छ ।

नवप्रज्ञापनको यस विशेषाङ्कमा समेटिएका गीतहरू संरचनाका दृष्टिले पनि विविध प्रकृतिका छन् । यसका कतिपय गीतहरू स्थायी र अन्तराका अनुशासनमा संरचित छन् भने कतिपय गीतमा यसप्रकारको संरचनाको उपयोग गरिएको छैन । त्यसै गरी यस विशेषाङ्का कतिपय गीत पुरुष नारी वा प्रेमी प्रेमीकाका पारस्परिक संवादका रुपमा पनि संरचित छन् । गीतको संरचनाका दृष्टिले पनि यस विशेषाङ्कका गीतहरू विविधतापूर्ण र सौन्दर्यसम्पन्न छन् । यसरी शैलीका दृष्टिले पनि नवप्रज्ञापनको गीत विशेषाङ्क भित्रका गीतहरूले सौन्दर्यको

विविधता प्रस्तुत गरेका छन् ।

उपसंहार

नेपाली साहित्यिक पत्रपत्रिकाका परम्परामा विभिन्न पत्रिकाहरूले भिन्न भिन्न समयमा विभिन्न प्रकृतिका विशेषाङ्कहरू प्रकाशित गर्दै आएका छन् । २०५० सालदेखि प्रकाशन आरम्भ भएको नवप्रज्ञापनले पनि बेलाबखत विभिन्न विशेषाङ्क प्रकाशन गर्दै आएको छ । यसै क्रममा **नवप्रज्ञापनको ८८औँ अङ्क गीत विशेषाङ्क**का रूपमा आएको छ । प्राय : कविता, कथा, निवन्ध विधाहरूसँग सम्बद्ध विशेषाङ्कहरू छापिँदै आएका र कविता विशेषाङ्कमै गीति रचनालाई पनि समेट्ने प्रयास हुँदै आएका स्थितिमा यो विशेषाङ्क प्रकाशित हुनु स्वयम्मा उपलब्धि हुँदै हो । यसबाहेक नेपाली गीत परम्पराका विभिन्न चरण र धाराका ३२० जना स्रष्टाहरूलाई समेटेर नवप्रज्ञापनको गीत विशेषाङ्क छापिएको छ । विभिन्न पुस्ताका, विभिन्न भावधाराका, भिन्न भिन्न किसिमका आस्वाद सृजना गर्ने विभिन्न शैलीमा रचिएका गेयात्मक विशेषतासम्पन्न गीतहरू र गीतसम्बद्ध सैद्धान्तिक आलेखहरूलाई समेत समेटेर नेपाली गीतसृजना परम्पराको प्रनिनिधि सङ्ग्रहका रूपमा नवप्रज्ञापन गीत विशेषाङ्क प्रस्तुत भएको छ र यसले नेपाली गीति साहित्यको संवर्धनमा अविस्मरणीय योगदान पुऱ्याएको छ ।

(भृकुटीनगर, घोराही उमनपा-१५, दाङ)

प्रदेश २ गजल विशेषाङ्क

(पूर्णाङ्क ९२, वैशाख–असार २०७८)

• नन्दु उप्रेती

नवप्रज्ञापन बारा जिल्लाबाट विगत ३१ वर्षदेखि निरन्तर प्रकाशित हुँदै आएको साहित्यिक पत्रिका हो । लड्दै उठ्दै र उठ्दै लड्दै निरन्तर हिँडिरहेको यो पत्रिका २०८० वैशाख महिनादेखि ३१औँ वर्षमा प्रवेश गरेको छ । अनि वैशाखमा यसको शताङ्क पनि प्रकाशित हुँदैछ । व्यक्तिगत तवरमा निस्कने साहित्यिक पत्रिकाले शताङ्क प्रकाशित गर्नु साँच्चिकै चुनौतीपूर्ण कार्य हो । यसका लागि सम्पादक/प्रकाशकलाई मुरीमुरी धन्यवाद भन्नैपर्छ ।

नेपाली साहित्यिक पत्रकारिता जटिल काम हो । निस्वार्थ भावले साहित्य र साहित्यिक पत्रकारिता गर्छु भन्ने बाहेक अरु व्यक्तिको बुताभन्दा बाहिरको कर्म हो साहित्यिमक पत्रकारिता । यो कामले न आर्थिक सक्षमता बढाउन सघाउँछ, न त रहे भएको आर्थिक अवस्था कायम राख्न सघाउँछ । सट्टामा यसले साहित्यिक

पत्रकारको भएको आर्थिक जेथामा पनि क्षयको मार्ग प्रशस्त गर्दछ । यस्तो सत्यतथ्यलाई जानीजानी वा देखेबुझे पनि साहित्य र साहित्यिक पत्रकारितामा लाग्ने यस क्षेत्रका कर्मवीरहरू निरन्तर लागिरहन्छन तथा लागिरहेका छन् ।

हो, निरन्तर आफ्नो उर्जाशील समय साहित्यिक पत्रकारितामा लगाउने एकजना कर्मशील साहित्यिक पत्रकारको नाम हो नवराज रिजाल । उनै रिजालको प्रयासमा प्रकाशित भइरहेको साहित्यिक पत्रिका हो नवप्रज्ञापन । अहिले यो पत्रिकाको ९२ औं अङ्क मेरा सामुन्नेमा छ । मेरो मानसपटलमा यसका पुराना अङ्कहरू पनि छन् तर म यतिखेर ती पुराना अङ्कहरूका बारेमा हैन केही वर्षअघि प्रकाशित गजल अङ्क बारे केही लेख्ने प्रयास गरिरहेको छु ।

यो प्रदेश २ (मधेस प्रदेश) गजल विशेषाङ्क हो । यस्ता विशेषाङ्क हात पर्दा खुसी लाग्छ किनकि त्यो सम्बन्धित विषय एवम् विधाको विशेष अङ्क हो । यस्ता विशेषाङ्कमा सम्बन्धित विषय वा विधाको समग्रता समेट्ने प्रयास भएको हुन्छ । यो विशेषाङ्कमा प्रदेश २ (मधेस प्रदेश) को गजल लेखनको अवस्था र सम्भावनाको प्रतिबिम्ब प्रस्तुत गर्ने प्रयास गरिएको छ । यो विशेषाङ्कमा गजल सिद्धान्त र लेखन सम्बन्धी ३ गम्भीर आलेख, ८७ गजलकारका १६९गजल, एक अन्तरवार्ता, एक लेख र ४ कृति समीक्षा रहेका छन् ।

पहिलो आलेखमा प्रदेश २ मा नेपाली गजलको समग्र अवस्था, गतिविधि र उपलब्धिको चर्चा छ । भाषिक विविधताको संगम जस्तो लाग्ने प्रदेश २ मा नेपाली भाषामा लेखिएका गजल बारे उल्लेख छ । यस अनुसन्धानमूलक लेखका लेखक 'सञ्जय मित्र' हुन् । यसमा प्रदेश २ का गजलकारद्वारा लेखिएका गजलहरूको शक्ति, त्यहाँका कृतिकार, गजलकृति तथा सम्पूर्ण गजल सर्जकहरूलाई परिचित गराउने प्रयास आलेखमा गरिएको छ ।

यस आलेखले प्रदेश २ ले गजल लेखनमा के उपलब्धि हासिल गरेको छ र नेपाली गजल लेखनलाई के उपलब्धि प्रदान गरेको छ भन्ने जानकारी उपलब्ध गराएको छ । त्यस्तै प्रदेश २ मा गजलसम्बन्धी के कस्ता अध्ययन र अनुसन्धानहरू भएका छन्, गजलसम्बन्धी पत्रपत्रिका प्रकाशनको के कस्तो अवस्था छ आदि कुराहरू पनि आलेखमा छन् ।

विशेषाङ्कको अर्को महत्त्वपुर्ण आलेख सिङ्गै गजल साहित्यका लागि अत्यन्त महत्वपूर्ण सैद्धान्तिक लेख हो । यस लेखमा गजलका सिद्धान्तहरू उल्लेख छन् । गजल के हो ? यसका आन्तरिक र बाह्य तत्वहरू के के हुन् वा कस्ता कस्ता छन् ? सङक्षिप्त रूपमा उल्लेख भएको छ । गजल कसरी लेखिन्छ, प्रशिक्षित गराउने प्रशिक्षण पत्र जस्तै छ यो आलेख । यसबाट गजल लेख्न इच्छा गर्ने व्यक्तिले राम्ररी गजल लेखनको ज्ञान र सीप प्राप्त गर्न सक्छ ।

नेपाली गजल परम्परा उल्लेख भएको यस आलेखमा पाठकले नेपाली गजल लेखनको प्रारम्भिक अवस्थादेखि वर्तमान अवस्थासम्मको जानकारी प्राप्त गर्न सक्छ । बहरको परिचय र उदाहरणका रूपमा प्रस्तुत केही गजलले आलेखलाई अझ वजनदार बनाएका छन् । वरिष्ट गजलकार डा. घनश्याम न्यौपाने परिश्रमीको आलेख 'नेपाली गजलको परिचर्चा' गजल साहित्यमा रुचि राख्नेहरूका लागि महत्वपूर्ण रचना हो ।

टीकाराम उदासीद्वारा लिखित अर्को आलेख 'समकालीन नेपाली

गजलमा आक्षरिक लय' विशेषाङ्कको अर्को महत्वपूर्ण रचना हो । यसमा बहर मुक्त शैलीमा लेखिएका गजल लेखनको चर्चा गरिएको छ । अक्षर सङ्ख्याका आधारमा निर्मित लय र त्यसको विधानबारे जानकारी दिनु यस आलेखको मूल अभिप्राय देखिन्छ ।

आक्षरिक लयमा लेखिने गजलले व्यापकता पाइरहेको वर्तमान अवस्थामा यस्तो लयका गजलकारहरू यस्तो लेखनको सम्बोधन चाहिरहेका पनि छन् । यो आलेखले यस्तो लेखनलाई सम्बोधन गर्ने प्रयास गरेको छ । आलेखमा छ अक्षरको लयदेखि अट्ठाइस अक्षरको लयसम्मका गजलहरूको उदाहरणसमेत प्रस्तुत गरिएका छन् । यसले आलेखलाई पठनीय बनाउन मद्धत गरेको छ ।

यो विशेषाङ्कले प्रदेश २ का अधिकांश गजलकारहरूलाई समेट्न खोजेको छ । यो एउटा महत्वपूर्ण उपलब्धि हो । सिङ्गो प्रदेश २ का अधिकांश गजलकारलाई समेटिएको यो विशेषाङ्कमा भेट्न र रचनाहरू पढ्न पाइन्छ । यहाँभित्र नेपाली गजल लेखनका वरिष्ठदेखि सिकारू गजलकारहरूसम्म समेटिएको छन् । यहाँ समेटिने गजलकार हरूको सङ्ख्या जम्मा ८७ जना रहेका छन् ।

यो सङ्ग्रहमा १६९ गजलहरू समेटिएका छन् । जम्मा ८७ जना गजलकारहरूमध्ये ८२ जना गजलकारका दुई दुईओटा र ५ जना गजलकारहरूका एक एकओटा गजल यस विशेषाङ्कमा समावेश भएका छन् । बहर एवम् आक्षरिक लयका गजलहरूका गजलहरू ठुलो सङ्ख्यामा सङ्गृहीत छन् ।

साहित्यकार गोपाल अश्कसँग गरिएको कुराकानी यस विशेषाशाङ्कको अन्तरवार्ता स्तम्भमा रहेको छ । व्यक्तिगत जीवन सन्दर्भदेखि साहित्यसम्मको चर्चा गरिएको यो अन्तवार्ता अत्यन्तै जानकारीमूलक छ । गजल विशेषाङ्कमा प्रकाशित यस अन्र्तवार्तालाई पनि गजलप्रधान नै बनाउन सकेको भए अझ प्रभावकारी हुने थियो कि यो सहज रूपमा भन्न सकिने सन्दर्भ हो ।

रमेश समर्थनको लेख 'प्रदेश २ का गजल कृति' ले प्रदेशका गजलकार र तिनका प्रकाशित कृतिहरू बारेमा जानकारी दिन्छ । यो प्रदेशको आठैओटा जिल्लाको गजल लेखनबारे सङ्क्षिप्त जानकारी दिने यस लेखमा प्रत्येक जिल्लाका गजलकारहरूको नामावली सङ्कलन भएको छ । त्यस्तै प्रकाशित कृतिकारका बारेमा पनि जानकारी प्रस्तुत गरिएको छ । केही गजल सङ्ग्रहका गजलसमेत उल्लेख गर्नाले लेखलाई रोचक बनाउन मद्धत पुगेको देखिन्छ ।

घनश्याम परिश्रमीको गजल कृति 'निभेको शिखा (२०७७), विश्वराज अधिकारीको सङ्ग्रह 'अधुरो प्रेम', डा. विश्वम्भर कुमार शर्माको समालोचना 'देश र दिशा' (२०७७) तथा वसन्त रिजालको कविता सग्रह 'ब्युँझिएपछि' का समीक्षाहरू प्रस्तुत भएका छन् । समीक्षाले सम्बन्धित कृतिको सङ्क्षिप्त जानकारी दिन्छ । यसरी कृतिको सङ्क्षिप्त जानकारी दिलाउने कार्य समीक्षकले गर्दछन् ।

कृति 'निभेको शिखा' कृतिका समीक्षक गोपाल अश्क हुन् भने अर्को कृति 'अधुरो प्रेम' को समीक्षक बाबुराम लम्साल हुन् । 'दशा र दिशा' कृतिको समीक्षा समीर पाख्रिनले गरेका छन् भने 'ब्युँकिएपछि' कृतिको समीक्षक रमेशजङ्ग थापा हुन् । नवप्रज्ञापन साहित्यिक पत्रिकाको यो अङ्क प्रदेश २ गजल विशेषाङ्क हो । समीक्षा गरिएका सबै कृतिहरू गजल सङ्ग्रह अथवा गजल - सम्बन्धि कृति भएका भए हुन्थो भन्ने चाहना पाठकले अवश्य गर्न सक्छ ।

नवप्रज्ञापनको यो प्रदेश २ गजल विशेषाङ्कले नेपाली साहित्यमा अहिले मौलाइरहेको काव्य विधाको अत्यन्तै रोचक र लोकप्रिय काव्यिक उपविधा गजललाई समेटेर गजल लेखनमा लागेका यस क्षेत्रका अग्रज गजलकारको सम्मान गरेको छ ।

त्यस्तै यस विशेषाङ्कले गजल लेखनमा लागेका नवप्रतिभाहरूलाई स्थान दिएर उत्साह समेतप्रदान गरेको छ । गजलका समग्र पक्षहरू समेटर प्रदेश २ (मधेस प्रदेश) का अधिकांश गजलकार हरूलाई एकैठाउँ जम्मा गरेर, तिनका गजलहरू समेत पाठकहरू समक्ष प्रस्तुत गरेर यस क्षेत्रमा उल्लेखनीय कार्य गरेको छ भन्दा अत्युक्ति हुँदैन ।

अन्त्यमा बारा जिल्लाबाट विगत तीस वर्षदेखि निरन्तर प्रकाशित भइरहेको साहित्यिक पत्रिका **नवप्रज्ञापन** यही वि.सं २०८० साल वैशाखबाट ३१औँ वर्षमा प्रवेशका साथ शताङ्क प्रकाशित गर्न लागेकामा बधाई तथा शुभकामना दिँदै त्यसपछि पनि यसको निरन्तरताको कामना गर्दछु ।

(इलाम बजार, इलाम)

नेपालीय भोजपुरी साहित्य विशेषाङ्क

(पूर्णाङ्क ९६ वैशाख असार २०७९)

• प्रा.डा. ध्रुवकुमार घिमिरे

भोजपुरी नेपालको तेस्रो लोकप्रिय भाषा हो । जनसङ्ख्यात्मक दृष्टिले नेपालमा बोलिने मातृभाषाहरूमध्ये पहिलो नेपाली, दोस्रो मैथिली पछि यसको क्रम आउँछ । लुम्बिनी प्रदेशको रुपन्देही जिल्लादेखि पूर्वको सर्लाही जिल्लासम्मको समथर भूभागमा बोलिने यो भाषा मधेस प्रदेशको दोस्रो लोकप्रिय भाषाका रूपमा स्थापित छ । मूलतः रुपन्देही, नवलपरासी, पर्सा, बारा र रौतहट जिल्लाका बासिन्दाहरूको मातृभाषाका रूपमा रहेको यस भाषाको पश्चिमी भेगमा अवधी र पूर्वी भेगमा मैथलीको प्रभाव परेको पाइन्छ । यसको यही पूर्वी भेगको सङ्क्रमणको स्वरूपलाई केही विद्वान्हरूले 'बज्जिका' या 'मगही' नामकरण गरेका छन् ।

चितवन, बारा, पर्सा र रौतहट जिल्लाका स्थानीय थारू भाषाको प्रभाव स्वरूप 'थारू भोजपुरी' र नेपालीको प्रभावमा 'नेपाली भोजपुरी' भाषिकाको नौलो स्वरूप पनि भेटिन्छ । यी र यस्तै अन्य स्वरूपलाई पन्छाउँदैः पर्सा र बारा जिल्लाको मध्य भागमा बोलिने स्वरूपलाई नै नेपालमा बोलिने भोजपुरी भाषाको मानक या आदर्श रूप मानिएको

छ । मूलतः यही मानक स्वरूपलाई ग्रहण गरी **नवप्रज्ञापन** साहित्यिक पत्रिकाले २०७९ सालको वैशाख-असारको ९६ औँ अङ्कलाई 'नेपालीय भोजपुरी साहित्य विशेषाङ्क' का रूपमा प्रकाशित गरेको छ । भोजपुरी भाषी समुदायका प्रसिद्ध मठमन्दिरका फोटाहरूलाई आवरणमा सजाई दृश्य रूपमा नै त्यसको प्रतिनिधित्व गराउन खोजेको २४० पृष्ठको यस विशेषाङ्कका मूलभूत वैशिष्ठ्यबारे यस आलेखमा सङ्क्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ । यस क्रममा यसमा प्रकाशित सिर्जनात्मक विधाका अतिरिक्त भाषिक आलेखहरूका सर्जकलाई भोजपुरी मातृभाषी । नेपाली मातृभाषी गरी दुईश्रेणीमा वर्गीकृत गर्दै तिनका विशेषताहरूप्रति विहङ्गम दृष्टिपात गरिएको छ ।

भोजपुरी मातृभाषी साधक

यस विशेषाङ्कमा ६५ जना स्वनामधन्य लेखकका विभिन्न विधाका सिर्जनाहरू समाविष्ट छन् । यीमध्ये 'अतिथि सम्पादकको कलम' का अतिरिक्त 'लेख', ' कहानी', 'एकाङ्की', 'समालोचना', 'कविता, गीत, गजल, मुक्तक, हाइकु' शीर्षकका स्तम्भमा भोजपुरी मातृभाषा भएका सर्जकहरूको सिर्जना र अनुसन्धानात्मक आलेखहरूले पहिलो प्राथमिकता पाएका छन् । यहाँ यिनै भाषिक अनुसन्धान र साहित्यिक सिर्जनालाई स्रष्टाकेन्द्री हुँदै चर्चा गर्ने प्रयास भएको छ ।

भाषिक आलेख

यस विशेषाङ्कमा भोजपुरी मातृभाषा भएका लेखकका भोजपुरी भाषा र साहित्यसम्बन्धी तीन ओटा अनुसन्धानात्मक रचना प्रकाशित छन् । यहाँ यिनै लेखकका बारेमा छोटो चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

(क) साहित्य समीक्षक गोपाल अश्क

गोपाल अश्क यस विशेषाङ्कका अतिथि सम्पादकका रूपमा रहेका छन् । भोजपुरी भाषा र साहित्यमा विशेष दख्खल भएका यिनका यस अङ्कमा 'नेपालीय भोजपुरी साहित्य के संक्षिप्त इतिहास' शीर्षकको अनुसन्धानात्मक आलेख समाविष्ट छ । ७५ पृष्ठको लामो यस आलेखमा अश्कले नेपालमा बोलिने भोजपुरी भाषामा लेखिएका हालसम्मका प्रकाशित सबै सामग्रीमा नजर पुऱ्याएका छन् । यसक्रममा यिनले काठमाडौँका मल्लकालीन राजा प्रताप मल्लले दुषभलाल बनियालाई लेखेको पत्रको प्रमाण दिँदै नेपालमा भोजपुरी भाषाको लेख्य इतिहास चार सय वर्षभन्दा पुरानो रहेको तथ्य प्रस्ट्याएका छन् । यसपछि यिनले शैक्षिक जागरणको अभाव, एकतन्त्रीय शासन प्रणलीको कुप्रभाव जस्ता विविध कारणले नेपालमा भोजपुरी साहित्यको खासै विकास हुन नसके तापनि सीमावर्ती भारतमा भने यसले राम्रै प्रगति गरेको तथ्यलाई नियालेका छन् । यिनका अनुसार सन् ७०० देखि १००० सम्ममा अन्य आधुनिक भाषा सरह भोजपुरी भाषा पनि मागधी प्राकृतबाट अपभ्रंश भई अस्तित्वमा आएको हो । यसपछि साहित्यिक अभिव्यक्तिको माध्यम बनेको भोजपुरी भाषा एकातिर चारण काल, सन्त काल, अध्ययन काल हुँदै सन् १९०० बाट आधुनिक कालमा प्रवेश गऱ्यो भने अर्कोतिर 'सोरठी वृजाभार', 'आह्ला उदल' जस्ता बृहत् गाथा एवं लोक साहित्यको माध्यमबाट निकटवर्ती मैथिली, अवधी जस्ता भाषाहरूलाई उछिन्दै अघि बढ्यो ।

नेपालमा भने २००७ सालको

परिवर्तनपछि मात्र यो साहित्यिक अभिव्यक्तिको माध्यम बन्न सक्यो भन्दै गोपालले यसको कालक्रमिक विकासलाई पाँच चरणहरूमा विभक्त गरी हरेक चरणका उपलब्धिहरूको लेखाजोखा गरेका छन् । सर्लाही जिल्लाका भिनक रामलाई नेपालीय भोजपुरीको आदिकवि मान्दै यिनले २०७८ सालसम्ममा यस भाषामा प्रकाशित साहित्यका सबै विधाका कृति मात्र नभई पत्रपत्रिका, भाषिक सङ्घ संस्था, खोजअनुसन्धान, शब्दकोश, व्याकरणसहित यसमा भएका अनुवादको समेत लामो फेहरिस्त दिएका छन् । समग्रमा नेपालमा बोलिने भोजपुरी भाषा र साहित्यमा भए गरेका कामको सूचीसहित हालसम्म प्रकाशित कृतिहरूको विवरण प्रस्तुति नै यस आलेखको उपलब्धि हो, तापनि यिनले यसै हरफकारका "भोजपुरी भाषाका लोकगीत" जस्ता अप्रकाशित अनुसन्धानलाई भने समेट्न सकेका छैनन् ।

(ख) भाषावैज्ञानिक डा. गोपाल ठाकुर

त्रिभुवन विश्वविद्यालयबाट "अ ग्रामर अफ भोजपुरी" (सन् २०२०) मा विद्यावारिधि गरेका गोपाल ठाकुर भोजपुरी भाषामा यस तहको अध्ययन गर्ने पहिलो नेपाली हुन् । किसान गीत, जनता के गीत गावत रहेम जस्ता कृतिका माध्यमबाट जनचेतना जागरणमा लागिपरेका ठाकुरको यस विशेषाङ्कमा 'भोजपुरी मे तान आ बल' शीर्षकको भाषावैज्ञानिक खोजमूलक आलेख समाविष्ट छ । यसमा यिनले बोल्दा दिइने तान र बलाघातका आधारमा भोजपुरी भाषाका केही शब्द कसरी नामबाट क्रिया, विशेषणबाट क्रिया, क्रिया विशेषणबाट क्रियाका रूपमा प्रयुक्त हुँदै आएका छन् भन्ने कुराको सोदाहरण पुष्टि गरेका छन् ।

(ग) भाषा एवं संस्कृति चिन्तक शिवनन्दन जयसवाल

यस अङ्कमा रुपन्देही जिल्लाबाट प्रकाशित हुने भोजपुरी दर्शनपत्रिकाका सम्पादकसमेत रहेका जयसवालको 'संविधान मैं मातृभाषा आ संस्कृति सम्बन्धी प्रचलित प्रावधान' शीर्षकको आलेख संलग्न रहेको छ । यस लेखमा शिवनन्दनले नेपालमा संवैधानिक विकासको छोटो चर्चा गर्दै मूलतः नेपालको संविधान २०७२ मा व्यवस्था भएअनुसारका भाषिक, सांस्कृतिक, शैक्षिक हकका बारेमा भएका व्यवस्थाहरू उल्लेख गर्दै यिनले यी हकहरूको कार्यान्वयन हुनुपर्ने कुरामा जोड दिएका छन् ।

सिर्जनात्मक विधाका सर्जक एवं समालोचक

यस विशेषाङ्कमा 'कहानी', 'एकाङ्की', 'कविता/गजल/ मुकतक /गीत /हाइकु' जस्ता सिर्जनात्मक विधाका अतिरिक्त 'समालोचना' स्तम्भमा समेत गरी भन्डै पाँच दर्जन सर्जकका रचनाहरू समाविष्ट छन् । यीमध्ये करिब चालिस जना भोजपुरी मातृभाषा भएका सर्जकहरू छन् । यहाँ यिनकै बारेमा छोटो चर्चा हुनु सान्दर्भिक देखिन्छ ।

(क) कथा विधाका सर्जक

यस विशेषाङ्कमा भोजपुरी मातृभाषा भएका आधा दर्जन जति कथाकारका कथाहरू समाष्टि छन् । यस क्रममा 'धनलक्ष्मी शीर्षकको कथामा कथाकार उमाशङ्कर द्विवेदी 'दधीचि' ले बाल्यकालमा आफ्नो खेतमा कसरी रोपाइँ गरिन्थ्यो भन्ने कुरा सम्झँदै जुकाको टोकाइका कारण भएको आतङ्कले सिर्जित भयावह स्थितिको सम्झना गेरका छन् । यसै गरी शिवशंकरप्रसाद

रोनियारको 'दू बिता जमिन के नीचे' कथामा दुई बित्ता जमिनको लोभमा परी कसरी एउटा सहोदर भाइले दाजुको हत्या गऱ्यो भन्ने मन हल्लिने सन्दर्भ आएको छ। यहाँ सुनिल कुमारद्वारा लिखित 'मुन्ना दा' मा तराई परिवेशको बालसंसार आएको छ भने 'दाहर' शीर्षकको आफ्नो कथामा लेखिका रेणु गुप्ताले पाँचओटी छोरीपछि जन्मेको छोरा आफ्नी गर्भवती पत्नी, आमा र आफू स्वयं कसरी बाढीमा परी ज्यान गुमाउन बाध्य भयो भन्ने कारुणिक सन्दर्भ ल्याएकी छन् । वीणा सिन्हाले आफ्नो 'समा' शीर्षकको कथामा लोग्नेले आफूखुसी पत्नी बदल्न हुन्छ भने पत्नीले पनि आफ्नो शारीरिक भोग अरू पुरुषबाट पूरा गराउन पाउनुपर्छ भन्ने मान्यता अघि सारेकी छन् । यहाँ प्रकाशित 'पश्चाताप' शीर्षकको लघुकथाका सर्जक संजु बाबु मोचीले आफ्नै मनमोजी बानीले गर्दा ऋणमा डुबेको शंकरले आफ्नै हातबाट छोरा र श्रीमतीको हत्या गरी आफू जेलमा पछुताउँदै गरेको सन्दर्भ भित्र्याएका छन् ।

(ख) **एकाङ्कीका लेखक**

यस विशेषाङ्कमा भोजपुरी मातृभाषी सर्जक द्वय क्रमशः रामचन्द्र चर्तुेदी करुण एवं राम प्रसाद साहका ' माधुरी' र 'फूलकुँवरी' शीर्षककादुई एकाङ्की समाविष्ट छन् । प्रमुख पात्रको नामका आधारमा शीर्षकीकरण गरिएका यी दुवै एकाङ्कीमध्ये 'माधुरी' मा तराईमा अझै पनि जरो गाडेर बसेको बुहार्तन र वैध्यव्य जीवनप्रतिको हेलत्व भावलाई जरैदेखि उखेल्नुपर्ने सन्देश प्रवाहित गरिएको छ भने 'फूलकुँवरी' मासुरुङबाट घरलिप्ने माटो निकाल्न खोज्दै गर्दा ढिस्को खसेर मृत्यु वरण गर्न बाध्य नायिकाको वियोगान्त कथा समेटिएको छ । दुवै समाजिक एकाङ्कीले तराईको परिवेशलाई यथार्थ रूपमा प्रस्ट्याएका छन् ।

(ग) **समालोचक**

यस विशेषाङ्कमा भोजपुरी भाषी समालोचक डा.बज्र भूषण मिश्रको 'महाकवि गोपाल अश्क आ उनकर प्रबंधकाव्य' शीर्षकको एक मात्र समालोचना प्रकाशित छ । शीर्षकअनुसार नै यसमा गोपाल अश्कद्वारा लिखित 'कजरी', 'कवि के जन्मकुन्डली', 'धँधोर' र 'शंखनाद' समेत चारओटा कृतिहरूको सोदाहरण समीक्षा गरिएको छ । समीक्षक मिश्रले पहिलो र दोस्रो कृतिलाई खण्डकाव्य मानेका छन् भने बाँकी दुईलाई महाकाव्य ठानेका छन् । काव्यका यी दुवै स्वरूपलाई यहाँ प्रबन्धकाव्यभित्र राखिएको छ । यी चारै कृतिका सबल र दुर्बल पक्षप्रति समान दृष्टि दिँदै समीक्षकले 'शखनाद' लाई अश्कको सर्वोत्कृष्ट महाकाव्यका रूपमा उच्च स्थान प्रदान गरेका छन् ।

(घ) **कवि एवं गजलकार**

यस विशेषाङ्मा झन्डै डेढ दर्जन जति भोजपुरी मातृभाषी सर्जकका पद्य सिर्जनाहरू समाविष्ट छन् । यहाँ महम्मद सफीफ अन्सारी, राकेश प्रसाद गुप्ता, विक्रम साह, जंगबहादुर यादव, विजय किशोर पाण्डे, मौसमी कुसवाहा, जगदीश प्रसाद पंकज, पं दीपनारायण मिश्र, प्रिया मिश्रा, अनिता साह, चन्दनकुमार साह, पञ्चराम मौर्य, मथुरा मान सिंहका कविता, हरिहर यादवका गीत,शिव संदेशका गजल, दिनेश गुप्ताका मुक्तक, आनन्द अस्तित्वका हाइकु समाविष्ट छन् ।

यस विशेषाङ्कमा समेटिएका भोजपुरी

मातृभाषा भएका अन्य सर्जकहरूमध्ये सुरेन्द्र प्रसाद गिरीको 'कहाँ गइल ऊ दिन' शीर्षकको लघुकथा समाविष्ट छ । यीबाहेक भाग्यनाथ गुप्ता, आत्माराम 'आत्मा', डा. श्वेता दीप्ती, पूजा बहर, अजमत अली अन्सारी, महावीर मयंक, उपेन्द्र सहनी, जस्ता स्थापित लेखकका विभिन्न रचनालाई समेत अन्यत्रबाट साभार गरेर भए पनि यहाँ स्थान दिइएको पाइन्छ ।

नेपाली मातृभाषी सर्जक
भाषाशास्त्री पृथ्वीराज पाण्डेय

यस विशेषाङ्कमा बारा जिल्लाको सदरमुकाम कलैया निवासी पृथ्वीराज पाण्डेयको 'भोजपुरी भाषा के उत्पत्ति आ विकास'शीर्षकको भाषिक आलेख समाविष्ट छ । यसमा पाण्डेयले भाषा परिवारको नालीबेली दिँदै भोजपुरी भाषाको ऐतिहासिक सम्बन्ध भारोपेली परिवारको आर्य शाखाअन्तर्गतको संस्कृत भाषासँग रहेको तथ्य प्रस्ट्याएका छन् । यहाँ यिनले अन्य आर्य भाषा सरह भोजपुरी भाषा पनि संस्कृत प्राकृत अपभ्रंश हुँदै ११ औं शताब्दीको आसपासबाट अस्तित्वमा आएको कुरा स्पष्ट पारेका छन् । भारतको बिहार, उत्तर प्रदेश र मध्य प्रदेशमा मुख्य रूपमा बोलिने भोजपुरी भाषा नेपालको मध्य तराईमा बोलिदै आइएको सन्दर्भ उल्लेख गरेका छन् । यिनले नेपालीय भोजपुरीको पूर्वी, केन्द्रीय र पश्चिमी समेत तीन स्वरूपको सोदाहरण परिचय दिँदै बारा, पर्सामा बालिने केन्द्रीय भोजपुरीलाई आदर्श या मानक मानेका छन् ।

यस विशेषाङ्कमा समेटिएका नेपाली मातृभाषा भएका स्थानीय केही सर्जकहरूमध्ये डा. विश्वम्भरकुमार शर्माको 'भोजपुरी भाषा : एक परिचय' शीर्षकको भाषिक आलेख छापिएको छ । यसमा शर्माले नेपालको भोजपुरी भाषी क्षेत्रका सामाजिक, आर्थिकअवस्थाको परिचय दिँदै जिल्लाका आधारमा यसको जनसाङ्ख्यिक स्थिति दर्शाउँदै भोजपुरी भाषाको विकासक्रमका बारेमा चर्चा गरेका छन् । यसै गरी डा.केशवप्रसाद उपाध्यायको 'धुम्मा' तथा निरन्तर गौतमको 'अनुभूति-दंश' शीर्षकका दुई संस्मरण सङ्गृहीत छन् । अनि मुकुन्द आचार्य र विनोदकुमार तिमिल्सनाका व्यङ्ग्य अटाएको छ । नवराज रिजालको अनुवादित कथाका साथै जुनु क्षेत्री, बूँद राना, डां ध्रुवचन्द्र गातमका गीतहरू पनि रहेका छन् । यी बाहेक भीम विराग, नन्दन अर्याल, विश्वराज अधिकारी, माधवप्रसाद गौतम जस्ता स्थापित लेखकका रचनालाई समेत साभार गरेर भए पनि यहाँ स्थान दिइएको छ । यो अत्यन्तै सकारात्मक पक्ष हो ।

उपसंहार

बारा जिल्लाबाट विगत ३० वर्ष अघिदेखि प्रकाशित हुँदै आएको नवप्रज्ञापन साहित्यिक पत्रिकाले यस भेगमा बोलिने भोजपुरी भाषाको साहित्यिक विशेषाङ्क प्रकाशित गरी साहित्यका माध्यमबाट भावनात्मक एकताका साथै सामाजिक सद्भाव कायम गर्ने स्तुत्य कार्य गरेको छ। भोजपुरी र नेपाली दुवै मातृभाषी सर्जकका रचनाहरूलाई यथायोग्य स्थान दिई कुनै पनि भाषाको विकासमा त्यसका मातृभाषीको मात्र नभई सम्बद्ध समुदायका जुनसुकै भाषाभाषीको पनि अहम् भूमिका रहने कुराको पुष्टि गरेको छ । समग्रमा भाषिक दृष्टिले मात्र नभई साहित्यिक उच्चताका आधारमा समेत नवप्रज्ञापनको यो अङ्क पठनीय एवं सङ्ग्रहणीय बनेको छ ।

(निजगढ, बारा)

खण्ड : ग

सम्पादकीय यात्रा

(हिजो हिंडेको आधारमा आजको बाटो तय हुने हो। अर्थात् हिजोले आजलाई सधैँ मागनिर्देश गरिरहेको हुन्छ। ३० वर्ष अघिदेखि आजसम्म नवप्रज्ञापन के भनिरहेको छ त ? उसका विचार र चिन्तनधारा के कस्ता छन् ? कस्तो सोच राख्छ ? त्यो कुरा कुनै पनि पत्रिकाको सम्पादकीय वा प्रकाशकीयमा लेखिएको हुन्छ । हिंड्न त हिंडिरहेछ नि, तर कसरी हिंडिरहेछ ? कसको आडमा हिंडिरहेछ ? के भन्न खोजीरहेछ ? यी कुरा पाठकहरूका लागि लाभदायी हुन सक्छन् । यही विश्वास गरेर यहाँ पत्रिकाका १ देखि ९९ अङ्क सम्पादकीयहरू प्रस्तुत गरिएको छ ।)

एक

साहित्य समाजको प्रतिबिम्ब हो । कुनै पनि समाज साहित्य विना पूर्ण बन्दैन। मानव जातिको विकाससँगै साहित्यिक विकास पनि जोडिएको छ । कुनै पनि समाजको साहित्यिक उन्नति र प्रगतिको आँकलन गरेर त्यो समाज वा समुदायको मूल्याङ्कन गर्न सकिन्छ । साहित्यको विकास विभिन्न रूप र आकारमा मानव सभ्यतासँगै अघि बढेको कुरा निर्विवाद छ। त्यसैले समाज र साहित्यलाई एक सिक्काका दुई पाटा मान्न सकिन्छ ।

विविध फूलहरू फुल्ने र फक्रने साहित्यिक बगैंचाको मनोदृश्यहरू अवलोकलन गर्ने आकाङ्क्षा मनभरि सङ्गाल्दै, आफ्नो क्षेत्र तथा पहुँचले भ्याएसम्म नेपाली साहित्यको जगमा सूक्ष्म कर्ण भए पनि थप्ने भन्ने अभिप्रायले प्रज्ञापनको प्रकाशनारम्भ गरिएको हो ।

सामान्य गाउँबस्तीबाट प्रकाशनमा आएको यो पत्रिका अहिले तपाईंको हातमा छ। तपाईंको पूर्ण साहित्यिक तिर्खा मेटिएला भन्ने धारणा त यसको पनि छैन तर छोटो समयमा, सानो खर्चमा, एक बसाइमा वा शारीरिक शिथिलता र मस्तिष्कको थकानमा आराम गर्दा बसाइ उपयोगी भने अवश्यै होला विश्वास छ । यसर्थ विज्ञ पाठक, आदरणीय समुदाय, सचेत लेखकवर्ग र शुभेच्छुक मण्डलीबाट उचित सुझाउ, सल्लाह, समीक्षा र आलोचनाको अपेक्षा गर्नु सम्पादक मण्डल कर्तव्य सम्झन्छ ।

दुई

'लालसूर्य' र 'जनअदालत' साप्ताहिक समाचार पत्रहरू यात्राको थालनीसँगै आफैंमा बिलिन प्रायः बनेपछि 'सिमरा साप्ताहिक' नामक समाचार पत्रको शुभारम्भ बारा जिल्लाको सिमरा निवासी केही उत्साही

युवाहरूद्वारा गरिएको छ। घटना क्रममा यो बाराको तेस्रो समाचार पत्र हो।

निर्मोही ब्यासको अथक परिश्रमबाट चौथो अङ्कसम्म प्रकाशित प्रतिनिधि नामक साहित्यिक पत्रिका एक दशक भन्दा बढी समयदेखि मौन रहेको छ। यो निसन्देह दुःखको कुरा हो। चौथो अङ्कसम्म प्रकाशित प्रतिनिधिले साहित्यिक क्षेत्रमा ठुलो गुन लगाएको कुरा निर्विवाद छ। त्यतिखेरको डटेर लाग्ने 'प्रतिनिधि' प्रजातन्त्रको न्यानो घाममा समेत कठ्याङ्ग्रिएको महसुस गर्नु अस्वाभाविक नठहर्ला।

विगतका दिनमा यात्राको थालनी गरिएका पत्रिकाहरू जसरी निरन्तर रूपमा जीवन्त बन्न सकेनन् र यात्रा बिचमा टुङ्ग्याउन विवश बने त्यस परिस्थितिको सृजना सिमरा साप्ताहिकलाई नहोस् हाम्रो पनि शुभेच्छा।

तीन

प्रज्ञापन विचार स्वतन्त्रताको पक्षपाती हो। मानवीय भावनालाई कुण्ठित गराउने जुनसुकै परम्पराको पनि यो विरोध गर्दछ।

यो पत्रिका सूक्ष्म रूपमा विचार सम्प्रेषणको माध्यम र स्थापित साहित्यकार हरूको गहन सुझाउ तथा सल्लाह नव प्रतिभासम्म पुऱ्याउने उत्साह वाहक हो।

चार

साहित्यिक गतिविधिहरू आ-आफ्ना ढङ्गले चलेकै छन्। उपत्यकामा केही ज्यादा तर मोफसलमा न्युन। प्रकाशनको भार पनि प्रायः उपत्यकाले नै बढी बहन गरेको छ। विचरा उपत्यका ..बल्ल तल्ल धान्दै छ आफ्नो दायित्व। मोफसलमा साहित्यिक गतिविधि र प्रकाशन कार्य मृतप्राय नै भन्नुपर्छ।

धन्य छ देश। सोचिदोरहेछ देश भनेको काठमाडौं मात्रै हो। उपत्यका बाहिरका साहित्यकार र साहित्यिक गतिविधिसँग संलग्न व्यक्तित्वहरू उपत्यकासँग प्रायः अपरिचित छन्। यहाँसम्मकी सरकारी कार्यालयका साना कर्मचारी र राजनैतिक दलका व्यक्तिहरूबाट समेत डराउनुपर्ने स्थिति छ।

एउटा कुरा समय गतिशील छ। आस्थाहरू विभाजित छन्। मनहरू टुक्राटुक्रा भएर फुटेकै छन्। विश्वास फुलिरहेको छैन। स्वाभिमान चिरिइरहेको छ। साहित्यकारहरू पनि विभाजित मानसिकतामा बाँचेका छन्। उनीहरू अचेल मान्छे र माटोको गीत लेख्नुभन्दा व्यक्ति र सत्ताको स्तुति गानमा तल्लीन छन्। बोल्न पाइएको छ। उन्मुक्त भएर आफ्ना भावना पोख्न पाइएको छ। तर सुनिदिने को ? कसलाई छ फुर्सद ? बोल्नु मात्र ठुलो कुरो हो र ? त्यसो त मानिसले कहिले के पो बोलेका छन् र ?

पाँच

२०५० ले नववर्ष बनेरै साहस तथा स्वाभिमानको प्रतिमूर्ति वीराङ्गना पासाङ ल्हामु शेर्पा र नेपाली साहित्याकाशको ध्रुवतारा पारिजातलाई हाम्रो बिचबाट दूर गरायो। अनि बाढी र भेलमा देशलाई सामेल गरी टुक्र्याएर क्षत-विक्षत पार्दै खुशीको सास फेऱ्यो। आत्मीय देशबन्धुहरूलाई बाढीको काखमा समर्पण गर्दै देशको छातीमा प्रलयकारी घटनाको आत्मपीडाको साथ हामी बाँचिरहेका छौं।

जे होस् हिजोको वर्तमान हाम्रो सामु आज विगत भैसकेको छ। तसर्थ विगतका

घाउहरू पुनः नबल्झने शुभेच्छा राख्नु नै उपयुक्त ठहर्छ ।

अन्त्यमा हाम्रा सम्पूर्ण शुभेच्छुक र शुभचिन्तक तथा नेपाली साहित्यका साधक अनि हितैषीको निम्ति नववर्ष २०५१ फलदायी बनोस्, हार्दिक मंगलमय शुभकामना ।

छ

साहित्य लेखिएको थियो, लेखिंदै छ र लेखिइरहने नै छ । यो निर्विवाद र निर्विकल्प छ । प्रमुख कुरा के हो भने साहित्य कसको निम्ति सिर्जना गर्ने ? त्यसका पात्रहरू को के हुने, साहित्य, प्रेम, यौन, क्रिडा, प्रकृति र पुष्पको मात्र लेख्ने कि आगो, पीडा, आक्रोश, आँसु र व्यथाको पनि लेख्ने ? साहित्य बौद्धिक पाठकको निमित्त कि बहुसङ्ख्यक सामान्य जनताको निमित्त ? यो आजको ज्वलन्त प्रश्न हो ।

आजको बदलिंदो विश्व परिवेशमा हाम्रा साहित्यिक मान्यताहरू कसरी अगाडि बढाउँदा उपयुक्त र तथ्यपरक हुनेछन् । त्यसमा समस्त साहित्य-चिन्तकहरूको ध्यान आकृष्ट हुनु आवश्यक छ । बदलिएको राजनैतिक परिदृश्यमा साहित्यका मूल्य र मान्यताप्रति पुनः मूल्याङ्कन गर्दै कसरी अघि बढे त्यसले व्यापक जन हित र राष्ट्रिय हितको संरक्षण तथा सम्बर्द्धन गर्न सहयोग पुऱ्याउँछ, त्यसमा पनि ध्यान जानु नितान्त आवश्यक छ ।

राजनीतिले पुराना मान्यता र संस्कारमा भोटा फेरेझैं आजका साहित्यिक चिन्तकहरूले जीवनमुखी, जनमुखी र बहुजन हित तथा उद्देश्यमा आधारित भएर लेख्नु प्रयोजन मूलक होला कि निष्प्रयोजन ? अहिले यसको सार्थक उत्तर खोज्नै पर्ने छ ।

नब्बे प्रतिशत भन्दा बढी गाउँले ढाकेको तथा असङ्ख्या अशिक्षित जनताको देशको साहित्य किन उनीहरूको अभिरुचि, अवस्था र ज्ञानलाई मूल्याङ्कन गर्दै तयार पारिंदैन यो विचारणीय पक्ष हो ।

सहरमा बस्ने साहित्यकारहरू त्यही परिवेशमा घुमेर साहित्य सिर्जना गर्दै नेपाली साहित्यमा पाठक नभएको तथा आफ्नो साहित्यिक सेवाको उचित मूल्याङ्कन नभएकोमा गुनासो पोख्दै वर्तमानसँग असन्तुष्ट रहेको पाइन्छ ।

अहिलेको समयमा साहित्य के हो, कसको लागि किन र कसरी भन्ने विषयमा सम्पूर्ण साधकहरूको ध्यान जानु आवश्यक छ ।

सात

तराईको सामान्य गाउँबस्तीबाट प्रकाशित भैरहेको यो पत्रिका प्रकाशनको पहिलो वर्ष पूरा गरी दोस्रो वर्षमा प्रवेश गरेको यो अवधिमा हामीलाई विविध सुझाउ, सल्लाह र सहयोग प्रदान गर्ने व्यक्ति, संस्था र समुदायलाई हृदयदेखि आभार व्यक्त गर्नु पहिलो कर्तव्य सम्झन्छौं ।

आजको साँघुरो परिवेशमा देशका कुनाकाप्चामा छरिएर रहेका विभिन्न प्रतिभाहरूलाई यसले प्रकाशनमार्फत् पुनः कुनाकाप्चासम्म पुऱ्याउने जमर्को गरेको हो । हामीले उक्त कार्य के कति गर्न सकेका छौं त्यो त विद्वान् स्रष्टा र पाठकहरू बिचमा छोड्नै पर्छ ।

साहित्यिक उपवनमा भ्रमण गर्दै यो आफ्नो यात्रामा निरन्तर अगाडि बढिरहेछ र आगामी दिनमा पनि बढिरहने नै छ । तसर्थ हाम्रा शुभेच्छुकहरूमा आफ्ना जिज्ञासा, सुझाउ, सल्लाह र सहयोग प्रदान गर्न हुन अनुरोध छ । आशा छ यस क्षेत्रको उखर्माउलो वनमा अघि बढ्ने अभिप्रायले

उम्रेको यस पत्रिकाले यहाँहरूबाट स्याहार सुसार तथा सम्भार पाउनेछ ।

हामीलाई प्रकाशनार्थ प्रशस्त रचनाहरू प्राप्त हुने गर्दछन् । विशेषतः यसले नवप्रतिभाहरूलाई सहभागी गराउने अभिलाषा बोकेको छ । तसर्थ प्रकाशनको निम्ति प्राप्त रचनाहरूलाई क्रमशः प्रकाशित गर्दै जाने अठोट गर्छ ।

आठ

यसले गजल अङ्क निकाल्ने लामो महत्त्वाकाङ्क्षालाई यसपटक आंशिक रूपमा पूरा गरेको छ तापनि यस कार्यबाट पूर्णरूपमा भने सन्तुष्ट छैन र पछि पनि यस्तै अङ्कहरू प्रकाशित गर्ने लक्ष्य बोकेर हिंडिरहेछ ।

विभिन्न अप्ठ्यारोले गर्दा कैयौं स्थापित गजलकारका रचनाहरू एकातिर प्राप्त गर्न सकिएन भने अर्कोतिर प्राप्त सबै गजलहरूलाई समेट्न सम्भव भएन तथापि नहुने मामा भन्दा कानो मामा निको भन्ने उखानलाई हृदयङ्गम गरी वर्तमान अङ्क यस रूपमा अहिले तपाईंको हातमा छ ।

मोतीराम भट्टको समयदेखि नेपाली भाषामा औपचारिक रूपमा भित्रिएको गजल भीमनिधिको समयपछि निक्कै टाक्सिए पनि विक्रमको चालिसको दशक पछि पुनः फस्टाएर आजको अवस्थामा आइपुगेको छ । आजको समयमा आइपुग्दा गजलले आफ्नो परम्परागत अर्थमा व्यापक परिवर्तन गरी आफूलाई निक्कै फराकिलो धरातलमा उभ्याउने सफल भएको छ ।

नौ

जीवनको नाम यात्रा हो । यात्रामा अनगिन्ती सहयात्री हुन्छन् । तर पनि सबैको लक्ष्य एकै हुँदैन तथापि सँगै आ-आफ्ना मनका सुखदुःख साटासाट गरी अघि बढ्दा यात्रा आरामदायक बन्न सक्दछ । यही यात्राको क्रममा ३ यात्रीको सहयोग, सद्भाव र समझदारीको फलस्वरूप यो पत्रिकाको जन्म भएको हो ।

यात्राकै क्रममा यो हुर्कियो र अहिले तपाईंको हातमा छ । तर हामी सहयात्रीहरू आ-आफ्नै बाध्यता र विषम परिस्थितिका कारण आज पुन यात्रा फेरबेदल गर्न बाध्य भयौ । धेरै कुराहरू आफ्ना चाहनाभन्दा बाहिरका हुन्छन्, जसलाई नचाहँदा नचाहँदै पनि छोड्न विवश हुनुपर्छ । आज ठिक त्यही स्थिति हाम्रो सामु उपस्थित भएको छ । चाहना थियो हामीले कहिल्यै एक अर्काबाट टाढा हुनु नपरोस्, एक अर्काको अभावको महसुस कहिल्यै गर्नु नपरोस् तर ठिक उल्टो भयो र त्यो परिस्थितिलाई आत्मसात गरिँदैछ पनि ।

गतिशील समय आफ्नो यात्रामा अनवरत रूपले छ । हामी पनि आ-आफ्ना यात्रामा नै छौं । सहयात्री मित्रहरूबाट आगामी दिनहरूमा समेत यथेष्ट सहयोग र सद्भाव पाउने अपेक्षा छ । अन्त्यमा मित्रहरूको सुस्वास्थ्य र दैनिक प्रगतिको हार्दिक कामनासहित विदाइको हात हल्लाउँछु ।

दस

जनताको महान् उत्सर्गद्वारा प्रजातन्त्रको पुनर्प्राप्ति भएपछि सम्पन्न दुई निर्वाचनहरूमा फरक-फरक आस्था र विश्वास बोक्ने दलहरूले सरकार बनाए । बहुदलीय परिपाटीमा विभिन्न दलहरूले निर्वाचन जित्नु र सरकार बनाउनु ठुलो कुरा होइन । ठुलो कुरा त सरकारले जनतालाई विकास र निर्माणमा सरिक गराई देशलाई समृद्ध र समुन्नत गराउन के कस्ता

पाइला चाल्छ त्यो नै हो ।

समयभन्दा अघि कोही हुँदैन तर समयसँगै पाइला बढाउन सकिएमा निश्चित समयमा नै गन्तव्यमा पुग्न सकिने कुरा यथार्थ हो । यसर्थ वर्तमान सरकार सम्पूर्ण जनभावना समेट्न र तिनलाई कार्यान्वयन पक्षमा उतार्न निःस्वार्थ भावले अभिप्रेरित हुनेछ भन्ने कुरामा विश्वास गर्नै पर्छ ।

वर्तमान सरकारले सम्पूर्ण जाति, वर्ग, समुदाय र खास गरी शोषित पीडित जनताहरूका आवाजलाई यथास्थान दिई देश विकास कार्यमा अघि बढोस् । भ्रष्टाचार तथा कमिशन तन्त्र निर्मूल पार्न सक्रियता साथ लागि परोस् अहिले यही शुभेच्छा ।

एघार

विगत वर्षहरूभैंm यस पटक पनि शहीदको निम्ति राष्ट्रले एकफेर पुनः भावपूर्ण श्रद्धाञ्जली अर्पण गऱ्यो । त्यसो त परम्परा धान्न खप्पिस हामी नेपालीहरू औपचारिकताकै निम्ति कैयौं कार्यहरू गरिरहेका हुन्छौं । सायद सहिद दिवस पनि त्यसैको पुनरावृत्ति हो ।

सहिदको निम्ति सच्चा श्रद्धाञ्जली अर्पणको त त्यतिखेर सार्थकता हुन्छ जब राष्ट्रले उनीहरूले आत्मसात गरेको मार्ग अनुसरण गर्छ तथा सम्पूर्ण देशवासीहरू सुखपूर्वक जीवन यापन गर्न सक्षम हुन्छन् । हामीले सच्चा रूपमा सहिदको सम्मान गर्ने हो भने उनीहरूको स्तुति र पूजा हैन मार्ग अनुसरण गर्नु नै उपयुक्त हुन्छ ।

बाह्र

केही समयको विश्रान्ति पश्चात् पत्रिका पुनः तपाईंको साथ आइपुगेको छ । आशा छ विगतमा झैं वर्तमानमा पनि तपाईंको सद्भाव र स्नेह पाउन यो सफल हुनेछ । आफ्ना शुभ चिन्तक तथा शुभेच्छकहरूमा पत्रिका परिवार हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

तेह्र

जब गीत सङ्गीतबद्ध हुन्छ अनि त्यसले मन-मस्तिष्कमा सहजै प्रभाव पार्दछ । वास्तवमा गीतभित्र मानवीय अनुभूतिका भावनाहरू नै सल्बलाएका हुन्छन्, गुनगुनाइएको हुन्छ । हुन त गीत एक चुम्बन हो भन्ने प्रमाण हङ्गेरीका लाजलो जावोरको 'ग्लुमी सन्डे' नामक गीतले दिएको छ । जुन गीत सुनेर थुप्रै मान्छेहरूको आत्महत्या गरेको हुनाले त्यसलाई हत्यारा गीतको संज्ञा दिँदै प्रतिबन्ध समेत लगाइयो ।

निश्चय पनि गीतले सम्पूर्ण ब्रह्माण्डलाई एक लयात्मक एवम् भावात्मक रूपले खिचेको हुन्छ । त्यसैले, अचेल सङ्गीत उपचार अनि ओखतीको एक विकल्प भएको छ । अन्त्यमा, भारतको खर्साङमा गत श्रावण ६ गते ७६ वर्षमा निधन भएका प्रसिद्ध साहित्यकार शिवकुमार राईप्रति हाम्रो शब्द-श्रद्धाञ्जली ।

चौध

यसपटक पत्रिकाले तराईको विशाल तर उराठ फाँटका अपरिचित साधक तर साधनामा निरन्तरता दिइरहेका प्रतिभा ईश्वर ढुंगेलका केही कविता प्रकाशनमा ल्याउने जमर्को गरेको छ ।

प्रस्तुत कविताको बारेमा समीक्षा गर्ने सम्पर्ण अधिकार प्रबुद्ध पाठकवर्गलाई छाडी पत्रिका कविको बारेमा २/४ शब्द राख्ने प्रयास मात्र गर्दछ ।

सिन्धुलीमा जन्मी बारामा बसोबास गर्ने कवि ढुङ्गेल प्रचारको दुनियाँदेखि टाढा छन् । २/४ रचना तयार गरेर राजधानीबाट प्रकाशित केही पत्रिकामा अथक प्रयास गरी प्रकाशित गराएपछि कार जोडिने र त्यसैको आधारमा अन्य पत्रिकामा समेत स्थान पाइने आजको समयमा सयौं रचना फाइलमा थन्क्याएका कवि ढुङ्गेलको कलम निरन्तर साधनामा लागिरहोस् पत्रिका यही कामना गर्दछ ।

पन्ध्र

नेपाली साहित्यका महान् विभूति महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म जयन्ती नीजिस्तरका सङ्घ-संस्थाहरूले विभिन्न कार्यक्रमका साथ मनाए ।

सरकारी स्तरबाट भने कुनै कार्यक्रमको आयोजना गरिएन । देवकोटा जस्ता विभूतिको निम्ति किन राष्ट्रले कञ्जुस्याईं गर्नुपरेको ? एउटा प्रश्न बनेको छ । तसर्थ राष्ट्रले उहाँको सम्मानको निम्ति राष्ट्रिय पर्वको रूपमा यस दिनलाई मनाउने परम्पराको थालनी गरोस् भन्ने पत्रिका विशेष आग्रह गर्दछ ।

सत्र

यात्रा जारी छ र हामीसँगै यात्रामा सहभागी हुन सम्पूर्ण साहित्यप्रेमी सहयात्रीहरूलाई आमन्त्रण गर्नु परम कर्तव्य सम्झन्छौं ।

तराईको उर्वर फाँट जहाँबाट देशले प्रशस्त अनाज र तरकारी दिनहुँ प्राप्त गरिरहेको छ, अफसोच आज त्यही विशाल फाँट साहित्यमा अनउर्वर लाग्दै छ ।

रहर र केही गरौं भन्ने भावनाले नै यस क्षेत्रमा ओर्लन कुतकुत्यायो तर सहयोग, सद्भाव र समर्थनका हातहरू सबैतिर बन्द नै रहेछन् ।

यसो नियाल्दा चारैतिर निराशा, अनुत्साह र हतोत्साही भावना साउनको खहरेझैं उर्लेका छन् ।

आफैंमा हराउनु सायद सबैको नियति हो । वर्तमानको न्यानो कोखभित्र, त्यसैले सबै हराएका छन् -पेटमा आँसुमा र पीडामा । विश्वास फुल्न छाडेका छन् मनका विशाल फाँटहरूमा, त्यहाँ त सङ्कोच र कुविचार मात्र मौलाएको छ, तसर्थ प्रत्येक नजर आस्थामा र विश्वासमा बग्दैन अनि सयपत्री, मखमली र लालुपातेमा स्वाभिमान फुल्दैनन् ।

जीवन साहस, कर्तव्य र योगदानको निम्ति सबैसँग बाहु फैलाउँदछ ।

अठार

यसपटकको नववर्ष पनि मदोन्मत्त भएर हामी सबैको घर आगँनमा आइपुगेको छ । हामी स्वागतको निम्ति द्वारमा घडा सजाएर बसौं या नबसौं आफ्नो कर्तव्य पथमा ऊ लागिरहन्छ । त्यसैले अहिले नववर्ष हामीलाई पछ्याउँदै हामी समक्ष उपस्थित हुन सक्षम भएको हो ।

आउनेले जानै पर्छ यो प्राकृतिक नियम हो । यसलाई आजसम्म यहाँका कुनै पनि व्यक्ति र प्रविधिले उल्लङ्घन गर्न सकेका छैनन् । त्यसकारण जाने र आउने क्रम चलिरहेको छ र रहने छ पनि । यो सृष्टिको नियम नै हो ।

विगत वर्षमा भएका आफ्ना कमी-कमजोरी तथा दुरवस्था र विभिन्न समस्याबारे चिन्तन मनन् गरी त्यसबाट पार पाउने अभिप्रायले गन्तव्य पथमा अघि

बढ्नु अनि मनमा सङ्कल्प र दृढ अठोट बोकेर कर्तव्य पथमा डट्नु नै नववर्षको सच्चा स्वागत हो ।

आगमनका केही क्षण रामरौसमा बिताउँदा नववर्ष सुखद हुने कल्पना गर्नु भावनाको आकाशगङ्गे अश्व दौडमा सामेल हुनु मात्रै हो ।

उन्नाइस

हामी एक्काउसौंशदीको सङ्घारमा उभिएका छौ । तर हाम्रा सोचाइ, धारण र मान्यताले भने पुरानै युगको प्रतिनिधित्व गरिरहेका छन् ।

संसारले थुप्रै प्रगति गरिसकेको छ । करिब ३/४ दशक अघि हामीभन्दा पछि रहेका वा हाम्रै हाराहारीमा रहेका मुलुकहरू अहिले निक्कै अगाडि बढिसकेका छन् । उनीहरू अहिले हाम्रा दाता रहेका छन् । निर्धक्क हामी उनीहरू सामु बाहु पसारिरहेका छौं । शिर निहुराइरहेका छौं । हाम्रो अगाडि निर्वस्त्र वर्तमान ठिङ्ग उभिएको छ । हामी उसको पञ्जामा जकडिएका छौं । चाहेर पनि हामी त्यसबाट तुरुन्त मुक्ति पाउन सक्दैनौं, त्यसको निम्ति हामीमा दृढ अठोटको आवश्यकता छ जसले त्यसबाट मुक्ति दिलाउन सक्ने छ ।

हिजो दुईतिहाई संसार विजेता अंग्रेजसामु नझुकेका हाम्रा स्वाभिमानी शिर, पराक्रमी बाहु र सृजनशील मस्तिष्क आज किन यसरी जहाँतहीँ लत्रिएको छ, विवशता बोकेर छातीभित्र निरिह बाँचेको छ अनि जहाँतहीँबाट माटो र स्वाभिमान माथि आक्रमण हुँदा मुक्दर्शक बनेको छ यो आजको निक्कै सोचनीय प्रश्न हो । सबैले यसमा सम्भीर भएर सोच्नु नितान्त आवश्यक छ । यदि आजै यसमा हाम्रो ध्यान जान सकेन भने भोलिका सन्ततिद्वारा हामी धिक्कारिन सक्नेछौं ।

बीस

दसैं सबको घरआँगनमा आइपुग्दै छ । खुसी, उमङ्ग, चाहना, आवश्यकता र अभावसमेत पछि लागेका छन् । ऊ आउनु राम्रो हो । जसले लामो समयदेखि परिवारजनबाट बिछोडिएका सदस्यहरूको सुखद मिलनमा सहयोग गर्दछ र टाढा टाढा बस्ने नाता-गोता तथा इष्टमित्रसँग भेटघाट गराउँछ । आपसमा विचार आदानप्रदानको निम्ति सहयोग पुऱ्याउँछ । सुखदुःख एक आपसमा बाँडिन्छन् र साटिन्छन् ।

उसको साथमा पीडा बाध्यता र समस्याको पोको समेत हुन्छ । तिनीहरूभित्र हराउन हरेक मानिसहरू बाध्य बन्छन् र दसैं उनीहरूको लागि दशा बन्छ । पीडा दुःख र बाध्यता हुन्छ । देखावटी प्रतिस्पर्धी र अस्वस्थ होडबाजीले समाजमा ईर्ष्या तथा द्वेष जन्माउँछन् । त्यसको कारण समाज दिन प्रतिदिन अराजक बन्ने गर्छ ।

दसैंलाई हामीले होडबाजी, ढोङ र ढर्रामा होइन मिलन तथा भेटघाटको खुसीमा अनि प्रतिस्पर्धाको नाममा ऋण बोकेर फजुल खर्चमा नभई आफूसक्दो, हैसियत र गच्छेअनुसार मनाउनुपर्छ ।

एक्काइस

२०५२ को जगदम्बा श्री पुरस्कारद्वारा सम्मानित स्रष्टा श्री हरिप्रसाद गोर्खाराई हुनुहुन्छ । नेपालबाहिर रहेर नेपाली भाषा र साहित्यको वृद्धिको निम्ति उहाँले गर्नुभएको योगदान अतुलनीय छ । उहाँ सम्मानित हुनु गौरवको विषय हो ।

उहाँलाई उक्त सम्मानद्वारा सम्मानित गर्ने संस्था मदन पुरस्कार गुठी हो । नेपाली स्रष्टाहरूलाई प्रोत्साहन, सहयोग र सम्मान गर्न उक्त संस्थाले निक्कै अघिदेखि गरेको कार्य सह्राहनीय छ । अहिले नेपालमा यस्ता संस्थाहरू वर्षाको च्याउझैं उम्रिए पनि मदन पुरस्कार गुठीको हाराहारीमा आउने चाहिं कुनै छैनन् भनेर निर्धक्कसँग भन्न सकिन्छ ।

प्रज्ञा-प्रतिष्ठान लगायत कतिपय संस्थाहरू पुरस्कार विवादमा परे पनि यो गुठी अपेक्षाकृत निष्पक्ष छ भनेर प्रायः सबै स्वीकार छन् । आगामी दिनमा यसको विश्वसनीयतामा अझ वृद्धि हुनेछ भन्ने कुरामा आशावादी हुनै पर्छ ।

सरकारी पुरस्कार नेपाल बाहिर रहेर नेपाली भाषा र साहित्यको निम्ति मरिमेट्नेसम्म पुग्न हिचकिचाइरहेको अवस्थामा यस गुठीको आँखा त्यता पुग्नु खुसीको विषय हो । तसर्थ आगामी दिनमा त्यस्ता अन्य स्रष्टाहरू खोज्न र सम्मानित गर्न यो गुठी अझै चनाखो बनोस् हाम्रो पनि यही शुभेच्छा ।

बाइस

नारायणी अञ्चलभरिका स्रष्टाहरूलाई समेटेर एकैपटक प्रकाशनमा ल्याउने यस पत्रिकाको सोचाइ लामो समयदेखि भए तापनि विविध बाधा र समस्याहरूले त्यो सम्भव भैरहेको थिएन तर यसपटक भने इच्छाको शतांशमा दशांश पूरा भएको छ । नारायणी अञ्चललाई आफ्नो कार्य थलो बनाएका वा हाल त्यहाँ रहेर सृजनारत ३३ स्रष्टाहरूलाई थुङ्गो बनाई यो यस रूपमा अहिले तपाईंको हातमा आइपुगेको हो ।

यसमा नारायणीका सबै स्रष्टाहरू समाविष्ट हुन सक्नुभएको छैन । केही सर्जकहरू विधागत कारणले छुट्नुभएको छ भने केही चाहिं सम्पर्कको अभावले । हामीले पहिलो भागमा पद्य विधालाई मात्र स्थान दिने निधो गरेको र गद्यविधालाई पछि समय मिलाएर प्रकाशनमा ल्याउने सोचाइ बनाएकोले पनि त्यस्तो भएको हो । यो सुरुवात मात्र हो, त्यसैले अन्यथा सोचिने छैन भन्ने आशा राखिएको छ । अनि नितान्त नीजि प्रयासमा प्रकाशित हुने यस पत्रिकाले एकैपटकमा अञ्चलभित्रका सबै स्रष्टाहरूलाई समाविष्ट गर्ने गर्न सक्ने कुरो पनि भएन । त्यसैले अहिले यसले जसलाई जस्तो रूपमा भेट्यो त्यही रूपमा स्थान दिएको छ । पद्य विधाका पनि सबैलाई समाविष्ट गराउन नसक्नुका विभिन्न कारणहरू टड्कारा रूपमा देखिए । कति स्रष्टालाई सम्पर्क गर्न सकिएन भने कसैसँग सम्पर्क स्थापना भएर पनि यसभित्र समाविष्ट नगराउनुका विभिन्न कारणहरू रहे । त्यसैले अहिले पहिलो भागको रूपमा यसलाई राखिएको छ तथा सबैको माया, ममता, स्नेह र सद्व्यवहार पाउन सक्यो भने आगामी अङ्कहरू पनि यहाँहरू समक्ष आइपुग्ने छन् ।

यहाँ सङ्कलित रचनाहरू वर्णानुक्रम संख्यामा पनि नराखिएको व्यहोरा आदरणीय स्रष्टाहरू र पाठकहरू समक्ष अनुरोध गर्न चाहन्छु । अनि यहाँ समाविष्ट रचनाकार र रचनाहरूको विषयमा समेत कुनै टिप्पणी गर्नु सान्दर्भिक ठान्दिनँ । यो जिम्मा सम्पूर्ण रूपमा सहृदयी पाठकवर्ग, विद्वत्वर्ग र आलोचकहरूको जिम्मा छाडिदिनु उपयुक्त सम्झिएकाले कुनै टिप्पणी गरिएको छैन । आशा छ उहाँहरूबाट स्वस्थ आलोचना सुझाउ र प्रतिक्रियाहरू प्राप्त हुने छन् । प्रकाशित रचनाका विचारहरूप्रति लेखक नै जिम्मेवार रहनु हुनेछ ।

तेइस

आउनेले जानै पर्छ यो प्राकृतिक नियम हो । संसारमा विज्ञानले अनगन्ती चमत्कारपूर्ण कार्य गरे पनि आजसम्म यस नियमलाई तोड्न चाहिं सकेको छैन । त्यसैले आउनेहरू हामी माझबाट गैरहेका र जाँदै पनि छन् । त्यही क्रममा हाम्रो बिचबाट वर्ष २०५३ पनि बिदा भएको छ र आ-आफ्नो गच्छेअनुसार नयाँ वर्ष २०५४ लाई विभिन्न सजधज, रामरौस, हर्ष तथा उमंग अनि बाध्यताका साथ स्वागत पनि गरिसकेका छौं । त्यसो त हामीले स्वागत सत्कार नगरे पनि आफ्नो गन्तव्यमा पुग्न उसले आदि कालदेखि यात्रातय गरिसकेकाले उसका पाइला अविराम रूपमा अघि बढिरहेका छन् । गन्तव्य कहाँ हो त्यो किटेर भन्न सकिँदैन । यति मात्र भन्न सकिन्छ यात्रा अविरल गतिमा बहिरहेको छ ।

चौबिस

दसैं फेरि हाम्रो घरआँगनमा आइपुग्दै छ । धेरै पहिलेदेखि नै हामी यसका पारखी भए पनि रूप, रंग, आकार र स्वाद चाहिं किटेर भन्न सक्ने अवस्थामा छैनौं । साथमा खुसी पीडा दुवै बोकेर लुरुलुरु आइपुग्छ जसरी होस् भित्र्याउन बाध्य छौं हामी र अनादीकालदेखि नै यो शृङ्खलाले नियमिता प्राप्त गरेको छ ।

हामी परिश्रममा हैन आडम्बरमा, व्यवहारमा हैन फोस्रो आदर्शमा तथा स्वांगमा, ढर्रामा, देखावटीमा, कोरा नक्कलमा विश्वास गरिरहेका छौं यतिखेरसम्म । त्यसकारण हाम्रो आँगनमा यो आँसु र पीडा बनेर आएको हो । हाम्रा पाखुरीले परिश्रममा नाचे, श्रममा टुसाए, आस्थामा बाँचे र हैसियतमा खुट्टा टेके भने किमार्थ पनि दसैं आँसु, पीडा र विवशता बोकेर नभई खुसी बोकेर आउँछ किटेर भन्न सकिने कुरा हो यो ।

हामी गन्तव्यमा आफू पुगेपछि शदियौदेखि हिंड्दै आएको बाटो भुल्छौ, सहयात्री भुल्छौँ र त्यहाँसम्म आइपुग्न ठुलो भरथेग गर्ने सहयोगी भुल्छौँ । जीवन बाँच्ने क्रममा माटो छाम्दैनौँ र चुम्दैनौँ पनि । मात्र आफ बाँचे पुग्छ । प्रायोजित बोल्छौं, हाँस्छौं, इसारामा र नाच्छौं तर इतिहासका पानामा कहिल्यै दृष्टि दिंदैनौं । यसैले पछाडि परिरहेका छौं, बाँच्ने नाममा मेटिइरहेका छौं ।

पच्चिस

सबैको न्यानो माया र अपार स्नेह पाइरहेको यस प्रकाशनको यो २५ औं अङ्क हो ।

विसं. २०५० को सुरुतिर धादिङ जिल्लामा यसको गर्भाधान भएको थियो । जन्मदाता थियौं ३ जिल्लाका तीनतिर बसोबास गर्नेहरू । नारायणीका हामी २ र धादिङका १ जना । यसका धेरै अङ्क काठमाडौंमै छापिए, सम्पर्क थियो वीरगञ्ज अनि वासस्थान थियो राजधानीदेखि करिब ९० किमि. टाढाको एउटा गाउँ ।

तीन ठाउँ, तीन बसाइका मित्रहरूको आपसी समझदारीद्वारा प्रकाशन सुरुवात गरिएको यस प्रकाशनमा एक मित्रको ३ अङ्कसम्म र अर्को मित्रको ६ अङ्कसम्म मात्र साथ रहन सक्यो ।

सुरुमा सहयोगी हात बढाउन आश्वासन सहित निमन्त्रणा दिई पछि रित्तो

हात फर्काउने एक आदरणीय साहित्यकार दाजुको गुनलाई पनि सधैं सम्झिरहनुपर्ने हुन्छ। यस पत्रिकाले उहाँको त्यस किसिमको गुन कहिल्यै बिर्सनुहुन्न तर .....

आजसम्मको यात्रामा विभिन्न साथीहरू भेटिए। केही समयसँगै हिँडियो। केहीसँग अझै हिंडिदै छ। केही साथीहरू यात्राबाट टाढा भइसक्नुभएको छ। यस्तै हो, सबैसँग सधैं साथ रहन पनि सकिँदैन किनभने सबैका आ-आफ्ना गन्तव्य हुन्छन्। जसको गन्तव्य जहाँ हो ऊ त्यहींसम्म मात्र जान सक्छ।

केही साथीहरू यतिखेर पनि यसको जीवन्तताको विषयमा चिन्तित हुनुहुन्छ, उहाँहरूको सहयोग र सद्भाव पाउनुलाई पत्रिकाले सुखदसंयोग सम्झेको छ।

खासै उद्देश्य, लक्ष्य तथा विस्तृत योजना नबनाई इच्छा, आकाङ्क्षा र उत्साहको भरमा लहडै लहडमा यसको प्रकाशन आरम्भ गरिएको थियो। अहिले पनि यस पत्रिकासँग त्यति ठुलो उद्देश्य छैन। साहित्यिक पाठकहरूको सामान्य जिज्ञासा र उत्सुकता मेटाउन सक्यो भने यसको निम्ति त्यो ज्यादै गौरवको विषय हुनेछ।

प्रकाशनको पहिलो अङ्कदेखि नै यसले नवप्रतिभाहरूलाई विशेष ध्यान दिइरहेको छ। देशभित्र तथा बाहिरका विभिन्न भागमा बसोबास गरी साधनारत प्रतिभाहरू जो प्रकाशनको अवसरदेखि टाढा छन् विशेष गरी तिनीहरूलाई प्रकाशनमा ल्याई उनीहरू भित्र रहेको प्रतिभालाई फुल्ने फक्रने अवसर प्रदान गर्नु यसको प्रमुख लक्ष्य हो।

स्तरीयता वा निरन्तरताको प्रश्न यस पत्रिका प्रकाशनको प्रथम अङ्कदेखि नै विवादास्पद विषय बनेको छ। यसले अझै पनि निरन्तरत्तालाई मुख्य ठानिरहेको छ।

साह्रै थोरैबाट खास कुनै सहयोग र सद्भाव नपाए तापनि प्रायः सबैबाट उचित स्नेह र सद्भाव पाएको छ। महल र कुर्सीमा रमाउँदै भाषा, साहित्य र संस्कृतिलाई तिरस्कार गर्नेहरू तथा फजुल ठान्नेहरूको नजर टाढै रहोस् भाषा, साहित्य र माटोको निम्ति मरिमेट्नेहरूको माया-ममता पाइरहने कुरामा प्रकाशन आशावादी छ।

छब्बिस

हालै उन्नयन परिवारले कवि भूपि शेरचनको सम्झनामा एक कार्यक्रमको आयोजना गऱ्यो। कार्यक्रममा विभिन्न वक्ताहरूले कवि भूपिको सम्झनामा आ-आफ्नाम अभिमत जाहेर गरे। कवि भूपि नेपाली साहित्यका अमर तारा र नेपाल आमाका सपुत छोरा थिए। नेपाली कविता विधामा उनले नौलौ आयाम दिए। महान् प्रतिभा कवि शेरचनको जनमजयन्तीको अवसरमा उहाँको सम्झनामा यस पत्रिका परिवार पनि श्रद्धासुमन अर्पण गर्दछ।

नेपाली भाषाका वक्ताहरू नेपाल बाहिर भारतका विभिन्न प्रान्त लगायत म्यान्मार, भुटान तथा फिजि जस्ता देशहरूमा समेत प्रशस्त मात्रामा रहिआएका छन्। भारत बाहेक अन्यत्र बसोबास गरी साहित्य साधानामा लाग्नेहरूको नाम त्यति सुन्न पाइँदैन। तर यसपटक म्यान्मारमा रही भाषा संस्कृति र साहित्यको निम्ति मरिमेट्ने साधक पं. श्री ठाकुरप्रसाद गुरागाई जगदम्बाश्री पुरस्कारद्वारा सम्मानित हुनुभयो। यसरी भाषा सेवीहरूको खोज गरी जगदम्बाश्री पुरस्कारद्वारा सम्मान गरेकोमा मदन पुरस्कार गुठीलाई तथा आफू म्यान्मारको नागरिक भएर पनि नेपाली भाषा साहित्यको श्रीवृद्धिमा निरन्तर लागि पर्नुभएकोमा पण्डित श्री ठाकुरप्रसाद गुरागाईलाई पत्रिका

परिवार मुरीमुरी बधाईका साथ धनयवाद टक्र्याउँछ ।

सताइस

यस पत्रिकाको प्रस्तुत अङ्कमा प्रसिद्ध साहित्यकार श्री श्यामप्रसाद शर्माज्यूको 'सही र गलत प्रवृत्तिहरू' नामक कृतिलाई समावेश गरिएको छ । नेपाली साहित्याकाशका अति सम्मानित स्रष्टा श्री श्यामप्रसादज्यूले आफ्नो महत्त्वपूर्ण कृति यो पत्रिकामा प्रकाशित गर्ने सुअवसर प्रदान गर्नुभएकोमा पत्रिका-परिवार उहाँप्रति आभार व्यक्त गर्दछ ।

'सही र गलत प्रवृत्तिहरू' नामक कृति श्यामप्रसादद्वारा सन् १९९४ मा लेखिएका विविध सामग्रीहरूको सङ्कलन हो । यस कृतिभित्र उहाँले त्यस वर्षभरि लेख्नुभएका विभिन्न प्रकारका परिकारहरू सङ्कलित छन् । तिनीहरू अनेक आस्वादका, मिठासका र विचारका लाग्छन् । यस कृतिले उहाँको बारेमा जिज्ञासा राख्ने सचेत पाठकहरू, अनुसन्धाता र समालोचकहरूलाई विशेष सहयोग पुऱ्याउने देखिन्छ । प्रस्तुत कृतिको अध्ययन पश्चात सबै ठाउँबाट सुझाउ, सल्लाह र उचित प्रतिक्रया पाउने आशा यस पत्रिकाका परिवारको रहेको छ ।

उनन्तिस

पत्रिका केही समयको स्थगनपछि पुनः प्रकाशनमा आएको छ । नारायणीभित्रका पद्य स्रष्टाहरूको सङ्कलन आजभन्दा तीन वर्षअघि नै प्रकाशित भइसकेकाले गद्य स्रष्टाहरूका एक सङ्कलन प्रकाशित गर्ने महत्त्वाकाङ्क्षा मनले बोकेको थियो । बिचमा अन्य साधारण अङ्कहरू प्रकाशित भइरहे र यो अङ्कको निम्ति रचना सङ्कलनको क्रम पनि चल्यो । कहिले पढाइलाई पत्रिकाले र कहिले पत्रिकाले पढाइलाई अप्ठेरो पारे तर गति धिमा नै भए पनि दुवैको क्रम भने रोकिएन ।

केही रचनाहरू सङ्कलित भए । सबै स्रष्टाहरूलाई समेट्ने प्रयास रहे पनि यो अङ्कमा सम्भव भएन । केही स्रष्टाहरूलाई सम्पर्क गर्न सकिएन भने कोहीसँग सम्पर्क भएर पनि विविध कारणले उहाँहरूका रचनाहरू उपलब्ध हुन सकेनन् । उहाँहरूका पनि आ-आफ्ना बाध्यता र समस्या होलान् त्यसमा पत्रिका परिवारको कुनै दुःखेसो छैन ।

विक्रमको २०५० देखि आफ्नो क्षेत्रबाट भाषा र साहित्यमा केही गरौं भन्ने ध्येयले यसको प्रकाशन सुरु भएको हो र यसअघि अठ्ठाइस अङ्कहरू प्रकाशनमा आइसकेका छन् । पत्रिकाले भाषा र साहित्यलाई केही सहयोग पुऱ्यायो कि पुऱ्याएन त्यसको मूल्याङ्कन त समयले गर्नेछ । जे होस् नितान्त व्यक्तिगत इच्छाले जन्मिएको यस पत्रिकाले धेरैबाट माया, स्नेह, सुझाउ र सल्लाह लिएको छ, उहाँहरू सबैप्रति धन्यवाद ज्ञापन गर्नु आवश्यक ठान्दछ ।

यहाँभित्र अठ्तिस स्रष्टाहरूका विभिन्न विधाका रचनाहरू सङ्कलित छन् । रचनाकारहरूको नाम वर्णानुक्रमको आधारमा राखिएको छ । रचनाहरूका बारेमा बेही भन्ने वा प्रतिक्रिया जनाउने काम विज्ञपाठक तथा शुभेच्छुकहरूको हातमा सुम्पनु पत्रिका परिवारले सान्दर्भिक ठान्दछ ।

तिस

विचार फुल्न खोज्यो । आँखा छरियो चारैतिर । जाँगर सँगाल्यो फक्रने । सम्झनाहरू तरङ्गहरू उडिरहे कावा खाँदै । स्वप्नील

संसार छरपस्ट बन्यो घरिघरि । सफलता-विफलता दुवै मित्र मान्छेका । खोज्नेले पायो थोरै भए पनि । जसले निरन्तरता दिएन ऊ हिंड्नै सकेन आकाङ्क्षाको गोरेटो ।

मनभित्र टुङ्गो बोकेर यात्रारत हुन खोज्छ मान्छे । विश्वासको जङ्घारबाट पुल तर्न खोज्छ । तर टुङ्गो भागिरहन्छ यात्राबाट । तथापि खोज्नेक्रम थाक्दैन । विश्वास चुहिन्छ । आस्था पोखिन्छ । दृढता पछाडि फर्कदैन कहिल्यै । अभावपूर्तिको प्रत्येक खड्किलोभित्र जोख्न सकिन्न मान्छेका क्रियाकलाप र भोगाइलाई । दृढता र अठोटका सुन्दर तरेलीलाई । विचारका पर्खाल र हिंड्ने गोरेटालाई । सङ्कल्पको भारी र तृष्णाका उबडखावडलाई ।

सिङ्गो भोगाइकै नाम त हो मान्छे र उसका क्रियाकलाप । पाइला हो विचार । अनि दृष्टि । भावना । सागर । हिमाल । तृष्णा । वितृष्णा पनि । हिजो र आज । र भोलि पनि । हिजो, आज र भोलिमै त सीमित छ परिधि । घेरो नाघेर बाँच्न कठिन छ तर त्यो सङ्ख्यालाई पनि कम आँक्न सकिँदैन । यदि त्यसो गरियो त्यो दुष्कार्य हुनेछ इतिहासमा ।

मनहरू फुल्न खोज्छन् । अठोटको घेरोमा हराउन चाहन्छन् । दुढताको पर्खालबाट तरङ्गमा रङमडिंदै छायाँ चित्रमा प्रतिविम्बित हुने कल्पना गर्छन् । साथको खोजमा पनि हुन्छन् । आशाको लहरमा पनि पाइन्छन् । गन्तव्यको पर्खाइमा भेटिन्छन् । विचारको पाटोमा पनि देखिन्छन् । आस्थाको गोरेटोमा पनि फेला पर्छन् । सबैतिर छरिन्छन् र पोखिन्छन् । पुनः खोज्छन् आफैलाई । तर खोज्ने बित्तिकै कहाँ पाउन सकिन्थ्यो र ? साँच्चै खोजी र प्राप्ति निकट भइदिएको सम्भवतः मान्छे आजको अवस्थामा नआउन पनि सक्थ्यो कि !

मनहरू हार्दैनन् । भाग्दैनन् । डराउँदैनन् । थाक्दैनन् । अल्मलिदैनन् । हमेसा खोजी रहन्छन् प्राप्ति । अप्राप्ति अर्को पाटो हो । बाटो हो । अनि हो विचार शृंखला । एउटा सिङ्गो हार पनि उसको सफलता हुनसक्छ । खण्डित अवस्थालाई पनि प्राप्तिकै घेरामा राख्न सकिन्छ । सीमाहीन सम्भावना बोकेर आस्था सलबलाउँछ । यसैले त ऊ हरेक क्षण सीमा रेखा कोरिरहेको भेटिन्छ । बनाइरहेको देखिन्छ । बिगारी रहेको पाइन्छ ।

मन जम्न सक्दैन । खुम्चिन पनि सक्दैन । गुजुमुज्ज भएर पर्खिंदैन असरल्ल । छरपष्ट बन्न खोज्छ हरहमेसा । हराउँछन् आँखा । आँखाभित्र विचरण गर्छ । फुल्छ । फक्रन्छ । ओइलाउँछ । तर हार्दैन । हार्नु पनि हुँदैन । मनले हारे वित्यास पर्छ र विनास निम्तिन्छ ।

उठ्न खोज्दा अप्ठेरा आउँछन् । असजिलाले घेर्छ । बाटो छेक्नेहरू प्रशस्त भेटिन्छन् । अलमल्याउनेहरू विभक्त बन्छन् पृथक पहिचानमा । परिधि साँघुरो हुन सक्छ । परिवेश खुस्कनुलाई टेढो आँखाले हेर्न मिल्दैन । विचारको गोरेटामो बग्न खोज्नेहरूलाई बाटो छेक्नु एउटा दुष्कार्य हो । यसर्थ मनहरू नपोखिने परिबन्दमा लाग्नु मान्छेको कार्य हुनुपर्छ ।

अप्ठेरा, असजिला र विब्ल्याँटा जीवनका विम्बप्रतिविम्ब हुन् । सबैलाई पन्छाउँदै खोजीमा लाग्नु पृथक कर्तव्य हो । मनहरू क्षणिकताभित्र कैद हुनु राम्रो होइन । ती उठ्नुपर्छ । जुट्नुपर्छ । हिंड्नुपर्छ । बाटो खोज्नेलाई देखाउन तम्तयार हुनुपर्छ । तिनीहरूले युद्ध जितेका छन् । प्रेम फुलाएका छन् । विश्वासको सगरमाथा चढेर गन्तव्यमा पाइला टेकेका छन् ।

हो, तिनीहरू विचारको शृङ्खलाबाट भत्किएका पनि हुनसक्छन् । बिग्रिएका

पनि पाइएलान् । चिन्न सहयात्रा गर्नैपर्छ । दृढताको पर्खाल उक्लनै पर्छ । अप्ठेरामा मात्र चिनिन्छन् ती । स्वार्थको जालोमा पुरिएकाहरूको घेरो नाघ्न अप्ठेरो पर्छ । तर जेहोस् समयले मान्छे र मनहरूलाई चिनाएरै छोड्छ ।

इतिहासमा मनहरू कहिल्यै हारेनन् । आरोह-अवरोह भाग्दै अगाडि हिंडिरहे । यसर्थ निर्वाध रूपमा बढिरहेछन् । बिग्रिएका गोरेटाहरू बनाउन कुटोकोदालो बोकेर हिंड्ने प्रयत्न भइरहेछ । अठोटमा सङ्कल्पको बिउ रोपेर दृढता सङ्गालिँदै छन् ।

उत्साहितहरूको अठोटमा यात्रा तय गरिन्छ । मान्छे केही होइन जाँगर ठुलो । विश्वास महान । विचार शक्ति । सङ्कल्प चुली र शिखर । भाव अग्लिन खोज्छन् क्रमशः । विश्वासले देखाएकै बाटोमा मान्छेहरू हिंड्छन् र हिंड्नुपर्छ पनि । फेरि पनि मनहरू बाटो देखाउने प्रयास गरिर हेछन् । जाँगर गोडमेल गर्ने प्रयत्न भइरहेछ । तिनीहरूको उत्साह, अठोट र जाँगरमा हिंड्ने प्रयत्न हुँदैछ । हिंडाउन खोज्ने सबै सबैलाई मुरीमुरी अभिवादन ।

एकतिस

उसका पाइला टक्क अडिए । फुत्काउने प्रयास गऱ्यो तर समर्थ बनेन । ऊभित्र आसन जमाइरहेको आत्मविश्वास ङिच्च हाँस्यो । मन निरुत्तर भयो । बन्धन मुक्त हुन खोज्यो । ओहो ! त्यस्तो सोच त कहाँ थियो र ? तर भइदियो । अनुहार ऐनामा हेऱ्यो । पहिले जस्तो थियो अलिकति पनि भिन्नता देखेन । ढुक्क भयो । सोच्यो जे थिएँ त्यै र त्यस्तै रहेछु ।

यदाकदा सपना देख्छ । आम मान्छेले देख्ने कुरो हो त्यो । सपनाले उचाल्छ । पछार्छ । लडाउँछ । उठाउँछ । उठ्नुपर्छ । हिँड्न पाइला चाल्नुपर्छ । जानेको पनि छ तर कसरी अहँ थाहा छैन । पछि पर्दैन । कर्तव्य र अधिकार दुई पाटा हुन अलग-अलग । त्यो बाँच्ने कला पनि हो । जीवनको सिङ्गो आधारशीला । मन प्रस्ट्याउँ छ । स्वीकार्छ । सत्य हो । अन्यथा मानिरहनु आवश्यक छैन । कहिलेकाहीँ दुविधा उत्पन्न नहुने हैन । तर आफैं छिनोफानो गर्छ । गुहार्दैन कसैलाई । आवश्यक छैन भन्ने ठम्याइ छ छातीभित्र ।

सपना धेरै पहिलेदेखि देख्थ्यो । हिजो आजको भन्दा अलि बेग्लै । हुन त अहिले पनि देख्छ । पहिल्यै प्रसङ्ग आइसक्यो । तात्विक भिन्नता छ ती दुईमा । अनि हराउँथ्यो एकान्तमा । फुल्न खोज्थ्यो तिहार जस्तै । हावामा उड्ने कल्पना उमार्थ्यो । चारैतिर छरिन्थ्यो । पानीझैं बग्ने अभिलाषा बोक्थ्यो तर समर्थ बन्थेन । खुब घोरिन्थ्यो । निक्कै समयसम्म हराउँथ्यो । कहाँ पुग्थ्यो ? नापो हुन्थेन । सोध्नेहरू नाजवाफ बन्थे । हारथाक हुन्थे । ऊ हाँसिरहन्थ्यो ।

क्षणक्षणमा सपना खोज्थ्यो । हराउँथ्यो । भेट्टाउने प्रयास गरिरहन्थ्यो । भावनाको आस्था उमार्थ्यो । तृष्णाको फूलबारीमा रोपिन्थ्यो । गोडमेलमा सरिक बन्थ्यो । सुन्दरता मुटुमा सजाउँथ्यो । भ्रमण हुन्थ्यो क्षितिजको । निस्सार सम्झन्थेन जीवन । त्यस्तो सोचसम्म थिएन कतै । फूल आस्था हो, सोच्थ्यो । तृष्णा उचाइ हो हरदम गम्थ्यो । पलप्रतिपल खोज्थ्यो एउटा शान्ति । सुनिश्चितताको पाटोमा सुत्थ्यो । आँखाभित्र मीठो संसार राख्थ्यो र हिंड्थ्यो । पाइला दऱ्हो टेक्थ्यो । अहँ धरमराउन दिनु हुन्न, अठोट बोक्थ्यो ।

मीठो सम्भावना थियो छातीमा । उर्वर मस्तिष्क फल्न र फुल्न खोज्थ्यो । जहाँ पायो त्यहाँ हुन्न है, ऊ सचेत गराउँथ्यो । मुसुक्क हाँसेर धन्यवाद ज्ञापन गर्दै अगाडि

लाग्थ्यो । अरूले पदचाप अनुसरण गरुन् सोच्दैनथ्यो तर आए निषेध गर्दिनँ आफैंलाई शान्त्वना दिन्थ्यो ।

एक हूल भेटिए । कल्पना यथार्थतामा परिणत हुन खोज्दैछ सोच्यो । हात दऱ्होसँग मिलायो । कसम खाए । टक्क अडिए । ऊ एकान्तताभित्र मुस्कुरायो । साँच्चै अब अब त.... एक बसाइमा मुख खोल्यो । पक्का हो, टाउकाहरू क्रमशः हल्लँदै गए । हँ ? उसले सोध्यो । शङ्का गर्नुपर्दैन एउटाले भन्यो । उसले चस्मा फुकालेर हेऱ्यो । अर्कोले समर्थन गऱ्यो । विश्वस्त बन्न करै लाग्यो । होला नै, सकारसात्मक सोच बनायो । नकारात्मक भावलाई पछार्न कम्ती प्रयत्न गर्नु परेन । तर पनि हार मानेन ।

सँगै हिँड्न लागे । चाह थियो । दङ्ग पऱ्यो । ढुक्क पनि भयो । साथ छुट्ला भन्नेमा सयमा सय प्रतिशत विश्वास थिएन । मनको उपज थियो । लामो अन्तरालको इच्छा सिंगो आस्था र भर्भराउँदो विश्वास । जिउँदो विचार अनि दृढ अठोट । परि स्थितिले अकस्मात् पल्टा खायो । विश्वास लागेन । कहाँ हुनु त्यस्तो ? धत् नचाहिने कुरा आफैंलाई झपार्न खोज्यो । समर्थ भएन । असमर्थ पनि भएन । ठिङ्ग उभिएर चारैतिर हेऱ्यो ।

मन, छाती र आँखा भरिभरि प्रतिप्रश्न उठिरहे । वरिपरि आँखा घुमे । लत्तो छाड्नेहरू मस्तीमा थिए । ओहो ! उघ्राउन व्यस्त । रिस त उठ्यो तर प्रकट गरेन । मुन्टो हल्लायो । तिनीहरूको पाखुरा समाएर तान्न खोज्यो । तर सफल भएन । घुँडा धसेर चपाउँदै थिए । इसारा गरेर डाक्यो । व्यर्थ भयो । अनुनय विनयले पनि काम गरेन ।

एकछिन घोत्लियो । समय माग्यो । एकान्तमा पुऱ्यो । सम्झाइ बुझाइ गऱ्यो । औंला ठाडो पाऱ्यो । आँखा राता तुल्याएर रोष जनायो । अहँ किन सुन्थे ? मरेकाटे सुनेनन् । अर्कोतिर फर्किएर हात हल्लाए । अनि आफैंमा हराए । पोखिए उठ्नै नसक्ने गरी । सुरुमा पत्यार नभए पनि अन्त्यमा हारथाक बन्नुपऱ्यो । ऊ पनि हात हल्लाएर बिदा भयो । ती हिहि गरेर हाँसे । केही बोलेनन् । आफूसँग राख्न गरेको प्रयास अफल भएपछि खुबै झोक्किएका थिए । यसकारण होला अरू केही बोलेनन् । उसका पाइला निरन्तर गतिशील बनिरहे ।

शिखर पुगेर हेऱ्यो । ती छटपटाउँदै रहेछन् । सम्भवतः त्यसैले होला उठ्दै र बस्दै गरिरहेका थिए । देख्यो । तिनीहरूले देखेनन् । एक्लै मुसुक्क हाँस्यो । ध्यान अन्यत्र खिच्न खोज्यो । अनि आँखा चिम्लिन चाह्यो । तर सम्भव भएन । आँखा त्यतै त्यतै केके हो खोजिरहेका थिए ।

बतिस

ठिङ्ग उभिएर चारैतिर हेऱ्यो । परिवेश कस्तो-कस्तो लाग्यो । छातीमा विविधता उपस्थित बनेनन् । आँखा चिम्म गऱ्यो । स्थिति यथावत रहन सकेन । खोल्यो । रमाइलो अनुभूत गऱ्यो । अगाडिको उज्यालोमा मुसुक्क हाँस्यो । आँखा डुबाउँदै गयो । भ्याए जति एकटकले हेऱ्यो । द्यौरालीमा एकहुल पथिकहरू गफमा मस्त देखिन्थे । त्यो चौतारो थियो । वर-पिपलका बोटहरू थिए । केही चराहरू हाँगाहाँगामा कुदिरहेका थिए । सिरसिर हावा चलिरहेको थियो । केही टाढा वन थियो । फाँट समेत देखिन्थ्यो । धानका बाला झुलिरहेका थिए । ऊ खिसिक्क हाँस्यो ।

भञ्ज्याङमा थियो । सहयात्रीहरू पनि थिए । चौतारो नजिकै थियो । वर-पिपलको साथमा समी र असौका वृक्षहरू

समेत थिए । बसेकाहरू गफमा मस्त देखिन्थे । आफैं भित्र हराइरहेका । छेउमा धारो थियो । चराहरूको चिरबिरले कसैको पनि ध्यान आकृष्ट गर्न सकिरहेको थिएन । आँखा डुलाउन व्यस्त थियो ।

आमा रोइरहेकी थिइन् । क्षतविक्षत देखिन्थ्यो शरीर । धुँक्का छुटिरहेका थिए मनबाट । बुझाउने प्रयत्नमा कोही पनि नरहेको अनुमान गऱ्यो । बाटो छोट्याउनु श्रेयस्कर सम्झ्यो । त्यसो त सूत्र उसले आविष्कार गरेको होइन । अधिकाको अनुशरण गऱ्यो । तिनीहरू असरल्ल थिए । निक्कै बेरसम्म हेऱ्यो । मुखबाट एकशब्द समेत निकालेन ।

पर देखिएको त्यो विरूप दृश्य आमाको रहेछ । भाइबहिनीहरू छेउमै साथ दिइरहेका थिए । आँखाले बाउ खोज्यो । तुरुन्तै देखेन । खोज्ने निहुँमा चारैतिर छऱ्यो । निरन्तरता दिँदै गयो । विचार चलमलायो । आस्था उठ्न खोज्यो । तर सकेनन् । कान्ला मुनिबाट हात दिए । तान्न खोज्यो, सकेन । हाँ नाँ क्यै गरेन । केवल हेरिरह्यो एकोतार ।

हावा थियो । पात हल्लिरहेका थिए । टाढा आकाशमा चराहरू उडिरहेका देखिन्थे । क्षितिज रातो थियो । घाममा हिउँ चाँदीझैं टल्किरहेको थियो । परिदृश्य मनमोहक लागेन । आँखा हराइरहेका थिए । भावना छताछुल्ल थियो । विचार तरङ्गित बने । मन कुँडोझैं छड्कियो । सम्झना सलबलाए पटकपटक ।

पर एउटा छायाँ देख्यो । एकटक लाएर हेऱ्यो । आँखा मिच्यो । छातीमा स्वरूपहरू क्रमशः आए । घोरियो । अनुमान छऱ्यो । थचक्क बस्न खोज्यो, सकेन । उभिएरै हेऱ्यो । शङ्का उपशङ्का उब्जिए । थुचुक्क बसेर आँखा मिच्यो । टाउको समातेर उठ्यो । अघि देखेको चित्र बाउको हो समय लागेन ।

आँखा रसायो । सुटुक्क पुछ्यो । मन हरायो । तर खोजेन । सायद हराउनुमा नै आनन्दित ठान्यो आफूलाई । पोखिएको रहेछ । एकछिनसम्म हेरिरह्यो । उठाउनु आवश्यक ठानेन । तर पनि छाडेर अन्यत्र जाने इच्छा बोकेन । घोरियो ट्वालट्वाल्ती । आफैंभित्र छरपस्ट बनेको पो हो कि अनमुान लगाउन सकिन्थ्यो । त्यो छुट थियो लगाउनेहरूलाई ।

बाउ, आमा, भाइबहिनी र आफन्तका मुहार क्रमशः प्रतिविम्बित बने । समाधानका सूत्र नाचे । दौडिए । उफ्रिए । कुदे । तर ओठ खोल्ने साहस गरेन । चुपचाप मनमा स्थान दियो । प्रकट गरेन बाहिर । एकान्त मन परायो । घोरिएर गम्दै गयो ।

तिनीहरू मुस्कुराइरहेका थिए । मन उमङ्गित देखिन्थ्यो । क्लेषको अनुमान गर्ने ठाउँ भेटेन । हो र होइनमा एकछिन अड्कियो । अनुमानको घेरो छाम्यो । पुर्पुरो समाएर सोच्यो कैयौं पटक । अमिलोमा घोलियो स्मृति । विविध तरङ्गले उद्वेलित बन्यो छाति । तर ऊ चुपचाप नै थियो ।

छेल पऱ्यो । मन पाकिरहेको थियो । गलिरहेको थियो । ती पोपुलिस्ट बन्ने ध्याउन्नमा थिए । वर्तमान मस्त थियो । चुपचाप थियो । शान्त थियो । विचार खुल्ला थियो । निर्वस्त्र थियो । मग्न थियो । बन्धन थिएन । कान खुल्ला थियो । हाँसेर वर्तमान च्यात्दै थिए । शल्यक्रिया भइरहेको थियो । भिन्न परिभाषा । विषयान्तर थियो । मतान्तर थियो । केवल आफू थिए । आफ्ना थिए । धैर्य अनि सौम्य छँदै थिएन । भूत बगिरहेको थियो । सायद बगाइलाई गन्तव्य ठानिरहेको हुन सक्छ ।

संवेदनाको टुक्रै थिएन । भावनाको गहिराइ देखिँदैनथ्यो । न त थियो लम्बाइ

चौडाइ नै । आक्रोश थियो । प्रतिशोध थियो । कृतघ्नता थियो । बडप्पन थियो । स्वार्थ थियो । फुल्न नसकेको आकांक्षा थियो । महत्त्वाकांक्षा थियो । ऐंजेरुले जेलेको रेडिमेड सोच थियो । विश्वास थियो । अरूलाई छाम्थ्यो । चियोचर्चो गर्थ्यो । तर आफूलाई छाम्दैनथ्यो । खोतल्दैन्थ्यो । कोट्याउँदैन्थ्यो । ओल्टाइपल्टाई गर्दैन्थ्यो । केवल रटना लगाउँथ्यो हैसियतले भ्याएसम्म ।

स्वादिला थिए शब्द । भाव मिठा थिए । सिद्धान्तका पोया थिए, थोता खोया थिए । तर समाधान...। त्यो आवश्यक थियो तथापि मनले खोजी गरिरहेको थिएन । विम्बात्मक मिठास बाँडिदै थियो । आवश्यकता असरल्ल थियो । छताछुल्ल थियो । समाधान त थिए तर मानवीय संवेदना विलुप्त बित्यो । केवल स्वान्त धुन थियो । विज्ञहरू कावा खान्थे । हाँस्थे । उफ्रन्थे । कुद्थे । आवश्यकतामा समय र परिस्थितिले साथ दिन्थ्यो ती स्वरूप फेर्दै जान्थे ।

सम्झना थियो । भोगेको दृश्य थियो । मस्तिष्क छड्किरहेको थियो । पाकिरहेको थियो । समाधानको कामना गर्थ्यो । ती चुपचाप थिए । ओठ खोलिए पनि अरू समय चुपचाप हुन्थे वा समाधानको चाह राख्थेनन् । झारा टार्ने प्रयत्न गरिन्थे । प्रस्ताव राख्थ्यो, ती केवल हाँस्थे । प्रिय बन्नु थियो । संवेदनशीलता क्षीण भइरहेको थियो ।

ऊ केवल हेरिरहेको थियो । आफैंभित्र हराउँथ्यो । घुटुक्क आँसु निल्थ्यो । क्षतविक्षत तस्बिरले आहत तुल्याउँथे तर केही गर्न सक्दैन्थ्यो । सहानुभूति थियो अनि चुपचाप थियो । शान्त थियो । तर आँखा हरहमेसा रसाउँथे । केवल ठिङ्ग उभिएर निरिह आँखाको आँसु पुछ्ने काम गर्थ्यो ।

तेत्तिस

उसले सपना देख्यो । देख्नु पनि पर्छ । अस्तित्वको निम्ति । पहिचानको निम्ति । जीवनको निम्ति । अठोटको निम्ति । अनि मुस्कुरायो । कल्पना अँगाल्यो । छरपस्ट बन्यो । विचार खोतल्यो । उत्साह उमार्‍यो । विस्तारै सुमसुम्यायो । आह्लादित बन्यो । अठोट खोज्यो । स्मृति छाम्यो । गोडमेल गर्‍यो । भावना टिप्यो । दृष्टि फिँजायो । नतमस्तक बन्यो । सिङ्गो र पूर्ण संसार । अर्थबोधीय जीवन । स्वतन्त्रता र स्वाभिमान ।

सङ्कल्प गर्‍यो । मुठ्ठी कस्यो । केही भन्यो । अनाहक पोखिएन । छिरलिएन । एकत्रित तुल्यायो मन । सम्झनाको फाँट बगेन । आँखा खोल्यो । पुनः चिम्लियो । केही क्षण टोलियो । मुन्टो हल्लायो । आकाङ्क्षामा उभियो । स्वागतमा हात पसार्‍यो । विभ्रम अँगालेन । हिंड्दै गयो । अर्थयुक्त हात फैलायो । साथ पायो । राहत महसुस गर्‍यो ।

अन्धकार हाँसिरहेको थियो । छरपस्ट थिए भाव । बाहु फैलिएका थिए । बाटो बन्द थियो । अत्यन्त थोरै रमाइरहेका थिए । उफ्रिदै थिए । कुद्दै थिए । विचार असरल्ल थिए । गति थिएन । मति भ्रष्ट थियो । सन्दर्भ काबुबाहिर । ऊ अलमलिएन । सचेत बन्यो । आँखा बिझाए । यस्तो पनि .... चसक्क दुःख्यो । केही क्षण अचम्म मान्यो । मौन देखियो । हुँदैन, अन्तरआत्माले भन्यो । अहँ, ऊ उभिएन । पाइला बढायो । ..... । बढाइ रह्यो ।

चौतारो, थ्याच्च बस्यो । कोही थिएनन् । पसिना पुछ्यो । पवनको कामना गर्‍यो । हाँगाहरूमा चरा थिए । आवाज सुन्न सकिन्नथ्यो । आँखा चिम्म गर्‍यो ।

अनेकौं तस्विरहरू उपस्थित भए । एक एक गरेर हेऱ्यो । पेटभरि छाम्यो । लुकामारी खेल्यो । कतै जित्यो । कतै हाऱ्यो । आँखा लोलाए ।

अस्तित्व हेऱ्यो । छाम्यो । खोज्यो । आशा थिए । मनको पाटो खन्यो । खोस्रियो । मलजल गऱ्यो । भेटेन । हँ....? सोध्यो । तर.....। निरुत्तर भयो । प्रण थियो । सम्झना आयो । विचारमा फूल रोप्यो । आँखा लालयित बने । ठिङ्ग उभियो । साहस पलायो । आस्था उठ्यो । गोडमेल गऱ्यो । पाइला बढ्न खोजे । रोक्ने प्रयास नभएको हैन । तर सबै हारे । ऊ मुस्कुरायो । छाती उमङ्गित बन्यो ।

जुरुक्क उठ्यो । सम्झनाले छेकेन । शिखर नजिकै थियो । छेउमा पुग्यो । वरिपरि हेऱ्यो । चित्र छातीमा टाँसियो । केही क्षण बोलेन । मात्र तरङ्गमा डुब्यो । हरायो एकान्तमा । ओठ बन्द थिए । टुसुक्क बस्यो । आँखा लोलाए । मन विभाजित बन्यो । तर दिएन । छेक्यो । सफलता च्याप्प समायो ।

आफ्नो केही देखेन । सामूहिकता थियो जतातातै । रूपान्तरित बन्यो । जीवनको अर्थ खोज्यो । सार्थकतामा दाँज्यो । परिभाषा छाम्यो । भौंतारियो जुगौंजुग । अस्मिता गुमाएन । पहिचान खोज्दै गयो । अहँ हारेन । प्रयत्न छाडेन । सम्झनामा हराएन । व्यवस्थापनपछि लागे । वास्तै गरेन । साँच्चै हेरेन । ऊ हरायो । विम्ब प्रतिविम्ब देख्यो । मसक्क आँट्यो ।

ऊ अर्थात् सहिद । अर्थात् स्वतन्त्रता । अर्थात् स्वाभिमान । अर्थात् स्वपहिचान । अर्थात् परिभाषा । अर्थात् जीवन । हिंड्यो । निरन्तर हिंड्यो । पछाडि, आवश्यक ठानेन । विचारको विजारोपण गऱ्यो । कर्तव्य परायण नाच्यो । सार्थकता खोतल्यो । विगत, वर्तमान र भविष्य उभिए । परिवेश छताछुल्ल बन्यो । प्रयत्न पछि लागे । हिंड्न लाग्यो । हार्नु आवश्यक थिएन । गन्तव्य पथमा हिंडिरह्यो ।

आँखामा नाच्यो । देश अर्थात् मातृभूमि । अर्थात् पितृभूमि । अरू केही देखेन । सुनेन । बोलेन । चाह राखेन । सम्भवतः कतै हेर्दै हेरेन । अन्य आवश्यक सम्झेन पनि ।

प्रियवस्तु देश र स्वतन्त्रता । स्वाभिमान र स्वपहिचान । आँखा नाचिरहे । हाँसिरहे । सम्झँदै गयो । बिर्सन सकेन । माटो बिर्सँदैन । भुल्दैन कोही । भुले अस्तित्व बग्छ पानीमा । उड्छ हावामा । यस्तै सोच्यो । गम खायो । कल्पनामा मग्नमस्त बन्यो ।

जनबल अत्यन्तै शक्तिशाली हुन्छ । अपराजित हुन्छ । शासकहरू पराजित हुन्छन् । ऊ अर्थात् सहिदको सपना साकार बन्छ । देश मुस्कुराउँछ । माटो मगमगाउँछ । सुवासित बन्छ । जनता उठ्छन् । जाँगर चुलिन्छ । विचार मुस्कुराउँछ । देश अर्थात्, सहिद अर्थात् जनता स्वतन्त्रतापूर्वक गाउँछन् शान्ति, प्रगति र उन्नतिको गीत ।

चौतिस

आइपुग्यो । पोहोर जस्तै । परार जस्तै । अघि अघिका वर्षहरू जस्तै । सदियौंदेखि आइरहेछ । गइरहेछ । स्वागत पाइरहेछ । विदाइ भइरहेछ । क्रम उही हो । निरन्तरता त्यही हो । फरक समयको अन्तराल । पुस्ताको विविधता । देखाइको विधिता । भोगाइको अनुभूति । विचारको विभेदमय पाटो ।

अपेक्षाकृत आगमन । मान्नुपर्छ पनि । हात फैलन्छन् । फैलाउनु पनि पर्छ । विचार पोखिन्छन् । छरिन्छन् । टिप्नुपर्छ ।

सम्हाल्नुपर्छ । विश्वास बग्छन् । उठाउनुपर्छ । बाटो देखाउनुपर्छ । आस्था छ्यालब्याल बन्न खोज्छ । रोक्नुपर्छ । सम्हाल्नुपर्छ । भाव हराउँछन् । छेक्नुपर्छ । सम्झाउनु पर्छ । सबैतिर सम्भावना छ । अर्थ विभेदता छ ।

मान्छे केवल सम्भावना । सिङ्गो दृढता । पूर्ण अठोट । सम्पूर्ण सङ्कल्प । विश्वस्त आशा । सञ्चित अपेक्षा । अनपेक्षित तरङ्ग । स्वाभाविक कल्पना । जिउँदो जोस । जाग्दो जाँगर । त्यसपछि- तल । माथि । वर । पर । सम्यम् । सहज । असहज । उचाइ । गहिराइ । तरल । ठोस । आँसु । हाँसो । घात । प्रतिघात । सङ्घात । तृप्त । अतृप्त । परिबन्द । सफल/असफल । अहङ्कार । दम्भ । विज्ञ । अनभिज्ञ । दक्ष । अदक्ष । आदि ...आदि ।

अस्तिदेखि हिजोसम्म । आजदेखि भोलिसम्म । सबै खेल सम्भावनाका । विश्वासका । विचारका । बलिदानका । समर्पणका । विश्वासघातका । करुणाका । पीडाका । मुक्तिका । महत्त्वकाङ्क्षाका । आक्षेपका । आक्रोशका । असन्तुष्टिका । पश्चातापका । प्रतिशोधका ।

तर पनि आशा बाँचिरहेछ । विश्वास हिँडिरहेछ । संयम उकालो चढ्दै छ । संवेग तरल बगिरहेछ । बागमती गाइरहेछ । विष्णुमति नाचिरहेछ । विगत छन् आँखामा । टुकुचा देखाइरहेछ । लुरुलुरु बग्दैछन् बागमती र विष्णुमति । हेरिरहेछन् आँखा । परेली झिम्कन मान्दैनन् । सन्तुष्टि बाँचिरहेछ । हिँडाइ गति हो । परिचय हो । स्वतन्त्रता हो । सन्देश हो । सम्भावना हो । उसले सिकाउँछ । अन्हाउँछ । हिंडाउँछ । उफार्छ । कुदाउँदैछ । सधैं सधैं गन्तव्य सोझ्याउँछ ।

ऊ आर्थत् दर्सैं । लुरु–लुरु आइपुग्यो । आँगनमा । पिंढीमा । मजेरीमा । अझ जताततै । चोटा–कोठा । बुईगल । सबैतिर । मनमा । तनमा । भावनामा । दृष्टिमा । दृष्टान्तमा । विचारमा । विश्वासमा । भेटिन्छ । देखिन्छ । फेला पर्छ । खोज्नेहरू थाक्दैनन् । शान्त हुन्छन् । ऊ आउँछ– जान्छ । त्यो निरन्तरता हो । नियमितता हो । मनहरू खलबलिन्छन् । हड्बडिन्छन् । बस्दैन । केवल मेल गराउँछ । आत्मीयता साटासट गराउँछ । विचार एक बन्छन् । दुःखेको घाउमा मलहमहरू दलिन्छ । आँसु हाँसोमा परिणत बन्छन् । त्यो संयोग हो । खुसीको क्षण आमन्त्रण गर्छ । विचारहरू हौसिन्छन् । आस्था रौसिन्छन् । सिङ्गो परिधि सँगालिन्छन् । उत्साहित हुन्छन् छातीका मोर्चाहरू । अठोटका सन्देहहरू बालिन्छन् । जिन्दगीको सोझो अर्थ उपस्थित हुन्छन् । प्रयासका पोथ्राहरू उचालिन्छन् । उच्च संवेदनका साथ । त्यसले जीवनको सरल बाटो तय गर्छ ।

यो परम्परा हो । मूल्य हो । मान्यता हो । विश्वास हो । आस्था हो । सम्भावना हो । संस्कार हो । ताली आवश्यक छैन । न त छ गाली नै । सत्तोसराप किमार्थ चाहिँदैन । मनाए पनि हुन्छ । नमनाए पनि हुन्छ । त्यसैले त ताली गाली आवश्यकै छैन । समय सत्य हो । सम्झना हो । तृष्णा र तिरस्कार दुवै हो । सबै हो । जम्मै हो । पूर्ण हो । हुनुपर्ने जति हो । नपर्ने हुँदै हैन ।

थाहा छ । हुनुपर्छ पनि । आउँछ । जान्छ । हो त बोलाए पनि आउँछ । नबोलाए पनि आउँछ । त्यसकारण टाउको दुःखाइ आवश्यक छैन । साँच्चै । सत्ते । धरोधर्म । सच्याउनुपर्छ आफैंलाई । जिन्दगीको बाटोलाई । जीवनको शृङ्खलालाई । खोज्नुपर्छ । छाम्नु पर्छ । सुधार्नुपर्छ । चिन्नुपर्छ । उठ्नुपर्छ । जाग्नुपर्छ । कम्मर कस्नुपर्छ । सक्नेलाई ऊ सधैं छ । हरहमेसा छ । जहाँतहीँ छ । जुन अवस्थामा पनि छ । जोड

घटाउको आवश्यकता छैन । अनावश्यक चिन्तन चाहिँदैन । त्यो विध्वंसक हुन्छ । विशृङ्खलित हुन्छ । बाटो देखाउँदैन कुनै पनि अवस्थामा ।

खर्च हाम्रो चिन्तन । हाम्रो विचार । हाम्रो आस्था । देखाउने आडम्बर । गाली आफैंलाई गर्नुपर्छ । सच्चिनुपर्छ । सोझिनुपर्छ । मिलाउनुपर्छ । स्व. पहिचान खोज्नुपर्छ । छाम्नुपर्छ । उपस्थिति अज्ञात तिर हिंड्दैछ । हराउँदै छ । आफैंलाई भुलेर बाँच्दै छ । ऊ समस्या होइन । चिन्तन विघटनकारी हो । विध्वंसक हो । विनाशक हो । भावना निष्कलङ्क छ भने बरु आस्था हो । विश्वास हो । विचार हो । सुन्दर सिर्जना हो । उत्कृष्ट अभिलाषा हो । जिन्दगीको, समर्पणको र विचारधाराको ।

बाँच्ने नाउँमा नमरौँ । नहराउँ । अस्तित्व नबगाउँ । स्वाभिमान नपस्कौं । पोपुलिस्ट बन्ने चाहनामा ननाङ्गिऊँ । नग्नता स्वतन्त्रताको पहिचान हैन । स्वाभिमानको उचाइ पनि हैन । पैंताला काम लाग्छन् । डुँडी खुट्टा कामयाबी बन्छन् । मस्तिष्क खोतलिन्छन् । आवश्यकता त उर्वरताको हो । सिर्जनशीलताको हो । भावको हो । तृष्णाको हो । सच्चाइको हो । बाँच्ने नाममा अरूको भरमा उभिनु किमार्थ जीवन हुन सक्दैन ।

पहिचान खोजौँ । कायम राखौँ । त्यो अस्तित्व हो । अस्मिता हो । जिन्दगी हो । जीवन्तता हो । आस्था हो । विश्वास हो । विजय हो । पर्खाइ हो । अठोट हो । गन्तव्य हो । निष्ठा हो । सत्य हो । गहिराई हो । संवेदना हो । सम्भावना हो । नियन्त्रण हो । नियमितता हो । सत्यता हो । समर्पण हो । पूर्णता हो । अपूर्णता पनि हो ।

तसर्थ ऊ आएको छ । स्वागत गरौँ । सम्मान पस्कौँ । इज्जत दिउँ । स्नेह पोखौँ । सद्भाव छरौँ । बिउ उमारौँ । गोडमेल गरौँ । त्यो जित हो । सत्य हो । स्नेह हो । स्थिरता हो । त्यसैले खोजौँ। नउडौँ । गहिराइमा डुबौँ । फेला पारौँ । पाउनुपर्छ । यो सत्य हो । सत्यको पाटो खोजौँ । खोजाइ नै जीवन हो । पहिचान हो । त्यहीँ छ देश । त्यहीँ छ माटो । त्यहीँ हुनुहुन्छ तपाईं पनि ।

पैंतिस

ऊ आउँछ । जान्छ पनि । बस्दैन । पर्खदैन कसै गरे । बसे हुन्थ्यो । चाहना हुन्छन् । महत्त्वाकाङ्क्षा हो । रहनुपर्छ । तर त्यो रोकिँदैन । आग्रह सुन्दैन । मान्दैन अनुरोध । अहँ पर्खदैन । इतिहास छैन । भविष्यमा समेत नहुन सक्छ । ‘पर्खनु जम्नु हो’ सोच्छ । ओठ खुल्दैनन् । बोल्दै बोल्दैन । अनुमान गरिन्छ । गर्नु पनि पर्छ । स्वाभाविक मानिन्छ । मानिएको छ । स्व-कल्पना हो । आग्रही जिल्लिन्छन् । रल्लिन्छन् । टोल्लिन्छन् । झौंक्रिन्छन् । आँखा मिच्छन् । हेर्छन् आशालुहरू । हेरिरहन्छन् ।

ऊ फर्कदैन । पछि हेर्दैन । आशा बोक्छन् । गोडमेल गर्छन् । आँखा टट्टाउँछन् । ओझेल पर्छ । निसास्सिन्छन् । निरासिन्छन् । थक्थकिन्छन् । विरक्तिन्छन् । बाटो छ । तर ऊ छैन । विलीन छ अस्तित्व । पुरिएको छ । हराएको छ । कुर्नेहरू जिल्लिएका छन् । ओइलाएका छन् । अस्तव्यस्त छन् । निराश-हतास दुवै छन् । हात हल्लाइरहेछन् । चियाइरहेछन् । तर ऊ चुपचाप हिंडिरहेछ । हिंडिरहेछ ।

गति तेजिलो छ । बेगिलो छ । चोटिलो छ । आँटिलो छ । साहसिलो छ । उत्साहित छ । जागरुक छ । त्यसैले हिँडिरहेछ । कसैको विपक्षमा छ । सम्पर्कमा समेत छ । र, त सहयोग बाँड्छ । अठोट पस्कन्छ । आँट थप्छ । हौसला देखाउँछ ।

जाँगर बटुल्छ । आगो सल्काउँछ । बाल्छ हुर्हुरी । चिन्तन बटुल्छ । आकाङ्क्षा पस्कन्छ । उत्साह गोडमेल गर्छ । हौसला टिप्छ । जोस उचाल्छ । उचालिरहन्छ । चेत फुकाउँछ । तान्दै जान्छ । गह खोल्छ । उमङ्ग छान्छ । केवल अगाडि हेर्छ । हेरिरहन्छ । पछि फर्कदैन । मात्र हिँडिरहन्छ । थाक्दैन । थकाइ मार्दैन । साथी पर्खन्न । केवल हिँड्दै जान्छ । निरन्तर-निरन्तर... ।

'हिंड्नुपर्छ' उसले ठान्यो । पहिले ठम्यायो । केही समय सोच्यो । पाइला बढाउँदै गयो । फर्किएर भन्यो पनि । उभिएकाहरूले सुने । ध्यानपूर्वक श्रवण गरे । तिनीहरूसँग जाँगर थिएन । आँट थिएन । अठोट थिएन । साहस थिएन । विश्वास थिएन । सङ्कल्प थिएन र त बोलेनन् । केवल सोचे । गम्दै गए । आफूलाई भुलेर ठिङ्ग उभिए । थुचुक्क बसे । तापनि मन हिंडेन । विचार सल्बलाएन । त्यसैले टोल्हिए । चिन्तामग्न बने । एक्लै अल्मलिए । बाटो देखेनन् । विचार खुम्चियो । मन पग्लदै पग्लिएन । जमिरह्यो कालान्तरसम्म । हिउँजस्तै ।

त्यो अर्थात् समय । सुकरात जन्मायो । अरस्तु जन्मायो । दाँते जन्मायो । शेक्सपियर जन्मायो । गेटे जन्मायो । शेली जन्मायो । किट्स जन्मायो । लुस्युन जन्मायो । गोर्की जन्मायो । कावागुची जन्मायो । चेखव जन्मायो । इब्सेन जन्मायो । इकवाल जन्मायो । बोर्गेस जन्मायो । कामु र सार्त्र जन्मायो । नेरुदा जन्मायो । सोयिन्का जन्मायो । पाज जन्मायो । कोत्सि जन्मायो । रवीन्द्रनाथ जन्मायो । प्रेमचन्द्र जन्मायो । देवकोटा जन्मायो । भानुभक्त जन्मायो । पारिजात जन्मायो । रिमाल जन्मायो । भूपि जन्मायो । सुब्बा कृष्णलाल जन्मायो । यसैगरी ....

राम जन्मायो । कृष्ण जन्मायो । बुद्ध जन्मायो । सीता जन्मायो । द्रौपदी जन्मायो । भृकुटी जन्मायो । मायादेवी जन्मायो । अनुसूया जन्मायो । सोरा जन्मायो । वेदव्यास जन्मायो । अर्जुन जन्मायो । द्रोण जन्मायो । कृपासुर जन्मायो । भीष्मपितामह जन्मायो । पाण्डव जन्मायो । कौरव जन्मायो ।

धर्माकर जन्मायो । भुक्तमान जन्मायो । यलम्बर जन्मायो । अरि मल्ल जन्मायो । यक्ष मल्ल जन्मायो । जयप्रकाश जन्मायो । बाइसे चौबिसे राज्यहरू जन्मायो । सेनराज्यहरू जन्मायो । ती आए र गए पनि । ऊ हिँडिरहेछ ।

त्यो अर्थात् अठोट । चर्चिल जन्मायो । लेनिन जन्मायो । माओ जन्मायो । होचिमिन्ह जन्मायो । रबर्ट मुगावे जन्मायो । च्याङ्काइसेक जन्मायो । क्यास्ट्रो जन्मायो । नेल्सन मन्डेला जन्मायो । टिटो जन्मायो । कायदे आजम जन्मायो । शेखमुजीबुर जन्मायो । बिस्मार्क जन्मायो । जर्ज वासिङ्टन जन्मायो । हिट्लर जन्मायो । मुसोलिनी जन्मायो । पण्डित जवाहरलाल जन्मायो । इदी अमिन जन्मायो । अनि जन्माइरहेछ... ।

हाम्रै सन्दर्भमा अमर सिंह जन्मायो । भक्ति थापा जन्मायो । वंशीधर जन्मायो । बलभद्र जन्मायो । भीमसेन थापा जन्मायो । लखन थापा जन्मायो । शङ्खधर जन्मायो । पासाङ ल्हामु जन्मायो । पृथ्वीनारायण जन्मायो । तेन्जिङ शेर्पा जन्मायो । जङ्गबहादुर जन्मायो । गंगालाल जन्मायो । धर्मभक्त जन्मायो । दशरथ चन्द जन्मायो । शुक्रराज जन्मायो । जन्माइरहेछ । अनि जन्माइरहनेछ पनि ।

यथावत् छ क्रम । जन्मिरहेछन् । जन्मिरहनेछन् । मरिरहेछन् । गइरहेछन् । आइरहेछन् । हिँडिरहेछन् । हेरिरहेछन् । रोइरहेछन् । हाँसिरहेछन् । गाइरहेछन् । चाहिर हेछन् । पाइरहेछन् । कुँजिएको छैन ।

भाँचिएको छैन । भत्किएको छ । बिग्रिएको छैन । जमेको छैन । खिया लागेको छैन । बोधो भएको छैन । अभियान जारी छ । फैलिइरहेछ परिवृत्त । भोग्ने उपक्रममा सिकाइरहेछ । हिँडाइरहेछ । सबै सिकी गरिरहेछन् । हिंडिरहेछन् । अर्थात् भत्काइरहेछ । बिगारिरहेछ । बनाइरहेछ । सच्याइरहेछ । हिँडाइरहेछ । बसाइरहेछ । हँसाइरहेछ । रुवाइरहेछ । फुल्याइरहेछ । दाह्रा किटिरहेछ । समाइरहेछ र छाडिरहेछ । रोकिएको छैन । अल्भिएको छैन । थाकेको छैन । हारेको छैन । निरास बनेको छैन । बाटो हिंडिरहेछ । लगातार ... ।

केवल हामी जहाँको तहीँ उभिइर हेछौं । हैसियत भुलिरहेछौं । औकात छोट्याइरहेछौं । विस्मृतिको गर्भमा तरङ्ग पोखिरहेछौं । छोपिरहेछौं । खोस्नु पर्थ्यो । सकिरहेका छैनौं । समय भेट्टाउन नसक्नुको पीडामा लोप्पा खाइरहेछौं । वर्षौंवर्षदेखि दुखिरहेछौं । औषधी छ जान्दछौं । खोजीतिर हाम्रा पाइला अग्रसर भइरहेका छैनन् । हुनुपर्थ्यो थाहा छ । प्रयासमा सफल छैनौं । यही छ विडम्बना ।

त्यो अर्थात् समय । खहरे हो । भरना हो । नदी हो । समुद्र हो । सागर हो । सदियौंदेखि हिंडिरहेछ । पर्खिएन कसैलाई र पर्खदैन समेत । थकाइ मारेन । मार्दैन । हावाजस्तै उडिरह्यो । जीवन समय हो । ऊ जीवन हुन्छ । सान्निध्य छ । दुवैको बिचमा । अहा ! कस्तो निकटता । कस्तो समभदारी । दुवै हिँड्छन् । हिंडिरहेछन् । पाइला रोक्दैनन् रोक्किदैनन् ।

लक्ष्य छन् । कर्तव्य छन् । गन्तव्य छन् । वैचारिक संसार छन् । आस्थाका दिया छन् । अग्ला पहाड छन् । अठोटका गहिराइ छन् । उचाइ छन् । चौडाइ छन् । त्यसैले त हिँडिरहेछन् । कहिलेदेखि अज्ञात छ तिथि-मिति । कहिलेसम्म,त्यो पनि भन्न सकिन्नँ । अनुमान गर्न सकिन्छ सृष्टि रहेसम्म । सृजना बाँचेसम्म ।

त्यो गुरु-चेला दुवै हो । नेता-कार्यकर्ता दुवै हो । विश्वास-अविश्वास दुवै हो । विचार-अविचार दुवै हो । आस्था-अनास्था दुवै हो । अगुवा-पछुवा दुवै हो । संस्मरण-विस्मरण दुवै हो । कल्पना-यथार्थ दुवै हो । पाटो-बाटो दुवै हो । तृष्णा-वितृष्णा दुवै हो । सङ्कल्प-विचलन दुवै हो । हिजो-आज दुवै हो । भोलि-पर्सि दुवै हो । सधैं-सबै जम्मै हो । ऊ सबै हो र केही होइन । यसर्थ हिंडिरहेछ । हामी निरीहता बोकेर उभिइरहेछौं ।

छत्तिस

उभिइरहेछ । हेरिरहेछ । सोचिरहेछ । गमिरहेछ।पोखिइरहेछ।छरिइरहेछ।खोजिरहेछ। छामिरहेछ । भौंतारिइरहेछ वर्तमान ।

जोस छ । उमङ्ग छ । उत्साह छ । जाँगर छ । अठोट छ । सङ्कल्प छ । विश्वास छ । विचार छ । चिन्तन छ । दृढता छ । चाहना छ । आकाङ्क्षा छ । दृष्टान्त छ । दृष्टिकोण छ । विश्लेषण छ । तर्क छ । व्याख्या छ । सुदृष्टि छ ।

हाँस्छ । हौसिन्छ । रौसिन्छ । कल्पिन्छ । मक्ख छ । मस्त छ । विश्वस्त छ । विजेता सम्भन्छ । सम्भिरहेछ । भोलि पनि सम्भेला । अजेय ठान्छ । ठानिरहेछ । आँखा चिम्लन्छ । त्यही हो विजय । विचार दौडिरहेछ । कुदिरहेछ । पछिपछि छ । दूरी धेरै छैन । केही फरक । थोरै छ भिन्नता । सकिरहेको छैन । सबै कुदिरहेछन् ।

छताछुल्ल छ परिवेश । अमेल छ । नसुहाउँदो छ । अमिल्दो छ । हेरिरहेछ । तर बोल्दैन । ठान्दैन आवश्यक । मान्दै

मान्दैन । घुमाउँछ टाउको । टोक्छ औंलाहरू । चिम्लन्छ आँखा । तर बोली फुट्दैन । गति रोकिँदैन । रोकिनु हुँदैन । थाहा छ जम्मै । खोल्दैन मुख । मात्र हेर्छ । हेराइको प्रक्रिया । यथावत् देखिन्छ । अघि नै देखी । अर्थात् शताब्दीयौंबाट ।

एउटा सिङ्गो कथा । जो लेखिनुपर्थ्यो । लेखिएको छैन । प्रयत्नसम्म छैन । सोच छैन । समझदारी छैन । हिजो लेखिएन । आज पनि छैन । भोलि... ? आशासम्म गर्न सकिन्छ । तर परिवेश । अनुकूल छैन । प्रतिकूल देखिन्छ ।

चौतर्फी सपना । आश्वासन छ । कल्पनाका डोका छन् । पोका छन् । विचार छन् । स्वरहरू छन् । राग छन् । ताल छन् । प्रतिध्वनि छन् । अमिल्दा देखिन्छन् । बेस्वादिला छन् । जाँगरहीन छन् । विचारहीन छन् । विश्वास रहित छन् । सबैतिर छन् । सर्वत्र छन् । विश्वव्यापक छन् । पक्षमा पनि छन् । विरुद्धमा समेत छन् । चाटिरहेछन् जिब्रो । टाउको हल्लाइरहेछन् । बिर्सिरहेछन् आफैंलाई । परिवेश असरल्ल छ । गुजुमुज्ज छ । तर सबै आश्वासन भित्र छन् ।

गुलियोको खोजीमै । त्यसैमा रमाउँछ । हाँस्छ मज्जाले । सबै बिर्सन्छ । भुल्छ सबै, खोल्दैन आँखा । महत्त्वाकाङ्क्षा थुपार्छ । बोक्छ झोलामा । कुद्छ एक्लै । विजेता बन्छ । एक्लो विजेता । एक्लो प्रतियोगी । पुरस्कार आफैं दिन्छ । आफैं लिन्छ । मतलब राख्दैन । सन्तोष मान्छ । प्रफुल्ल पार्छ मस्तिष्क । यात्रा सुरु गर्छ ।

टाढा छ यथार्थ । निकै दूर । त्यो संसार । क्षितिज पारि छ । थोरै पुग्छन् । कठिन छ यात्रा । धेरैलाई पच्दैन । तितो छ । पिरो छ । टर्रो छ । अलिनो छ । मलिनो छ । अमिलो छ । बेस्वादिलो छ । सबै भागिरहेछन् । दौडिरहेछन् । लक्ष्य छैन । गन्तव्य पनि छैन । नाक थुनिएका छन् । आँखा छोपिएका छन् । कान बन्द छन् । तर उछिन-पाछिन छ । सबै दौडिरहेछन् । कुँदिरहेछन् । उफ्रिरहेछन् । रमाइरहेछन् ।

खोजी छ गुलियोको । अस्तिदेखि । हिजोदेखि । आजै पनि । अस्मिता बिकिरहेछ । अस्तित्व हराइरहेछ । विचार छैन । व्यभिचार हाँसेर । अँगालो खोज्दै छ । कतिपय तर्सेका छन् । डराएका छन् । भाग्न खोज्दै छन् । केही आत्मसात् गर्दै छन् । बाँच्ने नाममा । अभियानमा । अभिलाषाभित्र । गुजुमुज्ज छ परिवेश । अस्तित्वहीन छ भोगाइ । भइर हेछन् आत्मसात् । नचाहेरै पनि । नसोचेरै समेत । यस्तै छ नियति ।

बिक्रीमा छ आफैं । क्रम छ बाँच्ने । हाँस्ने । उफ्रने । कुद्ने । बिर्सने । चिच्याउने । यथार्थ जेहोस् । मरिरहेछ । कुहिरहेछ । गन्हाइरहेछ । भागिरहेछन् । नाक थुनिरहेछन् । तर थाहा छैन । भन्दैनन् कोही । मान्दैन पनि । सम्भवतः त्यसैले भनिएन । आवश्यक ठानिएन । बेस्वादिलो गन्ध । कस्तो ? कस्तो-कस्तो । तर छ । त्यसैले बेवास्ता छ ।

आँसु छ जताततै । हिजोदेखिको क्रम । रोकिएको छैन । कहिले कता । कहिले कता । दुखिरहेछ । चहऱ्याइरहेछ । पोलिरहेछ । टट्टाइरहेछ । तर प्रयास छैन । सार्थकता छैन । हतारो छ । खै के भन्नु ? सुनिंदैन । गनिंदैन । ठम्याइ छैन । किन ? उत्तर छैन । भए प्रश्नै उठ्दैनथ्यो । उठिरहेछ । हेरिरहेछ तर देखिंदैन । सोचिदैन ।

कति टुक्रिने ? के छ सीमा । मात्र भाँचिने । चोइटिने । कहिलेसम्म । हो, छैन उत्तर । खुल्दैनन् ओँठ । बन्द छन् । शताब्दीयौंदेखि । बस्ती त्यही भन्छ । डाँडा पाखाको स्वर । उस्तै उस्तै छ । खोलानालाको भाव । उही उही छ । मात्र मन भाँचिइर

हेछन् । चिरा-चिरा छन् । छरिएका छन् । मेची-काली काली/हिमाल तराई । उकाली-ओराली । सगरमाथा-केचना । सबैतिर । वरपर । यसै भन्न सकिन्न । किन थाहा छैन । तर सकिन्न । मात्र गम्न सकिन्छ । हेर्न सकिन्छ र सकिन्छ कल्पना बुन्न ।

बोलाइरहेछ । हँसाइरहेछ । कुदाइरहेछ । उफ्राइरहेछ । हिँडाइरहेछ । घुमाइरहेछ । डुलाइरहेछ । खुवाइरहेछ । पिलाइरहेछ । बिसाइरहेछ । भुलाइरहेछ । सम्झाइरहेछ । सुताइरहेछ । उठाइरहेछ । भइरहेछन् एकाएक । रिमोट कन्ट्रोलबाट ।

हामी रोबोट । २२ औं शताब्दी । मात्र रोबोट । विवेक मरिसक्यो । हरायो । शून्यमा परिणत भयो । कर्तव्य पुग्यो समुद्रपारि । आस्था ओइलायो । झर्‍यो । विश्वास डढ्यो । खरानी भयो । हावाले उडायो । कसैले भन्यो । कथा सुनायो । सुन्यौं मात्र । प्रश्न उठेन । विचार चलमलाएन । इच्छा उम्रेन । आकाङ्क्षा उठेन । जोस उम्रेन । होस गुम्यो । बेहोसी पलायो । ऐंजेरु जस्तै । वनमारा जस्तै ....।

तसर्थ हामी रोबोट । शून्य परम्परा । शून्य विचार । शून्य दृष्टान्त । शून्य दृष्टिकोण । केवल वैशाखी । अरू चढ्छन् । गन्तव्य पुग्छन् । आदेश दिन्छन् । त्यो पूरा हुन्छ । विवाद हुँदैन । संवाद हुँदैन । प्रतिवाद हुँदैन । काम हुन्छ । माम हुन्छ । दाम हुन्छ । नाम हुन्छ । हाम हुन्छ । लाम हुन्छ । डाम हुन्छ । हुन्छ धेरै । सीमा छैन । तौल छैन । केवल हुन्छ । मुन्टो हल्लिन्छ । चलमलाउँछ । विचार उठ्दैन । विमर्श हुँदैन । लुरुलुरु हिंड्छ । खुरुखुरु पुग्छ ।

परिचय चाहिँदैन । खोजिदैन पनि । त्यसैले चाहिँदैन । भन्न सकिन्छ । त्यो आवश्यकता हो । यथार्थ हो । विश्वास हो । दृष्टिकोण हो । विवेक हो । संरचना हो । सञ्जाल हो । उत्साह हो । उमङ्ग हो । वर्तमान खोजिरहेछ । भोगिरहेछ । बोकिरहेछ । हिँडिरहेछ । ताली बजिरहेछ । हाँसिरहेछन् । नाचिरहेछन् । गाइरहेछन् । सन्तुष्टि मानिरहेछन् ।

सन्तुष्टि हो जीवन । परिभाषा छ ओँठओँठमा । विचार-विचारमा । पाटो-पाटोमा । बाटो-बाटोमा । त्यसैले भुलिर हेछौं । बिर्सिरहेछौं । हराइरहेछौं । कराइरहेछौं । डराइरहेछौं । अभिनय भइरहेछ । यत्रतत्र चारैतिर । नाचिरहेछौं । रिमोट कन्ट्रोल छ । कुनातिर । रोबोट नाचिरहेछ । उफ्रिइरहेछ ।

रोबोट अर्थात् हामी । तपाईँ । म । उनीहरू । अधिकांश । ऊ बेचिरहेछ । किनिरहेछ । लडाइरहेछ । जुधाइरहेछ । हाँसिरहेछ । पहिचान गुमाएका । अस्तित्व हराएका । वा थाहा नपाएका सबै । अस्तित्वहीन विचारमा । नुहाइरहेछौँ । खै कहिलेसम्म ? थाहा छैन । नवीन युग । २२ औं शताब्दी । तसर्थ मन । चुलबुलिइरहेछ । रोबोट रिमोट कन्ट्रोल हामी । अर्थात् तपाईँ र म ।

सैतिस

समय दुखिरहेछ । चहर्‍याइरहेछ । टट्टाइरहेछ । पग्लिरहेछ । बग्लिरहेछ । डग्लिरहेछ । पोखिइरहेछ । बगिरहेछ । झरिरहेछ । चुहिरहेछ ।

मनहरू चुपचाप छन् । मात्र हेरिरहेछन् । बोली छैन । लोली छैन । तटस्थतामात्र । हेरिरहेछन् । तर चल्मलाउँदैनन् । ठिङ्ग उभिएका छन् । भयभीत आँखा । निस्तब्ध भाखा । प्रतिक्रिया-हलचल छँदै छैन ।

सायद विचार मरेको छ । विश्वास गुमेको छ । आस्था ओइलिएको छ । कुहिएको छ । स्मृति हराएको छ । अठोट उडेको छ । कामना दबेको छ । तृष्णा पोखिएको छ । उत्साह चुहिएको छ ।

महत्वाकाङ्क्षा दर्फराएको छ । त्यसैले ऊ । रिक्तताबीचमै शान्त छ । शब्दहीन छ । बोलिरहेको छैन । आवश्यक ठान्दैन पनि । तर पनि । मान्छेहरू हेरिरहेछन् । पर्खिर हेछन् । कुरिरहेछन् ।

टनाटन छ चौतारो । उसैको हो पर्खाई । विश्वासका गऱ्हाहरू । छन् अगाडि । बालिर हेछन् आस्था । थपिरहेछन् तेल । पक्कै आउँछ । सबैमा छ विश्वास । पलाएका छन् आशा । अङ्कुराएको छ भाव । तृष्णा जरो गाडिरहेछ । विचार सल्बलाउँदैछ । जिन्दगी बगिरहेछ । कुदिरहेछ । हिँडिरहेछ । प्रयत्न छन् मनमा । तर सकेको छैन । यात्रा जारी छ । तृष्णा छ । तनका पाटाहरूमा । उत्साहका बाटामा । अठोटसमेत छन् जागृत ।

बोकिरहेछ निरीहता । तसर्थ दुखिरहेछ । सधैं हारिरहेछ । रोइरहेछ । भागिरहेछ । हराइरहेछ । हिजैको नियति । थाहा छैन अझै । कति हो भोग्नुपर्ने । तर पनि सहिरहेछ । बोझिला आँखा । गलित-गलित स्वर । ढक्क फुलेको छाती । विह्वल मन । प्रतिकूल परिस्थिति । अन्योलग्रस्त मानसिकता । त्यतै हराएको ऊ । कुर्नेहरू कुरिरहेछन् अझै ।

किन ? प्रश्न अनेक । उत्तर छैनन् । विचार फेला पर्दैनन् । भेटिँदैन विश्वास । सम्भवतः लुकेको छ । भागेको छ । हराएको छ । भूमिगत भएको होला । अनुमान छन् । खोज्नेहरू थाकेका छैनन् । पर्खिनेहरू आत्तिएका छैनन् । विश्वास-आस्था छ सबैमा । उत्साह छ । जाँगर जोस ज्यूँका त्यूँ छन् । बाटो छाडेका छैनन् । सदियौंदेखि कुरिरहेछन् । अझै कुर्छौं । प्रतिक्रिया छ-तिनीहरूका ।

हिजो समय विपक्षमा थियो । मान्छेको विरुद्ध थियो । त्यसले आस्था जलायो । विश्वास बगायो । विचार बाल्यो । आगो ताप्न । अठोट उम्रनै दिएन । उखेल्दै गयो । फाल्दै गयो । उत्साह निमोठ्यो । एकपटक हैन । पटकौं-पटक । अनि समाज जंगियो । आक्रोशित बन्यो । क्रोध बल्यो आँखाबाट । हिजोलाई जलायो । खरानी तुल्यायो । बागमती र विष्णुमतीको । प्रदूषित पानीमा फाल्यो । त्यो दुर्गन्धित बन्यो । मान्छेहरूले नामै लिन चाहेनन् । विस्मृतिबाट हरायो क्रमशः ।

सुन्दर हुनुपर्छ आज । कल्पना थिए । सबैतिर आस्था थिए । दृढता थिए । अठोट थिए । तर बगे सबै । तुषारापात भयो । मान्छे आक्रोशित छन् । विक्षुब्ध छन् । ओइलाएका छन् । दुखेका छन् । अधीर बन्न खोज्दैछन् । थुम्थुम्याउने प्रयत्न नभएको होइन । छेकबार नाघ्न । नसक्ने सम्भावना पनि उत्तिकै छ ।

निरुत्तर छन् सबै । खै सुन्दर फूल । कहाँ गयो ? एउटै छ प्रश्न । अझै छैन उत्तर । एकातिर समय क्रूर बन्दै गइरहेछ । अर्कोतिर पर्खाइमा बस्नेहरू अधीर बनिर हेछन् । कसरी बुझाउनु ? कठिन छ स्थिति । फेरि मनहरू उठे भने । समय कहाँ पुग्ला ? कस्तो होला उसको नियति ? अनुमान लगाउन सकिन्न । सब समयकै हातमा छ । उसैले च्यापेको छ स्थिति ।

मन दुख्न खोज्छ । विचार उठ्न चाहन्छ । फेरि मान्छे उठे भने .... । तर समय परिस्थिति आत्मसात् गर्नुभन्दा । भाग्नुलाई सजिलो ठानिरहेछ । नहुनुपर्ने त्यस्तो । खोइ किन हो भइरहेछ । मान्छे चौतारामा कुरिर हेछन् । ऊ बेपत्ता बन्न खोज्दैछ । तसर्थ भागिरहेछ । छोडिरहेछ । कुदिरहेछ । भेट्टाउने प्रयत्न । सम्भव हुन सकेको छैन ।

अठतिस

बहुजातीय र बहुभाषिक राष्ट्र नेपालमा विभिन्न चाडपर्वहरू मनाइन्छन् । सबै

चाडबाडका आफ्नै मूल्य र मान्यता छन् । बहुजातीय बसोबासका कारण चाडबाड पनि बढी हुन पुगेका हुन् । जातजाति र सम्प्रदायपिच्छेका अलग-अलग रहनसहन, परम्परा र रीतिस्थितिको अस्तित्वका कारण पर्वमा अनेकता हुनु स्वाभाविकै हो ।

अनेकौं धार्मिक, जातीय र भाषिक सम्प्रदाय भए पनि एक आपसमा सहिष्णुभाव भएका कारण सबैमा राम्रो मिलाप छ । एकको चाडपर्वलाई अरूहरूले पनि सम्मान गर्नु, सहअस्तित्व स्वीकार गर्नु र एकआपसमा सहयोगी हात बढाउनुले पनि जातीय एकतामा राम्रो मलजल पुगेको हो । एकले अर्काको अस्तित्व स्वीकार्न नसक्नुको कारण कतिपय राष्ट्रमा आन्तरिक वादविवाद र झैझगडाले उग्ररूप लिई विखण्डनको तापमा पिल्सिएको देख्न र सुन्न पाइन्छ ।

परम्पराका रूपमा आएका चाडपर्वलाई बोझको रूपमा नलिई गच्छेअनुसार मनाउने हो भने यिनबाट पारिवारिक स्नेह, सद्भाव र मेलमिलाप तथा भातृत्वपूर्ण भावनाको विकासमा सहयोग पुग्छ । त्यसको उल्टो यिनलाई प्रतिस्पर्धा र आडम्बरको रूपमा लिने हो भने पारिवारिक मात्र हैन, सामाजिक विखण्डन र राष्ट्रियतामा समेत आँच पुग्ने निश्चित छ ।

हाम्रो जातीय परम्परा सद्भावपूर्ण भए पनि चाडपर्वप्रतिको दृष्टिकोण दिनप्रतिदिन ओरालो झरिरहेको छ । पुर्खाहरूका हरेक गतिविधिलाई रुढिवाद तथा आडम्बर मात्र देख्ने हाम्रा तथाकथित आधुनिक दृष्टिमा अतिवादी भाव छ । हामी कि त हाम्रो परम्परालाई अत्यन्त महत्त्वका साथ हेर्छौं । बढी खर्च गर्नु, बढी तामझाम पूर्णव्यवहार गर्नु, अरूलाई इख्याउनु र समाजमा आफ्नो मान-सम्मान माथि देखाउन जेसुकै गर्नुलाई गर्व ठान्छौं । जे-जसरी होस्, आफ्नो वर्चस्व सबभन्दा अगाडि देखियोस् भन्ने सोचमा मलजल गर्दै अगाडि बढ्छौं ।

अनि कि त तिनीहरूलाई नकारात्मक सोचमा राख्छौं र हीनताबोध गर्छौं । अर्काको विरुद्ध विषवमन गर्नु र त्यसलाई शब्दहरूभित्र राख्दै तल देखाउने प्रयत्न गर्छौं । यी दुवै कुरा व्यावहारिक हैनन् । दुवैका सोच एकलकाटे तथा बेअर्थका छन् यसर्थ हामीले मध्यमार्गी बाटो खोज्नुपर्छ । अर्थात् एक अर्कोको विरुद्ध विषवमन गर्नुभन्दा अगाडि आफ्नैलाई जान्ने, सुन्ने र बुझ्ने प्रयास गर्नु अवाश्यक छ ।

आज हामी संसारमा सबभन्दा पछाडि पर्नुको कारण आफू स्वयंले आफैलाई चिन्न नसक्नु हो । आफूलाई छाम्ने र चिन्ने प्रयास गर्ने हो भने छिटै हामी पनि निक्कै अगाडि बढ्न सक्छौं तर आजसम्मका हाम्रा सोचहरूत्यस किसिमका छैनन् । अंगुर अमिलो छ भन्ने दृष्टान्तले हाम्रो मस्तिष्कमा घर गरेको कारण हाम्रा पाइला अगाडि बढ्नुको साटो झन्झन् पछाडि झरिरहेका छन् । त्यो क्रम कहिलेसम्म रहने हो यसै भन्न सकिने स्थिति छैन ।

साना साना राष्ट्रहरूसमेत आफ्नो स्व पहिचानका साथ बाँचिरहेको वर्तमान परिवेशमा हामी भने परिवर्तनको नाममा आफूलाई मेटाउने असफल प्रयास गरिरहेका छौं । अगाडि बढ्ने, अभिलाषा बोक्ने नाउँमा आफैंलाई धिक्कारदै र धारे हात लाउँदै आफ्नै विरुद्ध अरिङ्गालको गोलो भैरहेछौं । आफूलाई बेचेर बाँचेको जीवनलाई कसरी सार्थक भन्न सकिएला र ? असत्यको पक्षमा जति ठुलो स्वर निकालेर लागे पनि एकदिन सत्य उद्घाटित भैछाड्ने हुनाले त्यो व्यर्थ हुनेछ भन्ने कुरा निर्भिकताका साथ भन्न सकिने स्थिति छ ।

हाम्रोलाई राम्रो नराम्रो छुट्याउने तथा राख्ने फाल्ने अधिकार हामीमा मात्र निहीत हुनुपर्छ । अर्काको बुइ चढेर राम्रो नराम्रो जाँच गर्नेतिर हामी लाग्यौं भने त्यसले हाम्रो हित गर्दैन । हो, क्षणिक रूपमा राम्रो लाग्ला तर कालान्तरमा हामीसँग पछुताउने भन्दा बाँकी केही पनि रहन्न । 'चार दिनका चाँदनी फिर अन्धेरी रात' भनेझैं अरूको बलमा पुगेको गन्तव्य आफ्नो कुनै पनि हालतमा हुन सक्दैन ।

परायको जतिसुकै राम्रो कुराले पनि हाम्रा पाइला पछ्याउँदैनन् । दुईचार दिन अलमल्याउने मात्र हुन सक्छन् । आज विकासको चरमचुलीमा पुगेका जुनसुकै राष्ट्रको पनि विगत खोज्ने हो भने तिनीहरू आफैंलाई चिनेपछि मात्र अगाडि पुग्न सकेको प्रमाण भेट्टाइन्छ । जबसम्म आफ्नै होची अर्घेली छामेर त्यसको पूर्तिको निम्ति मन र पाइलाहरू अग्रसर हुँदैनन् तबसम्म हाम्रो सोच तथा विचार नमच्चिने पिङको सय झड्का भन्ने नेपाली उखानभन्दा अगाडि हुँदैन भन्दा सम्भवत अतिशयोक्ति नठहर्ला ।

हरेक काम कुरो गर्दा आफ्नो हैसियत पत्ता लगाएर गन्तव्यको खोजीमा लाग्ने हो भने पछि पश्चाताप गर्नुपर्ने अवस्था कहिल्यै आउँदैन तर हामी लहलहैमा लागेर अर्काको ठम्याइमा प्रयोग हुने गरेकाले स्थिति अप्ठेरो बाटोतिर लागेको हो । हिजोदेखि नै हाम्रो समस्या भनेको आफ्नो पहिचान पत्ता लगाउन नसक्नु हो । जहिले हामी आफूलाई जितेर अगाडि बढ्छौं तैले हाम्रा गन्तव्यका पाइलाहरू निश्चित विन्दुमा पुग्न सक्छन् भन्न सकिन्छ ।

हामीले प्रगति गर्न नसक्नु, दुःखपाउनु र विकासमा सधैं पछाडि पर्नुको मूल कारण नै हाम्रो दृष्टिकोण सकारात्मक हुन नसक्नु हो । मनमा विद्वेष र कलुषित भावनाको पोको बोकेर हिंडेपछि अवश्य पनि सफलता हात लाग्दैन किनकि सफलताको निम्ति कर्तव्य र अधिकारका साथै सकारात्मक सोचको नितान्त आवश्यकता छ । सकारात्मक सोचको अभावमा कुनै पनि कुरा राम्रोसँग अगाडि बढ्न सक्दैन र यदि बढी हाले पनि त्यसको टिकाउ हुँदैन । टिकाउ नहुनु नै प्रगतिको निम्ति घातक कुरा हो । आफ्नो स्वअस्तित्व र पहिचानका साथ बाँच्नु नै वास्तवमा जीवन हो । जीवनको परिधि हो । विचारको सुन्दर तथा शाश्वत पाटो हो । यसले नै सिङ्गो परिवेशमा जीवनको सार्थकताबोध गराउँछ ।

हाम्रा मूल्य, मान्यता र आस्थामा चारैतिरबाट आक्रमण भइरहेको छ । हामी कि त त्यसै बोलीमा लोली मिसाइरहेका छौं, या त निरीहतापूर्वक हेरिरहेकाछौं । आफूमाथि गरिएको प्रहारलाई चिनेर प्रतिकार गर्न नसक्नु पनि एक किसिमको आक्रामणमा सहयोग गर्नु नै हो । कि त परिस्थितिलाई आत्मसात गरेर अगाडि बढ्न सक्नुपर्‍यो हैन भने पलायनता अंगाल्नुपर्‍यो । हामी दोस्रो पक्षमा नतमस्तक बनिरहेका छौं । जिउँदो राष्ट्र, समाज र समुदायको निम्ति यो अत्यन्तै नकारात्मक पक्ष हो । सचेत र प्रबुद्धवर्गको ध्यान बेलैमा यतातिर आकर्षित हुन सकेन भने हामी नराम्रोसँग भड्खालोमा जाकिन्छौं, जहाँबाट कहिल्यै पनि बाहिर आउन सकिने छैन ।

बलिया जोगी, क्षेत्री र बाहुनलाई चतुर किसानले छकाएझैं हामी पनि नराम्ररी छकिइरहेका छौं । हाम्रा कुनै पनि चाडपर्व वा संस्कार यो हैसियतले मनाउनुपर्छ भनेर कतै लेखिएको छैन । त्यसको स्तर यो हुनुपर्छ पनि भनिएको छैन । बडप्पन गरेर आफूलाई अग्लो देखाउन हुने नहुने गर्ने

हामी तर त्यसको दोष तिनीहरूले खप्नुपर्ने परिस्थिति, ओ हो कति लाजमर्दो ?

सबैभन्दा ठुलो कुरा हैसियत हो । आफ्नो हैसियत र गच्छेअनुसार मनाए त त्यसलाई गाली गर्ने ठावैं रहन्न नि एकातिर आफू नजान्ने र बडप्पनमा सहभागी बन्ने अनि अर्कोतिर त्यसको विपक्षमा विरोधीतिर गाला जोर्दै नानाभाँती भन्दै हिंड्ने हाम्रो आफ्नै नपुंसकता हैन ? आफ्नो नालायकीपन ढाक्न हामी आफूलाई जसरी पनि प्रस्तुत गर्ने सोचलाई त्याग्नु नितान्त आवश्यक छ । यो नै समयको माग पनि हो ।

उनन्चालिस

बग्दै छ खोलो । नबग्दा पनि हुन्छ । जम्न सक्छ । देखिन्छ सम्भावना । किनार हाँस्दै छ । बगर दाह्रा किटिरहेछ । उबडखाबड छन् ढुङ्गा । पानी बगिरहेछ । आइरहेछ आवाज । आहा कति मिठो ! कहिल्यै बग्दैन खोलो । पानी बग्छ । मन बग्छ । विचार बग्छ । भावना बग्छ । त्यही भैरहेछ । उठ्न सकिरहेको छैन । थिच्नेहरू रमाइरहेछन् । किच्नेहरू मख्ख छन् । उत्साहित छन् । तिनीहरूकै छ राज । विश्वास नलाग्ला । मान्नैपर्छ । या पछुताउनु पर्नेछ ।

अपरिचित भैरहेछ समय । बिरानो बन्न खोज्दैछ । खै कसरी परिभाषा गर्नु । नगरी पनि भएन । आकाङ्क्षा खुम्चदो छ । विश्वास झरिरहेछ । दृष्टिकोण थचक्क बसेको छ । चिन्तन खजमजिएका छन् । आस्थामा सइन पल्टेको छ । वीभत्स छ दृश्य । त्यस्तै लाग्यो । साँच्चै हो । मन दुविधाग्रस्त छ । अन्धकार छ वरिपरि । बिराना देखिन्छन् सबै । लहर खाली छ । सोध्न मन लाग्छ । तर सामर्थ्य जुट्दैन । तपाईं जानकार हुनुहुन्छ ? ढुक्क हुने अवस्था छैन । मन मान्दै मान्दैन । दौड्न खोज्छ । कराउन खोज्छ । रमिते छु । आँखा लागिरहेछ ।

मान्छे इतिहास हो । भूगोल हो । अर्थशास्त्र हो । मानवशास्त्र हो । समाजशास्त्र हो । राजनीतिशास्त्र हो । तर्कशास्त्र हो । दर्शनशास्त्र हो । प्राणीशास्त्र हो । जीवशास्त्र हो । अनि कथा हो । कविता हो । नाटक हो । गीत हो । गजल हो । भजन हो । खण्डकाव्य हो । महाकाव्य हो । उपन्यास हो । निबन्ध हो । समालोचना हो । जताततै देखिन्छ । तर जहाँ तहीँ भेटिन्न । सतप्रतिशत सत्यता छ । ऊ खिइँदै छ । दुब्लाउँदै छ । ओइलाउँदै छ । फाट्दै छ धाँजा । चर्कदै छ चर्चरी । मेटिदै छ । ओइलाउँदै छ ।

प्रगति के हो ? कस्तोलाई मान्ने ? कस्तो हुन्छ समग्र स्वरूप । दिनुहुन्छ सटिक उत्तर ? सम्भवतः छैन होला । भए निर्धक्क दिँदा हुन्छ । कसले गरेको ? सकारात्मक कस्तालाई मान्ने ? के हो सीमारेखा ? अलमल्ल छन् जम्मै । सबै-सबैका लागि भन्छन् । अमेरिका वा उत्तरकोरिया । प्यालेस्टायन वा इजरायल । बेलायत वा अर्जेन्टिना । लेवनान वा सिरिया/इन्डोनेसिया वा पूर्वी टिमोर अथवा अरू पनि धेरै । कसरी बुझ्ने चाहनेले । एउटै छैनन् उत्तर-प्रत्युत्तरहरू । के हो त निश्चितता । कठिन छ यकिन गर्न ।

आजको बखान भयो । श्रवण गरे कानहरूले । मेरा मात्र हैनन । थुप्रै थिए । सङ्ख्या यकिन कठिनै छ । धेरै अर्थात् हजारौं । मान्नुस्, नमान्नुस् तपाईंको कुरा । बाध्य पार्न सक्दिनँ । मान्यता पनि छैन । छान्ने स्वतन्त्रता छ । अरूलाई पनि हुनुपर्छ । विश्वास गर्छु । त्यो अचम्मको रहेछ । धेरैलाई अनौठो लाग्यो । सुने रिसाउन

सक्छ। आक्रमण पनि सम्भव छ। होसियार रहनुहोला। आफूलाई मात्र चिन्छ। मलाई चिनेन। तपाईंलाई पनि चिन्दैन होला। सोधी हेर्नोस्।

जीवन एउटा शृङ्खला हो। बाँच्ने आ-आफ्ना शैली हुन्छन्। भिन्नता छ। विचारमा फक्रन्छ। आस्थामा फुल्छ। विश्वासमा लहरिन्छ। मूल समस्या चिन्नुमा छ। अल्झाइरहेछ बेस्सरी। बन्धन दर्बिलो छ। भूतको, भविष्यको र वर्तमानको। घेरो हुँदो रहेछ। बाँच्न सक्दैन बिर्सेर। भन्छन् सकिन्छ। तर आँट जोकोहीमा देखिँदैन। अनुभूति त्यसै भन्छ। वास्तविकता स्वीकार्न गाह्रो मान्छ। आजको समस्या हैन। हिजैदेखि भइरहेको छ। चलाइरहेछ र चलिरहेछ।

केही गफ भयो। दुःख-सुख साटासाट भए। वचनबद्धता पनि बने। बाटा अनेक थिए। फरक-फरक परे। खुबै हिंडियो। आ-आफ्ना पारामा। बीचमा भेटघाट भएन। आँखामा थियो। सम्झन्थैं यदाकदा। विगत सम्झाउँथ्यो। वर्तमान ओइलाउँथ्यो। भविष्य सङ्केत गर्थ्यो। एकदिन ऊ भेटियो। चिन्न सकेन। म फिस्स हाँसैं। अर्कोतिर फर्कियो। चियाको सुर्को तानिरहेका देखिन्थे। समय बिताउँदै थिए। साँच्चै अन्योल तेर्सियो। दोधारियो मन। कि भ्रम हो ? सोधैं आफैंलाई।

एक्कासि चिच्यायो। डाँडोमा घाम थियो। खेताला चौतारामा देखिन्थे। पसले गिलास पखाल्दै थियो। समयको हत्या हुँदै थियो। मलामीहरू लहरमा थिए। तीसँग खासै केही थिएन। स्वर थियो। हाँसो पनि थियो। हल्लने टाउका थिए। बेमौसमको चिन्तन थियो। न तर्क थियो, न त प्रस्ताव नै। न विचार थियो। न त मूल-मान्यता। न अठोट थियो। न त भावनाको प्रकाशपुञ्ज। हत्याराहरू मस्तसँग हाँसिरहेका देखिन्थे। मलामी टाउका नहल्लने कुरै भएन। विचरा समय आफैं साक्षी थियो। टिठ लाग्दो देखिन्थ्यो दृश्य।

म मूल सडकमा थिएँ। ऊ सुतिरहेको थियो। कहिलेदेखि होला। आजसम्म कसैले प्रश्न उठाएको छैन। सुनेको मात्र हैन पढेको पनि छैन। ए, अचम्म। कति सुत्न सकेको होला। छक्क परिरहेको छु। अलमलमा पाऱ्यो चिच्याहटले। किन होला ? एकान्तलाई सोधैं। मन गुथ्थ परेको रहेछ। केको दिन्थ्यो जवाफ ? टसको मस भएन। जस्ताको तस्तै। कस्तो-कस्तो भोग्नुपरेको हो कुन्नि। ठम्याउनैसमेत हम्मे-हम्मे भयो।

मनाउन मन लागेन। कति मात्तिएको त ? छकायो आँसुले। सत्य थियो। कसैले छोप्न सक्दैन। तपाईं समेत सक्नुहुन्न। पछाडि पर्ने सम्भावना छ। थाहा छ कि छैन ? त्यो त अधिकार हो। कर्तव्य र अधिकार। एकै सिक्काका दुई पाटा। देश कसैको गोजी होइन। रोटी पनि होइन। सबै सचेत बन्नैपर्छ। स्वार्थमा भज्नु हुँदैन। मेरो मान्यता हो। तपाईंको पनि हुनुपर्छ। मलाई विश्वास छ पनि।

मान्छेहरू परिवर्तनको सङ्घारमा छन्। यो संक्रमणकालीन समय हो। चनाखो रहनै पर्छ। माटो मुटु हो। बिम्ब प्रतिविम्ब हो। योसँग सौदाबाजी नहोस्। जिउ रहे घिउ पिउन पाइन्छ भन्नुभयो रे। सबैतिर यो लागु हुँदैन। देशै नरहे तपाईं कहाँ रहनुहुन्छ ? पहिले त यो रहनुपर्छ। तपाईं र म गौण हौं। व्यक्तिइच्छा छाडिदिनुस्। यहाँ नै गर्नुहोला रजगज। हामीलाई चाहिन्न। यस्ताहरूको एउटा लामै लहर छ। म शुभेच्छुक हुँ। रक्षा मेरो सर्त हो। मान्नु हुनुहुन्छ ? तयार बन्नुहोस्।

मन नालापानी पुग्छ। जैथक पुग्छ।

काङ्गडा पुग्छ । दिगर्चा पुग्छ । गङ्गा पुग्छ । टिष्टा पुग्छ । सतलज पुग्छ । तपाईं केमा मस्त हुनुहुन्छ । देश रहे त्यो तपाईंकै हो । तपाईंहरूकै हो । किन डराउनुहुन्छ ? निर्धक्क बन्नुहोस् । यो कसैको पेवा हैन । न त हो बपौती नै । मेरो स्वार्थ पुर्खाको नासो । माटोको स्वतन्त्रता । बोलि त दिनुस् । किन हिचकिचाहट ? यो त हुँदै भएन । कि राजा मिदास बन्दै हुनुहुन्छ । वा नेपोलियन र हिट्लरको चाहना छ ? त्यो नलिएकै जाती । त्यसले तपाईंको हित गर्दैन । सक्दैन पनि । सोच्नोस् । गम्नोस् र विचार गर्नोस् ।

स्मरण गर्नोस त पुर्खाहरूलाई । कि आफू सम्भmदा सबै बिर्से हुन्छ ? सिंहदरबारले बिर्साउँछ । म अन्योलमा छु । अनौठो लागिरहेछ । पुर्खाको इच्छा कस्तो थियो । सहिद सम्झनुभएको छ ? त्याग र बलिदान कता छन् । राख्नोस् मनमा । वर्तमानमात्र सबै होइन । तपाईं पनि त इतिहास हो । इतिहास साक्षी छ । सकारात्मक दृष्टि लिनुपर्छ । नकारात्मकता छाड्नोस् । अगाडि बढ्नोस् निर्धक्क । भविष्य नबिर्सनोस् । त्यसमा पनि हुनुहुन्छ । विम्ब प्रतिबिम्ब भेट्न सकिन्छ । खोजे त पाइने हो । त्यो तपाईंमै छ निर्भर । पछुताउने काम किन गर्नु ? ल भन्नुस् त । जीवनको पाटो लामो छ । मान्छे भूत, भविष्य र वर्तमान सबै हो ।

त्यो दगुर्न थाल्यो । चौतारो थियो हाँसिरहेको । सबैको ध्यान खिचेको देखिन्थ्यो । मुख नबोले पनि शरीर हल्लाउँदै थियो । अनौठो देखिन्थ्यो । शरीरको चालढाल । सबथोक हुँ भन्थ्यो । छक्क थिए सबै । अचानक उठ्यो । आँखा मिच्यो । किन दौडेको होला । गोठालाहरू गफिए । सबैले छक्क बन्नुपऱ्यो । छक्क पनि महाछक्क । आफैं भएकालाई । अरूले छक्क बनेर सोधे । के दिनु जवाफ । कारण भूमिगत छ ।

चहचह छ मन । कौतूहलता कुदिरहेछ । उत्साह लाग्न खोज्दै छ उकालो । किन दुगुऱ्यो ? भन्न सक्नुहुन्छ ? कृपया सहयोग गर्नुहोला । म पनि गुन मान्छु । आवाजद्वारा घेरिएको छु । ओठओठमा प्रश्न छन् । प्रश्न त मसँग पनि छ । उत्तर दिनुपर्ने परिस्थिति पो छ त । आवश्यकतामा तन्कनु मान्छेको विशेषता हो । हैन त ? कि मैले ठिक भनिन हँ ? टाउको हल्लाउनुहोस् न त । अनि खिसिक्क हाँस्नोस् पनि । केवल त्यति भए पुग्छ । तपाईंलाई दुःख दिन्नँ । साँच्चै, सत्ते, धरोधर्म । नपत्याएको हो ? ढाँट्दिनँ क्या !

स्वाधीनता । अखण्डता । सार्वभौमिकता र विकसित माटो । तपाईंको र मेरो समग्र कल्पना । मेरो माटो । तपाईंको पनि माटो । सबैको माटो । मेरो नेपाल । सबै नेपालीको नेपाल । प्यारो नेपाल । आस्थाको नेपाल । विश्वासको नेपाल । सुन्दर नेपाल । शान्त नेपाल ।

चालिस

ङिच्च हाँस्यो । बोलुँलाझैँ गऱ्यो । तर सकेन । ऊ अर्थात् चन्द्रे । अकमक्कियो । के भन्ने । कसो गर्ने । चुपचाप उभियो । जुरुक्क उठ्यो । वरिपरि हेऱ्यो । नाम्लो सुमसुम्यायो । भारी बिसायो । डोरी कस्यो । टुसुक्क बस्यो । साथीतिर हेऱ्यो । बिँडी तान्यो । पटुका कस्यो । थकाइ मेट्दै थियो । सहयोगी थियो चौतारो । लहरमा थिए सबै । टोपी झिक्यो । पसिना पुछ्यो । सुस्केरा हाल्यो । टाउको हल्लायो । औंला फिंजायो । ओँठ चलायो । आवाज आएन । आँखा चिम्लियो । क्षणमै खोल्यो । साथीहरूतिर लाग्यो । उज्यालियो अनुहार । शान्त देखिन्थ्यो । मनमा पोखियो । भावनामा छरियो ।

काँइलो थियो । जिते थियो । डल्ले थियो । चित्रे थियो । हर्के थियो । पुतली थिई । लालमती थिई । झुमा थिई । लुलु थिई । दीपा थिई । ताता थिई । मैचा थिई । सुन्दरिया थिई । मस्त थिए सबै । झोला छाम्यो । एकछिनसम्म खोतल्यो । घुर्मैलो थियो घाम । हावा चल्दै थियो । उभिइरहेको थियो पिपल । थिएन हलचल । ती थकाइ मेट्दै थिए । हिँड्नु छ अझै-सोच्यो । निक्कै छ बाटो-गम्यो । छातीमा जाँगर थियो । ओँठमा तिर्सना थियो । हार थिएन मनमा । विश्वासमा डुब्यो । हरायो पटकौँ पटक । अडेर उभियो । जुर्मुरायो हौसला । बाटो मुस्कुरायो ।

त्यसले भन्यो । ऊ बोलेन । ध्यान दिएर सुन्यो । फर्काएन जवाफ । आवश्यक पनि सम्झेन । स्मृतिमा पुग्यो । नयाँ विश्वास । नयाँ जोस । नयाँ जाँगर । नयाँ अठोट । नयाँ विचार । नयाँ कल्पना । नयाँ परिकल्पना । नयाँ मान्छे । नयाँ वर्ष । नयाँ शुभारम्भ । नयाँ मूल्य । नयाँ मान्यता । नयाँ सोच । नवीन दृष्टिकोण । सुन्दर आस्था । नयाँ दृढता । नयाँ कामना । नयाँ इच्छा । नयाँ आकाङ्क्षा । नयाँ खुड्किलो । नयाँ गन्तव्य । नयाँ उत्साह । नयाँ चाहना । नयाँ सङ्कल्प । नयाँ दृष्टान्त । नयाँ गौरव । नयाँ सौरभ । नयाँ आत्मसन्तोष । नयाँ आत्माभिमान । नयाँ तिर्सना । नयाँ बिम्ब । नयाँ प्रतिबिम्ब । नयाँ क्रिया । नयाँ प्रतिक्रिया ।

सुन्यो जम्मै । एकचित्त लगायो । हल्लिएन कतै । बुझेन केही । प्रतिक्रिया थिएन । दिएन पनि । जानेन पनि । झिम्किएनन् आँखा । स्थिर पाइला । अडिग कल्पना । शून्य निश्चिन्तता । सुनसान बाटो । सुन्दर सत्य । सत्यमय सुन्दरता । ऊ चन्द्रबहादुर । मुसुक्क हाँस्यो । वरिपरि हेऱ्यो । फूल देख्यो । काँढा देखेन । विश्वास देख्यो । अविश्वास देखेन । आफूलाई हेऱ्यो । छाम्यो बिस्तारै । पटकौँ पटक सोचमा डुब्यो । विचारमा बग्यो । सम्झनामा तैरियो । कल्पनामा उड्यो । चाल्यो पखेटा । हरायो एक्लै । आफूलाई भेट्यो । सन्तुष्ट बन्यो । सोचमग्न देखियो अनि मुस्कुरायो । केही सम्झ्यो । तर हलचल गरेन ।

काँढा भेटियो । भीर फेला पऱ्यो । उकालो चढ्यो । ओरालो झऱ्यो । गम्भीर बन्यो । सोझो हिँड्यो । बाङ्गो हिँडेन । सत्य खोज्यो । शिव खोज्यो । सुन्दर खोज्यो । फेला परेन । घोरियो एक्लै । उत्साह उचाल्यो । अङ्गालो माऱ्यो । म्वाईं खायो । जुरुक्क बोक्यो । हौसला च्याप्यो । विश्वास रोप्यो । विचार झ्याङ्गियो । मख्ख पऱ्यो । दङ्गदास बन्यो । सोच्नेहरू तर्सिए । डराए पनि । ऊ रोकिएन । पाइलाहरू बढाइरह्यो क्रमशः क्रमशः । पछ्याउनेले भेटेनन् । ऊ रोकिएन । भन्दै गयो । नयाँ नेपाल । राम्रो नेपाल । सुन्दर नेपाल । स्वस्थ नेपाल । स्वच्छ नेपाल । शान्त नेपाल । समृद्ध नेपाल । गतिशील नेपाल । प्रगतिशील नेपाल । परिवर्तित नेपाल । उहाँको नेपाल । हाम्रो नेपाल । तपाईंहरूको नेपाल । मेरो नेपाल । उसको नेपाल । सबैको नेपाल । नेपालीहरूको नेपाल । सङ्कल्पको नेपाल । विचारको नेपाल । उचाइँको नेपाल । प्रतिबद्ध नेपाल । प्रबुद्ध नेपाल । आँसुविहीन नेपाल । खुसीको नेपाल । सुखीको नेपाल । समानताको नेपाल । रमाइलो नेपाल । घमाइलो नेपाल । जाँगरिलो नेपाल । जोसिलो नेपाल । होसिलो नेपाल ।

कति राम्रो । ऊ हाँस्यो । टाउको हल्लायो । साह्रै राम्रो । एक्लै भन्यो । ठिङ्ग उभियो । ध्यानपूर्वक सुन्यो । ज्ञानले सुन्यो । मनले तुन्यो । मुन्टो हल्लायो ।

खिस्स हाँस्यो । ओँठ चलेन । मन बोलेन । विचार खोलेन । आवश्यक ठानेन । अस्ति सुन्यो । हिजो सुन्यो । आज सुन्दै छ । भोलि सुन्नुपर्नेछ । आशावादी छ । उत्साहित छ । उमङ्गित छ । सोच्दै गयो । गम्दै गयो । बुझ्दै गयो । बुझाउँदै गयो । हाँस्न थाल्यो । हँसाउन थाल्यो । हिँड्न थाल्यो । हिँडाउन थाल्यो । निरन्तर-निरन्तर ।

चन्द्रेहरू सुन्छन् । बिरेले भन्यो । अस्ति सुने । हिजो सुने । आज सुन्दै छन् । भोलि सुन्ने छन् । धिरेले सम्झायो । औंला टोक्यो । टाउको हल्लायो । आँखा झिम्क्यायो । बिरे बोलेन । चन्द्रे आयो । बोलाउन खोज्यो । आग्रह गर्‍यो । अनुरोध गर्‍यो । धम्की दियो । तर बिरे बोलेन । डङरङ्ग पछारियो । फेरि उठेन । एम्बुलेन्स आयो । अस्पताल लग्यो । चाँडै निको होस् । सबैले त्यही भने । दोहोर्‍याए बारम्बार ।

सुन्दर सपना । स्वस्थ र सुरम्य सपना । ढकमक्क फुल्यो । लटरम्म फल्यो । राम्ररी लहरियो । बेस्सरी झाङ्गियो । चन्द्रे हाँस्यो । मनमा छ । पोकोमा छ । खोल्छ यदाकदा । हेर्छ मजाले । गुनगुनाउँछ एक्लै । बोकिरहेछ र हिँडिरहेछ । छैन खाली । आवश्यकता पर्छ । बिरेलाई सम्झन्छ । धिरेलाई सम्झन्छ । रिस उठ्छ । धारे हात लाउँछ । दाह्रा किट्छ । त्यसले भन्यो । ऊ बोलेन । केवल सुन्यो । प्रतिक्रिया विहीन बोली । प्रत्युत्तर विहीन जवाफ । सपना बोक्नेहरू । कुटुलाझैं गर्‍यो । त्यो भाग्यो । उसले पछ्यायो । तर भेट्न सकेन । प्रयास जारी राख्यो । हार्न चाहेन । पछ्याइरह्यो-पछ्याइरह्यो ।

एकान्त थियो । एक्लो थियो । त्यो घेरियो । चन्द्रे सम्झ्यो । बिरे सम्झ्यो । धिरे सम्झ्यो । कोही थिएनन् । नितान्त एक्लो । मन दोधारियो । हो क्यारे सोच्यो । अगाडि बढेन । द्विविधा भयो । ख्वाक्क खोक्यो । पसिना पुछ्यो । टोपी झिक्यो । स्वास्नी सम्झ्यो । छोराछोरी सम्झ्यो । बाल्यकाल आयो । युवावस्था आयो । वृद्धावस्थामा छ । चिरियो छाती । झल्याँस्स भयो । सपनामै बाँचिरहेछ । बोकाउनेहरू मस्त छन् । अस्ति जस्तै । हिजो जस्तै । बोल्न सक्दैनन् । त्यसैमा छ स्वार्थ । त्यहीँ छ निरीहता । झिनो आशा । सम्भवतः रहिरहनेछ ।

यस्तै छ । भइरहेछ । कहिलेसम्म । थाहा छैन । तर छ । मसिनो आशा । झिनो विचार । अपत्यारिलो सम्झना । एउटा तृष्णा । थोरै अभिलाषा । सिङ्गो जिन्दगी । हँसिलो तपाईं । रसिलो तपाईं । सिङ्गो नेपाल । सुन्दर नेपाल । राम्रो नेपाल । उर्वर नेपाल । प्यारो नेपाल ।

एकचालिस

वर्षौंदेखि । सदियौंदेखि । दुखिरहेछ । चुँडिइरहेछ । पोखिइरहेछ । हल्लिइरहेछ । थर्किइरहेछ । चुटिइरहेछ । पिटिइरहेछ । बगिरहेछ। छरिइरहेछ। चहराइरहेछ। हराइरहेछ। ओइलिइरहेछ ।

ती हाँसिरहेछन् । नाचिरहेछन् । गाइरहेछन् । खाइरहेछन् । पिइरहेछन् । उफ्रिइरहेछन् । कुदिरहेछन् । जम्मै छन् । सबै छन् । पोख्त छन् । दक्ष छन् । विज्ञ छन् । शिष्ट छन् । विशिष्ट छन् । बुझ्ने छन् । बुझाउने छन् । जान्ने छन् । ज्ञानी छन् । दानी छन् । सक्षम छन् । श्रेष्ठ छन् । सर्वश्रेष्ठ छन् । उदार छन् ।

आफू हेर्छन् । आफ्ना हेर्छन् । आफन्त हेर्छन् । नाता हेर्छन् । नातेदार हेर्छन् । प्रतिबिम्ब हेर्छन् । आस्था हेर्छन् । विश्वास हेर्छन् । प्रकाश हेर्छन् । ज्योति हेर्छन् ।

शिक्षा हेर्छन् । दीक्षा हेर्छन् । शिक्षित हेर्छन् । दीक्षित हेर्छन् । जान्ने हेर्छन् । सुन्ने हेर्छन् । बुझ्ने हेर्छन् । हाँस्ने हेर्छन् । हँसाउने हेर्छन् ।

चरीचुच्चे च । एउटा नाम । एउटा काम । एउटा बिराम । जुरुक्क उठ्छ । थुचुक्क बस्छ । बाटो देखाउँछन् । साटो देखाउँछन् । माटो देखाउँछन् । टाटो देखाउँछन् । गुरु देखाउँछन् । मौलाना देखाउँछन् । पादरी देखाउँछन् । लामा देखाउँछन् । दर्शन देखाउँछन् । विचार देखाउँछन् । विश्वास देखाउँछन् । मन्दिर देखाउँछन् । गुम्बा देखाउँछन् । मस्जिद देखाउँछन् । चर्च देखाउँछन् । गुरुद्वारा देखाउँछन् । पाटी देखाउँछन् । पौवा देखाउँछन् । सत्तल देखाउँछन् । चौतारा देखाउँछन् । सल्लाह देखाउँछन् । परामर्श देखाउँछन् । सुझाउ देखाउँछन् । भलाकुसारी देखाउँछन् ।

बुझ्दैन केही । बोल्दैन पनि । हाँस्दैन कहिल्यै । उभिइरहेछ । रुखजस्तै । पहाडजस्तै । विश्वासजस्तै । विचारजस्तै । अर्थात् आकृति । चरीचुच्चे च । खेलाडी छन् । चाकर छन् । चाकरी छन् । हार्नेछन् । हराउनेछन् । चिन्दैनन् । चिनिरहेका छैनन् । नचिन्लान् पनि । चिन्नै पर्छ र ? एक भन्छ । दुई भन्छ । तीन भन्छ । चार भन्छ । पाँच भन्छ । भन्दै जान्छन् । जाँदै भन्छन् ।

नुर्बु चिन्दैन । आशनारायण चिन्दैन । हितकाजी चिन्दैन । भुतुचा चिन्दैन । चतुरे चिन्दैन । तिलक चिन्दैन । विष्णु चिन्दैन । उत्तम चिन्दैन । राम चिन्दैन । बलराम चिन्दैन । गोपी चिन्दैन । बब्लु चिन्दैन । नागेन्द्र चिन्दैन । टेके चिन्दैन । युवे चिन्दैन । सोहन चिन्दैन । मुस्तफा चिन्दैन । धनजीत चिन्दैन । धेरै चिन्दैनन् । कोही पनि चिन्दैनन् । चरीचुच्चे छक्क पर्छ । अचम्म मान्छ । बोल्दैन किमार्थ । मात्र हेर्छ टुलुटुलु ।

विश्वासले जान्छन् । आस्थाले जान्छन् । मनले जान्छन् । तनले जान्छन् । धनले जान्छन् । गैरहेछन् । पूजा गर्छन् । प्रार्थना गर्छन् । पाठ गर्छन् । भजन गर्छन् । कीर्तन गर्छन् । खुट्टा ढोग्छन् । निरीह बन्छन् । यसो माग्छन् । त्यसो माग्छन् । उसो माग्छन् । रोएर माग्छन् । लडेर माग्छन् । दुखेर माग्छन् । चिच्याएर माग्छन् । मागिरहेका हुन्छन् । मागिरहन्छन् र मागिरहन्छन् ।

प्रभु हाँस्छ । एक्लै हाँस्छ । खुब हाँस्छ । औंला चलाउँछ । टाउको घुमाउँछ । जिउ फर्काउँछ । आँखा मिच्छ । सम्झेझैं गर्छ । सोचेझैं गर्छ । आशीर्वाद दिन्छ । धाप मार्छ । मख्ख पर्छन् । भाग्यशाली सम्झन्छन् । धन्य ठान्छन् । कल्पनामा डुब्छन् । भावनामा तैरिन्छन् । गम खान्छन् । दम खान्छन् । विश्वास खान्छन् । विचार खान्छन् । ताना खान्छन् । बाना खान्छन् । गजक्क पर्छन् । ढोग गर्छन् । पाउ पर्छन् । शरणागत भन्छन् । त्वम् शरणम् भन्छन् । लाम लाग्छन् ।

भए जति । जाने जति । सकेजति । भ्याए जति । पाए जति । मिले जति । ऊ कोसेली हेर्छ । ढोगाइ हेर्छ । सम्मान हेर्छ । बुझाई हेर्छ । मस्काई हेर्छ । बङ्ग्याई हेर्छ । नङ्ग्याई हेर्छ । माटो हेर्छ । बाटो हेर्छ । फाटो हेर्छ । फाइदा हेर्छ । विचार तौलन्छ । विश्वास गर्छ । दृढता च्याप्छ ।

सुखी छन् । खुसी छन् । मस्त छन् । मख्ख छन् । उमङ्गित छन् । दङ्ग छन् । प्रफुल्ल छन् । तागतिला छन् । जाँगरिला छन् । भावनामा छन् । दृष्टिकोणमा छन् । ताकमा छन् । ल्याकतमा छन् । धापमा छन् । छापमा छन् । आश्वासनमा छन् । परामर्शमा छन् । शङ्का छैन । द्विविधा छैन । कुण्ठा छैन । दुःख छैन । पीडा छैन । केही छैन । छँदै छैन ।

एक हाँस्छ । दुई रिसाउँछ । तीन ठुस्स पर्छ । चार भजन गाउँछ । पाँच बोल्दैन । छ धुँक्क-धुँक्क गर्छ । चरीचुच्चे दङ्ग पर्छ । छक्क पर्छ । किन ? मन्दिर जान्छन् । पूजा गर्छन् । भजन गर्छन् । आरती उतार्छन् । प्रसाद बाँड्छन् । नतमस्तक बन्छन् ।

ऊ झस्क्यो । जम्मै हेऱ्यो । पूरै सुन्यो । छेलमा थियो । फिस्स हाँस्यो । एउटा देवता । विचार अनेक । हो पनि । एक ईश्वर नुर्बु सम्झ्यो । आशनारायण सम्झ्यो । हितकाजी सम्झ्यो । हिराकाजी सम्झ्यो । सम्झदै गयो ......। आफैंलाई सम्झायो, पटकौं पटक । ठिक छ । बेस भयो । हुनुपर्थ्यो । भएरै छाड्यो । राम्रो भयो । सबै एक । एकै सब । न झगडा । न कलह । न खिचातानी । न किचलो । न द्वन्द्व । न छैँडखान । छुट्टैं ठान्यो । सम्झायो मनलाई । बहुजन हिताय । बहुजन सुखाय ।

त्यो त्यै हो । बुझ्नुपर्छ । सम्झनुपर्छ । विचार गर्नुपर्छ । अरू हैन । बदलिएको छैन । अस्ति जस्तै छ । हिजो जस्तै छ । आज त्यस्तै छ । हामी बिक्छौं । घडामा बिक्छौं । पलामा बिक्छौं । बोलीमा बिक्छौं । लोलीमा बिक्छौं । आश्वासनमा बिक्छौं । स्वार्थमा बिक्छौं । ऊ व्यापारी हो । व्यापार गर्छ । नाफा हेर्छ । घाटा तौलन्छ । यता सम्झन्छ । उता सम्झन्छ । जुग भयो । शताब्दी भयो । व्यापार गरिरहेछ । नाफा खोजिरहेछ । व्यापारीको धर्म हो । गर्नु पर्छ । बेअर्थ हैन त्यो ।

भाका फेर्दै छौं । उद्देश्य बदल्दै छौं । आँसु झार्दै छौं । पीडा पोख्दै छौं । आर्तनाद गर्दै छौं । त्यसैले ऊ हाँसिरहेछ । नाचिरहेछ । गाइरहेछ । गिज्याइरहेछ । खिस्सी गरिरहेछ । कहिले एक बोल्छ । कहिले दुई अंगालो मार्छ । कहिले तीन ढाडमा उचाल्छ । ऊ व्यापारी हो । व्यापार गर्छ । घाटा नाफा हेर्छ । त्यो अन्याय हैन । अकारण हैन । अनायास हैन । जसले पनि गर्छ । तिमी पनि गर्थ्यौ । म पनि गर्थें ।

चरीचुच्चेले बोलायो । साउती माऱ्यो । बुझ्न सकेन । फेरि भन्यो । भन्दै गयो । चरीचुच्चे हाँस्यो । लम्पसार बन्यो । पेट मिच्यो । आँखा मिच्यो । उठ्न सकेन । हाँसिरह्यो । गाइरह्यो । टाउको हल्लायो । चरीचुच्चे उठेन । ऊ हिँड्यो । निरुद्देश्य बाटो निरुद्देश्य गन्तव्य । आशाको ज्योति । मनको सुन्दर पाटो । पक्कै भेटिन्छ । समय लाग्छ । तर त्यो आउँछ ।

बयालिस

क्रमभङ्ग । दुःखी मुसहर । मख्ख बन्यो । मस्त बन्यो । आश्वास्त बन्यो । दङ्ग बन्यो । खुसी बन्यो । हौसियो । रौसियो । उचालियो । सपना देख्यो । विपना फुल्यो । गोडमेल गऱ्यो । मलजल गऱ्यो । पल्लवित बन्यो । कावा खायो । हावा जमायो । विचार तैरियो । भावना समुन्नत बग्यो । उत्साह झाङ्गियो । रहर पोखियो । जाँगर चुलियो । आस्था उड्यो । विश्वास बग्यो । भाव बल्यो । बल्दै गयो ।

मन उम्रियो । टुसाउन लाग्यो । फुल्न लाग्यो । फक्रन लाग्यो एउटा सपना । शाश्वत सपना । जीवन्त सपना । उन्नत सपना । विशाल सपना । समुन्नत सपना । सफल सपना । कालजयी सपना । विपना बनायो । वास्तविक विपना । उत्साही विपना । पल्लवित विपना । अङ्कुरित विपना । स्पर्शी विपना । सहृदयी विपना । चिन्तशील विपना ।

ती आए । आत्माविश्वासले भने । दृढताले भने । गौरवले भने । मोहले भने । बेस्सरी भने । कराएर भने । चिच्याएर भने ।

चौतारामा भने । गोठालामा भने । खेतालामा भने । मेलापातमा भने । हाटबजारमा भने । भाषणमा भने । आसनमा भने । शासनमा भने । रासनमा भने । विश्वासले भने । जतातै भने । पाए जति भने । भ्याएजति भने । सकेजति भने । जानेजति भने । छाडेनन् भन्न । भन्दै गए । भन्दै रहे । र भनिरहे ।

देख्दैछ । देखिइरहेछ । देखाइँदै छ । बाँडिदै छ । पान जस्तै । सुपारी जस्तै । खैनी जस्तै । चिया जस्तै । चुरोट जस्तै । तमाखु जस्तै । खाजा जस्तै । भिक्षा जस्तै । उहिल्यैदेखि । सदियौदेखि । गोडाइर हेछन् । फुलाइरहेछन् । स्याहारी रहेछन् । मनभित्र । पनभित्र । तनभित्र । आस्थाभित्र । विश्वासभित्र ।

उठ्यो मन । उड्यो मन । फुल्यो मन । उदायो मन । अङ्कुरायो मन । बल्यो मन । झलमल्ल भयो । घामझैं । फूलझैं । हावाझैं । बतासझैं । विचारझैं । विश्वासझैं । चाहनाझैं । अहा ! सपना । मिठो सपना । मन पग्लियो विचार समेटियो । विश्वास जम्यो । हिउँ जस्तै । हिमाल जस्तै ।

स्वागतमा । सत्कारमा । सम्झनामा । उठ्यो भाव । उचालियो तृष्णा । खोज्ने पालो । मैरै हो । सङ्कल्प गऱ्यो । खोज्न लाग्यो । आफूमा खोज्यो । आफ्नोमा खोज्यो । मनमा खोज्यो । तनमा खोज्यो । पनमा खोज्यो । घरमा खोज्यो । बाटोमा खोज्यो । गाउँमा खोज्यो । चौतारामा खोज्यो । वनमा खोज्यो । मेलापातमा खोज्यो ।

बाउतिर खोज्यो । आमातिर खोज्यो । भाइतिर खोज्यो । स्वास्नीतिर खोज्यो । छोरोतिर खोज्यो । छोरीतिर खोज्यो । बैनीतिर खोज्यो । दिदीतिर खोज्यो । साथीभाइतिर खोज्यो । हितैषीतिर खोज्यो । प्रेयसीतिर खोज्यो । अहँ भेटेन । भेट्नै सकेन । किन होला । अचम्म मान्यो । अप्ठेरो लाग्यो । हार खाएन । त्यसैले त खोजिरहेछ । निरन्तर निरन्तर । हारेको छैन । डराएको छैन । विश्वासका साथ । लागिरहेछ । एकोतार - एकोतार ।

किन ? जन्मे प्रश्न । सोध्यो- मनलाई । पनलाई । आस्थालाई । विश्वासलाई । विचारलाई । तृष्णालाई । उत्साहलाई । चहाऱ्यो । डुल्यो । हरायो । भौंतारियो । लहरियो । झाङ्गियो । खुम्च्यो । तर्सियो । उतर्सियो । तर भेटेन । सकेन । जानेन । भ्याएन । पाएन । विचार खलबलियो । छताछुल्ल बन्यो । आस्था चुलियो । विश्वासमा बगेन । भाव उडेन ।

सुनेको हो । केही पातलै । पटकौंपटक । स्वागत छ । सम्झना छ । सम्मान छ । विश्वास छ । नयाँ शब्द । नयाँ परिवेश । नवचिन्तन । खेती गर्रिदै छ । मलजलका साथ । तर, स्पर्शमा छैन । अचम्म मान्छ । सत्य के हो । असत्य के हो । कहाँ छ सीमा । कसले भन्ने । कसरी भन्ने । किन भन्ने ।

सुनेको छ । आफ्नै कानले । त्यसैको छ खेती । रमाउँदै छन् सुन्नेहरू । नयाँ बाली । नयाँप रिवेश । नयाँ विचार । नयाँ भाव । नयाँ दृष्टिकोण । नयाँ चिन्तनशैली । रटिँदै छ सबैतिर । समय नतमस्तक छ । ऊ त्रसित छ । आतङ्कित छ । भेटिदै भेटिन्न । फेला पर्दैन । भन्नेहरू भनिरहेछन् । कराइरहेछन् । चिच्याइरहेछन् । अचम्म मानिरहेछन् ।

शब्दजाल । शब्दखेल । शब्द आवरण । शब्द क्रिया । शब्दप्रतिक्रिया । हामी नेपाली । सदियौंदेखि । सपनामा छौं । विचारमा छौं । विश्वासमा छौं । चिन्तनमा छौं । सहारामा छौं । । वैशाखीमा छौं । कोही टेकाइरहेछ । तानिरहेछ । पछ्याइर हेछौं । हिँडिरहेछौं । पाइला मेटिदै छ । तर मस्त छौं । मख्ख छौ. । ढुक्क छौं । आश्वस्त छौं । विश्वस्त छौं ।

जीवित छ । खोटो विश्वास । बिव्ल्याँटो चिन्तन । पराक्रमी भाव । ऊ नचाइरहेछ । हामी नाचिरहेछौं । ऊ मदारी । हामी खेलौना । मदारी मख्ख छ । मस्त छ । साँचो चलाउँछ । हामी उफ्रिइरहेछौं । बास्तविकता अगाडिछ । क्रम चलिरहेछ । अस्तिदेखि । हिजो समेत । आजपनि । मदारी गम्भीर छ । हामी उन्मत्त छौं ।

दुःखीले सुन्यो । तिनीहरूका कुरा । उनीहरूका कुरा । जम्मैका कुरा । बोल्न चाहेन । ओठ खुलेन । आवश्यक ठानेन । आशावादी छ । सबै त्यसै भन्छन् । त्यसले सुन्यो । मन खिन्न बनायो । चुपचाप आत्मसात गऱ्यो । सिङ्गो परिस्थिति । जीवन्त परिवेश । मूलबाटातिर हेऱ्यो । अनि ठिङ्ग उभियो ।

त्रिचालिस

काले थियो । तिल्के थियो । प्वाँले थियो । टाटे थियो । पाटे थियो । रामे थियो । बलरामे थियो । हरेरामे थियो । श्यामे थियो । कृष्णे थियो । पूर्णे थियो । दीपके थियो । ध्रुवे थियो, बिस्ने थियो । शिवे थियो । कुमारे थियो । मुकुन्दे थियो । उद्धवे थियो । शम्भे थियो । बैकुण्ठे थियो । शालिके थियो । कालिके थियो । आनन्दे थियो । प्रकाशे थियो । शेरे थियो । अर्जुने थियो । लक्ष्मणे थियो । राजने थियो । साजने थियो । केदारे थियो । रामहरे थियो । श्यामहरे थियो । नामहरू थिए । हरामहरू थिए । विरामहरू थिए । आशाहरू थिए । संत्रासहरू थिए ।

अस्ति आयो । हिजो गयो । हिजो आयो । आज गयो । आज आयो । भोलि जान्छ । हिजो कराए । अस्तिको विपक्षमा । झन् अस्तिको विरुद्धमा । अरू देखेन । योजना थिएन । विचार थिएन । विश्वास थिएन । कल्पना थिएन । केही गरौं । मनमा सोच्च्यो । आँखामा गम्यो । भावमा फुलायो । तरङ्गमा पग्लियो । आस्थामा उड्यो । चराजस्तै । मनजस्तै । पनजस्तै । ठुलो काम । आफैलाई भन्यो । गर्ने सोच । गराउने सोच । पग्लने सोच । पगाल्ने सोच । फल्ने सोच । फलाउने सोच । यस्तै अनन्त सोच ।

बिन्दा थियो । एउटा मान्छे । सिङ्गो मान्छे । प्रतिनिधि पात्र । चुपचाप थियो । कान थियो । नाक थियो । निधार थियो । मुख थियो । सुन्न सक्थ्यो । बोल्न सक्थ्यो । देख्न सक्थ्यो । भन्न सक्थ्यो । सुनाउन सक्थ्यो । हाँस्न सक्थ्यो । हँसाउन सक्थ्यो । रुन सक्थ्यो । रुवाउन सक्थ्यो । अहँ गर्दैनथ्यो । प्रतिक्रिया थिएन । आशङ्का थियो । भय थियो अनुभव गर्थ्यो । बोल्न सक्दैनथ्यो । छाम्न सक्थ्यो । बुझाउन सक्दैनथ्यो बाँचेको थियो । आशा थियो । परिवारभित्र । आफन्त माझ । छरछिमेक बिच ।

छोरा थियो । छोरी थिई । एसएलसी गरे । दङ्ग पऱ्यो । मख्ख बन्यो । ती हाँसे । कल्पनामा डुब्यो । सम्झनामा हरायो । जागिर मागे । कलेज मागे । दिन सकेन । मज्जाले खुम्चियो । मलाई पहिले । छोरीले भनी । हैन म । छोराले भन्थ्यो । एकछिन घोरियो । आँखा चिम्ल्यो । खुइय गऱ्यो । अनुहार उज्यालियो । सपना देख्यो । छोरी हाँसी । छोरो मुस्कुरायो । आँखा खोले । एकअर्को देखे । बोली मिसिएन । दुवै हिंडे । उसले खोक्यो । बलेसीतिर हेऱ्यो ।

एकाथरी गयो । अर्को थरी आयो । तेस्रो गयो । चौथो आयो । पाँचौं गयो । छैठौं आयो । नियम बने । नियम भत्के । विश्वास उम्रे । विश्वास झरे । बिन्दा गयो । हात जोड्यो । आँसु चुहायो । पुकार गऱ्यो । फरक पाएन । मान्न सकेन । अस्तिजस्तै ।

हिजोजस्तै । आज पनि । रूप फरक । अनुहार फरक । आकृति फरक । अरू उस्तै । अस्ति जस्तै । हिजो जस्तै । उही गाली । उही चिच्याहट । उहीँ आर्तनाद । उही आफ्नो । उही पराई । उही वर । उही पर । उही नजीक । उही टाढा । उही भेष । उही आवरण । फरक छैन । मनले भन्यो । मान्न सकेन । हैन भन्यो । भैरहेको थियो । मन दुःखायो । आँखा रसाए । बग्न दिएन । हुँदै हुन्न भन्थ्यो । भन्दै गयो । भन्दै गयो ।

बिन्दाले देख्यो । बिन्दीले देखिन् । मुखामुख गरे । आँखामा बोले । मुखमा बोलेनन् । काम बोल्यो । विचार बोलेन । विश्वास बोल्यो । निश्वास बोलेन । समय हिँड्यो । मान्छे हिँडेन । बिन्दी हिँडिन् । छोराछोरी आए । गोजी छाम्यो । बिँडी भेट्यो । सलाई कोऱ्यो । तान्न लाग्यो । तान्दै गयो । जीवन देख्यो । सुख देख्यो । दुःख देख्यो । आनन्द देख्यो । दुख्न सकेन । जम्न सकेन । आफैलाई भुल्यो । पानीझैँ बग्यो । हावाझै उड्यो । उड्दै गयो । पर क्षितिजमा । शून्य आकाशमा । कताकता एक्लै ।

पार्टी कार्यकर्ता । सम्झना गऱ्यो । भुलेको थियो । बिर्सेको थियो । हराएको थियो । कोही थिएन । पाटी थियो । आदेश थियो । प्रशिक्षण थियो । शत्रु देख्थ्यो । पराय देख्थ्यो । विपक्षीहरू देख्थ्यो । आदेश खोज्थ्यो । निर्देशन खोज्थ्यो । एक्लै मुर्मुरिन्थ्यो । बेलाबेलामा झस्कन्थ्यो । सपना पार्टी । विपना पार्टी । दुःख पार्टी । सुख पार्टी । घर पार्टी । छोराछोरी पार्टी । सबै पार्टी । सबैतिर पार्टी । केवल पार्टी । मात्र पार्टी । जीवन पार्टी । मृत्यु पार्टी । हिँड्न लाग्यो । ठेस लाग्यो । चुपचाप उभियो । ऐया भन्यो ।

आस्था झस्कियो । हात हल्लियो । ठुटो खस्यो । एकछिन बोलेन । खिस्स हाँस्यो । अर्थात् बिन्दा । बिन्दा माझी । पार्टी कार्यकर्ता । गोली लाग्यो । खुट्टा चलेन । घर आयो । चाँजो मिलायो । मिल्दै मिलेन । प्रयास गऱ्यो । नाम सम्झ्यो । सम्झदै गयो । गोपाल चौधरी । धुनाइ महत्तो । राजाराम भेडिहर । भदै धानुक । रमेश यादव । सोहन ठाकुर । प्रगति थियो । उन्नति थियो । खुसी थिए । सुखी थिए । आम्दानी फरक । खर्च फरक । सुख फरक । सन्तुष्टि फरक । आराम फरक । विराम फरक । बाटा फरक । गति फरक । प्रगति फरक । दृष्टिकोण फरक । सम्झँदै गयो । हराउँदै गयो ।

हात जोड्यो । आँसु झाऱ्यो । बिन्ती बिसायो । अनुरोध गऱ्यो । सम्झे जति पुग्यो । आस्था रोप्यो । विश्वास पोख्यो । विचार साऱ्यो । अँ हँ सरेन । सक्दै सकेन । कसैले सुनेनन् । सुन्नै चाहेनन् । बोल्नै खोजेनन् । नचिनेझैँ गरे । नदेखेको झैं गरे । हारेन प्रयास । सोचेन कहिल्यै । प्रयास गरिरह्यो । हिंडिरह्यो बाटो । डुलिरह्यो विचार । पुगिरह्यो गन्तव्य । हिँड्छु सोच्थ्यो । छोरी हराई । पहिले डरायो । पिर मान्यो । खोज्दै हिँड्यो । भेट्यो पनि । रिस उठ्यो । तर बोलेन । छोरी मुस्कुराई । ऊ एकोहोरियो । सन्तुष्ट छु । प्रत्युत्तरमा भनी । बधाई छोरी । हाँसेर भन्यो । हिँड्न थाल्यो । अगाडि -अगाडि ।

कमरेड भेट्छु । उसले भन्यो । अनुरोध गऱ्यो । आग्रह गऱ्यो । घाउ देखायो । तिनीहरूले दिएनन् । मान्दै मानेनन् । जिल्ल पऱ्यो । कसैले पत्याएनन् । हाँसेर टारे । नमज्जा मान्यो । हार सम्झेन । कमरेड सम्झ्यो । असाध्यै मिल्थे । सहयोग गर्थे । मेचमा थिए । मन्त्री छन् । आशा पगाल्यो । पुग्नै दिएनन् । बोल्नै दिएनन् । ऊ डराएन । भेटेरै छाड्छु । मनमनै भन्यो ।

भीड थियो । पानी ल्यायो । एउटाले भन्यो । भए पो ल्याउनु । अर्कोले भन्यो । खोज्न जाओ । तेस्रो चिच्यो । कठैबरा !

चौथोले भन्यो । फिँज काढेको छ । अर्कोले भन्यो । २०-२० को छ । अर्कोले भन्यो । हेर्न खोज्यो । ठिङ्ग उभियो । भीडमा पस्यो । छेक्न खोजे । सक्दै सकेनन् । नजिकै पुग्यो । डङ्गरङ्ग पछारियो । उद्धारक आए । विमारी थपियो । यथार्थ बुझेनन् । अपरिचित विरामी । अपरीचित उद्धारकर्ता । समय थियो । बाटो थियो । माटो थियो । सबै थियो । कोही थिएन ।

बिन्दा माझी । झसस्क झस्क्यो । कमरेड देख्यो । श्रोता बन्यो । नेता थिए । मख्ख पऱ्यो । आश्वस्त बन्यो । गाली गर्दै थिए । कराउँदै थिए । चिच्याउँदै थिए । अस्ति र हिजो । तर ऊ आज । हाँस्दै थियो । सुन्दै थियो । उनको भाषण । बिन्दा माझी । अर्थात् ऊ । जुरुक्क उठ्यो । बाटो लाग्यो । कमरेड थिए । अहँ, उभिएन । बिन्दी माझी । हाँसिरहेकी थिई । कमरेडतिर फर्केर । कमरेडले हेरे । चस्मा पुछे । मुसुक्क हाँसे ।

चवालिस

चुपचाप हुनुहुन्छ ? अहँ पर्दैन । किन नबोल्या । आत्तिनु पर्दैन । बोल्नु राम्रो । समयको माग । बोल्नोस् हजुर । मुख खोल्नुस् । साहस जोड्नुस् । आँट उमाल्नुस् । छरिएका होलान् । चिसिएका होलान् । बटुल्नुपर्छ । समय चिन्नुस् । साथ लिनुस् । हात दिनुस् । मौका आएको छ । पर्खेर बस्दैन । पछिपछि हिँड्नुस् । लाभ लिनुस् । बोल्नु राम्रो । साँच्चै बोल्नुस् । दाँत देखाउनुस् । काला दाँत । खैनीको दाग । किरा लागेको । हात जोड्नुस् । मौका दोहोरिन्न । बेला आयो । सधैँ आउँदैन । बेलाको बोली । समयको स्वर । बेलाको आवाज । बेलाको आलाप । बेलाको विलाप । बेलाको रोदन । बेलाको क्रन्दन । लाभ हुन्छ । पछि नहेर्नुस् । समय अझै छ । धेरै नसोच्नुस् । निर्णय गर्नुस् । सही निर्णय ।

नहट्नुस् पछि । किन हट्नु ? कारण छैन । विषय छैन । अवस्था छैन । सन्दर्भ छैन । परिस्थिति छैन । परिवेश छैन । सत्ते हो । धरोधर्म हो । मरिजाऊँ हो । कस्तो नपत्या ? किन ढाँट्नु ? सत्य बोल्दै छु । साँचो भन्दै छु । यथार्थ खोतल्दै छु । गुह्य देखाउँदै छु । बोल्दै जानुस् । वर्तमान हेर्नुस् । अगाडि बढ्नुस् । पछाडि नफर्कनुस् । कसैले हेरेन । अस्ति पनि । हिजो पनि । आज पनि । भोलि नसोच्नुस् । भर्सेला परोस् । छाडिदिनुस् जम्मै । अगाडि हेर्नुस् । केवल अगाडि ।

अर्थात् खोक्नुस् । बकबास गर्नुस् । जनता भन्नुस् । जनबल भन्नुस् । सार्वभौम भन्नुस् । जननीति भन्नुस् । प्रजातन्त्र भन्नुस् । लोकतन्त्र भन्नुस् । समाजवाद भन्नुस् । साम्यवाद बुझ्नुस् । नयाँ शब्दहरू । सिक्नुपर्छ तपाईंले । शब्दको व्यापार । राम्ररी फस्टाइरहेछ । नगर्नोस् कञ्जुस्याइँ । शब्द हो । खुब खेलाउनोस् । त्यसैमा छ मजा । व्यापार हो । फाइदा हुन्छ । विगत कोट्याउनुस् । कथा बनाउनुस् । त्यस्तो कथा । आँसु चुहोस् । मन दुखोस् । कथाको कमाल । मोज गर्नोस् । भोज गर्नोस् । को बोल्छ ? कस्को आँट । केको तागत ? आँखा तर्नुस् । औँला ठड्याउनुस् । सानले घुर्नोस् । मानले घुर्नोस् । मान्नुस् बलिदान । ठान्नुस् त्याग । आँखा चिम्लनुस् । मुसुक्क हाँस्नुस् ।

उन्नति तपाईंको । प्रगति तपाईंको । सान तपाईंको । मान तपाईंको । संसार तपाईंको । विगत तपाईंको । वर्तमान तपाईंको । देखाइ तपाईंको । भोगाइ तपाईंको । सन्तुष्टि त्यहीँ छ । परिवर्तन पनि । नजानुस् अन्यत्र । आवश्यक छैन । साँच्चै हो । आँखा खोल्नुस् । दौंतरी हेर्नुस् । सहयात्री खोज्नुस् । परिवेश खोतल्नुस् ।

नभ्कोक्राउनुस् हजुर । आवश्यक छैन । मन नखुम्चाउनुस् । तनक्क तन्काउनुस् । त्यहीँ छ समाधान । अन्यत्र छैन । छँदै छैन हजुर !

घाँटी अँठ्याउनुस् । खुकुरीले छप्काउनुस् । घनले ठोक्नुस् । बञ्चराले ताछ्नुस् । एकान्त ढुक्नुस् । मुख थुन्नुस् । आँखा छोप्नुस् । बेलाबेलामा बोल्नुस् । जनता भन्नुस् । जनतन्त्र भन्नुस् । भन्नु न हो । भन्नै पर्छ । डराउनु पर्दैन । कोही डराएनन् । त्यसैले भन्दै छु । आग्रह पस्कँदै छु । अनुरोध बिच्छ्याउँदै छु । परिस्थितिको आवश्यकता । आवश्यकताको आवाज ! आवाजको खोजी ! खोजीको चिन्तन । विचारको पाटो । आस्थाको पर्खाल । विश्वासको सगरमाथा । सगरमाथाको समय । समयको सत्यता । सत्यताको वर्तमान । वर्तमानको सत्य । यही यथार्थ ! देखेको सन्दर्भ । भोगेको परिवेश । आस्थाको भोगाइ ।

पुऱ्याउनु पर्दैन । भन्दिए हुन्छ । मज्जाले भन्नुस् । मिठो बोल्नुस् । गुलियो बोल्नुस् । चिल्लो बोल्नुस् । चिप्लो बोल्नुस् । नरम बोल्नुस् । स्वार्थ बोल्नुस् । झुठो बोल्नुस् । नभएको बोल्नुस् । नहुने बोल्नुस् । कल्पना बोल्नुस् । सपना बोल्नुस् । कथा बोल्नुस् । व्यथा बोल्नुस् । सपना बोल्नुस् । विपना नबोल्नुस् । भएको लुकाउनुस् । अगाडि हेर्नुस् । अगाडि बढ्नुस् । अझै बढिरहनुस् । पछाडि नहेर्नुस् । नराम्रो देखिन्छ । अशुभ फेलापर्छ । धन्दा नमान्नोस् । फिक्री नलिनोस् । सुर्ता नलिनोस् । मात्र बोल्नोस् ।

राम्रो भन्नुस् । नराम्रो गर्नुस् । माया देखाउनुस् । छुरी रोप्नुस् । खिस्स हाँस्नुस् । औँला ठड्याउनुस् । स्वतन्त्रता भन्नुस् । जेलमा कोच्नुस् । राहत भन्नुस् । आहत दिनुस् । काखमा राख्नुस् । चुपी धस्नुस् । यस्तै भैरहेछ । मेरो अनुभूति । जाँचेर हेर्नुस् । झुठो हैन । भएका कुरा । देखेका कुरा । भोगेका कुरा । बटुलिएका अनुभव । अलिकति गम्नुस् । हृदयको आग्रह । मुटुको आवाज । वर्तमान चोइटिँदै छ । धक नमान्नुस् । सर्माउनु पर्दैन ।

लाटो बोल्दैन । स्वार्थी बोल्दैन । ढोँगी बोल्दैन । छट्टु बोल्दैन । कुविचारी बोल्दैन । नजान्ने बोल्दैन । नदेख्ने बोल्दैन । नसुन्ने बोल्दैन । अनजान बोल्दैन । अनभिज्ञ बोल्दैन । अरू छाड्नुस् । अन्यत्र नहेर्नुस् । सोच्नै पर्दैन । गम्नै पर्दैन । बुझ्नै पर्दैन । रल्लिनै पर्दैन । हल्लिनै पर्दैन । तपाईँ बोलिदिनुस् । मुख खोलिदिनुस् । अन्यत्र नठान्नुस् । धेरैले बोले । नहुने बोले । नपुग्ने बोले । नचाहिने बोले । नसुन्ने बोले । नदेख्ने बोले । अझै बोल्दै छन् । समय चियाउँदै छन् । फेरि भन्दै छु । अनुरोध गर्छु । एकपल्ट बोल्नुस् । स्वाद चाख्नुस् ।

अप्ठ्यारो लाग्यो ? नमान्दा हुन्छ । कसले मान्यो । कसैले मानेनन् । धन्दा नमान्नुस् । वरिपरि हेर्नुस् । परिवेश छाम्नुस् । आँखा खोल्नुस् । विचार फैलाउनुस् । मन डुलाउनुस् । विश्वास रोप्नुस् । गोडमेल गर्नुस् । सन्तोष छर्नुस् । आस्था उमार्नुस् । देख्नुभयो त ? ल हेर्नुस् । भन्नुस् त । नढाँट्नु होला । सत्य भन्नुस् । साँचो सुनाउनुस् । यथार्थ पर्गेल्नुस् । तपाईँ एक्लो । स्वस्थानीको कुमार । ल, भन्नुस् । किन चुपचाप ? मतिर हेर्नुस् । समयको दाग । काँधमा बोकिरहेँछु । सदियौं भयो । असाध्यै पोलिरहेछ तथापि सहिरहेँछु । प्रश्न नसोध्नुस् । वर्तमान रोइरहेछ ।

इतिहास पढ्नुस् । पाना पल्टाउनुस् । पुस्तक खोल्नुस् । हेर्नुभएको छ ? छैन होला । भए ठिकै छ । गम खानुस् । दम नखानुस् । हरेस नखानुस् । विगत पढ्नुस् । इतिहास सम्झनुस् । आँखा छाम्नुस् । चिप्रा पुछ्नुस् । पुछ्नै पर्छ । झिङ्गा भन्कन्छ ।

आँसा पर्छ । त्यसैले हिँड्नोस् । कुवाभैँ नजम्नुस् । मज्जा छ हिँडाइमा । स्वाद लिनुस् । छाम्नुस् पहिले । बिम्ब तपाईँ । ऐना हेर्नुस् । प्रष्ट देख्नुहुनेछ । अनि पत्याउनुहुनेछ । अब भयो । ल मुस्कुराउनुस् । ठिक भयो । अब बोल्नुस् । जित्दै छन् बोल्नेहरू । हारिर हेछन् सुन्नेहरू । अनुरोधछ मेरो ! एकपल्ट बोल्नुस् । मनमाफिक बोल्नुस् । सतोसत बोल्नुस् । पछि नहट्नुस् । किन डराएको ? मेरो हजुर । तपाईं महान् । तपाईं ईश्वर । तपाईं संसार । तपाईं सर्वस्व । त्यसैले बोल्नोस् । बोल्दै जानोस् । जेसुकै होस् बोल्नोस् । बोल्नै पर्छ ।

पैंतालिस

नेपाल साहित्यिक पत्रकार सङ्घ र प्रेस काउन्सिल नेपालको संयुक्त आयोजनामा गत जेठ महिनामा मोफसल साहित्यिक पत्रकारिता सङ्गोष्ठी चितवनमा सम्पन्न भयो । देशभरिका करिब सय साहित्यिक पत्रकारहरूले भाग लिएको सो गोष्ठीमा दुई कार्यपत्र प्रस्तुत गरिएका थिए । इलामको साहित्यिक पत्रकारिताबारे शिव रेग्मी र चितवनको साहित्यिक पत्रकारिताबारे डिआर पोखरेलले कार्यपत्र लेख्नुभएको थियो ।

साहित्यिक पत्रकारिता नेपालको जेठो पत्रकारिता मानिन्छ । मोतीरामद्वारा 'गोर्खा भारत जीवन' नामक साहित्यिक पत्रिका बनारसबाट प्रकाशन गरेर सुरु गरिएको मानिएको यो पत्रकारिताको इतिहासले करिब तेह्र दशकमा खुट्टा हालिसकेको छ तर पनि यो आफ्नो खुट्टामा हिँड्न सकिरहेको छैन वर्तमानको घेरासम्म । स्वतन्त्र अस्तित्व स्थापना पनि गर्न सकिरहेको छैन । जहिले पनि दया, माया, बक्सिस र निगाहमा बाँच्नु नियति भएको छ ।

भाइ भएर पनि समाचारमूलक पत्रकारिताले आफ्नो बाटो स्पष्ट रूपमा किटान गरिसकेको परिप्रेक्ष्यमा दाजु भएर पनि यसले गति लिन नसक्नु लज्जाको विषय हो । तर जे भए पनि सूर्यलाई हत्केलाले छेक्न सकिँदैन भनेझैं साहित्यिक पत्रकारिताको दुर्गति सबैको आँखामा घामझैं छर्लङ्ग छ भन्दा सम्भवतः अत्युक्ति नठहर्ला ।

शासन सत्तामा पुग्नेहरू जहिले पनि साहित्यिक पत्रकारिताको विपक्षमा देखिन्छन् । 'शारदा'ले पाएको जति सद्भाव समेत आजका साहित्यिक पत्रकारिताले पाएको छैन । यसको मतलब अभिव्यक्ति पनि विपक्षमा नै हुन्छन् भन्नेचाहिँ किमार्थ होइन । सत्य के हो भने मुखमा राम राम बगलीमा छुराको व्यवहार साहित्यिक पत्रकारिताप्रति रहेको छ भन्ने कुरा निर्धक्क भई भन्न सकिने स्थिति आज पनि छ ।

साहित्यिक पत्रकारहरू हेपिएका छन् । चेपिएका छन् । नेप्टिएका छन् । चेप्टिएका छन् । सबै थोक भएका छन् । तर एकथोक भएका छैनन् । जुन हुनै पर्थ्यो । आवश्यकता थियो । आज हैन । धेरै अघि । यसमा दुई मत छैन । त्यो हो एकताबद्ध अथवा गोलबन्द । वा सार्थक एकता । अचम्म त के कुरामा छ भने हामी एकातिर सरकार र सम्बन्धित निकायबाट हेपिएका छौं भन्दै गुनासो गरिरहेका छौं अनि अर्कोतिर जसरी होस् पत्रिकालाई निरन्तरता दिइरहेका छौं । यही छ अमिल्दो स्थिति । कि त दर्बिलो आवाज प्रदर्शन गरौं र सरकारलाई हाम्रो स्वर सुन्न बाध्य बनाऔं हैन भने गुनासो गर्न छाडौं । गुनासोले केही हुनेवाला छैन । यो दृष्टिकोण नवप्रज्ञापनले डेढ दशकअघिबाटै अघि सारेको हो र आजसम्म पनि त्यो अडानमा उत्तिकै अडिग छ ।

अहिले पनि साहित्यिक पत्रकारिताले

गति लिन सकिरहेको छैन । गुनासो, अनुरोध र अनुनयविनयले यसले सहयोग र अधिकार पाउन सक्दैन । एकातिर सरोकारवाला निकायहरू हरेक कुरालाई घाटा नाफाको तुलोमा राखेर जोखिरहेका छन् भने अर्कोतिर हामी साहित्यिक पत्रकारहरू चाहिँ हात मोलेर सलाम गरिरहेका छौं मालिकहरूलाई । हामी साँच्चै मर्कामा परेका हौं भने गरौं न दह्रो निर्णय । कसले रोकेको छ त्यो त्यसो गर्न तर त्यति ताकत हामीमा छैन । यसैले बित्ताबित्तामा खुम्चिन अनि भाँचिन परिरहेको छ । वाङमय क्षेत्रका गरिमा र महत्त्वलाई समेत ठम्याउन नसक्नेहरूसँग प्रार्थना गरेर अधिकार खोज्नु हाम्रो सानो मुर्खता पनि त हैन ।

समय बदलियो । सत्ताको आकार बदलियो । शासक भिन्न आए । तर साहित्यिक पत्रकारिता के, किन र कसरी भन्ने चिन्तनलाई अगाडि बढाउनेहरू आउनै सकेनन् । आवश्यकतामा साहित्यिक पत्रकारिता भऱ्याङ बन्यो र बनिरहेको छ पनि । तर स्वार्थपूर्ति भइसकेपछि कसैले पनि सम्झदै सम्झेनन् । नसम्झनेहरूलाई सम्झनाउने नाममा सती जानु कुनै हालतमा उपयुक्त हो कि होइन, कोही यसको सटिक उत्तर दिन राजी छैनन् । सबै टाढा-टाढा भाग्छन् । भन्नलाई सबै सहयोग गर्छौं भन्छन् तर यथास्थानमा पुगिसकेपछि आफै कमाउ र बाँच भन्छन् ।

शासकहरू वास्तवमा अस्ति, हिजो र आजका सबै उस्तै हुँदा रहेछन् । रूप, रङ्ग, आकार र साइजमा भिन्न भए पनि व्यवहार, आचरण र दृष्टिकोणमा पृथकता पाउन कठिन छ । कला, साहित्य, सङ्गीत जस्ता विषयलाई घाटानाफाको तुलोमा राखेर हेर्ने दृष्टिकोण विहीनहरूलाई धेरै भन्नु पनि अनावश्यक हुँदोरहेछ भन्ने विश्वास राख्छु म अचेल ।

सत्ताका निम्ति देशलाई धरौटीमा राख्नेहरूको बाहुल्यता देख्दा स्वाभिमानी नेपालीहरूको आँखाले आँसु निम्त्याउँछन् । जातीय र दलीय सर्वोच्चताप्रति नतमस्तकहरूबाट बढी अपेक्षा गर्नु पनि अलिबढी नै हो कि भन्ने विचारबाट म सचेत छु । सत्तालिप्सा नै आजको प्रमुख कर्तव्य बनेको छ दलहरूका ।

एउटा बहुला अस्ति टुकुचाको किनारमा बसेर चिच्याएको सम्झन्छु । विचरा बहुलाको जिउभरि अनेकौं डाम थिए । कतिपय भद्रभलाद्मी जस्ता देखिनेछन् समेत उसलाई नजिकै बसेर आँखा तर्दै थिए । ऊ घरीघरी टुकुचाको पानी हत्केलाले छेउमा छोप्दै भनिरहेको थियो,“सत्ताका भोकाहरू, दम्भीहरू, स्वार्थीहरू, लुच्चाहरू अलिकति माथि उठ । मन उचाल, भाव समेट । हे ! चन्द्रशेखर र गजराजका सन्तानहरू उठ्न सिक, उभिन सिक र आफैंलाई चिन, विश्वास गर र छातीमा हात राखेर भन म देशलाई धोका दिन्नँ ।”

के भनेको होला उसले, धेरै समयसम्म मैले सोच्नै सकिनँ । मन हुँडलियो । विचार पातलियो र विश्वास पोखिन खोज्यो । सोधखोज गरैं । यताउति हेरैं । टोलिएँ । खुबै खोजें, तर अहँ कसैले पनि दिएनन् चित्त बुझ्दो उत्तर । अझै अनुत्तरित छन् ती प्रश्नहरू तर म हारेको छैन । बिलखबन्दमा पनि परेको छैन । हेरिरहेको छु चारैतिर । विश्वास छरिन दिएको छैन र दिन्नँ पनि ।

यतिखेर देश प्रयोगस्थल भएको छ । प्रभुहरू प्रयोग गरिरहेछन् । प्रभुका भक्तहरू तालिममा व्यस्त छन् । अनि मस्त पनि । हिजोदेखि आजसम्मका प्रभुहरू त्यसमै रमाइरहेछन् । अनुयायीहरू डिस्को नाचमा व्यस्त छन् । विपक्षीहरू, विरोधीहरू

अर्थात् उनीहरूका मतलाई नसञ्हाउनेहरू आलोचित भइरहेछन् । गाली खाइरहेछन् । हेलाँ सहिरहेछन् । यस्तै छ परिस्थिति तथा परिवेश । यही छ मूल्य मान्यता । अनि विचारका धरातलहरू समेत ।

प्रयोगकै क्रममा फेरि चर्चामा छ पत्रपत्रिकाको राष्ट्रिय, क्षेत्रीय र स्थानीय वर्गीकरण । के हो यो ? किन पऱ्यो दरकार ? देश असजिलो परिस्थितिमा छ र भोलि शासकीय स्वरूप कस्तो हुने हो ? यकिन भइसकेको छैन । यस्तो स्थितिमा पुनः प्रयोगको सुरुवात गरिएको छ । कसका लागि, केका लागि, समय मौन छ । जुनसुकै रूपमा भए पनि प्रभुका प्रतिरूपहरू प्रभुजस्तै हुँदा रहेछन् । त्यसैले हामी दोबाटोमा उभिएर कोटीकोटी नमन चढाउन व्यस्त छौं । तपाईं र म दुवै सम्भवत लहरमा भेटिन के बेर !

अन्त्यमा पुनः एकपटक आदरणीय साहित्यिक पत्रकारहरूलाई वर्गीय हितको निम्ति दरिलो र सशक्त आवाज सम्प्रेषण गर्न जुटौं नवप्रज्ञापन विशेष आग्रह गर्दछ ।

छयालिस

आउने आइरहेछन् । जाने गइरहेछन् । कोही आउँछन् । कोही जान्छन् । निरन्तर परम्परा । रोकिनु हुँदैन । रोकिएको छैन । प्रक्रिया छन् । प्रचलन छन् । जन्म छन् । मृत्यु छन् । बिरामी छन् । रोगी छन् । दीर्घरोगी छन् । दुःखी छन् । सुखी छन् । सन्तोषी छन् । असन्तोषी छन् । समस्या छन् । समाधान छन् । उत्साह छन् । आशा छन् । निराशा छन् । भोगी छन् । जोगी छन् । योगी छन् । धेरै छन् । अनेकौं छन् । थुप्रै छन् । विविध छन् । सन्दर्भ छन् । असन्दर्भ छन् ।

हाम्रो संसार । राम्रो संसार । विचित्र छ । अप्ठेरो छ । असजिलो छ । पृथक छ । सबै छ । चाहिने छ । नचाहिने छ । भोगाइ छ । जोगाइ छ । जान्नु पर्छ । छान्नु पर्छ । खोज्नु पर्छ । पहिल्याउनु पर्छ । चिन्नु पर्छ । तपाईं हुनुहुन्छ । उहाँ हुनुहुन्छ । म छु । हामी छौं । सम्पूर्ण छौं । परिपूर्ण छौं । भन्नैपर्छ । पूर्ण छ । पूर्णत्व छ ।

सिङ्गो संसार । पूर्ण संसार । आस्थाको संसार । विश्वासको संसार । यहाँ आउनेहरू । अर्थात् जन्मनेहरू । सधैं बस्दैनन् । बसेका छैनन् । वर्तमान भित्र । भोलि छाडौं । जे होला । प्रश्न नसोध्नोस् । जानै पर्छ । नियति हो । नियम हो । ढिलो होला । चाँडो होला । अबेर होला । छिटो होला । प्रक्रिया छन् । प्रविधि छन् । परिधि छन् । कोही बसेनन् ।

तर अचम्म । नाम बस्यो । काम बस्यो । विचार बस्यो । विश्वास बस्यो । आस्था बस्यो । दृष्टिकोण बस्यो । बसी रहेछ । यी नाम । थोरै छन् । कम छन् । औंला भित्र । गन्नै सकिन्छ । भन्नै सकिन्छ । देख्नै सकिन्छ । तर पनि । जीवन्त छन् । स्वनामी छन् । धन्य-धन्य छन् । सगरमाथामा छन् । कञ्चनजङ्घा छन् । शिरमा छन् । भावनामा छन् । मुटुमा छन् । आस्थामा छन् । विश्वासमा छन् । मेटिन्नन् कसै । अटल छन् । अमेट्य छन् ।

एउटा समय । जीवन्त समय । आफ्नो समय । निश्चित समय । अगणनीय समय । अभेद्य समय । अदृश्य समय । समय भित्र । क्रिया हुन्छ । प्रतिक्रिया हुन्छ । जीवन हुन्छ । मृत्यु हुन्छ । आस्था हुन्छ । विश्वास हुन्छ । विचार हुन्छ । दृष्टि हुन्छ । दृष्टान्त हुन्छ । दृष्टिकोण हुन्छ । समय हाँस्छ । समय रुन्छ । समय बस्छ । समय सुत्छ । समय उठ्छ । समय कुद्छ । समय रोकिन्छ । प्रक्रिया हो । प्रचलन हो । आकस्मिकता हो । नियमितता

हो । चल्दै जान्छ । जीवन हो । जगत हो । विश्वास हो । भोगाइ हो ।

एउटा जन्म । एउटा मृत्यु । एउटा भोगाइ । एउटा रोजाइ । एउटा देखाइ । एउटा बुझाइ । एउटा सोचाइ । एउटा चिन्तन । एउटा आस्था । एउटा विश्वास । एउटा सद्भाव । एउटा आक्रोश । एउटा विद्रोह । एउटा वितृष्णा । एउटा तृष्णा । एउटा सन्तोष । एउटा असन्तोष । एउटा खुसी । एउटा उन्माद । एउटा दुःख । सबै जीवन । सम्पूर्ण जीवन । सबै हुन्छन् । बिना जीवन । केही हुँदैन । विचार फुल्दैन । विश्वास झाङ्गिदैन । चिन्तन हाँस्दैन । बाटो हिंड्दैन । मान्छे कुद्दैन ।

सधैं बाँच्दैनन् । सबै बाँच्दैनन् । अनगन्ती जन्मछन् । थोरै बाँच्छन् । अलिकति बाँच्छन् । धेरै भित्र । सुगन्ध हुँदैन । जीवन्तता हुँदैन । यथार्थ हुँदैन । औपचारिकता हुन्छ । औपचारिकताको जीवन । स्वार्थको जीवन । तर थोरै । सधैं बाँच्छन् । बाँच्दै छन् । पुस्तौं-पुस्ता । फूलमा फुल्छन् । विश्वासमा जम्छन् । विचारमा गुड्छन् । आकाश मार्गमा । विचारको तरङ्गमा ।

नेपाली माटो । नेपाली पाटो । नेपाली आटो । नेपालीपन । नेपाली विश्वास । नेपाली आस्था । नेपाली चिन्तन । अहँ हारेन । हार्न जानेन । उठिरह्यो । हिंडिरहेको छ । उर्वर छ । बलशाली छ । प्रभावशाली छ । यो माटोले । भानुभक्त जन्मायो । मोतीराम जन्मायो । लेखनाथ जन्मायो । देवकाटा जन्मायो । बालकृष्ण जन्मायो । गोकुल जन्मायो । पारिजात जन्मायो । भूपि जन्मायो ।

देवकोटा शतवार्षिकी । लक्ष्मीप्रसाद देवकोटा । महाकवि देवकोटा । चम्पाका देवकोटा । लक्ष्मीकथाका देवकोटा । कुञ्जिनीका देवकोटा । गाइनेगीतका देवकोटा । दुष्यन्त-शकुन्तलाका देवकोटा । पुतलीका देवकोटा । मुनामदनका देवकोटा । राजकुमार प्रभाकरका देवकोटा । रावणजटायु युद्धका देवकोटा । लक्ष्मीगीतका देवकोटा । लक्ष्मीकविताका देवकोटा । लूनीका देवकोटा । सीताहरणका देवकोटा । सुनका बिहानका देवकोटा । म्हेन्दुका देवकोटा । वसन्तीका देवकोटा । मैनाका देवकोटा । सुन्दरी प्रोजर्पिनका देवकोटा । मायाविनीसर्सीका देवकोटा । नवरसका देवकोटा । भिखारीका देवकोटा । छहराका देवकोटा । उद्योग प्रदर्शनीका देवकोटा । चिल्लापातहरूका देवकोटा । सुनको बिहानका देवकोटा । तुषार वर्णनका देवकोटा । जन्मोत्सव मुटुको थोपाका देवकोटा । भावनागाङ्गेयका देवकोटा । गरिबका देवकोटा । किसानका देवकोटा । पहाडीपुकारका देवकोटा । मनोरञ्जनका देवकोटा । आँसुका देवकोटा । कटक वीरगाथाका देवकोटा ।

शाकुन्तलका देवकोटा । पृथ्वीराज चौहानका देवकोटा । वनकुसुमका देवकोटा । सुलोचनाका देवकोटा । महाराणा प्रतापका देवकोटा । प्रमिथसका देवकोटा । सिकन्दरका देवकोटा । सावित्री-सत्यवानका देवकोटा । कृषिवालाका देवकोटा । म्याकवेथका देवकोटा । दाडिमकोरुखनेरका देवकोटा । प्रसिद्ध प्रवन्ध सङ्ग्रहका देवकोटा । लक्ष्मीनिबन्धका देवकोटा ।

कार्तिक महिना । देवकोटाको जन्म । २०६५-२०६६ । शतवार्षिकी वर्ष । नेपालीका देवकोटा । नेपालका देवकोटा । भाषाप्रेमी देवकोटा । भाषासेवी देवकोटा । राष्ट्रप्रेमी देवकोटा । जातिप्रेमी देवकोटा । मानवतावादी देवकोटा । जनवादी देवकोटा । मनवादी देवकोटा । नेपालवादी देवकोटा । आस्थाप्रेमी देवकोटा । विश्वासप्रेमी देवकोटा । स्वतन्त्रताप्रिय देवकोटा । समतावादी

देवकोटा। जनमनका देवकोटा। आफ्नैपनका देवकोटा । विश्वासका देवकोटा । विचारका देवकोटा । विम्बका देवकोटा । प्रतिविम्बका देवकोटा । कणकणका देवकोटा । आवाज-आवाजका देवकोटा । विचारका देवकोटा । विश्वासका देवकोटा । नेपालीका देवकोटा । विश्वबन्धुत्वका देवकोटा । लक्ष्मीप्रसाद देवकोटा ।

फुटकर कवि देवकोटा । महाकवि देवकोटा । काव्यकार देवकोटा । खण्ड-काव्यकार देवकोटा । कथाकार देवकोटा । निबन्धकार देवकोटा । प्रवन्धकार देवकोटा । उपन्यासकार देवकोटा । अनुवादक देवकोटा । नाटककार देवकोटा । गीतकार देवकोटा । चिन्तक देवकोटा । विचारक देवकोटा । दार्शनिक देवकोटा । राष्ट्रवादी देवकोटा । स्वाभिमानी देवकोटा । स्वविवेकी देवकोटा । जीवनवादी देवकोटा ।

थालमा चुठ्नेहरू । छातीमा थुक्नेहरू । निधारमा वाक्नेहरू । स्वाभिमान बेच्नेहरू । पोपुलिस्ट बन्नेहरू । आफैंलाई भुल्नेहरू । पैसामा डुब्नेहरू । आफूलाईमात्र चिन्नेहरू । देशलाई बिर्सनेहरू । अस्ति थिए । हिजो भए । आज छन् । भोलि होलान् । दुईमत छैन । ती जम्मैलाई । देवकोटाले खपे । देवकोटाले सहे । देवकोटाले भोगे । देवकोटाले खाए । देवकोटाले पचाए । बाध्यता थियो । विवशता बन्यो । आँसु पिए । भोक चपाए । जीवन सके । देवकोटा सकिएनन् । सकिंदैनन्- कहिल्यै । विपक्ष थियो । प्रतिपक्ष थियो । हल्लाउन सकेनन् । ती सकिए । क्रमशः गले । गल्दै गए । जल्दै गए । महाकवि देवकोटा । चम्कँदै गए । बल्दै गए । बलिरहेछन् अझै । बलिरहनेछन् पनि । जाति रहेसम्म । जातीयता रहेसम्म । प्रकाश छरे । ज्योति बाँडे । देवकोटा बने । लक्ष्मीप्रसाद भए । मनमा फले । आस्थामा जले । भावनामा बले ।

शतवार्षिकी वर्ष । सम्भावनाको दियो । मनमा बल्यो । दृष्टिमा बल्यो । बलिरहनेछ अझै । उनको सम्झनामा । हामी पनि । अर्थात् नवप्रज्ञापन । महाकविको नाममा । भावना चढाउँछ । आस्था हुर्काउँछ । उनी उठिरहनेछन् । नेपाल रहेसम्म । नेपाली भएसम्म । श्रद्धासुमन ! श्रद्धासुमन !! श्रद्धा सुमन !!!

सतचालिस

सुन्दर आकृति । एकान्त वातावरण । सम्भ्रान्त परिदृश्य । सिङ्गो संसार । विश्वासको फूल । विचारको पर्खाल । स्मृतिको गहिराई । जीवनको सोच । उभिई रहेछ । हजारौं वर्ष । लाखौं हिउँद । नरोकिने बाटो । हिँड्दै छ एकोतार । निरीह जीवन । कुरूप आकाश । सहिरहेछ नियतिवश । दुःखेको मन । बगेको अस्था । हेर्दै छ टुलटुलु । अन्धोभूत एकान्तमा । लाटो हुँदै छ । बोल्न सक्दैन । हेर्न चाहँदैन । मृत भाव । बोक्ने तपाईँ । अभिनयमा हुनुहुन्छ । पोख्तता छ । दक्ष देखिनुहुन्छ । अभिनय गर्नोस् । मज्जा मान्नोस् । मनग्गे उठ्नोस् । प्रयासमा नहार्नोस् । बिचरो त्यो । बोल्न सक्दैन । किन बोलेन । अर्थहीन विषय । चुपचाप लाग्नोस् । मुख नखोल्नोस् ।

कुरूप चिन्तन । विक्षिप्त मनस्थिति । सिङ्गो परिधि । भत्किएको आधार । अस्वस्थ प्रतिस्पर्धा । भग्नावशेषी विचार । बाँचिरहेछ निरन्तर । खोज्दै छ गन्तब्य । च्याप्दै छ विकृति । गन्हाइरहेछ डुङ्डुङ्ती । हुलको पछिपछि । ठटाउँदै छन् नाङ्लो । एक्लो बौलाहा । च्यापरिहेछ निस्कृष्टता । हाँसिरहेछ अर्को । फैलाएर हात । ठान्दै छन् सर्वशक्तिमान । अशिष्ट वर्तमान । हिँडिरहेछ

विवशता । खोजिरहेछ शक्ति । छोपिएको छायाँ । कालो तस्बिर । पुरिँदै गइरहेछ ।

चियाउँछ दृष्टि । छामेर आफैंलाई । खोतलेर विगत । छाम्छ अनुहार । भक्कानिन्छ मुटु । दुख्छ घरीघरी । चित्त बुझाउँछ । बुझाउनु पर्छ । कृतघ्न वर्तमान । अट्टहास भित्र । डुब्न खोज्छ । स्वार्थी पारखीहरू । भत्काउँछन् आफैंलाई । हराउन वर्तमानमा । स्वार्थको सुरुङ । लम्बिदै गइरहेछ । अनिश्चित गन्तब्य । भेटिन मुस्किल । आफ्नै विरुद्धमा । हिँडिँदै छन् उल्टो ।

फुच्चे खोलो । रोकिन सक्दैन । उडिरहेछ मन । भत्काइरहेछ पन । माटो प्रयोगशाला । प्रयोगीहरू धुइरो । हिँडिरहेछ एकोतार । हुँडलिँदै छ विश्वास । छामिदै छ मुटुकलेजो । फाइदै छ तरङ्ग । निकटस्थ फाँट । देखिँदै छ पँहेलपुर । विगतको श्रद्धा । खाइन्छ अचेल । आगतको आवेश । च्यापिदै छ काखी । रोकिएको छैन । सुन्दर पद्धति । अगाडि बढ्छ । सिङ्गो निरन्तरता । पूर्णताको पाटो । छोटो नसोच्नोस् । वर्तमान नबोक्नोस् । पलमा नरम्नोस् । समग्र जिन्दगी । उठाउनोस् काँधमा । अनि हिँड्नोस् । क्षणिकतामा नभुल्नोस् । पाइन्न समग्रतामा । भेटिन्न तृप्ति ।

विचरो मान्छे । भत्काउने क्रम । भत्कने क्रम । एउटा आत्मरति । उब्रेको उमङ्ग । पुरो खुसी । उकुसमुकुस तृष्णा । उमङ्ग । पोखिन खोज्छ । पोख्न आतुरहरू । लालयित सधैं । भञ्ज्याङको चौतारी । वरपिपलका वृक्ष । साक्षी बस्छन् । बोल्दैनन् कहिल्यै । रिसाउँदैनन् कदापि । हेर्दै छन् एकोहोरो । निर्निमेष आँखा । च्याउँदै छन् जीवन । ओकल्दै छन् अतृप्ति । जमिरहेछ विश्वास । भरिदै छ पोखरी ।

आँसु खसाल्दै । छामिरहेछ मुटु । अनेकौं पटक । बारम्बार भइरहेछ । निरन्तरताको पाटो । बढिरहेछ अगाडि । पछ्याउँदै हिँडिर हेछन् । पाइला उचाल्दै । कल्पना बन्दै छन् । मृगतृष्णा तुन्दै छन् । रमिते दृश्य । हराइरहेछ छायाँमा । विवश देखिन्छ । खुट्टा टेक्दै । हाँगा समात्दै । फेद ढाल्दै ।

बबुरो चिन्तन । हेरिरहेछ टुलुटुलु । बोल्न सक्दैन । पलाउन सक्दैन । कराउन सक्दैन । दिँदैन आदेश । फ्याँक्दैन घुर्की । शान्त देखिन्छ । विचरा बुझ्दैन । पागल वर्तमान । दृष्ट दृष्टान्त । कुहेको विश्वास । गन्हाएको विचार । बोक्न खोज्दै छ । अनौठो समय । बोल्नै नसकिने । गम्नै नमिल्ने । आँखाले देखिने । भावले नठम्याइदिने ।

जँड्याहा चिन्तन । धोक्दै छ जाँड । ठाडो घाँटीमा । जाँडको तालमा । प्रभुको इशारामा । हातको सफाइ । यता फर्कन्छ । उता फर्कन्छ । दायाँ घुम्छ । बायाँ घुम्छ । कहिले हाँस्छ । कहिले रुन्छ । कहिले गाउँछ । कहिले नाच्छ । कहिले चिच्याउँछ । कहिले भुतभुतिन्छ । प्रभुको भक्त । प्रभुका आसेहरू । रामका सेवकहरू । कृष्णका पुजारीहरू । दुर्गाका दाहिनाहरू । महादेवका सुसारेहरू । प्रभुका इसारामा । नाच्नेहरू छमछमी । बजाउँदै बाजा । नेपथ्यका गायक । नेपथ्यका प्रभुहरू । दृश्य प्रभुहरू । मूर्त प्रभुहरू । पृथक प्रभुहरू । पृथक भक्तहरू । नाचिरहेछन् -गाइरहेछन् । विचरो एकान्त हराएरहेछ आफैंमा ।

स्वार्थ फुल्छन् । विचार लहरिन्छन् । विश्वास तैरन्छन् । चिन्तन हराउँछन् । बरबन्दीको यात्रा । प्रभुको आदेश । मालिकको इच्छा । चुर्लुम्म डुब्छन् । बाँकटे लाउँछन् । दायाँ फर्कन्छन् । बायाँ फर्कन्छन् । सयौं प्रभुहरू । त्यत्तिकै तामेलदार । आ-आफ्ना प्रभु । आ-आफ्ना चौकिदार । आ-आफ्ना अरौटे । आ-आफ्ना भरौटे । अनुहार पृथक । जिउडाल

पृथक । तर पनि । उस्तै चिन्तन । उस्तै दृष्टिकोण । उस्तै काम । उस्तै तौरतरिका । भिन्नता खोज्न । हम्मेहम्मे पर्ने । शैली भिन्न । समय अलग । केवल भिन्नता । त्यत्ति हजुर । सत्तेसत्ते हो ।

अनौठो चिन्तन । विश्वासहीन यात्रा । अचम्म तृष्णा । लोग्ने पोपुलिस्ट । स्वास्नी पोपुलिस्ट । छोरो पोपुलिस्ट । बुहारी पोपुलिस्ट । नाति पोपुलिस्ट । नातिनी पोपुलिस्ट । छोरी पोपुलिस्ट । ज्वाईं पोपुलिस्ट । बाबु पोपुलिस्ट । आमा पोपुलिस्ट । माया पोपुलिस्ट । प्रेम पोपुलिस्ट । नेता पोपुलिस्ट । मन्त्री पोपोलिस्ट । पत्रकार पोपुस्टि । लेखक पोपुलिस्ट । कर्मचारी पोपुलिस्ट । समय पोपुलिस्ट । सन्दर्भ पोपुलिस्ट । सबै खोज्छन् । सबै चहार्छन् । सबै भौँतारिन्छन् । सबै आत्तिन्छन् । मात्तिन्छन् पनि । कमाउनु छ । थुपार्नु छ । जसरी होस् । जेगरी होस् । स्वास्नी बेचियोस् । बहिनी बेचियोस् । आमा बेचियुन् । छोरी बेचियोस् । थुइक्क समय । थुइक्क मान्छे । कुहेको चिन्तन । बिग्रेको विचार । समय हिँड्यो । तपाई बोल्नुहुन्न । ऊ बोल्दैन । हिँड्दै हुनुहुन्छ । हिँड्नोस् । खुवै हिँड्नोस् ।

विचरो पहाड । खिन्न बन्छ । मनमा दुख्छ । विचारमा पोखिन्छ । चिन्तनमा हराउँछ । फैलन खोज्छ । उड्न खोज्छ । हिंड्न खोज्छ । हात खोज्छ । साथ खोज्छ । विश्वास खोज्छ । अहँ, भेट्दैन । छाम्न सक्दैन । अनुभूत गर्दैन । खोज्छ सधैं । सुन्दर आस्था । दिगो विश्वास । मनमा उमार्छ । गोडमेल गर्छ । मलजल गर्छ । शान्त मुद्रामा विनयशील भावमा । भविष्य खोतल्छ । सुनौलो भविष्य । आशाको किरण । ढकमक्क फुल्छ । मनबारी भरिन्छ । तनबारी ढाकिन्छ । बोल्न सक्दैन । निरीह आँखाले । केवल हेर्छ । मात्र हेर्छ । पागल वर्तमान । सन्तोष मान्छ । आँखा चिम्लन्छ । देशको माटो । मनमनै भन्छ ।

अठ्चालिस

सञ्चै हुनुहुन्छ ? शिर निहुराएँ । नमस्कार हजुर । आयो है । लौ हेर्नोस् । तपाईँको समय । मज्जाले आयो । खुसीले आयो । छेकिएन कतै । रोकिएन कतै । लड्दै आयो । भिड्दै आयो । गुड्दै आयो । हाँस्दै आयो । रमाउँदै आयो । उफ्रदै आयो । सानले आयो । मानले आयो । अभिमानले आयो । स्वाभिमानले आयो । त्यही ठान्नोस् । मान्नोस् पनि । चाहिँदैन कारण । किन खोज्नु ?

भर्सेला परून् । अरू जम्मै । लौ हेर्नोस् । कस्तो अचम्म । आयो-आयो । कसको तागत । रोक्न सक्ने । छेक्न सक्ने । ढुक्क बन्नोस् । आवश्यकता हो । निसङ्कोच रहनोस् । भ्रम हैन । सत्य हो । एउटा कटुसत्य । यथार्थको पाटो । आनन्दले हाँस्नोस् । दिन फिरे । खुब कमाउनोस् । छोप्न सिक्नोस् । गरिब बोल्नोस् । गरिब हाँस्नोस् । गरिब खानोस् । गरिब हिँड्नोस् । ङिच्च देखाउनोस् । बाहिरी दाँत । अझै पुगेन । एकपल्ट बोल्नोस् । ढुक्क बन्नोस् । बाटो रोकिन्न । पाइला छेकिन्न । एकान्त गम्नोस् । अगाडि सोच्नोस् । ठमठमी हिँड्नोस् । हिँड्दै जानोस् ।

चिनिएन होला । छोड्नोस् ती । बितेका कुरा । भोगेका अनुभव । कसरी ठम्याउनु ? कसैले चिन्दैन । त्यस्तै हो । बिन्ती, बिर्सनोस् । सत्ते पाइन्छ । किन हुँदैन । को त्यो ? चाख्ला स्वाद । भन्नोस् न । किन अलमल । नअल्झिनोस् त्यता । विश्वास बोक्नोस् । उचाल्नोस् भारी । भएकै छ । थियो पनि । सम्भावना

छ । धन्दा नमान्नोस् । गन्न सकिन्छ । भन्नै सकिन्छ । दाँज्न सकिन्छ । त्यत्ति हो । बुझियो हैन ? तपाईँले सक्ने । पाएँ थाहा । पेट भर्नोस् । दुनो सोझ्याउनोस् । मोल्नोस् हात । बोल्नोस् मिठो । घस्नोस् चिप्लो । काम बन्छ । नाम बन्छ । माम बन्छ । हाम बन्छ । तमाम बन्छ ।

चुपो लाग्नोस् । छाड्नोस् साँचो । बोल्नु किन ? कोही सुन्दैन । कसैले पत्याउँदैन । सही थाप्दैन । समर्थन गर्दैन । मूल्य छैन । मान्यता छैन । विचार छैन । दर्शन छैन । भावना छैन । नखर्चनोस् शक्ति । आउँछ काममा । समय हिंड्छ । मान्छे कुद्छ । फर्काउन खोज्छ । रोक्न तम्सिन्छ । ऊ फर्किन्न । अहँ रोकिन्न । सबै हार्छन् । पछाडि फर्कन्छन् । निर्धक्क हुनोस् । बाटो बन्छ । पाइला बढ्छन् । मेरो सोच । यस्तै हुन्छ । मनपरे लिनोस् । छाड्नोस नत्र । रोकावट छैन । बारबन्देज हुन्न । आग्रह एउटा । स्वच्छ भावना । अनुरोध अर्को । यस्तै भन्छु । यस्तै सम्झिन्छु । धैर्य सँगाल्नोस् । सहिष्णुता जप्नोस् । पाटो सोच्नोस् । झाङ्गिदै जानोस् । पग्लिँदै बग्नोस् । बग्दै पग्लनोस् ।

त्यो पहाड । जोरी खोज्दै । हिजो-आज । उभिइरहेछ । दुखिरहेछ । बगिरहेछ। खिइरहेछ। उडिरहेछ। पग्लिरहेछ। चिच्याइरहेछ । आत्तिइरहेछ । डराइरहेछ । कहिले पूर्व । कहिले पश्चिम । कहिले उत्तर । कहिले दक्षिण । कस्तो अनर्थ । कस्तो बेस्वाद । कति निरीहता । उठ्छ सधैँ । हिँड्छ सधैँ । बस्छ सधैँ । चिच्याउँछ सधैँ । तपाईँ भन्नोस् । छिनोफानो गर्नोस् । अबेर नगर्नोस् । कञ्जुस्याईं नबोक्नोस् । धुर्त्याईं नच्याप्नोस् । खाला तपाईँलाई । जिम्ल्याउला क्या ! मेरो आग्रह । तपाईँ उठ्नोस् । अहँ नडराउनोस् । उपयुक्त अवसर । ढिला नगर्नोस् । परिस्थिति नघर्क्याउनोस् ।

मैले देखें । उनीहरूले देखे । तिनीहरूले देखे । उज्यालियो अनुहार । धरोधर्म भन्छु । ढाँटेको हैन । त्यो आयो । भाषण गऱ्यो । म हाँसेँ । तिनीहरू हाँसे । तिमी हाँस्यौ । उनीहरू हाँसे । सबै हाँस्यौं । ताली बजायौं । राम्रो लाग्यो । मिठो मान्यौं । दङ्ग भयौं । मख्ख बन्यौँ । उत्साहित भयौं । ऊ फुर्फुरियो । खुबै हौसियो । आनन्दले रौसियो । नाक फुलायो । कल्पनामा डुब्यो । भावनामा पुरियो । विचारमा छरियो । विश्वासमा तैरियो । चारैतिर हेऱ्यो । आफैंमा हरायो । सम्झनामा पोखियो । गग्रेटोमा बग्यो । समुद्रमा तैरियो । सागरमा खोज्यो । आफू बिर्स्यो । बिर्सदै गयो । डुब्दै गयो ।

मानवअधिकार भन्यो । धर्मनिरपेक्षता सुनायो । आधुनिकता ओकल्यो । परिवर्तन थप्यो । विकास चिच्यायो । समानता सम्झायो । सहभागिता पुस्ट्यायो । समावेशी भन्यो । थिचोमिचो भन्यो । शान्ति भन्यो । सहकार्य भन्यो । पैसा दिलायो । हतियार किनायो । विचार यता । पैसा उता । काम उसलाई । कुरा हामीलाई । जोस उसलाई । नारा हामीलाई । उमङ्ग त्यसलाई । निराशा हामीलाई । अवाक् बन्यौँ । सिकाउन लाग्यो । जातीयता भन्यो । विधिता भन्यो । जानेको भन्यो । सुनेको भन्यो । प्रयोग गऱ्यो । गोटी बनायो । तलमाथि भन्यो । उठ्न सिकायो । खान सिकायो । बस्न सिकायो । सुत्न सिकायो । हिंड्न सिकायो । लाटा बन्यौँ । काना बन्यौँ । बहिरा बन्यौँ । अन्धा बन्यौँ । खोरन्डा बन्यौँ । धेरै बन्यौँ । थुप्रै बन्यौँ । के भयौं । सोचेनौँ कहिल्यै । गमेनौँ कहिल्यै । त्यसैले पनि । केही भएनौँ । विचार गरेनौं । आफ्नो भएनौँ । अरूको भयौं । आफूनालाई गरेनौं ।

अरूलाई गऱ्यौं । रेखाको भित्र । पराया भयौं । हुँदै गयौं ।

हात जोड्यौँ । नतमस्तक बन्यौँ । विगत जम्मै । मूर्ख सम्झ्यौं । आगतको पाटो । पोल्टामा दियौं । बाँच्ने क्रममा । नाङ्गो बाँच्यौ । निर्वस्त्र बाँच्यौँ । भावहीन बाँच्यौँ । ज्ञानहीन बाँच्यौँ । चेतनाहीन बाँच्यौँ । ऊ राम्रो । उसको राम्रो । हामी नराम्रो । हाम्रो नराम्रो । हामी अन्धविश्वासी । ऊ आधुनिक । हामी रुढिवादी । ऊ विज्ञानी । हामी जङ्गली । ऊ सहरिया । हामी असभ्य । ऊ सभ्य । विचार आयो । पैसा आयो । राख्दै गयौ । थुपार्दै गयौं । हाँस्दै गयौं । रमाउँदै गयौं । उफ्रदै गयौं । कराउँदै गयौं । बिर्सदै गयौं । गुमाउँदै गयौं । हराउँदै गयौं । भुल्दै गयौं ।

जाँगर लिएनौं । जोस लिएनौँ । उमङ्ग लिएनौँ । हौसला लिएनौँ । बिउ लिएनौँ । सोच लिएनौँ । बल्छी लिएनौँ । बारी लिएनौँ । खेत लिएनौँ । अरू नै लियौ । लिँदै गयौं । माछा लियौं । ताली बज्यो । नाच्दै गयौ । गीत गाए । उफ्रदै गयौँ । थालमा पस्के खाँदै गयौं । सोचविहीन जिन्दगी । बुद्धिविहीन बाटो । ज्ञानविहीन विमर्श । चेतनाहीन उत्साह । अजीव प्राणी । अनौठो जन्तु । बन्दै गयौं । भन्दै गयौँ । आफ्नै घाँटीमाथि । तरबार चलायौँ । गोली हान्यौँ । मुड्की कस्यौं । पराया माटोमा । रोपिँदै गयौं । हुर्कदै गयौं । बढ्दै गयौँ । फुल्दै गयौँ । फल्दै गयौँ । हामी भएनौँ । अर्कै भयौं । हुँदै रह्यो । एकपटक सोच्नोस् । साँच्चै सोच्नोस् । के भयौ ? कहाँ भयौ ? कता भयौ ?

लौ आयो । दौड्दै आयो । नयाँ वर्ष । पख्नोस् है । तपाईँ बुढिनुभो । थोत्रिनुभो अलिकति । पुरानिनुभो पनि । हिँड्नुभो होला । खानुभो होला । मोजभो होला । गर्नैपर्छ गर्छन् । त्यति मात्र हैन । सक्नेले गर्छन् । चुरोमा पुगियो । पुऱ्याउनुभयो । मुरीमुरी धन्यवाद ।

नाम बेच्दै । कार्यक्रम सकिएलान् । भोज चल्लान् । पार्टी होलान् । सक्नेहरूले गरून् । हैसियत बढाऊन् । नहड्बडाउनोस् तपाईँ । धैर्य नगुमाउनोस् । सकेको गर्नोस् । जानेको गर्नोस् । देशको माटो । निधारमा लाउनोस् । छातीमा टाँस्नोस् । गर्ने कुरा । गर्दै जानोस् । हिंड्ने बाटो । छोट्याउँदै जानोस् । पुग्ने ठाउँ । सम्झँदै जानोस् । सबैलाई शुभकामना । तपाईँलाई पनि । सबै नेपालीलाई ।

उनन्चास

हामी हरूवा । हार्न जन्म्यौं । हार्न हुर्क्यौं । हार्न बढ्यौं । हार्न सिक्यौं । हार्न जान्यौं । किन हार्छौं । उत्तर छैन । कसरी हार्छौं । थाहा छैन । तर हार्छौं । साँचो हार्छौं । सत्य हार्छौं । हार्न हार्छौं । हार्न बाँच्छौं । हार्न हाँस्छौं । हार्न नाच्छौं । हार्न गाउँछौं । हार्न कुद्छौं । हार्न जिउँछौं । हार्न दौडन्छौं । हार्न रमाउँछौं । हार्न उफ्रन्छौं । हार्न हिंड्छौं । हार्न बस्छौं । हार्न सुत्छौं । हार्न उठ्छौं । हार्न खान्छौं । भैरहेछ यस्तै । निरन्तर निरन्तर । के भन्नु । कसो गर्नु । के सम्झनु । के बिर्सनु । दोधारमा छु ।

केवल ईशारा । बस् त्यत्ति । आज पर्यन्त । मज्जाले हाँस्यौं । अझै हाँस्दै छौं । दाँत देखाएर । किन हाँस्यौं । कसलाई हाँस्यौं । कसरी हाँस्यौं । जान्दैनौ कोही । तर हास्छौं । इतिहास बोल्छ । हामी रोबोट । अऱ्होटमा चल्छौं । अठोटमा हाँस्छौं । अन्यथा निर्जिव । बोल्न सक्दैनौं । देख्न सक्दैनौं । हिँड्न सक्दैनौं । त्यो आउँछ । चुड्की बजाउँछ । आँखा

झिम्क्याउँछ । इशारा सोझ्याउँछ । हामी हाँस्छौं । दङ्ग बन्छौं । कम्मर मर्काउँछौं । खुसी तुल्याउँछौं । आफू भुल्छौं । आफ्नो भुल्छौं । त्यसलाई देख्छौं । त्यो प्रभु । त्यो नायक । त्यो महाननायक । त्यो भगवान् । त्यो ईश्वर । त्यो समाधान । त्यो औषधी ।

यो हाडीगाउँ । यस्तै हुन्छ । जात्रा लाग्छ । जात्रालु आउँछन् । बस्दैनन् सधैं । रमाइलो हेर्नुपर्छ । अचम्म देख्नुपर्छ । अनौठो सुन्नुपर्छ । नसोचेको भोग्नुपर्छ । त्यो आयो । स्वागत गऱ्यौं । जल चढायौं । चमर हल्लायौं । ईश्वर मान्यौं । पूजा गऱ्यौं । खुट्टा ढोग्यौं । आफू बिर्स्यौं । आफ्ना बिर्स्यौं । निर्देश गऱ्यो । नाङ्गा भयौं । एकछिन हाँस्यौं । एकछिन रोयौं । एकछिन करायौं । एकछिन गायौं । एकछिन नाच्यौं । भन्दै गयो । गर्दै गयौ । त्यो मुस्कुरायो । सन्तुष्ट भयौं । दङ्ग पऱ्यौं । मख्ख देखियौं ।

त्यो बोलेन । हामी बोल्यौं । त्यो हाँसेन । हामी हाँस्यौं । त्यसले सुनाएन । हामीले सुनायौं । आफू सुनायौं । आफ्नो सुनायौं । बाबु सुनायौं । आमा सुनायौं । दाइ सुनायौं । भाइ सुनायौं । भाउजु सुनायौं । बुहारी सुनायौं । दिदी सुनायौं । बहिनी सुनायौं । भिनाजु सुनायौं । ज्वाईं सुनायौं । हलुङ्गो बन्यौ । सन्तोष मान्यौ । त्यो मेरो । केवल मेरो । अरूको हैन । हुनै सक्दैन । भन्दै गयौं । गन्दै गयौं । कराउँदै गयौं । आफू चिनेनौं । चिन्नै खोजेनौं । प्रयासै गरेनौं । हातै बढाएनौं । त्यसैले कुँजियौं । डल्लो बन्यौं । थुप्रो बन्यौं । कुप्रो बन्यौं । पोको बन्यौं ।

त्यो हाम्रो । खोपीको देवता । आस्थाको केन्द्र । मेरो भयो । हाम्रो भयो । बा गर्जे । आमाले भनिन् । दाइले सुनाए । भाइले थप्यो । भाउजूले थपिन् । बुहारीले प्रस्ट्याइन् । दिदी गन्गनिइन् । बहिनीले सुनाइ । जम्मैले पोखे । त्यो मेरो । विवाद चल्यो । मारपिट भयो । कुट्ने हाँस्यो । कुटिने रोयो । बलियोले कुट्यो । निर्धोले सह्यो । आमा भक्कानिइन् । बाउ बोलेनन् । टुलुटुले हेरे । दुवैका आँखा । मलिन देखिन्थे । बाउले सोधे । दोषी को । म हैन । सबैले भने । पालो सके । क्रमशः भने । जम्मै टक्टकिए । पाखा लागे । छानबिन गरौं । सहमति बन्यो । त्यसैलाई ल्याउने । सबैले भने । आमा बोलिनन् । बाउ टोल्लिए । हो ल्याउने । आवाज चर्कियो । दुवै बोलेनन् । ठानेनन् आवश्यक ।

आमा एक्लिइन् । बाबु हड्बडाए । मतलब राखेनन् । जेसुकै गरुन् । छोराहरूले भने । अँ भन्या । छोरीहरूले थपे । म आमा । तिनले भनिन् । म देश । म माटो । मलाई मार । तर नबेच । मलाई खाओ । मनपरी नगर । अनुरोध गरिन् । आग्रह पस्किन् । छोरीहरू हाँसे । छोराहरू बोलेनन् । मात्र केहीक्षण । मनपर्दो गरे । बाबुले भने । गुफामा बस्छु । तिनले धम्क्याइन् । बाहिर निस्कन्न । भन्दै गइन् । झन् राम्रो । ती मुस्काए ।

त्यो आयो । स्वागत गरे । ताली बज्यो । ती मुस्कुराए । राडी ओच्छ्याए । पलेटी कस्यो । एक्लै थियो । एक्लै बस्छु । विस्तारै बोल्यो । साउतीको भाषा । जङ्गे शैली । जङ्गे विचार । जङ्गे दृष्टिकोण । क्रमशः भेटे । चड्कन ठोक्यो । ठोक्दै गयो । तोरीको फूल । एउटाले सुनायो । अर्कोले थप्यो । सबैको उस्तै । अचम्म लाग्यो । किन होला । मुखामुख गरे । अँध्यारो मुहार । आँसुको बाढी । मनको पाटो । बग्न खोज्यो । दिएनन् खस्न । नमज्जा लाग्यो । अनुमान मिलेन । एउटाले सुनायो । हो त । अर्को बोल्यो । सबैले सोचे । टाउको समाए ।

छातीमा छामे । विचारमा हराए । दुःख्न सकेनन् । बग्न सकेनन् । अनुभूत गरे ।

खै स्वाभिमान । खै अस्मिता । खै दायित्व । खै जिम्मेवारी । खै इतिहासबोध । खै भविष्य । खै गन्तव्य । खै पाइला । खै चिन्तन । खै दृष्टिकोण । खै मूल्य । खै मान्यता ? केही छैन । छँदै छैन । यो हो ? यस्तै हो ? यसैको लागि । रगत बग्यो । आँसु बग्यो । वेदना पोखियो । विरह बग्यो । चिन्तन बग्यो । चेतना बग्यो । स्वर छैन । बोल्नोस् हजुर । मुख खोल्नोस् । किन चुपचाप । नथुन्नोस् आवाज । नकुँज्याउनोस् विचार । बग्न दिनोस् । हिँड्न दिनोस् । पुग्न दिनोस् । पछ्याउन दिनोस् । आरम्भ होस् । शुभारम्भ होस् । बाटो छाड्नोस । विचार बनाउनोस् । विश्वास नथुक्नोस् । तपाईंको कल्याण । त्यसैमा छ । पटक्कै नडराउनोस् । बाँच्न सिक्नोस् । सिङ्गो जीवन । सग्लो विश्वास । दगुरेको चियाउनोस् । पुगेको नियाल्नोस् ।

तपाईंहरू झगडिने । मिलाउने त्यो । तपाईंहरू सुत्ने । उठाउने त्यो । तपाईंहरू लुक्ने । खोज्ने त्यो । तपाईंहरू नबोल्ने । बोलाउने त्यो । घिन लाग्यो । नसुहाउँदो दृश्य । छ्याछ्या उफ् । कसरी बुझ्नु । के सम्झनु ? किन सम्झनु । कता बस्नु । कता डुल्नु । कता घुम्नु । कसलाई भन्नु । किन भन्नु । जम्मै विपरीत । सबै बाङ्गो । आँखा बाङ्गो । मन बाङ्गो । माया बाङ्गो । प्रेम बाङ्गो । पिरती बाङ्गो । किन यस्तो । खोज्नुपर्ने । खोतल्नुपर्ने । सम्याउनु पर्ने । मिलाउनुपर्ने । भन्नुपर्ने । भनाउनुपर्ने । तर विडम्बना । कोही सुन्दैनन् । कान थुन्छन् । आँखा चिम्लन्छन् । सुन्न चाहन्नन् । भाग्न खोज्छन् ।

हामी निरीह । हामी पामर । आफ्नै विश्वास । नभएका जम्मै । आफूलाई नचिन्ने । आफूलाई नजान्ने । आफूलाई नदेख्ने । आफूलाई नछाम्ने । आफूलाई नभेट्टाउने । आफूलाई नखोज्ने । आफूलाई नपाउने । लौ सुन्नोस् । कस्ता हामी । कस्तो परिचय । कस्तो पहिचान । कस्तो जीव । कस्तो प्राणी । कुन दुनियाँको । कुन ग्रहको । कुन नक्षत्रको । के सुन्ने । के सुनाउने । अब सोचौं । विगतबाट सिकौं । वर्तमानबाट सिकौं । भविष्य खोतलौं । खोज्नैपर्छ हजुर । अबेर नगरौं । किमार्थ नहटौं । उठौं साँच्चै । लागौं बाटो । ठम्याऔं गन्तव्य ।

देख्ने अन्धो । बोल्ने लाटो । हिँड्ने लङ्गडो । सुन्ने बहिरो । नबनौं अब । वर्तमान चिरौं । वर्तमान फोरौं । वर्तमान गोडौं । वर्तमान बालौं । मसानघाट पुऱ्याऔं । अँह नफर्काऊँ । बिन्ती गर्छु । अनुरोध पस्कन्छु । धरोधर्म हजुर । पुर्खाको सान । पुर्खाको मान । पुर्खाको इज्जत । पुर्खाको गौरव । सम्झौं एकपटक । स्वाभिमानमा बाँचे । त्यसै गरी हाँसे । तपाईं नबग्नोस् । म पग्लिन्न । तपाईंको देश । मेरो देश । हाम्रो देश । सबैको देश ।

सिङ्गो नेपाल । स्वतन्त्र नेपाल । स्वावलम्बी नेपाल । स्वाभिमानी नेपाल । जातमा नबाँड्नोस् । धर्ममा नबाँड्नोस् । सम्प्रदायमा नबाँड्नोस् । क्षेत्रमा नबाँडनोस । भाषामा नबाँड्नोस् । वर्गमा नबाँड्नोस् । लिङ्गमा नबाँड्नोस् । सम्भावनामा बाँड्नोस् । सप्ठेरोमा बाँड्नोस् । सबैको देश । फेरि सम्झनोस् । पुनः भन्नोस् । सङ्कुचित नबन्नोस् । पूर्वाग्रह नबोक्नोस् । देशमा पाटी । देशमा राजनीति । देशमा सङ्गठन । देशमा विचार । देशमा दृष्टिकोण । देशमा अधिकार । अनि तपाईं । अनि म । र हामी । सिङ्गो नेपाल । स्वतन्त्र नेपाल । समृद्ध नेपाल । सबैको नेपाल । नेपालीको नेपाल । भनौं सबैले । एउटै आवाजमा ।

पचास

'विविध फूलहरू फुल्ने र फक्रने साहित्यिक बगैँचाको मनोरम दृश्य अवलोकन गर्ने आकाङ्क्षा मनभरि सँगाल्दै बुद्धि, विवेक र सद्भावको प्रयोग गरी हैसियत, शक्ति तथा पहुँचले भ्याएसम्म भाषासाहित्यको जगमा सूक्ष्म भए पनि कण थप्ने अभिप्रायले यस पत्रिका प्रकाशन आरम्भ गरिएको छ ।' आजभन्दा १८ वर्षअगाडि अर्थात् २०५० सालमा प्रकाशित प्रथम अङ्कको सम्पादकीयमा लेखिएको रहेछ माथिको कुरा । आज पनि पहिलो सम्पादकीयमा भनिएबमोजिम भाषा, साहित्य र संस्कृतिको जगेर्नामा आफ्नो तर्फबाट केही गरौँ भन्ने सोच पत्रिकासँग ताजै छ ।

हामी देशका सच्चा नागरिक हौँ भने जन्मभूमिप्रति संवेदनशील बन्नै पर्छ । सबैभन्दा पहिला देश अनि मात्र म वा हामी भन्ने मान्यता छातीमा अङ्कित गराउनुपर्छ । माटोको अस्तित्व रहेन भने हाम्रो रहने कुरै हुँदैन । त्यसैले यसको भलाइको कामना गरौँ । कुरामात्र हैन, काम गरेर देखाऔँ । आ-आफ्नो तर्फबाट केही न केही अर्पौँ । यो ऊ नभनौँ । जे छ त्यही दिऊँ । नभएको नखोजौँ । सबैसँग केही न केही अवश्यै हुन्छ । कञ्जुस्याइँ नगरौँ । छाती खोलेर दिऊँ । हामी तीन करोड नेपालीहरूको मनमा देशलाई मैले के दिन सक्छु ? भन्ने भाव उजागर हुने हो भने नेपाल आजको जस्तो दुर्दशामा हैन विकसित अवस्थामा छिट्टै उक्लिनेछ । यसमा कुनै सन्देह छैन । यही दिने कुरामा शक्ति र सामर्थ्य लागू हुन्छ भन्ने मत पत्रिकाले शुभारम्भदेखि बोक्दै आएको छ र हिजोदेखि आजसम्म आफ्नो तर्फबाट एक इन्च पनि टसको मस भएको छैन ।

त्यतिखेर धादिङ जिल्लाको खाल्टे गा.वि.स.स्थित श्री पञ्चकन्या निमावि (हाल मावि) मा शिक्षक थिएँ म । काठमाडौँबाट झन्डै ८० किलोमिटरको दूरीमा अवस्थित पहाडको काखमा रहेको त्यो सुन्दर शान्त र रमणीय गाउँ प्रेरणास्पद थियो । शिक्षक बनेर त्यहाँ पुगेको मेरो मनमा समाजको निम्ति के काम गर्न सक्छु होला भन्ने प्रश्नहरू उब्जिरहन्थे । लामो तर एक्लो विचार मन्थनपछि पत्रिका निकाल्ने सोचको नजिक पुगेको थिएँ । अनि त्यो प्रस्ताव स्थानीय शिक्षक मित्र डम्बर ब.श्रेष्ठ र वीरगञ्ज निवासी मित्र चिरञ्जीवी गुरागाईँसमक्ष उभ्याएको थिएँ । दुवैको सद्भावका साथ २०५० को असारमा पहिलो अङ्क प्रकाशित भएको थियो । आज २०६७ को कार्तिक महिनामा प्रकाशनको ५० औं अङ्कको सम्पादकीय लेख्न बस्दा त्यो क्षणको सम्झनाले मनमा कुतकुती लगाइरहेको छ । यतिखेर भन्नुपर्दा मित्र श्रेष्ठको द्वन्द्वमा मृत्यु भएको छ भने गुरागाईँ कार्यव्यस्तताले अलग हुनुहुन्छ । दुवैको प्रारम्भिक, सद्भाव र स्नेहप्रति पत्रिका आभारी छ । साथै उहाँहरूले बोकाउनु भएको भारी सकेसम्म अगाडि पुर्‍याउन प्रयत्न गर्ने समेत प्रण गर्न चाहन्छ ।

सामान्य तर दृढ अठोटका साथ प्रकाशनारम्भ गरिएकाले यो आजसम्म हिँडिरहन सकेको भन्ने ठम्याइ छ । काठमाडौँलाई गाली गर्दै काठमाडौँमै लिसो टाँसिएजस्तै टाँसिने प्रवृत्तिले धेरैलाई अन्योलमा पारेको छ । काठमाडौं एउटा प्रवृत्ति हो । यहाँ बस्दैमा मात्र कोही पनि सक्षम हुन सक्दैन । त्यसो भए त यहाँका सबै धेरै अगाडि बढिसकेका हुने थिए नि ।

एउटा कुरा के सत्य हो भने यहाँ बस्नेहरूले चाहना गर्ने हो भने उठ्न सजिलो पर्छ । त्यसो त उठ्न खोज्नेहरू मोफसलमै बसेर पनि अगाडि पुगेका छन् । हामीहरूमा कर्ममा भन्दा भाग्यमा र चाचुचामा बढी विश्वास गर्ने मनोविज्ञान छ । यस्तै विश्वासीहरूको सङ्ख्या अधिक भएकाले काठमाडौले जम्मै गऱ्यो, हामी पछि पऱ्यौं भन्ने मान्यता उब्जेको हो । त्यसैले 'नवप्रज्ञापन' हामी जो जहाँ जुन अवस्थामा छौँ, त्यहीँबाट उच्च मनोबलका साथ कर्मशील बनौँ भन्ने आग्रह गर्दछ ।

भ्याएजति हिँड्दै, सकेकोजति गर्दै र चिताएको ठाउँमा पुग्दै सम्भव भएसम्म यसले केही गरिरहेको छ र भोलिका दिनमा पनि यही कुरालाई आत्मसात् गर्ने प्रयत्न गरिरहने छ । साथै यथासम्भव नियमितताको र निरन्तरताको प्रयत्नमा राजधानी र मोफसललाई भेददृष्टिले हेरेको छैन । अग्रजहरूका साथ पहुँचभन्दा बाहिर रहँदै आएकाहरूलाई समेत यथोचित ठाउँ दिइरहेको छ । शुभारम्भदेखि नै ठूलालाई आदर, सत्कार र सम्मान अर्पण गर्दै पहुँचको अवसर नपाएका र अभिव्यक्तिको मौका खोजिरहेकाहरूलाई अगाडि ल्याउनु यसको घोषित लक्ष्य नै छ । पत्रिकालाई स्तरीय बनाउने नाममा सानाप्रति वा पहुँचबाहिर रहेकाहरूप्रति आँखा चिम्लिने पक्षमा यो हिजो पनि थिएन र आज पनि छैन, निश्चित छ, भोलि पनि रहने छैन । यसमा 'नवप्रज्ञापन' सन्तुष्ट छ र सबैको साथ पनि उपलब्ध छ । काठमाडौँ प्रवृत्ति देशको जुनसुकै भागमा बसेका भए पनि सुखसुविधा प्राप्त गरिरहेकाहरूसँग छ । तिनीहरू आफ्नो त्यो सीमारेखा नाघ्न सक्दैनन् र चाहना पनि गर्दैनन् । आफूलाई कसैले नछोओस् तिनीहरूको कामना हुन्छ । नवप्रज्ञापन त्यो आवरणभन्दा बाहिर छ र सधैँ बाहिरै बस्ने सोच राख्दछ ।

यहाँ सहयोग, प्रेम र सद्भाव अत्यन्तै महँगा छन् । पाउन कठिन छ । तर उपदेश सस्तो छ, जसले पनि दिन्छ । यसले आजसम्म जे-जति उपदेश पायो, ती सबै नापेको भए सयौं घैला भरिन्थ्यो होला, तर दुःखको कुरा नापिएन । आज थकथकी लागिरहेको छ । वर्ग,जात, क्षेत्र, धर्म, लिङ्ग र वर्णका वरिष्ठदेखि कनिष्ठसम्म सबैबाट सहजै जुनसुकै समयमा पाउन सकिने सजिलो वस्तु भएको छ त्यो । ' नवप्रज्ञापन'ले त्यो नचाहेरै पनि पाएको छ । नखोजेरै पनि पाएको छ । राख्ने ठाउँ नहुँदा पनि पाएको छ । प्राप्त कुरा छोड्न पनि भएन, अन्यौलमा छ । तपाईंसँग केही सुझाउ छ कि ?

हो, जति पटक पायो लिई नै रहेको छ । लिइरहेको छ । त्यो अर्थात् उपदेश अनि सल्लाह किनेर मात्र पाइने वस्तु भइदिएको भए कति रमाइलो हुन्थ्यो होला । तर बिडम्वना हामी कहाँ यो निःशुल्क पाइन्छ । भोलि उपदेश, सुझाउ, सल्लाह र परामर्श खोज्नुपर्ने, माग्नुपर्ने र किन्नुपर्ने दिन आइदिए कस्तो हुन्थ्यो होला ? तपाईं पनि एकपटक सोच्नोस् त !

यो सम्भव भएसम्म नियमितताको पक्षमा छ अर्थात् मासिक, द्वैमासिक, त्रैमासिक, चौमासिक, अर्धवार्षिक वा वार्षिक जे सर्तमा निस्कन लागेको हो, त्यसैअनुसार जानुपर्छ भन्ने दृष्टिकोण राख्दछ । कथित स्तरीयताको नाममा, मोटो र ठुलोको आडमा सीमित मानिस, जो पहुँचमा छन्, उनीहरूको वरिपरि नाच्ने सोच यसले कहिल्यै राखेन । सानो भए पनि धेरैको हातमा पुग्न सकोस्, थुप्रैले पढुन्, सदावहार कामना छ । यति उतिको सीमारेखा कोरेको छैन । सकेको, जानेको

र भ्याएको गर्ने हो, यसमा यो स्पष्ट छ । जम्मै आफैले गर्छु भन्ने पनि सोच्दैन र मैले नगरे सखाप हुन्छ भन्ने पनि ठान्दैन । गर्ने सबैको काम हो र सबैमध्ये म पनि एक हो, तसर्थ सकेजति गर्दै बाँकी अरूको जिम्मा भन्ने ठान्दछ ।

नेपालको जेठो पत्रकारिता, साहित्यिक पत्रकारिता हो । यसको इतिहास झण्डै १३० वर्षको छ । तर आज पनि यो व्यवस्थित हुन सकिरहेको छैन । किन ? उत्तर छैन । दिने अधिकारिक व्यक्तिहरू पनि छैनन् । देश छ । पार्टीहरू छन् । नेताहरू छन् । भाषण गर्छन् । स्वार्थ भजाउँछन् । सपना बाँड्छन् । बिस्कुन हाल्छन् । देश भन्छन् । सत्ता भन्छन् । भत्ता खान्छन् । जनता भन्छन् । राजनीति फलाक्छन् । हामी सुनिरहेछौँ । सुन्न विवश छौँ । ताली पड्काइरहेछौँ । बाध्य छौँ । आफ्ना छैनौँ । अरूका छौँ । इसारामा नाचिरहेछौँ । चटकेले डोऱ्याएको बाँदरजस्तै । त्यसकोपछि लाग्ने केटाकेटीजस्तै ।

पत्रपत्रिका निस्कँदै छन् । आ-आफ्ना रहरमा । मनभित्रका इच्छाहरूमा । को, कहाँ । के, कति । कसले, किन ? सम्बन्धित निकाय मौन छ । अझै भन्ने हो भने चिन्तन गर्ने खास निकाय छैन । लामो प्रयत्नपछि प्रेस काउन्सिलले साहित्यिक पत्रिकालाई पनि वर्गीकरणमा पाऱ्यो, २०६४ र २०६५ मा । २०६६ को परिणामको अत्तोपत्तो छैन । यत्ति नै हो । साहित्यिक पत्र पत्रिकाको मूल्य के हो ? मान्यता के हो ? यो कसरी हिँड्नुपर्छ ? राज्यले यसबाट के अपेक्षा गरेको छ ? यसले देश निर्माणमा कस्तो भूमिका खेल्न सक्छ अर्थात् राज्यको दृष्टिकोण के हो । उत्तर कतैबाट प्राप्त हुन सकिरहेको छैन । भेटघाटको अनौपचारिक गफगाफमा कसैले केही भन्यो होला, तर राज्यको आधिकारिक धारणा पाइन्न । साँच्चै राज्यले नै औपचारिक तबरले बोल्नुपर्छ । अहिलेसम्म कसरी हिँडियो र अब कसरी हिँड्नुपर्छ, अवधारणा आउनुपर्छ ।

अर्को कुरा देशले सेवा सुविधा दिन्छ भने अपेक्षा पनि राख्नुपर्छ । हाम्रो अवस्था त कस्तो छ भने जहाँ जसले जसरी गरे पनि हुन्छ । नामको आवश्यकता पर्छ, नाम दियो भयो । देशभित्र के कस्ता पत्रपत्रिका निस्कन्छन्, तिनले समाजलाई अग्रगतितिर लगेका छन् कि अधोगतितिर, अहँ मतलब छैन । भोलिको पिँढीले सही मार्गतिर पाइला चालेको छ कि कुमार्गतिर, खै लेखाजोखा भएको ? प्रश्न केवल साहित्यिक पत्रपत्रिकाका निम्ति मात्र हैन । विदेशी अश्लील पत्रपत्रिका हाम्रो बजारमा देखिन्छन् । निरीक्षण गर्ने जिम्मा पाएका व्यक्तिहरू मौन छन् । त्यसले पार्ने असरको खोजी गरिएको छ ? छैन भने किन गरिँदैन ? सबै कानमा तेल हालेर बस्ने, यो कस्तो अनौठो परिवेश ? यसको जिम्मा त पक्कै कसै न कसैलाई होला तर खै त खोजबिन भएको ? के यसका निम्ति अर्को आन्दोलनकै आवश्यकता पर्ने हो ?

कुर्सीका निम्ति देशलाई बन्धकीमा राख्नेहरूले सोच्नुपर्ने हो, मैले शासन गर्ने देशको अवस्था कस्तो छ र कतातिर गैरहेछ ? मानिसहरूको जीवनवृत्ति, मूल्य-मान्यता र अवस्थामा कसरी विचलन भैरहेको छ ? विकास र परिवर्तनका नाममा भित्रिएको विकृतिले मान्छेहरूलाई कुन हालतमा पुऱ्याएको छ ? अगाडि बढ्ने बाटाहरू किन अवरुद्ध छन् ? हामी कहाँ छौँ र जान खोजेको स्थान कुन हो ? पुग्नका निम्ति गरिएको प्रयत्न र हिँड्दा आउने अफ्ठेरा कस्ता हुनेछन् । यी कुराहरूमा प्रशस्त

चिन्तन मनन हुनुपर्ने हो, तर आजसम्म भएजस्तो लाग्दैन ।

तिनीहरू सबै थोक सत्तामा मात्र देखिर हेछन् । सत्ताका अन्ध पुजारीहरूले बुझ्नुपर्ने कुरा के हो भने सत्ता सधैँ कसैको पेवा रहिरहँदैन । तसर्थ सत्ताभन्दा बाहिर पनि जीवन छ र बाँच्न सकिन्छ । तर बिडम्वना हामी हारिरहेका छौँ सत्तास्वार्थीहरूसँग । हिजोदेखि आजसम्म देश हारोस्, जनता हारून्, सत्तास्वार्थीहरूलाई कुनै चासो रहेन । व्यक्ति व्यक्तिलाई टुक्राएर भए पनि सत्ता आवश्यक छ, त्यसका अन्धभक्तहरूलाई । यसै गरिरहेका पनि छन् ।

सम्भवतः यसैले होला साहित्यिक पत्रकारिता हिजोदेखि आजसम्म रहरै रहरमा बाँचिरहेको । भोलिका सत्तासीनहरूले यसको आवश्यकता बोध गरी उचित बाटोतिर लाग्न सहयोग गर्छन् कि, अहिलेलाई यही अपेक्षा राखौँ ।

यहाँ रहरै रहरमा साहित्यिक पत्रकारिता अगाडि बढिरहेको सन्दर्भ माथि उठेको छ । त्यही रहरै रहरको मेसोमा यसको पनि प्रकाशन सुरु भएको हो, वि.सं. २०५० सालदेखि । बेला-बेलामा थकाइ मार्दै आजसम्मको यात्रा तय गरेको छ । भोलिको यात्रा कहाँसम्म भनेर किटान गर्न कठिन छ तापनि सकेसम्म हिँड्ने लक्ष्य २०५० को प्रथम अङ्कका बेला जे जस्तो थियो, २०६७ को ५० अङ्कको प्रकाशन अवसरमा पनि उस्तै छ । हिजो पनि यसो गर्ने, उसो गर्ने भनेर तामझामका साथ हल्ला गर्दै प्रकाशनको साइत जुराइएको थिएन र आज पनि त्यस्तो स्थिति छैन । साह्रै ठुलो महत्वाकाङ्क्षाका साथ नआएकोले सकेको गर्ने र भ्याए जति हिँड्ने विचारमा कायम छ ।

तपाईं हामीले सोचेर मात्र नहुने रहेछ । यस विषयमा राज्य बोल्नुपर्छ तर बिडम्वना ऊ मौन छ । भाषा साहित्यको श्रीवृद्धिमा उसको अपेक्षित संवेदनशीलता छैन । यहाँ विदेशी पत्रपत्रिका विना अवरोध आउन सक्छन्, तर हाम्रा पत्रपत्रिका भारतका नेपाली बहुलक्षेत्रमा समेत निर्बाध रूपमा पुग्न सक्दैनन् । फेरि आफ्नो भाषासाहित्यको विकासमा नेपाली नै बाधक ठान्नेहरू पनि छन् । तर विदेशी पत्रपत्रिकाको विपक्षमा कतैबाट आवाज निस्किँदैन । आफ्नी आमालाई राम्री छन् भन्नुपर्दा अर्काकी आमालाई नराम्री भन्नु पर्दैन, नवप्रज्ञापनको उद्घोषण हो यो । कस्तो निरीहता तपाईंको, मेरो र उहाँको ? हामी टुलुटुलु हेरिरहेछौँ विवशतापूर्वक । बोल्नुपर्ने हो, सकिरहेका छैनौँ, किन ? प्रश्नको उत्तरसमेत अप्राप्य छ । तपाईंसँग छ त ?

१-४९ को यात्रामा हजारौं स्रष्टा महानुभावहरूका रचनाहरू प्रकाशित भएका छन् । यसरी आफ्ना अमूल्य रचनाहरू उपलब्ध गराएर सहयोग गर्नुहुने सम्पूर्ण समादरणीय लेखक महानुभावहरूमा यो हृदयदेखि नै आभार व्यक्त गर्दछ । यसले आजसम्म कसैलाई पारिश्रमिक दिएको छैन र अब पनि तुरुन्तै दिन सक्ने अवस्था छैन । तर यसको मतलब कहिल्यै दिन सक्दैन भन्ने चाहिँ होइन । यदि सरकारले साहित्यिक पत्रकारिताप्रति आफ्नो जिम्मेवारी बोध गर्दै सकारात्मक सोचले अगाडि बढाउने बाटो पहिल्यायो भने अवस्था सुध्रिन कठिन पनि छैन । सुरुमा त वितरणका निम्ति हुलाक दर्तामा देखिएको समस्याको समाधान र नियमित विज्ञापनका लागि सरकारी पहल अत्यन्तै आवश्यक छ ।

समाचारमूलक र साहित्यिक पत्रकारिताबीच विषयगत भिन्नता भएकाले राज्यले यी दुवैलाई अलग अलग पाटोबाट हेर्नुपर्छ । दुवैलाई एउटै कोटीमा राखेर हेर्ने

हो भने त्यो सन्तुलित दृष्टि हुनै सक्दैन । त्यसकारण जिम्मेवार सम्बन्धित निकाय यस विषयमा संवेदनशील बन्नै पर्छ । यदि साहित्य आवश्यक छैन भने पनि राज्यले बोल्नुपर्छ। उसले निरर्थक भनेर घोषणा गरेको कुरालाई हामीले निरन्तरता दिइरहनुपर्छ भन्ने छैन । ऊ बोल्यो भने हामी त्यस्ता काममा लागेकाहरू फेरि आफ्नो कामको मूल्याङ्कन गरेर अगाडि बढ्ने छौँ । हामीले गरेको काम देशको निम्ति आवश्यक नै हो भने बाटाका अफ्ठेरा असजिला हटाउन तुरुन्तै पहल हुनुपर्छ ।

प्रारम्भका केही अङ्क प्रज्ञापनका नामबाट प्रकाशित भएपछि यो नवप्रज्ञापन भएको हो । तत्कालीन सूचना विभागको मौखिक अनुमतिमा नाम जुराएको यसले अलिपछि नामको अगाडि 'नव' उपसर्ग राख्न बाध्य हुनुपर्‍यो । कामै गर्ने हो नामसँग केको लेनदेन भन्ने निष्कर्षका साथ यसले पाइला रोकेन । बिचबिचमा यदाकदा अल्मलियो, तर कहिल्यै भुसुक्क निदाएन र गति धीमा नै भए पनि हिँड्न छाडेन । साँच्चै लगातार हिँडेको भए अझ धेरै अङ्क प्रकाशित हुन्थ्यो, तर कछुवाको चालमा हिँडेकाले आजको यो समयमा यस अवस्थामा आइपुगेको हो ।

हिँड्ने क्रममा २९ अङ्कको प्रकाशनपछि यो केही समय निन्द्रामा पर्‍यो अर्थात् थकाइ मेटाउनतिर लाग्यो । ऐले उठेको छ र फेरि प्रकाशनको बाटो समातेर आजको अवस्थामा आइपुगेको छ । २९ अङ्कको प्रकाशनपछि यो करिब-करिब निदाएको अवस्थामा थियो । 'वर्षको एक अङ्क मात्र भए पनि निकाल्नुस्', आदरणीय साहित्यकार श्यामप्रसाद शर्मा र वरिष्ठ साहित्यिक पत्रकार दाजु रोचक घिमिरेले निकै पटक भन्नुभयो । यसै गरी वरिष्ठ समालोचक डा. केशवप्रसाद उपाध्यायको पनि त्यस्तै राय थियो । दाजु ध्रुव घिमिरे र अग्रज गोपीनाथ रिजालज्यूको सल्लाहसमेत त्यस्तै रह्यो । साहित्यकार मित्र श्रीओम श्रेष्ठ रोदनको पनि पत्रिका सकेसम्म नरोकियोस् भन्ने विचार थियो ।

यसै क्रममा वरिष्ठ कथाकार माया ठकुरीको हौसला, उत्साह र प्रेरणास्पद निर्देशन तथा सहयोगी भावनाले नवप्रज्ञापनलाई अगाडि बढ्न हौस्यायो । अगाडि जाने कि नजाने ? कसरी जाने ? किन जाने ? जस्ता विविध प्रश्नहरू मनभित्र सल्बलाइरहेका बेला उहाँबाट प्राप्त उपयोगी निर्देशन र सुझाउले हिँडिरहन प्रेरित गर्‍यो । त्यति मात्र हैन, अफ्ठ्यारो, असजिलो बाटोबाट निर्भीकतापूर्वक हिँड्दा त्यसबाट प्राप्त आनन्दले मनलाई अझ उमङ्गित तुल्याउँछ भन्ने उहाँको भनाइले अगाडि हिँडिरहन प्रेरणा प्राप्त भयो । अनि नवप्रज्ञापनले आँट गर्‍यो । दोधारमा रहेको मनस्थितिलाई एकोहोर्‍यायो । त्यसैले यो आजको अवस्थामा आइपुगेको छ ।

साहित्यकार कृष्णप्रसाद पराजुली, निर्मोही व्यास, बूँद राना, डा. जीवेन्द्रदेव गिरी, भागीरथी श्रेष्ठ, डा. लक्ष्मणप्रसाद गौतम, सनत रेग्मी, माधव काफ्ले, नेत्र एटम, सुकुम शर्मा, प्रमोद प्रधान र कृष्णप्रसाद घिमिरेलगायतका आदरणीय व्यक्तित्वहरूको सान्निध्यता र उत्साही मनहरूबाट पनि यसलाई आफ्नो बाटो हिँडिरहन बल प्रदान गरिएको छ। उहाँहरूको हौसला र सहयोगी भाव तथा उपयोगी मार्ग निर्देशनलाई यसले कहिल्यै भुल्न सक्दैन ।

नारायणीका पद्य स्रष्टाहरू, नारायणीका गद्य स्रष्टाहरू, गजल विशेष, गीत विशेष र बाल्यकालीन संस्मरण पहिलो भाग (यसमा ५५ वर्ष उमेर कटेका विभिन्न

क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएका ५६ व्यक्तिहरूका १५ वर्षको उमेरभन्दा पहिलेका बाल्यकालीन संस्मरण समाविष्ट छन्) विशेष अङ्कका रूपमा प्रकाशित भएका छन् । यिनीहरूको सबैतिरबाट स्वागत पनि भएको छ । आगामी दिनमा बाल्यकालीन संस्मरण दोस्रो खण्ड, गजल, कविता, कथा, लघुकथा, बालसाहित्य र साहित्यिक पत्रकारितालाई पनि विभिन्न अङ्कविशेषका रूपमा प्रकाशित गर्न सके हुन्थ्यो भन्ने सोच छ । सम्भव भएसम्म त्यतातिर पाइला बढ्नेछ भन्ने कुरा आदरणीय प्रबुद्ध पाठकहरूलाई नवप्रज्ञापन अनुरोध गर्दछ ।

वर्तमानमा यसमा सहयोग गर्ने मनकारी साथीहरूको समूह नै छ । उहाँहरूमा रहेको उत्साह, जाँगर र केही गरौँ भन्ने भावले यसलाई हौसला प्रदान गरिरहेको छ । यसको उन्नति र प्रगतिमा विश्वास गर्दै यस अङ्कसम्म वरिष्ठ एवं आजीवन सदस्य बनिदिनुहुने २० जना सदस्यहरूप्रति आभार प्रकट गर्नु यो आफ्नो कर्तव्य सम्झन्छ । बाराबाट प्रकाशित भइरहेको साप्ताहिक स्वावलम्बीका सम्पादक/प्रकाशक गणेश रिजाल, मित्र पाण्डवराज कार्की, यशु श्रेष्ठ र सुधन पौडेलको सहयोगले यसलाई काममा अर्थात् प्रकाशनमा अझै सक्रियताका साथ लाग्न प्रेरित गरिरहेको छ । पत्रिको उन्नतिमा उहाँहरू दत्तचित्त हुनुहुन्छ र यसको उन्नति उहाँहरूको पनि सपना भएको छ । त्यसैले उहाँहरूलाई जति धेरै धन्यवाद दिए पनि थोरै हुन्छ ।

यसै गरी अघिल्ला अङ्कहरूमा आवरण चित्र बनाएर सहयोग गरिदिने विभिन्न चित्रकार मित्रहरूलाई विशेष सम्झना गर्दै यस अङ्कको आवरण चित्र बनाइदिने चित्रकार भीष्म केसीलाई हृदयदेखि नै सम्झना गर्नु यो आफ्नो कर्तव्य सम्झन्छ । यस्तै लामो समयदेखि पत्रिकाको टङ्कन कार्यमा सक्रिय प्रमोद पाण्डे मुरीमुरी धन्यवादका पात्र हुनुहुन्छ ।

जनमैत्री क्याम्पस कुलेश्वरबाट स्नातक तेस्रो वर्षका छात्रा सीता भण्डारीले २०६५ सालमा 'नवप्रज्ञापन (१ देखि २० अंक) को नेपाली साहित्यमा योगदान' विषयमा अनुसन्धान गर्नुभएको छ । उहाँलाई पनि यो धन्यवाद दिन चाहन्छ ।

यो अङ्कमा हामीलाई शुभकामना लेखेर उत्साहित तुल्याउनु हुने प्रेस काउन्सिल नेपालका अध्यक्ष श्रीनारायण शर्मा र नेपाल साहित्यिक पत्रकार संघका अध्यक्ष श्री रोचक घिमिरेज्यूप्रति नवप्रज्ञापन आभारी छ । गत वर्षको प्रेस काउन्सिलको वर्गीकरणमा यो 'ख' श्रेणीमा परेको थियो । तसर्थ प्रेस काउन्सिलप्रति पनि आभारी छ ।

साहित्यिक पत्रपत्रिकाको सहायतार्थ संस्कृति मन्त्रालयद्वारा उपलब्ध नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा वितरण गरिएको सहयोग यसले पहिलो पटक प्राप्त गरेको छ । विगत १८ वर्षअघि प्रकाशन थाल्दा यस किसिमको सहयोग प्राप्त होला भन्ने अपेक्षा गरेको थिएन । काम गर्दै जाँदा सहयोग पनि हुँदो रहेछ । यो रकमलाई यसको स्तरवृद्धिमा लगाउने प्रण गर्दै सम्बन्धित निकायलाई धन्यवाद दिन चाहन्छ ।

र, अन्त्यमा पत्रिकालाई आजको अवस्थामा ल्याइपुऱ्याउन आ-आफ्नो स्थानबाट गच्छेअनुसार सहयोग र सद्भाव राखी विभिन्न तवरले सघाउने तर यहाँ नाम उल्लेख गर्न छुटेका सबैमा कोटिकोटि नमन गर्दै सकेजति गर्ने र भ्याएजति हिंड्ने प्रणका साथ आगामी दिनमा पनि यथास्थानबाट यथोचित सहायता उपलब्ध भइरहने छ भन्नेमा नवप्रज्ञापन आशावादी छ ।

एकाउन्न

डाँडाको छेउ । एउटा मान्छे । शून्य साँझ । च्यापेर एकान्त । खुल्ला आकाश । स्वप्निल तरङ्ग । फूल्छ छातीमा । जिन्दगीको पाटो विचित्र खोकिलो । उसको मन । हाँस्न खोज्दै छ । सिङ्गो खोलो । बगिरहेछ निरन्तर । रोक्न खोज्नेहरू । भगीरथ प्रयासमा । अस्ति थिए । हिजो थिए । आज छन् । भोलि हुनेछन् । एउटा परम्परा ।

त्यो मान्छे । अर्थात् ऊ । घोत्लिदै थियो । बाले भने । काकाले सुनाए । मैले देखेँ । देखेको सत्य । मान्नै पऱ्यो । मान्न थालेँ । मान्दै छु अचेल । तपाईंहरूको दृष्टिकोण । सिङ्गो सोच । मूल मान्यता । तपाईंको दृष्टान्त । पृथक् होला । त्यो सत्य । त्यो यथार्थ । मान्नैपर्छ ।

परिवर्तनको पाटो । त्यसले रोज्यो । मसक्क आँट्यो । जिल्लिए धेरै । अगाडि हेऱ्यो । हिंड्न थाल्यो । पछाडि फर्केन । हिंड्नु पर्छ । केवल भन्यो । छुट्नेहरू छुटे । त्यो हिंड्यो । बाटो समात्छु । गन्तव्य भेट्टाउँछु । यथार्थ पैल्याउँछु । सत्य अँगाल्छु । भन्दै गयो । धेरैले सुने । मुखामुख गरे । बाटो पछ्याएनन् । केवल हेरे । अनौठो माने । त्यो रोकिएन । हिंड्दै गो । त्यो थाकेन ।

दशकौं पछि । त्यो भेटियो । एउटा भट्टीपसल । काँचको गिलास । त्यसले भन्यो । तपाईं मान्छे । परिवर्तनको पक्ष । हिजो भन्नुहुन्थ्यो । तर आज । मेरा आँखा । भ्रम होइन । सतोसत होइन । धरोधर्म हजुर । आत्माले सराप्छ । झुठो बोल्दिन । भाव छड्कँदैछ । विचार गल्दैछ आस्था ओइलिँदैछ । उम्लन खोज्छ । रोक्छु बारम्बार हिजो रोकेँ । आज रोकेँ । तर भोलि । सिङ्गो प्रश्न । आँखा अगाडि । उभिन्छ हर्दम । भेटिन्न उत्तर । पाइन्न सदासयता । बिचलित विचार । उड्न खोज्छ । दबाब पस्कन्छु । तर्साउँछु पटक-पटक । गाह्रो पर्दै छ । असजिलो भइरहेछ ।

मेरो नेतो । अस्ति थियो । हिजो थियो । अहिले छ । हेदर्छ मतिर । हाँस्न खोज्छ । बोल्न खोज्छ । दोधारमा छु । अस्तिको आचरण । हिजोको चिन्तन । सिङ्गो धुर्त्याईं । अचम्मको फट्याँईं । आँखा अगाडि । नाच्छन् घरीघरी । अस्ति ललकाऱ्यो । हिजो दुखायो । मन जलायो । रोए धेरै । मजाले दुःखे । सामेली थियो । मेरो वर्तमान । बजियाको दिन । आउला कहिले । खुबै सोचेँ । मजैले गमें । सोच्दै गएँ । भाकल गरें । आफ्नै मनसँग । आफ्नै तनसँग ।

सुदिन आउँछ । उज्यालो हुन्छ । घाम लाग्छ । बादल हट्छ । गाउँ हाँस्छ । समाज हाँस्छ । राष्ट्र हाँस्छ । तपाईं हाँस्नुहुन्छ । सबै हाँस्छन् । हाम्रो यथार्थ । हाम्रो सत्य । खोजेको बाटो । लिएको उद्देश्य । चाहेको ठाउँ । पुग्ने लक्ष्य । त्यही एउटा । उनी भन्थे । म सुन्थेँ । अरू हुन्थे । टोल हुन्थ्यो । गाउँ हुन्थ्यो । । तर आज । उनी छैनन् । उनको विचार । झाङ्गिइरहेछ मजाले । उनी मारिए । हामी रोयौं । धेरै रोए । सहिद भए । हामीलाई सुनाइयो । ताली बजायौं । मुन्टो हल्लायौं । शिरको श्रद्धा । मनमा राख्यौं । आँखामा फुलायौं ।

मन उचालियो । आस्था फैलियो । विचार लहराए । उनको सपना । सिंगो कल्पना । साकार पार्नुपर्छ । हामीलाई भनियो । हामी लाग्यौं । सकेको गऱ्यौं । मन फुलायौं । विचार गोड्यौं । मलजल गऱ्यौं । कर्तव्य बन्यो । बन्दै गयो ।

तर आज । विपरीत काम । उल्टो दिशा । हिँडाउन खोज्दै छन् । धेरै पटक ।

उपदेश दिए। सल्लाह पस्के। आदर्श पोखे। विचार धुलमुलियो। तिनी लखराए। हामी अडियौं। उनलाई हेऱ्यौं। खिस्स हाँसे। आँखा जुधे। मज्जाले लजाए। हाम्रा आँखा। जुध्दै थिए। तिनले झारे। अनुहार मलिन। सोच्यौं हामीले। खुइय गरे। थुचुक्क बसे। उठ्न सकेनन्। बोल्न सकेनन्। हामी हिँड्यौं। तिनी उठेनन्। सफल भएनन्।

उसको वर्तमान। चाकडी सम्राट। अस्ति उताथ्यो। हिजो धरमरायो। आज आयो। विचार बदल्छु। पुरानो त्याग्छु। नयाँ राख्छु। गनाउने फाल्छु। बाटो समात्छु। पुरानो ज्ञान। परिमार्जन गर्छ। सम्मानको माला। प्रण गरैं। कान समाएँ। मज्जाले भन्यो। उठबस गऱ्यो। उसले देख्यो। तिनीहरू हाँसे। ज्ञानको आधारमा। कामको मूल्याङ्कन। कमाण्डर चुनियो। करले स्वीकारे। बाध्यताले माने। अध्याय टुङ्गियो।

बदलिएको समय। फेरिएका परिवेश। अस्तिको काम। हिजोको काम। छाड्नै सकेन। चाकरी भित्र। डुब्दै छ मजाले। विचमा तिनी। निरीह आँखा। खोज्दै छन् हेर्न। छैन सकेका। गर्दै छन् प्रयास।

बाउन्न

यतिखेर हामी नयाँ वर्षको सङ्घारमा आइपुगेका छौं। ऊ हामी सबैको मुहार च्याउन व्यस्त छ। शुभकामनाका शब्दहरू साट्ने मनसुवा बोकेर मानिसहरू आ-आफ्ना दैलामा उभिएका छन्। वर्ष सकिएकोमा आफ्ना दुःख पनि सकिएको महसुस गर्नेको ठुलै लर्को पनि भेट्न सकिन्छ। जेहोस्, धेरैतिर आशा फुलेको, फुल्न खोजेको, विश्वासले अगाडि बढ्ने चाहना राखेको स्थितिको सृजना भइरहेको परिवेश महसुस गर्न सकिने अवस्था छ।

हामी नयाँ संविधान बनाउने क्रममा छौं। त्यसको निम्ति ६०१ प्रतिनिधि छानेर पठाएको झन्डै तीन वर्ष बित्योभन्दा पनि हुन्छ। काम के कति भयो, उनीहरूले आ-आफ्ना जिम्मेवारी पूरा गरे गरेनन् त्यो हेर्न बाँकी छ। जिम्मेवारी बहन गर्न नसक्नेहरूको कसरी मूल्याङ्कन गर्नुपर्ने हो वा जनताको आँखामा ती कसरी प्रतिविम्बित हुनेछन्, विचारविमर्श र बहस गर्ने समय हुन लागिसकेको छ। आवश्यक समयमा उचित मूल्याङ्कन हुनैपर्छ।

शिक्षकको मूल काम पढाउने, डाक्टरले बिरामीहरूको उपचार गर्ने, माझीको यात्रुहरूलाई वारिपारि तार्ने, ड्राइभरको गाडी चलाएर मानिस तथा वस्तुहरूलाई गन्तव्यमा पुऱ्याउने, न्यायाधीशको काम न्याय दिलाउने, प्रहरीको काम आमजनताहरूलाई शान्तिसुरक्षा प्रदान गर्ने, सैनिकको देशको सुरक्षा गर्ने, कर्मचारीहरूको तोकिएको काम छिटोछरितो गरेर जनताको सेवा गर्ने हो तर उनीहरूले तोकिएको काम गरेनन् भने के हुन्छ ? तपाईं कल्पना गर्नोस्। कल्पना मात्र हैन सोच्नोस् त गम्भीर भएर, त्यस्तो अनुमान गर्नु सक्नुहुन्छ तपाईं ?

हामीले संविधान बनाउने जिम्मा दिएर, भरपोषण गऱ्यौं। तपाईं हामीले तिरेको राजस्वबाट सुविधा लिने गरी पठाएका ६०१ जना सभासद्हरूको जम्बो टोलीले यथासमयमा संविधान बनाउन सकेन भने के होला ? जे गर्न पठाएको हो त्यो नगरी अन्यत्र समय बर्बादी गर्नेहरूलाई के भन्ने, के गर्ने ? माझी, शिक्षक, प्रहरी, सैनिक, न्यायाधीश, कर्मचारी तथा डाक्टरहरूको जस्तै जिम्मेवारी हैन उनीहरूको ? कि ठुलाले जे गरे पनि हुन्छ ? सबै नेपालीले

गम्भीरतापूर्वक सोच्ने बेला आइसकेको छ।

जीवनलाई सकारात्मक आँखाले हेरौं, आफूमा भएका कमीकमजोरी पहिचान गरी सकारात्मक बाटोतिर पाइला बढाऔं। संसारमा कोही पनि सबै जान्ने हुँदैन। अनि केही नजान्ने पनि कोही छैन। तपाईंमा पनि प्रशस्त सम्भावना छ। त्यो सम्भावना खोज्ने जिम्मा तपाईं आफ्नै हो। मैले खोजेर हुँदैन। भनिदिन सकिन्छ तर त्यसलाई लागु गर्ने व्यक्ति स्वयम् तपाईं नै हो। यसकारण मोजमज्जा, ऐसआराम र रामरौसमा जीवनको महत्त्वपूर्ण समय खेर नफाल्नोस्। उन्नति र प्रगतिमा लगाउनोस्। अमूल्य जीवन फेरि पाइन्छ पाइन्न थाहा छैन। त्यसैले अहिले पाएको बेलामा सही सदुपयोग गरौं। आफ्नो लागि मात्र हैन देशका लागि पनि सोच्नुपर्छ। समय महत्त्वपूर्ण हो, तपाईं हामी गौण हौं।

नयाँ वर्ष साँच्चै नयाँ जोश बोकेर आओस्। उमङ्ग बोकेर आओस्, उत्साह/हौसला बोकेर आओस्। केही गरौं-गरौं लाग्ने अठोट बोकेर आओस्, बितेको वर्षभन्दा धेरै काम, असल काम, उपयुक्त काम गर्ने प्रण प्रत्येक नेपालीले गर्न सकून् भन्ने शुभेच्छा नवप्रज्ञापन परिवार तथा सम्पादक/प्रकाशकको नाताले म मेरो व्यक्तिगत तर्फबाट पनि गर्दै नेपाली भनेर आफूलाई गर्व गर्ने कामको थालनी गरौं सबैमा यही शुभकामना व्यक्त गर्न चाहन्छु।

त्रिपन्न

नागढुङ्गाको फेदी। एउटा चियापसल। चार-पाँच जना ग्राहक। एउटी पसल्नी। बेच्दै छे चिया। साना बच्चाहरू। गर्दै छन् यताउति। मेरो मन। हिजोका कुरामा पुग्न खोज्दै छ।

एउटा प्रश्न। त्यसले गऱ्यो। भेटिएन उत्तर। खोज्ने प्रयत्न। भए निकै। छरपस्ट आँखा। खजमजिएको परिवेश। विभाजित आशा। क्षत-विक्षत तन्द्रा। नखुलेको आकाश। धरतीभरि पोखिएको शीत। अजीर्ण चिन्तन। बोक्नेहरूको जमात। बोकाउनेहरूको जमघट। तँछाड-मछाड परिस्थिति। असोचनीय परिवेश। हराएको भाव। अस्वभाविक प्रश्न। अविभाजित मन। छातीभित्र विश्वास। न बागमती। न विष्णुमती।

त्यसको स्वर। सबले सुने। चिया पसले। मज्जाले हाँस्यो। स्वास्नी डराई। रुल्लटुल्ल भए। केटाकेटी जम्मै। "तपाईंको मान्यता। तपाईंको विचार। सुन्दर आहाल। तपाईंको आदर्श। तपाईंको जीवनदर्शन। तपाईंको मूल्यमान्यता। तपाईंको आरोह-अवरोह। तपाईंको सोचाइ। जम्मै त्यही। तपाईंका साथीहरू। तपाईंका आफन्त। छैनन् पृथक। तपाईंको पार्टी। तपाईंको सरकार। छँदै छैन फरक। दुःख नमान्नोस्। चिन्ता नगर्नोस्। जम्मै उस्तै। ड्याङको मुला।" चिलिम तान्यो। धुँवा उड्यो। त्यो हाँस्यो। सोध्यो मलाई। कस्तो लाग्यो।

प्रतिप्रश्न गऱ्यो। निरुत्तर बनें। भ्याउँदिन रे। पछि अरे। त्यसो नभन्नोस्। बिन्ती गर्छु। हात जोड्छु। आग्रह पस्कन्छु। मात्र एकदिन। भाका नराख्नोस्। आजको आजै। अहिलेको अहिल्यै। कृपया नभाग्नोस्। एकपटक सोच्नोस्। समाधान हैन। समस्या हो। नलगाउनोस् थुप्रो। फाल्दै जानोस्। कल्याण त्यसैमा। हवस् हजुर। मेरो अनुरोध। तपाईंको मर्जी।

मलाई भन्यो। तपाईंलाई भन्छ। सबैलाई भन्यो। भन्दै गयो। नगर्नोस् चिन्ता। साँचो कुरा। तपाईं हामी। आहाल विचार। आहाल मान्यता। बोकी हिंड्छौं। आफू

राम्रो । आफ्नो राम्रो । आफू योग्य । आफैं सक्षम । यही सोच । भेटिन्छ सबैतिर । अस्ति सुन्नोस् । हिजो सुन्नोस् । आज भोग्नोस् ।

चियाको पैसा । उसैले तिर्‍यो । मान्दै मानेन अनि भन्यो । "तपाईंहरू दुष्ट । तपाईंहरू पापी । तपाईंहरू स्वार्थी । तपाईंहरू जाली । तपाईंहरू फटाहा । विध्वंशका अनुयायी । कुरूपताका पक्षपाती । अन्धकारका समर्थक ।" रिस उठ्यो । आँखा तरें । त्यो हाँस्यो । वास्तै गरेन । अचम्म लाग्यो । आँखा जुधे । गर्धन समातेँ । त्यो बोलेन । फेरि हाँस्यो । प्रतिवाद होला । सोचाइ मेरो । फेल भयो । गलत बन्यो । कोही आयो । बिचमा पस्यो । एकएक चड्कन । पार्यौं दुवैले ।

ओइरिए मानिस । भरियो चियापसल । क्रुद्ध त्यो । गयो पर । म काठमाडौं । "म महानगर । म राजधानी । म देश । देशको मुटु । आस्थाको टुक्रा । सिङ्गो परिचय । देशभित्र । देश बाहिर । म बागमती । म विष्णुमती । मेरो स्वच्छता । मेरो पवित्रता । मेरो सुन्दरता । फिर्ता चाहियो । बेस्सरी चिच्यायो ।" झल्याँस्स बनें । झसङ्ग भएँ । जमिरहेछ बागमती । जमिरहेछ विष्णुमती । तपाईं अझै । हाँस्दै हुनुहुन्छ । मज्जाले हाँस्नोस् । हाँस्दै जानुहोस् । तपाईंको संवेदना । कुहिएको छ । कुहाउँदै जानोस् ।

चौवन्न

साहित्यकारद्वय गोविन्द भट्ट र केवलपुरे किसान हालै दिवङ्गत भए । उनीहरूको निधनले नेपाली साहित्यमा अपूरणीय क्षति पुगेको छ । दुवै स्रष्टाहरूको नेपाली भाषा साहित्यको अभ्युत्थानमा अतुलनीय योगदान छ ।

रौतहटको माटोमा जन्मिएका भट्ट स्रष्टा र द्रष्टा दुवै हुन् भने धादिङको माटोका उपज किसान स्रष्टा हुन् । दुवै जनताको भाषामा जनभाका लेख्ने लेखक हुन् । आजीवन भाषासाहित्यको उन्नतिमा लागिपरेका यी स्रष्टाहरू सरकारबाट भने सधैं उपेक्षित नै रहे । आफन्तहरू, आसेपासे, झोले, झन्डे तथा डन्डेहरूको निम्ति राज्यको ढुकुटी रित्याउन पछि नपर्ने कुनै पनि सरकारको आँखामा उनीहरू कहिल्यै परेनन् । नेपाली भाषा साहित्यको उन्नतिमा उनीहरूले पुर्‍याएको योगदानको कतै कसैले मूल्याङ्कन गरेन ।

सत्ता स्वार्थमा रुमलिरहेका हाम्रा राजनीतिक दलहरूबाट त्यस्तो अपेक्षा गर्नु पनि निरर्थक थियो । सायद त्यसैले होला उनीहरू कहिल्यै आशावादी देखिएनन् । त्यो त राज्य स्वयंले सोच्ने कुरा हो । मूल्याङ्कन गर्नुपर्ने कुरा हो । स्रष्टाहरू स्वाभिमानी हुन्छन् । स्वाभिमानलाई तिलाञ्जली दिएर बाँच्नुलाई उपयुक्त सम्झँदैनन् । त्यो अत्यन्तै महत्त्वपूर्ण पक्ष पनि हो । तसर्थ अप्ठ्यारा, असजिला र कठिन दिनहरूमा पनि उनीहरूले हात पसारेनन् । त्यो कुरा राज्यले आफै बुझ्नुपर्थ्यो । अझै भन्नुपर्छ उनीहरूबाट दीक्षितहरूले राज्य सत्ताको हालिमुहाली चलाइरहेको समयमा पनि उचित मूल्याङ्कन हुन सकेन भने अरू बेला कहिले हुन्छ ? 'तँ आउँदा मोही पाइनस्, कामदार पठाइदे दूध दिउँला' भन्ने उखान चरितार्थ हुन्छ यो सन्दर्भमा ।

मृत्यु टारेर टार्न नसकिने सत्य हो । सम्भवतः त्यसैले होला हाम्रा अग्रज भट्ट र किसान आज हाम्रो माझ छैनन् । तर, उनीहरूले गरेको कामलाई अनुशरण गर्दै देखाएको बाटो हिंड्नेहरूको सङ्ख्या ठुलै छ । सत्ता र निजीस्वार्थमा रमाउनेहरूले नसम्झे पनि उनीहरूको विचारलाई भञ्याङ

बनाएर माथि पुग्नेहरूले वास्ता नगरे पनि अर्थात् गुन नदेखे पनि उनीहरूको विचारलाई मन पराउने, आँखामा राख्ने र आत्मसात गर्नेहरूको नेपाली जनताको लर्को लामो छ । सशरीर हाम्रो माझ उपस्थिति नरहे पनि विचार, भावना, दृष्टिकोण र सादापन भने हाम्रै आँखा अगाडि छ र सदा रहिरहनेछ । कसैले चाहेर पनि मेटाउन सक्दैन । हाम्रा पाइला पाइलामा उनीहरू रहिरहनेछन् । अगाडि बढ्न सन्दर्भमा सदा प्रेरित भइरहनेछन् । अग्रजहरूले देखाएको बाटोमा अगाडि बढिरहेको 'नवप्रज्ञापन' उनीहरूको आत्माको चिरशान्तिको कामना गर्दछ ।

पचपन्न

हामी अपेक्षी । गरिरह्यौं अपेक्षा । सदियौं–सदियौं । भनौं सम्भवतः । हजुरबाले गरे । बाले गरे । जागरुक वर्तमान । हामी गर्दै छौं । तपाईं पनि । ऊ पनि । तिनी पनि । उनी पनि । सबै सबै । निरीह वर्तमान । डिस्स हाँसिरहेछ । उठ्छ रिस । तर पनि । गर्दै छु थामथुम । सायद तपाईं । गर्नुहोला त्यस्तै । सिङ्गो बाध्यता । अस्पष्ट चिनारी । बोक्दै छ कालो । अँध्यारो मन । खोज्छ पोखिन । गर्दै छु छेकथुन । के भर । हुन्छ त्यसको । तपाईं भन्नोस् । खोल्नोस् मुख । देखेको भन्नुस् । यथार्थ बोल्नोस् । साँचो ओकल्नोस् ।

कति नबोल्ने । किन नबल्ने । कसरी नबोल्ने । अँ, साँचि त्यो कुरा । दुख्छ छाती । बाँउडिन्छ मन । लरबरिन्छन् आँखा । तड्पिन्छ मुटु । स्वाभिमानी हामी । पराक्रमी हामी । परिश्रमी हामी । पुरुषार्थी हामी । वीर हामी । बहादुर हामी । निर्भीक हामी । कर्तव्यपरायण हामी । कर्तव्यनिष्ठ हामी । उत्साही हामी । उमङ्गीत हामी । योध्दा हामी । निस्वार्थी हामी । स्वामिभक्त हामी । प्रभुभक्त हामी ।

बाँसुरी बज्छ । हामी नाच्छौं । इसारा गर्छ । हामी बोल्छौं । ओढ्ने दिन्छ । हामी सुत्छौं । सिटी बजाउँछ । हामी उठ्छौं । बाटो औल्याउँछ । हामी कुद्छौं । ऊ अन्हाउँछ । हामी गर्छौं । सन्तोष मान्छौं । प्रफुल्लित बन्छौं । उत्साहित देखिन्छौं । उठ्दैन प्रश्न । तेर्सिन्न प्रतिप्रश्न । हो, किन ? अँ, कसरी ? कसका लागि ? कहिलेसम्म ? हो, त । छँदै छैन नि । खै उत्तर । कसरी समाधान । उही भद्रगोल । त्यही गन्जागोल । उस्तै अस्पष्टता । कति बोक्ने । कहिलेसम्म बोक्ने । कसरी बोक्ने । हरहमेसा मन । उठाउँछ प्रश्न । तर उत्तर । अँहँ, भेटिन्न । कोही दिँदैन । सबै राख्छन् । त्यही खाल्टो । भर्छन् सधैं । भरिनुपर्ने त । तर पनि । सधैँ अपुरो ।

हामी हुतिहारा । हामी अशक्त । हामी पानीमरुवा । हामी डरछेरुवा । हामी निमेकी । हामी खेताला । हामी अविवेकी । हामी कर्तव्यच्यूत । हामी अदूरदर्शी । हामी अस्पष्ट । हामी विभक्त । मेरो ठहर । मेरो सोच । मेरो विचार । मेरो चिन्तन । मेरो दृष्टिकोण । विमति राख्नोस् । मेरो कुरा । मान्नोस् भन्दिनँ । तपाई स्वतन्त्र । तपाईँ सार्वभौम । तपाईं पूर्ण । त्यसो भए । गर्नुभयो के । खै आधार । खै प्रमाण । कुन सार्वभौमिकताको । कुन स्वतन्त्रताको । कुन पूर्णताको । तपाईँको आदर्श । तपाईँको बुझ्याइँ । राख्नुस् गोजीमा । सेफमा राख्नोस् । ढुक्क हुनोस् । एक्लै भन्नोस् । एक्लै हाँस्नोस् । सफलता मान्नोस् । मनको कल्पना । मनको भावना । घिउसँग खानोस् । सन्तोष लिनोस् । मज्जाले बस्नोस् । बस् त्यति । हैन भने । देखाउनोस् पहिचान । खोज्नोस् चिनारी । बेला आयो ।

यो समय । उपयुक्त परिस्थिति । आवश्यक दृष्टिकोण । खोल्नोस् ताल्चा । नगर्नोस् बन्द । सोध्नुभा हो । मेरो कुरा । छैन पृथक । फोस्रो आदर्श । अँ हँ, देखाउँदिनँ ।

म आकाङ्क्षी । तपाईं आङ्काक्षी । हामी आकाङ्क्षी । त्यो आयो । सपना बाड्यो । म लोभिएँ । तपाईं लोभिनुभयो । सबै लोभिए । आफू बन्यो । आफ्ना बनायो । बाटो लाग्यो । त्यही क्रममा । अर्को आयो । पछि लाग्यौं । त्यही गर्‍यौं । पहिलोले झैं । क्रम रोकिएन । सपना बाँड्नेहरू । आइरहेछन् पुनः । जातको नाममा । वर्गको नाममा । धर्मको नाममा । रङको नाममा । क्षेत्रको नाममा । भाषाको नाममा । लिङ्गको नाममा । तर पनि । हाम्रा समस्या । बसिर हेछन् गजधम्म ।

आफै उठौं । आफै बोलौं । आफै गरौं । आफै हिंडौं । आफैं बुझौं । आफै टेकौं । अति भयो । अरूको भर । नपरौं अब । सबथोक छ । त्यसैले भन्छु । अरूको इसारा । छोडौं बोक्न । विश्वास च्यापौं । आस्था बालौं । बाटो खनौं । माटो पन्छाऔं । ढुङ्गा फालौं । सुन्दर बाटो । सत्य भविष्य । सुन्दर भविष्य । साहस जुटाऔं । आफ्नो पराय । पराय आफ्नो । सोच्दै नसोचौं । प्रण गरौं । सिङ्गो खुट्टा । टेकेर हिंडौं । हिँडेर टेकौं ।

छपन्न

"स्याबास सर्वोच्च ।" त्यसले भन्यो । मैले बुझिनँ । प्रश्न तेर्स्याएँ । आँखाको भाषा । सम्भवतः बुझेन । मतिर फर्कियो । त्यो चौतारो । वरपिपलको छायाँ । थरिथरिका मानिसहरू । आ-आफ्ना उद्देश्य । प्रत्येक गन्तव्य । पुग्ने ठाउँ । देखिने परिदृश्य । बुझिने भाव । पाइने दृष्टिकोण । कोही हारेकाहरू । कोही जितेकाहरू । केही उत्साहित । केही निरुत्साहित । पृथक् जिजीविषा । बोकेर काँधमा । हिंड्नेहरूको लर्कन । भोग्दै छ यो । डाँडाको चौतारो ।

चियाउँछु चारैतिर । दौडन्छन् आँखा । खोज्छन् विचार । विश्वासको बटुलो । कोही व्यस्त । कतिपय ध्वस्त । कसैलाई हतारो । कुनैलाई चटारो । कोही दुःखी । एकाध सुखी । कोही साहु । कोही भरिया । कोही पीडक । कोही पीडित । सबैका गन्थन । मनको मन्थन । मजाले सुन्छ । दिंदैन प्रतिक्रिया । हो भन्दैन । होइन भन्दैन । हुन्छ भन्दैन । हुँदैन भन्दैन । मित्रता राख्दैन । शत्रुता मोल्दैन । झरी भन्दैन । बादल भन्दैन । हिउँद भन्दैन । वर्षा भन्दैन । जाडो भन्दैन । गर्मी भन्दैन । केवल सुन्छ । टाउको हल्लाउँदैन । इशारा गर्दैन । मात्र आउनेहरूको । कुरा सुन्छ । खुसी तुल्याउँदैन । निरास पार्दैन । हतास बनाउँदैन । सदीयौंको तपस्या । उभिइरहेछ । बसिरहेछ ।

मुसुक्क हाँस्यो । जुरुक्क उठ्यो । आङ हल्लायो । टाउको घुमायो । आँखा मिच्यो । "मैले बुझिनँ ।" एकजनाले भन्यो । "हो त ।" अर्कोले थप्यो । "अँ-अँ ।" आवाज बाक्लियो । मेरा आँखा । त्यतै पुगे तथापि अडिएनन् । बनेनन् समर्थ । मैतिर फर्के । राखैं खोकिलामा । दिइनँ भाग्न । नबुझिने परिवेश । दुरुह वर्तमान । निरीह चिन्तन । हिंड्न खोज्यो । बोकेर अभिलाषा । बसेन पर्खेर तर चौतारो । हिंडेन कतै । हुनसक्छ त्यसैले । तपाईं जानुहुन्छ । म जान्छु । ऊ जान्छ । बोल्दैन चौतारो । हेरिरहन्छ निर्निमेष । सिङ्गो यात्रा ।

"लाज टोकुवाहरू । विचारका पाखण्डीहरू । आस्थाका बगेरेहरू । विश्वासका खहरेहरू । दृष्टिकोणका डगरेहरू । गन्तव्यहीन

ढँटुवाहरू । सपना बेचुवाहरू । यथार्थ छोपुवाहरू । मपाइँत्वका भरियाहरू । माटाका काँडाहरू । स्वाभिमान फाँडाहरू । चौबाटाका साँडाहरू । नागरिकता बेचुवाहरू । स्वार्थको निम्ति । माटो टुक्र्याउनेहरू । खोकिलामा अरूको । बसेर यदाकदा । असहजता डुक्र्याउनेहरू । प्रतिगामी बाटो । पछ्याउँदै घरिघरी । बोकेर आत्मरति ।” टक्क अडियो । अचम्भित बने । आँखा सबैका । आवाज आएतिर । फरक्क फर्किए । देखिएन केही । अघिको आवाज । आफै हरायो । आँखा मिच्यो । मुसुक्क हाँस्यो ।

“ठिक भन्यो ।” एक बोल्यो । “हो त ।” दुईले थप्यो ।“जम्मै ठिक । पूरै आवश्यक ।” तीनको प्रतिक्रिया । “तब त ।” चार हाँस्यो । सबैका टाउका हल्लिए क्रमशः । मौन वर्तमान । बोलेन एकछिन । केबल हेऱ्यो । हेर्दै गयो । पढ्यो भाव । विचारको पाटो । बोकेर काँध । कस्यो मुठी । निकम्मा स्वाँठहरू । टिनका पत्रुहरू । दाँत टोक्यो । घुमायो आँखा । हल्लायो टाउको । चिम्लियो दृष्टान्त । बोल्यो विस्तारै ।

उपस्थित हामी । ऊ उनीहरू । ती तिनीहरू । यो, त्यो । जिल्लियौं सबै । के भन्यो । कसले भन्यो । कसो भन्यो । किन भन्यो । आफैंलाई खोज्यो । बुझिएन केही तथापि हाँस्यौ । ताली बजायौं । टाउको हल्लायौं । त्यसको भावमा समर्थन गऱ्यौं । आस्था रोप्यौं । फूल रोप्यौं । विचार हुर्कायौं तर भेटेनौं । अहँ सकेनौं । आज पनि । छैन भेटेको ।

सन्ताउन्न

हाम्रो नेपाल । किसानहरूको देश । बहुसङ्ख्यक जनता । कृषिमा निर्भर । खेतीपातीको याम । विचरा किसान । भारी आँखा । असहज मानसिकता । मल पाउँदैनन् । बिउ पाउँदैनन् । पानी पाउँदैनन् । औजार पाउँदैनन् । बजार पाउँदैनन् । सुझाउ पाउँदैनन् । सल्लाह पाउँदैनन् । परम्परागत पद्धति । बोकेर काँधमा । थुमथुम्याएर छाति । डुल्छन् यत्रतत्र । खियाएर पैंताला । पाउँदैनन् उपलब्धि । त्यसैले छरिन्छन् । दर्फरिन्छन् हत्केला । अन्त्यमा निरासा । च्यापेर काखी । फर्कन्छन् घर । धिक्कारेर कर्म । सरापेर आफैंलाई । बाँच्ने बाध्यता । भैरहेछ निरन्तर । नमीठो विडम्बना । बाँचिरहेछ हिजोदेखि ।

उनीहरूका अगाडि । सपनाको थुप्रो । उभिएको ठिङ्ग । देखाएर दाँत । हाँस्छ यदाकदा । विचरा किसान । बोकेर सपना । राखेर विश्वास । एउटा संसार । उमारेर छातिमा । कहिल्यै नबढ्ने । कहिल्यै नफस्टाउने । लक्ष्यमा पुग्न । नसक्ने कहिल्यै । तथापि मनले । नछाड्ने अभिलाषा । नफर्कने पछाडि । अगाडिको बाटो । खोज्ने हिंड्न । लडेकाको लाम । पन्छाउँदै क्रमशः । दुःखेको घाउ । पार्दै पछाडि । खोज्ने हिंड्न । गन्तव्यको आस । बोकेर हरहमेसा । हिँड्दै जाने । जाँदै हिंड्ने ।

धिक्कार्दै आफूलाई । थुक्दै पुर्पुरो । हिंडिरहेछन् पाइला । बाँचिरहेछन् विश्वास । साँच्चै भोलि । हुनेछ सुदिन । हाँसौला त्यसपछि । नाँचौंला पूर्णता । बनौला सिङ्गो । खोजौंला अस्तित्व । पहिरिएको बाटो । बनाउँला सफा । कुहिएको विचार । गरौंला गोडमेल । साँचेर सपना । आफैंमा विश्वास । बोकिरहेछन् निरन्तर । हिंडिर हेछन् एकोतार । कल्पनाको डोरी । लगाउँदै पोयो । बनाइरहेछन् बलियो ।

पाएका सपना । सजाएर छातीमा । गर्दै छन् सङ्कल्प । फुलाउँदै लालुपाते । उमार्दै पारिजात । गोडमेलमा चुहिएर । उठ्दै

छन् सिंगो । तिनीहरूका नाम । भजाउनेहरू अचेल । सत्तामा छन् । शक्तिमा छन् । सामर्थ्यमा छन् । बलमा छन् । बहादुरीमा छन् । किसान पैताला । केवल माटो । माटोको कुरा । माटोको विचार । माटोको मूल्य । तिनीहरू सुन्दैनन् । अँह बुझ्दैनन् । साँच्चै हेर्दैनन् । ती भरेङ । भरेङको काम । पर्छ आवश्यकतामा । पुगेपछि माथि । चढेपछि शिखरमा । किन सम्झनु । बिना अर्थ । किन बोक्नु । बस, त्यति ।

मल माग्नेहरू । बिउ माग्नेहरू । पानी माग्नेहरू । बजार माग्नेहरू । मुर्च्छित छन् । सडक सडकमा । दुःखित छन् । गल्छेडामा छन् । गल्लीमा छन् । समग्रमा भन्दा । पीडामा छन् । सत्ताका स्वादीहरू । खाइर हेछन् सत्ता । गरिरहेछन् मोज । जनताको नाममा । आफ्नाको प्रगति । आफ्नाको उन्नति । सोचिरहेछन् सदैव । तिनीहरूकै राजस्व । बटुलेर एकएक । थपिरहेछन् सुविधा । कसलाई सहायता । कसलाई सहयोग । दिन सक्नेमा । लम्बिन्छ सत्ता । सोचिरहेछन् हरदम ।

लाजको प्रसङ्ग । सरमको अवस्था । किसान सडकमा । मलका निम्ति । बिउका निम्ति । बहिरो सिंहदरबार । देखाइरहेछ दाह्रा । कुन्तीको भेषमा । च्यापेर राजस्व । सुतेको उघ्राउँदै । सत्ता ठुलो । जनता भच्याङ । स्वार्थ स्वादिलो । पाटी खुड्किलो । फेरि सपना । सकेमा बाँड्न । पाइन्छ सत्ता । बहिराहरूको राज । अन्धाहरूको साम्राज्य । कुम्भकर्णे निद्रा । सुतिरहेछन् मस्त । घुरिर हेछन् निरन्तर ।

तपाईं हामी । जम्मै लाटा । जम्मै बहिरा । जम्मै खोरन्डा । जम्मै अन्धा । जागरुक समाज । विदेशी पैसा । उनीहरूका स्वार्थ । मारुनी नाच । नाच्ने हामी । गाउने हामी । थुइय हामी । उठ्न नसक्ने । हैन भने । बोल्दैनौं किन । किन निरीह । प्रयास गरौं । प्रयत्न उमारौं । केको भद्रो ? कस्तो विवेक । केको जागरुक । कसरी सचेत । केबल स्वार्थी । शून्य विवेकी । तपाईं-म । सबै-सबै ।

अन्ठाउन्न

आदरणीय देशबन्धुहरू ! दसैं-तिहार र छठजस्ता नेपालीका महान्पर्वहरू हाम्रा घरआँगनमा टुप्लुकिने तरखरमा छन् । तपाईं हामी तिनीहरूको सु-स्वागतका निम्ति आतुर पनि छौं । त्यसो हुनु वा गर्नु हामी सबैको एउटा सिङ्गो कर्तव्य पनि हो । हुन त त्यसबाट विमुख बन्न पनि सकिन्छ तर त्यो परिचय विहीनता हुन्छ । वास्तवमा परिचय विहीन बचाइ अत्यन्तै कठिन कुरा हो । बाँच्न सकिन्छ, धेरै बाँचेका पनि छन् तर त्यो असहज हुन्छ भन्नेमा कुनै दुविधा रहन्न । तसर्थ, हामीले परिचयका साथ बाँच्ने हो भने आफ्ना परम्परा, प्रचलन, रीतिरिवाज, संस्कार र संस्कृतिका असल पक्षको जगेर्ना गर्नैपर्ने हुन्छ । त्यसपछि मात्र हाम्रो अस्मिता त्यहाँ भेटिन्छ अन्यथा कल्पना गर्न समेत कठिनाइ छ ।

हामी आज अचम्मको परिस्थिति बोकेर हिंडिरहेको अवस्था छ । आफू बाँच्न खोजेको कि अरू ? छुट्याउन धौ धौ छ । आफू हिँड्न खोजेको कि अरू, आफू बोल्न खोजेको कि अरू आफू बन्न खोजेको कि अरू, आफ्नो पहिचान राख्न वा बनाउन खोजेको कि अरूको, यो सबै नछुट्टिइरहेको अवस्था छ । किन भइरहेछ यस्तो यो पनि सहजरूपमा भन्न सकिने स्थिति छैन । कसले किन दियो र कसले किन लियो यो पनि बताउनसक्ने अवस्था छैन । चारैतिर गन्जागोल व्याप्त छ । यस्तो परिवेश

कहिलेसम्म रहने हो त्यो पनि किटानीका साथ भन्न सकिने स्थितिभित्र छैन ।

हाम्रा चाडपर्व मनाउने तौरतरिका तपाईं हाम्रै हो । न त यसमा पुर्खाहरूको यस्तै गर्नैपर्छ भन्ने हस्ताक्षर छ न त चाडपर्व स्वयंले यसरी मनायौ भने मात्र हुन्छ भनेर कतै वा कसैलाई भनेको इतिहास नै छ । यस्तो खाने, यस्तो लाउने, यस्तो गर्ने, यति दिने वा लिने भनेर कतै लेखिएको पनि भेटिन्न । पुर्खाकै पालादेखि आ-आफ्ना इच्छाअनुसार ती भइरहेका छन्, यसो पनि भन्न सकिन्छ, हुने पनि छन् । त्यसको सीमारेखाको न त कतै विधि विधान छ न त कुनै शास्त्रमा नै उल्लेख गरेको देखिन्छ। बस्, आफ्नो हैसियत, गच्छे, औकात र सामर्थ्यले भ्याएअनुसार मान्ने र मनाउने कुराहरू हुन् ती ।

हामीभित्रको हठले तिनीहरूलाई बहुरङ्गी बनाएको हो । त्यो त्यागौं तिनीहरू उपयुक्त आकारमा स्वतः आइपुग्छन् । यसको निम्ति केवल आफूले आफैंलाई ठम्याए पुग्छ । अरू केही खोज्नै पर्दैन । दुःखपाउन वा दौडन पर्दैन । चिन्ता लिने, झोक्रिने, निरासिने कारण पनि छैन । यी सब तपाईं हाम्रा मुख्र्याइँ हुन् । धुर्त्याइँ हुन् । अबुझपना हुन् । कमीकमजोरी हैनन्, महान् भुल हुन् । अल्छे स्वभाव हुन् । ढोंगी प्रवृत्ति र ठालु चिन्तन हुन् । आफूलाई चिन्ने समस्या हुन् । स्वयंको अवमूल्यन गरेर परायालाई महान् ठान्ने महारोग हुन् । हो, आजसम्म तिनीहरूका कुनै पनि उपचार छैनन् र भविष्यमा वा यथाशीघ्र होला भन्ने कल्पना गर्न सकिने ठाउँ पनि छैनन् ।

साना-साना बालबच्चा र परिवारका सदस्यहरूका नाम लिएर हाम्रा महान् संस्कृतिलाई बिटुल्याउने, ढोंगी बनाउने, अरूको देखासिकीमा रमाउने, आफ्नो केही नदेख्ने वा आफ्ना जम्मै खोटो देख्ने अरूका पूरापुर राम्रा ठान्ने अनि आफूभित्रको तागत, सामर्थ्य, सत्य, निष्ठा, बल, सामूहिकता, सौहार्दता, सामाजिकता र सहिष्णुता केही नदेख्नेहरू नै हाम्रा महान् शत्रु हुन् । तिनीहरूलाई बेलैमा चिन्नुपर्छ । चाडपर्वहरूलाई हैसियत र गच्छेअनुसार मनाउनुपर्छ त्यो नै हाम्रो पहिचान हो । त्यो काम तपाईंबाट पनि सुरु गर्न सकिन्छ । त्यसैले नआत्तिनोस् ५ भन्दा पहिले ४, ३, २ र १ हुन्छ । १ तपाईं बन्नोस् । अरूको लहलैमा लागेर नबहकिनोस् किनकि सक्नेले घोडा चढे भनेर नसक्नेले धुरी चढ्नु कुनै पनि हालतमा राम्रो हुँदै होइन ।

अन्त्यमा तपाईं, तपाईं भएर बोल्नोस्, तपाईं भएर हाँस्नोस्, तपाईं भएर हिंड्नोस्, तपाईं भएर गर्नोस् भन्ने कामना गर्दै विजयादशमी, शुभदीपावली, नेपाल संवत्, इद र छठपर्वको सुखद् अवसरमा नवप्रज्ञापन परिवार सम्पूर्ण नेपालीहरूको उन्नति र प्रगतिको कामना गर्दछ ।

उनान्साठी

हामी केवल लिइरहेछौं । के, किन र कसरी यसको कुनै पनि परवाह छैन । यही छ बिडम्बना !, कसले के दिँदै छ, किन दिँदै छ र कसरी दिँदै छ, लेखा जोखा हुनुपर्ने हो । विचार विमर्श गर्नुपर्ने हो । बडो अचम्मको छ स्थिति । आजसम्म हामीले आफूलाई माग्ने चिन्तनधाराबाट माथि उठाउनै सकेनौं । प्रयास पनि गरेनौं । मात्र माग्यौं र मागिरह्यौं । आँखा चिम्म पारेर । खोजेनौं आफूलाई । छामेनौं आफ्नोपन । मनमस्तिष्कको वरिपरि पुगेनौं कहिल्यै । छोपिएको वा सुषुप्त अवस्थाको साहस, उत्साह र उमङ्गलाई पाता कस्यौं अनि

थाल्यौँ हात पसार्न । अरूले जे दिए पनि हात थाप्यौं तर त्यसो गर्नु भन्दा पहिले हुन्छ किन हुन्छ भन्ने चिन्तन गरेनौं ।

त्यसो त त्यो काम अगुवाहरूको हो । बाटो देखाउनुपर्ने । आस्थामा विश्वास घोलेर पिलाउनुपर्ने । विचारको जङ्घार तर्न सिकाउनुपर्ने । बाटो हिँड्न नजाने ताते ताते गरेरै भए पनि हिँड्न प्रेरित गर्नुपर्ने तर दुर्भाग्य हामीले त्यस्ता अगुवा पाउनै सकेनौं । जो आए, माग्ने चिन्तन लिएरै आए । जसले विचार अगाडि ल्यायो, त्यसमा पनि पराय रिझाउने र आफू निहुरिने भन्दा फरक आउनै सकेन । पराया संस्कृति, संस्कार, परम्परा, रीतिरिवाज, प्रचलन, सबैको हार्दिक स्वागत गर्‍यौँ । हाम्रो सबै नराम्रो भन्ने मान्यताले राज गर्‍यो । हिजोदेखि आजसम्मै जसका सिता खाई, उसैको गीत गाई भन्ने भनाइ चरितार्थ भएको छ । माग्नेले अरूले जे दिए पनि त स्वीकार गर्नै पर्‍यो । त्यसैले, बिना अवरोध धेरै कुरा अरूकै स्विकार्‍यौं । पितापुर्खाका त्याग, योगदान तथा मूल्यमान्यतालाई तिलाञ्जली दिइरह्यौं । आत्मसम्मानमा चोट पुर्‍यायौं र त्यो क्रम वर्तमानमा पनि यथावत् छ । आफूलाई खोतल्ने प्रयास कतैबाट भएन । सम्भवतः आवश्यक ठानेनौं । त्यसैले त नगरेका हौं । बेलायत, कार्ल मार्क्स, कैजर विलियम र नेपोलियन बोनापार्टहरू समेतले चिनेको पुर्खाहरूको ताकत तिनैका सन्तान हामीले कहिल्यै चिन्न सकेनौं । परख गर्दै गरेनौं । परायहरूले धेरै चिने । त्यसैले प्रयोग गरे । प्रयोग भयौँ, त्यो अर्को पाटो । तर उनीहरूले चिनेकै हो । त्यसो त नढाँटी भन्दा वर्तमानमा पनि त हामी प्रयोगै भइरहेका छौं । तर आजका हामी आफूसँग जे छ, त्यसलाई उपयोग गर्न सकिरहेका छैनौं । जे छैन, त्यसैमा चिन्तन गरिरहेछौं । ए बाबा ! भएको कुरा लिएर अगाडि बढे हुन्न ? भएको वस्तु बिक्री गरेर नभएको किन्दा भइहाल्छ नि । तर हामी केवल अरूको निम्ति भड्किरहेछौं ।

यो चाहिँ ध्रुव सत्य हो कि हामी हिँड्न खोजिरहेछौं । खोजिरहेको मात्र हैन, हिँडिरहेका पनि छौं तर गन्तव्यहीन हिँडाई । कहाँ पुग्ने हो । के गर्ने हो । कसरी गर्ने हो । कुनै मार्गचित्र छैन तथापि पाइला बढाइरहेछौं । हिँडाइ आफ्नो तागत, हैसियत, औकात र उद्देश्यले नभई अरूको इसारामा भइरहेछ । यथार्थ हो, आफ्नालाई विश्वासमा लिनुपर्छ भन्ने सोच हामीमा छँदै छैन । मात्र परायालाई स्वस्ति गरेर उसैको इसारामा निरन्तर चालिरहेछौं पाइला । किन गर्दैनौं आफैलाई र आफ्नालाई विश्वास ? छ त तपाईंसँग गतिलो वा तार्किक उत्तर ? केवल प्रश्न छ । आस्था-विश्वास फतफती झरिरहेछन् कुहिएर अनि तपाईं हामी हारिर हेछौं इतिहासको लामो कालखण्डदेखि ।

वर्तमान पनि हाम्रो हातमा छैन । प्रश्न नगर्नुहोला, उत्तर तपाईंलाई थाहै छ । छैन भन्न पाउनुहुन्न । यदि भन्नुभयो भने तपाईंले आफूलाई चिन्नुभएको छैन वा जानीबुझी बुझ पचाउनु भएको छ । मेरो विचारमा तपाईंले झन्डा र डन्डालाई पाखामा राखेर एकछिनका निमित्त भए पनि स्वतन्त्र नागरिक वा नेपाली सम्झेर पाँच मिनेट ठन्डा दिमागले सोच्नुभयो भने सही उत्तर पाउनु हुनेछ । पाइन भन्नुभयो भने कि त आफैलाई ढाँट्दै हुनुहुन्छ वा बुझ पचाउँदै हुनुहुन्छ । फेरि भन्न पाउनुहुन्छ त्यो तपाईंको अधिकार हो । मेरो थप भनाइ केही छैन । यहाँको नैसर्गिक अधिकार हो तथापि आत्मसम्मानमा भने पक्कै चोट लगाउँदै हुनुहुन्छ । क्षमायाचनासहित यति चाहिँ भन्छु है, माफ गर्नुहोला ।

साठी

आज २०७० साल, वैशाख महिनाको १ गते आइतबार । अर्थात् नयाँ वर्षको पहिलो दिन । राज्यको घोषणामा सरकारी विदा । तपाईंको मन उमङ्ग, उत्साह र खुसीले चुलिएको होला । स्वभाविक पनि हो । नयाँ वर्षले नयाँ अठोट बोक्नुपर्छ । जिम्मेवारी उचाल्नुपर्छ । विचार सँगाल्नुपर्छ । विश्वास काँधमा राखेर खोज्नुपर्छ गन्तव्य । कल्पनामा पौडन छोडेर बनाउनुपर्छ जीवनको यथार्थतामा आधारित उचाई । कर्तव्य सँगालेर हिंड्नुपर्छ नवीन क्षितिजको खोजीमा । खोजी नै त हो प्राप्ति । त्यसले जीवन देखाउँछ, विचार सिकाउँछ, विश्वास उमार्छ र प्रेरित गरिरहन्छ सुन्दर धरतीको निर्माणमा ।

म पुरानो वर्षलाई काखमा राखेर नयाँ वर्षको घेरामा चुर्लुम्म डुबेको छु । कस्तो होला नयाँ वर्ष ? के गर्ला ? के देला ? के भन्ला ? के फेरिएला ? के थपिएला ? आसैआसमा बाँच्न विवश नेपालीहरूलाई कस्तो भरोसा बाँड्ला ? बाँच्ने सिङ्गो अभिलाषा बोकेर विदेशी भूमिमा भौंतारिन विवश मनहरूलाई उपलब्ध गराउने उत्साहको डोरी कस्तो होला ? अस्थिरताको खेतीमा रमाउने र माटोलाई पेवा सम्झेर सम्पूर्ण नेपालीहरूलाई गुमराहमा राख्ने थोरै मान्छेहरू कसरी प्रस्तुत होलान् ? थाललाई खैंजडी सम्झेर बजाउनेहरूको पछि लाग्दै तिनीहरूका इच्छित चाहनाभित्र आफू बिर्सने हामी नेपालीको बानीमा सुधार कहिले आउला अर्थात् हामी भएको समय कस्तो होला ?

नयाँ वर्षको आगमनमा उत्साहित भएर पुरानोलाई काखबाट हटाउने अठोटभित्र डुब्दै सोचिरहेको छु के आजको सरकारी विदा सबैतिर छ ? मजस्तै विदा बिताउने बहानामा सबै स्वप्निल संसारको कल्पनामा उडिरहेका होलान् ? अहँ, छैनन् । किसानहरू विदामा छैनन् । यातायात मजदुरहरू विदामा छैनन् । सुरक्षाकर्मीहरू विदामा छैनन् । गृहिणीहरू विदामा छैनन् । भरियाहरू विदामा छैनन् । आम नागरिकहरू विदामा छैनन् । यथार्थ हो, सबै विदामा छैनन् र हुँदैनन् पनि । उनीहरू आ-आफ्ना काममा व्यस्त छन् । विदा के, किन र कसरी, कति, कसलाई र कहिले ? छिनोफानो तपाईं हाम्रो मनमस्तिष्कमा छैन । बस्, पाइयो सङ्गठित सङ्घसंस्था वा राज्यको कर्मचारीका नाताले । किन दिइन्छ, के गर्ने, कस्तो गर्ने, कसरी गर्नेजस्ता प्रश्नहरू तपाईं हाम्रा मुटुभित्र उम्रदैनन् । सकारात्मक वा नकरात्मक दुवै पक्षलाई छातीमा घोली दही मथेर नौनी निकालेझैं निकाल्नुपर्ने हो तर खै, कतै र कसैबाट पनि प्रयास भइरहेझैं लाग्दैन ।

जीवनलाई यात्रा र यात्रालाई जीवन मान्ने हो भने संसारका मानिसहरू अनगन्ती हिंडे । हिंड्नेहरूले मनग्गे पाए । प्रशस्त भेटे । अझै खोज्ने प्रयास जारी राख्नेको भेट्ने क्रम पातलिएको र टुक्रिएको छैन अनि तपाईं हामीले केही पाएनौं साँच्चै हो । तर यो पनि सत्य हो कि हामीले कहिल्यै खोजेनौं । खोजेको भए पाइन्थ्यो । खोज्नेले पाएको हो । नखोज्नेले केही पनि पाएको छैन । कहिल्यै पाउँदैन पनि । यसर्थ खोजी ठुलो कुरा हो । आउनुहोस् मिलेर खोजौं, पक्कै पाइन्छ । खोज्नेहरूले पर्याप्त सोचे । प्रचुर कल्पना उमारे विचारका पर्खालमा उडे । आस्थामा पखेटा चलाए । आवश्यकता महसुस गरेजति गमे । प्रतिक्रियालाई निरन्तरता दिए । सम्भवतः विश्वासको पाटो त्यो नै हो र त्यसैलाई

जीवनमा घोल्न सकिन्छ ।

तिनीहरू, आस्थाका तह पार गरेर पुगे केम्ब्राकेम्ब्रामा । छामे परिधिको निरन्तरता । आँट बोकेर मनमा तय गरे गन्तव्य । दियो सल्काएर विचारमा हिंडे अठोटका भीरपहराहरू । माटो बोकेर छातीमा विचरण गरे ब्रह्माण्डको । विगत, वर्तमान र भविष्यको कोरेर रेखाचित्र । विभाजित बने बिन्दुबिन्दुमा । तिनै ठोस र तरल, विशाल र अणु, कल्पना र यथार्थ, विश्वास र वितृष्णा सबैतिर पुगे । साँच्चै हो, अहिले पनि कर्तव्य बोकेर आँखामा गरिरहेछन् विश्वपरिक्रमा । अठोट अड्याएर काँधमा नियाली रहेछन् शान्त क्षितिज । अनि यो पनि हो, आस्थाको डोरी बाटेर लाइरहेछन् पोयो । तर तपाईं हामी गुडुल्किइरहेछौं, अरिमोठेजस्तै आफू बाँचेको स्थानलाई पूर्ण संसार ठानेर । कतै नपुगेको नहिंडेरै हो । यसकारण हिंड्ने प्रयास गर्नु वा हिंड्ने तयारी गर्नु नै आजको पहिलो आवश्यकता हो र हुनुपर्छ पनि ।

हामी वर्तमानमा पनि विभाजित मानसिकताको कैदी बनेर खोजिरहेछौं नभेट्टाउने यथार्थ । पक्कै हो, थातथलोमै रमाउनेहरूले कहिल्यै भेट्टाउँदैनन् त्यसलाई । इच्छाशक्ति कैद गरेर मन भित्र पुगिन्न कतै । यसकारण हाम्रा पाइला कुँजिएका छन् । विचार उठ्न सकिरहेको छैन । आस्थामा रोपिएको फूलमा सिँचाइ अनि मलजलको व्यवस्था हुन सकिरहेको छैन । त्यसैले फूल फूलेको छैन र तपाईं हामी विश्वासमा रमाउन सकिरहेका छैनौं । हाम्रा पाइला चाहेरै कुँज्याएका हौं, तपाईंलाई सहमत-असहमत हुने दुवै अधिकार छ । थोत्रो अहंलाई चढाएर काँध आँखा समानताको नारामा तरङ्गित बनिरहेछ । भ्रमको मोहजालमा रमाइरहेछौं । भ्रम सत्य होइन र त्यसले बाटो देखाउन पनि सक्दैन तर मनमस्तिष्कहरूमा माथिका प्रश्नहरूको न सवाल छ, न त जवाफ नै । विगतबाट पाठ सिकेर वर्तमानको यात्रा तय गर्न सक्नु नै सुन्दर पक्ष हो र त्यसैका निम्ति सदैव तम्तयार रहनुपर्छ । अनि त्यसबाट शिक्षा लिने कि नलिने ? सकारात्मक तथा नकारात्मक पाटाहरू के-के हुन् र हुन सक्छन्, यो सोचमा पनि ध्यान दिनु आवश्यक छ । जीवन सिकाइ हो र हाम्रा पलप्रतिपल सिकाइमा छन् भन्ने सत्यलाई आत्मसात गर्ने हो भने यसको राम्रो हेक्का राख्नैपर्छ । केवल वर्तमानमा मात्र रम्ने-रमाउने र त्यसैलाई सबैथोक ठान्ने हो भने हामी कतै पुग्दैनौं, मात्र बन्नेछौं नदीको घुमाउनेमा अड्किएर कतै पुग्न नसकिरहेको वस्तुमात्र ।

स्पष्ट विचार, सकारात्मक सोच, उपयुक्त र सान्दर्भिक चिन्तन तथा दिशानिर्देशका साथ अगाडि बढ्न सकिएन भने कुहिराको काग बनिने निश्चित छ । नबन्ने हो भने सुस्पष्ट मार्ग तय गर्नै पर्छ । हो, यसमा कुनै द्विविधा छैन कि अलमलियौ वा बाटो बिराएर भौंतारियौँ भने धरातलका गन्तव्य नभएका प्राणीभन्दा बढी केही हुन सक्दैनौं । घर भनौं वा गाउँ र देश, अरूको पूर्ण इसारामा बन्न सक्दैन । यदि त्यो बनेछ भने उसकै हुनेछ अर्थात् जुगौंजुग त्यसकै इसारामा चल्नुपर्नेछ । हाम्रो कदापि हुन सक्दैन । तपाईं हामी तपाईं हामी नै बन्ने कि त्यसको इसारामा चल्ने यन्त्रमानव यो नै आजको प्रमुख सवाल हो । छिट्टै वा आज भोलि नै छिनोफानो गर्नुपर्ने विषय पनि हो यो । बेलामा नपुगेको होस र खेलमा हारेको पैसालाई एउटै कोटीमा राख्नुपर्छ । तपाईं उभिनु भएको पाइला मुनिको एकचिम्टी माटो निधारमा लगाई आँखा चिम्लिएर एकक्षण सोच्नोस् त, एक खिल्ली चुरोटमा समेत बिक्री हुन तम्तयार तपाईं हामीले

आफ्नो जिम्मेवारी कति पूरा गऱ्यौं ? त्यो जिम्मेवारी पूरा गर्नका लागि केही गर्नुपर्छ कि पर्दैन ? हामी र हामीले विश्वास गरेका मान्छेहरू कति हाम्रा वशमा छन्, सोच्नुपर्ने आजको प्रमुख सवाल यही हो । तपाईं आफ्ना नजिककाहरूलाई यो प्रश्न सोध्न सक्ने आँट गर्नुहुन्छ ?

बालसाहित्य विशेषाङ्क प्रकाशित गर्ने सोच बन्नुभन्दा अगाडि मनमा प्रश्नहरू उब्जे । बालसाहित्य के हो ? कस्तो हुन्छ ? कसरी लेखिन्छ ? किन लेखिन्छ ? पाठक कस्ता हुन्छन् ? विधाहरू के-के हुन् ? औचित्य र उपादेयता कसरी पुष्टि गर्न सकिन्छ ? आवश्यकता किन पर्छ ? सकारात्मक पक्ष के हो ? खोज्ने क्रममै माथिका प्रश्नका उत्तरहरू फेला पर्न थाले । बालबालिकाको रुचि, ग्रहणशीलता, अवस्था उनीहरूका अनेकौं पक्षको विकास तर्फ सचेत र उमेरजस्ता विभिन्न पक्षलाई ख्याल गरेर लेखिएको साहित्य बालसाहित्य हो । अन्यका झैं यसका पनि विधाहरू हुन्छन् । १५-१६ वर्षसम्मको उमेर समूह यसका पाठकहरू हुन्छन् । बालसाहित्य ठुलाले बालबालिकालाई र स्वयं बालबालिकाले लेखेको दुवैलाई भनिन्छ । उनीहरूलाई यथार्थताको पाटो हिंडाउन, देखाउन, बुझाउन, सिकाउन र उत्साहित गर्न बालसाहित्य लेखिन्छ ।

बालसाहित्यको परिचय दिने क्रममा अन्वेषक प्रमोद प्रधान लेख्छन्- दुई भिन्नाभिन्नै अर्थबोध गराउने शब्दहरू बाल र साहित्यको संयुक्त रूप नै बालसाहित्य हो । यसरी संयुक्त भएपछि यसले एउटा छुट्टै विशिष्ट अर्थ दिन्छ । बाल भन्नाले बालबालिकालाई बुझाउँछ भने साहित्य भन्नाले मानिसको सिर्जनशील प्रतिभाद्वारा लेखिने वाङ्मयको विशिष्ट विधालाई जनाउँछ । यसरी सोझो अर्थमा बालसाहित्य भन्नाले बालबालिकाहरूको लागि लेखिने र बालबालिकाद्वारा लेखिने दुवै साहित्यलाई बुझाउँछ ।

कस्तो साहित्य बालसाहित्य हो, अथवा बालसाहित्यको स्पष्ट चिनारी के हो भन्ने सन्दर्भमा समालोचक प्रा.राजेन्द्र सुवेदी लेख्छन्- समाज, जीवन र परिवेशलाई बुझाउने र यथार्थ ढङ्गले सोच्न सकिने रूप प्रदान गरेर लोकसाहित्य, पौराणिक र वैज्ञानिक एवम् सामाजिक विषयस्रोतका वस्तुलाई बालउपभोक्ता बजारको उपयोगी, रोचक, आकर्षक र कौतुकतापूर्ण शिल्पमा शिक्षाप्रद बनाएर प्रस्तुत गरिने सामग्री नै बालसाहित्य हो ।

नेपालमा बालसाहित्य लेखन सकारात्मक दिशातिर हिंडिरहेको छ । विगतको तुलनामा वर्तमानमा निक्कै काम भएको छ र भइरहेका पनि छन् । यस क्षेत्रमा धेरैको आकर्षण बढिरहेको छ । वर्तमानले सही बाटो समात्न सक्यो भने भोलि नेपाली बालसाहित्य निक्कै अगाडि बढ्नेछ भनेर आशावादी हुने ठाउँ छ । बालसाहित्य के हो अथवा बालसाहित्य कस्तो हुनुपर्छ भन्ने विषयमा वरिष्ठ आख्यानकार रमेश विकल लेख्छन्- स्वतन्त्र बालसाहित्यलाई बालबालिकाले जीवनमा लादिएको शैक्षिक बोझका रूपमा होइन, बरु एउटा स्वतन्त्र मनोरञ्जन र रुचिकर क्रीडाका रूपमा लिई त्यसबाट आफ्ना लागि यथेष्ट मानसिक, बौद्धिक खुराक ग्रहण गर्दछन् । त्यसै हुनाले यसको असर चिरस्थायी र दूरगामी हुन्छ ।

माथि अभिमत पढिएका विद्वान्त्रय प्रमोद प्रधान, राजेन्द्र सुवेदी र रमेश विकलका मतमा बौद्धिक खुराकले युक्त, वैज्ञानिक विषयवस्तुले प्रवेश पाएको, बालबालिकाका लागि उपयोगी, कौतूहलपूर्ण, उनीहरूको

सम्पूर्ण पक्षको विकासको ख्याल गरिएको, ग्रहणशीलता र वैज्ञानिक दृष्टिकोण अपनाइएको, बालबालिकाका लागि वा स्वयं बालबालिकाद्वारा लेखिएको साहित्य नै बालसाहित्य हो । तर, हामीकहाँ ठुलाहरूका नैतिक उपदेश, अनुभव, विचार, दृष्टिकोण, अठोट अनि सफलता र असफलता लगायतका विषय पनि बालसाहित्यका नाममा आएका छन् । बालसाहित्यमा एकातिर नैतिक सन्देश तथा यो गर्नुपर्छ, यो गर्नु पर्दैन वा यो गर्नुहुन्छ र यो गर्नुहुन्न भनेर लेखिएको अर्ति साहित्यको बोलवाला छ भने अर्कोतिर आफूलाई र आफ्नोपनलाई विश्वास गरेर होइन अरूको विचार र विश्वास ग्रहण गरी तिनीहरूले जे जस्तोलाई बालसाहित्य भन्छन् त्यो नै बालसाहित्य हो र जेलाई हैन भन्छन् त्यो हैन भन्ने चिन्तन प्रचलनमा छ । यी दुवै पक्षले नेपाली बालसाहित्यको प्रतिनिधित्व गर्न सक्दैनन् । बोल्नेको पिठो बिक्ने र नबोल्नेको चामल समेत नबिक्ने परिवेशमा हामी बाँचिरहेका छौं । त्यसैले जसको स्वर ठुलो छ उसैको कुरा बिक्ने यथार्थलाई भने नकार्न सकिन्न ।

नेपाली बालसाहित्यको विकासको नालीबेली खोज्दा लोकसाहित्यसम्म पुग्नुपर्छ। त्यसो त जुनसुकै साहित्यको विकासमा पनि लोकसाहित्यको योगदान अतुलनीय हुन्छ नै । लोकसाहित्यभन्दा अगाडि पनि मौखिक साहित्यमा सुन्ने सुनाउने परम्परा पाइन्छ । वेद, पुराण, रामायण, महाभारत, देविभागवत, लगायतका अनेकौं ग्रन्थहरूमा समेत बालबालिकाका रुचिका कथाहरूका प्रशस्त प्रसङ्गहरू जोडिएको भेटिनाले लिखित बालसाहित्यको जरो त्यहींसम्म पुगेको अनुमान गर्न सकिन्छ । विवाह व्रतबन्ध, चाडवाड, सामाजिक उत्सवहरू तथा सांस्कृतिक समारोहहरूमा प्रस्तुत हुने गीत, कविता, कथा, चुट्किलामा समेत बालसन्दर्भहरू जोडिएको भेटिनाले माथिको अनुमान सत्यको निकट पुग्न सकेको हो । मागल, बालन, भजन, देउसी र भैलो देखि लिएर दाजुदिदी वा आमा/हजुरआमाले बालबालिकालाई ख्वाउँदा, खेलाउँदा, फकाउँदा र फुल्याउँदा प्रस्तुत गर्ने विभिन्न प्रस्तुतिमा समेत बालसाहित्यको छनक भेटिने हुनाले बालसाहित्यको मूल अत्यन्तै लामो भएको अनुमान गर्न सकिन्छ ।

इतिहासलाई कोट्याउँदा मानव विकास सँगसँगै बालसाहित्यको विकास प्रारम्भ भएको प्रष्ट हुन्छ । एक पाइलो अगाडि बढ्दा प्रौढ साहित्यभन्दा पनि अगाडि बालसाहित्यको विकास भएको अनुमानको पुष्टि हुन्छ । बालबालिकालाई खेलाउँदा, घुमाउँदा, डुलाउँदा र फुल्याउँदा गाइने विभिन्न सामग्रीहरूमा बालसाहित्यको प्रचुरता भेटिन्छ। बालक राम, कृष्ण, प्रल्हाद, ध्रुव, सीता, भृकुटी जस्ता पात्रहरूको वर्णनमा लेखिएका कृतिहरूमा समेत सिङ्गो बालसाहित्यको सघन उपस्थिति देखिन्छ । यसरी हेर्दा के पुष्टि हुन्छ भने बालसाहित्यको विकास, मानव विकास सँगसँगै भएको हो । तर बालबालिकाको रुचि, इच्छा, आकाङ्क्षा लगायतका विभिन्न पक्षमा कम आँकलन गर्ने हाम्रो सन्दर्भले नेपाली साहित्यमा बालसाहित्यको न्युन मूल्याङ्कन भएको देखिन्छ ।

नेपालमा आज सबैभन्दा धेरै लेखिनुपर्ने, पढिनुपर्ने, पढाउनुपर्ने, बुझ्नुपर्ने र बुझाउनुपर्ने साहित्य नै बालसाहित्य हो । हिजो बालसाहित्यको महत्त्व पुष्टि गर्न नसकिएकाले प्रौढ साहित्यको पाठक नबढेका हुन् । आज पनि हामी पठन संस्कृतिको विकासमा लाग्न सकेनौं भने

भोलिको अवस्था समेत सकारात्मक हुनेछैन अर्थात् भविष्यमा पनि वर्तमानको छविछाया स्पष्ट देखिनेछ । यसर्थ सबैले पठन संस्कृतिको विकास र विस्तारमा आ-आफ्नो ठाउँबाट सकारात्मक सहयोग गर्नुपर्छ र राज्य समेत चनाखो बन्नुपर्छ । भोलिको सुन्दर शान्त नेपाल भनेकै आजका बालबालिका भएकाले उनीहरूको चौतर्फी विकासको निम्ति आजैदेखि, अझ भनौं अहिल्यैदेखि गहन सोचका साथ अगाडि आउनुपर्छ यो नै नेपाल र नेपालीको भोलिको सुन्दर चित्र हो ।

नेपाली भाषामा लोकबालसाहित्यको लामो परम्परा भेटिए पनि लिखित बालसाहित्यको परम्परा खासै लामो छैन । पाठ्यपुस्तकका नाममा छापिएका सामाग्रीलाई अँगाल्दा विसं.१९४९सम्म पुग्न सकिए पनि स्वतन्त्र रूपमा बालबालिकाको लागि लेखिएको पहिलो कृति बन्ने सुअवसर महाकवि लक्ष्मीप्रसाद देवकोटाको राजकुमार प्रभाकरले पाएको छ । त्यसपछिका वर्षहरूमा भने पाठ्येत्तर बालसाहित्यले ठुलो फड्को मारिसकेको छ । नयाँनयाँ प्रविधि, सोच र चिन्तनका साथ बालसाहित्यमा कलम चलाउने अनुहारहरू क्रमशः आइरहेका छन् ।

आज बालसाहित्यका विभिन्न विधाहरूमा सयौं सङ्ख्याका स्रष्टाहरूले कलम चलाइरहेका छन् । अहिलेसम्म प्राप्त अभिलेखअनुसार राजकुमार प्रभाकर प्रकाशनको ७२ वर्ष बितिसकेको छ र बालसाहित्यले पाठ्यपुस्तकमा प्रशस्तै ठाउँ पाएका पनि छन् । बालसाहित्यको विभिन्न विधामा विद्यावारिधि गर्नेहरूको सङ्ख्या बढिरहेको छ । नयाँ नयाँ खोज अनुसन्धानहरू समेत भइरहेका छन् । हिजोसम्म बालसाहित्यको नाम लिँदा नाक खुम्च्याउनेहरूको ध्यान पनि आज बालसाहित्य के, किन, कसरी भन्ने प्रश्नको खोजमा लागेको देखिन्छ । राज्यले समेत यसको महत्व, उपादेयता र आवश्यकतालाई मनन गरी विद्यालयतहदेखि विश्वविद्यालयतहसम्मका पाठ्यक्रमहरूमा यसलाई प्रवेश दिलाएको छ । यो बालसाहित्यको लेखन, अनुसन्धान र विकासमा लागिपर्नेहरूको लागि मात्र नभई सम्पूर्ण वाङ्मय प्रेमीहरूको निम्ति सुखद् सन्देश हो ।

नवप्रज्ञापनले आफ्नो साठिऔं अङ्कलाई बालसाहित्य विशेषाङ्कको रूपमा प्रकाशन गर्ने सोच बनायो । सोच सबै कुरा होइन, तर केही पक्कै हो । सर्वप्रथम सोच बन्छ अनि काम थालिन्छ । यसकारण भन्नुपर्छ सोच पनि काम नै हो । सोच नबनी काम थालिँदैन । नथाली पूरा हुने कुरै भएन । त्यसैले सोचलाई मूर्त रूप दिन काम आरम्भ भयो । अनि बालसाहित्य विशेषाङ्क तपाईंको हातमा आइपुग्न सफल भयो ।

नेपालको बालसाहित्य यतिमात्र हो त ? वा यहाँ समावेश सिर्जना र समालोचनामात्र बालसाहित्य हुन त ? पक्कै होइन । धेरै छन्, अझै धेरै छन् । यसपटक यतिमात्र सकियो । यो स्वेच्छाले, केही गरौं भन्ने भावले, भाषासहित्यको निम्ति जे सकिन्छ त्यही गर्नुपर्छ भन्ने विचारले र उत्साही मनले गरिएको काम हो । अह्राएर भएको होइन, खुल्ला छातीले, सङ्लो विचारले गरिएको हो । यसर्थ जति सकियो त्यतिमै चित्त बुझेको पनि छ । त्यसो त यो सुरुवात हो, नवप्रज्ञापनले आगामीदिनमा पनि केही गर्नुपर्छ भन्ने सोच राखेको छ ।

अँ, हजुर, यस अङ्कका रचनाहरू के-कस्ता छन्, त्यो यहाँहरूजस्ता मर्मज्ञहरूले पढेर थाहा पाउने कुरा । यहाँहरूबाट

सकारात्मक सोचका साथ प्राप्त हुने सल्लाह, सुझावको नवप्रज्ञापन सदैव स्वागत गर्दछ । यो पनि यथार्थ हो कि नवप्रज्ञापन हिंड्न खोजिरहेको छ, बुझ्न खोजिरहेको छ र जान्न खोजिरहेको छ । सत्य हो, बालसाहित्य विशेषाङ्कले समेट्नुपर्ने जति विषयवस्तु, लेख/रचना र सर्जकलाई समेट्न सकेको छैन । सकेको भए राम्रो हुन्थ्यो । तथापि सकेन । सम्पूर्ण गर्ने नाममा शुभारम्भ नै नगर्नुभन्दा अंश नै भए पनि थालनी गर्नुपर्छ र अंशबाटै पूर्णतातिर लम्कन सकिन्छ भन्ने मान्यताबाट प्रेरित नवप्रज्ञापनले अहिले यतिनै सक्यो । बस यति नै ।

सर्वप्रथम नवप्रज्ञापनलाई एक्काइस वर्षमा हिंडाउन प्रेरित गर्नेहरूप्रति आभार व्यक्त गर्दछु । नवप्रज्ञापन एक्लै केही होइन । यहाँहरूको सहयोग, सद्भाव र साथ महत्त्वपूर्ण हो । हजुर सोच मेरो हो, अठोट मेरो हो, उत्साह मेरो हो, सानो तिनो नै भए पनि केही गरौं भन्ने भाव पनि मेरो हो तर त्यतिले पुग्दैन । बाँकी जम्मै यसलाई अर्थात् नवप्रज्ञापनलाई माया गर्ने, बाटो देखाउने, प्रोत्साहित गर्ने तपाईंहरू हो । सत्य यो पनि हो, यसले छिटो हिँड्नुपर्थ्यो । धेरै हिँड्नुपर्थ्यो । धेरै गर्नुपर्थ्यो । तर सकेन तथापि हिँड्न छाडेन । बामे सर्दै भए पनि हिंडिरह्यो अर्थात् सकेको हिँड्यो, जानेको गरियो । जेहोस्, नवप्रज्ञापनको काम राम्रो हो भने यसले जसको लागि सोचेको हो त्यसैका लागि र नराम्रो हो भने जम्मै सम्पादक, प्रकाशक र सम्पादन समूहको हुनेछ भनेर यहाँहरूसमक्ष निवेदन गर्दछु ।

नवप्रज्ञापनको तपाईंको हातको अङ्क ६० औं हो । २०५० सालको असारमा पहिलो अङ्क प्रकाशित यो पत्रिका आज २०७० को वैशाखसम्म आइपुगेको छ । यो जम्मै यहाँहरूको योगदानको प्रतिफल हो । नत्र उहिल्यै वा दुई चार अङ्क प्रकाशित भएर बन्द हुन्थ्यो । जुन, नियति नेपालका धेरै साहित्यिक पत्रपत्रिकाले सरकारको अदूरदर्शिताका कारण भोगिरहेको छ ।

अन्त्यमा हाम्रो आग्रहलाई सहर्ष स्वीकारी आफ्ना अमूल्य रचनाहरू उपलब्ध गराउने परम् आदरणीय सर्जकहरू, काममा निरन्तर उत्साहित गरिरहने अग्रजहरू, पत्रिकामा विभिन्न किसिमले संलग्न रहने व्यक्तित्वहरू, सधैं उत्साही भाव अनि सहयोगी हात बढाइरहने मित्रहरू र कर्ममा निरन्तर लागिरहन प्रेरित गर्ने सबै सबैप्रति आभार व्यक्त गर्दै नववर्ष २०७० ले नेपाल र नेपालीलाई दिशा निर्देश गरोस्, उन्नतिको बाटो पहिल्याओस्, मुलुकको अस्थिर परि स्थिति चाँडै अन्त्य होस् र सबैका निम्ति सधैं मङ्गलमय बनोस्, सबैलाई हार्दिक मङ्गलमय शुभकामना !

एकसट्ठी

भानुभक्त आचार्य, नेपाली भाषाका आदिकवि । उनले नेपाली भाषा साहित्यको प्रारम्भिक कालमा पुऱ्याएको योगदानले यो जातिलाई ठुलो गुन लगाएको छ । कुनै पनि नेपाली आत्माले उनलाई अन्यथाको आँखाले हेर्न वा मूल्याङ्कन गर्न सक्दैन । कोही त्यस्तो गर्छ भने कि त्यो सग्लो रूपमा नेपाली आत्मा होइन अथवा उसले नेपाली इतिहास जाने बुझेको छैन । कुनै पनि हालतमा वर्तमानको आँखाले विगतको मूल्याङ्कन गर्न सकिँदैन । जबरजस्ती त्यस्तो गरिन्छ भने त्यो मुर्ख्याईंभन्दा बढी केही हुन सक्दैन । नवीनताको नाम घट्घटी पिउँदै प्रत्येक क्षण र प्रत्येक स्थानमा भद्रगोल सिर्जना गर्न उद्धतहरू

भने आफूलाई च्यातेर, आफ्नोपनलाई बेकम्मा बनाउँदै पराय पाउमा लम्पसार परी उनीहरूको इसारामा नाच्दै आदरणीय पुर्खाहरूका प्रत्येक क्रियाकलापमा औंला ठड्याउने दुष्प्रयास गरिरहेछन् ।

दिनपछि रात र रातपछि दिन प्राकृतिक नियम हो । हिजो शिखरमा पुगेकाहरू आज सडकमा छन् । यो एउटा नियमित उपक्रम हो । यसमा खुसी वा दुःखी बन्नुपर्ने कुनै नवीन कारण छैन । समय सबैभन्दा ठुलो हो । मानिसहरू आ-आफ्नो विम्ब प्रतिविम्ब त्यसमा सहजै भेट्न सक्छन् । समयको इतिहासमा मूल्याङ्कन हुन्छ । नभएकाहरूको पनि हुने दिन आउँछ । बस, कुर्नुपर्छ । धैर्यलाई काँध बोकेर वर्तमानमा ताडना पिएकाहरूको समेत इतिहासले मूल्याङ्कन गर्नेछ । हाम्रोमा मात्र होइन, विश्वका अन्य मुलुकमा पनि त्यस्तो स्थिति छ । आत्तिनु र मात्तिनुलाई संयमताको खल्तीमा राख्ने हो भने यथार्थको पहिचान सहजै गर्न सकिन्छ । साँच्चै हो, इतिहासले बिर्सेका तथ्यलाई पनि वर्तमानले सम्मान दिएको छ । अभिवादन गरेको छ र श्रद्धाले शिर निहुऱ्याएको छ ।

अनौठो लाग्दो छ यतिखेरको परिवेश । वाणी भएकाहरू त्यसलाई थन्क्याउन विवश देखिँदै छन् । उनीहरू बाध्यताको बोरा बोकिरहेछन् । कतिपय स्वार्थको कसौडी मस्काउन व्यस्त छन् । आस्थामा आगो झोस्दै विश्वासको खहरेमा डुबुल्की मार्न विवश छन् । सिर्जनाको नाममा पलप्रतिपल विध्वंशलाई गोडमेल गर्दै कालोलाई सेतो भन्न बाध्य बनाउने स्थितिको सामना गर्न आँटी मनहरूले सङ्कल्प नगरेसम्म यस्तो स्थिति बेलामौकामा देख्न सकिन्छ । नचाहेर पनि हेर्नुपर्छ, जे-जस्तो हालतमा भए पनि भोग्नै पर्ने स्थिति छ । जसलाई अहिले तपाईं र म नचाहेरै पनि बोध गरिरहेछौं ।

भोलिको सपना बेच्नेहरू यसो गर्छु, उसो गर्छु भन्दै कठ्याङ्ग्रिएर रात कटाउने छेपारोले बिहानको घामको न्यानो भेट्ने बित्तिकै हिजो बेलुकाका सबै कुरा खुसुक्क बिर्सेझैं सबै काम कुरा बिर्सिरहेछन् । भुल्नेहरू नै सबैभन्दा धेरै सपना बेच्न लालयित हुन्छन् । त्यो पनि स्वेच्छाले नभई बाध्यकारी स्थिति सिर्जना गरेर । त्यति मात्र कहाँ हो र ? आफूले केही पनि गर्न नसक्नेहरू नै धेरैभन्दा धेरै चिच्याइरहेछन् । उनीहरू अगाडिका खुट्किलाहरू भत्काउँछन् । प्रत्येक सन्दर्भलाई असन्दर्भसँग जोड्छन् । वीर पुर्खाहरूको क्रमलाई तोडमोड गरेर भए पनि आफू र आफ्नोलाई सान्दर्भिक देखाउन ताण्डव नृत्य गर्छन् । इतिहास सोझ्याउनेहरूले त काम गरेर देखाउनु पर्ने हो तर, खै आफू कम्बल ओढेर दुनियाँलाई मजेत्रोसम्म नदिई कम्बलको आशा गर भन्नेहरूबाट के आशा गर्न सकिएला ? अग्रजहरूका प्रत्येक क्रियाकलापमा औंला ठड्याएर वर्तमानमा उभिन खोज्नेहरूले एक दिन इतिहासको कठघरामा उभिनुपर्छ । हामीलाई चाहिने धैर्य हो, त्यसलाई वशमा राख्न सकेको खण्डमा त्यो दिन अवश्य आउने छ ।

अन्त्यमा नेपाली भाषाका आदिकवि भानुभक्त आचार्य, जसको दुई सयौं जन्मजयन्ती मनाइँदै छ । उनै स्रष्टाप्रति पुनः सम्झना गर्दै नवप्रज्ञापन यहाँहरूबाट यस अङ्कको निम्ति विदा माग्छ । हवस् त, पछि अर्को अङ्कमा भेटौंला ।

बैसट्ठी

नेपालीहरूको महान पर्व दशैं भर्खरै सकिएको छ । तिहारको चटारोले छुन आँट्दै छ । दशैं, बकरइद, तिहार, नेपाल संवत् र छठ नेपालीहरूका शरदीय महान्

पर्वहरू हुन् । केस्राकेस्रामा विभक्त मनहरूलाई एकताको सन्देश प्रवाह गर्न यिनीहरूको भूमिका महत्त्वपूर्ण हुने कुरामा कुनै शङ्का छैन । यी र यस्तै चाडपर्वहरूले एकातिर विभक्त मुटुहरूलाई पारिवारिक स्नेहमा फर्कन सघाउँछन् भने अर्कोतिर अनेकौं तहतप्काका छातीहरूमाझ सद्भाव तथा भाइचारा चिन्तनको स्थापना गरी सामाजिक उत्थानमा सरिक हुन अभिप्रेरित गर्दछन् । यसर्थ यिनीहरूको महत्त्व यथास्थानमा बुझेर अगाडि कदम चाल्न सकिएको खण्डमा जो कसैको पनि प्रगति, उन्नति र उत्थान कहिल्यै टाढाका वस्तु हुन सक्दै सक्दैनन् ।

हामी नेपाली हौँ । नेपाल हाम्रो मुटुको टुक्रा र छातीको धड्कन हो । यसको उत्थानमै तपाईं हाम्रो (जो सच्चा दिलले नेपाली हौं) अस्तित्व अडेको छ । अझै अगाडि बढ्दा नेपालको प्रगतिमा मात्र तपाईं र म सग्लो हुन सक्छौँ । अन्यथा परिकल्पना समेत गर्न सकिन्न । नेपालको भलो चिताउनु, आफ्नो तहबाट के कसरी र कति गर्न सकिन्छ भनेर सोच्नु तपाईं हामी सबैको साझा कर्तव्य हो । त्यस्तो नसोची कहिल्यै केही दिने होइन पाएसम्म र सकेसम्म केवल लिनेमात्र सोच्यौं अनि सोचिरहेछौँ भने हामी सच्चा नेपाली हुन सक्दैनौँ ।

हामी सङ्घर्षमै छौँ । तपाईं हामीसँग सबैथोक छ । नभएको कुरा केही छैन । हो नि, सबैथोक छ भन्दैमा डोकोमा दुध दुहेर कहाँ अडिन्छ ? यसका निम्ति त प्रयत्न गर्नुपर्‍यो नि, हैन र ? पक्कै हो । जाँगरिला, परिश्रमी र मेहनती छौँ । साहसी बहादुर र विश्वसी छौँ । हामीलाई संसारका कुनै शक्तिले कहिल्यै पनि हल्लाउन सकेन र अहिले पनि सकिरहेको छैन । यो सबै आदरणीय वीर पुर्खाहरूको साहसले हो । अहिलेसम्म उहाँहरूले देखाएकै बाटो हिंडिरहेछौँ । यसर्थ कत्रै र कुनै शक्तिसँग पनि नझुक्ने र नडराउने बल उपलब्ध छ । पुस्तौँपुस्ता पछिका तपाईं हामीलाई उहाँहरूको आँट, जाँगर, जोस र उमङ्गले सधैँ सधैँ अगाडि बढ्ने प्रेरणा प्राप्त भइरहेको छ ।

बिडम्बना, आजका कथित जाने बुझेका र देखेसुनेका तपाईं हामी इतिहास भुलेर बहकिन खोजिरहेछौँ । स्वर्थको भाँडोमा पाक्न खोज्दै छौं । हामी हैन, म को भावनामा उम्लन खोज्दै छौँ । त्यो सकारात्मक पाटो होइन तथाकथित संसारलाई चिन्नु, जान्नु, बुनु, छाम्नु र खोज्नु भन्दा पहिले आफैँलाई खोतल्नु र फेला पार्नु बुद्धिमत्तापूर्ण कार्य हो । त्यसैले हाम्रो ध्यान त्यता जानु जरुरी छ ।

सयौँ जातजाति, भाषा-भाषी, संस्कार, संस्कृति, परम्परा, रीतिरिवाज, चालचलन भएको यो सुन्दर मुलुकलाई संसारले कौतुहलताको आँखाले नियाल्छ । आँखा सकारात्मक र नकारात्मक दुवै हुन सक्छन् । कोही कसैले धमिलो पानीमा माछा मार्ने प्रयत्न नगर्ला भन्न पनि सकिन्न । सबैको आँखा एउटै हुने कुरा पनि भएन । त्यो सोच्नु समेत बेकार वा बेर्थ हो । सबले आ-आफ्ना आँखाले संसार हेर्न र खोज्न सक्छन् । दुःख मान्नु वा अन्यथा सम्झनु दुवै राम्रो होइन । त्यसकारण पहिले हामीले आफैँलाई चिन्नुपर्‍यो । खोज्नुपर्‍यो । छाम्नुपर्‍यो । भेट्टाउनुपर्‍यो । यो हो गाँठी कुरा । यति भएपछि संसारका कुनै पनि शक्तिले हल्लाउन सक्दैन र हामी बिचमा भाँजो हाल्ने पनि हैसियत राख्दैन । कागले कान लग्यो भनेर पछि-पछि दौडनुभन्दा आफ्नो कान छाम्नु नै श्रेयस्कर हो । दुःखको

कुरा कस्तुरीले बिना खोज्दै भौंतारिएझैं हामी पनि आफूभित्रको शक्ति पहिचान गर्न नसकेर भौंतारिइरहेका छौं । बल बुद्धि अरूको लागि खर्च भएरहेको छ । आफूले आफूलाई नठम्याएसम्म यो स्थिति सधैँ रहिरहन्छ ।

अन्यतिर आइपुग्दा यसो भन्न सकिन्छ साँच्चै हो हामीसँग धेरै थोक भए पनि सबै थोक भने छैन । त्यसो त हामीसँग मात्र हैन संसारका कोहीसँग पनि हुँदैन तर हामी उनीहरूभन्दा धेरै भएर पनि खुसी हुन नसकिरहेको स्थिति छ । त्यो सबै स्वपहिचानको अभावमा भएको हो । यसकारण सर्वप्रथम आफैँलाई खोजौँ, छामौँ र इतिहासबाट प्रेरणा ग्रहण गरौँ । बाटो आफैँ अगाडि आइपुग्छ । निरासा काखी च्यापेर नबसौँ । उत्साहलाई आमन्त्रण गरौँ । उठौँ र उठ्न अभिप्रेरित गरौँ । उठेर मात्र संसार देख्न सकिन्छ । पढ्न, बुझ्न र जान्न सकिन्छ । अरूको टाउकोमा दोष थुपारेर हैन । अरूको दोषलाई सकारात्मकतामा टुङ्ग्याएर उठ्न सकिन्छ । त्यसकारण तपाईं उठ्नुहोस् । म उठ्छु अनि अरूलाई उठ्न सहयोग गरौँला ।

त्रिसट्ठी

२०७० माघ १६ देखि १८सम्म रचनाका प्रधानसम्पादक तथा नेपाल साहित्यिक पत्रकार सङ्घका अध्यक्ष श्री रोचक घिमिरे नेतृत्वको साहित्यिक पत्रकार, समालोचक, कवि तथा फोटो पत्रकार सम्मिलित १५ जनाको टोली पर्वतको कुस्मा हुँदै बागलुङ पुगेर फर्कियो । टोलीका अन्य सदस्यहरूमा सोही पत्रिकाका सम्पादक तथा सङ्घका उपाध्यक्ष ज्ञानुवाकर पौडेल, जनमतका प्रधानसम्पादक तथा सङ्घका महासचिव मोहन दुवाल, कौशिकीका प्रधानसम्पादक तथा सङ्घका सचिव चेतनाथ धमला, दायित्वका प्रधानसम्पादक तथा सङ्घका केन्द्रीय सदस्य रामप्रसाद पन्त, नवप्रज्ञापनका सम्पादक/प्रकाशक तथा सङ्घका केन्द्रीय सदस्य नवराज रिजाल, वैजयन्तीका सम्पादक ठाकुर शर्मा, जनमतका सम्पादक भारती श्रेष्ठ, साल्मलीका सल्लाहकार प्रोल्लास सिन्धुलीय, मधुपर्कका सहसम्पादक तुलसीहरि कोइराला, समालोचक डा.गार्गी शर्मा, कविहरू शुभ श्रेष्ठ, त्रिपुरा पौडेल, फोटो पत्रकार नरेश श्रेष्ठ र अभिव्यक्तिका प्रधानसम्पादक तथा सङ्घका सल्लाहकार नगेन्द्रराज शर्मा सम्मिलित हुनुहुन्थ्यो ।

पर्वतको कुस्मामा माघ १७ गते नेपाल साहित्यिक पत्रकार सङ्घ पर्वत शाखाको गठन गरिएको थियो भने यसभन्दा अगाडि मोफसलमा बसेर लेखन, सम्पादन र प्रकाशन मार्फत् नेपाली साहित्यिक पत्रकारिता क्षेत्रमा विशेष योगदान पुऱ्याएबापत साहित्यिक पत्रकार इन्द्रकुमार विकल्पलाई साहित्यिक पत्रकारिता सम्मान प्रदान गरिएको थियो । सो कार्यक्रममा पर्वतको साहित्यिक पत्रकारिता विषयमा उहाँले नै लेख्नुभएको कार्यपत्र गुप्तेश्वर क्याम्पसका सहायक क्याम्पस प्रमुख जगन्नाथ पौडेलले वाचन गर्नुभएको थियो । राजेन्द्र पहाडीद्वारा पर्वत उद्योग वाणिज्य संघको सभाकक्षमा सञ्चालित सो कार्यक्रममा इन्द्रकुमार विकल्पको जिगीषा, इन्द्रमान खत्रीको समय र राजेन्द्र पहाडीको बियाड नामक हाइकू सङ्ग्रहहरूको समेत विमोचन गरिएको थियो ।

यसै गरी सोही साँझ बागलुङमा साहित्यिक गोष्ठी सञ्चालन भएको थियो । स्थानीय स्रष्टाहरूसहित भ्रमणटोलीमा सम्मिलित झन्डै तीन दर्जन रचनाकारहरूले आ-आफ्ना रचना वाचन गरेको सो

कार्यक्रममा बागलुङका साहित्यकार प्रेम छोटालगायत स्थानीय साहित्य प्रेमीहरूले धारणा प्रस्तुत गर्नुभएको थियो । १८ गते बिहान धौलागिरि बहुमुखी क्याम्पसले आयोजना गरेको भेटघाट कार्यक्रममा शिक्षक, कर्मचारी, विद्यार्थी र भ्रमणटोलीका सदस्यहरूको बिच परिचय साटासाट भएको थियो । भ्रमण टोलीले स्थानीय भाषा साहित्यकर्मीहरूबाट अलिकति सुझाऊ, सल्लाह र अनुरोध सुन्यो । सद्भाव सुन्यो । आदर सुन्यो । सम्मान सुन्यो । साँच्चै हो भाषा, साहित्यसेवा इच्छाले गरिन्छ । उत्साहले गरिन्छ । जाति, भाषा र संस्कृतिको जगेर्ना गर्ने उत्तरदायित्व बोधले गरिन्छ भन्ने सन्देश कार्यक्रमहरूको थियो । जन्मभूमिका लागि केही गर्नुपर्छ । जसरी आइयो त्यसैगरी जानु राम्रो होइन । तसर्थ, हामी केही गर्दै छौं । तपाईंहरू पनि आ-आफ्नो ठाउँबाट गरिरहनुहोस् भन्ने सन्देश भ्रमणटोलीलाई स्थानीयको आग्रह थियो ।

यही विविधतामा हराउँदै सलाम गरेँ मैले ती मनहरूलाई । जो निरन्तर सक्रिय हुनुहुन्छ, भाषा-साहित्य क्षेत्रमा । स्वार्थ बोकेर होइन । मात्र केही गरौं भन्ने अभिप्रायले । त्यस्ता जाँगरिला मनहरूलाई नवप्रज्ञापन अभिवादन गर्छ र, भन्छ तपाईंहरूको जाँगर कहिल्यै नसेलाओस्,नओइलाओस् ।

त्यहाँका अनुरोध, सुझाऊ र सल्लाह जायज तथा सान्दर्भिक थिए । देशको दूरदराजमा बसेर पनि कर्तव्यप्रति सदैव सचेतहरूले राखेका अभिव्यक्ति मार्मिक थिए । केन्द्रको नाताले राजधानीले त्यस्ता अभिव्यक्ति सुन्नैपर्छ । निराकरणमा ध्यान पनि दिनुपर्छ । नवप्रज्ञापन पनि यस्तै धारणा राख्छ । यतातिर सरकार आइरहेको छैन । त्यसैले अगुवाहरूको ध्यान जानु जरुरी छ । म होइन हामी भन्ने धारणाको विकास भयो भने समस्या र गुनासाहरू स्वतः कम हुँदै जान्छन् । यी नैतिक प्रसङ्गहरू हुन् । एउटा सबैले बुझ्नुपर्ने कुरा चाहिँ यो हो राजधानीसँग सम्पर्कमा रहे पनि पहुँच नहुनेहरूले यस्तो सुविधा कहिल्यै पाएका छैनन् । अर्थात् राजधानीमा हुँदैमा सबैले सुविधा पाएका छन् भन्न पनि सकिँदैन ।

यस क्षेत्रका अगुवाहरूमा म होइन हामी र मेरो होइन हाम्रो भन्ने भाव विकास भयो भने झापाको केचना वा कञ्चनपुरको चाँदनी-दोधारा र धादिङको सेर्तुङ वा बाराको सिम्रौनगढ जहाँ बसेर भए पनि भाषासाहित्यको सेवामा संलग्न रहँदा कुनै फरक पर्दैन भन्ने कुरामा नवप्रज्ञापन सतप्रतिशत विश्वास राख्दछ । पर्वत तथा बागलुङका साहित्यसेवी तथा साहित्यकर्मीहरूको स्वरमा स्वर मिलाउँदै सधैं साथ रहने प्रण गर्दछ ।

चौसट्ठी

भानुभक्त आचार्य नेपालका राष्ट्रिय विभूति तथा नेपाली भाषासाहित्यका पूजनीय, आदरणीय अनि श्रद्धेय स्रष्टाको नाम । नेपाली भाषालाई सरस, सरल, जनप्रिय र सर्वग्राह्य बनाउने कार्यमा उनको योगदान अतुलनीय छ । तत्कालीन शिक्षित-मध्यम र उच्चवर्गीय नेपाली जनमानसमा परिचित रामकथालाई सरल नेपाली भाषामा भावानुवाद गरेर उनले जुन प्रशंसनीय कार्य गरे त्यसलाई अत्यन्तै साहसिलो कदम मान्नुपर्छ किनकि त्यतिखेरसम्म नेपाली भाषामा लेख्नु शोभनीय मानिँदैनथ्यो ।

भानुभक्त आचार्यद्वारा सरल नेपाली भाषामा रूपान्तरण गरिएको रामायणले भौगोलिक सिमानाभित्रको नेपालमा मात्र हैन त्यो बाहिरको नेपालमा बसोबास

गरेका, पेसा व्यवसायमा लागेका, सैनिक तथा अन्य सरकारी सेवामा प्रवेश पाएका र बाँच्ने उपक्रममा अन्य विविध कामहरू गर्दै सङ्घर्षपूर्ण जीवनयापन गरिरहेका तर नेपालको चिनारी अनि नेपाली जातिप्रति हुरुक्क हुने सबै नेपालीहरूलाई एकताको सूत्रमा बाँध्ने काम गऱ्यो । त्यतिमात्र हैन अलग पहिचानमा बाँचेकाहरूलाई समेत एकआपसमा जोडिन, सान्निध्यता गाँस्न अनि मनोभाव साटासाट गर्न सघायो, परिचित पाऱ्यो र सुखदुःखको साथी बनायो । मेलमिलाप, सद्भाव, सहिष्णुता र जातीय एकता कायम राख्न अनि परेको समयमा एकले अर्कोलाई साथ र हात दिन प्रोत्साहित गऱ्यो र गर्दै रह्यो । त्यस्तो कार्य हिजोमात्र हैन आज समेत गरिरहेको छ ।

आज समय बदलिएको छ । परिवेश फेरिएको छ । सिङ्गो नेपाली जातिको सोचमा परिवर्तन आएको छ । नेपालीहरू संसारका झन् धैरै मुलुकहरूमा पुगेका छन् । मेहनत, परिश्रम र सुकार्यले नयाँ अध्याय थपिएको छ । हिजोका भौगोलिक सिमानाहरू ध्वस्त बनेका छन् । त्यो क्रम चलिरहेको छ । विगतका मूल्यमान्यता, आस्था, विश्वास, विचार र दृष्टिकोणमा व्यापक फेरबदल देखिने गरेको छ । यसलाई स्वाभाविक मान्नुपर्छ किनकि यो निरन्तर चलिरहने प्रक्रिया हो । साँच्चै हो, हिजो हिजै थियो । आज आजै छ र भोलि भोलि नै रहनेछ । परिवतर्नको यस्तो क्रमलाई कसैले रोक्न वा छेक्न सक्दैन । उल्टो दिशामा हिँडाउन पनि सक्दैन । बुद्धिमानले केवल त्यसलाई आफ्नो अनुकूल पार्ने चेष्टा मात्र गर्नसक्छ । हुने नहुने बेग्लै कुरा । जो त्यस्तो परिवर्तनको विपक्षमा लाग्छन् ती आफैँ साउनको भेलमा बग्छन् कहिल्यै पनि उत्रनै नसक्ने गरी ।

परिवर्तन सहज हुनुपर्छ । ग्राह्य हुनुपर्छ । देशकाल परिस्थिति र समाज अनुकूल हुनुपर्छ । यी माथिका विषय वस्तुलाई मूल्याङ्कन गरेर यसको गतिलाई सामान्य घटबढ गर्न भने अवश्य सकिन्छ तर पूर्णरूपमा भिन्न तुल्याउन किमार्थ सकिन्न । यदि कसैले त्यस्तो धृष्टता गर्छ भने न उसको अनुकूलताको परिवर्तन हुन्छ न त त्यो समाजले आफ्नो सही पहिचान पछिसम्म कायम राखिरहन सक्छ । यस्तो दुस्साहस गर्नेहरू समयक्रममा आफै विनासको महाभूमरीमा डुब्छन्, डुबेका छन् । संसारको इतिहासले यस्तो जानकारी दिइरहेको छ । यथास्थिति बदल्ने नाममा बिना सुझबुझ जाति, संस्कृति, धर्म, क्षेत्र, वर्गजस्ता विषयको महत्त्वकाङ्क्षाको सपना भारीमा बोक्न कुनै पनि हालतमा बाध्य पारियो भने त्यो भविष्यमा अत्यन्तै घातक हुने प्रबल सम्भावना रहन्छ । जुन देखिएको पनि छ यसर्थ भन्न सकिन्छ ती बढी घातक सिद्ध भएका पनि छन् ।

इतिहासको मूल्याङ्कन वर्तमानलाई काखीमा राखेर गर्न सकिन्न । एउटा सत्य के हो भने कसैको वा केहीको पनि मूल्याङ्कन वा पुर्नमूल्याङ्कन गर्न सकिन्छ र गर्न पर्छ पनि । गर्न सकिँदैन र गर्न हुँदैन भनेर यदि कसैले भन्छ भने उसलाई महाहठीको संज्ञा दिन सकिन्छ । अर्कातिर फेरि कसैले हिजोलाई आजका आँखाले हेर्छ, सोच्छ, विचार गर्छ र मूल्याङ्कनको कसी पनि बनाउन खोज्छ भने त्यो पनि हठको अर्को पराकाष्ठा हो । आजले हिजोलाई पूर्णतापूर्वक हेर्न खोज्नु भनेको पूर्वाग्रह वा आग्रह काखीमा राखेर हिंड्नु हो । त्यसरी हिँड्नेहरूले समयको उचित मूल्याङ्कन र सही व्यवस्थापन गर्न सक्दैनन् ।

समय नचिन्नेले आफूलाई पनि चिन्दैन,

जान्दैन र बुझ्दैन । आस्था, विश्वास र विचारको धरोहर पनि संगाल्दैन । उसको आँखामा केवल वर्तमान हुन्छ । त्यसभित्र निराशा, कुण्ठा असन्तोष भुत्ती खेलिरहेका भेटिन्छन् । इतिहास तथा भविष्यको कतै नामोनिसान हुँदैन । ती दुवैको अनुपस्थितिमा उसले वर्तमानभित्र केही देख्दैन वा देखे पनि जान्दैन र बुझ्दैन । केही पनि नदेखिनु वा फेला नपर्नु भनेको निराशाको निकट पुग्नु हो । जब विगत, वर्तमान र भविष्यको भेटघाटसम्म हुँदैन तब मान्छे आफैंभित्र हराउँछ कसैले पनि देख्न र भेट्न नसकने गरी । यसर्थ के भन्न सकिन्छ भने जीवन सहजताको निम्ति यिनीहरूको एकआपसको भेटघाट र साथसम्पर्क अत्यन्तै आवश्यक छ ।

नेपालभित्र भन्दा पनि बढी नेपाल बाहिर बसोबास गर्ने नेपाली जातिलाई रामायणले एकताको सूत्रमा बाँध्ने काम गऱ्यो । स्वपहिचान खोज्न प्रेरित गऱ्यो । अनेकताको भाव मेटाएर एकअर्को भित्र घुलमिल गरायो । अर्थात् उनी र उनको कृति देशभित्र त भयो नै, देशबाहिर जहाँ-जहाँ नेपालीहरू बसोबास गरेका थिए त्यहाँत्यहाँ समेत मियो बन्यो । नेपालीले त्यसैको वरिपरि घुम्ने अवसर पाए । चर्चापरिचर्चा धेरै-धेरै भयो । कारखाना, छाउनी, गोठ, मेलापात, वनजङ्गल, बन्दव्यापार, खानी लगायतका स्थानमा व्यापक चर्चा पायो । जागरुकहरूले त्यसलाई केन्द्रविन्दुमा राखेर जातीय पहिचान खोज्न थाले । त्यसैले नेपाल र यहाँका शासकदेखि विद्वान्सम्म बेखबर हुँदासमेत कलकत्ता विश्वविद्यालयले नेपालको भूगोलबाहिर बसोबास गरिरहेका नेपालीहरूको सत्प्रयासमा यो भाषालाई पहिलोपटक पाठ्यपुस्तकमा मान्यता दियो । त्यसरी सबैलाई प्रेरित गर्नमा भानु र उनको रामायणले केन्द्रीय भूमिका खेलेको कुरा दिउँसोको घाम जत्तिकै छर्लङ्ग छ । यसर्थ नेपाली जाति र भानुभक्त एकअर्काका पर्याय हुन् ।

भानु नेपालको माटोमा जन्मिएका नेपाल आमाका एकअसल सन्तान हुन् । उनका कृतिले हामीलाई आज आफ्नो नाक ठाडो पार्न सघाएको छ । उनी मान्छे हुन् हामी जस्तै । उनको शरीर पनि हाम्रो जस्तै थियो । उनले के गरे र हामीले के गरेनौं भन्ने सवाल नै प्रमुख हो । विद्वत् नेपाली जनमानसमा उनका केही रचनाका बारेमा प्रश्नहरू उठेका छन् । बहस चलेका छन् । उनलाई आदिकवि भन्ने कि नभन्ने भन्ने विविध मतहरू अगाडि आएका छन् । उनका सम्बन्धमा तर्कवितर्क चलेका छन् । पक्ष र विपक्ष दुवै छन् । हो र होइन भन्ने दुवैको सङ्ख्याका सदस्यहरूको ठुलै जमात छ । तर हामी समस्या समाधानतिर भन्दा सिर्जनातिर लागेर खुसी हुँदै आफैभित्र रुमल्लिइरहेका छौं ।

विगतलाई विगतकै आँखाले हेरेर देखिएका मतमतान्तरमा समाधान खोज्ने हो भने त्यो त्यति टाढाको वस्तु हो जस्तो पनि लाग्दैन तर हामीमा आग्रह, पूर्वाग्रहको चाङ ठुलै रहेकाले समस्याले निकास नपाएको हो । केवल विवादका लागि विवाद गरिरहने नीच मानसिकता छाडिदिने हो भने भानुभक्तलाई आदिकवि मान्ने आधार हरूमा विमति राखिरहनुपर्ने आवश्यकता छैन । मेलमिलापको राग सधैं अलापे पनि आफ्नै निर्णयले कुनै विषयमा कहिल्यै पनि मिल्न नसक्ने तर अरूको इसारामा लतारिन सधैं तत्पर रहने हाम्रो प्रवृति भानुभक्तका सम्बन्धमा पनि लागु भएको प्रस्ट देखिन्छ ।

भानुका पक्ष वा विपक्षमा जेजस्ता कुरा आए पनि भानु साँच्चै भानु हुन् । उनको नामलाई कसैले पनि मेट्न सक्दैन । संसारमा

नेपाली जातिको अस्तित्व रहेसम्म भानुभक्त रहिरहन्छन् । हिजोको दिनमा नेपाल र भारतका विभिन्न स्थानहरूमा सीमित भानु आज नेपाली पुगेको संसारको हरस्थानमा सर्वप्राप्य तथा सर्वसुलभ भइरहेका छन् ।

उनले सृजना कसैको आयोजन वा प्रायोजनमा गरेका होइनन् । भानुभक्तीय रामायण वाल्मीकिको प्रचलित रामकथाको नेपाली भावानुवाद हो । यसको सीमा दक्षिण एसिया मात्र हैन दक्षिण पूर्वी एसियासम्म छ । उनका अन्य रचना भन् समय सापेक्ष छन् । तिनले तात्कालीन समाज, प्रचलन, संस्कार, मानसिकता र मनोवृत्तिको प्रतिनिधित्व गर्छन् । यसर्थ उनी सामाजिक जनभावना उजागर गर्ने कवि हुन् । उनका अभिव्यक्ति र विचारमा समाजसुधारको चेत देखिन्छ । विसङ्गत, समाजको विपक्षमा रहेका उनी सभ्य र सुसंस्कृत समाजको सपना देख्छन् । यथास्थितिलाई आत्मसात गर्ने हो प्रशस्त भने नविनता पाउन सकिन्छ । त्यसैले उनले प्रशासनदेखि घरसुधारसम्मका कविता लेखेर सुध्रिन र सुधार्ने वातावरण बनाउन आग्रह गरेका हुन् । विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गर्ने उनले कसैलाई पनि छाडेनन् । त्यो बेलाको समाज, प्रशासन, घरपरिवार र ठुलाबडाहरूको मनोमालिन्यतामा जे देखे त्यही लेखे ।

०००

२२ वर्षे यात्रामा ६३ औँ खुड्किलो उक्लिएको र ६४औँ उक्लने तरखर गर्दै रहेको नवप्रज्ञापनले यस अङ्कलाई भानुको सम्भनामा प्रकाशित गर्ने सोच बनायो । भानु सबैका साभा भएकाले यस्तो सोच बनेको हो । निश्चित योजना सहित राज्यको संस्कृति मन्त्रालयले नै काम गरिरहेको समयमा नितान्त व्यक्तिगत रहर र इच्छामा उसको संलग्नताबिना गरिएको काम गणनीय हुने हो कि नहुने हो भन्ने सोच मनमा नउठेको होइन तर त्यसले मस्तिष्कमा लामो समय स्थान पाएन । ठिकै छ आफ्नो क्षेत्रबाट सानो तिनो भए पनि केही गरौं भन्ने भाव उठ्यो । त्यसैले यसको जन्म हुन पुग्यो ।

सकेको गरौं भन्ने सोच बोकेको यसको यो ६४ औं अङ्क हो । यति अङ्क निकाल्छु र यहाँसम्म पुग्छु भन्ने मिसन नभएको कारण आजसम्म निर्वाध रूपमा हिंडिरहेको छ । यहाँसम्म पुगेर यति गर्ने भन्ने हिसाब-किताब पनि छैन । यति भए निकाल्ने नत्र ननिकाल्ने भन्ने विचार पनि छैन । भ्याए जति गर्ने, सकेजति गर्ने, सकेसम्म गर्ने, गर्दै जाने, सकेसम्म नसुस्ताउने र आफ्नो कामलाई सहज रूपमा लिने, निरन्तरता दिने, जन्मभूमिको निम्ति केही सोच्ने, कहिल्यै आत्तिने र मात्तिने मनस्थिति नबोक्ने, सकारात्मक सोच राख्ने, आस्थालाई विश्वासको भारी बोकाउने तर बेचबिखन नगर्ने अभिप्रायले आजसम्म यो हिँडिरहेको छ ।

प्रबल इच्छा शक्तिमा यसको प्रकाशन थालिएको थियो । हिजोजस्तो लाग्छ दुई दशक बितिसकेछ । आरम्भ गर्दा यति अङ्कसम्म आइएला जस्तो लागेको थिएन तर आइयो, त्यसैले तपाईं ६४ औं अङ्क पढ्दै हुनुहुन्छ । त्यसपछि ? कृपया हेर्दै जानोस् । प्रकाशन भएछ भने पढ्नु नै हुनेछ र पाउनुभएन भने त्यही ठानिदिनुहोला । अहिलेसम्म हिँड्न सकिएको छ । यहाँहरूजस्ता धेरैको सद्भाव, माया र प्रेम, सुभाउ-सल्लाह र परामर्श पाइएको छ ।

फेरि सोचले मात्र कहाँ हुँदो रहेछ र ? साहित्यिक पत्रकारिता नेपालको जेठो पत्रकारिता त हो, तर यसले आफूलाई दाजु भनाउन सकिरहेको छैन । तुरुन्त

त्यस्तो सम्भावना पनि देखिदैँन । यतातिर सम्बन्धित निकायहरूको खासै सकारात्मक सोच पनि छैन । यसैले हो अझै हुलाक दर्ता पाउन नसकेको । २०६३ पछिका सबै अर्थमन्त्रीदेखि सञ्चार मन्त्रीसम्म यसका समस्या र समाधानबारे कुरा पुगेका छन् । उनीहरू भेटघाटमा सकारात्मक देखिन्छन् तर व्यवहारमा त्यो लागू भइरहेको छैन । यसलाई हुलाक दर्ताको सुविधा दिँदा राज्यलाई हानि हुने पनि देखिँदैन । दैनिकदेखि मासिकसम्मकाले पाएका पनि छन् तर सम्बन्धित निकाय चुपचाप छ, मौन छ अर्थात् कुनै वास्ता गर्दैन । किन त्यसो गरिएको हो अझै बुझ्न सकिएको छैन ।

द्वैमासिक, त्रैमासिक पत्रिका जो वर्षमा चारदेखि छ अङ्कसम्म मुस्किलले निस्कन्छन् तिनीहरूलाई बेलाबेलामा कहिले श्रमजीवी कानुन त कहिले नियुक्ति, तलब प्यान र भ्याटसम्मका कुराले अल्झाउँछन् । साहित्यिक पत्रिकाहरू न व्यावसायिक हुन सकेका छन् न त निकट भविष्यमै त्यस्तो सम्भावना देखिन्छ । यसैले यिनीहरूमाथि बेलाबेलामा आउने उल्झनहरूले प्रकाशन बन्द गर भनेको हो कि भन्ने आभास पनि हुन्छ । यदि त्यसो हो भने प्रस्ट भन्दिए हुने । फेरि त्यसो पनि भनिँदैन । केही समयअघि प्यानमा जान राज्यले सूचना दियो, तर त्यहाँ पुग्दा ती निकाय बेखबर थिए । त्यही समयमा काठमाडौंका पत्रपत्रिकाले निःशुल्क प्यान नम्बर पाए तर काठमाडौंबाहिरका पत्रिकाहरूले त्यो अवसर पाएनन् । त्यही प्रयोजनको निम्ति बारामा नवप्रज्ञापनले र मोरङमा वनिताले फरक शुल्क बुझाउनुपर्‍यो । नियम कानुनमा बाँधिनुपर्‍यो भन्ने हाम्रो चिन्ता हैन तर त्यो सबैलाई र सबैतिर बराबर हो कि होइन भन्ने मूल प्रश्न हो ।

विदेशी मुलुकबाट हाम्रोमा निर्बाध अनावश्यक पत्रपत्रिकाहरू समेत आउँछन् तर हाम्रा पत्रपत्रिकाहरू नेपाली बहुलक्षेत्रमा समेत सहज रूपमा जान सक्दैनन् । हाम्रो प्रयासले केही गर्न सक्दैन । राज्य बोल्दैन, जति घचघच्याए पनि सुन्दैन । पञ्चायतकालीन, बहुदलकालीन वा गणतान्त्रिक कुनै पनि सत्ता भाषा-साहित्यप्रति संवेदनशील रूपमा प्रस्तुत भएको महसुस हुँदैन । सत्ताबाहिर रहेका बेला उनीहरू समस्या समाधान गर्ने प्रतिबद्धता जनाउँछन् तर जब सिंहदरबार छिर्छन् त्यसपछि पहिलेका बाचा कबुल, प्रतिबद्धता सब बिर्सछन् । खै के छ कुन्नि सिंहदरबारभित्र ?

वर्गीकरणमा परेका पत्रपत्रिकालाई सूचना विभागले नियमित र नेपाल टेलिकमले प्रदान गर्ने वार्षिक चार भन्दा बाहेक नियमित विज्ञापन छैनन् । त्यसपछिका विज्ञापनहरू चिनजान, सम्पर्क र भनसुनले प्राप्त हुन्छन् । जसको पहुँच छ उसले नियमित विज्ञापन पाउन पनि सक्छ, जसको छैन त्यसले कहिल्यै पाउँदैन । राज्यले दिने सुविधा चाहे मेचीको होस् वा महाकालीको, अनि हिमालको होस् वा तराईंको सबैलाई एकनासको हुनुपर्ने हो नि, तर अहँ त्यस्तो अनुभूति गर्न सकिन्न । सरकारले तोकेको वर्गीकरणमा पर्ने पत्रिकाहरू पनि त्यसबाट बञ्चित छन् । राज्य बेखबर छ, आफू केही गर्दैन, केवल सिकाउँछ मात्र । हुन त उसैले सिक्नुपर्ने धेरै छ तर ऊ सिक्दैन किनकि सिंहदरबार छिरेपछि ऊ सर्वज्ञ बन्छ, त्यो क्रम त्यहाँबाट बाहिर ननिस्केसम्म जारी रहन्छ । जब बाहिर आउँछ, फेरि ऊ सबैको कुरा सुन्न थाल्छ । सबैसँग मिल्छ । सबैका कुरा बुझ्छ । समस्या अवगत गर्छ । आफूले समाधानमा दिलो ज्यानले सघाउने प्रण पनि गर्छ । सहृदयी बन्छ । आत्मविश्वास

दिलाउँछ तर त्यो कुरा पहुँचमा नपुगेसम्मका लागि मात्र हुन्छ ।

नवप्रज्ञापन कतै पनि आफ्नो विशेष हैसियत खोज्दैन । जस्तो र जत्रो छ त्यस्तै रहन चाहन्छ । आफूले मात्र सुविधा लिऊँ पनि भन्दैन । कामको आधारमा हो भने छोड्दैन पनि । राज्यका विभिन्न अंग वा निकायहरूले दिने सेवा सुविधामा चिनजान, भलाकुसारी, सम्पर्क, आउजाउ र तेरोमेरो प्रवृत्तिले काम नगरोस्, नियमअनुसार होस् । त्यो प्रष्ट देखियोस् त्यसले त्यति त्यसकारण पायो र मैले त्यसो भएर पाइन भन्ने प्रष्ट देखियोस् भन्ने मनसाय राख्दछ ।

०००

यो वर्ष नेपाली भाषाका अनन्य सेवक, आदरणीय पुराना कवि तथा राष्ट्रिय विभूति भानुभक्त आचार्यको द्विशतवार्षिकी हो । यस अवसरमा सर्वप्रथम नेपाल र नेपाली जातिलाई माया गर्ने, भाषा, साहित्य, सङ्गीत, कला तथा संस्कृतिप्रति सद्भाव राख्ने, नेपाल राष्ट्रको चिनारीका निम्ति संसारको जुनसुकै भागमा रहेर पनि आफ्नो हैसियत, स्तर र चेतनाले भ्याएसम्म तन, मन र वचनले सक्रिय रहने, नेपाल एकमा अनेक र अनेकमा एक हो भन्ने चिनारी दिन प्रयत्नशील रहने, विभिन्न माध्यमले यो माटोलाई संसारसामु परिचित गराउन सदैव प्रयत्नील रहने सबै-सबै प्रति नवप्रज्ञापन परिवार सर्वप्रथम आभार व्यक्त गर्दछ र सलाम तथा अभिवादन टक्र्याउनु कर्तव्य सम्भन्छ ।

अन्त्यमा, सर्वप्रथम नेपाली साहित्यको पुरानो पत्रिका भानु विशेषाङ्क (२०२८), राष्ट्रिय रामायण विशेषाङ्क (२०६०) र लक्ष्मी निबन्ध सङ्ग्रहलाई सहयोगका निम्ति मुरीमुरी धन्यवाद अर्पण गर्दछु । अनि छोटो सूचनाका आधारमा सद्भाव राखेर आफ्ना अमूल्य रचनाहरू निःशुल्क उपलब्ध गराइदिने सम्पूर्ण स्रष्टा महानुभावहरूप्रति हृदयदेखि आभार व्यक्त गर्न चाहन्छु । भानुलाई चिनाउने भन्दा बाहेक यहाँ समाविष्ट रचनाहरूको अर्को कुनै स्वार्थ नभएकाले नवप्रज्ञापन त्यसैअनुसार सोचिदिन आग्रह गर्दछ ।

पैंसठ्ठी

आदरणीय पाठकवृन्द, नवप्रज्ञापन आफ्नो ६५औं अङ्कमा तपाईंहरू माझ कथाकार विश्वराज अधिकारीका कथाहरू विशेष लिएर आइपुगेको छ । साथमा अन्य सामग्रीहरू पूर्ववत् यथास्थानमा छन् । नेपाली साहित्यमा कथाकार अधिकारी अपरिचित नाम होइन । सूर्य र अभिनय लघुकथा सङ्ग्रह तथा बहलिया र मधुर मिलन कथा सङ्ग्रहहरू प्रकाशित गराइसकेका उनी यसअघि आञ्चलिक कथाकारका रूपमा परिचित थिए । उनका कथाले बारा, पर्सा र रौतहटमा प्रमुख रूपमा बोलिने भोजपुरी भाषी समाजको विशेष रूपमा प्रतिनिधित्व गर्दथे । त्यहाँको जनजीवन, जीवनधारा, जीवन पद्धति, भोगाइ, पीडा, आँसु तथा हर्षसहित समग्र सामाजिक चिन्तनको साक्ष्यका रूपमा उनका कथाहरू रहने गर्थे । त्यही समाजमा जन्मी हुर्की बढेका अधिकारीले त्यसै समाजको समग्र पक्षलाई यस अघि आफ्ना कथामा उतार्ने गर्थे ।

आञ्चलिक कथाकारका रूपमा आफ्नो परिचय बनाएका यस अङ्कमा समावेश कथाहरू मार्फत भने आञ्चलिकताको सिमाना नाघेका छन् । उनी राष्ट्रिय भन्दा पनि पर अन्तराष्ट्रिय बनेका छन् । नेपाली सन्दर्भका साहु, गरिब, सामन्तले दिने दुःख, पीडा, शोषण, दमन तथा उत्पीडनका विविध पक्षहरूलाई छाडेर यहाँ समावेश कथाहरूले

ज्यादा भन्दा ज्यादा स्वतन्त्रताको पक्षमा वकालत गरेका छन् । पति-पत्नीबीचको सम्बन्ध, नातागोता र परिवारको स्थिति के हो, कस्तो हुनुपर्छ, किन चाहिन्छ र नभए के हुन्छ भन्ने जस्ता विषयमा उनले सशक्त विचार प्रस्तुत गरेका छन् । स्वतन्त्रता बिनाको जीवन कसरी ठिङ्गुरिएको हुन्छ भन्ने उदाहरण पनि यहाँ छ । भोक, रोग र गरिबीको विरुद्ध जसरी सङ्घर्ष आवश्यक छ त्यसैगरी स्वतन्त्रताका निम्ति पनि आवश्यक छ, यहाँका कथाहरू मार्फत उनले विचार अघि सारेका छन् ।

यसो त कथाकार अधिकारी कथाकार मात्र नभएर पाठ्यपुस्तकका लेखक समेत हुन् । नेपालका विभिन्न क्याम्पसमा लामो समय व्यवस्थापन र अर्थशास्त्र विषयको अध्यापन गरेका उनले सोही विषयका स्नातक र स्नातकोत्तर तहका एक दर्जनजति कृतिहरू समेत तयार पारेका छन् । उनी केही समय पाटन अस्पतालको प्रशासन सेवामा संलग्न थिए । नेपालबाट अध्ययनको सिलसिलामा संयुक्तराज्य अमेरिका पुगेका उनी अध्ययन सकेर यतिखेर त्यहाँको ओक्लोहामा राज्यको एक कलेजमा व्यस्थापन विषयको अध्यापन गरिरहेका छन् ।

नेपाल भन्दा धेरै टाढा अमेरिकामा प्राध्यापन पेसामा संलग्न अधिकारीले जीवन र स्वन्त्रताको अत्यन्तै रोचक तथा मार्मिक तवरले विश्लेषण गरेका छन् । हामी गाँस, बास र कपासका लागि सदियौंदेखि भौंतारिई रहेकाहरूका निम्ति यी कथाहरू असान्दर्भिक लाग्न पनि सक्छन् । किनभने संसार विचित्रको छ र जीवन भोगाइहरू पनि विविध छन् । अनौठो परिस्थिति र परिवेशले मानिसलाई पृथक दिशा प्रदान गर्दो रहेछ भन्ने कुराको प्रमाण यी कथाहरूको अध्ययन पछि पाउन सकिन्छ । नेपालमा रहँदा आञ्चलिक परिवेश भन्दा बाहिरका कथा नलेख्ने उनलाई त्यहाँ पुगेपछि त्यो समाज, सम्बन्ध, विचार र चिन्तनले छोएछ, त्यसैले यसप्रकारको कथाहरू लेखे जुन अत्यन्तै रोचक र पठनीय छन् । कथा पढ्न थालेपछि छोड्नै मन लाग्दैन । त्यति मात्र होइन अर्को कस्तो होला,अझै अरूहरू कस्ता-कस्ता होलान् भन्ने कुतकुती मनमा लागिरहन्छ ।

स्वन्त्रता जीवनको सबैभन्दा ठुलो आवश्यकता हो । यो बिनाको जीवन सहज हुनै सक्दैन । बाँच्न त स्वतन्त्रताबिना पनि सकिन्छ तर त्यो बचाई अर्थहीन हुन्छ। समय, परिस्थिति र भूगोल अनुसार स्वतन्त्रताको परिभाषा भने फरक हुन्छ त्यसलाई अन्यथा भन्न पनि हुँदैन । यदि कसैले होइन भन्यो भने त्यो वास्तविकताको निकट हुनसक्दैन । नेपाली सन्दर्भमा अलि अपत्यारिला जस्ता लाग्ने यी कथाहरू अमेरिकी समाजका सान्दर्भिक कथाहरू हुन् । नेपाल बाहिर रहेर पनि आफ्नो भाषा साहित्यप्रति दत्तचित्त रही यति राम्रा कथाहरू लेख्ने अधिकारीबाट नेपाली साहित्यले अझ धेरै अपेक्षा गरेको छ भन्दै यस खालका अझै धेरै कथाहरू लेखियून् र त्यसमा उनको नेतृत्वकारी भूमिका रहोस् भन्ने अपेक्षा नवप्रज्ञापनले गरेको छ ।

छैसट्ठी

लौहै । मज्जाले सुनौं । गुनौं पनि । साँच्चै हो । धरोधर्म हजुर । ती कराइरहेछन् । उफ्री-उफ्री चिच्याइरहेछन् । देख्नु भो । सुनौं त । आइरहेछ आवाज । निरन्तर-निरन्तर । धेरै भयो । आउन लागेको । नचाहेरै पनि । बाध्यता बोकेर । सुनिरहेछु-उहिल्यैदेखि । हेरेर टुलुलुल्ती ।

अलमलिन्न परिवेश । पानाहरू पल्टाउँदै । बोकेर विवशता । दुःखाउँदै आँखा । माडेर छाती । हिँडेको कल्पना । बाँचेको अभिनय । अस्तिबाटै हिजोबाटै । गरिरहेछौं हामी ।

परबाट कोही । गरिरहेछ इशारा । मानिएको छ । तिनीहरूको नजरमा । गरिर हेछौं अभिमान । हामीबाट हुने । केवल गर्ने । आत्म सन्तोष । मनको लड्डु । खाँदै छौं घिउसँग । एउटा रटना । फुलाएर घाँटी । सुकाएर छाती । फलाक्दै बारम्बार । बनेको बिगार्दै । भएको भत्काउँदै । हाँकिरहेछौं डिङ । सिङ्गो संसार । सुन्दर कल्पना । आस्था धरोहरको । विश्वास विचारको । लगाइरहेछौं आगो । रमाइरहेछौं आ-आफैं । कति समय । छैन उत्तर । होइन गन्तव्य ।

दिन जान्नेहरू । बोल्न अभ्यस्तहरू । व्यस्तछन् बाँड्न । तन दिइरहेछन् । मन दिइर हेछन् । विचार दिइरहेछन् । विश्वास दिइर हेछन् । आस्था दिइरहेछन् । भरोसा दिइर हेछन् । दिनुको मज्जा । बाँड्नुको आनन्द । अर्कै होला । कल्पनाको कावा । खाइरहेछन् मज्जाले । त्यसैले ती । मज्जाको खानी । बोकेर छातिमा । राखेर आँखामा । भेट्टाउने अभिलाषा । महत्त्वकाङ्क्षाका पोको । समातेर हातमा । उभिएकाछन् चौबाटोमा ।

पाइरहेछन् स्याबासी । थापिरहेछन् धोक्रो । भरिन खोज्दैछ । सन्तुष्टछन् दिनेहरू । त्यसैले दिइरहेछन् । उनीहरू थापिरहेछन् । अर्थात् हामीहरू । थापिरहेछौं साँच्चै । दिनुको मज्जा । लिनुको मज्जा । मज्जामा दुवै । आनन्दमा दुवै । सन्तोषमा दुवै । परम सन्तोष । किन दिँदै छ । केके दिँदै छ । कसरी दिँदै छ । कस्लाई दिँदै छ । कति दिँदै छ । जान्दैनन् उनी । मान्दैनन् उनी । भन्दैनन् उनी । केवल चाहन्छन् । लिनमात्र हो । त्यसैले चुपचाप । थापिरहेछन् धोक्रो । गरौंला छिनोफानो । त्यति छ मनमा । शान्त देखिन्छन् । चुपचाप देखिन्छन् ।

एउटा प्रश्न । जन्मन खोज्छ । सुन्दर धरती । निहाल्न चाहान्छ । आइपुग्छ घाँटीमा । त्यहीँ अड्कन्छ । सक्दैन आउन । सम्पूर्ण प्रयास । खेर जान्छ । प्रयास थाक्दैन । हट्दैन पछाडि । प्रमिथसको नियति । दोहोरिन खोज्छ । धेरै प्रमिथसहरू । अनगन्ती भिन्चीहरू । थुप्रै होमरहरू । भीम मल्लाहरू । भोगिरहेछन् सदयौंदेखि । प्रतापहरूको संसार । तापिरहेछन् घाम । उडिरहेछ बाफ । नीलो आकाश । हेरिरहेछ परिदृश्य ।

विचारको धरातल । विश्वासको परिवेश । चिन्तनको परिदृश्य । आस्थाको पर्खाल । सबैतिर छ । सबैसँग छ । यसो भनौं । धेरैसँग छ । पूर्वानुमान बोक्दै । बाँच्न सकिन्छ । पछि जन्मन्छ । सिङ्गो अनुमान । निकटस्थ सम्भावना । खोजी पस्दा । हिंड्दै जाँदा । अन्यत्र समेत । सकिन्छ पाउन । सकिन्छ भेट्न । सकिन्छ देख्न । सकिन्छ बुझ्न ।

सत्य हजुर । धरोधर्म हो । ढाँटेको छैन । किन ढाँट्नु । किन छल्नु । किन पर्गेल्नु । किन बिथोल्नु । गरिएन त्यस्तो । आजका मितिसम्म । गर्दै नगरौं । भनिरहेछ मन । त्यसैको इशारा । बढ्छ अगाडि । एउटा सङ्कल्प । बोक्छ मुटु । चढ्छ उकालो । ओर्लन्छ ओरालो । हिँड्छ तेर्सो । अँ हँ थाक्दैन । भेट्न गन्तव्य । हिँड्दै जान्छ । थकानको महसुस । गर्दैन पटक्कै । हिंडिरहन्छ निरन्तर । गर्छ सङ्कल्प । बोक्छ अठोट ।

एउटा सत्य । पूर्ण यथार्थ । निर्धक्क भएर । चिनौं आफैंलाई । जानौं आफैंलाई । बुझौं आफैंलाई । छामौं आफैंलाई । खोजौं आफैंलाई । भेटौं आफैंलाई । पाउँ आफैंलाई । हेरौं आफैंलाई । सुनौं आफैंलाई । बुझौं आफैंलाई । चिमोटौं आफैंलाई । हाँसौं आफैंलाई । रोऔं आफैंलाई । दुःखौ

आफैंलाई । तर हामी । अनि इतिहास । सिङ्गो यथार्थ । जीवन वास्तविकता । सवल चिन्तन । अठोटको विचारधारा । खजमजिन खोज्दै छ । खोजिंदै छ त्यस्तो । आगो बाल्नेहरू । त्यसैमा रमाउँछन् । उनीहरूको धर्म । उनीहरूको कर्म । गर्दै जान्छन् । कर्मको अधिकार । गर्नेहरू गर्छन् । उनीहरूको धर्म । उनीहरूको कर्म । जाउन गर्दै । सकिन्न रोक्न । त्यस्तै छेक्न । छेकवार लगाउन । हुँदैन पनि ।

बलिरहेछ विश्व । जलिरहेछ संसार । डढिरहेछ इतिहास । चिच्याइरहेछ मानवता । तर हामी । केवल रमिते । हेरिर हेछौं मज्जाले । लिइरहेछौं आनन्द । घुलेर वादविवादमा । कहिले भातमा । कहिले जातमा । कहिले मातमा । पुतपुताइ रहेछौं । मुस्लिएको धुँवा । आकार विहीन । बाँचेको अभिनय । सक्रियताको अभिनय । परिवर्तनको अभिनय । भइरहेछ हिजैदेखि । प्रगतिवादी-प्रतिगामी ।

विभिन्न नाममा । बलिरहेछन् आगो । भएसम्म ताप्नेहरू । जानेछन् बल्दै । आगोको काम । बल्नु हो । ऊ बल्छ । हिजो बल्यो । आज बल्दै छ । भोलि बल्नेछ । रहेसम्म ताप्नेहरू । सदियौंसम्म बलिरहनेछ । आनन्द लिनेहरू । स्वार्थको कसौंडी । कुण्ठाको तसला । प्रतिशोधको लप्को । पकाउँदै जानेछन् । प्रकृतिको नियम । भैरहेछ पालना । न सुरक्षाकर्मी । न कर्मचारी संयन्त्र । न ढुकुटी । न अधिकारवादी । न दल । हिंडिरहेछ प्रकृति ।

सतसट्ठी

हिंड्ने पुगे । बस्ने कुँजिए । हेर्नेले देखे । नहेर्ने छेलिए । प्राकृतिक नियम । आफ्नो कित्ता । आफैं छुट्याउनोस् । आफैं खोज्नोस् । आफैं रोज्नोस् । आफैं छाम्नोस् । आफैं भेट्नोस् । तपाईको सामर्थ्य । तपाईंको हैसियत । तपाईंकै जिम्मा । समयको गति । समयको नियन्त्रण । समयको छेकबार । आफैं नियाल्नोस् । निर्णय गर्नोस् ।

उनीहरू हिंडे । उनीहरू पुगे । उनीहरूले गरे । उनीहरूले पाए । उनीहरूले खाए । उनीहरू रमाए । उनीहरू हौसिए । उनीहरू रौसिए । बाटो खोजे । बाटो देखे । खोज्दै गए । हिंड्दै गए । हामी हेरिरहेछौं । हामी सुनिरहेछौं । हामी भोगिरहेछौं । हामी बसिर हेछौं । हामी कुँजिइरहेछौं । उनीहरू हिंडिर हेछन् । उनीहरू पुगिरहेछन् । नहिंड्नेहरू-नहेर्नेहरू । भोका हुन्छन् । नाङ्गा हुन्छन् । प्यासा हुन्छन् । केवल ती । रुन सक्छन् । कराउन सक्छन् । दुख्न सक्छन् । गुँडुल्किन सक्छन् । गतिहीनले सक्ने । केवल त्यस्तै । जम्मा त्यति । हामी गरिरहेछौं । हामी भोगिरहेछौं ।

हामी थिचियौं । हामी मिचियौं । हामी किचियौँ । हामी ठगियौं । हामी लुटियौं । हामी शोषियौ । हामी बिग्रियौँ । हामी भत्कियौं । हामी थुप्रियौं । हामी घोलियौं । हामी थिग्रियौं । हामी उठाइयौं । हामी बसाइयौं । हामी सुताइयौं । हामी हिँडाइयौं । हामी बोलाइयौं । हामी पढाइयौं । हामी लेखाइयौं । हामी देखाइयौं । हामी मनाइयौं । हामी गराइयौं । हो, त । हामी भित्रको । बोलेन विवेक । हिंडेन विचार । उठेन दृष्टि । गमेन आस्था । जुर्मुराएन चिन्तन । ब्युँभेन मूल्य । चलमलाएन मान्यता । खसखसाएन चिन्तन । त्यसैले अलमलियौं । अझै पनि । त्यो क्रम । बाक्लो छ । घनीभूत छ ।

अऱ्होटमा बाँच्यौं । आदेशमा बाँच्यौं । उपदेशमा बाँच्यौं । निगाहमा बाँच्यौं । आफू सोचेनौं । आफ्नो बाँचेनौ । अरूको बाँच्यौ । आफ्नो गाएनौ । अरूको गायौं । आफ्नो

खाएनौं । अरूको खायौं । छाकमा रम्यौं । भागमा रम्यौ । आङमा रम्यौ । आफ्नो भनेनौं । अरूको भन्यौं । आफ्नो हाँसेनौं । अरूको हाँस्यौं । आफ्नो गरेनौ । अरूको गऱ्यौं । आफ्नो फलाएनौं । अरूको फलायौं । आफ्नो नाचेनौं । अरूको नाच्यौं । आफ्नो हेरेनौं । अरूको हेऱ्यौं । आफूलाई चिनेनौं । अरूलाई चिन्यौं । आफन्त जानेनौं । पराय जान्यौं । आफूलाई भोगेनौं । अरूलाई भोग्यौं । आफूले सिकेनौं । अरूलाई सिकायौं । आफूले पढेनौं । अरूलाई पढायौं । आफू बाँचेनौं । अरूलाई बचायौं । आफू हाँसेनौं । अरूलाई हँसायौं । चेलो बनेनौं । गुरु बन्यौं । आफूलाई हेरेनौं । अरूलाई हेऱ्यौं । हेर्दै गयौं । हेर्दै गयौं । गइरहेछौं अझै ।

आजै थालौं । अहिल्यै सोचौं । ढिला नगरौं । एउटा आरम्भ । एउटा शुभारम्भ । सुनौलो यात्रा । सुनिश्चित भविष्य । अस्तित्व खोजौं । जीवन खोजौं । उद्देश्य खोजौं । अगाडि हिंडौं । गतिशील बनौं । गतिहीनता त्यागौं । म भन्छु । तपाईं भन्नोस् । हामीहरू भनौं । सबैले भनौं । सबैभन्दा पहिले । आफूलाई खोजौं । आफूलाई छामौं । आफूलाई भेट्टाऔं । आफूलाई पाऔं । अगाडिको बाटो । गरिने यात्रा । सुनिश्चित भविष्य । हिंड्छ सरासर । पछिको बाटो । सहज बन्छ । सप्ठेरो हुन्छ । अनि पछि.... । अरू पछि ....। अझै पछि .....।

अठसट्ठी

युगौं युगदेखि मनमा, विचारमा र अठोटमा टाँस्सिइरहेको अभाव, भोक, रोग, अशिक्षा, गरिबी, आलस्य तथा नैरास्यताजस्ता अनावश्यक वस्तुहरूको विपक्षमा लामो प्रतीक्षापछि उपस्थित नयाँ वर्ष पक्कै पनि एउटा उद्देश्य, उमङ्ग, जोस, जाँगर, उत्साह, हौसला र आँट बोकेर आएको होला भन्ने परिकल्पनामा चुर्लुम्म डुबेर खुशीले उसैलाई सुमसुम्याइरहेको नेपाली मन त्यो आगमनको दोस्रो साता पनि पुरा हुन नपाउँदै सगरमाथाका शिखरबाट उभिनै नसक्ने गहिरो खोचमा गर्ल्यामगुर्लुम ढल्यो । आस्थामा खिया उम्रियो । विचार चोइटियो । उमङ्ग उखेलियो । अठोट भाँचियो । विश्वास चुँडियो । स्मृति चिन्तनको धरातल उड्न थाल्यो,। जिन्दगीको लामो समय असहजतामा बितेकाहरूले भविष्यलाई सप्ठेरो हुने ठान्नु तथा कामना गर्नुलाई अन्यथाको तराजुमा जोख्न सकिँदैन । तर, अधिकांश नेपालीले कल्पना गरे पनि नयाँ वर्षले ल्याएको खुसी लामो समय टिकिरहन सकेन । बरु, मधुमासमै सबैको मन दुःखायो । तन दुःखायो । विचार दुःखायो । विश्वास दुःखायो । आस्था दुःखायो र अझै दुःखाइरहेछ । किन ? प्रश्न आँखा अगाडि छ । तर उत्तर .... । अँह, अझसम्म फेला परिसकेको छैन । निरन्तर भइरहेछ खोजाइ, आखिर किन यत्रो विपत्तिमा भुङ्ग्रिनुपऱ्यो हामी नेपालीहरूले ?

संसारभर नेपाली जाति कसैको पनि स्थायी शत्रु छैनन् आजसम्म । हामी नेपालीले आफ्नो लागि थोरै अथवा एकदम कम गरेर अरूका लागि धेरै गरेका छौं । लडेका छौं । भिडेका छौं । हिँडेका छौं । पुगेका छौं । प्रयोगशाला बनेका छौं । प्रयोग्य वस्तु भएका छौं । प्रयोगस्थल तुल्याइएका छौं । हो, इतिहासको लामो कालखण्डदेखि हामी हाम्रा लागि भन्दा बढी अरूका लागि भइरहेका छौं । त्यसो त आफ्नो लागि गर्दै नगरेको भने किमार्थ हैन । गरेका छौं तर थोरै । अरूका लागि धेरैभन्दा धेरै सामर्थ्य,

हैसियत, बल, बुद्धि, विवेक, चिन्तन, पराक्रम र परिश्रम खर्चेका छौं, अर्थात् लगाएका छौं । बाटो देखाएका छौं । गन्तव्य चिनाएका छौं । तातेताते गराएका छौं । नुनको सोझो गरेर लुरुलुरु हिंडेका छौं । आँट अगाडि बढाएका छौं । हिम्मत साथ लिएका छौं । कहिलेसम्म ? हजुर ! यस प्रश्नको उत्तर छेउ पुग्ने मेरो सामर्थ्य छँदै छैन । यति चाहिँ निर्धक्कका साथ भन्न सकिन्छ । अस्तिदेखि हिजोसम्म थिएन । वर्तमान सबैको अगाडि ठिङ्ग उभिइरहेछ । यसको जिम्मेवारी तपाईं हामी सबैमा छ । हो, भविष्यप्रति हामी आशावादी हुनैपर्छ कसैको पनि विमति हुन सक्दैन र मेरो पनि ।

सुगौलीसन्धि पछिका दिनहरू हाम्रा लागि सुखद रहेनन् । पुर्खाले प्राप्त गरेको महान् विजय स्थायी बनेन । खुसी भत्कियो, बिग्रियो र विदा भयो । त्यसपछि हामीभित्र बिग्रने, भत्कने र धाँजा फाट्ने क्रम सुरु भएको हो । त्यो वर्तमानमा पनि यथावत छ । आँखै अगाडि आफ्नालाई हराउनु परेको विडम्बना उभिइरहेछ ठिङ्ग । परिभाषा कसरी लाग्छ कुन्नि तर छातीमा अदृश्य पीडा बनेर हिंडिरहेछ वर्षौं वर्षदेखि । त्यसपछि हाम्रो पहिचान के भएको छ कुन्नि, किटान गरेर जानकारी गराउने जिम्मा तपाईंको काँधमा छाड्न चाहन्छु तथापि सास फेरि रहेछौं भनेर चाहिँ भन्न सक्छु । सपना बेच्नेहरू मुस्कुराइर हेछन् । लामै कालखण्डदेखि त्यो मज्जैले बिकिरहेछ । हामी किनिरहेछौं । क्रेताहरू रहेसम्म बिक्रेताहरूलाई मालवस्तु बिक्रीमा कठिनाइ हुँदैन । त्यसैले त निर्बाध बेचिर हेछन् गुणस्तरहीन र बेकामे नै भए पनि । दोबाटो चौबाटोमा उभिएर स्थापना गरिरहेछन् उद्योग । कार्यकारीको भूमिकामा मख्ख छन् ती । संरक्षक अरू कोही छ । एउटा ब्रान्ड अलि पुरानो हुन नपाउँदै तदारुकताका साथ नयाँ स्थापना हुन्छ । त्यसैले रोज्दा रोज्दै र चाख्दा चाख्दै हाम्रो समय उडिरहेछ । अनि सधैं रिक्रुटको रिक्रुटै भइरहेछौं । हजुरबा, बा र छोरा मात्र हैन कतै नातिको हालत पनि त्यस्तै हुने त हैन? मन आशङ्कित छ । समयले आफू र आफ्नोलाई विश्वास गर्न नसके पनि अरूलाई छाती नङ्ग्याएर विश्वास पोखेको इतिहास छ । पछिपछि लुरुलुरु हिंडिरहेछन् पाइलाहरू ।

जबर्जस्त यथार्थ हो २०७२ वैशाख १२ को महाभूकम्पले पूरै देशलाई क्षतविपक्षत पाऱ्यो । करोडौं करोड मनहरू भाँच्यो । विचारहरू चोइटियो । आस्थाहरूमा आगो सल्कायो । विश्वासहरू धुजाधुजा पाऱ्यो । चिन्तनहरू खलबल्यायो । अठोटलाई हिंड्न दिएन । रोकेर अलमल्यायो । तृष्णामा डढेलो लगायो । वर्षौं वर्षदेखि जोडिएका मनहरू फटायो । आशाहरू टुटायो । खोलोको मुहान बनायो आँखा । भाव ओइलाए । विचार शून्यताले प्रश्रय पायो । अनगन्ती मुना र नवपालुवा हुर्कन तथा बढ्न होइन ओइलिन प्रेरित बने । चिन्तनको सङ्घारमा आवाज कोक्कियो । जीवन अतिवृष्टि र अनावृष्टिले तहसनहस भयो । एउटा अठोट बोकेर गन्तव्यतिर पाइला चालिरहेको चिन्तनमा पूर्णविराम लाग्यो । कल्पना दुःखायो । भावना भत्कायो । दृष्टिकोण उडायो । विचार र आस्थाले गोरेटो भेट्न सकेन । धेरैतिर राज गर्न लालायित बन्यो ऐंजेरु ।

लाखौं कोपिला उखेलिए । बिउ ब्याडमै डढे । असङ्ख्य जिन्दगीहरू मुर्झाए । एउटा उद्देश्य बोकेर मनमा उकालो चढ्ने प्रयासमा रहेकाहरू हराए ढाँडहरूमा । वर्षौंदेखि जोगिएका आस्थाहरू चरचरी चिरिए । फुल्न र खिल्न सकिरहेका छैनन् कुनै पनि क्षणहरूमा । आशामा पोयो लाउने उत्साह सङ्गालेकाहरू हराए । जीवन खोज्नेहरू

अस्ताए भेट्नै, देख्नै र स्वादै नपाईं । बिउको माया गर्नेहरू परास्त बने । जिन्दगी खोज्न लालयितहरू अदृश्य भए । खै, किन हो, उत्तर छैन रेडिमेड तथापि भुल्न सकिने स्थिति छैन ।

विडम्बनापूर्ण नियतिको कारण वर्तमान भित्रबाट भविष्य खोज्नेहरू, आस्थाको फूल फुलाउन साहस गर्नेहरू, जीवन हेर्न, पढ्न र बुझ्न चाहनेहरू धुमिल बने माटोमा । के को प्रतिशोध साँधेको हो प्रकृतिले ती अन्जानहरूसँग स्तब्ध छु । आँखा रसाइर हेछन् । मन दुःखी रहेछ । छातिको घड्कन अनायास बढेको छ । अगाडि सोच्नै सकिरहेको छैन । पछाडिले फर्काइ रहेछ बारम्बार । किन यति कठोर बनिन् धरती ? भर्खर आमाको स्नेहील काखमा बसेर उनैलाई नियालिरहेकाहरू समेतलाई छाडिनन् उनले । यति कठोर बन्न सक्लिन् कल्पना समेत थिएन तर यतिखेर आँखा धर्तीको कठोरता हेर्न विवश छन् । नचाहेरै पनि देख्न परिरहेछ सुन्दर प्रकृतिको कुरूप नाच । कसका लागि र किन ? सिङ्गो सिर्जना र मानव तथा जीवजन्तुविरुद्ध उनी खनिएको आभास भयो अरिङ्गालको गोलो जस्तै । छियाछिया छ धरा । मनजस्तै, विचार जस्तै, विश्वास जस्तै र अठोट जस्तै । अहँ, अगाडि सोच्न सक्ने अवस्था छैन । विगत कोक्याउँदै बाँच्नुपर्ने परिस्थिति उत्पन्न भएको छ । जीवन सग्लो जीवनभैं हुन नसकिरहेको वर्तमानमा प्राकृतिक प्रकोपले यसलाई अझै दुरुह, निरीह, निष्ठुर, अविवेकी र लाचार तुल्याएको आभास गर्न सकिन्छ ।

क्रुर आततायीले सहर ढालेको छ । नगर ढालेको छ । बजार ढालेको छ । गाउँ ढालेको छ । टोल ढालेको छ । बस्ती ढालेको छ । बाटो ढालेको छ । पाटो ढालेको छ । घर ढालेको छ । गोठ ढालेको छ । भकारी ढालेको छ । कुनियो ढालेको छ । थाङ्ग्रो ढालेको छ । धार्मिक आस्था ढालेको छ । ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक र सामाजिक महत्त्वका अनगन्ती स्थान ढालेको छ । वीर पुर्खाको निशानी ढालेको छ । चिनारी ढालेको छ । परिश्रम, मेहनत र अथक योगदान ढालेको छ । सोच, विचार र चिन्तन ढालेको छ । विश्वास ढालेको छ । परिचय ढालेको छ । उनीहरूले हामीलाई र भावी सन्ततिलाई जिम्मा लगाउने गरी जोगाइराख्न दिएको धेरै धेरै थोक ढालेको छ । विगत सम्झेर वर्तमानमा बाँच्न भन्दा बढी केही पनि गर्न नसकिएको, नजानिएको र नबुझिएको छ परिस्थिति ।

दयाहीन आततायी जसरी आयो त्यसैगरी गयो पनि । उसलाई विगतदेखि वर्तमानसम्मै न कसैले रोक्न, छेक्न, थुन्न वा निषेध गर्न सकेको थियो न त प्रायश्चित गराउन नै । त्यो कसैलाई नसोधी आयो र नसोधेरै गयो पनि । बसेन पाहुना बनेर वा घरजम गरेर नै । केवल आफ्नै सुरतालमा अकस्मात् आयो र बाटो लाग्यो । तर बिना कसैको निमन्त्रण वा आह्वानमा आएको त्यसले मच्चाएको वितण्डा र ताण्डव नृत्यले भने लाखौलाख मानव आत्माहरूलाई रुवायो । एकपटक हैन जीवनभर रोइरहने बनायो । एकातिर हज्जारौं बालबालिकालाई मातापिताको मायाममताबाट बञ्चित गरायो भने अर्कोतिर कैयौं मातापितालाई सन्तान सुखबाट टाढा पुऱ्यायो । त्यस्तै कैयौंलाई विधवा, विधुर र अपाङ्ग बनायो । थुप्रै वृद्धवृद्धालाई आश्रयविहीन तुल्यायो । अझै घाइतेहरूको सङ्ख्या त निक्कै ठुलो छ ।

एउटा कुरामा यसले धेरैको आँखा खोल्यो । जो सुकैलाई पनि शक्तिको आडमा वशमा पार्न सकिन्छ भन्नेहरूलाई प्रकृति जागेको दिन धनसम्पत्ति र भौतिक

विलासिता केही होइन रहेछ भन्ने गतिलो शिक्षा दियो । राजादेखि रङ्कसम्म सबैको छातीमा त्यसको स्थितिबोध गरायो । भौतिक सम्पत्तिलाई मात्र सर्वस्व ठान्नेहरूले गतिलो शिक्षा पाए । त्यो मानिसको निम्ति अनावश्यक कुरा होइन तर आवश्यक हो भन्दैमा त्यसैमा हराएर अन्यत्र कतै केही नदेख्नेहरूको मस्तिष्कमा गतिलो ठेस लगायो । अकूत सम्पत्तिको आडमा तललाई धुल समेत भन्न नहिचकिचाउनेहरूको समेत सडकमै बास गरायो । आफ्नो सोच, चिन्तन र विचारलाई मस्तिष्कमा मथन प्रेरित गऱ्यो । भौतिक वस्तु मानिसका निम्ति आवश्यक भए पनि त्यसैमा मात्र पहिचान खोज्ने तथा त्यसैले मात्र स्वअस्तित्व देखाउँछ भन्नेहरूको निम्ति आततायी पनि गतिलै उदाहरण हो । जे जसरी भए पनि सम्पत्ति जोड्नै पर्छ र त्यो घर बंगला तथा गाडीद्वारा प्रस्तुत हुनुपर्छ भन्नेहरूको निम्ति झापड हो । यस खालका विकृत चिन्तन बोक्नेहरूका कारण आज देश नराम्ररी पिल्सिएको छ । माटोलाई उठ्न वा तङ्ग्रिन दिन तयार छैनन् द्रव्य पिचाशहरू । तिनीहरूको कुविचारका कारण पाटी, पौवा, मठमन्दिर, खोलानाला र सार्वजनिक स्थलहरू थिचिएका छन् । मिचिएका छन् । च्यापिएका छन् । कतै खाली ठाउँको सुराक लाग्ने बित्तिकै उनीहरूका आँखा त्यसलाई कसरी हत्याउने भन्नेतिर लाग्ने गर्छ । हामीबाट म र मेरोमा झरेपछि मानिसभित्र मानवत्व भन्ने केही रहँदैन भन्ने कुराको उदाहरण हो माथिको प्रसङ्ग ।

जानेर होस् वा नजानेर हामी अज्ञानता काँधमा बोकिरहेछौं । असचेतता डोऱ्याएर हिंडिरहेछौं । आफूलाई छाम्न वा बुझ्न नजाने पनि अरूलाई आवश्यकताभन्दा बढी हेरिरहेछौं, बुझ्रिहेछौं र जानिरहेछौं । तर त्यति आफैंले गरे हुनेमा ध्यान जान सकिरहेको छैन । हामीसँग के छ, कस्तो छ, कसरी छ र किन भन्नु भन्दा पनि अरूसँग के छ, कस्तो छ, कसरी छ र किन छ ? भन्नेतिर ध्यान गइरहेछ । पक्कै हो, अरूबारे जान्नु राम्रै हो तर आफूलाई नचिन्ने, नजान्ने र नबुझ्नेले अरूलाई चिन्न, जान्न र बुझ्न सक्दैन भन्ने कुरा दिनको घामझैं छर्लङ्गै छ । अरूको देखासिकी र नक्कलमै बित्ने गर्छ हाम्रो समय । जे गरे पनि हामी हामीभन्दा बढी हुन सक्दैनौं र अरू अरूभन्दा कम हुने सम्भवना छैन । यसकारण आफ्नो जम्मै नराम्रो तर अरूको सबै राम्रो भन्ने चिन्तन रहेसम्म अगाडिको बाटो हिंड्नै सकिन्न । आफ्नो संस्कार, संस्कृति, धर्म, चिन्तन, परम्परा, रीतिस्थिति जम्मै नराम्रो तर अरूको बुझ्दै नबुझी राम्रो भन्ने चिन्तन हाम्रो मुख्य शत्रु हो ।

हामीमा जसरी भए पनि अर्थोपार्जन गर्नुपर्छ भन्ने सोचले घर गरेको छ । नैतिकता, परिश्रम, मेहनत र इमानदारीलाई क्रमशः तिलाञ्जली दिइरहेछौं । आफू र आफ्नो बाहेक अरूलाई नचिन्ने, नजान्ने, नबुझ्ने, नदेख्ने अनि नाफा बाहेक केही थाहा नपाउने सपना-जपना जता पनि पैसा, धनसम्पत्ति र भौतिक वस्तुहरू मात्र देख्नेहरूको निम्ति वर्तमान ऐजेरु बनेर उपस्थित छ । आजका कतिपय हामी धनदौलतका निम्ति, नाजायज, अनैतिक तथा असामाजिक र घृणास्पद कार्य गर्न पनि तम्तयार छौं । सामाजिक सम्पत्ति माथि गिद्दे नजर लगाउन कि त प्रयासरत छौं । कि त त्यस्तो दृष्टि लगाउनेहरूको क्रियाकलापलाई मौन समर्थन गरिरहेछौं । त्यस्ता पाखण्डी र पापाचारीहरूको लहडमा सम्भव भए जति खोलानाला मिचिएका छन् । मठमन्दिरको साँध सीमाना सारिएका छन् । सार्वजनिक जमिनमा कुदृष्टि छ । पूर्वजहरूले गरेका सुकर्मतिर आजका हाम्रा कुकर्मी

आँखाहरू लागिरहेछन् । सामूहिकताबाट व्यक्तिमा ओर्ले पछि मानिसभित्र मानवत्व भन्ने चिज केही नरहने रहेछ भन्ने कुराको प्रमाण आजका तथाकथित शिक्षित, शिष्ट, सभ्य, ज्ञानी र जाने बुझेका तपाईं हामी भइरहेका छौं ।

हामीमा अरूले अह्राएको जस्तोसुकै काम गर्नसक्ने तागत छ तर आफैं काम निर्माण गरेर अगाडि बढ्ने धैर्य छैन । हामी आफू चुनौती स्वीकार गर्नुभन्दा अर्काको पछि लाग्नुमा श्रेयस्कर सम्झन्छौं । संसारले हाम्रो साहस, बहादुरी र परिश्रमको प्रशंसा गर्छ तर त्यो आफूले जानेर गरेको भन्दा पनि अह्राएर गरेको बढी छ । हामीसँग हुँदै नभएको किमार्थ हैन तर कम छ त्यसैले आज हाम्रो ध्यान त्यता जानु नितान्त आवश्यक छ । अझै एक पाइलो अगाडि बढ्ने हो भने ढिलो हुन आँटिसकेको छ । आफूलाई चिनेको खण्डमा त्यस्तो काम धेरैभन्दा धेरै गर्न सकिन्छ । केहीको सङ्ख्याले गरेका पनि छन् । आफ्नो सामर्थ्य र हैसियत छामेर अगाडि बढेकाहरूले आफ्नो मात्र हैन देशको समेत नाम राखेका छन् । चुपचाप बसेका छैनन् ती । तिनीहरूको पाइला बढिरहेको छ । हिंड्नेहरू गन्तव्यमा पुगेको तर बस्नेहरू जहाँको त्यहीँ कुँजिएको यथार्थ सबैको सामु छ । त्यस्तो स्थिति हाम्रो मात्र नभएर संसारकै हो । संसार यो कुरामा सहमत पनि छ । यसर्थ नहिंड्नेहरूले हिंड्ने प्रयास गर्नु नै समस्याको सही समाधान हो ।

अज्ञानताको कारण हामीले हाम्रा पुराना भौतिक संरचनाको आयुबारे जान्न सकेनौं । सम्भवतः जान्ने प्रयत्न पनि गरेनौं । तिनीहरूका सम्बन्धमा वर्तमानमा सपना देखाउनेहरूले कुनै काम समेत गरेनन्, न त हामीले आफैं जान्न सक्यौं । यसर्थ आततायी महाभूकम्पको कारण हाम्रा पुराना भौतिक संरचना ध्वस्त हुँदा राजधानी काठमाडौंदेखि दूरदराजका गाउँघरसम्मका धेरैले जीवनबाट हात धोए । जथाभावी, मनमौजी पारामा बनाइएका नयाँ भौतिक संरचनाको कारण पनि थुप्रैले बेसमयमै जीवनबाटै हात झिक्नुपर्‍यो । आजका तथाकथित जान्ने, सुन्ने र बुझ्ने हामीभन्दा हजारौं वर्ष अघिका हाम्रा पुर्खाहरू विकास निर्माणमा धेरै सचेत रहेछन् भन्ने कुरा आज पुष्टि भएको छ । आधुनिक भनाउँदा हामीले खोलानालाका बगर मिच्यौं । सार्वजनिक सम्पत्तिका साँधसिमाना सार्‍यौं । पाटी पौवा र चौतारी भत्कायौं । बाटोघाटो र खुल्लास्थलको बारेमा सोच्दै सोचेनौं । मनोरञ्जनस्थल, सार्वजनिक रूपमा टोलबासी बिचको जमघट र सभा समारोह स्थलबारे बुझेनौं । त्यसको क्षति वर्तमानमा हामीले नराम्रोसँग बेहोर्नुपर्‍यो । विशेषगरी सहरीक्षेत्रमा घरजग्गा माफियाको बिगबिगी, कर्मचारीतन्त्रको पैसाप्रतिको नतमस्तकता र सरकारको लाचारीपनको कारण यस्ता घटना बढी भएकाले त्यस्ता संरचना तयार पार्ने भू-माफिया, ठेकेदार र आँखा चिम्लने स्थानीय प्रशासनलाई न्यायालयसामु उभ्याएर सजायको भागिदार बनाउन सकेको खण्डमा भविष्यमा त्यस्ताहरू निरुत्साहित हुने थिए र जनधनको विनासबाट देश जोगिन्थ्यो भन्ने कुरामा कुनै शङ्का छैन ।

पक्कै हो, त्यस्तो कामको निम्ति सर्वप्रथम इच्छा शक्ति चाहिन्छ । सुन्दर भावना चाहिन्छ । सुस्पष्ट विचार चाहिन्छ । अगाडिको सपना चाहिन्छ । देशको माटोप्रति कर्तव्यबोधको चिन्तन चाहिन्छ । मूल्य, मान्यता र आस्थाको धरोहर चाहिन्छ । पुर्खाको तस्बिर वर्तमानको आँखामा चाहिन्छ । मैले के गर्न सक्छु भन्ने सङ्कल्प चाहिन्छ । लिने होइन

दिने छाती चाहिन्छ । नकारात्मकतालाई सकारात्मकताले थिचेको र अठोटका साथ अगाडि बढेको पाटो र बाटो दुवै चाहिन्छ । आफूले केही नपाएको वा कसैले केही नदिएको भन्नुभन्दा मैले अरूलाई केके गरें र के त्यो नै पर्याप्त हो त भनेर सोच्ने स्पष्ट विचार चाहिन्छ । नराम्रोलाई तिरस्कार र राम्रोलाई पुरस्कार उपलब्ध हुनुपर्छ भन्ने दृष्टान्त चाहिन्छ । असल काम गर्नेहरू सधैं अगाडि हुन्छन् भन्ने विचारधारा प्रस्फुटन गराउनुपर्छ । माथिका भाव जागृत गराउन सकिएको खण्डमा रोकिएका बाटा र छेकिएका चिन्तनका धरातल अनि खजमजिएका विश्वास आफैं खुल्छन् । निराशा बोकिरहेका पाइटा तथा कोपिला आफै फुल्छन् । जिन्दगीबाट टाढिएका मन आफसेआफ रन वन डुल्न थाल्छन् । बिग्रिएका विचार र लुटिएका दृष्टिकोण सुन्दरताको निम्ति आफैं मरिमेट्न थाल्छन् । सङ्लो विचार अनि सुस्पष्ट दृष्टिकोण भएपछि जुनसुकै बाटोले पनि गन्तव्यमा पुऱ्याएरै छाड्छ ।

हामी गजबका छौं । अजबका छौं । अचम्मका छौं । अनौठा छौं । अप्ठेरा छौं । असजिला छौं । धेरै सुनेका, धेरै बुझेका, धेरै देखेका, धेरै चिनेका, धेरै जानेका, धेरै गरेका, धेरै भएका, बेतुकी छौं । यसरी त हामी विज्ञ हुनुपर्ने । दक्ष बन्नुपर्ने । श्रेष्ठ ठहरिनुपर्ने तर अहँ परेका बेलामा केही बुझ्दैनौं । केही जान्दैनौं । केही सुन्दैनौं । केही अनुभूति गर्दैनौं । केही सोचविचार राख्दैनौं र गम्दैनौ । त्यसैले त केही पनि गर्न सक्दैनौं । यही हो ताजुपको कुरा, नसक्नेले, नजान्नेले, नगर्नेले किन बोल्नु ? यो प्रश्न मनमा वर्षौं वर्षदेखि डेरा जमाएर बसिरहेको छ । फाल्ने अनेकौं प्रयत्नहरू खेर गएका छन् । त्यो त लिसो जस्तै टाँस्सीइरहेको छ । उत्तरको पर्खाइमा अर्थात् खोजीमा । समाजका कैयौं गुरुहरूको प्रत्युत्तरलाई त्यसले आत्मसात गर्न सकिरहेको छैन । यसर्थ जहिल्यै असन्तोष प्रकट गरिरहेको छ । त्यसको पछिपछि छु तर किन र कसरी आफैंसँग छैन उत्तर, त्यसैले चुपचाप छु आफू र आफ्नो परिवेश खोज्दै र छाम्दै ।

चन्द्रागिरी हेरिरहेछ त्यो परि दृश्य । प्राकृतिक प्रकोपको महामारमा छौं हामी । अर्थात् भूकम्पको उच्च जोखिम छ सधैं देशमा । त्यसको मात्रा काठमाडौं सहरमा अझ बढी छ । कसैलाई दोष दिएर हलुङ्गो बन्ने प्रयत्न गर्नुभन्दा बच्ने उपाय गर्नु श्रेयस्कर हो । अरूको मात्र भर पर्ने र आस गर्ने प्रवृत्तिले कसैलाई कहिल्यै अगाडि बढाउँदैन बरु सधैं पछाडि धकेल्छ मात्र । कठै, बिचरा र बरामा बाँच्ने संस्कृतिको पक्षपोषण भइरहेछ हाम्रोमा । त्यस्ता शब्द कसले, किन, कसरी, कहिले र केका लागि प्रकट गर्छ भन्नेतिर ध्यान पुऱ्याउन जरुरी छ ।

वर्तमानमा भूकम्पले तहसनहस बनाएको देशलाई भविष्यमा बाढी पहिरोले कति पिरोल्ने हो त्यो अर्को चिन्ताको विषय हो । तर यतातिर दृष्टि अर्थपूर्ण रूपमा जान सकिरहेको छैन । विकासको नाममा बिनायोजना, बिनासचेतना जथाभावी पहाड खनिएको छ । ढिस्काहरू खोस्रिएको छ । अग्ला होचा मिलाइएका छन् । रुखहरू काटिएका छन् । डाँडाकाडाँको अवस्था कस्तो छ, भौगोलिक स्थिति के छ, निर्माण कसरी भएको हो भन्नेतिर ध्यानै नदिई बाटो घाटोको नाममा डोजर र स्क्याभेटर मनलाग्दो गरी प्रयोग भएका छन् । त्यसको असरले पहाड भत्किनेक्रम जारी छ । तर हाम्रो मनमस्तिष्कले गहिरिएर सोच्न सकेको छैन । विकासको नाममा विनास निम्तिइरहेको त

छैन प्रश्न टड्कारो छ । संसारको विकास सबैतिर एकैनास र एकैगतिले हुन सक्दैन भन्नेतिर सोच्नै सकिरहेका छैनौं । व्यक्ति व्यक्तिमा समेत विविधता हुन्छ तर हामी अन्यत्रको अनुभव हाम्रोमा हुबहु प्रयोग गर्नेतिर मात्र लालायित भइरहेछौ, सोचिर हेछौं र गरिरहेछौं । त्यसले सुखद् भविष्य ल्याउला भन्ने कल्पना गर्न सकिन्न ।

देशमा अनेक विविधता छन् । हिमाल, पहाड र तराई मात्र हैन तिनीहरू भित्र पनि विविधता छन् । त्यो ख्याल गर्नु नै हाम्रो निम्ति श्रेयस्कर हुनेछ । चिन्नु जान्नु, बुझ्नु, अनुभूत गर्नु र गमखानु दुई कदम अगाडि बढ्नु हो । अर्काको भरमा किमार्थ गतिशील बन्न सकिन्न । त्यसले गतिहीन र बेकम्मा अनि पराश्रित र परावलम्बी मात्र तुल्याउँछ । क्षणिक सुखले मानिसलाई अगाडिको बाटो देखाउँदै देखाउँदैन बरु पछाडि धकेल्छ र काम नलाग्ने तुल्याउँछ । आफैलाई भुलेर बाँच्ने हो भने त बेग्लै कुरा, हैसियत पनि राख्ने हो भने केही गर्नै पर्छ र त्यो गर्ने बेला आजै र अहिल्यै हो ।

भूकम्प प्राकृतिक प्रकोप हो । यसलाई रोक्न र छेक्न कसैले सक्दैन । आखिर भूकम्प आफैंले धनजनको क्षति पनि गर्दैन । क्षति त मानवीय क्रियाकलापले हुने हो । उसले बनाएको भौतिक संरचनाको कारणले हुने हो । तसर्थ मानवीय क्रियाकलाप मनपरी ढङ्गको हैन नियम सङ्गत छ भने त्यसले गर्ने क्षति पनि कम हुन्छ । यसकारण मानवले मनपरी ढङ्गले सोच्ने र गर्ने क्रियाकलापमा अंकुश लगाउन सकिएको खण्डमा भूकम्प मात्र हैन यस्ता अनेकौं प्राकृतिक प्रकोपबाट केही मात्रामा जोगिन सकिन्छ र मानवीय क्षति समेत थोरै हुन्छ । यसका निम्ति उसले आफूलाई चिन्नु, जान्नु, बुझ्नु र सोच्नुपर्छ । अनि मबाट हामी र मेरोबाट हाम्रो सोचको विकासमा ध्यान दिनुपर्छ ।

नवप्रज्ञापनले यसपटक छन्दोबद्ध कविता प्रकाशित गर्ने सोच बनाएको थियो । सोचमा यो सफल भएको छ । कत्रो र कतिजना ?, कोको किन छुटे र कोको, किन परे त्यसमा बहस हुनुपर्छ । नवप्रज्ञापन त्यस्तो विचार पनि राख्छ । कुनै पनि कुराको शीघ्र अन्त्य गरिनु हुँदैन भन्ने यसको मान्यता हो । यो क्षेत्रमा गर्नेहरू धेरै हुनुहुन्छ । उहाँहरूको अगाडि हामी त अणु पनि होइनौं । जे होस् गर्नेहरूलाई यो कामले सघाउला भन्ने यसको सोच हो । यसले त यति गऱ्यो भने अरूहरूले धेरै भन्दा धेरै गर्नु हुनेछ भन्नेमा विश्वस्त हुनैपर्छ । पुछारतिर आइपुग्दा यो देशको माटोमा जन्मिएको साटो सबैले यसको पक्षमा केही न केही सकारात्मक काम गर्नुपर्छ भन्ने मतलाई आत्मसात् गर्दै आफूले सक्ने भाषा साहित्यको क्षेत्रमा विगत २३ वर्षदेखि क्रियाशील यसले निःस्वार्थ भावले आ-आफ्ना अमूल्य रचना उपलब्ध गराउनु हुने परिचित अपरिचित स्रष्टा र सहयोगी सबैप्रति सर्वप्रथम आभार व्यक्त गर्दछ । यसैगरी प्रस्तुत अङ्कमा विशेष परिश्रम गर्नुभएका सम्पादक डा. सुधन पौडेललाई धन्यवाद दिदैं आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरिरहनुभएका परिवारका अन्य साथीहरूलाई यथोचित तवरले सम्झनु परिवार मूलीको नाताले म आफ्नो कर्तव्य सम्झन्छ ।

अन्त्यमा विनाशकारी महाभूकम्पमा परी ज्यान गुमाउने सबैमा श्रद्धाञ्जली, शोक सन्तप्त परिवारमा हार्दिक समवेदना र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामनासहित देश र देशवासीमा आइपरेको यो दुःखद क्षणमा आ-आफ्नो ठाउँबाट हैसियत र गच्छेले भ्याएसम्म सहयोग गर्नु र सुख दुःखमा साथ

दिनु नै सच्चा नेपालीको चिनारी हो भन्ने नवप्रज्ञापन परिवारको ठम्याइ छ । हवस् त ६९ अङ्कमा भेट्ने बाचाका साथ अहिले बिदा चाहन्छु, नमस्कार...।

उनन्सत्तरी

नेपालको संविधान २०७२ गत असोज ३ गते आइतबार राष्ट्रपति डा. रामवरण यादवले जारी गर्नुभयो । संविधान घोषणाले नेपाली जनताको २००७ सालदेखिको जनताका प्रतिनिधिहरूले बनाएको संविधानद्वारा देशको शासनव्यवस्था सञ्चाल हुनुपर्छ भन्ने चाहना पूरा भएको छ । जनताको ६५ वर्ष अघिदेखिको सपना पूरा गरिदिने संविधान सभाका माननीय सभासद्ज्यूहरूलाई सर्वप्रथम नवप्रज्ञापन हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा पनि देश र देशवासीको हितमा सदैव एक जुट भइदिन विनम्र अनुरोध गर्दछ ।

१२५ को हाराहारीमा जातजाति र भाषाभाषी रहेको यो देशमा जारी संविधानले सबैतिर ताली नै ताली पाउला भन्ने कल्पना गर्न सकिन्न (पाए हुन्थ्यो, सबैका माग पूरा भए हुन्थ्यो भन्ने सद्भाव मसँग पनि छ) तर धेरैभन्दा धेरैबाट साथ, सहयोग, सद्भाव र समर्थन पाओस् र पाउँछ भन्दै अपेक्षा राख्ने ठाउँ भने प्रशस्त छ । बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुकका बासिन्दा हाम्रा आ-आफ्ना मूल्य-मान्यता छन् । आस्था-विश्वास छन् । विचार-दृष्टिकोण छन् । चिन्तन-सोचाइ छन् । कामना-कल्पना छन् । आशा-भरोसा छन् । अपेक्षा-अठोट छन् । त्यसैले यथार्थमा सबै र सबैतिरबाट शतप्रतिशत तालीको पर्रा आउँछ र आउनुपर्छ भन्ने अभिमत राख्नै सकिन्न । जारी संविधानले सबै नेपाली जो मेचीदेखि महाकाली र हिमालदेखि तराईसम्म बसोबास गर्छन् र गरिरहेका छन् लाई अप्ठेरो, असजिलो वा असहजमा भने पार्नु हुन्न यो निर्विवाद सत्य हो । यदि कतै र कसैलाई त्यस्तो महसुस भएको छ भने राज्यले छिटोभन्दा छिटो सुन्नुपर्छ र चाँडोभन्दा चाँडो समस्याको समाधान खोजेर छिनो फानो गर्नुपर्छ । यसै तथ्यलाई मनन गर्दै हिंड्ने बाटो तय गर्ने हो भने निसन्देह सहजरूपमा अगाडि बढ्न मात्र हैन समय अगावै गन्तव्य फेला पार्न सकिन्छ ।

संविधान देशको मूलकानुन हो । यसको आधारमा अन्य कानुनहरू बन्छन् । देशमा बन्ने सबै कानुनहरूको यो मार्गदर्शक हो । संविधान जहिले पनि गतिशील हुन्छ । अपरिमार्जित हुँदैन । समय सापेक्ष थपघट गर्दै अगाडि बढ्ने प्रचलन छ । संसारले त्यसो गरेको परम्परा छ । हामीले लिने बाटो पनि त्यही हो । एकपटक बनेपछि बन्यो-बन्यो, त्यसमा फेरबदलको कुनै पनि गुञ्जायस छैन, कसैले भन्नै सक्दैन । कसैले भन्यो भने उसलाई सहज मान्छेको कोटीमा राख्न पनि सकिन्न । संसार परिवर्तनशील छ । हिजोका एक कोसीय जीवसँग हाम्रो साइनो जोडिन्छ भनेर आज पत्याउन गाह्रो भएझैं संविधान अपरिवर्तनशील वस्तु हो भनेर कसैले भन्यो भने त्यस्तै गाह्रो पर्छ । आफूलाई नचिन्ने, नजान्ने र नबुझ्नेले गर्ने तर्क हुन् ती । त्यसैले कसैले त्यस्ता कुरा पत्याउँदै हिँड्यो भने ऊ माथि पनि माथिकै प्रश्नहरू तेर्स्याउन सकिन्छ । संसारका हरेक बस्तु परिवर्तनशील भएझैं हाम्रो संविधान पनि परिवर्तनशील छ त्यसलाई त्यसै रूपमा बुझ्नु नै बुद्धिमानीपूर्ण कार्य हो ।

संविधान जादुको छडी होइन । त्यस्तो अपेक्षा राख्नु पनि हुँदैन । यसका हातखुट्टा पनि छैनन् । हातखुट्टा हुनेहरूले जति विवेक

सम्मत ढङ्गले यसको सञ्चालन गर्छन् त्यति सफल हुन्छ यो । यसर्थ संविधान चलाउने मान्छे बुद्धियुक्त, सुझबुझपूर्ण हुनुपर्छ हैन भने यो जतिसुकै राम्रो भए पनि कामयाबी हुन सक्दैन । संविधान कार्यान्वयन गर्ने ठाउँमा राम्रो मानिस पुऱ्याउन सकियो भने मात्र देशले गति लिन्छ र देशले सही गति लिएको खण्डमा मात्र देशवासी उन्नति पथमा पुग्छन् । यसर्थ हाम्रो ध्यान देश सञ्चालन गर्ने जिम्मा लिने मान्छे सही, विवेकी, न्यायपूर्ण विचारको पक्षपाती, इतिहास नबिर्सने र देशको माटोप्रति प्रतिबद्ध हुनुपर्छ । यस्तो मानिसको हातमा मुलुकको अभिभारा जाँदा देशले गति लिन्छ र देशवासीको सुखका दिन फिर्छन् । यदि त्यसो हुन सकेन भने न त देशले गति लिन्छ न त देशवासीहरू नै गतिशील हुनसक्छन् यतातिर सच्चा नेपालीहरूको ध्यान जानु नितान्न आवश्यक छ ।

संविधान,संविधान मात्र हो, अर्थात् बाटो, बाटो मात्र हुन्छ । यो साधन हो साध्य हैन । यदि कसैले यसलाई छु मन्तरको बुटी हो भन्ने अभिमत राख्छ भने उसलाई सत्यको निकटस्थ मान्न सकिन्न । असत्यको निकट हुनेले मेरा पाइला सत्यतिर अग्रसर छन् भन्ने अभिमत राख्दैमा कसरी पत्याउनु ? असत्य भनेको कुविचार हो । कुचिन्तन हो । कुदृष्टिकोण हो । कुमूल्य हो । कुमान्यता हो । कुसोच हो । कुतर्क हो । कुबाटो हो । यस्तामा हिंड्नेहरूको कुनै मूल्य, मान्यता, आस्था र विचार समेत हुँदैन । यसर्थ संविधान संविधान हो अर्थात् मार्गदर्शक मात्र हो, यो हाम्रो दैनिक आवश्यकताको साधन होइन र हुन सक्दैन । हाम्रो लागि हामी आफैंले सक्दो प्रयत्न गर्नुपर्छ भन्ने सोच छातीमा उमारेर अगाडि बढ्ने हो भने निश्चित रूपमा गन्तव्यमा पुग्न सकिन्छ अन्यथा कोरा कल्पनाभन्दा बढी हुन सक्दैन ।

चित्त नबुझेको कुरा भन्न पाउनुपर्छ । बोल्न पाउनुपर्छ । लेख्न पाउनुपर्छ । राज्यले सुनेर समस्याको छिनोफानो पनि गर्नुपर्छ । यो उसको दायित्व पनि हो । यदि राज्यले आफ्ना नागरिकको कुरा सुनेन भने त्यस्तो राज्यप्रति जनताले विद्रोह गर्न पनि पाउनुपर्छ तर त्यसको लागि बाटो सकारात्मक हुनुपर्छ । आफ्ना कुरा गर्दा वा आफ्ना माग राख्दा अरूलाई पनि हेर्नुपर्छ । अरूलाई पनि सुन्नुपर्छ र अरूलाई पनि बुझ्नुपर्छ । मेरो मात्र समस्याको सुनुवाइ र मेरो मात्र माग पुरा हुनुपर्छ भन्ने सोच राखियो भने त्योभन्दा अराजकता भन्दा बढी अरू केही हुनै सक्दैन । धरती सबैको हो । माटो सबैको हो । बाँच्न सबैले पर्छ । अधिकार मलाई मात्र हैन सबैलाई चाहिन्छ भन्ने चिन्तनको पछाडि लाग्दा नै सबैको हित हुन्छ । सबैको भलाइ हुन्छ । सबैको कल्याण हुन्छ । मेरो सोच सबैको भलाइका निम्ति, हितका निम्ति, प्रगतिका निम्ति, उत्थानका निम्ति र देश तथा सम्पूर्ण देशवासीका निम्ति विश्व मानवताको निम्ति र सम्पूर्ण प्राणी जगतका निम्ति भन्ने मान्यता मनमा राख्नु नै आजको आवश्यकता हो । यस्ता चिन्तन हराउँदै गएकाले समस्याहरू उत्पन्न भएका हुन् । यतातिर ध्यान जानु नितान्त आवश्यक छ ।

संविधानले कसलाई केके दियो । कसरी दियो । किन दियो अनि कसलाई के दिएन । किन दिएन । कहाँ भेदभाव गऱ्यो । कहाँ पूर्वाग्रह राख्यो । यसको छिनोफानो हुनुपर्छ । यसमा सन्देह छैन तर अनावश्यक तर्कवितर्कले भने कसैलाई पनि वा कसैको पनि उपलब्धि नहुने कुरा घामझैं छर्लङ्ग छ । यो कतै भरिपूर्ण र कतै रित्तो भएझैं

लाग्दैन । वर्तमान संविधानबाट मेचीकाले जे पाए महाकालीकाले पनि त्यहीं पाए । अनि हिमालमा जसरी आयो र जे पाए तराईमा पनि त्यसरी नै आयो र त्यही पाए । समस्या बुझाइमा हो । बुझाउन नसक्नुमा हो । कसैले पनि बुझाउने प्रयास गरेन । केवल आगोमा घिउ थपियो । राजनैतिक दल, पार्टी, सरकार, नागरिक समाजका अगुवा, अधिकारकर्मी, बुद्धिजीवी, समाजसेवी वा यस्तै यस्तै कतैबाट प्रस्टीकरणको आवश्यकता थियो तर अँहँ सबैले मौनता साँधे । चुपचाप र शान्त भएर आ-आफ्ना शालिनता प्रस्तुत गरे । नपुगेका कुरा थप्न सकिन्छ । नभएको कुरा राख्न सकिन्छ । असन्तुलनलाई सन्तुलित पार्न सकिन्छ भन्ने आवाज कतैबाट आएन । विचरा सामान्य जनताहरूमा अर्कै सन्देश प्रवाहित भयो । त्यसले आगोको काम गऱ्यो । साधनलाई साध्य बनाउन खोजियो । त्यसपछि समस्या समाधानतिर हैन अझै ठुलो समस्या बन्यो ।

लिखित संविधान नभएको देश बेलायत, संसारमा धेरै कुराको अग्रणी र जननीको रूपमा छ भने सानो संविधानको देश अमेरिकाले संसारकै नेतृत्व गरिरहेको छ । अरूले तयार पारेको संविधानले जापान उन्नति र प्रगतिको शिखरमा छ भने क्यानाडा र अस्ट्रेलियाको संविधानको कथाको पाटो अर्कै छ । बेलायत र भारतको संविधानको प्रारम्भिक इतिहास खोतल्दा फेला पर्ने तथ्य रोचक छन् । यसर्थ यदि कसैले संविधानलाई जीवनयापनसँग जोड्छ भने संसारमा त्यो भन्दा असंवैधानिक अरू कोही हुन सक्दैन ।

अगाडि बढ्ने सबैभन्दा उत्तम बाटो सकारात्मक सोच हो । त्यसले मात्र सम्पूर्ण जीवलाई अगाडि बढाउँछ । अगाडि मात्र हैन गन्तव्यमा समेत पुऱ्याउँछ । आस्था-विश्वास बोकाउँछ । विचारको पाटोलाई गोडमेल गर्छ र अठोटको पछि लगाउँछ । विश्वमा भएका आविष्कार र उन्नति सकारात्मक सोचकै परिणाम हो । सकारात्मक सोचको अगाडि नकारात्मकता जहिले पनि पछि पर्छ । इतिहासले त्यही कुरा पुष्टि गरिरहेको छ । नकारात्मकता भनेको अन्धकार हो । त्यस्ता बाटोमा लागेकाहरूका चिन्तन पनि त्यस्तै हुन्छन् । ती अन्त्यमा विध्वंश वा अराजकतामा टुङ्गिन्छन् । त्यसैलाई जीवन मान्नेका निम्ति त त्यो ठिक होला तर शान्ति, समृद्धि र उन्नतिका निम्ति भने ती कुरूपताभन्दा बढी केही हुनै सक्दैनन् जसको साक्षी आजको संसार छ । सारमा भन्दा कसैलाई काखा र कसैलाई पाखा नगर्नु, नभएका कुरा समावेश गर्दै जानु, सबैभन्दा ठुलो पक्ष हो र यसको रक्षा हुन सक्यो भने मात्र म वा हामी रहन्छौं भन्ने भाव जागृत गराउनु राज्यको पहिलो कर्तव्य हो । यसैमा नेपाल अनि नेपालीको सुखद भविष्य जोडिन्छ भन्ने मतमा नवप्रज्ञापन सदैव सहमत रहँदै आएको छ ।

सतरी

२०७२ को शुभारम्भसँगै नेपालले कठिन र अशोचनीय स्थिति सामना गर्नुपरिरहेको छ । एक दशकभन्दा लामो माओवादी सशस्त्र युद्धको पीडाबाट मुलुकले मुक्ति पाएको एक दशक पनि नबित्दै अकल्पनीय महाभूकम्पले यसलाई अधोगतितिर लाग्न बाध्य बनायो । १४ जिल्लाका आठ लाखभन्दा बढी घरहरू एकातिर प्रत्यक्ष रूपमा तहसनहस भए भने अर्कोतिर अप्रत्यक्ष रूपमा देश नै थङ्थिलो र उठ्नै नसक्ने स्थितिमा पुग्यो । झन्डै दस

हजार जनताले ज्यान गुमाउनु परेको त्यो भूकम्पले देशलाई धेरै पछाडि धकेल्यो । त्यो क्षतिको न क्षतिपूर्ति हुनसक्छ न त समयलाई रोक्न वा छेक्न नै सकिन्छ । जे भयो भयो, अब अगाडि बढौं, पछाडि नफर्कौं भन्ने सोचले अगाडि बढ्दा मात्र गन्तव्यमा पुग्न सकिन्छ ।

हो, जे नहुनुपर्ने थियो त्यो भयो । प्रकृतिको नियमलाई रोक्न वा छेक्न सक्ने ताकत कसैसँग थिएन तर न्युनीकरण गर्न भने सकिन्थ्यो । हामीले त्यति पनि गर्न सकेनौं त्यो अर्कै कुरा भयो । त्यसैको कारणले देशले ठुलो क्षति व्यहोर्नु पर्‍यो । आर्थिक दायित्व बहन गर्नुपर्‍यो । नजिकका छिमेकी वा आफन्तजनले लडेकालाई उठाउने वा अगाडि हिंड्न प्रेरित गर्नुपर्ने नैतिक दायित्व रहने गर्छ संसारमा तर हाम्रोमा त्यसो हुन सकेन । हामी आफैं सहज भएर हिंड्न सक्ने अवस्थामा छँदै छैनौं र घर जोडिएकाहरू पनि परिवारका अन्य सदस्यहरूलाई बखेडा झिक्न लगाएर हिंड्न वा अगाडि बढ्न नदिने पक्षमा छन् । छातीमा हात राखेर देशको माटोप्रति कसम खानेहरूले सहजै भन्न सक्ने कुरो हो यो । ताते गर्ने, हिंडाउने र बाटो देखाउनेहरू पनि स्वार्थको कसौडी काँधमा हालेर पल्याक-पुलुक गर्दै छन् । कसरी परिभाषा गर्नु त्यस्तो स्थितिको ? अर्कोतिर हाम्रा अगुवाहरूका सोच पनि छैनन् । सत्ताको छिनाझम्टीभन्दा एक इन्च पनि बाहिर जान नसकेको स्थिति छ । यो परिस्थिति अस्तिदेखि आजसम्म निरन्तर छ । एकाथरी सत्ताको राप देखाइरहेछन् हाम्राहरू त्यसैमा तातिन खोजिरहेछन् ।

नियतिले ठगिएका हामी संसारभर बहादुरको नामले चिनिन्छौं । तर त्यो बहादुरी हामी आफैलाई काम लागिरहेको छैन । त्यसको फाइदा हिजैदेखि पराइले लिइरहेछन् । बहादुरी बेचेर बाँच्ने नाममा आफैभित्र वा आफ्नाभित्र रुमल्लिइरहेछौं । किन भइरहेछ यस्तो थाहा छैन आजका मितिसम्म । कसैले खोजेको सम्झना पनि छैन । हाम्रो नामले पराइ बाँचिरहेछन्, नाचिरहेछन्, हाँसिरहेछन् र रमाइरहेछन् । हाम्रा साहस, उत्साह र उमङ्गबाट चिरपरिचित ती हामीलाई नै एकआपसमा लडाइरहेछन्, जुधाइरहेछन् र मज्जैले कुदाइरहेछन् । उफारी रहेछन् र हौस्याइरहेछन् आँखा चिम्लेर उफ्रन ।

किन चिन्दैनौं हामी आफूलाई ? यो प्रश्न छ मेरो छातीमा वर्षौंवर्षदेखि । तर उत्तर फेला परिरहेको छैन । यसको अर्थ खोजी भएकै छैनभन्दा पनि हुन्छ । यो मतको म शतप्रतिशत समर्थन गर्छु । वर्तमान मात्र बाँच्न चाहने आजका हामी विगत वा भविष्यप्रति सजग र सचेत छैनौं । किन, यो प्रश्नको उत्तर खोज्नुपर्ने बेला भइसकेको छ । अझ यसो भनौं ढिला हुनै आँटी सकेको छ ।

कहिले चिन्ने आफूलाई ? आफूले आफूलाई नचिनी अगाडि बढ्न सकिन्न अर्थात् त्यस्तो इतिहास छैन कतै । आजसम्म संसारका मानिसहरूले जे-जति गरे त्यो आफूलाई चिनेर, जानेर, बुझेर र सम्झेर मात्र गर्नसक्यो । अर्काको भरमा वा अरूको बुइ चढेर गन्तव्य पुग्न कोही पनि सक्दैन । यदि सक्छ भन्ने कसैको मनसाय छ भने त्यो उसको दीवास्वप्नभन्दा बढी केही होइन । त्यसको परिभाषा तपाईं कसरी लगाउनु हुन्छ त्यो तपाईंको कुरा तर त्यसले बाटो देखाउँदैन र अगाडि पुर्‍याउँदैन भन्ने कुराचाहिँ शतप्रतिशत सत्य हो ।

भूकम्पको मारले हाम्रा घर थलिएको समयमा छिमेकीले गरेको अघोषित नाकाबन्दीले हामीलाई पछाडि नै धकेल्यो । दुःखमा छिमेकीले हात तानेर सुमसुम्याउनु,

मलहमपट्टी लगाउनु, उठाउनु र अगाडि हिंड्न प्रोत्साहित गर्नुको साटो उसले देखाएको व्यवहार अझै दुःखदायीभन्दा बढी केही रहन सकेन । रामले विभीषण-सुग्रीवलाई साथ लिई रावण तथा बालीमाथि जे-जस्तो दमन नीति अपनाए सोही नीति हाम्रोमा लागु भयो । त्यसैले हामी पछारियौं चौबाटोमा । यति मात्र हैन अर्को गज्जबको कुरा सुन्न र भोग्न पर्‍यो । भारतीय लोकसभाका थुप्रै सभासद्हरू, बुद्धिजीवीहरू र नेपाललाई असल छिमेकीको रूपमा देख्न चाहने भारतीय नागरिकहरूसमेत नेपाललाई भारतले गरेको नाकाबन्दी तुरुन्त फिर्ता हुनुपर्छ भनिरहेको बखतमा समेत स्वनामधारी नेपालीहरू भने त्यो नाकाबन्दी होइन भन्दै अनेक वक्तव्यबाजीमा तल्लीन भएको देख्दा, सुन्दा र जान्दा असङ्ख्य स्वाभिमानी नेपालीहरूको छाती दर्फर्‍यायो र आँखा रसायो ।

छिमेकीले विभिन्न आरोप-प्रत्यारोप गर्दै घरभित्रका केही सदस्यहरूलाई उचालेर स्वार्थ साँध्न खोज्नुलाई अन्यथाको आँखाले हेर्न सकिन्न तर त्यहीँभित्रकाहरू समेत उनीहरूकै रागमा आफ्नो मौलिक पहिचान गुमाएर बिना अर्थको गीत गाउन थाल्नु तथा उनीहरूकै बोली बोल्नुलाई भने अनौठो ठान्नु र मान्नुपर्छ । स्वामी भक्तिको पनि गजबको नमुना देखायो नाकाबन्दीले । घरभित्रै बसेर घरमै आगो झोस्नेहरू कस्तो उपनामले परिभाषित होलान् ? यो प्रश्नको साखिल्लो उत्तर फेला परिसकेको छैन । बरु निरन्तर खोजीमा लागिरहेछु र प्राप्त नभएसम्म लागिरहने प्रणसमेत छ । मान्छे चिन्ने दुःखैमा हो भनिन्छ । देशलाई दुःख कष्ट वा अप्ठेरो परेको, माटो असहज परिस्थितिमा रहेको समयमा विशेष गरी काठमाडौंमा देखिएको स्वनामधारी राजनेतादेखि बुद्धिजीवी र विद्वान्हरूको कुरूप विचार, चिन्तन तथा दृष्टिकोणको प्रदर्शनीले अधिकांश नेपालीको मनमा असहज स्थिति सिर्जना भएरै छाड्यो । मान्छे कतिखेर वा कुन रूपमा आफ्नो असल रूपमा प्रस्तुत हुँदा रहेछन् भन्ने कुराको प्रमाण यसपटकको नाकाबन्दीले देखायो ।

लालचीहरू, सत्ता र शक्तिको लागि के-कसरी प्रस्तुत हुँदारहेछन् भन्ने जान्न तथा आन्तरिकदेखि बाह्य सत्तासम्म कसरी जालो बुन्न तम्तयार हुँदो रहेछ भन्ने देखाउन यो नाकाबन्दी सफल भयो । यो त शुभारम्भ मात्र हो, अर्थात् थालनी मात्र हो । क-कसलाई उचालेर छिमेकी आफ्नो स्वार्थ पूर्तिमा कसरी प्रस्तुत हुँदारहेछन् भन्ने हेर्न समयले सघाउने नै छ । ती विगतदेखि नै एकलाई पोल्टामा राख्ने अर्कोलाई किचिरहेछन्, थिचिरहेछन् र मिचिरहेछन् । तर हामी मलाई होइन क्यारे उसलाई त हो नि भन्दै आत्मरतिमा बाँचिरहेछौं । यस्तो स्थिति आफूलाई नचिन्दासम्म कायम रहनेछ, यसमा कुनै द्विविधा छैन । नवप्रज्ञापन सम्पूर्ण नेपालीहरूलाई सर्वप्रथम आफूलाई चिन्न, जान्न, बुझ्न, खोज्न र छाम्न सदैव आग्रह गर्दछ र गरिरहन्छ ।

एकहत्तर

आज मिति २०७२ साल फागुन १३ गते बिहीबार । यतिखेर बेलुकाको ५ बजेर ३० मिनेट गएको छ । नवप्रज्ञापन ७१ औं अङ्कका लागि सम्पादकीय लेख्ने सोचमा छु । कापी कलम आँखा अगाडि मैलाई नियालिरहेछन् । सम्पादकीयकै कारण पत्रिका ढिलोढिलो हुँदै गएको महसुस पहिला-पहिलाझैं यसपटक पनि हुन खोज्दै छ ।

तर, कस्तो विषयवस्तुमा लेख्ने

सम्पादकीय मनले अझै टुङ्गो लगाइसकेको छैन तथापि जतिसक्दो छिटो लेख्नु छ । अझ आजै लेख्नु छ । लेखिसकेर मात्र उठ्नुपर्छ भन्ने सोच उम्रेको छ मनमा । जरा गाडेको छ भन्दा पनि हुन्छ । हुनतः उम्रिएका जम्मै सोच, विचार, चिन्तन र धारणा कहाँ पो जीवित होलान् र ? होलान् पनि, तर अपवादबाहेक अत्यन्त थोरै । बाँचे पनि स्वतन्त्र भई यो धरतीमा उन्मुक्तिका साथ खिलखिलाउने अवसर सम्भवतः अत्यन्तै थोरैले पाएका होलान् । यदि त्यस्तो हुँदो हो त धराको स्वरूप आज अर्कै भैसक्नुपर्ने थियो । फेरि जम्मै विचार, सोच, चिन्तन र धारणा सकारात्मक नै हुन्छन् भन्ने पनि छैन । पक्कै हो ती दुवै होलान् । भिन्नता यदि भए कमबेसीमा मात्र होला ।

यसअघि धेरै सोचें मैले । विषयवस्तुको खोजमा नै बित्यो केही समय । आँखामा धेरै आए । मनले धेरै कल्पना गऱ्यो । तर यकिन गर्न सकेन । किनभने जुन हेऱ्यो त्यो राम्रो र जे सोच्यो त्यो बलियो ठान्दै गयो आँखाले । हो, आँखाले नै त डुलाउने गर्छ मानिसलाई । आँखाकै कारण उसले धेरै रुनु र हाँस्नुपरेको छ । इतिहासलाई खोतल्ने हो भने यो कुरा छरपष्ट हुन्छ तथापि न मान्छे इतिहासलाई पन्छाउन सक्छ, न त इतिहासलाई अस्वीकार गरेर अगाडि बढ्न सक्छ ।

समय समयमा कापी-कलमसँग जुध्छन् आँखा । डाँडापारिको बस्तीमा पुगिसकेका छन् सूर्य । केही समय अघिसम्म आम्नेसाम्ने थियौं । तर, बोलचाल भएन हामीबीच । न उनले बोलाए न त मैले नै मुख खोल्न सकें । केवल हेराहेरमै एक अर्कालाई मित्र बनायौं दुवैले । सँगसँगै हिंडियो पनि । यतिखेर भने हाम्रो बाटो फरक भइसकेको छ । संसारमा सबैको बाटो एउटै हुन सक्दैन । सक्ला केही समय तर सधैं हुन नसक्ने यो प्राकृतिक नियमजस्तै छ । यदि कसैले सबैको बाटो एउटै हुन्छ भन्ने कुरामा जिद्दी गऱ्यो भने यसो भन्न सकिन्छ कि त ऊ जीवन जान्दैन वा अगाडिको बाटो । यसैले सत्यलाई सत्यकै आँखाले हेर्नु नै असल जीवन जिउनु हो ।

सानो परिधिमा शान्त छ कोठाको वातावरण । लेख्ने सोचमा आफैं भित्र हराउन खोज्दै छु । मन खजमजिएको छ । विश्वास छरपस्ट भएको छ । ती स्वचालितजस्तै छन् । जम्मै भइरहेछ आ-आफ्नो गतिमा तथापि अठोट बाटो-चौबाटोमा भेटिन्छ । त्यो मान्छेको तन, मन र भावमा कैद हुनुपर्थ्यो । कर्तव्य, दायित्व र जिम्मेवारी छताछुल्ल छन् । नहुनुपर्थ्यो भन्ने दृष्टिकोण रहे पनि उनीहरूलाई न केही सिकाउन वा बुझाउन सक्ने स्थितिमा छु न त छु आफैंभित्र कैद गर्न सक्ने हैसियतमा ।

बिहान सखारै उठेदेखि अघि साँढे पाँच बजे बासस्थान आइनपुगेसम्म कर्तव्यपथमा भेटिएका, व्यवहार गरिएका र चिनजान भए/नभएका दुवैखाले पात्रहरू आँखामा उपस्थिति जनाउँछन् । तिनीहरूलाई पाखा लगाएर अगाडि बढ्न सक्ने हैसियतमा म छँदै छैन । एकातिर चाहेर पनि कतिपय कुरा बिर्सन नसकिंदो रहेछ भने अर्कोतिर नचाहेर धेरै कुराहरू भइरहँदोरहेछ । यो स्थिति संसारका सयौं, हजारौं, लाखौं, करोडौं र अरबौं प्राणीहरूले भोग्नु परिरहेको होला भन्ने अनुमानलाई आँखाले सुरक्षित राखेको छ । त्यसैलाई आधार मानेर हिंडिरहेछु, बुझिरहेछु, सोचिरहेछु र गमिरहेछु अगाडिको यथार्थ । मैले सोचेको र गमेको यथार्थ यथार्थ नै हो भनेर पनि म किटानका साथ भन्न सक्दिन, किनभने मेरो सत्य, अरूको असत्य र अरूको असत्य मेरो सत्य हुनसक्छ । यसलाई द्विविधाको आँखाले

हेर्नुपर्ने मनग्य कारण पनि छैन मेरो सोचमा ।

उनीहरू स्वार्थमा विभाजित छन् । कुण्ठा र वितृष्णामा विभाजित छन् । असफलता र मानसिक द्वन्द्वमा विभाजित छन् । अतिरञ्जना र आफैंलाई चिन्न नसकेको परिवेशमा विभाजित छन् । सबैतिर म वादको साम्राज्य छ । हामी र हाम्रो कतै फुल्न वा फक्रन सकिरहेको छैन । जोस, जाँगर र हौसला टाढा कतै दूरदराजमा रहेको पराइ मुलुकका छाउनीमा खेलिरहेछन् परेड । हाम्रो जीवन नै पराइको निम्ति भइरहेको छ, सयौं वर्षदेखि । जहाँ हामी रगत बगाउँछौं, त्यो हाम्रो हुन सकिरहेको छैन । ती हामीलाई आवश्यकतामा प्रयोग गर्नेभन्दा बढी गरिरहेका पनि छैनन् । हामी जानेर वा नजानेर तिनीहरूकै गोटी बनिरहेछौं यद्यपि । यस्तो स्थिति कहिलेसम्म रहला ? यकिन गर्न सकिरहेको छैन कसैले । एक दिन पक्कै यकिन होला । त्यसको पक्षमा छु । हामी जम्मै निराशाको थुप्रोमा सुनपानी छर्केर सुँघिरहेछौं । यो बाटो अगाडि बढ्ने हुँदै होइन । त्यसले मानिसलाई गन्तव्य देखाउँदैन पनि । हाम्रा अगाडि हिंड्नेहरू बनाउनेतिर हैन भत्काउनेपट्टि लागिरहेछन्, कम्मर कसेर । आफू र आफ्नोभन्दा पर जान कोही सकिरहेको छैन । त्यसैले दुःखको पहाड सधैं हाम्रो टाउकामा ठोकिइरहेछ ।

यतिखेर अभिमन्यु बनेको छ मुलुक । ऊ अर्जुन र शुभद्राको खोजीमा छ तर फेला पार्न सकिरहेको छैन । आँसु बगाउनुभन्दा बढी केही पनि गर्न सकिरहेका छैनन् उसका आफन्तहरू । अभिमन्युको बोलीमा आफन्त र रमितेहरूको समेत लोली मिसिएको छ । हिजो उसलाई चक्रव्युहमा पस्न उकास्नेहरू यतिखेर बेखबर छन् । घेरा तोड्न नसकेर चिच्याइरहेको अभिमन्युको क्रन्दनले धेरैलाई आहत बनाएको त छ नै तथापि कसैले पनि उसको उद्धार गर्न सकिरहेका छैनन् ।

सबैलाई थाहा छ, चक्रब्युहभित्र रहेको अभिमन्यु जीवन खोजिरहेछ, विश्वास खोजिरहेछ र अठोट खोजिरहेछ । उपस्थितहरू उसको आवाज बुझ्छन् तर केही गर्न सक्दैनन् । त्यसैले ती सुनेको नसुन्यै र देखेको नदेख्यै गर्नुभन्दा बढी केही पनि गर्न सकिरहेका छैनन् । चक्रब्युह छिर्नुभन्दा अघि अत्यन्तै निर्भिक र निडर देखिएको अभिमन्यु यतिखेर जीवन रक्षाको अपिल गरिहेछ तर उसलाई जीवनको भिक्षा दिन कोही पनि अघि सरिरहेका छन् । शुभद्रा मोर्चा बाहिरको चौतारोमा उभिएर रोइरहेकी छिन् । उनलाई सम्झाइबुझाई गर्ने एक हूल आमाहरूको स्वर अभिमन्युको पीडित आवाजभित्र चुर्लुम्म डुबेको छ ।

बहत्तर

समादरणीय पाठक वृन्द ! नवप्रज्ञापन ७२ औं खुड्किलो सफल बन्यो । यसै अङ्कदेखि यो २४ औं वर्षमा पनि प्रवेश गरेको छ ।

यो एउटा हिँडाइ हो । यसले सकेजति हिँड्ने उद्देश्य राखेको थियो र छ । योसँग यति हिँड्ने, यहाँसम्म पुग्ने तथा यो र यति गर्ने घोषित लक्ष्य छैन । बरु जाने जति गर्ने, सकेजति हिँड्ने र परिस्थितिले साथ दिएसम्म भाषा, साहित्य क्षेत्रमा क्रियाशील रहने उद्देश्य छ । त्यसै अनुसार आजसम्मै हिँडिरहेको छ । मध्यतराईको माटोबाट प्रकाशन आरम्भ गरी आजका मितिसम्म जेनतेन हिँडिरहेको यो समयले साथ दिएसम्म हिँडिरहने र केही न केही गरिरहने महत्त्वकाङ्क्षा बोक्छ । साहित्यिक पत्रकारिता हिजो पनि व्यावसायिक हुन सकेको थिएन, आज पनि छैन र भोलि

पनि हुने सम्भावना कम छ भन्ने सोचमा प्रारम्भिक दिनदेखि नै विश्वस्त भएको कारण यो हिँडिरहन सकेको हो । यसो भन्दैमा भविष्यमा पनि हिडिरहने छ भनेर ठोकुवा गर्न भने सकिँदैन ।

सामान्यतः वर्षमा एकपटक कुनै पनि विषयको विशेषाङ्क प्रकाशित गरौं भन्ने इच्छा शक्तिले काम गरेका कारण ६० औं अङ्क बालसाहित्य विशेषाङ्क, ६४ औं अङ्क भानुभक्त विशेषाङ्क, ६८ औं अङ्क छन्दकविता विशेषाङ्क प्रकाशित गरेको यसले ७२ औं अङ्कलाई लघुकथा विशेषाङ्कका रूपमा प्रकाशित गर्ने सोच बनायो र त्यसैको प्रतिफलको रूपमा यो तपाईंको हातमा परेको हो । पाइलाहरू बिचमा रोकिएनन् भने भविष्यमा पनि अन्य विशेषाङ्कहरू प्रकाशित हुनेछन् । भविष्यप्रति आशावादी हुनुभन्दा बढी केही गर्न नसकिने भएकाले अहिलेलाई त्यतिमात्र भन्न खोजिएको हो । त्यसो त यसले ६० औं अङ्कभन्दा अगाडि पनि माधव घिमिरे अङ्क, सरुभक्त अङ्क, गीत अङ्क, गजल अङ्क, नारायणीका स्रष्टाहरू गद्य खण्ड, नारायणी स्रष्टाहरू पद्यखण्ड, बाल्यकालीन संस्मरण पहिलो खण्ड र स्वर्ण अङ्क जस्ता विशेषाङ्कहरू प्रकाशित गरिसकेको छ ।

प्रस्तुत ७२ औं अङ्कमा १६२ जना स्रष्टा तथा द्रष्टाहरू समेटिनु भएको छ । उहाँहरू सबैलाई यथोचित नमन गर्नु ऊ आफ्नो पहिलो कर्तव्य सम्भन्छ र कर्तव्यको पालना पनि गर्दछ । यो विधामा कलम चलाउनेहरू यति मात्रै हुनुहुन्छ त ? पक्कै यतिमात्र हुनुहुन्न । तर किन यति मात्र समेटिनुभयो । के हो यसको कारण ? किन सकिएन सबैलाई समेट्न ? तपाईंलाई लागेको होला, मलाई पनि त्यस्तै लागिरहेको छ । हो, सबैलाई समावेश गर्नुपर्थ्यो । समेट्नुपर्थ्यो । काम अपूरो भयो । बरु गर्दै नगरेको भए हुने थियो । यस्ता प्रश्न-प्रतिप्रश्न उठ्ने ठाउँहरू प्रशस्त छन् र हुनुपर्छ पनि । यसलाई पनि त्यस्तो लागेको हो । कसैलाई छुटाउन नपाए हुन्थ्यो भन्ने सोच पनि जागेको हो । त्यसअनुसार काममा खटेको पनि हो । आरम्भदेखि नै नवप्रज्ञापन कुनै स्रष्टाहरूलाई काखा र पाखा गर्न चाहँदैन । सबलाई बराबर देख्छ र गर्छ पनि । जाति, वर्ग, समुदाय, लिङ्ग र क्षेत्रभन्दा माथि छ यो । यसका नजरमा सबै उत्तिकै र आदरणीय हुनुहुन्छ । त्यसैले आफूलाई प्राप्त रचनाको उच्च सम्मान गर्दै प्राथमिकतामा राखेर प्रकाशित गर्ने पनि गर्दछ ।

तर के गर्नु ? लागेर, सोचेर मात्र नहुँदोरहेछ । लागु गर्नु र सोच्नुमा ठुलो खाडल छ । पक्का हो, यस्ता प्रश्नहरू, जिज्ञासाहरू, आक्रोशहरू, असन्तुष्टिहरू प्रशस्त हुन सक्छन् । नवप्रज्ञापन उहाँहरूका त्यस्ता प्रश्न, जिज्ञासा, आक्रोश, असन्तुष्टि र सल्लाहलाई उच्च सम्मान गर्छ र मार्गदर्शन मानेर अगाडि बढ्छ अनि सकेजति गर्छ र नसकेका, नजानेका र नभ्याएका काम आफ्नो मात्र हैन उहाँहरूको पनि हो भन्छ । सल्लाह दिनेहरूको काम औंल्याउने मात्र हैन, विरोधका निम्ति विरोध गर्ने मात्र हैन सकारात्मक सोच राखेर गर्ने पनि हो भन्दै विनम्रतापूर्वक हात जोडेर भन्छ-यसले यति सक्यो तपाईंले औंल्याएको काम तपाईं स्वयंले गर्दा पनि फरक पर्दैन किनकि यो सकारात्मक सोचले मात्र अगाडि बढेको हो । यससँग सम्बन्धित व्यक्तिहरू तपाईंको कोटीमा नपुग्न पनि सक्छन् । माथि नै भनिसकियो नवप्रज्ञापन जानेको गर्छ र सकेको बाटो हिंड्छ । कोही कसैप्रति आग्रह पूर्वाग्रह राख्दैन । अनि तपाईंले गर्नुभएको कामको उच्च मूल्याङ्कन सहित आदर-सम्मान पनि

गर्दछ । स्तरीयताको नाममा भजन गाउन जान्दैन । यसले नसकेको काम तपाईंहरू (जो बाटो देखाउन खोजिरहनुभएको छ) को हो, नछाड्नु होला भन्दै दस औंला जोडेर नम्रनिवेदन पनि गर्दछ ।

एक पाइलो अगाडि बढेर यसो पनि भन्छ यसले मात्र गरेर पुग्दैन र हुँदैन । त्यसकारण तपाईंले पनि गर्नुपर्छ । यो देशलाई माया गर्ने दायित्व सबैको हो अर्थात् साझा हो । तपाईंले सङ्कुचनको घेरा समात्नुभएन भने त्यसो भन्न कुनै कठिनाइ महसुस गर्नु पर्दैन । त्यसैमा तपाईंको र मेरो परिचय छ । संसारमा हामी नेपाल र नेपालीकै नामले परिचित छौं । हो, हामीले हामीलाई चिनाउनका निम्ति केही त गर्नुपर्छ । कामले चिनिनु सबैभन्दा ठुलो परिचय हो । अर्काको कुरा काटेर वा बढाइ अनि बद्ख्वाइँ गरेर मात्र पुग्दैन । तसर्थ कामको थालनी आजै र अहिल्यैदेखि गरौं । संसारको कुनै पनि भाषा कसैको पेवा होइन । त्यो प्रयोगकर्ताहरूको हो । इतिहासको गर्भमा कैयौं भाषा लोप भए । कति लोपको सङ्घारमा छन् । यो साझा संसारका उपजमा तपाईं हामीले पनि केही न केही त गर्नुपऱ्यो नि । आदेश र उपदेशले न तपाईं हाम्रो मस्तिष्क बढ्छ न त अगाडिको बाटो आफसेआफ खुल्छ । केही हुन्छ त कामले मात्र । सकारात्मक सोचले अगाडि बढौं । सम्पूर्ण धरावासीलाई अगाडिको बाटो देखाऔं । आफू हिंडौं र अरूलाई पनि हिंड्न प्रेरित गरौं । यही हो तपाईं, तपाईं हामी सबैको कर्तव्य ।

वर्तमानभित्र मानिसहरूको ओठओठमा आक्रोश छ । असन्तुष्टि छ । कुण्ठा छ । वितृष्णा छ । प्रतिशोधी भाव छ । हेरिएन । बुझिएन । दिइएन । पाइएन । गरिएन । यो । त्यो । ऊ । आदि-आदि । हामीले पाएनौं । बेवास्ता भयो । भेदभाव भयो । पछाडि धकेलियो । अगाडि आउन दिइएन । सबैको झोलामा सामल छ । ऊ जतिबेला पनि झिक्न तयार छ । मेरो कर्तव्य र दायित्व कोही बुझ्दैन । कसैलाई फुर्सद छैन त्यसो भन्ने । गजब छ सन्दर्भ । जनमानसलाई आक्रोशित तुल्याउन, आन्दोलित बनाउन माथिका सन्दर्भहरू र प्रसङ्गहरू काफी छन् । मनग्गे छन् । भरिपूर्ण छन् । ए बाबा ! यहाँ देशले कसलाई चाहिँ के दियो त ? कसले के पायो ? को मोटायो ? को दुब्लायो ? कमसेकम नाम त सुनाउनोस्, सबैले जान्ने-बुझ्ने भाषामा । साँचो कुरा भोक, रोग, अशिक्षा, गरिबी र बेरोजगारी सबैतिर उस्तैउस्तै छन् । साना ठुला हुनसक्छन् आकार प्रकारमा तर छन् सबैतिर । देशको कुनै पनि भेग वा क्षेत्र समृद्ध तथा विकसित छैन । कुनै वर्ग, समुदाय अत्यन्तै अगाडि र कुनै अत्यन्तै पछाडि पनि छैनन् । केही कतै छन् तर आ-आफ्नै विशेषताका कारणले मात्र । सबै आफ्नै पहिचानले चिनिएका छन् । यो सकारात्मक कुरो पनि हो । आ-आफ्ना खास-खास विशेषताका कारण सबैको चिनारी छ । चिन्तन छ । दृष्टिकोण छ । मूल्य मान्यता छ । त्यसैले बनाएको छ पृथक । उसैलाई भऱ्याङ बनाएर आकाङ्क्षीहरू खर्कमा पुग्ने दिवास्वप्न देखिरहेका छन् । अनि चढ्न खोजिरहेछन् उकालो । सीमा रेखा कोरेर आफ्नो भाग्य अज्माउन तल्लीन छन् कतिपयहरू ।

लहडमै बल्दै छ आगो । थपिंदै छन् झिक्रा र चोइटाहरू । रमाइलो मानिर हेछन् रमिते । उनीहरूका घरमा पनि त्यो सल्कन सक्छ भन्ने ख्याल पटक्कै छैन । त्यसैले त सहभागिता जनाइ थपिरहेछन् झुर्काझुर्की । स्वार्थ बलेका छन् हुर्हुरी । कुण्ठाको, आक्रोशको,

असफलताको, जाँगरहीनताको, नैराश्यताको र नकारात्मक सोचको । कहिलेसम्म बल्ने र बालिनेक्रम रहने हो थाहा छैन तर प्रयास जारी छ निरन्तर । वितृष्णाको बुइ चढेर कसैको भलो हुँदैन । यो अनुभव पनि हो र हो संसारको नियम पनि । सबैलाई थाहा छ तथापि भइरहेछन् प्रयत्न । थोरै छन् सकारात्मक क्रियाकलापमा संलग्नहरू । धेरै छन् रमिते । यथार्थमा त्यस्तो गर्नु हुन्न भन्नुपर्ने हो सकारात्मक सोच राख्नेहरूले । आगो आखिर आगै हो । त्यसले सबैलाई डढाउँछ । शत्रुमित्रु केही भन्दैन । आफ्ना पराई कसैलाई चिन्दैन । हुने नहुने केही सोच्दैन । नियाल्दैन वरिपरिको परिवेश र छाम्दैन आफन्त पराय अनुहार । बुझ्नेहरूले परै बसौं र विध्वंश बुझौं भन्नुपर्ने हो तर मलाई हैन त भन्दै ताली बजाउने मनसायमा पो छन् त । स्वार्थ स्वार्थै हो । पराय स्वार्थ । पराई इरादा । पराय इसारा । पराय चिन्तन । पराय विचार धारा । त्यो हिंड्छ र हिंडिरहन्छ स्वार्थको सिंगो कसौंडी नगलेसम्म ।

यसको कुनै स्वार्थ छैन । छ भने भाषा साहित्यको क्षेत्रमा केही गरौं भन्ने मात्र हो । पक्कै हो एउटा उद्देश्य छ प्रकाशन आरम्भ गर्नुभन्दा अझै अगाडि देखिको । २४ औं वर्षमा प्रवेश गर्दा पनि त्यो फेरिएको छैन । कुनै उतारचढाव आएको छैन । आदरणीय वीरपुर्खाहरूको त्याग, बलिदान, समर्पण र उत्सर्गले निर्मित यो मुलुकमा जन्मिन पाएको साटो रुचिको विषय भाषा साहित्य क्षेत्रमा सकेजति गरौं भन्ने अभिप्राय हिजो थियो र आज पनि छ । त्यसैले देशसँग कुनै गुनासो छैन । हो, सकेको गर्नेले गुनासो राख्ने कुरा पनि आएन । यसर्थ निर्धक्क भएर हिंडिरहेछ अहिलेसम्म । यसको उद्देश्य वा स्वार्थ भन्नु नै भाषा साहित्यका क्षेत्रमा केही गर्नु हो । यसकारण प्राणप्रिय जन्मभूमिको माटोको निम्ति आफ्नो श्रम, सीप, बलबुद्धि र जुक्तिले भ्याएसम्म केही गरौं । यसको विपक्षमा जानु त के कल्पनासम्म नगरौं । तन, मन र धनले उठौं, जुटौं र माटोको उन्नति र सुन्दरताको निम्ति चिन्तन मनन गरौं । सकारात्मक सोचका साथ सधैं अगाडि बढौं । भाषा साहित्य क्षेत्रमा सानै भए पनि केही न केही गरौं भन्ने अभिप्रायले बाराबाट प्रकाशन आरम्भ गरिएको यसलाई यहाँसम्म आइपुग्न धेरैको साथ सहयोगले मार्ग निर्देश गरेको छ । यसलाई छातीमा राखेरै यो अझै अगाडि हिंड्न खोज्दै छ ।

प्रस्तुत अङ्कमा समाविष्ट आदरणीय लेखकहरूको सङ्ख्या १६२ छ अर्थात् १६२ स्रष्टा तथा द्रष्टाहरूका रचनाले यस अङ्कमा स्थान पाएका छन् । हाम्रो खोजीमा नेपाली साहित्यमा लघुकथाको नाममा प्रकाशित कृतिहरूको सङ्ख्या १२५ देखिन्छ । यो त खोज हो । खोज भनेकै शुभारम्भ हो । बल्ल खोज्ने क्रम चलेको छ । अहिलेसम्म १२५ स्रष्टाहरू भेटिनुभएको छ । खोजीलाई अगाडि बढाउँदा त्यो सङ्ख्या बढ्ने छ यसमा द्विविधा छैन । नवप्रज्ञापनले लघुकथा विशेषाङ्क प्रकाशित गर्ने सोच बनाउनुको उद्देश्य नेपाली साहित्यमा क-कसका लघुकथा कृति प्रकाशित भएका छन् । पहिलो लघुकथा कृति र कृतिकार को हुन् ? वर्तमानमा त्यसको अवस्था कस्तो छ ? प्रकाशित कृतिहरूको स्वाद के कस्तो छ ? तिनीहरूको विषय के कस्तो छ ? लघुकथाको उन्नयनका निम्ति के कस्ता प्रयास भएका छन् ? लघुकथा समालोचकका आँखामा कसरी चिनिएको छ ? त्यसको चिनारीका निम्ति सक्रिय व्यक्तिहरू को-को हुन् ? त्यसको खोजी गर्नु र हाम्रा आदरणीय पाठकहरूलाई

अवगत गराउनु पनि रहेको छ ।

नेपाली साहित्यमा क-कसले लघुकथा लेख्छन् मात्र नभनेर क-कसका लघुकथा कृति प्रकाशित छन् । लघुकथाको लेखनमा सक्रिय नाम कुन-कुन हुन् । उनीहरूका प्रतिनिधि लघुकथा कस्ता कस्ता छन् । त्यसको खोजी गर्नु र उनीहरूले प्रकाशित गरेका कृतिहरूको आधारमा लघुकथाको छनोट गर्नु यस अङ्कको खास उद्देश्य हो । यसो गर्दा राम्रा लघुकथा लेख्नु हुने तर कृति प्रकाशित नगराउनुभएका व्यक्तित्वहरू छुट्नु पनि भएको छ । एउटा मापदण्ड भित्र छिरेकाले नचाहेर पनि यसले उहाँहरूलाई छुटाउनुपर्‍यो । ती नामहरूसमेत राख्न पाएको भए यसको शोभा अझै बढ्ने थियो । सुनमा सुगन्ध हुने थियो । त्यस्तो कुरा जानेको पनि छ र बुझेको पनि छ । एउटा आधार तय भइसकेका कारण उहाँहरूलाई राख्न सकिएन यसमा पत्रिका दुःखी छ । समग्र वाङ्मय क्षेत्रमा उहाँहरूले पुऱ्याउनुभएको योगदानलाई उच्च सम्मान गर्छ र अगाडि हिंड्ने क्रममा उहाँहरूका सल्लाह, सुझाउ, परामर्श र मार्गदर्शनलाई शिरमा राखेर अगाडि बढ्ने प्रण पनि गर्दछ ।

नवप्रज्ञापनले लघुकथा विशेषाङ्क प्रकाशित गर्ने क्रममा घरभित्र र घरबाहिर दुवैतिरका रचनाहरू समावेश गर्ने नीति लियो । त्यसका निम्ति विभिन्न स्रष्टाहरूलाई आग्रह र अनुरोध पस्क्यो । १२५ को हाराहारीका भाषा रहेको नेपाली घरभित्र सम्भावना भएका भाषाका स्रष्टाहरूसँग अनुरोध गऱ्यो । आग्रह गऱ्यो । कतिपय स्रष्टाहरूले उपलब्ध गराउँछु भनेर पनि दिनुभएन भने कतिपय स्रष्टाहरूसँग भेटै पनि हुन सकेन । हाम्रा आफ्नै घरभित्रबाट नेपाल भाषाका केही लघुकथा साहित्यकार मित्र रासाले उपलब्ध गराउनुभयो । यसैगरी घर बाहिरका सर्जकहरूका रचना उपलब्ध गराउने कार्यमा प्रा.डा.कपिल लामिछाने ठुलो गुण लगाउनुभएको छ । त्यस्तै साहित्यकार गगनदीप सर्वले अन्य विदेशी भाषाका लघुकथाहरू उपलब्ध गराउनुभएको छ । यसलाई माया गरेर अनुदित रचना उपलब्ध गराउने स्रष्टात्रय रासा, प्रा.डा.कपिल लामिछाने र गगनदीप सर्वप्रति पत्रिका परिवार आभारी छ । आफ्नो मात्र हैन अरूको पनि हेर्नु, बुझ्नु र जान्नुपर्छ । दायाँ, बायाँ र वरपर पनि पुग्नुपर्छ भन्ने मान्यतामा अडिएर ती कथाहरू समावेश गरिएका हुन् ।

यस अङ्कमा समावेश भएका नेपाली लघुकथाहरूको चयन, सम्पादन र व्यवस्थापन साहित्यकार पुष्करराज भट्टले गर्नुभएको हो । स्वयं लघुकथाकार समेत रहनुभएका भट्ट लघुकथा विधाको गहिरो अध्येता पनि हुनुहुन्छ । नवप्रज्ञापनका लामो समयदेखि सहयात्रीका रूपमा समेत रहनुभएका उहाँ यस अङ्काका निम्ति अतिथि सम्पादक समेत हुनुहुन्छ । उहाँप्रति पनि यो आभार व्यक्त गर्दछ । साथै लाभको निम्ति नभई भाषा साहित्यको उत्थानमा सहयोग पुगोस् भनेर प्रकाशन आरम्भ गरिएको र अहिलेसम्म त्यही मान्यतामा अडिइरहेको यसलाई आफ्ना अमूल्य रचनासस्नेह उपलब्ध गराउने आदरणीय परिचित/अपरिचित विद्वान/विदुषी स्रष्टाहरूलाई कोटीकोटी नमन गर्दै आगामी दिनमा समेत यसको यात्रा कस्तो होस् भन्ने चाहनु हुन्छ ? आवश्यक सुझाउ, सल्लाह र परामर्शको अपेक्षासहित नवप्रज्ञापन अन्त्यमा नववर्ष २०७३ विनासकारी भूकम्प र भारतीय नाकाबन्दीले दुखेको तन मनमा सुख, शान्ति र समृद्धि ल्याउन सफल होस् सबैमा शुभकामना अर्पण गर्छ ।

त्रिहत्तर

यतिखेर नेपाली भाषामा देखापरेको विवाद चरम चुलीमा छ। विद्वान्हरू विभाजित छन् । उनीहरू हुन्छ र हुँदैन तथा हो र होइनमा अभिव्यक्तिइरहेछन् । दुवैका आ-आफ्ना तर्क छन्, विचार छन् र चिन्तन छन् । त्यसैले ती आ-आफ्ना डम्फु बजाइरहेछन् । सारङ्गी रेटिरहेछन् । दमाहा ठोकिरहेछन् नरसिङ्गा फुकिरहेछन् । तर वरिपरिको परिवेश हेर्ने, सुन्ने, बुझ्ने र मनन गर्ने फुर्सद दुवैलाई छैन । बस्, आफ्ना बाजा बजाउन पाए पुग्यो, ती बजाइरहेछन् । तपाईं हामी नचाहेर पनि तमासा हेर्न विवश छौं । हामो स्तर पनि त्यो भन्दा माथि उठ्न सकिरहेको छैन ।

परिवर्तनको समर्थन र विरोधले आम प्रयोक्ताहरूलाई भने अलमल्याएको छ । सामान्य मानिसहरू मात्र हैनन् भाषाकै क्षेत्रमा काम गर्ने, अक्षर केलाउने, खेलाउने, चलाउने र पढाउनेहरू समेत मारमा छन् । उच्च निकायमै समेत मनोमालिन्यता छ । यो राम्रो सङ्केत होइन । यसले अगाडिको बाटो भेट्टाउन पनि सक्दैन । यसो भनौं, यो अलमल्याउने, खलबल्याउने र बिचारहीन चिन्तनमा दिशाहीन बाटो हिँडाउने प्रपञ्च मात्र हो ।

समय अनुसार भाषामा सुधार, संशोधन, परिमार्जन र थपघटको आवश्यकता हुन्छ । त्यसमा कसैले विरोध पनि गर्दैन र गर्नु पनि हुँदैन । यदि कसैले गऱ्यो भने त्यो भाषाको पक्षमा पनि हुँदैन । संसारका कुनै पनि भाषामा समयअनुसार परिवर्तन आउँछ। राम्रा कुराहरू थपिन्छन् । कतिपय आफैंले ल्याउनु पनि पर्छ । समयसापेक्ष ढङ्गले सुधार, संशोधन, परिमार्जन र थपघट गरिएन भने भाषा जीवन्त बन्न पनि सक्दैन । इतिहासले त्यो देखाएको र सिकाएको पनि छ । समय सापेक्ष हुन नसकेका कारण संसारबाट कतिपय भाषा लोप पनि भएका छन् । अझै कतिपय लोपोन्मुख स्थितिमा पनि छन् । नेपालभित्र बोलिने कतिपय भाषाहरू अहिले त्यो अवस्था निकट समेत देखिन्छन् ।

तर समय सापेक्ष बनाउने नाउँमा भाषामा खेल्नु, गिजोल्नु कुनै पनि अवस्थामा राम्रो होइन । भाषा कसैको व्यक्तिगत सम्पत्ति होइन न त हो पेवा नै । यो आम वक्ताहरूको पेवा वा सम्पत्ति हो । त्यसैले चलाउँदा उपभोक्ताहरूलाई पाखा लगाउनु राम्रो होइन । आम उपभोक्ता वा सरोकारवालाहरूलाई पाखा लगाएर चलखेल गर्नु त्यसको अहित चिताउनु हो । सोझो अर्थमा भन्दा विपक्षमा जानु हो । सीमित विद्वान्हरूको कोटरीको इसारामा भाषालाई हिंडिरहेको बाटोबाट अर्कोतिर लगाउन खोज्नु दुःखद् पक्ष हो ।

कमसेकम नेपाल प्रज्ञाप्रतिष्ठान, विश्वविद्यालयहरू, कोशकारहरू र भाषा क्षेत्रमा काम गरिरहेका विद्वान्हरूको बिचमा एकमत देखिनुपर्थ्यो तर यतिखेर त्यस्तो स्थिति देखिइरहेको छैन ।

सम्बन्धित स्थानहरूमा बहस चलाएर भाषामा के भैरहेको छ, के हुनुपर्दछ र हुनुपर्थ्यो । कसरी त्यतातिर जान खोजिएको हो भन्ने जस्ता कुराहरूमा विचार पुऱ्याइएको भए आज विवाद सतहमा आउने नै थिएन । लहड, रहर र पूर्वतयारी बिना गरिने त्यस्ता कार्यले कसैलाई पनि लाभ पुऱ्याउँदैन । कमसेकम यो-यो काम यसकारणले यसरी गर्न खोजिएको हो भन्ने विचार प्रयोग कर्ताहरूको माझमा पुऱ्याइएको भए एकातिर विचार परिमार्जन

भएर आउँथ्यो भने अर्कोतिर समस्याको समाधानमा सुझाउ र सल्लाह पनि आउँथे । तर संशोधन चाहनेहरूको ध्यान त्यता ध्यान जान सकेन । यो काम जे हो हामी हो, जे हौं हामी हौं, जे गर्छौं हामी गर्छौं अरूहरूले त मान्ने मात्र हो भन्ने सोचले थालिएको भान हुन्छ । आजको भद्रगोलको स्थिति निम्तिने कारण त्यही हो । हाम्रा प्रत्येक कदमहरू आवश्यकताभन्दा पनि अह्रोटमा गरिने परम्परा रहेकाले सम्भवतः नेपाली भाषा पनि अहिले त्यही मारमा परेको हो । हैन भने हतार हतारमा एउटा घेरा बनाएर हतारिनुपर्ने थिएन । लामो छलफल, बहस, अन्तरक्रियाले यो सहज पारामा अगाडि बढन सक्थ्यो ।

हामी सबैतिर तदर्थ वादमै छौं । परायमुखी भएर हिडिरहेछौं । आफ्ना काम अरूको सङ्केतमा गरिरहेछौं । अदृश्य रूपले नै सङ्केत गरिरहेछ अझै । खै मूर्तिपूजक भएरै हो कि हामी आफू आफू भएर आफ्नो काम गरिरहेका छैनौं । अरूले भनिदिन्छ यता जानुपर्छ, यसो गर्नुपर्छ बस हाम्रा आँखा र भाखा त्यतैतिर लागिहाल्छन् । त्यो कमजोरी हाम्रो आफ्नै हो । आफूले गरेको निर्णय ४ वर्षपछि मात्र थाहा पाउने अगुवा छन् हाम्रा । यस्ता हामीहरू कसरी आफ्नो अडानमा कायम रहन सकौंला र ? यसले हाम्रा अगुवाहरूको निर्णय शक्ति, क्षमता, सोच र गन्तव्यको अवस्था प्रष्ट पार्छ । नयाँ देखिन जे गर्न पनि पछि नहट्ने तर घुम्दै फिर्दे रुम्जाटार पुग्ने नियतिले डोऱ्याइरहेछ, हामीलाई । जबसम्म यो स्थिति कायम रहिरहन्छ तबसम्म हामी जस्ताको त्यस्तै र जहाँको त्यही रहन्छौं ।

'हिजो सहमति जनाउने कतिपय विद्वान्हरू आज फरक मतमा लागेका छन्' आन्दोलनको विपक्षमा रहेका विद्वान्हरूको तर्क हो यो । यदि त्यसो हो भने उहाँहरू किन आफ्नो अडानमा कायम रहनुहुन्न ? यो फेरि राम्रो र सकारात्मक पक्ष होइन । उहाँहरूको विचार फेराइले आन्दोलनको समर्थन र विरोध दुवैलाई लाभ दिँदैन । ढुलमुले चरित्र र चिन्तनले न देशले केही गर्न सक्छ । न त व्यक्तिहरूको पहिचान नै बच्न सम्भव छ ।

विवाद कुनै पनि कुराको राम्रो होइन । त्यसले अगाडिको बाटो पनि देखाउँदैन । झन् भाषा विवाद त अनावश्यक नै हो । यसर्थ विवादका पक्षधर वा विपक्षमा रहेकाहरूले आ-आफ्ना स्वार्थ र अहंलाई त्यागेर विवादको उचित समाधान खोज्नु नै बुद्धिमत्तापूर्ण हुन्छ । त्यो नेपाली भाषाको पक्षमा पनि हुन्छ । संसारभर छरिएका नेपालीहरूले समेत यो भाषालाई माया गर्दै यसको प्रचार प्रसार तथा उन्नयनमा मरिमेटेर लागिरहेको परिप्रेक्ष्यमा नेपालमा बसेका हामी नेपालीहरू नै फजुल कर्म गर्दै गुट-उपगुटमा विभाजित बन्नु दुःखद पक्ष हो । यसर्थ सम्बन्धित सबैको ध्यान यतातिर जाओस् र देखिएको समस्याको छिनोफानो शीघ्र होओस् नवप्रज्ञापन र नवप्रज्ञापन परिवार सबैसँग यही अनुरोध गर्दछ ।

चौहत्तर

हामी आफूलाई वीर सम्झन्छौं । पाएको ठाउँ/सन्दर्भमा त्यसको रटान रट्न पछि हट्दैनौं । पुष्टिका निम्ति तपस्यारत हुनै परे पनि पछि नफर्कने प्रवृति छ । तर हाम्रो वीरता कसको लागि ? आजसम्म कहिल्यै सोचेका छैनौं । सोचियो होला सत्तामा टिकिरहन, कसैको गोटीमा प्रतिबिम्बित हुन, विश्वास र आस्था बोलेर धुँवामा रूपान्तरित बन्न, आफ्नै जीउ कन्याएर खरानी उडाउन,

घरमा आगो झोसेर सुलसुले सिध्याउन, सन्ततिको बाटो बथानेर दिशा परिवर्तन गराउन तथा अझै अगाडि बढ्दा मूलबाटोमा कांढा ओछ्याएर आफन्तीहरूको विरुद्ध इर्ष्याको आगो दन्काउन तथा म बाहेक हामी सबै निकम्मा हौ भन्ने चिन्तनमा सहयोग पुर्‍याउन । हैन भने कमसेकम हामी वीर हुँदै होइनौं पुर्खाहरू वीर थिए तर आजका हामी कायर हौँ ।

आवश्यकता भन्दा बेसी र कमी दुवै बोली मानिसका शत्रु हुन् । तिनीहरूले कहिल्यै अगाडि डोर्‍याउँदैनन् । ती बेलगाम अथवा बेपर्वाह कुदिरहेका भेटिन्छन् बाटो-चौबाटोतिर । एउटा मुख थुनेर तथा अर्को खोलेर हिडिरहेछन् । पहिलो स्वार्थको रासमा मात्र मुख खोल्छ । दोस्रो चक्रपथको मोटर जस्तै मुख खुल्ला राख्छ । ती दुवै सकारात्मक सोच होइनन् । दुवै परिणाम खतरनाक नै हुन्छन् । तसर्थ त्यसबाट मुक्तिका निम्ति प्रयास गर्नु आवश्यक छ । मुख कहिल्यै नखोल्ने र बन्द नगर्ने प्रवृत्तिबाट मुक्त नभएसम्म पुग्ने ठाउँ हरहमेसा बन्द रहन्छ । नरहेको खण्डमा पनि कुनै अपेक्षा गर्न सकिन्न । गुलाब, सयपत्री र पलाँसको जसरी तुलना हुन सक्दैन माथिका मुखहरूलाई पनि त्यसै आधारमा बुझ्न सकिन्छ ।

आफ्नो हैसियत नचिन्नेहरूको गणना गर्दा संभवतः हामी संसारमा सबैभन्दा पछि पर्छौं होला । अरूले देखाएको बाटो हिंड्ने र लगाएको काम गर्ने बानीमा वर्षौंवर्षदेखि अभ्यस्त छौं । त्यसैलाई पराक्रम र वीरता-सुरताको श्रेणीमा राखेर हिडिंरहेछौ जुगौजुग देखि । जबसम्म त्यस्तो परिस्थिति रहिरहन्छ तबसम्म हामी पराश्रित भैरहन्छौँ । आफूले आफूलाई चिन्न नसकेको अवस्था हो त्यो । हैन भने संसार कहाँबाट कहाँ पुगिसक्यो तर हामी सदियौं देखि जहाँको तहीँ र जस्ताको त्यस्तै छौँ । यस खालको स्थितिको अन्त्यको निम्ति हामीले हिजै देखि काम थालनी गर्नु पर्थ्यो । तर काम नगरिरहेको मात्र हैन त्यतातिर सोचेका समेत छैनौँ ।

गर्न त गरेका छौँ, गर्दै नगरेका भने किमार्थ हैनौँ । तर हामीले गरेको हाम्रो लागि नभइ अर्कैको लागि हुने गरेको छ । अर्काको लागि गरिएको कामलाई आफ्नोको श्रेणीमा राख्न सकिन्नँ । त्यो अर्कैको हुन्छ । हामीले, हामीबाट, हामीलाई दुखाएर वा सिध्याएर गरेको भएपनि त्यसको श्रेय अर्कैले लिन्छ । त्यो अगाडि बढ्छ । त्यसको उन्नति र प्रगति हुन्छ तर हामी घानमा मात्र पर्छौं सधैँ । इतिहासका पाटा खोतल्दै जाँदा त्यस्ता उदाहरण त कति भेटिन्छन् कति । यसर्थ हामी हाम्रो नभएर अर्कैको भैरहेछौँ । अर्कैले हामीलाई चलाई रहेछ । हाम्रो मन मस्तिष्क भित्र त्यो मज्जाले खेलिरहेछ । त्यसैलाई सुखका रूपमा वरण गरेर हाँसी रहेछौं हामी ।

हामीलाई जुटाउने र फुटाउने ठेक्का अर्कैको नाममा छ । आवश्यकतामा त्यो त्यसको प्रयोग गर्छ । हामी नतमस्तक बन्छौं । सुगौली सन्धी पछिका परिघटनालाई अध्ययन/मनन गर्नेले त्यसलाई नकार्न सक्दैन । अर्काको सोच र चिन्तन बोक्नेहरूले भने सक्छ पनि । नेपाली माटो र मानसिकतामा बाँचेकाहरूले भने कल्पना समेत गर्न सक्दैन । संवेदनशील आँखा र अपनत्वको भाव छातिमा बोक्ने कोही पनि माथिको तर्कको प्रतिवाद गर्दैन र आवश्यकता पनि ठान्दैन । यदि कोही ठान्छ भने त्यो नेपालीको नाममा बाँचेको अनेपाली हो । इतिहासको पाना पल्टाउने हो भने यो कुरा प्रत्येक मिनेट र पलपलमा पुष्टि हुन्छ ।

बोल्दाबोल्दै घाँटी सुक्दा समेत नथाक्नेहरूको कोहेर छ हाम्रो

समाजमा । कसैले महत्व नस्वीकारे पनि आफ्नो रटानबाट पछि हट्दैनन् ती । किन र कसका लागि बोल्दै छु भन्ने कुरा आत्मसात गर्न नसकेको कारण संम्भवत ती बोलिरहेका हुन् । यदि माथिको कुरा ज्ञान भइ दिएको भए त्यसरी प्रस्तुत पक्कै हुँदैनथे । अनजानमै ती बोलिरहे छन् फटाफट । मेरो बोलीलाई कसैले महत्व दिदैन वा दिइरहेको छैन भन्ने बुझेको भए त कम बोल्नु पर्ने हो नि, तर खै पाएसम्म सकेसम्म, जानेसम्म, बुझेसम्म र अझै कतिपय सन्दर्भमा त जान्दै नजानेको र बुझ्दै नबुझेको कुरामा पनि फटाफट बोलिरहेका हुन्छन् ।

"जसका सिता खाई उसका गीत गाई" भन्ने आहान यसै बनेको हैन । ठुलो विज्ञान छ यसमा । त्यतिमात्र हैन दर्शन छ, चिन्तन छ र सोच पनि छ । अझै अगाडि इतिहास छ र भूगोल छ । यसैभित्र खोज्दा हुन्छ हामीले आफूलाई । जानु पर्दैन अन्यत्र । सबैथोक छ त्यहीँ । सायद त्यसैले रुमल्याएको हो हामीलाई । आफूलाई शूर, वीर र बहादुर ठान्ने हामीहरूले जन्मेको माटोलाई के दियौ ? पुर्खाले लगाएको जगमा कति ईंटा थप्यौ ? बिग्रेको केके सपार्‍यौं ? भत्केको केके सुधार गर्‍यौँ ? नमिलेको केके मिलायौँ? नहिँडेका बाटा कति हिँड्यौं ? कसरी हिँड्यौ र कहाँ पुग्यौँ ? यो प्रश्नले तरङ्गित बनेको छ आज मेरो मस्तिष्क । आजसम्मको यात्रामा यस प्रश्नको उत्तर अहँ कतैबाट पाउन सकेको छैन । भोलि पाउँला मन आशावादी छ, विश्वासी छ र सकारात्मक सोचले काम गरिरहेको छ ।

हामी इसारामा आफूलाई भत्काउन लालायित छौँ । कम्मर कसेर बसेका छौँ । कसैको सङ्केत कुरिरहेका छौँ । जब सङ्केत आउनेछ हामी उठ्ने छौँ । त्यसो त आफ्नो तागतमा विश्वास गरिरहेका छैनौँ हामीले । जेजे भएको छ अरूकै सहयोगमा भएको छ । त्यसैले हामी हाम्रो हुन सकिरहेका छैनौं । हाम्रा नाममा भएका हरेक कुराहरूमा आफ्नो अपनत्व पोखिन सकेको छैन । अरूकै शक्तिका भरमा कम्मर कस्ने प्रवृत्ति भएकाले उसको इशारा काफी छ । बस सङ्केतमै सकिन्छ सबैथोक । हो, उसले गराएको काम हाम्रो हुनै सक्दैन । दबाबको दलदलमा फसेका हामी बोल्न त बोलिरहेका छौँ । छातीले हैन मुखले । दिलले हैन दिमागले । त्यसैले हामी जहाँको तहीँ र जस्ताको त्यस्तै रहिरहेका हौं जुगौंजुगदेखि तथापि जान्दा जान्दै र बुझ्दा बुझ्दै पनि हामी बोलिरहेछौँ, गरिरहेछौँ र हिँडिंरहेछौँ अगाडिको बाटो ।

पचहत्तर

नवप्रज्ञापन हिंडिरहेछ । २४ वर्ष भयो हिँड्न थालेको । यो वर्षको पनि उत्तरार्धमा आइपुगेको छ । हिंडिरह्यो भने २५ औं वर्षमा प्रवेश गर्नेछ २०७४ वैशाखबाट ।

माया अचम्ममको वस्तु हो । यसैमा अडेको छ संसार । तर यसका रूप र आकार फरक-फरक छन् । बुझाइ फरक छन् । हेराइ फरक छन् । भोगाइ फरक छन् । चिन्तन धारा फरक छन् । विकास र आस्थाका बगाइ फरक छन् । बाटो निर्माण गर्ने ज्यावलहरू फरक छन् । पलपलका धड्कनहरू फरक छन् ।

जन्मभूमिको माटो र भाषा साहित्यप्रेमीहरूको सद्भाव अनि स्नेहील सान्निध्य शिरमा राखेर हिँड्न थालेको 'नवप्रज्ञापन' मायालुहरूकै मायाका कारण यहाँसम्म आइपुगेको हो । मायाका ज्योतिहरूले हिँडाइरहेछ अझै । कसरी

आभार व्यक्त गर्नु दिनेहरूलाई अझै ठम्याउन सकिरहेको छैन । सार भने बटुलेको छ, निरन्तर हिंडिरहुँ । हिंड्दै रहुँ ।

हिंड्नु पहिचान हो । बस्नु अर्को पहिचान । सुत्नु अर्को पहिचान । यसै गरी उठ्नु झन् अर्को पहिचान । फराकिलो छ संसार । त्यसकारण पहिचानहरू पृथक-पृथक छन् । एउटै हुनै सक्दैन । कसैले एउटैमा जोड गऱ्यो भने बुझ्नु पर्छ त्यहाँ खोट छ । स्वभाविक हो

यो । अन्य भावले हेर्न सकिन्न । अथवा हेर्नु पनि हुँदैन । समभाव र वैयक्तिक भिन्नतालाई आत्मसात गर्ने हो भने त्यो पाटो राम्ररी बुझ्न सकिन्छ । फेरि त्यो बुझ्नु वा बुझ्दै नबुझनु पनि पहिचान नै हो ।

यो अवधिमा ७५ औं खुड्किलो उक्लिइयो । हिंड्न थालिएकाले यतिका वर्ष पूरा गऱ्यो । अझै हिँड्न सक्यो भने अर्को वर्ष केही खुड्किला थपिनेछन्, सकेन भने यतिमै रहनेछ यो पनि सत्य हो । छिटो हिँडेको भए यतिकै समयमा अलि अघि पनि पुग्न सकिन्थ्यो । रहर र इच्छामा हिँड्न थालिएको हो । बस्, यति हिडियो त्यसैमा सन्तोष छ । हिँड्न थालिएको थिएन भने अहिले उक्लिएका खुड्किला पुरा हुने थिएनन् । यो सिद्ध हुन्छ जो हिँड्छ त्यो पक्कै अघि पुग्छ । हिँड्दै नहिँड्नेहरू जहाँको त्यहीँ हुन्छन् ।

कुबाटाकाहरू समेत अगाडि पुगे, कतिपयका सोचहरू छन् । विचार विमर्शहरू छन् । उदाहरणहरू पनि छन् । त्यो अर्को पाटो हो । संसार एउटै बाटोमा हिँड्दैन । एउटै गतिबाट अगाडि बढ्दैन । त्यसै गरी पछाडि हट्दैन पनि । यदि त्यसो हुँदो हो भने त्यसको कल्पनै गर्न सकिन्थेन । सबै एउटै बाटोबाट हिँड्दैनन् । त्यसकारण बाटाहरू अलग अलग छन् । यसअर्थ फरक हिँडाइकाहरू पनि अगाडि पुगेका उदाहरण प्रशस्त छन् ।

धर्तीमा मेरो गति मात्र हिँडाइ हो भन्नेहरूको कुनै कमी छैन । मबाट सुरु भएको चिन्तन ममा नै पुगेर रोकिन्छ । त्यसले हामीसम्म पुग्ने बाटो देख्दैन, पाउँदैन वा भेट्दैन । यो सोच सकारात्मक भए पनि फराकिलो होइन । यसले हिँड्न खोज्नेहरूलाई अघिल्लो दिशा देखाउँदैन । गति पनि सङ्केत गर्दैन । यो चाहिँ हो, म र आफूलाई मात्र चिनाउँछ अर्को पाटो छोपेर भए पनि । यो प्रवृत्ति अगाँल्नेहरूको तर्कले एउटा चिन्तनधारा भने बोकेर हिँड्छ पक्कै ।

गतिशीलता र गतिहीनताका परिभाषा एउटै छैनन् । हुन त होलान् तर ती सर्वसम्मत बन्दैनन् । आ-आफ्ना परिभाषामा बाँच्नेहरूले त्यसलाई स्वीकार्दैनन् यो अर्को चिनारी हो । अझै अगाडि बढ्दा चिन्तन र विचार धारा पनि हो । सोचको परिधि तथा सेरोफेरो समेत हो । त्यसैबाट सुरु हुन्छ जीवनको नाङ्गो, सिङ्गो र यथार्थ पाटो ।

जीव विकासको प्रारम्भिक कालबाटै बाटाहरू फरक-फरक देखिएका छन् । भिन्नताबाटै सबैले आ-आफ्ना चिनारी दिइर हेछन् । हिजोदेखिको यो क्रम आज पनि छ र भोलिसमेत रहनेछ । यसमा कसैको हस्तक्षेपले न हिजो काम गरेको थियो न त आज वा भोलि नै गर्नेछ । यही नै ध्रुव सत्य हो । यसैलाई पछ्याउनेहरू वास्तविक धरातलबाट अगाडि बढ्न सक्छन् अन्यथा त्यसले अर्को निकाश खोज्न जमर्को गर्नुपर्ने हुन्छ ।

सकारात्मक सोच र चिन्तनले अगाडि बढाउने हो मान्छेलाई । यही पाटोमा हिँड्नेहरूले भेटेका छन् लक्ष्य । आफू मात्र हैन अन्य धेरैलाई समेत बाटो देखाएका छन् । यथास्थानमा दृढताका साथ आस्था रोपेका छन् र विश्वासमा उभिएका छन् ।

अनि सिङ्गो परिधि हेरेर मुस्कुराएका छन् । त्यही मार्गमा लाग्न अभिप्रेरित गरेका छन् पछ्याउनेहरूलाई पनि ।

बनिबनाउ बाटोबाट मात्र हिँड्न खोज्नेहरू चाहेको ठाउँमा पुग्न सक्दैनन्, सतप्रतिशत सत्यता छ यस विचारमा । ऐना अगाडि उभिएर आफूले आफैंलाई चिन्न खोज्ने हो भने गाह्रो छैन । यो सत्यतातिर उन्मुख हुने सहज पाटो पनि हो । अनुहारको सच्चा तस्बिर त्यहाँ प्रतिविम्बित हुन्छ । आँट र साहसले पनि काम गर्छ । अठोट तथा उत्सुकता नभई नहुने तत्व हो । आज हामीले चिनेजानेका अनगन्ती नाम त्यही पाटोबाट अगाडि सरेका थिए । ती न कसैले अगाडि सारेका नाम हुन् नत कसैको बुइचढेर आइपुगेका हुन् । आँट, साहस, सोच र इच्छाशक्तिले अगाडि बढाउने हो जो कसैलाई ।

गतिशीलताको अर्को नाम सङ्घर्ष हो । त्यसैलाई सहज रूपमा आत्मसात गर्नेहरू अगाडि पुगेका छन् । बाँचेका छन् । हाँसेका छन् । दुनियाँको नजरमा उच्चासन प्राप्त गरेका छन् । नगर्नेहरू सधैं पछिको पछि नै छन् । आज वा अहिलेको कुरा होइन यो । सृष्टिको आदिकालदेखि कै परम्परा हो । यो अहिलेसम्म जीवित छ र कालान्तरसम्म पनि रहिरहनेछ । यसमा कसैले छेकबार लगाउन सक्दैन । न त गति अर्कोतिरै फर्काउन सक्छ ।

यदि जीवन गतिशीलताको अर्को रूप थिएन भने संसारको स्वरूप अर्कै हुने थियो । संसारमा प्रति सेकेन्ड लाखौंको सङ्ख्यामा जीवहरूको जन्म भइरहेछ । सङ्घर्षविनाको पनि जीवन हुन्थ्यो भने यहाँ आज बस्ने र उठ्ने ठाउँ हुने थिएन । तर स्थिति त्यस्तो छैन वा हैन । तपाईं हामी सहज रूपमा आ-आफ्ना क्रियाकलापमा संलग्न छौं । जीवन र मृत्युको क्रम पनि निरन्तर चलिरहेछ । रोक्न वा छेक्न कसैले चाहेर पनि सकिरहेका छैनन् र सम्भवतः त्यस्तो स्थिति रहने पनि छैन ।

छयत्तर

समय निष्ठा खोजिरहेछ । आस्था र विश्वासको पर्खाइमा भौंतारिइरहेछ । अन्तिम जीत सत्यको हुन्छ भन्ने चिन्तनमा बसिरहेछ मौन तपस्वी जस्तै । मौनतपस्याले उठाएको थियो ऋषिहरूलाई । त्यसैको बलमा बाटो खने उनीहरूले र हिँडाए धेरैलाई । तपाईं हामी पनि जानेर वा नजानेर हिँडिर हेछौं । अलिकति विश्वास र विचार घोल्नेहरू आगाडि पुगिसकेका पनि छन् । आफैंमा हराउनेहरूको बाटो चौबाटोमा गायब भएको छ । आफूलाई आफ्नो प्रेरणाको स्रोत मान्ने हो भने यस्तो धेरै हुन्छ ।

ऊ विचारको पर्खाल विश्वासको फाँटमा उमार्ने र मियो आँगनमा ठड्याउने महत्त्वकाङ्क्षा मनबारीमा उमारेर उभिइरहेछ । बाँच्ने नाममा पलप्रतिपल मरिरहेकाहरूप्रति सद्भावको पाती चढाउन लामबद्ध बनिरहेछ । लहरकै अर्को रूप त हो ऊ । यसले उसलाई सदियौंदेखि चिनाइरहेछ । विश्वासको आगोमा बालिरहेछ । अठोटमा फलाइ रहेछ । न हतारोमा छ न त चटारोमा नै । बस् एउटा योजना छ मनमा त्यसैमा हिँडिरहेछ । त्यसैमा बसिरहेछ । यसअर्थ मनका क्रियाकलापहरूलाई नियन्त्रणमा लिइरहेछ ।

एउटा नियमितता हो जीवन । अनेक पाटोबाट पर्गेल्न सकिन्छ । संसारमा हरेक मानिसका आ-आफ्ना धारणा तथा मूल्य मान्यता छन् । एकले अर्कोलाई रोक्न वा छेक्न सक्दैन । सक्दा आउने परिणाम पनि अकल्पनीय हुन्छ । मानव इतिहासले

त्यसको पुष्टि गरिसकेको छ वर्षौं-वर्षदेखि । आइसकेको परिणाम र भइसकेको कामलाई बिना तर्क विश्लेषण गर्नुको कुनै अर्थ हुन्न । त्यसो गर्नु भनेको आफैंलाई गिजोल्नु हो । औंसा परेको घाउ हेरेर रमाउनु वा निराश बन्नु जस्तै हो । त्यसको सही समाधान त उपचारमा संलग्न बन्नु हो । हामीहरू कतिपय त्यतातिर गइरहेका छैनौं । हिँड्नु पर्ने धेरै बाटा नहिंडेर निहिंड्नुपर्ने र नसोच्नुपर्ने ठाउँहरूमा मनमस्तिष्क रुमल्लिइरहेकै छन् ।

हरेकले बाँच्ने सोचमा हो । चिन्तनमा हो । विचार धारामा हो । आस्थामा हो । सपनामा हो । कल्पनामा हो । आफूलाई छाम्ने बाहानामा हो । चाहनामा हो । अठोटमा हो । उत्साहमा हो । यिनीहरूलाई छातीमा स्थान दिन नसकेको अवस्थामा कसैको कल्पना अगाडि बढ्न सक्दैन । माथिका कुराहरू बाहेकमा मानिसको अवस्थाका बारेमा यदि कसैले कल्पना गर्न लगायो भने म अगाडिको बाटो खोज्न सक्दिन । तपाईंको कुरा तपाईंकै नाममा थाती राख्ने हो भने मैले भन्न सक्ने यति हो । सबैका आ-आफ्ना विशेषता हुने भएकाले यस्तो परिकल्पना गरेको हुँ । यसमा रहने सहमति वा असहमतिका पाटाहरू पृथक् पृथक् छन् ।

विश्वासको धरातल आफै उपलब्ध हुँदैन । त्यसका लागि प्रयत्नको आवश्यकता पर्दछ । त्यसो त खोजी गर्ने हो भने संसारमा अनुपलब्ध हुने कुराको सूची सीमित छ । बस, एउटा उत्साह बोक्ने हो, खुसी र सुखी दुवै हुन सकिन्छ । कोही विमति जनाउँछ भने त्यो छुट उसलाई छ तर त्यो सिङ्गो पाटो भने होइन । आफ्नै कारणले मान्छे विपत्ति, अप्ठेरो, असजिलो, दुःख, कष्ट जस्ता कुराहरूको साथी वा साक्षी बन्छ । अभिलाषा उमारेर अठोटका साथ हिँड्ने आँट गर्ने हो भने त्यसमा अल्झिनु पर्ने दरकार पर्दैन ।

धेरैमा आरम्भमा मन पर्दो गर्ने र फुर्सदमा पश्चातापमा पछारिने प्रवृत्तिले घर गरेको हुन्छ । यदि प्रारम्भिक अवस्थाका पाइलाहरू सोच समझदारीका साथ चाल्ने हो भने कसैले कहीँ पनि भुमरीमा पर्नुपर्ने अवस्था आउँदैन । यी सबै परिस्थितिलाई आत्मसात गर्दै विचारको पखेटामा समय रमाउँदै जान्छ । बुझ्न खोज्छ आफैलाई । सम्भवतः आफूजाई जान्नु बुझ्नु र पर्गेल्नु नै जीवनको उपलब्धि हो ।

बाँच्ने नाममा पलप्रतिपल मरिरहेकाहरूप्रति सद्भावको फूल चढाउने एउटा बृहत् योजना नै छ । अर्थात् बनाएको छ । सफलता वा असफलताको पाटो अर्कै हो । खोजी गर्दा त्यो भेटिन्छ । तर नखोजी फेला पर्दैन । त्यसो त खोजेर पाइएका वस्तुहरू मात्र स्थायी रूपले उपभोग्य हुन्छन् । यसै फेला पारेको त कसिङ्गर सरह नै हुन्छ । काम लाग्छ पनि र लाग्दैन पनि । त्यसको सार्थक मूल्य हुँदैन भन्दा पनि हुन्छ । विचारको पर्खाल ढलेपछि मान्छेको अस्तित्व लोप हुन्छ । यस्तो धेरैतिर देखिएको छ । भोलि त भन्न सकिन्न आजसम्म भएको छ । बस् यो नै आजको उदाहरण हो जीवन यात्राको ।

यो क्रम आजको होइन । हिजैको हो । अस्तित्वकै हो । अझै अगाडि जान सकिन्छ । इतिहास हुनेहरूको खोज्न सकिन्छ । पर्गेलन सकिन्छ । बुझ्न सकिन्छ । बुझाउन सकिन्छ । नहुनेहरूको फेला पर्दैन अर्थात् खोज्नु नै बेकार हुन्छ । हो, अझै अगाडि बढ्दा त्योभन्दा पनि अघिल्लो हो । यति बेला वा यतिखेर हो भनेर मिति तोक्न सकिन्न किनकि त्यसका निम्ति गहिरो खोजको आवश्यकता छ । हिजो अस्ति थिएन होला तर आज छ र

भोलिको निम्ति पनि रहनेछ । अङ्गहरूलाई नियन्त्रण बाहिर राख्ने हो भने बेग्लै कुरा हैन भने अनुमानको भरमा कुनै पनि कुरामा सहमति अथवा असहमति जनाउनु सत्यको निकट पुग्न खोज्नु हुँदै होइन ।

बाँच्नु र जीवन कटाउनुमा अन्तर छ । यसले बाँच्न चाहनेहरूलाई अगाडि बढाइरहेछ । यदि यी दुई बिचमा भेद रहन्थेन भने सायद आज संसारको रूप अलग हुन्थ्यो होला । पृथकताले नै मान्छेहरूलाई अथवा बाँच्न चाहनेहरूलाई हिँडाइरहेछ । कहिलेसम्म ? भन्ने प्रश्नको उत्तर नखोज्ने हो भने यो एउटा अवस्था मात्र हो । सोचेको सबै पुग्छ । यो एउटा दुईटाको मात्र होइन । धेरैको हो । हज्जारौं, लाखौं र करोडौंको पनि हो । हिँड्दै जाँदा अरबौंको पनि भन्नुपर्ने हुन्छ तथापि बाटो भत्किएको छैन र विचार मक्किएको पनि छैन । हिँड्ने हो अनि मात्र पुगिन्छ सोचेको ठाउँ । यदि पुगिएन भने पनि प्रयास जारी राख्नुपर्छ । यो जीवनको नवीन चिन्तन र विश्वासिलो एउटा रहरलाग्दो धरातल समेत हो ।

मान्छे केमा बाँच्छ ? समय सोचिरहेछ । आस्था, विश्वास र विचारमा आगो झोसेर ऊ कति दिन हिँड्न सक्छ ? कसैका मनमा विविध प्रश्नहरू जन्मन्छन् । तिनीहरूलाई ऊ मज्जैले जन्मदिन्छ । वास्तवमा जन्म रोक्नु हुँदैन । हिँड्न दिनुपर्छ र विश्वासको पाटोमा घोरिन पनि दिनुपर्छ । पानी पर्नुपर्छ । घाम लाग्नुपर्छ । आँधीबेहरी आउनुपर्छ । हावाहुरी चल्नुपर्छ । विचारका शृङ्खलाहरूले निर्वाधरूपमा हिँड्न पाउनुपर्छ । रोक्ने वा छेक्ने प्रयास हुनुहुँदैन ।

निश्चय पनि गन्तव्यको खोजीमा झिल्काहरू रोपिनुपर्छ । गोडमेल गरिनुपर्छ । झारपात उखालेर किटनाशक औषधी प्रयोग गरिनुपर्छ । कसै वा कहींबाट पनि बाटो बथानिनु हुन्न । बाटो जीवन हो । जीवनधारा हो । गन्तव्य हो । प्राप्ति र उपलब्धि हो । विश्वासको धरातल हो । त्यहींबाट विचार पलाउँछ । विश्वास अघिल्लो बाटो हिँड्छ । हिँड्न प्रेरित गर्छ । दियोमा सलेदो हो, तेल थप्दै जलिरहन प्रोत्साहित गर्छ । समय सन्दर्भमा पखेटा खोज्दै यात्रालाई निरन्तरता दिन उत्साहित तुल्याइरहन्छ । विश्वासमा भऱ्याङ उक्लदै अस्थाको पर्खाल हरहमेसा ठड्याइरहन्छ अनि उचाइको शिखरतिर लाग्न हौस्याइरहन्छ-रौस्याइरहन्छ ।

बाँच्ने उपक्रममा मनलाग्दो गर्ने छुट कसैलाई हुन्छ ? एउटा प्रश्न । गर्नु हुँदैन किन ? अर्को प्रश्न । अर्थात् जसरी पनि बाँच्नु उपयुक्त हो त ? त्यस्तो बाटो रोजियो भने कता पुगिएला ? एउटा चित्र छ मनमा । आज गर्न खोजिएको काममा वैधानिकता छ ? हिजो पिता पुर्खाले गरिदिएको भए के हुन्थ्यो ? समय कहिलेकाहीँ एकान्तमा घोरिन्छ । कुण्ठा र प्रतिशोधले मानिसलाई कहाँ पुऱ्याउँछ ? जित्ने नाममा जे गर्दा पनि हुन्छ । खुनको बदला खुनै हो ? सत्यको बाटो समातेर अगाडि बढ्न सकिन्न ? यदि सकिन्न भने त बेग्लै कुरा, सकिन्छ भने किन आत्मसात गरिन्छ ?

'जस्तालाई त्यस्तै- ढिँडोलाई निस्तै' गर्ने प्रवृत्ति सकारात्मक सोच हो त ? समय घोरिन्छ र कल्पना सागरमा चुर्लुम्म डुब्छ । मनलाई सम्झाउँछ, सकारात्मक सोचले मात्र मानिसलाई अगाडि हिँडाउँछ र विचारको पर्खालबाट माथि पुऱ्याउँछ तर... छातीमा विभिन्न आकृतिका विम्ब प्रतिविम्ब उपस्थित हुन्छन् । अनायास मन खजमजिन्छ । यथाशीघ्र निर्णयमा पुग्न सक्दैन तथापि सोच सागरको खहरेमा नुहाउन बाध्य बन्छ । त्यसैको कारण परिवर्तन भएको छ समाज । आस्थामा आगो नझोसिएको पनि

हैन । विश्वास बगेका समेत छन् खहरेका भेलहरूमा । मज्जैले देखिएको छ त्यो परिदृश्य । कहिलेकाहीँ त दृश्यबाट टाढा भाग्छ समेत ।

एकाथरी चिच्याए, उसले पहिले यथार्थता ठम्याउन सकेन । अलमलियो बिच बाटोमै । अगाडिको यात्रा तय हुन सकेन । टोलियो मानिसहरूको ठुलो जमातमा समेत । भीड विशाल थियो । उपस्थितहरू तँछाडमछाड गरिरहेका थिए । सबैका आ-आफ्ना आलाप थिए । रागतान थिए । विचारका पर्खाल र विश्वासका धरातल थिए । आस्थाका जञ्जाल अनि अनिकालका पराकाष्टाहरू थिए । उसलाई अचम्म लाग्यो । हिजो एक आपसमा मारामार गरेकाहरू समेत यतिखेर अङ्कमालमा निमग्न छन् । म्वाई साटासाटमा तल्लीन छन् । अपत्यारिलो छ दृश्य तथापि हेर्न विवश छ ।

विगतका आला घाउहरूमा उकुच पल्टिरहेछ । औषधी उपचारले काम गरिरहेको छैन । मानसिक बिरामीहरूको संख्यामा समेत ठुलो छ । घर भत्किएको छ । मन भाँचिएको छ । विचार बगेको छ । विश्वास उडेको छ । आस्थामा खिया लागेको छ । अठोटमा धमिराले घर बनाएको छ । विचारको अत्तोपत्तो छैन । आफूले आफूलाई चिन्नै नसक्ने स्थिति उत्पन्न छ । जान्ने, बुझ्ने र गर्ने पाटो त झन् अर्कै भयो । विषम परिस्थितिले राज गरेको छ । ती आफूलाई बाँचेको मान्न सकिरहेका छैनन् । स्वघोषण गरिरहेका छन् जीवनको परिधिभन्दा टाढको । आफूलाई बिर्सिएर बाँच्नु उसको विचारमा मृत्यु हो । अस्तिदेखिको यही परिकल्पनालाई पूर्णता दिनको निम्ति होमिएको हो नयाँ बिहानीको प्राप्तिमा ।

समय अचम्मियो । अप्ठेरो महसुस पनि गर्‍यो । प्रारम्भिक अवस्थामा त मनले प्रश्नहरू जन्माउनै सकेन । थारो मन भित्र मज्जाले हरायो । त्यसको पनि आनन्दको पाटो हुन्छ । पाटोभित्रै ढलीमली गरिरह्यो । पाइला अर्थात् गन्तव्य कुनै दलदल वा धारमा नफसेको महसुस गर्‍यो । यदि त्यस्तो हुने हो भने हामीहरूबिचमा किन यति लामो बार लगाइयो । हताहतीको अर्थ के हो । रूप, रङ्ग तथा आकारमा किन लगाउन खोजियो छेकारबार । प्रश्नहरू जन्मे एकाएक । उत्तर खोज्नु त के कल्पनासम्म गर्न सकेन । आजै जसरी सद्भावको बिरुवा अन्तरकुन्तरमा छरिदिएको भए त्यति धेरै जीवनहरूले क्षत विपक्षत बन्नुपर्ने थिएन । आजकै लागि हो त त्यति गरिएको ? भोलिको लागि बाँच्ने कल्पना र सोच छातीमा उमार्न नसक्नेले कसरी देख्छन् पर्सिको बाटो ?

अगाडि पुग्ने वहानामा इच्छा मुताविक पाइला चाल्दै जाने हो भने निष्ठा भन्ने वस्तु संसारमा नरहला । निष्ठा बिना गरिएका काम कारबाही भविष्यको मार्गदर्शक बन्नै सक्दैनन् । हिँड्ने र पुग्ने लक्ष्य सबैको हुन्छ तर त्यसका पनि त उद्देश्य, लक्ष्य तथा पद्धतिहरू छन् नि । मनभरि लागिरह्यो । आफैंलाई चिमोट्यो । मुखबाट कुनै पनि शब्द प्रस्फुटित हुन दिएन । घोरिएर चुपचाप हेरिरह्यो क्षितिजपारि पुगेको घाम ।

उसलाई परिवेश अप्ठेरो बाटोतिर हिँडेको आभास भयो । कल्पना बाहिरको स्थितिमा पुग्न खोजेको पनि सम्झ्यो । हिँड्न दुवै बाटोबाट सकिन्छ तर ती जीवनवादी हुन् कि हैनन् यही मात्र हो मूल प्रश्न । उचाइका निम्ति यात्रा शुभारम्भ गरेका पाइला अझै त्यता पुग्न सकिरहेका छैनन् । विविध अप्ठेरा, असजिला र कठिनाइहरू जटिलता बोकेर उभिइरहेछन् । हो, ती हिँड्न लागेको धेरै भयो । हिंडिरहेका पनि छन् । बाटो

कुन हिँडे र कस्तो हिँडे त्यो अलग पक्ष हो । निरन्तरता गन्तव्यमा पुग्ने सरल रेखा त हो तर केवल निरन्तरताले मात्र त्यहाँ पुग्न सकिन्न । यदि त्यस्तो हुन्थ्यो भने आज संसारको चिनारी पृथक् भइसक्ने थियो ।

केको लागि हिँड्ने र कहाँ पुग्ने भन्ने विषयको टुङ्गो लगाउन सकिएको खण्डमा हिँडाइ कहिल्यै पनि गतिहीन बन्न सक्दैन । त्यसले त भनिएको हो नि गतिशील यात्राका निम्ति निरन्रता आवश्यक हो भने कुण्ठा र आक्रोशको अगाडि निष्ठाको कुनै अर्थ छैन र हुँदैन पनि । हिँड्नेहरूले सोच्ने, गम्ने र पछाडि फर्किएर अगाडिको बाटो तय गर्ने समय आइपुगिसकेको छ ।

सतहत्तर

अचम्म मान्यो । पत्याएन पहिले । आँखा घुमायो । विचार पोख्यो । आफैंभित्र । परिस्थिति खोतल्यो । खोजी

रह्यो । परिवेश चिहायो । थोत्रिएन प्रयास । आस्था छाम्यो । विचार हल्लायो । विश्वास छाम्यो । दृष्टि पोख्यो । अठोट बगायो । कोशी जस्तै । गण्डकी जस्तै । कर्णाली जस्तै । महाकाली जस्तै ।

हराउने मन । कराउने मन । डराउने मन । चहराउने मन । पोखिने मन । दुख्ने मन । दर्फरिने मन । हार्ने मन । हराउने मन । सफल मन । असफल मन । हिँड्ने मन । बस्ने मन । भत्कने मन । भत्काउने मन । पोखियो छरपस्ट । खोजेन टिप्न । बग्न दियो । सोचेन केही । गमेन केही । मग्न भयो । अठोटमा हरायो । माटो जस्तै । बगाउनेहरू हाँसे । तर ऊ । सोचमग्न बन्यो । बक फुटेन । तृष्णा लहरिएन । गन्तव्य पहिलेन ।

पानीको हाहाकार । बाढीको हाहाकार । डुबानको हाहाकार । राहतको हाहाकार । तनाब हाहाकार । जाँगरको हाहाकार । विश्वासको हाहाकार । स्वार्थको हाहाकार । तृष्णाको हाहाकार । अहङ्कारको हाहाकार । विचलनको हाहाकार । आदानप्रदानको हाहाकार । तृष्णाको हाहाकार । सबैतिर हाहाकार । हाहाकारको राज्य । हाहाकारको खटनपटन । अस्तव्यस्तताको हाहाकार । परिस्थितिको हाहाकार । तलतल पानी । माथि-माथि तिर्खा । चारैतिर अनाज । मौलाएको भोक । भकारीमा मृत्यु । खोलामा तिर्खा ।

बोल्नेहरू देख्दैनन् । देख्नेहरू बोल्दैनन् । बलिरहेछ आगो । निभाउँदैनन् कोही । थप्छन् दाउरा । अझै झिक्रामिक्रा । ध्यान मुद्रामा । हराउँछन् विचार । कराउँछन् आस्था । बल्छन् सपना । जल्छन् अठोट । केवल हाँस्छन् । त्यो सङ्ख्या । एक होइन । दुई होइन । धेरै-धेरै । अझ धेरै । मिल्दैन गन्न । सकिन्न भन्न । आकाङ्क्षा भित्र । डुबिरहेछ खोलो । विचारको भित्र । हराइरहेछ मान्छे । बनेर रमिते । हेरिरहेछु म । तपाईंहरू आउनोस् । मिलेर हेरौं । हामी रमिते । आदेशको प्रतीक्षा । हराइरहेछौं त्यसैमा । उम्कने प्रयत्न । गरेकै छैन । धानिरहेछौं परम्परा । त्यसैको निम्ति । बाँचेका छौं हामी । सम्भवतः बाँच्दै छौं ।

ल्याउनोस् सलाई । बटुल्नोस झिक्रा । कुविचार जलाउँ । कुदृष्टि फालौं । कुचिन्तन भत्काउँ । नयाँ बाटो । प्रण गरौं बनाउने । अठोट गरौं हिंड्ने । पुग्नु पर्छ । गरेर बोलौं । गरेर भनौं । काम गरौं । कुरा नगरौं । काममा रमाउँ ।

मज्जैले खेलौं । आनन्दले हराउँ । त्यसैमा डुबौं । सग्लो पाटो । अग्लो बाटो । एउटा अठोट । उमारौं छातीमा । जिन्दगी त्यसैमा । भेटिन्छ पक्कै । रोजेको चिन्तन । पाइन्छ साँच्चै । आफ्नै विश्वास । बोकौं मुटुमा । पाइला टेकौं । आँटौं हिँड्न ।

त्यसैमा बगौं । बग्नुको मज्जा । अर्कै हुन्छ । आत्मसात गरौं । नफर्कौं पछाडि ।

अठोट बग्यो । उसका प्रयासहरू । गएनन् थाम्नेतिर । किन थाक्ने । किन रोक्ने । घाटा-नाफा । जोख्यो तराजुमा । पालो-पालो । तल-माथि । भयो तराजु । यता सम्झ्यो । उता सम्झ्यो । वर सम्झ्यो । पर सम्झ्यो । सम्झदै गयो । कल्पदै गयो । यता-उता । ढल्कियो तराजु । तलमाथि । झसङ्ग-झसङ्ग । बन्यो मन । घुमे आँखा । पोखियो दृष्टि । हल्लियो सोच । छचल्कियो आत्मा । छ्यालब्याल चिन्तन । बनायो आफैं । हरायो आफैं । करायो आफैं । चहरायो आफैं ।

ट्वालट्वाल्ती हेरौं । मुख थुनौं । आँखा छोपौं । बोल्दै नबोलौं । हिँड्दै नहिँडौं । उठ्दै नउठौं । केवल बसौं । केबल सुतौं । त्यसैका निम्ति । गरौं प्रयत्न । सम्पूर्ण प्रयासहरू । रोक्नतिर गन्तव्य । लाग्दै गए । जाँदै गए । बढ्दै गए । हेर्दै गए । बस्दै गए । थाक्दै गए । देख्दै गए । छोपौं आँखा । थुनौं मुख । बाँधौं हात । ठिङ्गुराउँ खुट्टा । हैन भने । चिनौं आफैलाईं । खोजौं आफैलाई । समेटौं आफैलाई । टकटक्याउँ आफैलाई । छिरोलौं आफैंलाई । समेटौं आफैलाई । जमाउँ आफैंलाई । बगाउँ आफैंलाई । छेकौं आफैलाई । हिँड्ने बाटो । नगरौं बन्द । नयाँ खोलौं । खोज्दै जाऔं । समाउँदै जाऔं । बनाउँदै जाऔं । विकास निर्माणमा । नगरौं अवरोध ।

छेकिन्न सूर्य । बिचरा हत्केलो । कापमा जेलियो । पहरोमा पेलियो । अठोटमा पोखियो । देखिंदै गयो ।

हराउँदै गयो । निरन्तर हेऱ्यो । संयोग भन्यो । भन्नै हो । नियतिमा पोखियो । हुने भयो । हुँदै गयो । अचम्म सम्झ्यो । तर पनि । छाडेन बाटो । हिँड्न छाडेन । बस्न छाडेन । बढ्न छाडेन । सँगाल्न छाडेन ।

एउटा आस्था । एउटा विश्वास । एउटा सपना । एउटा कल्पना । एउटा अपेक्षा । बोक्छ मान्छे । एउटा दियो । बाल्छ सधैं । एउटा तृष्णा । एउटा अठोट । एउटा महत्त्वकाङ्क्षा । बोक्नुपर्छ । रित्तो अभिलाषा । खाली मान्छे । खोक्रो दृष्टिकोण । हिँड्छ पनि । तर पुग्दैन । बोल्छ समेत । आवाज आउन्न । भन्न सकिन्न । बुझ्न सकिन्न । केवल खेलौंना । मदारीको गोजी । त्यसको सपना । हुन सक्दैन । सपना बिनाको । मान्छे हुन्न । खेलौना हुन्छ । अर्काले चलाउँछ । अर्काले हिँडाउँछ । अर्काले देखाउँछ ।

हामी मदारी । ऊ चटकी । नचाउँछ मज्जाले । हामी नाच्छौं । हसाउँछ विस्तारै । हामी हाँस्छौं । त्यो जित्छ । हामी हार्छौं । त्यसले समात्छ । हामी समातिन्छौं । त्यसले कज्याउँछ । हामी कजिन्छौं । तर बुझ्दैनौं । जान्दैनौं पनि । इसारा भित्र । मज्जाले खिलखिलाउँछौं । पेट मिच्छौं । आँसु बगाउँछौं । खुसीको आँसु । उमंगलको आँसु । हौसलाको आँसु । अज्ञानताको आँसु । कहिलेसम्म कुन्नि । अनभिज्ञ रहन्छौं ।

मान्छे भित्र । जिजीविषा हुन्छ । विचार हुन्छ । दृढता हुन्छ । हिँड्न खोज्छ । बोल्न खोल्छ । उठ्न खोज्छ । गन्तव्य बनाउँछ । सपना देख्छ । मजाले रोप्छ । सपना देख्ने । पुग्छ अगाडि । सपनाको बाटो । सपनाको माटो । सपनाको अठोट । सपनाको गति । सपनाको भविष्य । सपनाको जीवन । जीवनको सपना । बाँच्ने आधार ।

चिनिएन त्यो । निरन्तर प्रयास । छोडिएको छैन । विचार बाल्यो । खरानी पाऱ्यो । मुसुक्क हाँस्यो । अक्मकायो पनि । एकछिन अड्कियो । केही गम्यो । मुन्टो हल्लायो । आँखा घुमायो । खुट्टा हल्लायो । अगाडि हेऱ्यो । बढाउन सकेन ।

जोड गऱ्यो । काम लागेन । दाह्रा किट्यो । प्रयत्न छाडेन ।

असहज लाग्यो । सक्दै सकेन । कठिन भयो । प्रयास छाडेन । चुकचुक गऱ्यो । विगत सम्झ्यो । बाँडेका सपना । लगाएका धाकधम्की । देखाएको डर-त्रास । एकाएक मनभित्र । अनायास तनभित्र । हराएको विश्वासभित्र । आफ्नै आँखाभित्र । सागरको सोचभित्र । भित्री अन्तर-कुन्तर...। त्यतैतिर-त्यतैतिर ।

लगाएको आगो । बलेको जिन्दगी । इसाराको काम । बितेको समय । बगेको माटो । बद्लिएको परिभाषा । बर्बादीको विगत । खजमजिएको वर्तमान । दिशाहीन भविष्य । आवाज बने । बाटो मागे । पाटो मागे । माटो मागे । निरन्तर ऊ । बोल्न सकेन । मौन देखियो । मौनता भित्र । वर्तमान थियो । वर्तमान भित्र । ऊ थिएन । छँदै थिएन ।

अठहत्तर

एउटा मान्छे । मेरो अगाडि । उभिए ठिङ्ग । शान्त देखिए । आँखा जुधे । हाँस्न खोजें । उनी बोलेनन् । फलैचा देखाएँ । बस्नोस् हजुर । ओठ खुल्यो । हेरें एकछिन । सङ्केत दोहोऱ्याएँ । उनी बसेनन् । बकै फुटेन । मलाई हेरे । एकछिन घोरिए । अहँ बसेनन् । दिएनन् प्रतिक्रिया । शान्त वातावरण । शान्त थियो । परिवेश खल्बलिएन । उनी उभिरहे ।

बोकेका रहेछन् । एउटा पोको । भुईंमा राख्नोस् । दोहोऱ्याएँ आग्रह । कर्तव्य थियो । अतिथि थिए । सनातनी म । त्यस्तै विचार । त्यस्तै चिन्तन । त्यस्तै विश्वास । त्यस्तै आधार । पुर्खाको रगत । रगतको मूल्य । बन्दिन कृतघ्न । यस्तै सोचमा । अहिलेसम्म बाँचिरहेछु । बाँडिरहेछु विश्वास । हिंडिरहेछु बाटो । सचेत पाइला । थाकेका छैनन् । हारेका छैनन् । विचलनमा छैनन् । हुँदैनन् पनि । मनमा एउटा । सिङ्गो सङ्कल्प । बोकेको छु । बोकिरहन्छु ।

आक्रोशको पोको । बोकेर काँधमा । उभिइरहेछन् उनी । आग्रह तेहेऱ्याएँ । निकट आए । यसपटक बल्ल । मुसुक्क हाँसे । एकाएक अनुहार । अँध्यारो बन्यो । झसङ्ग भएँ । किन होला । जन्मियो प्रश्न । एकान्त समय । हल्लियो टाउको । तर्सियो मन । देखाएँ चकटी । बल्ल हल्लिए । थुचुक्क बसे । कृतज्ञ चकटी । हेरेर म । सन्तुष्ट भएँ ।

एकपटक हाँसे । छक्किएँ म । अलमल्ल परें । उनको मुहार । बन्यो तम्तम्याइलो । पलेटी कसे । ‘उत्तर नदिनोस् । म छाड्दिन । तपाईंका कुरा । तपाईंका विचार । तपाईंका धारणा । सबै मिथ्या । सबै असत्य । कामै नलाग्ने । पछि हटाउने । अगाडि रोक्ने । हिंड्न नदिने । बढ्न नदिने । धिक्कार तपाईं । दिनोस् उत्तर । म छाड्दिन । तपाईंको तागत । तपाईंको बलबुता । देखाउनोस् अब । नत्र भने... ।’

अरू भन्नोस् । भन्दै जानोस् । खाली हुनोस् । स्वतन्त्र हुनोस् । हलुको हुनोस् । अर्काको भारी । अर्काको विचार । अर्काको चिन्तन । अर्काको सोच । अर्काको देखासिकी । जम्मै छाड्नोस् । तपाईंको हित । तपाईंको भलाइ । तपाईंको उन्नति । तपाईंको प्रगति । त्यसैमा भेटिन्छ । नलाग्नोस् चुप । त्यसले दुःखाउँछ । बाटो बिगार्छ । विश्वास कुहाउँछ । अवनतितिर हिँडाउँछ । त्यसकारण सोच्नोस् । मज्जाले गम्नोस् । सुन्ने पालो । यतिखेर मेरो । त्यसपछि तपाईंको । हुन्छ म । तयार छु । भन्दै जानोस् । जाँदै भन्नोस् । धैर्य छाती । धैर्य मन । धैर्य आँखा । धैर्य विचार । बोकेर

म । हो बाँचिरहेछु ।

बोल्न थाले । अलिकति खुले । धक फाले । सङ्कोच फाले । असहजता फाले । अलिकति हाँसे । अझै उकासें । उत्प्रेरित गरें । मज्जाले हौस्याएँ । उनी रौसिए । पहिला मेरो । पछि तपाईंको । सहमत छु । उनले भने । म हाँसें । उनी मुस्कुराए । अकमक्कियो वर्तमान । सुरु गर्नोस् । ढिला नगरौं । समय हिँड्छ । उसले कुर्दैन । समात्नुपर्छ । पछ्याउनुपर्छ । आग्रह गरें ।

बोल्न थाले । जुरुक्क उठे । 'केही छैन । छँदै छैन । देशले दिएन । देशले सघाएन । माया गरेन । प्रेम सिकाएन । सद्भाव बाँडेन । सहकार्य गरेन । हाँस्नेहरू हाँसिरहेछन् । रुनेहरू रोइरहेछन् । भोकाहरू भोकाइरहेछन् । अघाएकाहरू अघाइर हेछन् । हिँड्नेहरू हिँडिरहेछन् । बस्नेहरू बसिरहेछन् । सुत्नेहरू सुतिरहेछन् । गर्नेहरू गरिरहेछन् । यो भएन । मन परेन । राख्नुपर्थ्यो । बसाउनुपर्थ्यो । यस्तो हुँदैन । अघि पुगिन्न । नियम बनेन । पालना भएन । ध्यान दिइएन । किन यस्तो । यो माटो । यो देश । खाली छ । रित्तो छ । केही छैन । छँदै छैन ।'

मजाले भने । बेलगाम बोले । अलिकति हिचकिचाएनन् । मानेनन् धक । आएको बोले । जानेको बोले । बुझेको बोले । सम्भवतः हलुङ्गिए । तर सम्हालिएनन् । त्यसैले बोलिरहे । भनिरहे । आफू रित्तो । केही नभएको । अरू भरिलो । सबैतिर परिपूर्ण । राग गाए । अलाप ओकले । सिद्धियो अब । मैले सोधें । विस्तारै अनकनाए । छाडेनन् बोल्न । ओगली रहे । सुन्दै गएँ । भन्दै रहे । प्रोत्साहित गरें । उत्साहित तुल्याएँ । रित्याउन खोजें । त्यही उद्देश्य । बोकेको थिएँ । छैन भन्नेहरू । होइन भन्नेहरू । रमाउँछन् त्यसैमा । रमाउन दिएँ । हाँस्न दिएँ । सिद्धियो अब । ल भन्नोस् । तपाईंको कुरा । पुनः सोधें । साँच्चै सकियो । टाउको हल्लाए । मुख खोलेनन् ।

देशले दिएन । मैले मानें । देशले बुझेन । स्वीकार गरें । साँच्चै हो । अन्याय भयो । न्याय हरायो । तपाईंको आरोप । माने मैले । सधैं हैन । एकछिनको लागि । मात्र एकछिन । थन्क्याऔं त्यसलाई । पछि झिकौंला । छिनोफानो गरौंला । मस्काएर पखालौंला । खोजौंला विकल्प । खोजे भेट्टाइन्छ । पाइएका छन् आजसम्म । प्रकृतिको नियम । दुविधा छोडौं । विचारहीनता त्यागौं ।

प्यारो देश । तपाईंमार्फत् । के पायो । के भयो । के गर्नुभो । दिनोस् उत्तर । उसले दिएन । तपाईंले दिनोस् । गुन लगाउनोस् । मेख मार्नोस् । कुरा नगर्नोस् । काम गर्नोस् । तपाईंको साथमा । तपाईंको हातमा । तपाईंको माथमा । तपाईंको चिन्तनमा । तपाईंको कल्पनामा । तपाईंको विश्वासमा । भएको दिनोस् । दिनुपर्छ साँच्चै । तपाईंको कर्तव्य । तपाईंको दायित्व । तपाईंको जिम्मेवारी । पूरा गर्नोस् । अधिकार खोज्नोस् । दायित्व नभुल्नोस् । एकोहोरो हुन्न । दोहोरो हुन्छ ।

एक्लो म । नभन्नोस् कहिल्यै । हामी भन्नोस् । हाम्रो भन्नोस् । उत्तरदायित्व सम्झनोस् । सकरात्मक सोच । पाल्नोस् मनमा । नकारात्मक दृष्टि । फाल्नोस् छातीबाट । अनि तपाईं । तपाईं हुनुहुन्छ । तर यतिखेर । तपाईंभित्र त । परचक्री छ । राज उसैको । काज उसैको । सपना उसैको । तपना उसैको । राम्रो उही । पराक्रमी उही । इमानदार उही । न्यायिक उही । दयालु उही । तपाईंको मन । हराएको छ । उही भित्र । उसैभित्र । कुभावना बोकेर । हिँड्दै हुनुहुन्छ ।

एउटा प्रश्न । जबर्जस्त छातीमा । वर्षौंदेखि । बसिरहेछ । हिँड्न मान्दैन । सोध्छ प्रश्न । एकपटक हैन । बारम्बार

बारम्बार । मसँग उत्तर । अँह छैन । निरुत्तर छु । अनुहार उसको । सम्झन सक्दिनँ । उही प्रश्न । उस्तै भावना । आउने गर्छ । पुनः पुनः ।

तपाईं हजुर । देशको निम्ति । के गर्नुभो । के पायो । दिएन अरे । मैले मानें । अनि तपाईंले । कसरी दिनुभो । के दिनुभो । दिनोस् जवाफ । हैन भने । बोल्न छाड्नोस् । आफूलाई छाम्नोस् । आफूलाई गम्नोस् । तपाईंको काम । मात्र लिने । सधैं लिने । मुख सम्हाल्नोस् । विचार माझ्नोस् । मुख थुन्नोस् ।

हैन भने । गाली नगर्नोस् । जानोस् इच्छामा । ऐल्यै जानोस् । हिँड्नोस् अहिल्यै । बस्ने अधिकार । छैन तपाईंलाई । छिनभर नबस्नोस् । अधिकार खोज्ने । कर्तव्य नदेख्ने । सम्मान चाहने । दिन नसक्ने । कृतज्ञ तपाईंहरू । मृगमरिचिका बोकिरहने । जाँगर नभएको । विश्वास नरहेको । धिक्कार तपाईंहरू । विदेशी सपना । बोक्ने तपाईंहरू । माटो निम्ति । मायाँ बोक्नोस् । मायाँ खोज्नोस् । प्रेम खोज्नोस् । सद्भाव खोज्नोस् । तागत खोज्नोस् । दिनसक्ने खोज्नोस् । लिने मात्र । होइन कर्तव्य । त्यसकारण दिनोस् । दिनैपर्छ । माटोको निम्ति । गर्नुपर्छ सबले । यसैमा हाम्रो । हित छ । प्रित छ ।

उनान्असी

भ्यालेन्टाइन डेमा रम्नेहरू हामी कहाँ पनि प्रतिवर्ष बढिरहेछन् । बढ्नुलाई प्रगतिको शृङ्खला ठान्ने हो भने उत्साहित हुनुपर्ने स्थिति पनि छ । विश्वका विभिन्न स्थानहरूमा मनाइने यो परम्परा हामी कहाँ भित्रिएको भने धेरै भएको छैन । थोरै समयमै यसमा रम्ने रमाउनेहरूको सङ्ख्यामा निर्बाधरूपमा बढोत्तरी भैरहेछ ।

यो प्रचलनको आफ्नै परम्परा होला । परिस्थिति र परिवेश होला । इतिहास र त्यसले खोजेका बाटाहरू पनि होलान् । यहाँ विगत खोतल्ने र कथा बनाउने उद्देश्यले प्रसङ्ग उप्काइएको होइन । मात्र सन्दर्भ कोट्याउन खोजिएको हो । फेरि आफूलाई चटक्कै बिर्सेर अरूलाई खोज्ने, जान्ने र बुझ्ने पक्षमा यो पङ्तिकार छँदै छैन ।

मेरो खोजी मबाटै सुरु गर्नुपर्छ । त्यसैले सर्वप्रथम म आफैंलाई खोज्छु । आफैंलाई सुधार्छु । आफैंलाई बनाउँछु । आफैंलाई बुझ्छु । मर्मत सम्भार गर्छु । गल्ली बनाउँछु । फड्के हाल्छु । सोच निर्माण गर्छु । सपना देख्छु । यथार्थीकरणतिर पाइला बढाउँछु । कम्मर कस्छु । अठोट पकाउँछु । विश्वास बाल्छु । विचारको बिरुवा गोडमेल गर्छु ।

आफूलाई ऐनामा हेर्छु । मज्जाले घोरिन्छु । सोचमा जम्छु । दृढतामा हराउँछु । गतिशीलताको परिभाषा समेट्छु । आफ्नै परिधिले निर्माण गर्छ बाटो । रोज्छ पाटो । उत्साहित तुल्याउँछ । भन्छु-हिँड्नु आफैंलाई खोज्नु हो । जे पनि खोजेमा पाइन्छ । संसारको रीति हो त्यो । । जसले खोज्छ त्यसले अवश्यै फेला पार्छ ।

'लोभीहरू रहेसम्म ठगहरू बाँचिरहन्छन्' कसैले कानमा खुसुक्क भन्यो । अकमक्किएँ मज्जाले । एकजना खिसिक्क हाँस्यो । अझै रहस्यमय बन्यो उसको बोली । ठम्याउन हम्मे-हम्मे पर्‍यो । अन्त्यमा मलाई पनि हाँसो उठ्यो । हो त, ऊ सत्य बोल्दै छ । जीवनयात्रामा भोगेका हुन् ती कुरा । बुझेका हुन् विषय । धन्यवादको शैलीमा टाउको हल्लियो मेरो ।

आफ्नो केही नजाने पनि अरूको जान्ने, बुझ्ने र समझदार बन्नेहरूको ठुलो सङ्ख्या छ हाम्रोमा । अर्ती, उपदेश,

सल्लाह र सुझाउ खोजिदैन । नखोजे पनि लिन सके बोरैमा पाइन्छ । आफू लिंदैनन् तर अरूलाई दिन्छन् । आफू सुध्रदैनन् तर अरूलाई सुधार्न मरिमेट्छन् । आफ्नो जान्दैनन्, बुझ्दैनन् र खोज्दैनन् । अरूको खोज्छन् । खै, किन गरिन्छ त्यस्तो ? यसै हो भन्न सक्ने स्थितिमा म पनि छैन ।

नेपाली भूमि बाँझो छाडेर विदेशको सपना देख्नेहरूसँग छैन कुनै पनि उत्तर । आफ्नो कुनै पनि कुरा नराम्रो तर अरूको सबै राम्रो भन्नेहरूलाई फेरि केही भनिरहनु आवश्यक छैन । हो कर्णाली, कोशी वा नारायणीलाई जसरी मुहानतिर फर्काउन सकिन्न त्यसैगरी ती सोचहरू परिवर्तन गर्न पनि सकिन्नन् । सपना किनेकाहरू आस्थामा हराउँछन् । विचारमा पोखिन्छन् । विश्वासको खाडलमा नराम्रोसँग जाकिन्छन् । उनीहरूलाई उद्धार गर्नु भनेको आफ्नै विरुद्ध खाडल खन्नु जस्तै हो ।

संसारले रुचाएका हाम्रा कतिपय संस्कार अनि संस्कृति हामी आफैंलाई अरूचिकर भैरहेछन् । विश्वका कुनै पनि कुरा अपरिवर्तनीय हुन्नन् । संसार परिवर्तनशील छ यो सबैले स्वीकारेको कुरा हो । कसैले अस्वीकार गर्छ भने उसको यहाँ सधैं उपस्थिति हुन सक्दैन । यसको मतलब हामीले गर्दै आएका धेरै काम कुरो कमसल छ भनेर कोकोहोलो मच्चाउनु आवश्यक छैन । हिंड्ने क्रममा नमिलेका कुरा मिलाउने ठाउँहरू प्रशस्त छन् ।

यहाँ केही छैन भन्नेहरूलाई प्रतिउत्तर दिने प्रयास खासै गरिएका छैनन् । यदि गरिन्थ्यो भने पक्कै लगाम लाग्ने थियो तिनीहरूको मुखमा । हाम्रा मस्तिष्कहरूमा विगतदेखि नै फलिरहेछन् दुर्विचार । त्यसैले आफैलाई पछारी रहेछौं र लडाइर हेछौं । मरिरहेछौं र चिथोरिरहेछौं । हामी धेरै लड्यौं । अनगन्ती मर्‍यौ । रगतको खोलो बग्यो । जीवनका मुहानहरू सुके । विश्वासमा धमिरा लाग्यो । तर उपलब्धि ... ?

अर्काको जान्यौं । अर्काको बुझ्यौं । अर्काको देख्यौं । अर्काको भोग्यौं । अर्काको गर्‍यौं । अर्काको दुख्यौं । अर्काको हाँस्यौं । अर्काको रोयौं । अर्काको खायौं । अर्काको पियौं । अर्काको जियौं । आफ्ना लागि केही गरेनौं । गर्‍यौं भन्ने हो भने पनि त्यो गणनीय थिएन र छैन । त्यो हाम्रो पहिचान बनेको छ । अरूको लागि सबैथोक गर्ने तयार तर आफ्ना लागि सिन्को नभाँच्ने ।

गरेको भए हाम्रो चिनारी अर्कै हुने थियो । संसारले अर्कै भाकाले मूल्याङ्कन गर्थ्यो । हो हामीले हाम्रो शक्तिले जति गर्न पर्थ्यो गर्न सकेनौं । जाने ठाउँ कहाँ ?, हिँड्ने बाटो कस्तो ?, पाइला कसरी चाल्ने ?, केमा जोड दिनुपर्छ ?, कहाँनिर सजगता अपनाउने हो ? आज अरूले बताइरहनुपर्ने थिएन । हिजो आफ्ना लागि केही नगरेकै कारण हामीले सिकाइरहेकाहरू आज हामीलाई बाटो देखाउन उद्यत छन् । यसलाई अन्यथा भन्न पनि सकिन्न किनकि हामीहरू नै हौं त्यसका कारक ।

बेच्नेहरूले आफ्नो सामान बिक्री गर्न खोज्नुलाई अन्यथा भन्न पनि सकिन्न । हामीसँग नभएकाले हामीले लिनु परेको हो । यदि हुन्थ्यो भने नलिन सक्थ्यौं । अरूलाई गाली गर्नु भन्दा आफूलाई चाहिने कुरा आफैंले तयार गर्न सके, राम्रो हुन्छ । अब हाम्रा आँखा वा भाव त्यसको खोजीतिर लाग्नु आवश्यक छ । त्यो नै हाम्रो अस्तित्व रक्षाको सही बाटो हो ।

संसार जान्नु, बुझ्नु र पढ्नु सकारात्मक कुरा हो । तर आफूलाई बिर्सेर अरूलाई जान्नु भनेको चाँहि घातक सिवाय

केही होइन । आफ्नो स्वाभिमानको ख्याल गर्दै आत्मसम्मानका साथ स्वअस्तित्व राखेर अरूको जान्ने बुझ्ने र पढ्ने कोसिस गर्ने हो भने हाम्रो गतिलाई कसैले रोक्न सक्दैन ।

आफू अगाडि बढ्न अरूलाई अँधेरोमा धकेल्नुपर्दैन । अर्थात् आफू अग्लो हुनका लागि पहिलेदेखि अग्लो भएकाहरूको खुटट्टा काट्नु पर्दैन । बस्, सकारात्मक सोच भए पुग्छ ।

आजको हाम्रो खाँचो सकारात्मक सोच र चिन्तन हो । विचार र विश्वास हो । अठोट र इच्छाशक्ति हो । आत्मसम्मान र धैर्य हो । सहिष्णुभाव र विवेक हो । आफूभित्रको हीनता ग्रन्थी त्याग हो । जाँगर र जोस श्रीवृद्धि हो ।

सारमा भन्दा स्वयंलाई चिन्नु हो । जान्नु हो । बुझ्नु हो । बढ्नु हो । हिँड्नु हो । गतिशीलताको पछि लाग्नु हो । जोश र जाँगर उमार्नु हो । गोडमेल गर्नु हो । सिंचाइमा ध्यान पुऱ्याउनु हो । विवेकपूर्ण निर्णय गरेर आफैंलाई डोऱ्याउनु हो ।

असी

बाटोमा पाइला राखेको पनि हिजैदेखि मात्र त हो जस्तो लाग्छ । समय बेलगाम कुदिसकेछ । मनभित्र कल्पनाको सगरमाथा ठडिए पछि विश्वासको पाटो जुर्मुराएको थियो । आँखाले पटकौं-पटक प्रस्ताव पस्केपछि अठोटभित्रको चिन्तन पोकोमा बाँधिएको हो । दुईचार पाइलोमै थकानको महसुस गर्नु नपरोस् भन्ने भावका कारण चिन्तनमा सोच मथिएको थियो । 'यात्रा आरम्भ गर्नु नौलो कुरो होइन-निरन्तरता महत्त्वपूर्ण हो' अग्रजहरूबाट श्रवण गरिएका हुन् यी वाणी । पाइला चालिएकै दिनदेखि त्यतातिर सचेत तथा सजग बनिरहेछ मस्तिष्क ।

अलिकति जिन्दगी तय भएछ, तथापि हिँड्ने काम पूरा भएको छैन । अर्थात, भर्खर सुरु भएको छ । यति भन्न सकिन्छ-अहिल्यै क्यै भन्न सकिने अवस्था छैन । यो चाहिँ हो यात्रा चलिरहेछ र निरन्तरता दिने कार्यमा कुनै कसुर राखिने छैन । मनभित्र इच्छाको विरुवा उम्रिएपछि गोडमेलमा संलग्नता जनाइएका कारण त्यति भन्न सकिएको हो । तीव्र इच्छा शक्तिले जीवन गतिलाई सही मार्गमा गुडाउँछ भन्ने मान्यता आत्मसात गरिएको छ ।

२५ वर्षमा ७९ खुड्किलो उक्लन सकिएछ । चढ्न प्रेरित गर्ने, उत्साही तुल्याउने, हात उठाइरहने, विचारको पर्खाल नाघ्न हौस्याउने, आफ्ना बिम्बप्रतिविम्ब पत्रिकामा उपलब्ध गराई हिँडिरहन उत्प्रेरित पार्ने र जीवनलाई यात्राको रूप सम्झन सद्भाव पस्कने पूजनीय मनहरूप्रति नवप्रज्ञापन आभारी छ ।

गतिशीलताका अनेकानेक पाटा र परिधिहरू छन् । आस्था र विश्वासमा आरोह/अवरोह प्रतिविम्बित भइरहेछन् । उत्साहको भऱ्याङ उक्लदै गर्दा यदाकदा बाटामा कठिनाइ तथा अफ्ठ्याराले घर पनि गर्छन् । तिनीहरूका साम्राज्यले बाटै रोकिदिन पनि सक्छ । तर हिँड्ने रहर बोक्नेहरूलाई ती अप्ठ्यारा-असजिलाहरूले छेक्न भने सक्दैनन् । कुनै निश्चित काल खण्डसम्म अवरोध रहिरहन सक्छ तर स्थगित हुन सक्दैन ।

हिँड्नेहरू पुग्छन्, पुगीरहेछन् । विगत-वर्तमानले यो कुरा पुष्टि गरेको छ । तपाईं प्रश्न राख्न सक्नुहुन्छ 'कता?' जता चाह्यो त्यतै, यस्तो हुन्छ उत्तर । इच्छाशक्तिमै हुन्छन् तमाम काम कुरा । जोसँग त्यो छ

उसैले देख्छ अगाडिको बाटो । जो वञ्चित छ ऊ जहाँको त्यही र जस्ताको त्यस्तै रहन्छ । हो, उसैले हिँडाउँछ, कुदाँउछ र पुऱ्याउँछ गन्तव्यमा । यदि संसारलाई पुस्तक ठानेर पाना पल्टाउने हो भने धेरै पढ्न सकिन्छ, बुझ्न सकिन्छ र सिक्न सकिन्छ । देख्न सकिन्छ, हिँड्न सकिन्छ र अथाह ज्ञानभण्डारतिर पाइला डोऱ्याउन सकिन्छ ।

प्राणीहरूमा श्रेष्ठ ठानिने मानवहरू सबै उत्तिकै हिँडेका छैनन् । हिंडेकाहरू अगाडि पुगिसकेका छन् । हिँड्न नसक्नेहरू कुँजिएका छन् । हिँड्ने, बस्ने र सुत्नेको कोटी छुट्टयाउदा सबैभन्दा बढी सुत्नेको छ । त्यसभन्दा पछि बस्नेको र थोरै हिँड्नेको छ । त्यहाँभित्र पनि आफ्नो लयकाहरूको सङ्ख्या खोज्दा एक हातको औंलामा गन्न सक्ने प्रतिशतमा छ । संसारका विभिन्न कुनामा माथिका तीनै थरी मानिसहरू छरिएका छन् । सुत्नेहरूको बाहुल्यता प्रायः जम्मैतिर उस्तै-उस्तै हुन्छ ।

इच्छाशक्ति र सकारात्मक सोचले नै चाह राख्नेहरूलाई हिंडाउने हो । जसका वशमा ती छन् ऊ मजाले हिँड्छ । बाटामा भेटिने अप्ठ्यारा, असजिला विघ्न-बाधा र कठिनाईले त्यस्तालाई रोक्न सक्दैन । रोकियो-छेकियो भने पनि अनेक प्रयत्नद्वारा ऊ बाहिर निस्कन्छ । अर्थात बन्धन चुडाँउन सहजै सफल बन्छ । कुनै पनि हालतमा खुम्चिन जान्दैन । बन्धनबाट मुक्तिको प्रयत्न नै जीवनको उद्देश्य हुन्छ र त्यसैका निम्ति मरिमेटेर लाग्छ । अन्त्यमा सफलता प्राप्ति उसैको हुन्छ । बस्ने वा सुत्नेले चाहेर पनि पाउन सक्दैनन् ती कुरा । तिनीहरूमा न इच्छाशक्ति हुन्छ न त सकरात्मक सोच नै । माथिको सोच बोकेकाहरू सधैं हिंडिरहेका छन् ।

आफूलाई चिन्ने, जान्ने, बुझ्ने र पढ्नेले मात्र हिंड्न सक्छ सही बाटो । संसारको इतिहासले यसको पुष्टि गरेको छ । हेर्ने, हो भने देख्न सकिन्छ-बस्नेहरू बसिरहेकै छन् । सुत्नेहरू सुतिरहेकै छन् । हिँड्नेहरू हिँडिरहेकै छन् । तिनीहरूभित्र खोजे पृथकता भेटिन्छ, नखोजे भेटिन्न । आलस्यको भारी बोक्नेहरूले सकरात्मकताको डोबिल्को भेट्टाउन सक्दैनन् । 'न भुतो न भविष्यती' भनेझैं न हिजो भेट्टाएका थिए न भोली नै भेट्टाउने छन् । यसर्थ, यति भनौं सबैभन्दा पहिले चिन्ने आफैंलाई हो । बुझ्ने आफैंलाई हो । जान्ने आफैंलाई हो । हेर्ने आफैंलाई हो र पाउने पनि आफैंलाई नै हो ।

जीवनयात्रा तय गर्ने बिन्दु सोच नै हो । जस्तो सोच हुन्छ हिँड्ने बाटो त्यसै गरी बन्दै जान्छ । आफूलाई राम्रोसँग बुझ्नेले अरूलाई पनि बुझ्छ । आफूलाई पढ्नेले अरूलाई पनि पढ्छ । आफूलाई देख्नेले अरूलाई पनि देख्छ । आफूलाई सिकाउनेले अरूलाई पनि सिकाउँछ । यो सकरात्मक रीति हो । उज्यालोको पक्षपातीले सबै त्यस्तै होउन भन्ने सम्झन्छ । अन्धकार मन पराउनेले उज्यालोको समर्थनमा कहिल्यै ताली बजाउँदैन । यसलाई स्वाभाविक नजरले नै हेर्नुपर्छ, त्यो जीवनको वास्तविक गति पनि हो ।

बाँच्ने आकाङ्क्षालाई जीवनको एउटा सुर्को सम्झने हो भने हामी बाँचेको संसार अत्यन्तै रमाइलो छ । सकरात्मक सोच बोक्न सकिएमा प्रत्येक वस्तु, प्रत्येक स्थान, प्रत्येक समय, प्रत्येक साँझ-बिहान नयाँ छन्, उमङ्गीत छन् र रमणीय छन् । वस्तुमा देखिने भिन्नता आँखाको फरकपन हो । वस्तु जे हो र जस्तो हो त्यस्तै हुन्छ । हामी जस्तो नजरले हेर्छौं त्यस्तै देख्छौं । जसरी सोच्छौं स्थिति त्यही दिशातिर बग्छ । सुन्दर विचारको पर्खाल बोक्नेहरू कहिल्यै हतोत्साहित हुँदैनन् । जो आफू र

आफ्नो परिवेशबाट हार्छन ती विचारहीन हुन् । विश्वासहीन हुन् । आस्थाहीन हुन् । अठोटहीन हुन् । उमङ्गहीन् हुन् । तिनीहरूबाट सग्लो र पूर्ण यात्राको कल्पना गर्न सकिन्न ।

मस्त निद्राबाट हिँडाइको आनन्द लिन सकिंदैन । हाम्रो निन्द्रा अत्यन्तै लामो छ । अर्थात हामी निदाइरहेछौं । हिजो वा अस्तिबाट हैन जुगौंजुगदेखि । सुत्नेहरू सुतेकै सपना देख्छन् उनीहरूको कर्मको प्रकृति पनि त्यस्तै हुन्छ । यसकारण सुत्ने र हिँड्नेहरूको बिच मेल हुन सक्दैन । स्मरण गर्दा पुर्खाहरू भन्दा हामी अलि बढी सुतेको भान हुन्छ । अलि बढी कोरा सपना देखेको आभास हुन्छ । सपना देख्नु राम्रो हो तर सुत्नेले देख्ने सपना र हिँड्नेले देख्ने सपनामा काफी अन्तर छ । यसैले भन्न सकिन्छ सपना हिँड्नेले मात्र देख्नुपर्छ । योजना हिँड्नेहरूले मात्र बनाउनुपर्छ । आस्थाको दियो दृढ इच्छाशक्ति भएकाहरूले मात्र बाल्नुपर्छ ।

हिजोआजका हाम्रा अधिकांश युवायुवतीहरू विदेशको सपना देख्छन् । विदेश उनीहरूको पहिचान बन्न खोज्दै छ । सामर्थ्य र हैसियत त्यसैमा जोडिदै छ । राजनैतिक दल र कतिपय विदेशी सङ्घ-संस्थाहरू पहिचानको खेती गराइरहेको समयमा सारा युवाशक्ति विदेश पलायनको सपना छातीमा उमारी मलजल गरिरहेछन् । गोडमेल गरिरहेछन् । गाउँहरू रित्तिइरहेछन् । घरहरू खाली-खाली बनिरहेछन् । बाँझा छन् अधिकांश खेतबारी । त्यता कसैको मन हिँडिरहेको छैन । सबैको विदेश पुगेको छ । बाटोमा अर्थात् पुग्ने तरखरमा छ । बाटोमा हिंडिरहेछन् अनेकौं गोता र हण्डर खाएरै भएपनि । आँखा त्यतै लोभिएका छन् । आफ्नोमा अलिकति पनि आशा-भरोसा छैन । विश्वास-आस्था देखिदैन । सोचिदै छ, यहाँ केही छदै छैन, जे छ जम्मै उतै छ । मानौं उता सबैथोक हो अनि यता केही होइन र कहिल्लै छदैं थिएन ।

के छ त्यता त्यस्तो जसले हाम्रा मनमस्तिष्कलाई नराम्रोसँग धक्का दिइरहेछ । कारणको खोजी हुनुपर्ने हो । तर कसले गर्ने ? उच्च पदस्थ कर्मचारीदेखि राजनेतासम्म सबैको उतातिर कतै न कतै संलग्नता छ । सन्तान मार्फत साइनो गाँसिएको छ । क-कस्का सन्तान विदेशमा छन् भनेर खोज्नुभन्दा क-कस्का छैनन् भन्ने सूची बनाउँदा सजिलो होला । त्यहाँ सन्तान पठाएर यहाँ राष्ट्रप्रेमको बखान गर्नेहरूको पनि ठुलो भिड छ । त्यो छिचोल्नै हम्मे हम्मे छ । स्याबासीको खोजीमा रहेकाहरू यस्तो कृयाकलापमा बढी संलग्न छन् । ‘कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर’ भन्ने भनाइ चरितार्थ भइरहेछ ।

सबैका आँखा लोभिएका छन् । मन लालयित छन् । हिजैदेखि विचार बगीर हेछन् । विश्वास चिप्लदै गएको स्थिति छ । यस्तो परिवेशमा आस्थाले कसरी ठिङ्ग उभिन सक्ला ? म आफुभित्र आफैलाई खोज्न तल्लिन भैरहेछु । हजुरबा-हजुरआमा नाति-नातिना बिदेसिदा खुसी, बा-आमा, छोरा-छोरी देशबाट पलायन हुँदा उत्साहित, भाइ-बहिनी, दाजु-दिदी बाहिरिदा हर्ष विभोर । कस्तो असमेल परिस्थिति । कति नमिठो बेमेल । अहँ कतै मेल खाँदै खाँदैन । अहिले त यस्तो परिस्थिति बनिरहेछ कि विदेश मोह त्याग भन्नेहरूले सामाजिक बहिस्करणको स्थिति भोल्नुपर्ने पो हो कि ?

बाउबाजेले आर्जेको सम्पत्ती किञ्चित फिक्री नमानी कौडीको भाउमा बेचेरै भएपनि सन्तानको विदेश मोहलाई मलजल तथा गोडमेल गर्ने बाबुआमाको

उत्साह उदेकलाग्दो छ । उहाँहरू बडोगर्व र रोबका साथ फलानो ठाँउमा छोराछोरी पुगेको बखान गर्नुहुन्छ । मानौं त्यो स्वर्ग हो जहाँ जो कोही पुग्नै सक्दैनन् तर आफ्ना सन्तान पुगे । अन्तिम लक्ष पनि त्यही थियो । सफलता प्राप्तिले खुसी तुल्याएको मन धक नमानी फुकाउनु हुन्छ आँगनको बिस्कुन जस्तै । पठाउन नसक्नेहरूका निम्ति त्यो नमिठो हुने पनि कुनै प्रवाह नराखी पस्कनुहुन्छ भोजको स्वादिष्ट भोजन जस्तै ।

आफ्नो भोलिको भविष्य अन्धकारमय छ भन्ने कुराको कुनै हेक्का हुँदैन उहाँहरूलाई । विदाईका दिनहरू सधैँको निम्ति पनि हुन सक्ने सम्भावना पर्गेल्दैनन् आँखा । उहाँहरू केवल वर्तमान देख्नुहुन्छ । सन्तानको खुसी देख्नुहुन्छ । अरूहरूले नसकेको काम आफ्नाले सके भन्ने भावमा उत्साहीत हुनुहुन्छ । छोराछोरीको लगनशीलताले नाक निकै ठडिएको सम्भनुहुन्छ । म र मेरो भन्ने भावले घर गर्छ तनमा । विचारको पर्खाल ठडिन्छ । आस्थाका पिपल रोपिन्छन् । त्यसपछि आफ्नो घरको बत्ती कहिल्यै नबल्न पनि सक्छ भन्ने सोच्न सक्नुहुन्न । उडेको पंछी फेरि गुँडमा फर्कने सम्भावना न्युन रहन्छ । सात समुद्र पारीका सन्तान र वारीका मातापिताका सुखदुख सँगसँगै हिँड्दैनन् भन्ने भावले काम गर्न सक्दैन । यही सोचहीनताको कारण हो धैरैमा दिनप्रतिदिन बढिरहेको विदेशप्रतिको आकर्षण ।

'यहीँ बसेर केही गर' भन्ने भाव यदि अभिभावकहरूमा जन्मीदिने हो भने सन्तानको विदेश मोहमा कमी आउने थियो । पूरापुर संख्यालाई रोक्न नसकिएला तर अग्रसरता बढाउने हो भने उल्लेख्य मात्रामा घटाउन सकिन्छ । घरायसी वातावरण सकारात्मक र पितृभक्त भैदिने हो भने यहींको परिवेशमा खिचिन सक्छ तिनीहरूको मन मस्तिष्क । आफूमा आत्मविश्वास नभएकाहरूबाट थालिएको यो परम्परा आज फेसन नै बनेको छ । नेपालमा रहँदा सिन्कोसम्म नभाँच्नेहरूको विदेश बसाइ कति कस्टकर होला घरीघरी अल्मलिन्छ मेरो मन । पराया मुलुकका तिनीहरूका जिन्दगी कति कस्टकर होलान् बारम्बार प्रश्न उठ्छन् आँखाभित्र ।

उतैका नाम । उतैका पाठ्यपुस्तक । उतैका विचारधारा । उतैका चिन्तन । उतैका उद्देश्य । उतैका पढाइलेखाइ । उतैका रहनसहन । उतैका संस्कार-संस्कृति । उतैका काल्पनिक र लोभलाग्दा जीवनयापन । यसै कारणले हो उनीहरूमा उम्रिएको विदेश मोह । आफूलाई हराउन र मेटाउन तल्लीन हाम्रा मनमस्तिष्कहरू नै युवा पलायनका मूल कारण हुन् । हामी बाँचेको परिवेश नराम्रो, हाम्रा परम्परा रीतिरिवाज नराम्रा र हाम्रा मूल्यमान्यता पश्चगामी जस्ता सोच मन मस्तिष्कमा एकत्रित गराइएकाले त्यसमा यसो भएको हो । हामी र हाम्रा सबै नराम्रा उनीहरूका जम्मै राम्रा भन्ने सोचलाइ आत्मसात गरिएको कारण गाँउबस्ती रित्याएर, खेतबारी बझ्याँएर, बाबुआमा र आफन्तहरूका मन अँध्यारो तुल्याएर पराया मुलुकतिर आकर्षण बढेको हो । एउटा जीवन्त देशका निम्ती यो सुहाउँदिलो विषय होइन । तर के गर्नु, विषय नभए पनि भैरहेछ जसलाई आत्मसात गर्नुभन्दा अर्को विकल्प अगाडि छैन । स्वाभिमानी मनहरूले यतातिर सोच्ने, गम्ने र विचार गराउने तथा गर्ने समय आइसकेको छ ।

जे जति गरे पनि यहीँ गरौँ । यही माटोको निम्ति गरौँ । यही जनजीवनका निम्ति गरौँ । आदरणीय पुर्खाहरूले गरे । हामीले धक फुकाएर मेरो भन्न पायौँ । हामीले पनि केही गरौँ । भविष्यका सन्ततिले पनि त्यस्तै भन्न पाऊन् । विश्वासमा मलजल गरौँ ।

विचारमा अठोटका खुड्किला थपौँ । यहीँ हिँड्न सकिन्छ, हाँस्न सकिन्छ । फुलाउन फलाउन सकिन्छ। जीवनलाई सुखी र खुसी तुल्याउन सकिन्छ । समृद्ध पार्न सकिन्छ । सफल र सम्पन्न बनाउन सकिन्छ । छाडौँ पराया मुलुकप्रतिको मोह । जुन माटोमा जन्मियौँ । त्यसैका निम्ती केही गरौँ । आमाले पहिलो सास लिएको धर्तीलाई तिरस्कार नगरौँ । विश्वास रोपौँ । विश्वास फलाऔँ । विश्वासमा प्रतिविम्बित बनौँ । अनि सफलता विश्वासमा उत्पादन गरौँ ।

यो माटोमा धेरै थोक छ, संसारले भनिरहेछ। अस्तिनै देखि ती चिच्याइरहेछन् तर हामी देखिरहेका छैनौँ । न सुन्छौँ, न त बुझ्छौँ नै । हो, त्यस्तो देख्न सुन्न त आफ्ना स्वच्छ आँखा चाहिन्छ । बुझ्न आफ्ना सरलभाव चाहिन्छ। अगाडि लम्कन आफ्ना गतिशिल पाइला चाहिन्छ। गोडमेल गर्न सकरात्मक सोच चाहिन्छ। विश्वासको फूल फुलाउन अठोट र तृष्णा चाहिन्छ । हामीसँग सायद छैनन् ती । यदि हुन्थ्यो भने बाटो सही दिशातिर मोडिन्थ्यो कि ? प्रश्न मनभित्र मज्जाले उम्रिएको छ। उम्रिएको त छ तर बढ्न सकिरहेको छैन । जिलिगाठैँ बनेर डिच्चिदै हेरिरहेछ तरकारी बारीको बुख्याँचाले जस्तै । विचरा ! बुख्याचा दुनियाँलाई तर्साउन सफल त हुन्छ तर आफू स्वयंले कसैलाई केही गर्न भने सक्दैन ।

विदेशीएकाहरूको त कुरै छोडौँ, यहाँ बस्ने पनि अचेल सबै कुरा उतैबाट सिकिर हेछौँ । लेख्न, पढ्न, हाँस्न, रुन, गाउँन, कराँउन, उठ्न र सुत्न उनै सिकाइरहेछन् । हामी अनौठो र अपरिचित ग्रहबाट आएका हौँ त्यसैले केही पनि जान्दैनौ त्यसकारण ती सबै कुरा प्रेमपूर्वक सिकाइरहेछन् । सिकाउनु तिनीहरूको कर्तव्य हो, ती सिकाइरहेछन् र हामी मज्जाले सिकीरहेछौं । मानौं हामीसँग हिजैदेखि आजसम्मै संसारलाई बाटो देखाइरहेको पूर्वीय संस्कृति नै छैन । रीतिरिवाज र प्रविधि छैन । ज्ञान र चेतनामा अत्यन्तै पछाडि छौँ । हुन त यथार्थ त्यस्तो होइन तर त्यस्तै देखिदैं छ । खोइ किन हो, आफूदेखि आफैं लजाइरहेछौँ । सिक्ने होइन सिकाउने, बुझ्ने होइन बुझाउने र लिने होइन दिने हो हाम्रो हैसियत तर विडम्बना उल्टो भैरहेछ र त्यसलाई सहजीकरण गरिरहेछौँ ।

आदरणीय पाठकवृन्द ! २६ औं वर्षमा प्रवेश गऱ्यो नवप्रज्ञापन । खै कसरी हिंडियो कुन्नि ? २५ बर्ष हिँडिएछ र ७९ खुड्किला चढिएछ । यो यात्रामा सहयोग गर्ने, सहभागी बन्ने, बाटो देखाउने, आत्मविश्वास बाँडेर हिँडिरहन प्रेरित गर्ने सबै सबैप्रति आभारी छ नवप्रज्ञापन । हिँड्ने कामबाट विचलित हुन नपरोस् यस्तो अभिलाषा पनि बोक्छ । हिडेँ पनि र नहिँडे पनि सिद्धिने जीवनयात्रामा सकेसम्म हिँडौँ र भ्याएसम्म गरौँ भन्ने अनुरोध पस्कन्छ ।

२६ वर्ष प्रवेश प्रतिनिधि मुक्तक विशेषाङ्कका रूपमा गर्ने एक बर्ष अधिको सोचलाई यथार्थमा बदल्ने कार्य यतिखेर हुँदै छ । काम यतिले पुगेको छैन, अझै गर्नुपर्थ्यो यो कुरामा नवप्रज्ञापन सचेत छ । जे होस् यतिखेर जति सकियो त्यति नै गरियो भन्नु सान्दर्भिक होला । कुनै पनि काम पूर्ण हुँदैन । पूर्णतातिरको बाटो समात्नु र पूर्ण हुनु एकै होइनन् । नवप्रज्ञापन पनि त्यहीँ बाटो मात्र हिंडिरहेको छ । विशेषाङ्कका रूपमा- नारायणीका पद्यस्रष्टाहरू पहिलो खण्ड, नारायणीका गद्यस्रष्टाहरू दोस्रो खण्ड, वाल्यकालीन संस्मरण विशेषाङ्क पहिलो खण्ड, स्वर्ण अङ्क, बालसाहित्य विशेषाङ्क, भानुभक्त द्विशतबार्षिकी विशेषाङ्क, छन्द कविता विशेषाङ्क, लघु कथा विशेषाङ्क र अभिलेख विशेषाङ्कपछि प्रतिनिधि मुक्तक

विशेषाङ्क तपाईंको हातमा आइपुगेको छ । यो विशेषाङ्क खुड्किलाको दशौं शृङ्खला हो ।

हिंड्न थालिए पछि आएका हुन् यी कुरा । नथालिएका भए पक्कै आउने थिएनन् । त्यसैले जीवन नै गति र गति नै जीवन हो भन्ने कुराको नवप्रज्ञापन पक्षपाती रहिआएको छ । प्रस्तुत अङ्कमा आदरणीय स्रष्टा तथा द्रष्टाज्यूहरूका १७१ रचनाहरू रहेका छन् । सकारात्मक मन र सकारात्मक सोचले गरिएको यस काममा कतिपय रचनाहरू आग्रहका साथ मागिएका हुन् । कतिपय हाम्रो सूचनाका आधारमा विद्युतीय ठेगानामा उपलब्ध भएका हुन् भने कतिपय साभार गरिएका हुन् । भाषा साहित्यको उत्थानमा एउटासम्म भए पनि सिन्को भाँचौं भन्ने अभिप्रायले रचना ग्रहण गरिएकाले यसमा कसैको पनि विमति रहने छैन भन्ने कुरामा नवप्रज्ञापन विश्वास राख्दछ । यसर्थ, आफ्ना अमुल्य रचनाहरू उपलब्ध गराउने सबै-सबैप्रति नवप्रज्ञापन परिवार श्रद्धापूर्ण नमन गर्दछ ।

यस मुक्तक विशेषाङ्कका लागि विशेष योगदान पु¥याउनुभएका यस अङ्कका अतिथि सम्पादक साहित्यकार मिलन समीरप्रति नवप्रज्ञापन आभारी छ । साथै डा.मुरारि पराजुली, रुपिन्द्र प्रभावी ' कटु', जनक जङ्घार र निर्दोष डेविटलाई पनि सम्झदै नमन गर्दछु ।

अन्त्यमा नववर्ष २०७५ सबैको निम्ति सुखद् बनोस् भन्ने कामना गर्दछु ।

एकासी

भन्ज्याङ चौतारोको वरको हाँगामा बसेर विचारको पर्खालमा हराइरहेछु । यसका अनगन्ती शाखाहरू छन् । वर्षौंवर्षदेखि हज्जारौं पैदल यात्रीहरूलाई शीतलता प्रदान गरिरहेछ यसले । हजुरबा-हजुरआमाले धेरै अघि सुनाउनु भएथ्यो यो कुरा । अलि पछि बा-आमाले पनि दोहोऱ्याउनुभयो । छरछिमेकी, आफन्त, नाता-गोता र परिचितहरू त्यही सन्दर्भ तथा प्रसङ्ग कोट्याइरहेछन् ।

वर्षौं अघिका कुनै एक पुस्ताले वर-पिपल रोपे । खनजोत र मलजल गरे । गोडमेल गर्दै हुर्काउने-बढाउने काम गरे । समयक्रममा चौतारो चिने । प्राणप्रतिष्ठा गराए ।

भन्ज्याङ हुँदै दैनिक रूपमा सयौं बटुवाहरूले यो बाटोबाट आ-आफ्ना यात्रा तय गरिरहेछन् । चौतारामा मानिसहरूले उठबस गरे । सुखदुःखका भाव साटासाट गरे । माया-प्रितिका बिउ रोपे । विश्वास फलाए । आस्थाको थाँक्रो हाले र अठोटको लिउन पनि लगाए ।

विभाजनको रेखा पनि त्यहीँबाट कोरियो । विखण्डनको भावधारा गोडमेल गरिए । तर चौतारोले कसैको पक्ष लिइरहेको छैन । केवल रमिते बनिरहेछ । मूकदर्शकको भूमिका निभाइरहेछ । जो कोहीले आवश्यक नठानिएको कामकुरो गर्दैनन् । हाँगामा पंक्षीहरूले गुँड लगाए । बच्चा कोरले । उमेर पुगेपछि तिनीहरूले गुँड छाडे । एकपटक उडेपछि अर्कोपटक ती गुँडमा कहिल्यै फर्किएनन् । तर बच्चा कोरलिने क्रम रोकिएन । गुँड छाड्ने काममा पनि प्रतिबन्ध लागेन । जानेहरू गैरहे, बस्नेहरू निराशामा हराएनन् ।

यसको हाँगाहाँगा चाहारेको छु मैले । दायातिरको पिपल पनि छुटेको छैन यो कर्ममा । सुरुसुरुमा आमाको आदेश पालना नगरेको होइन । विश्वासलाई साथी भाइले खिल्लीमा उडाएको लामो समय भइसक्दा

पनि म वर-पिपलको वृक्षमा चढ्न हुँदैन भन्ने पक्षमा थिएँ । त्यसको जडमा आमाको चेतावनीले काम गरेको थियो ।

साथीहरू हाँगाहाँगा चहार्दै पातपात दौडन्थे । सोइसला त कति खेल्थे कति । एकले, अर्कोलाई भेट्ने उपक्रम चल्थ्यो । भाग्ने-लखेट्ने र समाउने खेलहरू पनि अधिकांश रुखमाथि हुन्थे । अन्य खेलहरू समेत त्यसमै जोडिन्थे । म खेलाई कम र मनोरञ्जन बढी लिन्थेँ । भोलिको प्रतीक्षामा रात बित्थ्यो ।

जीवनका उकाली ओरालीमा उत्साह, उमङ्ग र उत्तेजना थपेको महसुस भइरहेछ । त्यो उत्साह, रोमाञ्च, जिज्ञासा तथा अठोटले हिँडाइमा गति थपेको अनुभूति उर्जाशील भएकाहरूको युवाकाल कामयावी बन्न सक्छ भन्नेमा अविश्वास गरिरहनु पर्दैन ।

म रुखैमा बसेर कसैलाई खोजिरहेछु । हेरिरहेछु । आँखा छरपस्ट छन् । पढिरहेछु । बुझिरहेछु । छामिरहेछु । नापिरहेछु । पछ्याइरहेछु । देखिनु पर्ने हो, मन भन्छ तर देख्न सकिरहेको छैन । उसको नाम सत्य वा इमान हो । धेरै वर्षअघि हो गाउँ छाडेको । आउँछु भन्दै बारम्बार खबर गर्थ्यो । म उसैको प्रतीक्षामा छु । किन आएन ? प्रश्न छातिमा छ तर बाहिर प्रकट गर्न सकिरहेको छैन । मानिसहरू सन्दर्भ जोड्छन् । प्रसङ्ग कोट्याउँछन् । याद छैन उसको आकृति । यतिखेर हुलिया पनि बताउन सकिने स्थिति छैन । तथापि धुईंधुईंती खोजिरहेछु । त्यसैको निम्ति हातमा पानसको बत्ती छ ।

तपाईं सहज नठान्नुस् । मजाक कुरो होइन । साँच्चै म मात्र हैन तपाईं पनि सजिलै देख्न सक्नुहुन्न । पाउन सक्नु हुन्न । अचेल ऊ स्वार्थको साङ्लो बोकेर हिँड्दै छ रे । हिजोको कामको प्रतिफल पाउन आँतुर । त्यसैले आफू र आफ्नोपन बिर्सेर हिँडिरहेको कुरा दुईचार पटक सुनिएको हो । तर पनि भेट्न सकिरहेको छैन । त्यसो त मैले आशा मारेको पनि छैन, हेरौं अझै खोज्दै छु एकदिन कसो नभेटिएला ।

गाउँमा इमानदार थियो । सत्यको पक्षपाती थियो । मेहनत र परिश्रममा विश्वास राख्थ्यो । आन्दोलनको सफलतासँगै ऊ सहर पस्यो । त्यसपछि कहिल्यै गाउँ फर्किएन । ऊ सबैको भयो । देशमा आएको परिवर्तनसँगै आफ्नो स्वरूप छेपारोको रङझैं फेरिरहेछ । यो क्रम कहिलेसम्म कायम रहला ? उत्तरतिर नलागौं । हो, अचेल घर-घर चहारी रहेछ रे । सगरमाथा ठड्याइरहेछ रे । अरूको बद्ख्वाइ गरिरहेछ रे । सन्तोषको सास फेरिरहेछ रे र खुसीले उफ्रिइरहेछ रे ।

परिश्रमको अग्लाई होच्याउन झुठको खेतीमा व्यस्त छ रे । मनी र मसलमा विचार बगाइरहेछ रे । हिजोका बाटाहरू आफसेआफ बिर्सिरहेछ रे । आफ्नो भलाई त्यसैमा देखिरहेछ रे । उसका अचेलका सम्पूर्ण क्रियाकलापहरू सन्दिग्ध छन् । स्वरूपमा नदेखिए पनि उपस्थिति सबैतिर रहेको कुरा स्वीकार्नेहरूको सङ्ख्या सानो छैन ।

प्रत्येक नेताका घरघरमा पुगिरहेछ रे आफूलाई अब्बल देखाउन झूठको खेती गरिरहेछ रे । आफू बाहेकका सबैलाई होच्याइरहेछ रे । पुड्को पार्दैछ रे । ताछिरहेछ रे । डढाइरहेछ रे । के-कस्तो बोलीमा को कति लठिन्छन् भन्ने ... हेक्का उसलाई छरे । त्यसैले त नौटङ्की गरिरहेछ रे ।

यो बाली भित्र्याउने समय हो थाहा छ उसलाई । त्यसैले आफूलाई सम्पूर्ण रूपमा बिर्सेको छ रे उसले । लाभ देखिएकाले नजर त्यतातिर झुकाएको हो रे । स्वार्थमा बग्नेहरू जीवनमा प्रत्येक पलमा हराइरहेका

हुन्छन् रे । विचारको पाटोबाट खसिरहेका छन् रे । अठोटमा चटाइरहेका हुन्छन् रे ।

अहिले पनि म उसको सग्लो रूप खोज्न व्यस्त छु । हिजैदेखिको हो मेरो खोजाइ । आजको अँह होइन । अस्तिदेखि बोक्दै आएको आदर्श, नैतिकता, विश्वास बगाएर किन स्खलित बनिरहेछ मेरो छातीमा बारम्बार प्रश्न उठिरहेछ । आफैं नभएर अरू बन्दै बाँच्ने अभिलाषामा किन विघटित भइरहेछ उसको मानसिकता मन अल्मलिन्छ । विश्वास छताछुल्ल बन्न खोज्छ । तर त्यस्तो हुन नदिने प्रयासमा छु । हरेक प्रयत्नले रोकिरहेको छु पनि । मैले पहिल्यैदेखि हो त्यस्तो गर्न आरम्भ गरेको । कहिले मेरो प्रयत्न सार्थक बन्छ थाहा छैन तर सम्भव भएसम्म म प्रयत्नबाट पछि नहट्ने प्रयासमा छु ।

चौतारो र मेरो बिचमा सहमति छ हामी खोजिरहने छौं । साँच्चै हो ऊ बाटो छाडेर गरिरहेछ गन्तव्यहीन यात्रा ।

र, अन्त्यमा नेपालीहरूको महान पर्वहरू बडादसैं, शुभ-दीपावली, नेपाल सम्बत्, छठ, इद र ल्होसारको पावन अवसरमा सबैमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना !

बयासी

लेखनाथ पौडेल नेपाली साहित्यिक आकाशका विशिष्ट प्रतिभा हुन् । उनको जन्म विसं. १९४१ सालको पौषमा कास्की जिल्लाको अर्घौंअर्चले गाउँमा भएको थियो । नेपाली भाषा साहित्यका तीन मनिषीहरूमा उनी एक मानिन्छन् । आजीवन नेपाली भाषा साहित्यको सेवामा सक्रिय उनलाई विसं. २००८ मा कविशिरोमणिको उपाधिले विभूषित गरिएको थियो भने विसं. २०११ मा उनको ऐतिहासिक सार्वजनिक रथ यात्रा गरिएको थियो । उनी विसं. २०२२ साल फागुन ८ कीतिशेष भएका हुन् ।

उनका ऋतुविचार (१९७३), बुद्धिविनोद (१९७३), सत्यकली संवाद (१९७६), गीताञ्जली (१९८६), सत्यस्मृति (२००९) र मेरो राम (२०११) उनका खण्डकाव्य कृतिहरू हुन् । लालित्य भाग १ (२०१०), लालित्य भाग २ (२०२७), कवि शिरोमणि लेखनाथ पौड्यालका प्रतिनिधि कविता (२०४१) र लेखनाथका प्रमुख कविता (२०४६) उनका कविता सङ्ग्रहहरू हुन् । विसं. २०१० मा प्रकाशित तरुण-तपसी उनको नव्यकाव्य हो, यस कृतिलाई कसै कसैले महाकाव्य पनि भनेका छन् । परिष्कारवादी धाराका अग्रणी कवि लेखनाथलाई विसं.२०२६ मा मरणोप्रान्त त्रिभुवन प्रज्ञा पुरस्कार प्रदान गरिएको थियो ।

उनको आगमन पूर्व माध्यमिककालीन बाटोबाट नेपाली साहित्य हिँडिरहेको थियो । साहित्यले समाजलाई खासै दिशानिर्देश गर्न सकिरहेको थिएन । संसार उर्जाशील, गतिशील र प्रगतिशील बाटो हिँडिरहेको थियो तर हामी जहाँको त्यहीँ उभिएर गन्तव्यहीन अवसथामा रमाइरहेका थियौं । यही समयमा उनी सशक्त कविका रूपमा प्रस्तुत भए । अर्थात् ऋतुविचार कवितामार्फत् आधुनिकता बोकेर उनी उदाए ।

नेपाली साहित्यमा नाटक, आख्यान, निबन्ध र कवितामध्ये सबैभन्दा पहिला आधुनिकता कविता विधामा भित्रिएको हो । त्यसको नेतृत्व उनले गरे । तसर्थ कविता विधामा आधुनिकता भित्र्याउने श्रेय उनैलाई छ । नैतिक चेतनाका कविता लेख्ने उनले जीवनको अन्तिम कालसम्म छन्द

मार्फत् नेपाली कविताको नेतृत्व गरिरहे ।

बाँचिरहेको वर्तमानको छेको लागेर विगतको मूल्याङ्कन गर्न सकिँदैन । त्यसको मूल्याङ्कन त विगतकै पाटोमा उभिनुपर्ने हुन्छ । वर्तमानको पुच्छर समातेर वैतरणी तर्ने अभिलाषाका साथ अघिल्लो समयको लेखाजोखा गर्दा हामीले आफ्नै अस्तित्वलाई पनि संसयको आँखाले हेर्नुपर्छ र त्यसो गर्नु भनेको आफ्नो खुट्टामा आफैं बञ्चरो प्रहार गर्नु सरह हो ।

लेखनाथ पौड्याल आदर्शवादी कवि थिए । नैतिक मूल्यमान्यताको संरक्षणबाट समाजको हित हुन सक्छ भन्ने उनको सोच थियो । तात्कालीन समाजको राप र ताप बुझेका कारण उनी नैतिकतालाई अगाडि राखेर हिँडे । सर्जक सचेत प्राणी भएका कारण सधैं अग्रगामी सोच राख्छ र यसमा उनी आजीवन प्रतिबद्ध रहे ।

उनका प्रत्येक कविताले सामाजिक उत्थान र मानवीय कल्याणको पक्षमा आवाज उठाएका छन् । उनको कवितामा लोभ, लालच र धोखाधडीमा फस्दै गएको मानव चिन्तनको घोर निन्दा र भत्सर्ना गरिएको छ । हिजो मात्र हैन आज पनि उनका कविता सान्दर्भिक र प्रासङ्गीक छन् । मान्छेको उत्थान र नैतिक मूल्यमान्यताको संवर्धन तथा प्रवर्धन उनको कविताका विषय हुन् जसलाई आज पनि नकार्न सकिन्न । यो नै उनको पहिचान पनि हो ।

नेपाली साहित्य आज निक्कै अगाडि बढिसकेको छ । आजको अवस्थासम्म आइपुग्न यसले सयौं वा हजारौं खुड्किला उक्लियो । यसका निम्ति हज्जारौं हज्जार शुभचिन्तक तथा सर्जकहरूले योगदान गरे । योगदानको क्रम अझै रोकिएको छैन र रोकिने कुरा पनि भएन । किनकि जब नेपाली भाषा साहित्यको अस्तित्व समाप्त हुन्छ तब नेपाली जातिको पहिचान पनि सकिन्छ ।

नेपाली जातिले नेपाल र भारतमा बसेर गरेको त्याग, योगदान र सङ्घर्षले नेपाली भाषा साहित्यलाई यहाँसम्म ल्याइपुऱ्याएको हो ।

अहिले नेपाली जाति संसारभरि छरिएको छ र यसको संवृद्धिमा निम्ति दिनरात खटिरहेको छ । संसारभरबाट नेपाली भाषामा किताब लेखिएर प्रकाशित भइरहेछन् । यसको अर्थ हो नेपाली भाषा साहित्य अझ दर्बिलो बन्दै छ ।

नेपाली भाषा साहित्यलाई दर्बिलो जग प्रदान गरी आजको अवस्थासम्म आइपुग्न योगदान गर्ने स्रष्टाहरूको योगदानलाई कतै हामीले भुलिरहेका त छैनौँ ? यो ज्वलन्त प्रश्न हो । उनीहरूको नाममा हामीले के गऱ्यौँ र के गर्न खोजिरहेका छौं ? यतातिर सोच्नु आवश्यक भइसकेको छ ।

यस्ता धरोहरहरूका बारेमा हामीले कति सोच्यौँ ? कति गऱ्यौँ ? यो हाम्रो अगाडि उभिएको आजको ज्वलन्त प्रश्न हो । यसर्थ राज्यको मुख मात्र नहेरौं । उसले पनि गर्नु त पर्छ यसमा कुनै विमति हुन सक्दैन तर हामी पनि गरौं । हात बाँधेर कहिल्यै नबसौं । हरेकले गर्ने हो भने धेरै हुनसक्छ । सबैले आफूलाई छामौं, बुझौं र हिँडौं । यसबाट हाम्रो अवनति होइन उन्नति नै हुन्छ ।

नेपाली साहित्यका विशिष्ट स्रष्टा लेखनाथको जन्मजयन्ती पौष महिनाको अङ्क प्रकाशनको पूर्वसन्ध्यामा छौँ । नवप्रज्ञापन लेखनाथ लगायत ज्ञात अज्ञात सम्पूर्ण लेखकहरूप्रति हार्दिकता पूर्वक नमन गर्दछ ।

त्रियासी

कुनै पनि देशमा युगपुरुषको जन्म सधैँ भइरहने कुरा होइन । एउटा निश्चित समयमा उसको जन्म हुन्छ । उसले त्यहाँ अरूले नगरेको काम गर्छ । केही समय त्यस ठाउँमा बिताएपछि ऊ आफ्नो बाटो लाग्छ । उसको मृत्युको लामो समय पछि पनि मानिसहरू उसलाई सम्झिरहन्छन् । भौतिक रूपमा मृत्यु भए पनि ऊ सबैको मन-मनमा जीवित रहन्छ । यो नै युगपुरुषको पहिचान हो ।

नेपाल आमाले समय समयमा यस्ता युगपुरुष सपूतहरू जन्माएकी छिन् । उनले जन्माएका त्यस्ता प्रत्येक युगपुरुष र सपुतहरूले आफ्नो अमिट निसानी छाडेर गएका छन् । त्यही निसानीले गर्दा मानिसहरू उनीहरूलाई बेलाबेलामा सम्झन्छन् । मानिसले सम्झिएको बेलामा उनीहरूले भौतिक शरीर छाडेर गइसकेको पनि हुन सक्छ तथापि सम्झना हुन्छ र भइरहनेछ पनि । नेपाली मनले बिर्सनै नहुने त्यस्ता सपुतहरूमध्येको एक नाम हो बालकृष्ण सम ।

बालकृष्ण सम विसं.१९५९ माघ २४ गते काठमाडौंको ज्ञानेश्वरमा पिता समरशमशेर जङ्गबहादुर राणा र माता कीर्तिराज्यलक्ष्मी राणाको सन्तानको रूपमा जन्मिएका हुन् । ७९ वर्षको आयु बाँचेका समको मृत्यु २०३८ सालमा काठमाडौंमा भएको हो । उनी नेपाली साहित्यमा सेक्सपियरको उपनामले चिनिन्छन् । विसं. १९६९मा "इसोर" कविता मार्फत् उनको साहित्यमा प्रवेश भएको हो । आइएस्सीसम्मको शिक्षा प्राप्त गरेका उनले सरकारको विभिन्न ओहोदामा बसेर नेपालको निम्ति काम गरे । औपचारिक प्रमाणपत्र ठुलो नभए तापनि उनले नेपाली भाषा साहित्यको क्षेत्रमा गरेको योगदान अतुलनीय छ । त्यसैले उनको मृत्युको लामो समयपछि पनि उनी नेपाली मनमनमा जीवित छन् । २००७ सालको जनक्रान्तिको समर्थन गर्दै उनले आफ्नो नामसँग जोडिएको शेर जङ्गबहादुर राणा हटाएर बालकृष्ण सम भएका थिए ।

बालकृष्ण सम प्रखर राष्ट्रवादी थिए । नेपाली भाषा साहित्यका तपस्वी थिए । उनले चाहेको भए नेपालीमा नलेखेर अरू नै भाषामा पनि लेख्न सक्थे । तर उनले त्यसो गरेनन् । आजीवन नेपाली भाषा साहित्यको सेवामा उनको समय खर्च भयो । यसको प्रमाण उनका प्रत्येक कृति र कृतिभित्रका भावहरूले दिन्छन् । उनले आफूलाई कहिल्यै आम नेपालीभन्दा पृथक् ठानेनन् । उनका रचनामा जतातत नेपाल भेटिन्छ र नेपाली भेटिन्छन् । उनको साहित्यले यत्रतत्र नेपालीत्वको भाव बोकेको छ । सामन्त पुर्खाका सन्तान भए पनि उनले आफूलाई कहिल्यै त्यो कोटिमा राखेनन् । त्यसैले त उनी सबैको आँखामा आज पनि ज्यूँका त्यूँ बाँचिरहेका छन् । अर्थात्, सम्पूर्ण भाषाप्रेमीको निम्ति आँखाको नानी अनि देश तथा देशवासीको केन्द्रविन्दु बनिरहेका छन् । नेपाल र नेपालीको निम्ति सकारात्मक कार्य गर्न सम्पूर्ण नेपाली जनमनहरूलाई सद् भाव र प्रेरणा प्रदान गरिरहेका छन् ।

बालकृष्ण समको आगमन नभएको भए सम्भवतः नेपाली साहित्यमा नाटक विधाको विकास यति उच्चस्तरमा पुग्ने थिएन । उनले नेपाली नाटकमा भित्र्याएको शैलीले नाटक विधालाई उच्चकोटिमा त पुऱ्यायो नै, नेपाली साहित्यलाई पनि समृद्धिको शिखरमा पुऱ्यायो । बालकृष्ण समले नाटकमा मात्र काम गरेनन्, नेपाली

महाकाव्य क्षेत्रमा उनको 'चिसो चुल्हो' अत्यन्तै प्रगतिशील विचारधारा बोकेर आयो भने उनको दर्शनले पूर्व र पश्चिम दुवैको मेलबाट मात्र मानव जातिको हित हुन्छ भन्ने निष्कर्ष निकाल्यो । त्यसै गरी उनका निबन्धले तत्कालीन समाजको सोच प्रतिविम्बित गऱ्यो र कविताले दार्शनिक भाव अँगाल्यो ।

नेपाली साहित्यको श्रीवृद्धिमा आजीवन समर्पित समका "आगो र पानी" खण्डकाव्य, "चिसो चुलो" महाकाव्य, "नियमित आकस्मिकता" दर्शन र "मुटुको व्यथा", "धुव्र", "प्रह्लाद", "तानसेनको झरी", "मुकुन्द इन्दिरा", "अन्धवेग", अमरसिंह", "प्रेमपिण्ड" जस्ता नाट्यकृतिहरू प्रकाशित छन् । नेपाली साहित्यको नाट्यक्षेत्रमा उनको प्रवेशले स्वर्णयुग आरम्भ गरेको मानिन्छ । एकातिर पूर्वीय मान्यतामा प्रचलित नाटकको सुखान्त धारालाई चुनौती दिँदै दुःखान्त धारा नेपाली साहित्यमा प्रवेश गराए भने अर्कोतिर आफूले आरम्भ गरेको धारालाई उचाइको पराकाष्ठासम्म पुऱ्याए । उनले आरम्भ मात्र गरेनन्, आफूले रोजेको बाटोलाई उचाइको केन्द्रविन्दूमा पुऱ्याए । यो समको बौद्धिक चेतनाको उचाइ पनि हो ।

कविता होस् वा महाकाव्य, खण्डकाव्य होस् वा दर्शन अथवा नाटक सम सबैतिर उत्तिकै सफल छन् । उनका प्रत्येक विषयवस्तुले नेपाली समाजको मानसिकता, चिन्तन, संस्कृति र विचारधारालाई आत्मसात् गरेको पाइन्छ । आफ्ना कृतिमा आदर्शदेखि मनोविज्ञानसम्म पस्कने उनले नेपाली समाजको गहिरो मनोदशा केलाएका छन् । जीवन यथार्थमा मात्र रमाउन सक्छ भन्ने विचारको उनी अत्यन्त नजिक देखिन्छन् । नेपाली नाटकमा आधुनिकता भित्र्याउने सम पृथ्वी प्रज्ञा पुरस्कार, त्रिभुवन प्रज्ञा पुरस्कार, साझा पुरस्कार र रत्नश्री सुवर्ण पदकबाट पुरस्कृत छन् ।

नेपाली भाषालाई नाटकमार्फत् यति प्रिय बनाउनुमा समको विशेष योगदान छ । यस्ता भाषिक मनिषी समको जन्म माघ महिनामा भएको थियो । उनले नेपाली भाषा साहित्यमा पुऱ्याएको योगदानको निम्ति नेपाली भाषीले सधैँ ऋणी हुनैपर्छ । यदि कसैले यो कुरालाई इन्कार गर्छ भने ऊमाथि शङ्का उब्जिदा अस्वभाविक मान्न मिल्दैन । उनको जन्म महिनाको अवसरमा "नवप्रज्ञापन" उनलाई नमन गर्नु आफ्नो पहिलो कर्तव्य सम्झन्छ । स्वदेशमै मर्न चाहन्छु भन्ने समले आफ्नो दाहसंस्कारमा नेपाली वनजंगलका दाउरा मात्र प्रयोग गरियोस् भन्ने भाव राखेकाले उनी नेपालका अत्यन्तै ठुला राष्ट्रवादी हुन् भन्ने कुराको पुष्टि हुन्छ । यस्ता समको जन्म महिनाको सन्दर्भमा नवप्रज्ञापन श्रद्धासुमन अर्पण गर्दछ ।

चौरासी

म्रो साहित्यिक पत्रिकारिता अत्यन्तै असहज स्थितिमा छ यतिखेर । साहित्यिक पत्रिकाको प्रकाशन थालिएको १३७ वर्ष नाघ्यो तर पनि यसको अवस्थामा सुधार आएको छैन । वर्तमानमा त झन् विषम परिस्थिति देखिएको छ यसको अगाडि । एक हिसाबले भन्दा अन्योलग्रस्त मानसिकतामा बाँचिरहेछ यो भन्दा हुन्छ । यसको महत्त्व,महिमा र गरिमालाई ख्याल गर्दै राज्यले संवेदनशील बनेर निर्णय गरेन भने भोलिको दिनमा साहित्यिक पत्रकारिता इतिहासको विषयवस्तु मात्र बन्ने छ भन्ने कुरामा कुनै शङ्का छैन । त्यस्तो स्थिति नआओस्, राज्य समयमै चनाखो बनोस्

र यसको संरक्षण तथा सम्बर्द्धनका निम्ति आवश्यक कदम समयमै चालोस् साहित्यिक पत्रकारको नाताले यति आग्रह गर्नु मनासिब ठहरिएला ।

आरम्भकालदेखि नै हाम्रो देशमा साहित्यिक पत्रकारिता कहिल्यै आत्मनिर्भर बन्न सकेन । अर्थात् सुरुदेखि नै यसको यात्रा कष्टमय रहिरह्यो । त्यसैले पत्रिका जन्मने र मृत्युवरण गर्ने क्रम अहिले पनि निरन्तर चलिरहेछ । हामीकहाँ रहरमा, चाहनामा, इच्छामा, सकारात्मक सोचमा, प्रेममा, विश्वासमा र कर्तव्य तथा दायित्वमा यसको प्रकाशन हुने गरेको छ । यथा समयका शासक वा प्रतिपक्षको यसमा आँखा नपर्ने पनि होइन तर हरेकको लाभ ग्रहण गरिसकेपछि कृतघ्न बन्ने परिपाटीका कारण यसको अवस्था आजसम्म पनि सुध्रिन नसकेको हो ।

राणा शासनको विपक्षमा जनमत तयार पार्नेदेखि पञ्चायतको विरुद्धमा जनतालाई सुसूचित पार्दै बहुदलीय व्यवस्थाको स्थापनाका निम्ति समेत साहित्यिक पत्रकारहरूको महत्त्वपूर्ण योगदान छ । ऐन मौकामा त्यो कुरा स्वीकार गरिएको पनि छ । यसको प्रशंसा पनि भएको छ । यसका साथै २०६२/२०६३ को गणतान्त्रिक आन्दोलनमा पनि साहित्यिक पत्रकारहरूले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । वर्तमान सरकार वा विपक्षमा रहेका सबै दलहरूमा यो कुराको स्वीकारोक्ति छ तथापि साहित्यिक पत्रिका र पत्रकारको अवस्थामा भने आजसम्म कुनै सुधार वा परिवर्तन आएको छैन ।

भाषा र साहित्य देशको पहिचान हो । यसको उत्थान र संरक्षणको अभावमा कुनै पनि राष्ट्र समृद्ध बन्न सक्दैन । यसको हित संवर्द्धनका निम्ति मुलुकले गहन दायित्व वहन गर्नुपर्छ भन्नेमा सबैको करिब-करिब सहमति पनि छ तर कार्यान्वयन पक्षमा भने कहिल्यै ध्यान दिइएको देखिँदैन । काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भन्ने कहावत चरितार्थ बन्ने क्रम हिजोदेखि आजसम्म जस्ताको तस्तै छ । हो, हाम्रोमा भनाइ र गराइमा कहिल्यै एकरूपता देखिएको छैन । खोजिएको धेरै काल भयो । उपलब्ध गराउने ठाउँमा अनेकथरी मानिसहरू पुगे । सहमतिका शिर पनि हल्लिए तर कसैको स्वभाव बद्लिएन । यसैकारण साहित्यिक पत्रिका र पत्रकारहरूको अवस्था सन्तोषजनक छैन ।

अचम्म लाग्दो छ हाम्रो परिस्थिति । साहित्यिक पत्रकारहरूका माग त्यति भीमकाय जस्ता पनि छैनन् । आफ्नो स्थापना कालदेखि नै नेपाल साहित्यिक पत्रकार सङ्घले हुलाक दर्ताको प्रसङ्ग ल्याएको छ । मासिकसम्मलाई हुलाक दर्ताको सुविधा दिइएकोमा द्वैमासिक र त्रैमासिकलाई पनि त्यस्तो सुविधा उपलब्ध होस् भन्ने कुरा जोडेको छ । यो त्यति महङ्गो माग होला जस्तो पनि लाग्दैन । प्रत्येक गणतान्त्रिक सरकार समक्ष यी माग पुगेका छन् । आश्वासन पनि पाइँदै आइएको छ । सबैको उत्तर हुन्छमा नै हुन्छ तर कुरो माछो-माछो भ्यागुतोमा गएर टुङ्गिन्छ ।

नेपाली साहित्यिक पत्रपत्रिका सीमापारि जान सक्दैनन् तर त्यताका निर्वाध रूपमा यतातिर आउँछन् । तिनीहरू सकारात्मक मात्र हैन नकारात्मक पनि छन् । उनीहरूका लेखाइ हाम्रा संस्कार र संस्कृति, एकता, सद्भाव र अखण्डताका विपक्षमा पनि छन् तर हाम्रो ध्यान त्यता जान सकिरहेको छैन । हामी कहाँ सीमापारिबाट मात्र हैन समुद्रपारिका देशहरूबाट समेत पत्रपत्रिका निर्बाध आउँछन् । त्यतातिर पनि हामीले

चनाखो हुनुपऱ्यो । हाम्रा प्रकाशनहरूलाई नेपालीहरू बसोबास गरेका विश्वका विभिन्न ठाउँमा निर्बाध रूपमा पुग्ने व्यवस्था गर्नुपऱ्यो भन्ने साहित्यिक पत्रकारहरूको खास माग हो । यो पूरा गर्न नसकिने माग हो जस्तो लाग्दैन तर पनि यतातिर आजसम्म केही प्रगति भएको छ जस्तो देखिँदैन ।

छिमेकी मुलुक भारतका विभिन्न राज्यहरूमा बस्ने नेपालीहरू लाखौँको बसोबास छ तथापि हाम्रा प्रकाशन बोडर पार हुन सक्दैनन् । उनीहरूले त्यहाँ बसेर पनि हाम्रो भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा पुऱ्याएको योगदान अतुलनीय छ तसर्थ हाम्रो प्रकाशन त्यतातिर पुऱ्याउन सम्बन्धित निकायबाट पहल गरियोस् भन्ने पनि हाम्रो माग रहेको छ। यो माग पनि पूरा नहुने जस्तो लाग्दैन । हाम्रा सम्बन्धित अधिकारीहरूले उताका सम्बन्धित अधिकारीसँग कुरो राख्दा सहज पाराले समाधान होला जस्तो लाग्छ। हामीले उनीहरूसँग कुरा राख्न नसकेकाले मात्र यो समस्या आएको हो । कुरा राख्ने हो भने हाम्रो पत्रपत्रिका उता पठाउन कुनै समस्या आउला जस्तो लाग्दैन ।

विदेशी संस्कृतिले हाम्रो संस्कृतिमाथि अतिक्रमण गरिरहेको छ भन्नेमा सबैको मत एउटै छ तर समाधानको पाटोतिर कोही गइरहेका छैनन् । भइरहेको हाम्रा पत्रपत्रिका बन्द हुने र बाहिरबाट निर्वाध रूपमा आइरहने प्रवृत्तिले संस्कृतिलाई कस्तो असर पार्ला ? यतातिर पनि सम्बन्धित निकायको ध्यान जानु जरुरी छ। राजनैतिक परिवर्तनले मात्र समग्र देशको विकास हुन सक्दैन । त्यसकारण भाषा, साहित्य र संस्कृतिको विकासमा पनि राज्यले मनग्गे ध्यान दिनु आवश्यक छ ।

नेपाल बहुभाषिक मुलुक हो । यहाँ बोलिने भाषारुको सङ्ख्या नै १२५ को हाराहारीमा छ। हाम्रो भाषिक र सांस्कृतिक पहिचान जोगाउनका निम्ति पनि सम्बन्धित भाषाका पत्रपत्रिकालाई प्रोत्साहनका साथ प्रकाशन गर्न लगाउनु आवश्यक छ । ती जोगिएनन् भने त्यसको स्थान बाहिरी पत्रपत्रिकाले लिनेछन् र त्यसले भविष्यमा निम्त्याउने समस्या थामिनसक्नुको हुनेछ । यस कारणले पनि साहित्यिक र मातृभाषामा प्रकाशित हुने पत्रपत्रिकालाई प्रोत्साहित गर्नु आवश्यक छ । भइरहेकोलाई संरक्षण दिने मात्र होइन यस्ता पत्रपत्रिका प्रकाशित गर्न चाहनेलाई सम्कन्धित निकायद्वारा उत्साहित पार्नुपर्छ ।

प्रेस काउन्सिल नेपालको २०७३/०७४ को वर्गीकरणमा परेका साहित्यिक पत्रिकाको सङ्ख्या ५७ छ। यी साहित्यकै नाममा वर्गीकरणमा परेका हुन् । यिनीहरू नियमित छन् । प्रतिअङ्क श्रेणीका आधारमा सरकारले यिनीहरूलाई सहयोग पनि गर्छ। कतिपय पत्रिकाहरू वर्गीकरणमा नपरेका पनि छन् र तिनीहरूप्रति राज्यको कुनै दायित्व छैन तथापि ती यथाशक्य प्रकाशित भइरहेका छन् । नियमित वा अनियमित जे भए पनि साहित्यिक पत्रिकाले गर्ने भाषा साहित्यकै सेवा हो योभन्दा बाहेक उनीहरूको अर्को उद्देश्य होलाझैँ लाग्दैन ।

साहित्यिक पत्रिकारिता व्यावसायिक हुन नसक्ने कुरालाई बुझेरै होला यसका कतिपय सम्पादकहरूको अन्यत्र संलग्नता हुने गरेको छ । त्यसो त केही साहित्यिक पत्रकारहरू अन्यत्र संलग्न नभई यसैमा मात्र लागिरहेका पनि छन् । कतिपय जीवन यापनका निम्ति अन्य पेसा व्यवसाय अँगाल्दै आफ्नो साहित्यिक रहरपूर्तिका लागि यतातिर लागिरहेका छन् । सरल र सहज रूपमा आफ्नै कमाइले बाँचेका साहित्यिक पत्रकार र पत्रिका होलान् जस्तो

लाग्दैन किनकि नवप्रज्ञापनसँग पनि यस क्षेत्रमा काम गरेको अढाइ दशकभन्दा लामो अनुभव छ ।

निश्चित सङ्ख्यामा कर्मचारी पाल्नैपर्ने र तोकिएको तलब सुविधा उपलब्ध गराउनैपर्ने नियम साहित्यिक पत्रपत्रिकाको हकमा पनि लागु हुने हो भने निसन्देह यिनीहरू टिक्न सक्दैनन् । बन्द गर्नुभन्दा बाहेक अर्को विकल्प रहँदैन । जेजस्तो परिस्थिति आए पनि हामी कहाँ साहित्यिक पत्रकारिता व्यावसायिक हुन सक्ने अवस्था छैन । राज्यले अनुदान उपलब्ध गराएर प्रकाशित हुने गरेको साहित्यिक पत्रपत्रिकाको अवस्था त सन्तोषजनक छैन भने व्यक्तिले रहरमा र केही गरौँ भन्ने भावमा सुरुमा प्रकाशन आरम्भ गरी पछि व्यक्तित्वसँग जोडिएका पत्रिकाको त्यस्तो स्थिति कुनै पनि अवस्थामा हुन सक्दैन ।

आफू र परिवारका सदस्यहरूको स्वयंसेवामा चलेका हुन् हाम्रा अधिकांश साहित्यिक पत्रपत्रिका । परिवारका सदस्यहरूले समेत स्वयंसेवा नगरेको खण्डमा धराशायी हुने साहित्यिक पत्रिकाले निश्चित पारिश्रमिक दिएर कर्मचारी पाल्नुपर्ने स्थिति सिर्जना भयो भने त्योभन्दा दुःखद कुरा केही हुन सक्दैन । १३७ वर्षको इतिहासमा यसले विभिन्न कालखण्डमा पुऱ्याएको योगदानको कदर गर्दै साहित्यिक पत्रपत्रिकालाई समाचारमूलक पत्रिकाको वर्गमा नराखी छुट्टै राखेर यसप्रति नरम व्यवहार गर्नु नै यसको पक्षमा रहनु हो । सम्बन्धित निकायले यसको संवेदनशीलतालाई बुझी अगाडि बढ्ला भन्नेमा आशावादी हुनैपर्छ । त्यस्तो वचन यसले पाइसकेको पनि छ । त्यो वचन सकारात्मक बनोस् नवप्रज्ञापन यही अपेक्षा गर्दछ ।

• • •

मान्छे के ले हिँड्छ ? किन हिँड्छ ? कसरी हिँड्छ ? यस्ता प्रश्नहरूले घर गरेका छन् छातीमा वर्षौंवर्षदेखि । जीवन यापनदेखि बाँच्ने सपना समेत बोकेर धेरै हिँडियो । अझै हिँडिरहिएकै छ । हिँड्न छाडिएको छैन । इच्छा मरेको पनि छैन । जति हिँड्यो त्यति हिँडौँ हिँडौँ लाग्छ । जति हेऱ्यो त्यति हेरौँ हेरौँ लाग्छ । जति बुझ्यो त्यति बुझौँ बुझौँ लाग्छ । जाँगर लागेको छ । त्यसैले हिँडिरहिएको छ । नथाकेसम्म हिँडिरहने इच्छा मनमा दह्रोसँग बसिरहेको पनि छ ।

नयाँ वर्ष आयो । यस्ता नयाँ वर्ष बुझ्न थालेको पनि पाँच दशक भइसकेको छ । कहिल्यै बुझ्न सकिएको छैन । एउटा बुझी नसक्दै अर्को आउँछ । अलिअलि बुझेको हुन्छ त्यो सकिन्छ । फेरि अर्को नयाँ आउँछ । फेरि बुझ्दै गयो- सकिन्छ । अर्को आउँछ, अर्को आउँछ, अर्को आउँछ, खै कति हो आउन सकेको पनि । बुझ्न खोज्यो बुझिदैन । जान्न खोज्यो जानिँदैन । समात्न खोज्यो समातिदैन । भेट्न खोज्यो भेटिँदैन । तर पनि ऊ आइरहेछ । गइरहेछ । हामी जहाँको त्यहीँ छौँ । तर ऊ कहाँ पुग्यो अँ,हँ थाहा छैन तथापि जाने र आउने क्रम रोकिएको छैन । पोहोर गएको र अहिले आएको एउटै हो कि फरक त्यो पनि खुट्याउन सकिएको छैन । यसर्थ, असरल्ल आँखा र छरपस्ट मन लिएर हिँडिरहेछु म पनि ।

नवप्रज्ञापनसँग हिँड्न थालेको पनि २०७६ सालदेखि२७ वर्ष लाग्यो । ऊ र म अघिअघि र पछिपछि हिँडिरहेछौँ । बडो प्रेमिल छ उसको स्वभाव । नामले मात्र पनि यति लठ्ठिइएको छु कि हरदम वरिपरि घुमिरहन मन लाग्छ । उसकै नाममा, कर्ममा र भावमा पौडी खेलिरहन्छ मन । कहिलेकाहीँ त उसको प्रेमबाट टाढा रहौँ कि भन्ने पनि

नसोचेको होइन । यस्ता भावहरू मनमा धेरैपटक उठेर विचारको पोखरीमा नुहाएका हुन् । भावनामा कावा खाँदै आकाश गङ्गामा विचरण पनि गरेका हुन् । मनलाई पुरेर खाडलमा छोपछाप पनि गरेका हुन् । तर अन्त्यमा जब मेरा आँखा खुले तब नवप्रज्ञापनको सान्निध्य उपस्थित गराएर छाड्यो । यसर्थ ऊ र म पर्याय भइएको छ ।

रहर पनि अचम्मको बस्तु रहेछ, लागेपछि लाग्यो लाग्यो । छोड्न मनै नलाग्ने । सधैँ त्यसको खोजमा, उचाइमा र जीवनमा बगिरहन, इच्छा जागृत हुने । रहर र करको अर्थ यतिखेर अनुभूत भइरहेछ । करमा गर्नुपरेको काम कति अप्ठेरो हुन्छ, असहज हुन्छ र असान्दर्भिक लाग्छ तर रहरमा गरिएको वा थालिएको काममा त्यस्तो कुनै अनुभूति नहुँदोरहेछ । सोचिरहेछु- रहरमा गरेकै काममा त सफल भएका छन् अधिकांश मानिस । रहरले जो-कसैलाई पनि उचाइमा पुऱ्याउने हो । संसारका जुनसुकै मानिसमा यो कुरो लागु हुन्छ र भइरहेछ पनि ।

प्रारम्भिक दिनमा नवप्रज्ञापनले माधव घिमिरे विशेष, सरुभक्त विशेष, गीत, अङ्क, गजल अङ्क, नारायणीका गद्य स्रटाहरू, पद्य स्रष्टाहरू, बाल्यकालीन संस्मरण विशेष प्रकाशित गर्दै स्वर्ण अङ्कमा आइपुगेको थियो । त्यसपछि बालसाहित्य विशेषाङ्क, भानुभक्त विशेषाङ्क, छन्द कविता विशेषाङ्क, लघुकथा विशेषाङ्क, अभिलेख विशेषाङ्क, मुक्तक विशेषाङ्क प्रकाशन गरेको थियो । अहिले ८४ औँ अङ्क बहुभाषा कथाविशेषाङ्कको रूपमा प्रकाशित भएको छ । जसलाई तपाईं आफ्नो हातमा लिइरहनुभएको छ ।

८४ औँ अङ्क बहुभाषा कथाविशेषाङ्क हो । यसमा सकेसम्म धेरै भाषाका कथाहरू समेट्ने रहर भए पनि आखिरमा त्यो रहर १० मा अटाएको छ । चाहना गर्नु र काम फत्ते गर्नु फरक फरक विषय हुन् । सोचेका सबै कुरा पूरा नहुन सक्छन् । त्यसमा विविध कारणले भूमिका खेल्छ । नवप्रज्ञापनको सन्दर्भमा पनि त्यसै भयो । प्रयास धेरै गऱ्यो पत्रिकाले तर सार्थक हुन सकेन । यो झन्डै एक वर्षअघिको सोच हो र त्यसलाई एक वर्षपछि बल्ल तल्ल पूरा गरिएको छ । पछि 'नवप्रज्ञापन'ले सोच्यो- बाँकी काम अरूलाई पनि छाड्नुपर्छ । किनकि यस क्षेत्रमा गर्नेहरू धेरै हुनुहुन्छ । ऊ एउटा अंश मात्र हो । त्यसैले यतिमात्र काम आफूले गरेर बाँकी काम अन्य साथीलाई छोड्ने निर्णय गऱ्यो ।

नेपालमा बोलिने सबै भाषा हाम्रा आफ्ना भाषा हुन् । यसको सम्बर्द्धन र संरक्षणका निम्ति हामी सबैले आ-आफ्नो स्थानबाट काम गर्नुपर्छ भन्ने अठोटकै कारण यो अङ्क बहुभाषा कथा विशेषाङ्कका रूपमा तपाईंहरूसमक्ष आइपुगेको हो । नेपालमा बोलिने सबै भाषालाई नवप्रज्ञापन उत्तिकै सम्मान र आदर गर्छ । त्यसैले यसका विभिन्न अङ्कमा अन्य भाषाका रचनाहरू पनि प्रकाशित भइरहेका छन् । तराईको बारा जिल्लाबाट प्रकाशित हुने यो पत्रिका सम्पादकको अनुकूलतामा छापिन्छ । साहित्यिक पत्रिका आफै बाँच्न धौधौको अवस्था रहेकोले जीवनयापनका निम्ति सम्पादकले अन्य काम गर्नुपर्ने बाध्यताका कारण पत्रिका कहिलेकाहीँ ढिलो पनि हुने गर्छ तथापि नवप्रज्ञापन त्यसो नहोस् भन्नेतिर चनाखो छ, सचेत छ र जागरुक छ ।

यस अङ्कमा सबै भाषाका गरी ६९ कथा रहेकामा नेपालीका १८, मैथिलीका ६, भोजपुरीका ७, थारुका ७, तामाङका ५, नेपाल भाषाका ७, बज्जीकाका ५,

मगरका ४, डोटेलीका ६ र अवधिका ४ कथाहरू छन् । समग्र रचनाको सङ्ख्या ७९ रहेको छ । कथाहरू आ-आफ्ना मातृभाषामा छन् । ती भाषा र कथाबारे सम्बन्धित भाषाका विद्वान्हरूका सङ्क्षिप्त चिनारी समेत प्रस्तुत छ । मातृभाषामा कथा पढ्न खोज्ने र अरू भाषाका मातृभाषामा लेखिएका रचना कस्ता हुन्छन् भन्ने बुझ्नका निम्ति यस अङ्कमा समावेश कथाहरूले सघाउने छन् भन्नेमा नवप्रज्ञापन आशावादी छ । एक भाषामा लेखिएको कथा पढ्नेले अर्को भाषाको कथाको अवस्था बुझोस् भन्ने उसको मान्यता हो ।

यो अङ्कको कथा संयोजनको लागि नवप्रज्ञापनले सम्बन्धित भाषाबारे जानकारी राख्ने विद्वान्हरूलाई आग्रह गरेको थियो । सोही अनुसार मैथिली र भोजपुरीमा गोपाल अश्क, थारुमा कृष्णराज सर्वहारी, तामाङमा रामकुमार जिम्बा र अर्जुन ग्लान, नेपाल भाषामा गगनदीप सर्व, बज्जीकामा सञ्जय मित्र, मगरमा लोकबहादुर थापा र टीकाराम उदासी, डोटेलीमा डा.पुष्करराज भट्ट र अवधिमा विक्रममणि त्रिपाठीले सघाउनुभएको थियो । नवप्रज्ञापनको आग्रहलाई सहर्ष स्वीकारी सम्बन्धित भाषाका कथा छनोट र सङ्कलनमा विशेष किसिमले सघाउने आदरणीय स्रष्टाहरूप्रति नवप्रज्ञापन एकमुष्ट नमन गर्दछ । आभार व्यक्त गर्दछ र आगामी दिनहरूमा पनि यस किसिमको न्यानो माया पाइरहने अपेक्षा राख्दछ ।

२०६८ को जनगणनालाई आधार मान्यो । क्रमशः ११ नम्बरसम्मको भाषाको वर्गीकरण गऱ्यो । कथालाई एक ठाउँमा थुपाऱ्यो । लेखकहरू सबैलाई उत्तिकै आदर गऱ्यो । पत्रिकामा कथा समावेश गऱ्यो । भाषा साहित्यप्रतिको अनुरागले गरिएको काम भएकाले कुनै अप्ठ्यारो मानेन । लेखकहरूसँग अन्यत्र अप्रकाशित रचना माग्यो । उहाँहरूले त्यसैअनुसार पठाउनुभएको होला भन्नेमा ऊ विश्वस्त छ ।

नवप्रज्ञापनको अनुरोधलाई स्वीकारी आ-आफ्नो मातृभाषामा लेखिएका रचना उपलब्ध गराइदिने कथाकारहरूप्रति पत्रिका परिवार आभारी छ । यहाँहरूका रचना पाएर पत्रिका ज्यादै खुसी छ । यहाँहरूको लेखनी भविष्यमा अझै चम्किलो बनोस् । देशलाई साहित्यमय बनाओस् र यहाँहरूको मातृभाषा अझ समृद्धितिर हिँड्न सकोस् नवप्रज्ञापन कामना गर्दछ । भाषालाई माया गर्नुस्, सम्मान गर्नुस्, अझ धेरै लेख्नोस् तपाईंहरूमा धेरै धेरै शुभकामना छ । खुसीको कुरो त के छ भने हाम्रा स्रष्टाहरू साहित्यिक पत्रिकाहरूप्रति उदार देखिनुहुन्छ । उहाँहरूको उदारताकै कारण साहित्यिक पत्रिकाहरूले फस्टाउने अवसर पाएका हुन् । उहाँहरूको मनमा त्यस्तो उदारता हुँदैन थियो भने हाम्रा पत्रपत्रिका आजको अवस्थामा आउन सक्ने थिएनन् ।

नवप्रज्ञापन एउटा हिँडाइ हो । जीवन अर्को हिँडाइको नाम हो । हिँडाइमा खुसी र आनन्द हुन्छ । तपाईं हामी सबै हिँडिरहेछौँ । संसार पनि हिँडिरहेछ । कोही बसिरहेको छैन अपवादलाई छाड्ने हो भने । त्यसो भए गन्तव्यमा कतिजना पुगेका छन् त प्रश्न उठ्न सक्छ, यसलाई स्वाभाविक पनि मान्नुपर्छ तर हिँड्नेहरू सबै पुग्छन् भन्ने छैन यो पनि सत्य हो हिँडाइ रोकिएको छैन । सदियौँदेखि मानिस हिँडिरहेछन् । गन्तव्य भेट्टाउने चाहना छातीभित्र कैद बनेको छ । हिँडाइ गतिशीलताको अर्को नाम हो । गतिशीलहरू नै लक्ष्य भेट्टाउँछन् र गन्तव्यमा पुग्छन् । नहिँड्नेहरू कतै पुग्दैनन् । पुगेका पनि छैनन् । मजाले

देख्न सकिन्छ गति नहुनेहरूको गति । ती गुडुल्की रहेछन् अरिमोठेजस्तै । भुसिल्कीरा जस्तै । हो हामी त्यस्ता छैनौ । हाम्रो गति छ । त्यसलाई सम्मान र आदर गर्छौ । ऊसँग सिक्छौं । जो सिक्दैन उसले अरिमोठे र भुसिल्कीराको नियति भोग्नुपर्छ । तसर्थ गतिशीलता जीवनको एउटा पाटो हो ।

हिँडिरहने सोच छ नवप्रज्ञापनको । कति सकिन्छ थाहा छैन, तथापि इच्छा बोकिरहेछ आँखामा सधैँ हिँडिरहने । गन्तव्य पुगिएला या नपुगिएला तर हिँड्ने चाहना भने उर्वर छ । जे होस् यो अङ्क यसै गरी आयो यसलाई रचना उपलब्ध गराउने, विज्ञापन प्रदान गर्ने र बिक्रीवितरणमा सहयोग गर्ने सबैप्रति नवप्रज्ञापन आभार व्यक्त गर्दै नववर्ष २०७६ सबैका निम्ति सुखद् बनोस् हार्दिक मंगलमय शुभकामना ।

पवासी

धनले हुँदैन कविता न त हुन्छ मनले,
ज्ञानले हुँदैन कविता न त हुन्छ तनले,
इनले भयाकि कविता कविता समान हो,
आफै भयाकी कविता बहुत असल हो ॥

मोतीराम भट्ट माध्यमिक कालीन नेपाली साहित्यका विशिष्ट साधक हुन् । ३० वर्षको आयु (विस. १९२३-वि.स. १९५३) मात्र बाँचेका उनले नेपाली भाषा साहित्यको क्षेत्रमा जे जति काम गरे त्यति गर्ने साधक उनी पछि आजसम्म पनि देशले जन्माउन सकेको छैन । भविष्यको कुरामा त नबोलौं तर वर्तमानसम्म भने त्यस्ता व्यक्तित्व हाम्रो भाषा साहित्यका क्षेत्रमा अझसम्म जन्मन सकेका छैनन् ।

कलिलो उमेरमै, हजुरबासँग बनारस पुगेका उनको लामो समय त्यहीँ बित्यो । त्यहीँ शिक्षा आर्जन गरेका उनले नेपाली भाषासाहित्यको उन्नति, प्रगति र समृद्धिका निम्ति गरेको कामको प्रत्येक स्वाभिमानी नेपाली आत्माले प्रशंसा गर्नै पर्छ । अर्थात् उनले गरेको काम अविस्मरणीय छ । नेपाली भाषाको पहिलो भनिएको साहित्यिक पत्रिका 'गोरखाभारत जीवन'को प्रकाशनमा महत्त्वपूर्ण भूमिका खेलेका उनले नेपाली साहित्यमा पहिलोपटक गजल मात्र भित्र्याएनन् अन्वेषक, प्रेरक, सङ्गठक र प्रकाशक समेत भएर काम गरे । उनको निधन ३० वर्षको अल्पायुमै भयो । तथापि उनले पूर्ण आयुको अर्थात् सय वर्षको काम गरे र नेपाली भाषा साहित्यलाई अविस्मरणीय गुण लगाए ।

मानिस लामो समय बाँच्छ तर आफू बाँचेको समय वा युगका निम्ति केही गर्दैन भने उसको बचाइको खास अर्थ राख्दैन । केवल आफ्नो निम्ति त जो पनि बाँच्छ । कीरा, फटाङ्ग्रा पशु, पन्छी, जीवजन्तु, रुख बिरुवा र चराचुरुङ्गी सबै बाँच्छन् । त्यस्ताहरूको सङ्ख्या ठुलो छ । त्यस्ताहरूको जीवन र मृत्यु दुवैले खास महत्त्व राख्दैन । बाँच्नको निम्ति आफू बाँचेको समाजमा केही न केही निशानी त छाड्नै पर्छ । बिना निसानीको बचाइ र मृत्यु एक अर्काका परिपूरक हुन् ।

संसारमा अहिले पनि त्यस्ताहरू छन् जसको भौतिक अस्तित्व हामी माझ छैन तर तिनीहरूको काम, व्यवहार, आचरण र विविध गतिविधि हाम्रा मनमस्तिष्कमा मज्जाले घुमिरहेका छन् । अर्थात् नचाहेर पनि हामी उनीहरूलाई मनमस्तिष्कमा सधैं राखिरहन बाध्य छौँ । तिरस्कार गर्न खोजेर पनि सफल हुन सक्दैनौँ । आफ्नै काम वा कर्मले ती सूर्यको तेज जत्तिकै बलिरहेछन् ।

हाम्रो घर, परिवार, गाउँ, समाज,

आफन्त र इष्टमित्र तथा विश्वबन्धुत्व सबैतिर त्यस्ताहरू छन् र हुन्छन् पनि । तर तिनीहरूको सङ्ख्या अत्यन्तै सानो छ । तथापि हामीले नचाहेर नाम र काम बोक्न बाध्य हुन परिरहेको छ । जति सुकै टाढा भाग्न खोजे पनि त्यो घेरा तोड्न कठिन छ । यसर्थ हामी बिना प्रतिक्रिया, इच्छा तिनीहरूलाई मनमस्तिष्कको घेराभित्र राख्न हामी विवश हुने गर्छौं ।

मुलुक निर्माणदेखि भाषा साहित्य क्षेत्रमा पुऱ्याएको योगदान सम्मका कतिपय कारणले गर्दा कैंयौ नामहरूलाई चाहेर पनि छोड्न सकिरहेका छैनौं । नचाहँदा, नचाहँदै पनि मनमा, मुटुमा र छातीमा बोकेर हिंड्न बाध्य छौं । विवेक गुमाएर बोल्ने हो भने बेग्लै कुरा, हैन भने कतिपय परिस्थितिले हामीलाई एउटा बाटोमा हिँडाइरहेको, डुलाइरहेको र बुझाइरहेको अवस्था छ ।

त्यस्ता नामहरू संसारमा छन् र घरपरिवारमा पनि छन् । तिनै घरपरिवारका अत्यन्त थोरै तर आदरणीय नाम हो मोतीराम । उनले संसार छाडेको पनि झन्डै एकसय पच्चिस वर्ष बितिसकेको छ तर पनि हामी भुल्न सकिरहेका छैनौं, मनमस्तिष्कबाट टाढा राख्न सकिरहेका छैनौं, उनलाई छाडेर एक पाइलो पनि अघि बढ्न सकिरहेका छैनौं । उनी हाम्रा आँखाका नानी वा मनमस्तिष्क भइसकेका कारण भुल्न कठिनाइ भएको हो ।

जीवनको आयु नै जम्मा ३० वर्ष मात्र पाएका उनले जे जति गरे त्यो जम्मै नेपाली भाषा साहित्यको उन्नयनका निम्ति गरे । उनैको योगदानले हाम्रो भाषा साहित्यलाई समृद्ध बनायो, विशाल बनायो,जनप्रिय बनायो र जनमनको जिब्रोमा अडिन सक्ने बनायो । यसर्थ, नेपाली जातिले उनीप्रति कृतज्ञ हुनै पर्छ । नेपाली भाषामा भानुभक्तीय रामायण छपाउनेदेखि गजल भित्राउने, समालोचना वा जीवनी लेख्ने सङ्गठन गर्ने, नाटक लेख्ने मात्र हैन मञ्चनमा समेत सहभागिता जनाउने, शिक्षा प्रचारदेखि विभिन्न व्यक्तिहरूलाई अनेकौ काम कुरामा प्रेरित गर्ने काम समेत गरे । यसकारण मोतीराम नेपाली भाषा साहित्यका अमूल्य मोती नै हुन् ।

मनोद्वेगप्रवाह, गजेन्द्रमोक्ष, पञ्चकप्रपञ्च, गफास्टक, प्रल्हादभक्तिकथा, प्रियदर्शिका, सङ्गीतचन्द्रोदय, उषाचरित्र, पिकदूत, कमलभ्रमरसंवाद, शकुन्तला र भानुभक्तको जीवनचरित्र मोतीरामका मुख्य कृतिहरू हुन् । यिनै कृतिले उनलाई अमर र अजर बनाएका छन् । अझ त्यसमाथि भानुभक्तले लेखेर छोडेको रामायण प्रकाशन गराएर त उनले सुनमाथि सुगन्ध थप्ने काम गर्न भ्याए । यसैले त झन् उनको उचाइ कति अग्ल्यायो कति ।

यस्ता अमर व्यक्तित्व मोतीरामको जन्मोत्सवको अवसरमा उनीप्रति श्रद्धासुमन चढाउनु सच्चा भाषा साहित्यप्रेमीको पहिलो कर्तव्य हो । उनीबाट सिक्नु र प्रेरणा लिनु नैतिक दायित्व पनि हो । अमर पुर्खाप्रतिको श्रद्धाले सबैलाई बाटो देखाउँछ । जीवनप्रति सकारात्मक भाव बनाउन प्रेरित गर्छ । यसर्थ, हामी उनीबाट सिकौं, बुझौं, जानौं र अगाडि बढौं त्यसले हामीलाई सधैं जीवनप्रति सकारात्मक बनिरहन प्रेरित गर्छ र गरिरहन्छ ।

जीवनका प्रत्येक पलहरू कर्तव्यबाट बिमुख छैनन् । तर हामी त्यो कुरालाई आत्मसात गर्न छाडेर भाग्ने बहाना खोजिरहेछौ । खै किन हो स्वयम्लाई बुझ्ने अवस्थातिर समेत जान सकिरहेका छैनौं । कर्तव्यपछि मात्र आउँछ दायित्व अनि त्यसपछि आउँछ अधिकारको कुरा तर

हामी अघिल्ला दुईलाई भुलेर तेस्रोको मात्र कुरा गरिरहेका छौं । पहिलो र दोस्रो खुड्किलो चढ्दै नचढी कसरी पुग्न सकिएला तेश्रोमा ? तर पनि हाम्रो ध्यान त्यतातिर जान सकिरहेको छैन । यदि त्यसो गर्न खोजियो भने निश्चित छ लडिने छ र लडियो भने त के के हुन्छ के के ।

मोतीराम आफ्नो लागि कहिल्यै बाँचेनन् । केवल अरूको लागि अर्थात् हाम्रा लागि अझ अगाडि बढेर भन्दा नेपाली भाषा साहित्यको उत्थान र प्रगतिका निम्ति बाँचे । उनी स्वयम्का लागि बाँचेको भए सायद आज हामी मोतीरामलाई चिन्न सक्दैनथ्यौँ होला त्यो युगमा पनि उनका उमेरका मान्छेहरू कति थिए कति । तिनीहरूलाई हामी जसरी सम्झिरहेका छैनौँ त्यसै गरी उनलाई पनि सम्झदैनथ्यौँ । तर उनको काम हाम्रो लागि भएकाले हामीले उनलाई सम्झेका हौं र नेपाल तथा नेपाली भाषाको अस्तित्व रहिरहेसम्म उनी हाम्रो आँखा र मनमस्तिष्कमा जीवित भइरहनेछन् ।

माथिका पङ्क्तिहरू मोतीरामका काव्यिक अभिव्यक्ति हुन् । कविता के हो वा कस्तो हुन्छ र कसरी लेखिन्छ भन्ने प्रश्नको उत्तर ती कविताले दिएका छन् । हो, वास्तवमा कविता हुनका लागि कविता नै लेखिनु पर्दछ । अरू थोक लेखेर कविता हुन् सक्दैन । धनले, मनले, ज्ञानले र तनले कविता लेख्न सकिन्थ्यो भने त्यसको जिम्मा मोतीरामको काँधमा आउँदैन्थ्यो । त्यो स्थिति आज पनि छ । कविता लेख्न र कविता हुनका निम्ति बेजोड प्रतिभाको आवश्यकता पर्दछ । हिजो मात्र हैन आज पनि प्रतिभा हुनेहरू मात्र यो क्षेत्रमा लागेका छन् त्यसैले मोतीरामका ती अभिव्यक्ति उनका अमरवाणी हुन् भनेर मान्न सकिन्छ ।

छयासी

मानिस सांस्कृतिक प्राणी हो । ऊ एउटा संस्कृतिमा बाँचेको हुन्छ । जो जहाँ जुनसुकै अवस्थामा बाँचेको भए पनि उसले एउटा संस्कृति अबलम्बन गरेकै हुन्छ । संस्कृतिले मान्छेलाई बचाएको मात्र हुँदैन सिङ्गो जीवन पनि दिएको हुन्छ ।

संस्कृति विभिन्न खालका छन् । मानिससँगसँगै संस्कृति पनि हिँड्छ । संसारमा अनेक संस्कृति छन् । संस्कृति निर्माणका विभिन्न आधारहरू पनि छन् । तिनै आधारले संस्कृति निर्माण र विकास हुन्छ । सबैलाई आ-आफ्नो संस्कृति प्यारो हुन्छ । त्यसको उत्थानका निम्ति मानिसहरू विभिन्न कर्म गर्छन् र आफ्नो संस्कृतिलाई सभ्य र सुसंस्कृत बनाउन कम्मर कस्छन् ।

कुन संस्कृति अब्बल र कुन संस्कृति कमजोर भन्ने प्रश्नको उत्तर दिन अत्यन्तै कठिन हुन्छ । शक्ति, सामर्थ्य, ताकत, हैसियत र औकातका आधारमा संस्कृतिको मूल्याङ्कन हुनेगर्छ । जो बलियो छ उसैको संस्कृति राम्रो मानिंदै आएको छ । यो आजको मात्र हैन परापूर्वकालदेखिकै परम्परा हो । बलियोले निर्धोलाई लखेट्ने परिपाटी जीवनको सुरुवातदेखि नै रहिआएको छ ।

कुनै जमानामा पूर्वीय संस्कृति अब्बल मानिन्थ्यो र अझै पनि मान्नेहरूको सङ्ख्या ठुलो छ । तर आजका दिनमा यतातिर हाम्रा मानिसहरूको ध्यान कम गइरहेको छ । बाहिरी देखावटीले भित्री गुह्यतत्त्व पत्ता लगाउन सकिरहेको छैन । त्यसैले आजका युवायुवतीहरूलाई क्रमशः पाश्चात्य संस्कृतिले आकर्षित गरिरहेको अवस्था छ ।

उपभोगवादी चिन्तनले धेरैको मनमस्तिष्कमा घर गरेका कारण त्यस्तो

स्थिति उत्पन्न भएको हो । हामीमा रहेको संयम, चिन्तन र अठोट क्रमशः बगिरहेको परिस्थिति छ । हिजो सिकाउने, बुझाउने, देखाउने र हिँडाउने हामीहरू आज अरूबाट त्यही काम गर्न खोजिरहेका छौँ । मानिस जब आफूलाई बिर्सन्छ तब उसले गर्ने काम यस्तै हुन्छ ।

भोलिको चिन्ता र आशा नगर्ने प्रवृत्ति हावी भइरहेका कारण आजका अधिकांश युवा मनमस्तिष्क त्यतातिर उन्मुख भएका हुन् । हामीले अनुशरण गर्न खोजेकाहरू सबै खुसी र सुखी छन् त ? यो प्रश्नको उत्तर दिनसक्ने हैसियत नभएकाहरू पनि तिनीहरूप्रति आकर्षित हुँदै गइरहेको अचम्मको परिस्थिति हामीमाझ उत्पन्न भइरहेको छ ।

हाम्रो सांस्कृतिक मूल्य मान्यतातिर ध्यान खिच्न सकिरहेको छैन । यसो हुनु भनेको हामी उत्थान नभई पतनको बाटोतिर हिँड्न खोज्नु हो । हाम्रा पाइताला त्यतातिर किन अग्रसर बनिरहेछन् सखल्दो उत्तर पाउन नसकिने अवस्था छ यतिखेर ।

संस्कृति जीवन बाँच्ने आधार हो । यसले मानिसलाई हिँडाउने मात्र हैन गन्तव्यमा पुऱ्याउने समेत काम गर्छ । संस्कृति सबैतिर एकैनासको पनि रहँदैन । समयक्रममा यसमा परिवर्तन आइरहन्छ । यसो हुनु पनि पर्छ । मानिसले संस्कृति बनाउने भएकाले जीवनशैलीमा परिवर्तन आएसँगै यसमा पनि फेरबदल आइरहन्छ ।

फेरबदलको नाममा अर्काको सिको गर्न खोजियो भने त्यसले समाउने बाटो नकरात्मक नै हुन्छ । परिवेश, समय, विकासक्रम, चिन्तनधारा, चिन्तन पद्धति, बाँच्ने र सोच्ने चिन्तन शैली आदिको पनि संस्कृतिमा गहिरो छाप पर्दछ वा संस्कृति निर्माणमा तिनीहरूको महत्त्वपूर्ण स्थान रहन्छ ।

हाम्रै देशमा पनि विभिन्न संस्कृति र प्रचलन छन् । एउटै धार्मिक आस्थामा पनि अनेकौँ संस्कृतिको विकास भएको पाइन्छ । नेपालको हिन्दू संस्कृति र भारतको हिन्दू संस्कृतिमा पनि कतिपय ठाउँमा ठुल्ठुला खाडलहरू छन् । यसमा विभिन्न तत्त्व तथा अवस्थाले फेरबदल पारेको हो ।

हाम्रा सांस्कृतिक चाडपर्वमा पनि त्यसको छाया देख्न सकिन्छ । यो समय, परिस्थिति, स्थान र परिवेशले ल्याएको भिन्नता हो । अझै नेपालमा त हामी सांस्कृतिक घुलनका साथ बाँचेका छौँ । एकले अर्काको संस्कृतिको सम्मान र आदर गर्ने परम्परा रहिआएको छ । यो सकारात्मक पक्ष हो । हाम्रो संस्कृतिले यसलाई सहर्षका साथ आत्मसात पनि गरेको छ ।

वर्तमान परिवेशमा हाम्रो संस्कृतिमाथि विभिन्न प्रहारहरू हुन थालेका छन् । नयाँका नाममा पुराना मूल्यमान्यतालाई हामी रुढिवाद वा अन्धविश्वासको माला पहिऱ्याइरहेछौँ । अर्कोको किन राम्रो र मेरो किन नराम्रो भन्ने कुराको खोजतिर मनमस्तिष्क जान सकिरहेका छैनन् । आफ्नोलाई धारेहात लगाउँदै अर्काकोलाई राम्रो ठानेर अहिले स्वागत गरे पनि त्यसले पछिसम्म सन्तुष्टि दिइरहला भन्ने आधार अत्यन्त कम छ ।

सधैँ खुसी र सुखी बनिरहने हो भने आफ्नो गहिराइ खोज्नु र त्यसको दायाँबायाँ हात लगाउनु आवश्यक छ । हो, राम्रोको स्वागत गर्नु पनि पर्छ तर त्यसको नाममा आफ्नो जति सबै नराम्रो र परायको जति सबै राम्रो भन्नु चाहिँ आफूले आफ्नै घाँटी थिचेर आत्महत्या गर्नु जस्तै हो । तसर्थ सम्बन्धित सबैको ध्यान यतातिर जानु नितान्त आवश्यक छ ।

वर्तमान जिउने नाममा विगतलाई भुल्नेहरू कोही पनि कालान्तरसम्म खुसी

र सन्तुष्ट बन्न सकेका छैनन् । यसकारण खुसी खोज्ने बहानामा आफैलाई पूर्णरूपमा नभुलौँ र तत्कालीन हैन दीर्घकालीन खुसीको खोजी गरौँ त्यसले मात्र हाम्रो उद्धार गर्न सक्दछ ।

सतासी

नेपाल भ्रमण वर्ष सन् २०२० प्रारम्भ भएको छ । सबै जिल्ला, प्रदेश र संघमा एकसाथ सुरु भएको भ्रमण वर्षमा नेपालले २० लाख पर्यटक भित्र्याउने उद्देश्य बोकेको छ। अघिल्लो वर्ष झन्डै १३ लाख पर्यटकले नेपाल भ्रमण गरेकामा यो वर्ष ७ लाख बढाएर २० लाख पुऱ्याउने सरकारले लक्ष्य लिएको हो। यो लक्ष्य प्राप्तिको लागि सबै नेपालीले यथा स्थानबाट सहयोग पुऱ्याउनु आवश्यक छ ।

पर्यटन नेपालका लागि देश विकासको मूल आधार हुन सक्छ । हामीले आफ्ना परम्परा, संस्कृति, संस्कार र प्रचलनदेखि पाटी, पौवा, मठ, मन्दिर, गुम्बा हुँदै हिमाली, पहाडी र तराई क्षेत्रका विभिन्न सौन्दर्य देखाएर पर्यटकहरूको मन आकर्षित गर्न सक्छौँ । भिन्न संस्कृति र अलग अलग प्रचलन तथा परिवेशमा बाँचेका उनीहरूका लागि हाम्रा अधिकांश क्रियाकलाप वा जीवन भोगाइ समेत अनौठा हुन सक्छन् ।

नयाँ नयाँ कुरा जान्ने, बुझ्ने, हेर्ने र मनोरञ्जन गर्ने अभिप्रायले यहाँ आएका उनीहरू हाम्रा साथ भएका त्यस्ता कुराहरूको अध्ययन अवलोकन पश्चात् खुसी हुने छन् । यसमा कुनै सन्देह छैन । तसर्थ, भ्रमणमा आएका उनीहरुका निम्ति हाम्रा कुरा देखाउनु वा भन्नु हाम्रो कर्तव्य पनि हो ।

नेपाल संसारमा सुन्दर र शान्त मुलुकका रूपमा परिचित छ । हामी नेपालीहरू देशलाई धेरै माया गर्छौं । यसो गर्नु आफ्नो परम हित र कर्तव्य समेत सम्झन्छौं । संसारको जुनसुकै भूगोलमा रहे पनि हामी नेपालीहरूको मनमा सुन्दर नेपाल सधैँ रहिरहने गर्छ ।

नेपालमा सवा सयको हाराहारीमा जातजाति र भाषा भाषीको अस्तित्व छ । सबै आ-आफ्ना मातृभाषाका साथ साझा भाषा नेपालीलाई उत्तिकै मानसम्मान र आदर सत्कार गर्दछन् । यो नेपालीको ऐतिहासिक र महान् परम्परा हो । आपसी वैरभाव तथा कटुता कहिल्यै नबोकेको र परायसामु लम्पसार नपरेको यो देशको इतिहास छ । एक जातिले अर्को जाति, परम्परा, संस्कार र प्रचलनलाई उत्तिकै आदर सत्कार गर्ने प्रथाले यो स्थिति कायम भएको हो ।

एकले अर्काको सम्मान गर्न जान्ने हो भने कहिल्यै पनि मनमुटाव र विद्वेषको भावना जन्मन सक्दैन । असमझदारीलाई एकापसको कुराकानीद्वारा सुल्झाउन सकिन्छ भन्ने भाव नेपालीमा विगतदेखि नै छ । पुर्खाले छाडेको त्यही आधार बोकेर हामी हिँडिरहेका छौँ । यसले भोलिको सङ्केत स्पष्ट रूपमा गरिरहेछ ।

केचनादेखि सगरमाथासम्मको धरातल बोकेको यो देशमा विदेशी पर्यटकलाई लोभ्याउने कुराहरू अति धेरै छन् । तराईका सम्म मैदानदेखि पहाडका उकाली ओराली र हिमालका विविध टाकुराहरूले हामीलाई सम्पन्न बनाएका छन् । यति मात्र होइन देश सानो भए पनि हावा पानी ठाउँअनुसार अलग अलग छन् । केवल दुई घण्टाको हाराहारीमा भेटिने यस्ता अनेकता अझ धेरै छन् ।

आफ्नै करेसाबारीको एक झोला स्याउ टिपेर टोक्दै तलतिर झर्दा स्याउ

सकिँदा नसकिँदै सुन्तला बारीमा आइपुगिन्छ। झोलाभरि सुन्तला टिपेर खाँदै हिँड्दा सुन्तला सकिनै लाग्दा आँप र कटहर बारीमा हाम्रा पाइला सहजै पुग्छन् । यो प्रकृतिले हामीलाई दिएको अनुपम बरदान हो । उसले दिएको छ तर हामीले लिन नजानेकै कारण दुःख पाइरहेको अवस्था छ । देशभित्रको यस्तो मनोहारिताले पर्यटकहरूको मन नलोभिने कुरै छैन ।

हाम्रा गाउँ-बस्ती, खोला-नाला, भीर-पहरा, छाँगा-छहरा, हिमशृङ्खला, प्राकृतिक वनस्पति, चराचुरुङ्गी र जीवजन्तु पनि तिनीहरूका निम्ति चाखका विषय हुन सक्छन् । तिनीहरूलाई यो कुरा देखाएर, सुनाएर, बुझाएर पनि मन प्रफुल्लित तुल्याउन सक्छौँ वा आकर्षित बनाउन सक्छौँ। यसले पनि हाम्रो भ्रमण वर्ष सफल बनाउन सहयोग गर्छ।

हाम्रा विविध खाले वनस्पति, जडीबुटी र अनौठा रहनसहन तथा उपचार पद्धतिले पनि तिनीहरूको मनमा कौतुहलता उत्पन्न गराउन सक्छ। ती देश फर्केपछि आफ्ना अनुभव आफन्तलाई सुनाएर हाम्रो पर्यटक वृद्धिमा सहयोगी बन्न सक्छन् । नेपाल एकल जातिको पेवा होइन यहाँ बस्ने सबैको साझा फूलबारी हो। यो फूलबारीमा अनेकौँ फूलहरू लामो कालखण्डदेखि भातृत्व र मैत्रीपूर्ण वातावरणमा रमाइरहेका छन् भन्ने हामी पुष्टि गर्न सक्छौँ ।

देशरूपी फूलबारीमा अनेकौँ रूपरङका फूलहरू फुलिरहेछन्। पृथक्तामा जाँदा तिनीहरूका सुवास पृथक्-पृथक् छन् । अलग महत्त्व, पृथक् पहिचान, भिन्न अस्तित्व र बेग्लै सौन्दर्य भए पनि फूलबारीलाई समग्रतामा लिँदा त्यो साझा हुन्छ । त्यो साझा फूलबारीका एक-एक अंश हुन् नेपालका जातजाति तथा भाषाभाषी । त्यहीँभित्र सबैको समान अस्तित्व फेला पर्छ । फूलबारीभित्रका फूलको समभावले यसको महत्त्वलाई अझै उचाइमा पुऱ्याउँछ। विश्वलाई हामीले देखाउने कुरा पनि हो यो ।

नेपाल प्रकृतिको एउटा भूस्वर्ग हो । यो भूस्वर्गलाई चिन्न नसकेका कारण हामी पछि परिरहेका हौँ । केवल अरूलाई मात्र हेर्ने तर आफूलाई कहिल्यै सोचले गति अगाडि बढन नसकेको हो । संसार जे-जस्तो भए पनि हामी हामी नै हौँ । हाम्रो परिचय हाम्रो जस्तै हुन्छ। यो हाम्रो अलग पहिचानलाई हेर्न हरेक वर्ष विभिन्न मुलुकबाट मानिसहरू आउने गर्छन् । आउनेक्रम हिजोदेखि आजसम्म निरन्तर चलिरहेछ। यो भ्रमण वर्षमा आउनेहरूको सङ्ख्या अलिक बढाउने सोच सरकारको छ तसर्थ उनीहरूलाई स्वागत गरौँ, आफ्नो परिचय स्थापित गरौँ र भ्रमण वर्ष सन् २०२० लाई सफल पारौँ ।

अठासी

हिजो जस्तै लाग्छ नवप्रज्ञापन हिंड्न थालेको आज २७ वर्ष पूरा भएछ। २०७७ वैशाखदेखि यो २८ औँ वर्षमा प्रवेश गरेको छ। हिंड्न थाल्दा पहिलो चरणमा कस्तो कस्तो लागेको थियो। थाले पछि निश्चित गतिमा पाइला बढ्दा रहेछन् । विश्वास खोज्दा रहेछन्। अल्छी मनलाई डोऱ्याउँदा रहेछन्। जाँगर उमार्दा रहेछन् अर्थात् बाटो देखाउँदा रहेछन्। हिंड्न सघाउँदा रहेछन्। हिँडिरहन अभिप्रेरित गरिरहँदा रहेछन्। अनि हिँडाइले गतिलो गति समात्दो रहेछ।

२७ वर्षमा ८७ पटक प्रकाशित भयो नवप्रज्ञापन। बिचमा थुप्रै उकाली ओराली, भञ्ज्याङ चौतारी र देउराली तथा घुम्ती

गल्छैंडा हिँड्यो । ठेस लागे पनि अलमलिएन वा रुमल्लिएन । गति धीमा नै सही हिँड्ने क्रम छाडेन । गोडा निरन्तर हिँडिरहे । हो, त्यसैले हाम्रो आज भेट भएको छ अनि तपाईं यसलाई पढिरहनुभएको छ । प्रेम अनि सद्भाव बोकिरहनुभएको छ । अस्तिबाट, हिजोबाट र आजबाट पनि सिकिरहेको यसले भोलिबाट समेत सिक्ने छ भन्नेमा कुनै शङ्का छैन ।

८८ औँ अङ्क (वैशाख-असार) २०७७ सालको पहिलो अङ्क हो । ८७ अङ्कसम्म आइपुग्दा २०७६ साल तपाईं हामीबाट बिदा भएको छ । वर्षको अन्त्य अन्त्यतिर आउँदा २०७६ नेपाली मात्र होइन विश्व समुदायकै निम्ति दुःखद् बनेर आइपुग्यो । हामी यतिखेर २०७७ सालमा छौँ । अघिल्लो वर्ष प्रारम्भ भएको त्यो महामारीले अहिले पनि विश्वका अधिकांश राष्ट्रलाई दुखाइरहेको छ । अर्थतन्त्रलाई तहसनहस बनाइरहेको छ । विकासको चरम चुलीमा पुगेका छौँ भन्दै औँला ठड्याउनेहरूलाई समेत चुनौती दिइरहेको छ । भौतिक उन्नतिले मात्र जीवन सुखमय हुँदैन भन्ने सन्देश प्रवाह गरिरहेको छ । आफूलाई शक्ति सम्पन्न ठान्दै विश्व सामु अहम् प्रदर्शित गरिरहेका कैयौँ देशहरूलाई समेत यसले शक्ति सधैँ एउटाको पन्जामा नबस्न सक्छ भन्ने चुनौती दिइरहेछ ।

चीनको बुहानबाट सुरु भएको कोभिड १९ जीवाणुले सम्पूर्ण विश्वलाई यतिखेर त्रसित पारिरहेको छ । यसले विकसित युरोप र अमेरिका भनेर छुट्याएन । अधिकांश गरिबहरूको बसोबासी क्षेत्र अफ्रिका र दक्षिण एसियाली क्षेत्र मात्र पनि भनेन । न जात हेऱ्यो न त धर्म र संस्कृति नै । न धनी भन्यो न त गरिब नै । न रूप हेऱ्यो न त रङ्ग नै । यो सबैतिर फैलियो । विकसित र अविकसित पनि भनेन । घाम जस्तै लाग्यो । पानी जस्तै पऱ्यो । सबैलाई रुवायो । जम्मैलाई ततायो । विश्राम गरेन न त दायाँ-बायाँ नै छाड्यो । त्यो क्रम अहिले पनि यथावत छ । भन्न सकिँदैन कहिलेसम्म चलिरहने हो । हामी नेपाली पनि त्यसको चपेटामा छौँ ।

यसले सबैतिर आतङ्क मच्चाइरहेको छ । जम्मैलाई त्राहिमाम् बन्न बाध्य तुल्याएको छ । बलिया छौँ भनेर अहम् प्रदर्शन गर्नेहरूलाई समेत छाडेको छैन । तिनीहरूका अहमूलाई ठाउँका ठाउँ चोइट्याइदिएको छ । धुल्याएको छ र काम नलाग्ने बनाएको छ । मेरो विशेषता भनेको सोझो हो भन्नेहरूलाई पनि बाङ्गिन बाध्य पारेको छ । ती विवशतापूर्वक बाङ्गो बनिरहेका छन् । प्रकृतिसँग झुक्दिनँ भन्नेहरूले सत्यनास भोग्नुपर्छ भन्ने यो एक दृष्टान्त हो । प्रकृतिको अगाडि कसैको केही लाग्दैन । उसले चाहेको खण्डमा यो संसार धुलिन सक्छ भन्ने ज्वलन्त उदाहरण बनेको छ यो महामारी ।

धेरैको सोचाइ थियो भौतिक उन्नति सबैथोक हो । त्यसले जीवनका सम्पूर्ण आवश्यकता पूरा हुन्छन् । उन्नति भएकाहरूको पछि लाग्नु सबै कुराबाट पार पाउनु हो । तर यो विध्वंश वा महामारीले त्यस्तो सोचमा विचार गर्नुपर्छ भन्ने मान्यता स्थापित गरेको छ । भौतिक उन्नति केही त अवश्य हो तर सबैथोक होइन भन्ने कुरा वर्तमान पढ्ने जो कोहीले सहज किसिमले बुझ्न सक्छन् । यसले भविश्यमा अझ के कस्तो बितन्डा मच्चाउने वा असर पार्ने हो त्यो भने हेर्न बाँकी नै छ ।

सबैलाई जित्ने शक्तिमै हुँ अर्थात् मलाई कसैले ठाडो नजरले हेर्न सक्दैन भन्नेहरूले धेरै गुमाएको हामीले वर्तमानमा

देख्यौँ । उसको शरणमा परेकाहरूको अझ बढी क्षति भयो अर्थात् उनीहरूले निक्कै धनजनको क्षति बेहोर्नुपर्‍यो । यो अत्यन्तै दुःखद स्थिति हो । यो कसैलाई पनि नपरोस् भन्न सकिन्छ तर टार्न सकिन्न । सुरक्षित छानामुनि ओत लाग्न पुगेकाहरूको मनले पनि यतिखेर आतङ्कित बन्न नपरेको अवस्था छैन । ती आफ्ना जनताको सुरक्षाका निम्ति चाहे जति गर्न सकिरहेका छैनन् । कैयौँको ज्यान उचित देखभालको अभावमा गइरहेको छ । वर्तमानले त्यो कुरा पुष्टि गरिरहेको छ ।

भौतिक सुखसुविधा सबैथोक हैन । अनि मानव जगत्लाई पूर्णरूपमा खुसी राख्न यसले मात्र सक्छ भन्न समेत सकिँदैन । यस्तो सुखसुविधाले सम्पन्न मानिएका मुलुक पनि जनताको जीउधनको सुरक्षामा पछि पर्दा रहेछन् भन्ने दृष्टान्त आजको विश्वको चित्र हेर्दा छर्लङ्ग हुन्छ । विध्वंसक हातहतियार बनाएर संसारलाई चाहेको खण्डमा तहसनहस बनाउन सक्षम छु भन्दै अभिमान प्रस्तुत गरिरहेका राष्ट्रलाई पनि जनताको जीवनरक्षा गर्न धौधौ पर्दो रहेछ भन्ने पुष्टि यो महामारीले गरेको छ । यो महामारीले बलियाहरूलाई त्यसको परिभाषा पुनः खोज्न बाध्य बनाएको छ भन्दा सायद अत्युक्ति नठहर्ला ।

हजुर ! नवप्रज्ञापन हिँडिरहेछ । हिँडाइले गति प्रदान गरिहेछ । मनग्गे साथीहरू हुनुहुन्छ । सहयोगीहरू हुनुहुन्छ । शुभचिन्तकहरू हुनुहुन्छ । धेरैतिरबाट प्रेम पाइरहेको छ । सद्भाव पाइरहेको छ । जोस पाइरहेको छ । जाँगर पाइरहेको छ । उमङ्ग पाइरहेको छ । हौसला बोकिरहेको छ । गति ग्रहण गरिरहेको छ । प्रेरणा लिइरहेको छ । हो, यी सबै कारणले नवप्रज्ञापन हिँडिरहेछ । छातीमा हिँड्ने चाहना लहराइरहेको छ । विश्वासी विचारले बल प्रदान गरिरहेको छ ।

विगततिर फर्कंदा प्रकाशनको आरम्भकालदेखि समयक्रममा कतिपय अङ्कहरूलाई विशेष बनाउने प्रयत्न गरिएको थियो । त्यो क्रममा गजल विशेष, गीत विशेष, राष्ट्रकवि माधव घिमिरे विशेष, सरुभक्त विशेष, श्यामप्रसादका रचना विशेष, नारायणीका स्रष्टाहरू पद्यखण्ड नारायणीको स्रष्टाहरू गद्यखण्ड, बाल्यकालीन संस्मरण पहिलो भाग, स्वर्ण अङ्क, बालसाहित्य विशेषाङ्क, भानुभक्त विशेषाङ्क, छन्द कविता विशेषाङ्क, लघुकथा विशेषाङ्क, स्वअभिलेख विशेषाङ्क, मुक्तक विशेषाङ्क र बहुभाषाकथा विशेषाङ्कको प्रकाशन समय क्रममा भइसकेको छ । तपाईंको हातमा रहेको प्रस्तुत गीत विशेषाङ्क यसको पछिल्लो अङ्क हो ।

जीवनका परिभाषा फरक फरक भेटिन्छन् र देखिन्छन् पनि । एउटैमा समेटिन सक्दैन । विविधताले मजासँग गाँजेको छ अर्थात् परिभाषाभित्र विविधता छ । यसलाई अस्वाभाविक मान्न र ठान्न पनि सकिँदैन । कसैले मान्यो भने जान्दा हुन्छ जीवनको गति बुझेको छैन । नबुझ्नेले यसको रसास्वादन गर्न पनि सक्दैन । यसर्थ यो बुझ्ने कुरा हो । पढ्ने कुरा हो । अनुभूत गर्ने कुरा हो । हिँड्ने कुरा हो । खोज्ने कुरा हो । संसारमा खोजी नभेटिएको कुराको हुन्छ । हाम्रो ध्यान पनि त्यतातिर जानु आवश्यक छ ।

खोजीकै क्रममा आरम्भ गरिएको हो प्रकाशन अर्थात् खोज्ने अभिप्रायलाई सधैँ आत्मसात् गरिरहेको छ । पाउने अभिलाषा राखेको छ । पछाडि फर्केको छैन । अनि खोजी नै हो त हो जीवन पनि । तपाईं हामी सबैको उत्पत्ति खोजीले नै भएको हो । यसर्थ, खोजीमा जीवनको गुह्यता

समेटिएको हुन्छ । टाढा भाग्नु जीवनबाट डराउनु हो । त्यो बाटो कुनै पनि हालतमा सत्य र यथार्थ हुन सक्दैन । सत्य र यथार्थलाई छोडेर जो भाग्छ उसले अर्थबोध गरेकै ठहर्दैन । यस्तो कर्मबाट पछि हट्नुपर्छ भन्ने मान्यतामा यो अडिग छ ।

हिँड्नेहरूले साथ पनि भेट्छन् । यो कुरामा शङ्का छैन । यसले आरम्भदेखि नै त्यो भेटिरहेको छ । सद्भाव पाइरहेको छ । बाटो देखाउन तत्परहरू अगुल्टो हल्लाइरहेका छन् अनि यसले बाटो छोट्याएको छ । साँच्चै हो बाटोघाटोमा भेटिएकाहरू चौतारीमा बस्नुभएको छ । बुद्धि, विवेक, हैसियत र वर्कतले भ्याएसम्म हात र सहृदयी मन पस्किरहनुभएको छ । यस्तै धेरैधेरैका साथ, सहयोग, सद्भाव, होस्टे-हैँसे र सकारात्मक सोचले नवप्रज्ञापन जीवनवादी चिन्तनमा हिँडिरहन सम्भव भएको हो ।

स्थान विशेषको बसाइ सधैँ गतिशील रहन्छ । आउनेहरू रोकिएका छैनन् । हिँड्नेहरू हिँडिरहेका छन् । बस्नेहरू थकाई मारेर बाटो लागेका छन् । पुराना गएका छन् । नयाँ आएका छन् । एउटा हिँड्न थालेको छ । अर्को आइपुगेको छ । आउनेजाने सिलसिला यथावत छ । निरन्तर पानी घटट्भैँ घुमिरहेछ । यो क्रमलाई हामी गति मान्छौँ । जीवन सम्झन्छौँ । सुन्दर यात्रा ठान्छौँ । अगाडि थप्छौँ, “यात्रामा भेटिएका, सँगै हिँड्न खोजिरहेका, बाटो लागेका सबैलाई अभिवादन, स्वागत, सम्मान, सलाम र नमस्कार ।” ध्रुवसत्य छ संसारमा कसैले कसैलाई पनि आजीवन साथ दिन र लिन सक्दैन । यो स्वीकार्नु जीवनको सत्यतालाई मान्यता दिनु हो ।

जीवनको एउटा खोजी नै हो परदेश । सुख सुविधाको खोजीका निम्ति परदेशिनेहरूको सङ्ख्या ठुलो छ हाम्रो देशमा । हिजो परदेसिनु भारतदेखि म्यान्मारसम्म हुन्थ्यो । आज सिमाना फराकिलो भएको छ । त्यो धेरै टाढासम्म पुगेको छ । युरोप, अमेरिका, अस्ट्रेलिया र क्यानडा जस्ता देश परदेशका मुख्य आकर्षण भएका छन् । काम अनि मामको खोजीमा जाने मुलुकमा खाडीका विभिन्न देशहरू पनि छन् । जानेहरूको धुइरो छ । तँछाड-मछाड छन् । जिताजित छ । खुसी-खुसीमै भइरहेछन् ती काम । वृद्ध बाबुआमादेखि साना बालबालिका वा छोराछोरीसम्मका लागि अघिल्ला मुलुक स्वर्ग समान छन् । हो, जानेहरू गइरहेका छन् । रोक्न सकिँदैन । छेक्न पनि सकिँदैन । केवल हेर्न सकिन्छ । निरीह आँखाले अनुनय-विनय गर्न पनि सकिन्छ तर ती छेकवारले रोकिँदैनन् ।

जानेका आरोप अनेक छन् । कतिमा सत्यता होला पनि तर सबैमा छन् भन्न सकिन्न । यस्तो भन्न सकिन्छ- “तपाईंहरूको जीवन सुखमय र आनन्दमय होओस् । कहिल्यै काँडाले कतै छुन नसकोस् ।” अर्को दृश्य आँखामा नाच्न आइपुग्छन् । त्यहाँ पनि सबै सुखी छैनन् । खुसी छैनन् । मनमा उमङ्ग छैन । हर्ष र उल्लास पनि छैन । छन् त केवल आँखामा बाँचिरहने विवशता र बाध्यता मात्र । त्यसो त सक्नेहरूको जीवन हामी बाँचेको भूगोलमा समेत कहाँ कमजोर छ र ? त्यताको जीवन शैलीले धेरैलाई गिज्याइरहेको छ । अनि त्यहाँका थिचाइ तथा हेपाइ सुन्दा र पढ्दा जीउ सिरिङ्ग हुन्छ ।

हुने र नहुने, खान पाउने र नपाउने अनि समर्थ र असमर्थको भेद संसारमा छ र रहिरहन्छ पनि । यहाँ केही छैन तर त्यहाँ सबैथोक छ भन्ने कुरामा सत्यता छैन । त्यसलाई वर्तमानले अझ उदाङ्गो पारेको

अवस्था पनि छ । आफूले छाड्दा आरोप लगाउनै पर्ने बाध्यतामा लगाइएका आरोप हो कि जस्तो लाग्छ । हामी, हामी नै हौँ । ती, ती नै हुन् । हाम्रो जाँगर, चिन्तन र सोच हाम्रो जस्तो छ । तिनीहरूको तिनीहरू जस्तै छ । यसमा धर्म, संस्कृति, संस्कार, चेतना र चिन्तनको धरातल त झन् अर्को छँदै छ । हामी जहाँ पुगे पनि हामी जस्तै हुने छौँ र ती ती जस्तै हुने छन् । यसर्थ, सुख, खुसी र आनन्दको परिभाषा खोज्ने उपयुक्त बेला आइसकेको छ ।

देशले अपेक्षित विकास गर्न सकेन, यसमा शङ्का छैन । हामीभन्दा साना र साधनस्रोत कम भएका मुलुकहरूले समेत धेरै प्रगति गरेका छन् । जीवनस्तर दिन-प्रतिदिन सुधार भइरहेको छ । हामी साधनस्रोतले सम्पन्न भएर पनि विकासमा गति बढाउन सकेका छैनौँ । "किन ?" यो हो ज्वलन्त प्रश्न । देशले गति समात्न नसक्नुमा हाम्रो पनि दोष छ । भाग्नको लागि त अर्काको टाउकोमा आरोप लगाउन सकिएला तर त्यसो गर्नु भनेको पनि आफूबाट आफै डराउनु मात्र हो । जिम्मेवारी कहिल्यै नदेखी कर्तव्य नसमाती दोष अर्काको टाउकोमा थुपार्दै पानीमाथि ओभानो हुन खोज्ने प्रवृत्ति हाबी भएकै कारण हामी विकासको बाटोमा अगाडि बढ्न नसकेका हौँ ।

सबैले यथास्थानबाट जिम्मेवारी लिएर काम गरेको भए देश आज धेरै अगाडि बढिसकेको हुने थियो । आफ्नोभन्दा अर्काको काम गर्न रम्ने हाम्रो प्रवृत्तिले विकासमा बाधा उत्पन्न गराएको हो भन्दा असत्य बोलेको ठहर्दैन । हामी आफूमा आत्मविश्वासको कमी हुनु तथा उत्तरदायी नबनी सधैं जिम्मेवारीबाट भाग्नु प्रवृत्तिले साथ पाएको हो । म र मेरो भन्ने भाव हटाएर हामी र हाम्रो भन्ने चिन्तन रोप्ने हो भने छिट्टै अगाडि बढ्न सक्छौँ । हामी,हामी नै भएर कसैको अह्राटमा नलागी देशको लागि आफैले गर्नुपर्छ र गर्न सकिन्छ भन्ने चेतले ओतप्रोत भई कर्ममा लाग्ने हो भने सफलताको निम्ति लामो समय पर्खनु पर्दैन । यसमा कुनै शङ्का र द्विविधा एकरत्ति पनि छैन ।

विश्व विषम बाटोमा आज पनि हिँडिरहेछ । यो अवस्थामा कहिलेसम्म रहन्छ भन्न सकिँदैन । अहिलेसम्म यो महामारीबाट लाखौँ जनाले ज्यान गुमाइसकेका छन् । यो मानवीय क्षति कुनै देशको मात्र नभई समग्र विश्वको हो । मृतक कुनै एक देशको नागरिक भए पनि यो विश्व प्रकृतिको ऊ सुन्दर सिर्जना हो । उसको मृत्युले सबैलाई संवेदित बनाएको छ । यो समस्याबाट सारा संसारले यथाशीघ्र मुक्ति पाओस् । देशहरूले हातहतियारको विकासमा होइन मानवजातिको विकासमा सहयोग हुने सामग्री उत्पादन गरुन् । सम्पूर्ण मानवको कल्याण नै विश्वको भलाइ हो भन्ने भाव छातीमा उम्रियून् । संसारको विकास र प्रगतिको फाइदा मानवको हितमा खर्च गरियोस् । नवप्रज्ञापन परिवार सबैमा यो अपिल गर्दछ ।

हामी हिँड्न थालेको प्रदेश दुईको जिल्ला बाराबाट हो । हिँडाइ फराकिलो छ । जिल्ला जिल्लामा पुग्ने काम भइरहेको छ । हिँडाइले साथ र माया पाइरहेको छ । त्यसले हिँड्न अझ सहज भएको छ । यो कुराबाट पुष्टि हुन्छ नवप्रज्ञापन माया, ममता, सद्भाव, प्रेरणा बोकेर निरन्तर हिँडिरहेछ र पाइला गतिशील बनाइरहेछ ।

वर्तमानसम्म आइपुग्दा आदरणीय लेखक महोदयहरूको अटुट साथ छ । सद्भाव पनि छ । त्यसका निम्ति पत्रिका सबैप्रति आभारी छ । २७ वर्षे यात्रामा

यो पूर्ण व्यावसायिक हुन भने सकेन । त्यसो त अपवादबाहेक नेपालका कुनै पनि साहित्यिक पत्रिका त्यहाँ पुग्न सकिरहेका छैनन् । जे जति गरेका छन् ती रहरमा, उत्साहमा, उमङ्गमा र सकारात्मक सोचमा भइरहेछन् । यी पूर्ण व्यावसायिक भएर बाँच्न पनि सक्दैनन् । बचाउने हो भने देशकै विशेष सोचको आवश्यकता पर्छ । नसोच्ने हो भने देशमा अहिलेसम्म जेनतेन हिँडिरहेका साहित्यिक पत्रिका कुनै पनि दिन बन्द हुन सक्छन् भन्ने कुराको प्रमाण सरकार मातहतका संस्थाहरूबाट विगतमा प्रकाशित भए पनि हाल स्थगनमा रहेका वा हाल प्रकाशित भइरहे पनि व्यापक हुन नसकेका पत्रिकाको नाम र वर्तमान सम्झँदा स्पष्ट चित्र देख्न सकिन्छ ।

यो गीत विशेष अङ्क हो । तर गीतको सिद्धान्तको सम्बन्धमा मात्र होइन छनोटमा परेका गीत र गीतकारका बारेमा समेत सम्पादकका नाताले कुनै टिप्पणी गर्नु आवश्यक ठानिनँ । लेखकहरू आफै सार्वभौम हुनुहुन्छ । गीत पढेपछि सम्मानित पाठकहरूले यो अङ्कमा समेटिएका रचना सन्दर्भ आफै बुझ्नु हुनेछ भन्ने मेरो ठम्याइ छ । यति चाहिँ भन्छु अचेल बजारमा थरीथरीका गीत आएका छन् । तिनीहरूलाई बाँच्ने, नाच्ने र हाँस्नेको वर्गमा वर्गीकृत गर्न सकिन्छ । अचेल गीत सुन्नेहरू भन्दा हेर्नेहरूको सङ्ख्या बढिरहेको स्थिति पनि छ । यसले गीतको महत्त्व र औचित्य पुष्टि गर्छ । यथार्थमा सदावहार र कालजयी गीतले मानवीय भावनाको प्रतिनिधित्व गर्दछन् ।

आदरणीय पाठकवृन्द, विगत लामो समयदेखि हरेक वैशाख अङ्कलाई एउटा विशेषाङ्कको रूपमा प्रकाशित गर्ने परम्पराअन्तर्गत यसपटक गीत विशेषाङ्क प्रकाशित गर्ने सोच बनेको थियो । त्यही अनुसार काम पनि अगाडि बढेको हो । बिचमा हामीलाई भेट्टाउन आइपुगेको बन्दाबन्दीले अचम्मसँग अलमल्यायो तथापि हाम्रा पाइला रोकिएनन् । त्यसैले जति सकियो त्यति गर्ने सोच बन्यो । अनि यो विशेषाङ्क यो रूपमा तपाईंको हातमा आइपुगेको छ । यहाँ १६२ स्रष्टाका सिर्जना समेटिएका छन् । पत्रिकालाई सस्नेह आफ्ना रचना निःशुल्क उपलव्ध गराई सहयोगी भाव देखाउनुहुने सम्पूर्ण स्रष्टाहरूप्रति नवप्रज्ञापन आभारी छ र भविष्यमा पनि यस्तै स्नेह पाइरहने अपेक्षा गर्दछ ।

यो अङ्क्लाई यस रूपमा ल्याउन दुई स्रष्टा मित्रहरू वसन्तराज अज्ञात र गगनदीप सर्वको विशेष सहयोग छ । उहाँहरूको सक्रियता र सद्भावबाट अत्यन्तै प्रभावित छु । नवप्रज्ञापनले उहाँहरूबाट यस्तो माया धेरै अघिदेखि पाइरहेको छ । यसलाई उहाँहरूले जस्तै माया गर्नेहरूको सङ्ख्या ठुलो छ । यो अवसरमा उहाँहरू सबैप्रति पत्रिका परिवार पुनः अभिवादन अर्पण गर्नु आफ्नो कर्तव्य सम्झन्छ ।

अन्त्यमा हामी महामारीबाट मुक्त भइसकेका छैनौँ । कहिलेसम्म यो विषम परिस्थिति हाम्रो माझ रहिरहन्छ त्यसको पनि यकिन छैन । तसर्थ यो महामारीबाट बच्न सुरक्षाका विभिन्न उपाय अपनाउन, सतर्क रहन अनावश्यक काममा बाहिरी गतिविधिमा संलग्न नहुन र जीवनप्रति सकारात्मक बन्न सबै सबैमा अपिल गर्दछ ।

उनानब्बे

तपाईं हामी विश्व महारोग कोभिड १९ को महासमरमा त्रस्त मन बोकेर बाँचिर हेछौँ । संसारलाई आक्रान्त बनाइरहेको यसले हामीलाई पनि छाडेको छैन । नेपालमा

हालसम्म सङ्क्रमितको सङ्ख्या ४८ हजार १ सय ३८ र मृत्युवरण गर्नेहरूको सङ्ख्या ३ सय ६ पुगेको छ। यो २०७७ भदौ २३ गते दिउँसोको स्वास्थ्य मन्त्रालयको अभिलेख हो ।

यो महारोगले विश्वका सम्पूर्ण देशहरूसहित हामीलाई कति दुःख दिने हो त्यसको लेखाजोखा वा आँकलन गर्न सकिने अवस्था आइसकेको छैन । दैनिक रूपमा सङ्क्रमित र मृत्युवरण गर्नेहरू क्रमशः बढिरहेछन् । अधिकांश देशमा यसको उपस्थिति छ र त्यो उपस्थितिलाई स्थायी बनाउने प्रयासमा ऊ लागिरहेको छ।

हाम्रो देशको पनि कुनाकाप्चासम्म यो पुगिसकेको छ । पाइला नटेकेको जिल्ला छैन। सबै सतर्क र सचेत रहने हो भने हाम्रा घर आँगनसम्म पाइला टेक्न यो सक्षम हुने छैन भन्नेमा कुनै शङ्का छैन। हाम्रो हेलचेक्र्याईं र लापरबाहीको कारण यसले भेट्न सकिरहेको हो। भेट्न नदिने सोचले अगाडि बढे त्यो निश्चय पनि पराजित हुनेछ।

महामारी दोबाटोमा बसेर हाम्रो घर आँगनमा साइपाटा पठाउन उद्यत छ । उसको आग्रहलाई वास्ता नगर्ने हो भने असफल हुने प्रायः निश्चित छ। ऊ बाटो खोजिरहेछ। बाटो खोजे पनि आउन नदिनु तपाईं हाम्रो कर्तव्य हो । तर हाम्रो मन बलवान् बनिरहेको छैन। त्यसकारण प्रकोप बढ्दो क्रममा छ । निश्चित सावधानीका साथ भौतिक दूरी अपनाए अवश्य पनि सुरक्षित रहन सक्छौँ । तपाईं हाम्रो ध्यान पर्याप्त मात्रामा पुग्नु नितान्त आवश्यक छ।

यस्ता रोगहरू संसारमा समय समय आइरहन्छन् । पहिले पनि आएका थिए । भविष्यमा पनि आउने छन् । विभिन्न कालखण्डमा तिनीहरूले बितन्डा नै मच्चाएका छन् । लाखौँको मात्र होइन करोडौँको पनि ज्यान गएको छ तथापि रोगको जीत कहिल्यै भएको छैन । जीत त मानवजातिको भएको छ । ढिलो वा चाँडो त्यसले पराजित हुनै पर्छ। वर्तमानमा भयानक रूप धारण गरिरहेको कोभिड पनि एकदिन हार्छ यसमा कुनै पनि सन्देह छैन।

रोगहरू रूप फेरेर पनि बस्छन् तथापि तिनीहरूसँग मानव सभ्यतालाई समूल नष्ट गर्ने तागत हुँदैन । यदि त्यसो नहुँदो हो त संसारमा मानवजातिको अस्तित्व रहने थिएन। त्यसैले मानवजातिको अगाडि ती पराजित बनिरहेछन्। बाटोबाट हट्न बाध्य अनि विवश बनिरहेछन्। जतिसुकै भयानक रूप लिएर आए पनि अन्त्यमा तिनीहरूले पराजित हुनै पर्छ।

कुनै पनि रोग मानवजातिको महाशत्रु हो । तिनले बेलाबेलामा दुःख दिने काम गरिरहन्छन् । तर आजसम्मको इतिहासमा मानवजातिले कहिल्यै हार बेर्होनुपरेको छैन । कालान्तरमा अन्ततः ती आफैँ हार्छन्। हारभन्दा बाहेक उनीहरूसँग अर्को विकल्पै रहँदैन। तिनीहरूलाई हराउन प्रयत्न गर्नु मानवजातिको प्रमुख जिम्मेवारी हो । तर यसो भन्दैमा लापरबाही भने गर्नु हुँदैन। हाम्रो लापरबाहीका कारण उसले बितन्डा मच्चाउन सकेको हो। सचेत र सजग रहनु नै रोगसँग बच्ने मूल उपाय हो । बेपर्वाही पूर्ण जीवनशैली र व्यवहारले उसलाई सहयोग पुग्छ।

रोगसँगको लडाइँमा जीत तपाईँ हाम्रै हुनेछ । यसमा सबै ढुक्क बन्दा हुन्छ तर बेपर्वाह बन्नुचाहिँ हुँदैन। यदि त्यसो गरियो भने त्यो आत्मघाती गोल सरह हुन्छ। अहिले पनि रोग यति धेरै फैलनुमा जिम्मेवार हामी आफैं हौं। हाम्रो सचेतता र सजगता नै उसले खुम्चिनु पर्नाका कारण हुन्। कतिपय देशले बन्दाबन्दी बिना पनि मानिसको दैनिकीलाई

सहज बनाइरहेका छन् ।

हाम्रा आँखा त्यतातिर जान सकिरहेका छैनन् । किन यति स्वतन्त्र बनिरहेछौँ हामी ? यो हो ज्वलन्त प्रश्न । जीवन सबैथोक हो । यो रहेमात्र हाम्रो अस्तित्व रहन सक्छ । तसर्थ यसैका निम्ति सचेतता अपनाउनु हाम्रो कर्तव्य पनि हो । हामी विस्तारै कर्तव्यमा चुकिरहेका छौँ । त्यसैले अनेकौँ समस्याहरू पनि क्रमशः थपिइरहेछन् । यतातिर ध्यान दिनु सबैको प्रमुख कर्तव्य हो ।

स्पष्टताका साथ भन्न सकिन्छ हाम्रो सामु मुख बाएर उभिइरहेको कोभिड केही होइन । तर सचेतता अपनाउँदै जीवनप्रति संवेदनशील हुनु भने जरुरी छ । हामीले कर्तव्यलाई भुल्दै गएकाले समस्याहरूले विकराल रूप धारण गरेका हुन् र दुःखद् स्थितिहरू पनि निम्तिइरहेको हो । समयमै सोचेर आवश्यक सावधानी अपनाऔँ र त्यसलाई उपयुक्त माध्यमले परास्त गरौँ यसैमा हामी सबैको कल्याण हुन्छ र भविष्य उज्यालो देखिन्छ ।

अब त हाम्रा अघि नेपाली मात्रका महान् चाडहरू धमाधम आइरहेका छन् । यदि यो महामारीको अन्त्य यथा समयमा भएन भने हामीले ती चाडबाडको रमाइलोलाई पनि अर्को वर्षको निम्ति थाती राख्नुपर्ने हुन्छ । यसर्थ सबैले आवश्यक सचेतता अपनाई बेलैमा यसको विदाइ गर्नुमा नै सबैको भलाइ र सफलता निहित छ ।

विश्वलाई नै आक्रान्त बनाइरहेको यो महामारी यतिखेर तपाइँ हाम्रो घर आँगनमा छ । यो हामी सबैको महाशत्रु हो । तसर्थ यसलाई परास्त गर्नका निम्ति आ-आफ्नो क्षेत्रबाट सकेको योगदान गर्दै आफू बाँचौँ र अरूलाई पनि बाँच्न सहयोग गरौँ, नवप्रज्ञापन परिवार सबैमा हार्दिक अनुरोध गर्दछ ।

नब्बे

समयले २०७७ मङ्सिरको पहिलो साता टेकिसक्दा पनि हामी कोभिड १९ कै फन्दामा छौँ । झन्डै एक वर्षदेखि यो महामारीबाट उम्कन सकिरहेका छैनौँ । कहिलेसम्म यस्तो अवस्था रहिरहला ? आँकलन गर्न सकिने स्थिति समेत छैन ।

अघिल्लो वर्ष डिसेम्बरबाट प्रारम्भ भएको प्रकोप यो वर्षको नोभेम्बरमा आइपुग्दा पनि कम हुनुको साटो बढिरहेछ । कहिलेसम्म बढिरहला त ? अथवा अन्त्य कहिले र कसरी होला ? ठोकुवा गर्न सकिने परिवेश छैन । परिस्थिति आत्मसात गरेर बढ्नुमै आजको आवश्यकता हो भन्न सकिन्छ ।

यसलाई आत्मसात गर्दै वर्तमानलाई कसरी वशमा पार्न सकिन्छ ? त्यसको मूल्याङ्कन गरी बाटाहरू तय गर्नु सबैको कर्तव्य हो । तर हामी त्यता जान सकेका छौँ त ? मनन गर्नु आवश्यक छ । घना चिन्तनका साथ अगाडि बढ्दा धेरैभन्दा धेरै अप्ठेरा र असहजताबाट पार पाउन सकिनेमा शङ्का छैन ।

हाम्रा सुझबुझकै कारण घर, परिवार, छिमेक, टोल, समाज, गाउँ र देशले सहज गतिमा हिँड्ने आधारशीला तयार हुने हुन् । सबैतिर पृथक् अस्तित्व खोज्न थालिए भने त्यो बिलकुल सम्भव छैन । त्यता ध्यान बिस्तार हुनु आवश्यक छ । यसले हामीलाई यथार्थको पाटोबाट हिँडाएर वास्तविक धरातलमा पुर्‍याउन मदत गर्न सक्छ ।

सारा विश्वलाई वशमा पार्न सदैव प्रयासरत शक्तिशालीदेखि विकासको बाटोमा छिटोछिटो हिँडिरहेका देशहरू समेत कोभिडले त्रसित र ग्रसित छन् ।

यो अवस्थामा हाम्रो जस्तो प्रगति पथमा पछि रहेको देश प्रभावित नहुने कुरै भएन। तसर्थ यसबाट बच्न हामीले विशेष सतर्कता अपनाई चनाखो हुनु आवश्यक छ।

हाम्रा आकाङ्क्षा र अभिलाषा ठुला छन् तर देशमा स्रोत र साधनको कमी छ। प्रजातन्त्र आएको ७० वर्ष नाघिसक्दा पनि विकास निर्माणले गति लिन सकिरहेको छैन। किन ? उत्तर खोजेर सच्याउने र सच्चिने बेला पनि आइसकेको छ। तर हाम्रा मस्तिष्क यता जान सकिरहेका छैनन्।

हामीमा दोष अर्काको टाउकोमा थुपारेर पन्छिने प्रवृत्रि हावी छ। म हिँडेको बाटो र बोकेको सोचमा पनि कमी कमजोरी छन् कि ? त्यता जानै सकिरहेका छैनौँ। अर्कोमा दोष थुपारेर आफू पन्छिने र उम्कने क्रमले निरन्तरता पाइरहेछ। हाम्रा शासकहरू बदलिए पनि व्यवहारहरू फेरिन सकेको छैनन्।

प्रवृत्ति र सोचकै कारण हामी अगाडिको साटो पछाडि धकेलिइरहेछौँ। पछाडिको बाटो पश्च गमन हो। तसर्थ सच्चिएर हिँड्ने बाटा र पुग्ने ठाउँ निर्क्योल गर्नु आवश्यक छ। नभए भुलभुलैयाले सधैँ समाहित गरिरन्छ। त्यो जीवनको सकारात्मक र यथार्थ पाटो कहिल्यै पनि हुन सक्दैन।

निसन्देह कोभिड ठुलो समस्या हो। कसैले इन्कार गर्न सक्दैन। यसले सबैतिर नकारात्मक प्रभाव पारिरहेछ। यो सत्यलाई नकार्न सकिँदैन। कुनै क्षेत्रलाई अछुतो छाडेको छैन। सानो ठुलाको भेदभाव नगर्ने यसको व्याप्ति सबैतिर छरपस्ट छ। यसको कुदृष्टिकै कारण लाखौँले ज्यान गुमाएका छन्। त्यो क्रम निरन्तर चलिरहेछ। करोडौ दुःखको महाजालमा पौडिइरहेछन्। भोक भोकै रहेकाहरूको सङ्ख्या पनि सानो छैन।

यो महामारीबाट हामी अझ धेरै पीडित छौँ। अभाव र अप्राप्तिमा बाँच्न विवश हामी माझ यो ठुलो दुख बोकेर आएको छ। हजारभन्दा बढी नेपालीहरूको ज्यान गुमी सकेको छ। अझै कतिलाई रुवाउने हो थाहा छैन। अन्त्यको कामना सबैतिरबाट भए पनि यसले सुनिरहेको छैन। त्यसो त हामी पनि कामना भन्दा बढी केही गर्न सक्ने अवस्थामा छैनौँ।

क्रूता पूर्वक संसारलाई डसिरहेको यो महामशानलाई परास्त नगरेसम्म हाम्रो मात्र होइन सिङ्गो मानव जातिकै भलाइ असम्भव छ। यसका विरुद्ध आजसम्म भए गरेका प्रयास कामयावी हुन नसकेको यथार्थ हो। तर पनि मान्छेहहरू निरन्तर अगाडिको बाटो हिँडिरहेका छन्।

एकवर्ष अघि सुरु भएको यसका विरुद्ध नियन्त्रणका प्रयासहरू जारी छन्। विभिन्न कोणबाट काम भइरहेछ । तर पनि आजसम्मका प्रयास सार्थक हुन सकिरहेका छैनन्। हामी सबैको अघि त्यो पक्कै सार्थक परिणाम लिएर आउने छ यसमा कुनै द्विविधा वा शङ्का छैन। हामीले सफलता चुमेको दिन त्यो निसन्देह भाग्ने छ।

अनुसन्धान वा खोजकर्ताका प्रयास जार ीरहेका समाचार आइरहेछन्। विशेषज्ञहरूका प्रयत्न सफलताका नजिक पुगेका खबरले भविष्यमा ठोस सफलता पाइने आशाले धेरैलाई उत्साहित तुल्याइरहेछ। तर पनि बजारमा औषधी नआउँदासम्म बाँच्ने चुनौती हाम्रा अगाडि छन्। त्यसबाट मुक्ति पाउन आफ्नो तर्फबाट सजगता अपनाउनु हाम्रो मुख्य जिम्मेवारी हो।

कुनै पनि समस्याबाट डराउनु वा भाग्नु त्यसको समाधान होइन। डराइ वा भगाइले समस्यालाई ज्युँकात्युँ बचाई मात्र राख्छ। तसर्थ परास्त गर्नु वा सदाका निम्ति हटाउनु समाधानतिर अग्रसर बन्नु हो। योसँग

डराएर नभई मुकाबिला गरेर हामीले पार पाउन सक्छौँ । यतातिर सोचौँ यसैमा हाम्रो कल्याण छ ।

हरेक काममा कर्मबाट भागेर नभई सरिक बनेर सफलता पाउन सकिन्छ । यसको अर्को विकल्प पनि छैन । तर कर्मगर्दा पर्याप्त सुरक्षा सतर्कता अपनाउनु जरुरी छ । त्यसो नगरिए पहिलो क्षति हामीलाई नै हुन्छ । यसर्थ सबैले सचेत रही सुरक्षा सतर्कता अपनाउँदा बाँच्न र बचाउन सुगम हुन्छ ।

वर्तमानमा हाम्रा सोच यतातिर पर्याप्त मात्रामा नपुगेको हो कि भनेर आशङ्का गर्ने ठाउँ विद्यमान देखिन्छ । यसले दिने लाभ नभई हानि मात्र हो । तसर्थ यतातिर गहिरिएर सोच्नु र अगाडिका बाटा तय गर्नु आवश्यक छ । हामी सबैको ध्यान बेलैमा त्यता जाने हो भने यसलाई सजिलै परास्त गर्न सकिन्छ । यसकारण पर्याप्त सुरक्षा सतर्कता अपनाएर मात्र आआफ्ना कर्ममा लागौँ यसैमा हामी सबैको कल्याण छ ।

एकानब्बे

कोभिड १९ को भयावह स्थितिबाट विश्व एक वर्षसम्म बेचैन बन्यो । संसार मेरो पसरमा छ र मैले चाहे अनुसार चल्नुपर्छ भन्ने अभिमान बोक्नेहरूलाई यसले पञ्जामा बेर्रै छाड्यो ।

त्यति मात्र हैन मान्छेहरूलाई चिन्तन बदल्न विकल्प खोज्न समेत बाध्य बनायो । यसको मारबाट कोही अछुतो रहन सकेनन् अर्थात् केही कालसम्म भए पनि तिनीहरूका अभिमानले धर्मराउनुपर्‍यो ।

पक्कै हो, यतिखेर सारा विश्व विस्तारै तङ्ग्रने सुरसारमा छ । झन्डै एकवर्षसम्म रोगको आक्रमणबाट दिशाहीन बनेका देश अनि मानव समुदाय बाटो पहिल्याएर ठमठम्ती हिँड्ने सुरसारमा छन् । यसबाट के पुष्टि हुन्छ अन्धकारले कुनै कालखण्डमा साम्राज्य जमाए पनि सधैँ वर्चस्व कायम राख्न सक्दैन । अर्थात् जित अँध्याराको नभई उज्यालोकै हुन्छ ।

कोभिडको यो महामारीले सम्पूर्ण मानव समुदायलाई पञ्जामा मात्र राखेन विना कारण लाखौँलाखौँको ज्यान पनि लियो । कयौँलाई बेरोजगार र घरबार विहीन बनायो । विश्व अर्थतन्त्रलाई धरासायी र चौपट पार्‍यो । यसको मारमा परेका गरिब राष्ट्रहरूलाई लयमा फर्कन कति वर्ष लाग्ला ? आँकलन गर्न सकिने स्थिति बनिसकेको छैन । यसले आफ्नो पहिचान विध्वंसक र कुरूपका पक्षपातीका रूपमा प्रस्तुत गर्‍यो ।

मानिस अझै यो रोगको मारमा परेर ज्यान गुमाइरहेछन् तथापि आजको दिनसम्म आइपुग्दा निस्सन्देह यसको गति कम भएको छ । तर पनि निमिट्यान्न भइसकेको छैन । औषधी सर्वसुलभ नभएसम्म यसले मानवजातिलाई दुःख दिन वा अप्ठेरोमा पार्न नछाड्ने यथार्थ धेरैले आकलन गरिरहेका छन् । औषधी सर्वसुलभ भएपछि मानवजातिले यो रोगबाट मुक्ति पाउने एकमात्र उपाय हो ।

अनुसन्धान कर्ताहरू विस्तारै यो रोगबाट मानव मुक्तिको बाटो खोजिरहेका छन् । उनीहरूको प्रयास दिनप्रतिदिन सार्थक बनिरहेको समाचार पनि प्रवाहित भइरहेछ । यसले धेरैतिर आशाको सञ्चार गराइरहेको छ । अर्थात् दिनप्रतिदिन आशावादी बन्न सकिने सम्भावनाहरू क्रमश : बढिरहेको अवस्था छ । यो सन्तोष र सकारात्मक बाटातिरको सफल हिँडाइ पनि हो ।

साँच्चै हो, कोभिड १९को प्रारम्भिक अवस्था अत्यन्तै भयावह थियो । यसै र यही स्थितिमा हुन्छ भन्न सकिने अवस्थामा

थिएन। दुनियाँमा डरको एकछत्र राज थियो। मनहरू आक्रान्त थिए । सन्त्रस्तता बोकेर बाँच्नु सारा संसारको अचम्मको विवशता थियो । यसलाई कोही पनि अस्वीकार गर्न सक्ने अवस्थामा थिएनन् । विवशता पूर्वक काँधमा बोक्नु अनिवार्य थियो ।

एउटा सत्य छ, सधैँ अन्धकारको साम्राज्य चल्दैन । अर्थात् उज्यालोले अँध्यारोलाई जित्ने कुरा दिउँसोको घामझैँ छर्लङ्ग छ । त्यसैका कारण कोभिडले सबैलाई अन्धकारमा छोपिरहन सकेन । उसले पराजय स्वीकार गर्नै पऱ्यो । हराउन अनेक खोजी र अनुसन्धानहरू भए । हामी पछि परेको प्रयास नगरेकैले हो । कामभन्दा कुरामा अधिक विश्वास गर्ने प्रवृत्तिकै कारण जहाँको त्यहीँ रहिरहन बाध्य भएका हौँ ।

संसारमा एउटा प्रयत्नका साथ आफूलाई विश्वास गर्नेहरू पछाडि परेका छैनन् मात्र हैन पर्दैनन् पनि । तर त्यसो भए हामी किन पऱ्यौँ त ? तपाईं वा जो कोहीको प्रश्न हुन सक्छ । उत्तर पनि सजिलै छ । हामी, हामी हुन नसकी सधैँ अरू र अरूका भयौँ । तर आफू र आफ्नो कहिल्यै हुन सकेनौँ । हैसियत र औकात बोकेर कर्ममा पनि लागेनौँ । यसै कारण पछि पऱ्यौँ । आत्मसात गरेको बाटो नत्यागेसम्म हाम्रो अवस्था कुनै हालतमा नसुध्रिने निश्चित जस्तै छ ।

हजुर, कोभिडले संसारलाई अन्धकारमा पुऱ्याएका बखत पनि कतिपय मन मस्तिष्क यसको विपक्षमा जुटे । मुक्तिका उपायहरूको खोजी भयो । असफलताले काम गरिरहेकाहरूलाई रोक्न वा छेक्न सकेन । रातो दिनको कर्मले अन्त्यमा काम गर्नेहरूलाई सफलता दिलायो । त्यही सफलताबाट यतिखेर विश्व आशावादी बनेको छ ।

कम्पनीहरू कोभिडको औषधी निर्माणमा दिलो ज्यानले जुटेका छन् । कतिपयले उत्पादन गरेका औषधी प्रयोगमा सफल भई लगाउन पनि थालिसकिएको छ । कतिपय औषधी परिक्षणको अवस्थामा पनि छन् । तिनीहरूको सफलताले सबैको पहुँचमा औषधी पुऱ्याउन अझ सहज हुने कुरामा दुई मत हुन सक्दैन ।

सबैलाई औषधी पुऱ्याउनु चुनौतीको विषय हो । तर जस्तो सुकै चुनौती भए पनि पुऱ्याउनु नितान्त आवश्यक छ । बाँच्ने अधिकार सबैको बराबरी हो । धनी बाँच्ने र गरिब मर्ने अवस्था रहनु हुन्न । यसर्थ धनी मानिएका देशहरूले तेस्रो विश्वका जनताहरूको जीवन रक्षाका निम्ति गम्भीरता पूर्वक सोच्नु र पक्षमा काम गर्नू आवश्यक छ ।

यो महामारीको प्रकोपबाट बच्न औषधी खरिदमा गरिब देशलाई सहयोग नगर्ने धनी मुलुकहरूलाई मानवतावादी वा अशक्तहरूको सहयोगी अनि पक्षपातिको कोटिमा राख्न सकिन्न । निसन्देह अशक्तहरूलाई कुनै हालतमा औषधीबाट बञ्चित गर्न पाइदैन । औषधीबाट बञ्चित गर्नु भनेको मृत्युको मुखतिर धकेल्नु हो । यो विषयमा सम्पन्न राष्ट्रहरूले मनग्गे सोचविचार गरुन् र कसैको पनि बाँच्ने अधिकार हनन् नगरुन् नवप्रज्ञापनको आग्रह र अनुरोध छ ।

भर्खरै कोभिड विरुद्धको खोप हाम्रो मुलुकमा पनि आइपुगेको छ । सफाइ र स्वास्थ्यकर्मी पहिलो खेपमा खोप लगाउनेहरूमा परेका छन् । यो स्वागत योग्य कुरा हो । दोस्रो चरणमा पत्रकार र विदेशी नियोगमा काम गरिरहेकाको नाम छ ।

अब अग्रमोर्चामा खटिएर काम गरिरहेका सुरक्षा कर्मीहरूलाई प्राथमिकतामा

राखिनु आवश्यक छ । हो, खोप आइपुगेको छ र कोभिड पराजयको बाटोमा प्रवेश गरिसकेको छ । तसर्थ हामी सबै पहुँच खोज्नतिर नभई पालो कुर्नतिर लागौँ यो नै समयको सही आवाज हो ।

बयानब्बे

नयाँ वर्ष २०७८ तपाईं हाम्रो घर आँगनमा टुपलुक्क आइपुगेको छ । यसको स्वागत सत्कारमा हाम्रा मन जुटिसकेका छन् । तर नयाँवर्ष अघिल्लो वर्षझैँ आम सोच विपरीत निराशा बोकेर आयो ।

हामीले जेजस्तो सोचेका थियौं वा सोचिरहेका थियौँ त्यस्तो भएन । मन नपुगेको, कल्पना नगरेको र विश्वासबाट टाढा राखिएको परिप्रेक्ष्य बोकेर यो आइपुग्यो । यसको आगमन पछि हामीमा जे जति हौसला र उत्साहित हुनुपर्ने थियो पटक्कै त्यस्तो हुन सकिरहेको छैन ।

हामी पूरापुर अलमलमा छौँ । भविष्य के हुन्छ वा कसरी बढ्छ स्पष्ट खाका पनि छैन । अब के होला वा बाटोको रेखा कसरी कोरिएला यो बताउन सबै असमर्थ छन् । परिस्थिति अन्योल र असहजकै कारण चाहेको र खोजेकोतिर जान नसकेका हौं, यसमा शङ्का छैन ।

२०७६ को अन्त्य अन्त्यतिर नेपाली आकाशको छानामुनि आइपुगेको महामारी हामीकहाँ आउनु अगावै विभिन्न मुलुकहरूमा देखा परिसकेको थियो । त्यतिबेलादेखि आजसम्म यसले संसारलाई निरन्तर आक्रान्त बनाइरहेछ । लाखौँ मानिसको ज्यान पनि अकालमा गएको छ ।

त्यो शृङ्खलामा पूर्णविराम त के अल्पविराम समेत् लाग्न सकिरहेको छैन । सक्रियतापूर्वक त्यसले कर्म गरिरहेछ । यसो भन्न सकिन्छ क्षणिक नै सही त्यो जितिरहेछ र हामी हारिरहेछौँ । उसको मुहारमा खुसीको चमक छ हामी निराशा काखी च्यापेर यता उता भौँतारिइरहेछौँ ।

त्यसले जिते पनि त्यो सकारात्मक हैन र चिरञ्जीवी बन्न सक्दैन तथापि ऊ अगाडि अगाडि र हामी पछि पछि हिँडिरहेछौँ । नचाहेर पनि पछि लाग्न बाध्य बनिरहेको अवस्था छ । परिस्थितिले निम्त्याएको यो यथार्थ हो र वर्तमानमा यो मानेर हिँड्नुको विकल्प पनि छैन ।

तर आज जिते पनि एकदिन उसको हार र हाम्रो जित हुनेमा शङ्का छैन । मानवजातिले जतिसुकै सङ्कट र अप्ठेरा व्यहोर्नु परे पनि आखिर जितेरै छाडेको इतिहास छ । तर यसका निम्ती धैर्यता, संयमता, गम्भीरता, आशावादी सकारात्मक सोचको भने ठुलै आवश्यकता छ ।

यो महामारी हाम्रो मात्र नभई सम्पूर्ण मानवजातिकै साझा दुश्मन हो । यसका विरुद्ध संसार एकजुट हुनु आवश्यक छ । सबै एकजुट भए यसको हार सुनिश्चित छ । तर एक्लाएक्लै लडेर परास्त गर्न सकिँदैन । यो विषयमा सबैको ध्यान खिचिनु आवश्यक छ ।

हाम्रै कमजोरी र लापर्वाहीका कारण रोगहरूले बढी फैलिने र विस्तारित हुने अवसर पाउने हुन् । हामीमा पर्याप्त चेतना र रोगहरूप्रति सचेतता भए त्यो विकराल बाटोमा जान सक्दैन ।

२०७६ को अन्तिम समयतिर देखिएको यो महामारी २०७७ को पछिल्लो चरणमा आइपुग्दा बिदा हुँदै गएको धेरैले महसुस गरेका थिए । दुखेका मन र ओसिला आँखा क्रमश : सुक्दै गएको पनि थियो । घटित दुखद् घटनाबाट पीर, ब्यथा, दुःख र पीडामा बिस्तारै खाटो बसिरहेको थियो ।

हामी पुराना कुरा सबै बिर्सिएर नयाँ जिन्दगी खोज्नेतिर लाग्ने अवस्थामा थियौँ ।

वैज्ञानिक औषधीको खोजीमा तल्लीन थिए । एक दुई व्यक्ति वा देश मात्र हैन संसारै रोगको विपक्षमा थियो । संसारका जुनसुकै युद्धमा पनि अन्त्यमा मानवले नै जितेको छ अर्थात् दानव पराजित भएका छन् । मानवताको विपक्षमा उठेका आवाज र गरिएका कामले कहिल्यै सफलता पाएका छैनन् ।

औषधीको पहिलो परीक्षणको समाचार पछि त झन् ओठ-ओठमा खुसीका लहरहरू लहरिन थालेका थिए । हामी माथिको आकाशबाट निराशाको कालो बादल हट्दै गइरहेका थियो । हृदयमा उमङ्गको सञ्चार प्रवाहित हुँदै विश्वासका वातावरण बनिरहेको थियो ।

परिस्थिति अनुकूलतातिर मोडिदै छ भन्ने आशामा मनभित्र कल्पनाका नयाँ धर्साहरू कोरिन खोज्दै थिए । विश्वास सगरमाथाको उचाइ मापन गर्ने सुरसारमा थियो । कलिला पालुवा छातीको विश्वासमा उम्रिरहेका थिए । नकारात्मक सोच बिस्तारै हटेर सकारात्मक सोचले प्रवेश पाइरहेको थियो ।

तर सहजतातर्फ उन्मुख हुँदै गइरहेको वातावरण यतिखेर पुनः खलबलिएको छ । अब औषधी आएपछि हामी धेरैलाई रुवाउने महामारी सदाका निम्ति विदा हुनेछ भनेर गरिएको अपेक्षामा तुषारापात लागिरहेछ । यसैले हिजोका कल्पना र सपना आज बज्रपातमा परेका छन् ।

अहिले हामी नेपाली मात्र हैन सारा विश्व नै महामारीबाट त्रसित छ । सबैतिर औषधीको उपलब्धता एकनाश छैन । पहुँच सीमित देशहरूसँग मात्र छ । हामी कहाँ पनि थोरै औषधी त आइपुगेको छ तर यसले सबैलाई पुग्ने अवस्था छैन । पैसा तिरेर पनि औषधी पाउन असम्भव प्राय छ ।

पैसा तिर्न नसक्ने देशहरूको कथा अझ कारुणिक छ । अधिकांश नागरिक पैसाको अभावमा औषधीबाट बञ्चित छन् । उनीहरूका आवाज सुनी दिने खासै कोही छैन । पैसा र प्रविधि सीमित व्यक्तिहरूका पञ्जाभित्र जकडिएको छ । ती साना तथा अशक्तहरूलाई पञ्जामा पार्न अनेकौँ हथकन्डा अपनाइरहेछन् ।

ऋस गर्ने क्षमता कोही कसैसँग छैन । मनमौजीको छुट तिनीहरूका हातमा छ । त्यसैले ती आफू खुसी वा आफ्नाका भलाइका मात्र काम गरिरहेछन् । सम्भवत : उनीहरूका सोचभित्र अन्य कसैको पनि अस्तित्व जीवित छैन । ती छाडा साँढेझैँ चौतारामा उभिएर डुक्री रहेछन् ।

आज पनि तथाकथित ठुलाठालु वा हुने खानेहरूकै प्रपञ्च सबैतिर चलिरहेछ । ती जहिले पनि साना र अशक्तलाई पञ्जामा राखेर आफू वा आफ्नो समुदायको दुनो सोझ्याउन तल्लीन छन् । बाँकी दुनियाँसँग कुनै मतलब रहँदैन । संसारले हिजोदेखि आजसम्म भोगेको नियति यही हो ।

विश्व वर्षौवर्ष अघिदेखि हुने र नहुने दुई वर्गमा विभाजित छ । हुनेहरू नहुनेहरूलाई पञ्जामा पारेर आफ्नो स्वार्थ पुरा गर्न अनेकौँ हतकन्डा अपनाइरहेछन् । समस्या सिर्जना गराएर उपस्थिति देखाउने भरमग्दुर प्रयत्न हुने गरेको छ । कैयौँ ठाउँमा त योजनामा ती सफल समेत बनिरहेछन् ।

उनीहरूका योजना र हतकन्डा बोकेर एकाथरी मानिस एक आपसमा लडभिड गरिरहेछन् । हत्याहिंसाले निरन्तर प्रश्रय पाइरहेछ । जाति,वर्ग, धर्म, समुदाय, सम्प्रदाय र वर्णका नाममा बारबार लडाइँ चलिरहेछ । ती आफै झाँक्री र बोक्सी

बनिरहेछन् । जानेर वा नजानेर हामी पछिपछि दुगुरी रहेको अवस्था छ ।

वर्तमान महामारीका सन्दर्भहरू पनि यो कुराबाट भिन्न छैनन् । आँखाले छर्लङ्ग देख्न सकिन्छ । उही रोगबाट धनी देशका नागरिक कम प्रभावित र गरिब देशका नागरिक ज्यादा प्रभावित छन् । उपचार धनी देशको पहुँचमा छ तर गरिब देश त्यसको बाहिर छन् । यसर्थ रोगले गरिब देशलाई बढी सताइरहेछ ।

साँच्चै हो,यो रोगका अधिकांश उपयोगी औषधी कम्पनी पहुँचवालाहरूका पहुँचमा छन् । पहुँचवालाहरू पहुँवाला देशका हातमा छन् । संसारमा पहुँचवालाहरूको सङ्ख्या निक्कै सानो समूहमा छ तापनि ती संसारलाई प्रभावमा पारिरहेका छन् मात्र हैन इच्छामा चलाइरहेछन् ।

तिनीहरूकै हाँकोडाँकोमा विश्व चलिरहेछ । देखाएको बाटोमा नहिँड्नेहरूले दुःख पाएका छन् । असहजता बेहोर्न बाध्य हुनुपरेको छ । थिचोमिचो विवशता पूर्वक सहनु परिरहेछ । पक्षमा बोलिदिने कोही छैनन् त हैन तर बोल्नेहरूका बोली बिकिरहेका छैनन् । सबैतिर नाफाघाटाको हिसाब किताब छ ।

महामारीको औषधी गरिब देशका लागि कौवाको निम्ति पाकेको बेलझैं भएको छ । यो नियति कहिलेसम्म भोगिरहनुपर्ने हो भन्न सकिँदैन । शक्तिशालीहरूकै बोली निर्णायक हुने भएकाले गरिबहरूले सधैँ नीरिह बनिरहनु परेको हो । कहिलेसम्म यस्तो नियति भोगिरहनुपर्ला ? यो कोही कसैलाई पनि थाहा छैन ।

यस्तो अवस्थाको चाँडोभन्दा चाँडो अन्त्य होस् र विश्वका सवै जनतालाई यो महामारीको भ्याक्सिन सहज उपलब्ध गराइयोस् नवप्रज्ञापन सम्बन्धित सबैसँग हार्दिक अनुरोध गर्दछ । बाँच्न पाउने अधिकार सबै जनतासँग छ तसर्थ सबै पहुँचवालाहरूको ध्यान यता जानु नितान्त आवश्यक छ ।

यो महामारीबाट बच्न हामी सबैले एकजुट हुनुको विकल्प छैन । रोग सबैको साझा शत्रु हो । मान्छेले जस्तो यसले कसैलाई काखा र पाखा गर्दैन । साझा शत्रुलाई परास्त गर्न सबै एक हुनुपर्छ । मिलेर साझा भावले यसको सामना गर्नु आजको पहिलो आवश्यकता हो ।

आत्मसंयममा रहँदै सरकारद्वारा निर्धारित नीति नियम पालना गरेर धैर्यका साथ अगाडि बढे यो महामारीबाट पार पाउन कठिन छैन । यो समस्या त अवश्य हो तर सबैभन्दा ठुलो समस्या किमार्थ हैन । वर्तमान असहिष्णु बन्दै गएका कारण समस्याहरू दिनप्रतिदिन थपिइरहेछन् ।

समस्याको सही समाधान सकारात्मक सोचले मात्र गर्न सकिन्छ । मुकाबिलाले आत्मविश्वास बढाउन पनि सहयोग गर्छ । आत्मविश्वास र सकारात्मक सोचले मात्र समस्याबाट मुक्ति पाउन सकिन्छ । वर्तमानमा देखिएको समस्याको समाधान भनेकै रोगसँगको एकिकृत प्रतिकार हो ।

फेरि दोहोरिएर हामी समक्ष आइपुगेको यो महामारीको सामना मिलेर गरौँ । साझा शत्रुको विरुद्ध मिलेर अगाडि बढ्दा हुने लाभ सबैले पाउन सकिन्छ । भविष्यप्रति आशावादी हुनेहरू योसँग डराउँदैनन् वा पिठ फर्काएर भाग्दैनन् । हामी पनि पिठ फर्काएर नभागौँ वा सशक्त तरिकाले प्रतिकार गरौँ कल्याण यसैमा छ ।

जीवनप्रति सधैँ सजग र सचेत बनौँ । सकारात्मक सोच र चिन्तनको विकास र विस्तारमा योगदान गरौँ । आफूलाई सही बाटोबाट हिँडाऔँ यो समयको माग पनि

हो । समयलाई आत्मसात गर्न नसक्नेहरूले कहिल्यै गन्तव्य पहिल्याउन सकेका छैनन् । यो विगतदेखिकै इतिहास हो ।

हजुर, यसपटक हामी प्रदेश दुईका प्रतिनिधि नेपाली गजलका साथ यहाँहरू माझ उपस्थित भएका छौँ । ८९ भाषा रहेको प्रदेश दुईमा अन्य भाषामा पनि गजल लेखिन्छन् । भविष्यले साथ दिए हाम्रो सोच त्यता पनि जाने छ । देशका सबै भाषाको विकासले नेपाली भाषालाई अझ समृद्ध बनाउँछ भन्नेमा नवप्रज्ञापन विश्वास पनि राख्दछ ।

काठमाडौँको एक भेटमा मैले प्रादेशिक प्रतिभा पुरस्कार पाएको प्रसङ्ग कोट्याउँदै रौतहटका साहित्यकार सञ्जय मित्रले प्रस्ताव राख्नुभयो "दाइ तपाईं प्रदेश दुईका बासिन्दा हुनुहुन्छ । देशले प्रादेशिक प्रतिभा पुरस्कार पनि दियो । नवप्रज्ञापन मार्फत् प्रदेश दुई गजल विशेषाङ्क निकालौँ" प्रस्ताव मन पर्‍यो । काम सुरु भयो । अतिथि सम्पादकको विशेष जिम्मेवारी उहाँलाई नै सुम्पैँ ।

सञ्जयजीले रचना सङ्कलन र सम्पादन गर्नुभयो । उहाँ विभिन्न माध्यम अपनाएर साथीहरू माझ पुग्नुभयो । त्यो क्रममा के कस्ता असजिला आए त्यो त संस्मरणमा लेख्नुहोला तर आँटेको काम लक्ष्यसम्म पुर्‍याउनुभयो यसका निम्ति उहाँ धन्यवादको पात्र हुनुहुन्छ । रचनाकार कोही छुट्नुभयो कि भएन म त्यता जान्न । व्यक्तिगत प्रयासमा गरिएको काम हुँदा जानु उचित पनि लागेन । भविष्यमा योभन्दा अझ सशक्त प्रयास होओस् वा गरियून् मात्र हैन हुनेछन् यसमा म पूरापूर आशावादी छु ।

लहै अब ९२ औँ अङ्क तपाईंको हातमा आइपुगेको छ । नियमित पत्रिकाको यो १८ औँ विशेष अङ्क हो । यात्रा निरन्तर जारी छ । हाम्रो आग्रह स्वीकारी यो अङ्कका निम्ति रचना उपलब्ध गराउने सबै गजलकारहरूका साथ घनश्याम परिश्रमी, टीकाराम उदासी, गोपाल अश्क, रमेश समर्थन र अतिथि सम्पादक सञ्जय मित्र लगायतका सम्पूर्ण टिमलाई यतिखेर स्मरण गर्न चाहन्छु ।

अन्त्यमा, हामी महामारीका बिचतिर महासागरको एकछेउमा छौँ । यसलाई सबैको प्रयासमा जित्न सकिन्छ । त्यसका निम्ति दह्रो प्रयास आवश्यक पर्छ । तसर्थ आआफ्नो स्थानबाट सकेको योगदान गरौँ भन्दै अर्को अङ्कमा पुन : भेट्ने वाचा सहित विदा चाहन्छु ।

त्रियानब्बे

आदरणीय पाठकवृन्द ! समय अघिअघि छ । तपाईं हामी पछिपछि छौँ । हिँड्नेहरूले इतिहास रचेका छन् । बस्नेहरूबाट त्यो सम्भव छैन । हिँडिरहनु परिचय स्थापनामा सक्रिय हुनु हो । यसले जीवनको अर्थ खोज्छ र गतिमा हिँडाउँछ ।

हिजो वा आजको संसार परिचयभित्र बाँचेको छ । यो बाँचिरहने आधार हो । यसमा सन्देह छैन । सिलसिला आजको हैन । हिजोको मात्र पनि हैन । अस्ति र अझ अस्तिको हो । निरन्तरता पाइरहेछ । अझै पाइरहने पनि छ । यसैका कारण तपाईं हाम्रो अस्तित्व कायम रहेको हो ।

ऽऽऽ

जम्मा तीसवर्षको आयु बाँचेर हाम्रा सम्पूर्ण मन-मस्तिष्कमा सधैँ जीवित रहन सफल अमर स्रष्टा मोतीराम (१९२३ -१९५३) को १५६औँ जन्मजयन्ती सकिएको छ । मोतीरामले देखाएको बाटो हिँड्नु हाम्रो को साझा कर्तव्य हो । यसो गर्‍यौं भने मात्र मोतीरामप्रति न्याय गरेको ठहर्छ । अन्यथा हामी कृतघ्न बन्ने छौँ ।

उनी यो संसारबाट विदा भएको १२६ भएको छ । एक विधा वा क्षेत्रमा मात्र हैन समग्र नेपाली साहित्यमा उनको विशिष्ट योगदान छ । उनले साहित्यका विभिन्न विधाहरूका जग हालेका मात्र हैनन् भानुभक्तलाई खोज्ने काम पनि काम पनि गरेका हुन् । यसकारण नेपाली भाषा साहित्यको अस्तित्व रहिरहेसम्म मोतीरामको नाम र काम हाम्रा माफ्र अमर रहिरहने छ ।

ऽऽऽ

हामी कोरोना कहरका कारण त्रासदीपूर्ण जीवन बाँचिरहेछौं । यसले सारा विश्वलाई तहसनहस बनाएको छ । देशहरू असैह्य रूपमा दुःखेका छन् । दुख्ने क्रम आज पनि रोकिएको छैन । सम्पन्न मुलुकहरूले आफ्ना नागरिकलाई महमारी विरूद्धको खोप लगाइसकेका छन् । यतिमात्र कहाँ हो र ? पर्याप्त मात्रामा औषधी भण्डारण पनि गरेका छन् । गरिब देशहरू टुलुटुलु हेर्नभन्दा बढी केही गर्न सकिरहेका छैनन् ।

अधिकांश देशका नागरिक खोपबाट वञ्चित छन् । तिनीहरूले सहज किसिमले कहिले र कसरी खोप पाउने हुन् कुनै टुङ्गो छैन । एकातिर पैसाको अभाव छ, अर्कातिर सहज बिक्रीवितरण हुन सकिरहेको छैन । हैसियत बनाएका मुलुक गोदाममा औषधी थुपारेर स्वार्थको थैलो खोल्दै गरिब तथा निमुखाहरूका मन मस्तिष्क गिजोल्न तल्लीन छन् ।

परिस्थिति कहिलेसम्म कायम रहन्छ यसै भन्न सकिँदैन । हुनेखाने र हुँदाखानेमा विश्व विभाजित छ । गरिब र गरिबी माथि खेल्नेहरू खेलिरहेका छन् । त्यतिमात्र हैन पेलिरहेका पनि छन् । आदर्शको खरिद बिक्री पनि चलेको छ । किन्ने र बेच्ने दुवैथरी लामवद्ध छन् । विचार र विश्वास पनि लगातार बिकिरहेछ । आँखा टुलुटुलु हेर्नभन्दा बढी केही गर्न सकिरहेका छैनन् ।

विश्वलाई नै हायल-कायल बनाइरहेको महामारीबाट हामी बच्ने कुरै आउँदैन । अलिकति पनि बचेका छैनौं । सम्भव भएसम्म आक्रान्त छौं, पीडित छौं, दुखी छौं, अप्ठेरोमा छौं, मन थिलथिलो बनेको छ । अभ्रै कयौं नेपालीहरूले खोप लगाउन पाएका छैनन् । कहिले पाउने हुन् यसको पनि कुनै टुङ्गो छैन ।

महामारीले धेरै सर्वसाधारणको ज्यान लगेको छ। अनि वाङ्मय क्षेत्रका प्रा. राजेन्द्र सुवेदी, जे.बि टुहुरे,डा.साफल्य अमात्य, चेतन कार्की, वानिरा गिरी, आनन्ददेव भट्ट, प्रेमध्वज प्रधान, भैरवनाथ रिमाल 'कदम', भैरवबहादुर थापा, मोतीलाल पराजुली, नरकान्त अधिकारी, जीवनचन्द्र कोइराला, वासुदेव पाण्डेय, डा.भोलामानसिंह बस्नेत, नरकान्त अधिकारी, निर्मलकुमार रिमाल र मदनमोहन जोशी लगायतका व्यक्तिहरू हामीले गुमाएका छौं । र वाङ्मय क्षेत्रमा अपूरणीय क्षति भएको छ ।

ऽऽऽ

यही असारमा हाम्रा सहसम्पादक साहित्यकार भक्त कार्की हामीबाट बिदा भएका छन् । तर उनलाई महमारीले लगेको हैन, हत्या जघन्य हत्या भएको छ । मृत्युले पत्रिका परिवारलाई स्तब्ध बनाएको छ र हामी अत्यन्तै दुःखी छौं । यस्तो पत्याउनै नसकिने घटनाबाट हामी आहत छौं । बर्बर तरिकाले गरिएको यस्तो अकल्पनीय घटनाको हामी निन्दा र भत्सर्ना गर्दछौं ।

भक्त कार्कीको हत्याले पत्रिका परिवार र आफन्त जनलाई मात्र हैन सिङ्गो नेपाली साहित्यलाई पनि अपूरणीय क्षति पुगेको छ । न्यायप्रेमी, इमान्दार, परिश्रमी र मेहनती उनी राम्रा कथाकार, कवि, गीतकार, हाइकु लेखक र मुक्तककार थिए । आधादर्जन

कृति प्रकाशित गराइसकेका उनका त्यतिकै मात्रामा पाण्डुलिपि पनि रहेका छन् ।

बाराबाट प्रकाशित हुने यो पत्रिकामा उनी म्याग्दीबाट संलग्न थिए । टाढा रहेर पनि पत्रिकाले सधैँ सकारात्मक साथ र सहयोग पाइरहेको थियो । चाहना राखे जहाँबाट पनि काम गर्न सकिन्छ भन्ने यो दह्रो प्रमाण हो । उनको त्यो साथ सहयोगप्रति नवप्रज्ञापन आभारी रहनेछ ।

ऽऽऽ

हिजोका आदर्श आज अर्काको भारी बोक्दै अगतिशील बन्न मात्र हैन बनाउन पनि प्रयत्नशील छन् । अचेल कतै दुख्दैनन् । सिमाना र जयसिंह कि विधवा र नाबालक सन्तानको पिडा मनले बोक्दैनन् । खोजी पस्दा धेरै जयसिंहहरू यत्रतत्र भेटिन्छन् । तर अलमल्याउने र झारा तिर्ने काम मात्र हुन थालेको छ । उपल्लो चोटामा पुगेपछि ती अग्लिएका छन् र हामी होचिएका छौ ।

ऽऽऽ

अन्त्यमा यसो भनौँ, हामी अझै महामारीको चपेटामा छौँ । यो परिस्थितिले निम्त्याएको बाध्यता हो । हामी सबैको सामूहिक प्रयासबाट यसबाट मुक्ति पाउन सकिन्छ । हाम्रा चाडबाडहरू नजिक नजिक आइरहेछन् । संस्कृतिबाट विमुख हुन सकिँदैन । यसर्थ रोगबाट बच्दै चाडबाड मनाउनु हाम्रो साझा कर्तव्य पनि हो । यसर्थ कर्तव्यच्युत नबनौँ । समय जानौँ, बुझौँ र अगाडि बढौँ हामी सबैको कल्याण तथा उज्यालो भविष्य यसैमा छ ।

चौरानब्बे

अघिदेखि तपाईंलाई हेरेको हेर्‍यै छु । किन हेरेको ? प्रश्न नसोधिदिनुहोला । हेर्न पाइन्छ, हैन र ? त्यसैले हेरेको हुँ । कारण खुलाउँदिनँ । यो मेरो स्वतन्त्रता हो । वादविवादको कुनै आवश्यकता देख्दिनँ । करै लगाउनुहुन्छ भने पछिपछि भनौँला । अहिले त भन्दै भन्दिनँ ।

मैले भर्खर हेर्न थालेको हुँ, यो नसोच्नुहोला । सोच्नुभयो भने त्यो तपाईंको भ्रम हुनेछ । कुरा हो पनि कुनै द्विविधा छैन । म निरन्तर हेरिरहेछु । छाड्न मन लागिरहेको छैन । हेर्नुको कारण राम्रो भएर, हैन । गुणवान् भएर हैन । विचारवान् भएर हैन । सत्पात्र भएर हैन । ज्ञानी भएर हैन । अगुवा भएर पनि हैन ।

चौबाटोमा मजाले ढसमस्स बसिरहन दिनुभएको छ । आउनेहरू आइरहेछन् । जानेहरू गइरहेछन् । हिँड्नेहरू हिँडिरहेछन् । बस्नेहरू बसिरहेछन् । कसैको मतलब छैन । कोही कसैको चिन्ता लिइरहेका छैनन् । सबै स्वतन्त्र छन् । आ-आफ्ना मतिमा गतिवान् र कर्मशील छन् । यो सामूहिक पहिचान र सुन्दर चिनारी हो ।

सुन्नुस् है त ! म हेरेको हेर्‍यै छु । आँखा पर सार्न खोज्छु तर सकिरहेको छैन । टसकोमस हुन मान्दैनन् । रिसानी माफ होस् । साँच्चै भनौँ है-अहिले तपाईं, तपाईं हुनुहुन्न । अर्कै सवार छ । कसैले चलाइरहेछ । कसैले बोलाइरहेछ । कसैले हिँडाइरहेछ । कसैले बसाइरहेछ । कसैले उडाइरहेछ । कसैले गुडाइरहेछ ।

अँ, मेरो विचारमा तपाईं, तपाईं नभएर महासङ्घ हो । त्यहाँभित्र गुट-उपगुटहरू छन् । तिनीहरूलाई सुमसुम्याउँदै र व्यवस्थापन गर्दै समय कटाइरहनुभएको छ । यसो भनौँ तपाईं केवल कार्यालय हो । यो भन्दा बढी केही हैन । सबले देखेका छन् । जानेका छन् । बुझेका अनुभूत गरेका छन् । त्रासका कारण कोही पनि मुख खोलिरहेका केही छैनन् । तर यसलाई तपाईं समर्थन ठानिरहनुभएको छ ।

तर यो कुरामा कुनै सत्यता छैन ।

तपाईंको सोच नै गलत हो । प्रतिकार नगर्नुको अर्थ समर्थन गर्नु हैन । हरेक कुरामा सबै प्रतिक्रियामा जान पनि सक्दैनन् । केही नहुने भएपछि किन जानु ? कसैका धारणा यस्ता पनि हुन्छन् । हो, यसैले तपाईंलाई हामी सुन्न बाध्य छौँ । यो पटक्कै बुझिरहनुभएको छैन ।

कहिले कसलाईं त कहिले कसलाई काखी च्यापिरहनुभएको छ । समय अनुसार परिवर्तन भइरहनुभएको छ । यो तपाईंको हिजो देखिकै प्रचलन हो । हामी बाटो फेला पार्ने आशामा पछिपछि थियौँ । तर सत्य अर्कै रहेछ । फरक रहेछ । हामी असत्य ठहरियौँ । यतिखेर टुलुटुलु हेर्नुभन्दा बढी हामीसँग विकल्प पनि त छैन ।

यथार्थ छुट्याउन नसक्ने हाम्रै कमजोरीका कारण तपाई सफल हुनु भएको हो । हामीलाई यसको अझै राम्रो हेक्का छैन । कमजोरी नै यही हो । यसैका कारण तपाईं हामीलाई अझै दिग्भ्रमित बनाइरहनुभएको छ । यस्तो भएपछि कसको के लाग्छ त ? लाग्दैन र लागेको पनि छैन । जतातत‍ै तपाईकै राइँदाइँ चल्छ । सफल देखिनु हुन्छ । यथार्थमा सत्य अर्कै हुन्छ र त्यसलाई कमैले मात्र देख्न सक्छन् ।

मैले तपाईंलाई विचारको रूपमा चिनेको थिएँ । विश्वासको रूपमा चिनेको थिएँ । आस्था र अठोटको रूपमा चिनेको थिएँ । कल्पना र सपनाको रूपमा चिनेको थिएँ । साँचो धरातलको रूपमा चिनेको थिएँ । भविष्य निर्माताका रूपमा चिनेको थिएँ । स्वाभिमानका रूपमा चिनेको थिएँ । आस्थाको धरोहरको रूपमा चिनेको थिएँ ।

तर त्यो मिथ्या रहेछ । असत्यको पर्खाल रहेछ । झुठ र फरेब रहेछ । दोबाटोको तमासा रहेछ । मदारीको नाच रहेछ । सपेँराको खेल रहेछ । यतिखेर त्यो छरपस्ट बनेको छ । बादशाह चौबाटोमा छन् । वरिपरि उभिएका हामी आँखा चिम्लिएर उनको पहिरनको प्रशंसा गरिरहेछौँ । कस्तो वस्त्र धारणा गरेका छन् चासो छैन । मनमा खुसी र चाहनाको रास छ । हो, त्यसैले त कल्पनामा सुन्दर गीतका लागि बज्ने ताली निरन्तर बजाइरहेछौँ ।

यतिखेर म त्यही दृश्य हेरिहेछु । बाध्यता छ त्यसैले गरिहेको पनि छु । कतिसम्म नौटङ्की गर्न सक्नुहुन्छ सोचिरहेको छु । हिजो सग्लो विचारको रूपमा चिनेको थिएँ । तर त्यो आज ध्वस्त भएको छ । तपाईंलाई कुनै चिन्ता छैन । हिजो केवल नौटङ्की रहेछ । तर पनि अझै विचारको नाटक गरिरहनुभएको छ । स्थान र परिवेश अनुसार बदलिइरहनुभएको छ ।

के केसम्म जान्नुभएको रहेछ त्यो सबै हेर्न खोजिरहेछु । त्यसमा यथार्थको छाया देखिँदै छ । बिस्तारै आकार हेरिरहेछु । प्रकार हेरिरहेछु । परिधि हेरिरहेछु । विश्वास हेरिरहेछु । धरातल हेरिरहेछु । सदियौँदेखि झुक्किने र झुक्याउनेहरूका अनुहार एक एक हेरिरहेछु । आफूलाई कहिल्यै चिन्न नखोज्नेहरूका अनुहार बुझिरहेछु । मैले मलाई चिनेपछि तपाईं त्यो बादशाह हुनुहुनेछ नै यो पनि बुझेको छु ।

अहिले भविष्यको पाटोमा पुगेर तपाईंलाई सम्पूर्ण रूपमा हेर्न खोज्दै छु । भेटेको दिन हामीले हामीलाई र तपाईले तपाईंलाई चिनेको दिन हुनेछ । यतिखेर त्यही दिनकॊ पर्खाइमा छु । र तपाईंलाई हेरिरहेछु । पढिरहेछु र बुझ्ने चेष्टा गरिरहेछु ।

पन्चानब्बे

जो कसैलाई पनि जो कसैको खोट वा कमी कमजोरी देखाउँदा मन गर्वले

सगरमाथाको शिर छुन पुग्छ । बडो दत्तचित्त भएर ती त्यस्ता कर्ममा कम्मर कसेर लाग्छन् । होची अर्घेली वा कमी कमजोरी काम गर्नेकै हुन्छ, नगर्ने वा चुपचाप बस्नेहरूको कहिल्यै केही हुँदैन भन्नेतिर तिनीहरूको सोच पुग्दै पुग्दैन । त्यसैले त ती सधैँ जहाँको त्यहीँ र जस्ताको त्यस्तै अवस्थामा रहिरहन्छन् ।

हाम्रो लागि हामी नै सबथोक हौँ र हामीले सुकर्म गरे मात्र हाम्रा पाइला अगाडि बढ्न सक्छन् नत्र त्यो सम्भव छैन भन्नेतिर हाम्रो सकारात्मक सोच पुग्नै सकिरहेको छैन । यही भएर हामी सधैँ पछि पछि परिरहेका हौँ । हाम्रो सोचभित्रको चिन्तन नबदलिएसम्म कुनै पनि हालतमा मानसिकतामा फेरबदल आउन सक्दैन ।

कर्तव्यबोध हरेक मानव जीवनको महत्त्वपूर्ण शृङ्खला हो । यसले जीवनपथका हर यात्रीहरूलाई बाटो देखाउने मात्र नभई गन्तव्यमा पुऱ्याउने समेत् काम गर्छ । आज संसार यो अवस्थामा पुग्नुको कारण नै यही हो । कर्तव्यको आरम्भ व्यक्ति व्यक्तिबाट हुन्छ । जब उसमा कर्तव्यको बोध हुन्छ तब ऊ जागृत बन्छ र स्वकर्ममा अग्रसर बनेर आफैँले उत्तरदायित्वको खोजी गर्छ ।

हरेक परिवार र समाजका अलग अलग कर्तव्य हुन्छन् । गर्ने नगर्ने अलग कुरा होला तर संसारमा कुनै पनि व्यक्ति कर्तव्यहीन हुँदैन । उनीहरूका गतिको चाल जति मात्रामा तीव्र हुन्छ समाज र परिवारका सदस्यहरू पनि त्यत्तिकै गतिवान् हुन्छन् । अर्थात् देश गरिब वा धनी जुनै अवस्थामा होस् परिवार र समाज कर्तव्यप्रति सचेत रहेको अवस्थामा ती उच्च चेतनाका साथ बाँचिरहेका हुन्छन् ।

आफ्नो कर्तव्य र उत्तरदायित्वप्रति सजग, सचेत र सकारात्मक दीक्षा पाएका व्यक्ति, परिवार र समाज भएका देशहरू संसारमा निक्कै अगाडि बढिसकेका छन् । यथार्थमा उनीहरूले बाटो पहिल्याइसकेका छन् भन्दा कुनै अत्युक्ति हुँदैन । त्यही कारण तिनलाई निरन्तर हिँडिरहन सम्भव भएको हो । उनीहरूको एउटा आफ्नै जीवनपद्धति बनिसकेको छ र ती त्यसैलाई आत्मसात गरेर एउटा उद्देश्यका लागि हिँडिरहेका छन् ।

विकाशको पहिलो शर्त आत्म-अनुशासन, नैतिकता, सुचरित्र र बाँचिरहेको युगप्रतिको सच्चा निष्ठा हो । कर्तव्य अनि दायित्व यसका अर्का पाटा हुन् । सकारात्मक सोच र सहज चिन्तनले सबैलाई आफैँप्रति जिम्मेवार बन्न प्रेरित गर्छ । तर हामी त्यता पटक्कै गएकै छैनौँ । जान खासै खोजिरहेका पनि छैनौँ । थोरै मात्रामा भए पनि केही जान खोज्नेहरू नभएका हैनन् तर अनेक बहाना बनाएर तिनीहरूलाई जान दिइएको छैन ।

खै के भएको हो कुन्नि कहिले कसरी त कहिले कसरी हामी प्रयोग भइरहेका छौँ । हिजोदेखि आजसम्म यो सिलसिला लगातार चलिरहेको छ । ती अझै उत्साहका साथ त्यो काम गरिरहेका छन् । हामी खुरुखरु अग्रसर बनेर पछि पछि हिँडिरहेका छौँ । तिनीहरूलाई रमाइलो लागिरहेको पनि होला यसैले ती दिनरात केही नभनी खटेको खट्यै र भीडेको भीड्यै गरिरहेछन् ।

हामी सहजै आफूलाई बिर्सेर एक इसारामा निश्चिन्त रूपमा उपलब्ध भइरहेका छौँ । म म हुँ भन्नेतिर ध्यान जान सकिरहेकै छैन । बाँच्ने नाममा आफूलाई सम्पूर्ण रूपमा भुलेर ठिङ्ग उभिइरहेका छौँ । त्यसैले ती निर्बाध रूपमा हामी माथि हुने नहुने अनेक गतिविधि गरिरहेका छन् । हामी, हामी नभएर प्रयोगका साधन बनेका हुँदा आविष्कारकहरूले प्रयोगशालामा राखेर हामीलाई परीक्षण गरिरहेका हुन् । यसो भएपछि अन्यथा

मानिरहनुको कुनै तुक पनि छैन ।

हुन त हामी हाम्रो जाति र इतिहासप्रति कर्तव्यबोधी नभएका हैनौँ, पटक पटक भएका छौँ । यसो पनि भन्न सकिन्छ चाहिने भन्दा पनि अझ बढी भएका छौँ तर त्यो कर्तव्यवोध हाम्रो आफ्नै लागि नभएर प्रयोगकर्मीहरूका लागि भएको छ । ती तपाईं हामीलाई हेरेर बारबार अनेक प्रयोग गरिरहेका छन् । आविष्कारकहरूको तर्क अझै अगाडि बढ्नुपर्छ भन्ने छ र ती निर्बाध रूपमा गतिविधि बढाइरहेका छन् ।

हिजो वा आज तपाईं हाम्रो पहिलो पहिचान नेपाली हो । पहिले नेपाली भएपछि मात्र हामी अन्य वा विविध हौँ । हाम्रो देश नेपाल नेपालमा बसोबास गरिरहेका सबै जातजाति र भाषाभाषीको एउटा साझा र सुन्दर फूलबारी हो । हामी यो फूलबारीमा फुलेका रङ्गीचङ्गी फूलहरू हौँ । तर हाम्रा सुवास फरक फरक छन् अथवा अलग अलग छन् । यो पृथक्ता नै हाम्रो असल चिनारी हो र संसारले हामीलाई यसै गरी चिन्दछ, जान्दछ र बुझ्दछ ।

हाम्रा अभियन्ता वा आविष्कारकहरूका रुचि फरक भएका कारण हामी अल्मिलिएका हौँ । नजानिँदो पारामा अप्ठेरामा परेका हौँ । हिँड्दा हिँड्दै हिँडिरहेको बाटो बन्द एकाएक बन्द भएको हो । हात र साथ सँगै छुटेको हो । काम कुरामा भद्रगोल भएको हो । यतिखेर ती सहजतामा हैन असहजता उत्पन्न गरी भद्रगोल बनाएर गोल गर्न उद्यत रहेका कारण अवस्था जटिल बनिरहेको हो ।

संसारमा जहिले र जुनसुकै अवस्थामा पनि कर्तव्यबोधी व्यक्ति मात्र सफल हुन सक्छन् । अर्थात् जो व्यक्ति सफल छन् तिनले कर्तव्यको पालना सही र सहज ढङ्गले गरेको पुष्टि हुन्छ । आफ्नो काम कर्तव्यलाई कहिल्यै पनि नजान्ने वा आत्मसात नगर्नेहरूको जीवन कहिल्यै सफल भएको छैन । अझ यसो पनि भन्न सकिन्छ सफल पनि हुन सक्दैन ।

छरपस्ट वा छिरोलिएको जीवन पथमा हिँड्नेहरू कर्तव्यबोधबाट टाढा हुन्छन् । तर अधिकारका कुरा भने धेरैभन्दा धेरै गरिरहेका हुन्छन् । कर्तव्यबोध गरौँ हामी सबैको कल्याण र भविष्य त्यसैमा छ ।

छयानब्बे

नवप्रज्ञापनको ९६औँ अङ्क लिएर तपाईंहरूमाझ उपस्थित भएको छु । २०७९ वैशाखदेखि यो ३०औँ वर्षमा प्रवेश गरेको छ । यो अवसरमा आदरणीय पाठकहरू, स्रष्टा तथा द्रष्टाहरू, उत्साह, जोस र जाँगर प्रदान गरिरहने व्यक्तित्वहरू तथा निरन्तरताको लागि मलाई घचघच्याइरहने शुभचिन्तकहरूप्रति आभार व्यक्त गर्दछु ।

हरेक जिम्मेवार नागरिकको आफू र आफ्नो परिवारमात्र हैन देश, समाज, जाति, भाषा, साहित्य, संस्कृत र कलाको उन्नति, प्रगति र विकासका निम्ति योगदान गर्नु नैतिक दायित्व हुन्छ । यी विषयमा गैरजिम्मेवार बनेर आँखा चिम्लनेहरू कुनै हालतमा त्यो देशका असल नागरिक हुन सक्दैनन् । यो इतिहासले पढाएको पाठ हो ।

XXX

हरेक कामहरू साना वा ठुला हुँदैनन् । सबैको उत्तिकै महत्त्व हुन्छ । यसले यो र त्यसले त्यो गर्ने भन्ने पनि हुँदैन । जुनसुकै होउन्, काम हैसियतका गरिन्छन् । आवश्यकताका गरिन्छन् । परिप्रेक्षका गरिन्छन् । परिस्थितिका गरिन्छन् । औकातका गरिन्छन् । गच्छेका गरिन्छन् । क्षमताका गरिन्छन् । इच्छा शक्तिका गरिन्छन् । भावनाका गरिन्छन् । विचारका गरिन्छन् । विश्वासका गरिन्छन् ।

दृष्टिकोणका गरिन्छन् ।

सपना ठुलो वस्तु हो । यो देख्नेहरू सधैँ अगाडि हुन्छन् । गौण गरेर बुझ्नौँ, यो अनुभूति सहजै गर्न सकिन्छ । आँखा भने आफ्नै चाहिन्छ । अर्थात् अर्काको आँखाले आफ्नो सपना देखिँदैन । जति मरिमेटे पनि केही लाग्दैन । हामीमध्ये थोरै मात्र सकारात्मक सपना देख्छौँ । त्यही भएर सधैँ पछिको पछि परिएको हो । भन्न अप्ठेरो लाग्छ । मुख लुकाउने काम गरिरहेका छौँ । यो हाम्रो मौलिक विशेषता बनेको छ ।

अझ अर्को कुरा पनि छ । खासमा हामीले सपना देख्दैदेखेनौँ हैन । देखेका थियौँ, देख्यौ र अहिले पनि देखिरहेछौँ । तर हेर्ने आँखा आफ्ना भएनन् । कहिले कसका त कहिले कसका भए । सहाराको भर पर्दापर्दै भएको गुम्यो । अर्थात् अगाडि अरूहरू आए । पराय आँखाले आफ्ना सपना स्पष्ट देखिँदैनन् भन्नेतिर ध्यान जानै सकेन । यहीँ अलमलियौँ ।

हो, त्यहाँबाट अझै अघि बढ्न सकिएको छैन ।

यही भएर हिजोदेखि आजसम्म जहाँको त्यहीँ रहिरहन परेको छ । छातीमा हात राखेर भन्दा सत्य र यथार्थ यही हो । द्विविधा अलिकति पनि छैन । पक्का हो, देखिएका वा देखिने सपनालाई आफ्नै आँखाले नहेरेसम्म त्यसले केही फरक पार्दैन । जस्ताको त्यस्तै हुन्छ । हुन त केही समयका लागि राहत त होला । तर अन्त्यमा हामी हामी रहने छैनौँ । के हुनेछौँ ? भन्न सकिँदैन तर चिनारी छोपिने पक्का छ ।

सबैका सपना सबल नहुन पनि सक्छन् । कतिपय त सपनै नदेख्नेहरू पनि होलान् । देख्नै पर्छ यो जरूरी छैन । नदेख्न पाइन्छ । त्यो स्व-इच्छाले देखिन हो । कर बलमा देखिने सपना त सपना हुनै सक्दैन । आफ्नो सपना आफैँले देख्नुपर्छ । कार्यान्वयनमा आफैँ जुट्नुपर्छ । आडमा देखिने सपना भ्रम हो । भए पनि त्यो नासो हुन्छ । नासो बोक्नेको हैसियत के होला ? लौ तपाईंहरू पनि कल्पना गरिहेर्नोस् त एकपटक !

गन्तब्य केवल ज्याला निभेकको हुन्छ । बारबार प्रयोग भइरहेका छौँ । हामी हुन्थ्यौ त स्थिति यस्तो हुँदैनन्थ्यौँ । नभएरै प्रयोग भएका हौँ । इसारा वा आदेश पाए देशको जतिसुकै विकट ठाउँबाट पनि राजधानी वा मुलुकका अन्य भागमा जहिले सुकै उपस्थित हुने हामी कहाँबाट हामी हुनु त ? भैदिएको भए विवेक र नैतिकताको प्रयोग गर्थ्यौ । हैनौँ त्यही भएर गरेनौँ । र अझै गर्न सकिरहेका छैनौँ ।

आदेश पालनामा हिँड्न न झरीबादलले छेक्यो न त कुनै प्राकृतिक प्रकोपले नै बाधक बन्न सक्यो । निर्भिकताका साथ हिँड्यौँ, पुग्यौँ र अह्राएको काम फत्ते गरेर छाड्यौँ । अनुहार र आफूलाई कहिल्यै हेरेनौँ । अहँ, छामेनौँ, छोएनौँ र मनमा कुरा खेलाएनौँ । त्यसकारण यहीँ चुक्यौँ र झुक्यौँ । हिँड्न हैन उभिन बाध्य बन्यौँ । आफू आफूभएर अहँ, सोच्न सकेनौँ । केवल अह्राएको काम खुरुखुरु गर्दै आफूलाई मजाले बिर्सियौँ ।

आफू नभएकै कारण गरिएका काम कुरा हुन् यी । भए पक्कै आफ्ना बारेमा सोच्ने र गम्ने थियौँ होला । गजब छन् स्वभाव डिलमा बसेर सिट्ठी बजाउने बजाइरहेका छन् । हामी सिट्ठीको तालमा कुदिरहेकाछौँ । कसले, किन र कसका लागि बजाएको हो उभिएर सोच्ने फुर्सद छैन । किन मरिहत्ते गरिरहेकाहौँ थाहा छैन । थाहा पाउनेतिर ध्यान गइरहेको पनि छैन । अह्रोटको पछि पछि दायाँबायाँ कतै नहेरी कुदिरहेछौँ । कुदिरहेछौँ र कुदिरहेछौँ ।

सायद स्वतन्त्रता चाहिएको छैन ।

भए खोज्थ्यौँ र खोजीए पाइन्थ्यो । जसले जेसुकै भनोस् नचाहिएरै वास्ता नगरेका हौँ । खोजेका छैनौँ । आवश्यक नभएकै हो भन्दा कुनै फरक नपर्ला कि ? भारीमा रमाउने हामी हिजैदेखि त्यसैमा

रमाइरहेछौँ । रमाउने कहिलेसम्म ? थाहा छैन, आँखाहरू अलमलमा छन् । विकल्पमा जान सकिरहेका छैनन् ।

हो, स्वतन्त्र हुन आफ्नै आँखा चाहिन्छ । विवेक चाहिन्छ । विचार चाहिन्छ । सपना चाहिन्छ । विपना चाहिन्छ । केवल काम गर्नेहरूसँग यी हुने कुरै भएन । चिनेर अगाडिको बाटो हिँड्नुभन्दा अर्काको अह्राेट मान्न सजिलो पनि हुन्छ । त्यसैले त्यही गरिरहेका हौँ । अन्यथा त्यस्तो हुने थिएन । निर्धक्कका साथ भन्न सकिन्छ । राज गर्नेहरू गरिरहेका छन् र हामी चुपचाप चुपचाप हेरिरहेछौँ ।

आफ्ना नभए पनि अर्काका सपनाका भारी काँधमा छन् । हामी मस्त र अलमस्त दुवै छौँ । राम्रा प्रयोगशाला बनिरहेका छौँ । ख्याल गरिएको छैन । त्यसो त आवश्यक पनि ठानेका छैनौँ । यसर्थ चुपचाप छौँ । भारी वर्षौंवर्षदेखिको हो । तालुमा नाम्लाको नमेटिने डोब छ तर यसको पनि चिन्ता छैन । हिँड्न पाएका छौँ । त्यही भएर दायाँ-बायाँ केही नहेरी लगातार पाइला अगाडि बढाइरहेछौँ ।

बोकाउनेहरू व्यस्त छन् । मस्त र अभ्यस्त छन् । ढाडमा राखिदिएर निर्धक्क छन् । हामीले थाहा पाएका छैनौँ वा पाए पनि बुझ पचाइरहेछौँ । ताना बुनेका थिए । बुझिरहेका थिएनौँ मात्र हैन छैनौँ अझै पनि । हामी, हामी हुनुपर्छ कहिल्यै भनेनौँ । भारीलाई सर्वोपरि देख्यौँ । बोक्न पाएकामा खुसी मान्यौ र अझै मानिरहेका छौँ । अनि कति मान्ने हो थाहा छैन ।

बोकाउनेहरू मक्ख हुने नै भए । आफू हुन नसकेकाले कहिले कसको त कहिले कसको भइएको हो । मनमा यसको हेक्का नराखेसम्म स्थिति उस्तै रहन्छ । हामी होऔँ । हामी सोचौँ । हाम्रो गरौँ । बस् यति भए चाहेको ठाउँमा मजाले पुग्न सक्छौँ । सत्यलाई सत्य र असत्यलाई असत्य भन्न सक्छौँ । आजको मुख्य आवश्यकता यही र यति मात्र हो भन्न मजाले सकिन्छ । बाँकी पछि गर्न सक्छौँ ।

विचरा ! हामीलाई भारी भए पुग्छ । अरू केही चाहिँदैन । निर्धक्क भएर बोक्छौँ । अह्राएका रिठ्ठो नबिराई सबै सबै गरिरहेछौँ । नमान्नेहरूलाई आँखा तरिरहेछौँ । दाह्रा किटिरहेछौँ । थाहा छैन, क्रम कहिलेसम्म रहन्छ । यति भन्न सकिन्छ परम्परा छिट्टै रोकिनेवाला छैन । रोकिन हामी हुनुपर्छ । हाम्रो हुनुपर्छ । नभएसम्म निरन्तर चलिरहन्छ । टस मस केही हुँदैन । जे छन् ती भइरहन्छन् ।

सपनाका विरोधी पनि हुन्छन् । निषेधका पक्षपाती पनि हुन्छन् । सवै पक्षमा नै हुन्छन् भन्न पनि सकिन्न । जीवनमा उज्यालो र अँध्यारो दुवै हुन्छ । पक्षीहरूलाई उज्यालो मन परे पनि विपक्षीहरूलाई अन्धकार मन पर्छ । ती रातको कालो छायाँ मन पराउँछन् । सपनाको कुरा गर्नेहरूलाई कहिल्यै मन पराउँदैनन् । अँ, कसैको कुरा सुन्न चाहँदैनन् । किनकि उनीहरूको नजरमा सपना देख्नु अपराध हुने गर्छ ।

तर सपना देख्नुपर्छ । यो आवश्यक हो । सपना नदेखि केही हुँदैन । यो नदेख्नेहरू अन्य केही देख्दैनन् । देख्न त देख्नुपर्छ तर आफ्नै देख्नुपर्छ । फेरि आज जो जहाँ जहाँ पुगेका छन् ती त्यसैका बलमा पुगेका हुन् । सबै सपना ! तर एकनाशका हुँदैनन् यो अर्को पक्ष हो । सपना देश, समाज,

परिवेश, परिस्थिति अनि व्यक्ति अनुसार अलग अलग वा पृथक पृथक हुन्छन् ।

यसैले संसार फरक भएको हो । थकाइ नमारी विचार हिँडिरहेको हो । विश्वास अर्को बनेको हो । यो कुरा हेरेर भन्न सकिन्छ । बुझ्न र बुझाउन सकिन्छ । त्यसो त धेरैले बुझेका छन् । जानेका छन् । सुनेका छन् । यसर्थ यसमा माथा पच्चिसी गरिरहनु आवश्यक छैन । त्यसो गर्नु वा अल्झिनु समयलाई वर्वादी गर्नु सिवाय केही हैन । यसो भन्नेहरूको सङ्ख्या आज बढिरहेको छ ।

को कहाँ थिए र कता पुगे जान्न कस्ता सपनादेखे र कति योगदान गरे बुझ्नु आवश्यक छ । नजानी पाइला अगाडि बढाउन सकिँदैन । उनीहरूले देखेका र हाम्रा सपनाको तुलना गरिए किन, को कहाँ पुग्यो र किन को जहाँको त्यहीँ रह्यो बुझ्न सहज हुन्छ । नबुझी न हिँडेको भेउ पाउन सकिन्छ न त हिँड्ने बाटाहरू के कस्ता छन् सहज रूपमा आफैँ देखिन सक्छन् ।

हुन त सबैले हिँड्ने र हिँडिरहेको बाटो बाटै हो । तर कस्तो बाटोबाट, कसरी, कतिञ्जेल यी महत्त्वपूर्ण सवाल हुन् । बुझे समस्याको समाधान खोज्न कठिनाइ छैन । आजसम्म हिँड्न नसकेको सपना राम्रो नदेखेकैले हो । हिँडे पनि हामी अर्काको सपनामा हिँड्यौँ । पराईको बाटोमा हिँड्यौ । दायाँ बायाँ कतै गरेनौँ, यता-उता बुझ्दै बुझेनौँ । अलमलियौँ नि मझैले । त्यो अवस्था आज पनि छ ।

भनेँ नि, हामी पराई सपनामा हिँडिरहेछौँ । हिजो हिँडेका थियौँ मात्र हैन आज पनि हिँडिरहेछौँ । कहिलेदेखि हिँडिरहेका हौँ ? यकिन छैन तर हिँडिर हेछौँ । आदेश, चुड्की वा इसाराले राम्रै काम गरिरहेछ । त्यसैभित्र मस्त रमाइरहेछौँ । बस, यही काफी छ आजसम्मको परिचय जान्न र बुझ्न । अन्यत्र गइरहनु त पर्दै पर्दैन नि । शतप्रतिशत यथार्थ वा साँचो पक्ष भनेकै यही हो ।

फेरि भन्न त भनिरहेकै छौँ नि । कहाँ छाडेका छौँ र ? त्यो गुरु मन्त्र भएको छ । बल गरेर फलाकी रहेछौँ । हामी स्वतन्त्र हौँ । सार्वभौम हौँ । साहसी हौँ । वीर हौँ । पराक्रमी हौँ । निडर हौँ । बोल्न सक्छौँ । बाटो निर्धारण गर्न सक्छौँ । तर बाटाहरू रुमलिएका रुमलियै छन् । कहिलेदेखि ? भन्न फेरि पनि कठीन छ । कहिलेसम्म, थाहा छैन । तर त्यही बाटामा छौँ । बोलीर हेछौँ । गति अहँ रोकिएको छैन ।

स्वतन्त्र भने पनि कहिल्यै विवेक प्रयोग गर्न जानेनौँ । केवल माथि हेर्न जान्यौँ । आदेश पर्खन जान्यौँ । तामेली गर्न जान्यौँ । इसारामा काम गर्न जान्यौँ । पूजा गर्न जान्यौँ । भक्तिभाव देखाउन जान्यौ । अनि स्तुतिगायन गर्न जान्यौँ । रमाउनेहरूको सङ्ख्या मजैले बढायौँ । सधैँ गणेश बन्यौ । कुमार बन्नतिर लागेनौँ । मनमा त्यो विषयवस्तुले प्रवेश नै पाएन । हजुर ! त्यसकारण आज पनि हामी हुन सक्दै सकेनौँ ।

कहिल्यै झरीबादल र वर्षा भनेनौँ । महाविनाशकारी कोभिड भनेनौँ । अप्ठेरा असजिला केही हेरेनौँ । घर परिवारका समस्याले पाइला रोकिएनन् । बस्, इसारा पर्ख्यौँ । केवल आँखा माथितिर लगाइरह्यौँ । वर पर कतै हेरेनौँ । यसो भनौँ आवश्यक देखेनौँ । किन भनेनौँ । कसरी भनेनौँ । यो प्रश्न हुन सक्छ । उत्तर छैन । हो, यसैले हामी, हामी भएनौँ । अरू भयौँ । अन्य भयौँ । पराय भयौँ । परचक्री भयौँ

आखिर कुमार, कुमार र गणेश गणेश नै हुन् । दुवैको साइनो महादेव र पार्वतीसँग छ । सतही रूपमा हेर्दा नाम बाहेक केही

भिन्नत छैन । तर यसमा नदेखिने अन्तर छ । खोज्नेले देख्न सक्छ । नखोज्नेले देख्दैन । यसो त नखोज्नेले कहाँ के नै पाएका छन् र ? अन्यथाको आँखाले हेरिनु आवश्यक छैन । किनकि जतिसुकै छोपिए पनि सत्य आखिर सत्य नै हुन्छ । खुल्ला रहे पनि असत्यले सत्यको रूप धारण गर्न सक्दैन ।

गणेश अरू केही होइन । मात्र एउट प्रवृतिको नाम हो । कुमार अर्को प्रवृत्ति हो । वास्तवमा कर्मवादी त कुमार नै हो । तर आज जताततै गणेश प्रवृत्तिकै राज छ । कुमारहरू चापचाप छन् । वरिपरि हेरिरहेका छन् । बुझिरहेका छन् । सुनिहेका छन् । केही गरिहेका छैनन् । समय हिँडिरहेको छ । पछ्याउनेहरू उसलाई पछ्याइरहेका छन् । हामी टुलु हेरिरहेछौँ । ती आज पनि आ-आफ्ना लागिरहेका छन् ।

हिजो मात्र हैन आज पनि आँखा अगाडि कुमार र गणेशहरू छ्यापछ्याप्ती छन् । हामी हुन नसकेका हामी पनि छौँ । कुमारहरू हिमालय पर्वत परिक्रमा गर्न हिँडिरहेका छन् । गणेशहरू महादेव र पार्वतीसामु ठिङ्ग उभिएका छन् । ती इसारा कुरिरहेका छन् । प्रतीक्षाको आँखाले हेरिरहेका छन् । जीवन प्रयोगशाला प्रयोग भइरहेको छ । कहिले के नाममा त कहिले के नाममा उपस्थित हुँदै छौँ । यो हाम्रो मौलिक विशेषतै बनेको छ ।

XXX

नवप्रज्ञापनको यो पछिल्लो अङ्क हो । ९६औँ अङ्कसम्म आइपुग्दा यसका डेढदर्जन हाराहारीमा विशेष अङ्क प्रकाशित भएका छन् । यो अङ्कलाई नेपालीय भोजपुरी साहित्य विशेषाङ्क बनाउने यसको सोच एक वर्षअघिकै हो । त्यसैले काम गऱ्यो । अगाडि हेऱ्यो । पछाडि हेऱ्यो । खोजमेलमा जुट्यो र जुटायो । हिँड्यो र हिँडायो । यसकारण नवप्रज्ञापन यो रूपमा यहाँहरू समक्ष आउन सफल भएको हो ।

नवप्रज्ञापन मधेस प्रदेशको बारा जिल्लाबाट विगत ३० वर्षदेखि प्रकाशित हुँदै आएको साहित्यिक पत्रिका हो । प्रकाशन यात्रामा यसले धेरै अनुभव र अनुभूतिहरू सँगालेको छ । आज तिनै अनुभूतिहरू अगाडि हिँड्न खास प्रेरणास्रोत बनेका छन् । हिँड्न र हिँडिरहन अभिप्रेरित गरेका छन् । तसर्थ आज हिँडिरहेकोछ र भोलि पनि हिँड्ने मनसुवा बोकिरहेको छ । बिचलचित हुने मन बोक्न खोजिरहेको छैन ।

अन्य प्रदेशको तुलनामा शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, कृषिकर्म र उद्योगधन्दामा यो प्रदेश निकै अगाडि छ । प्रदेशभित्रका जिल्लाहरू सप्तरीबाट ५३, सिराहाबाट ९, धनुषाबाट ३९, महोत्तरीबाट ९, सर्लाहीबाट ५, रौतहटबाट ४, बाराबाट ९ र पर्साबाट ३५ पत्रपत्रिकाहरू नियमित प्रकाशित हुन्छन् । प्रेस काउन्सिल नेपालद्वारा २०७६/०७७ मा गरिएको वर्गीकरणमा समेटिएका प्रदेशभित्रका पत्रपत्रिका सङ्ख्या १६३ छ ।

यो सङ्ख्यभित्र साहित्यिक पत्रिका केवल तीनवटा मात्र छन् । किन होला ? जिम्मेवार निकायहरू कतैबाट पनि कारण खोजिएको छैन । सायद आवश्यक नठानिएको पनि हुनसक्छ । बोल्नुपर्नेहरू दायित्व बोकेकाहरू चुपचाप छन् । जे नहुनुपर्थ्यो त्यही भइरहेछ । के हाम्रो देशमा साहित्यिक पत्रिकाहरूको औचित्य सकिएकै हो त ? त्यसो हो भने केही छैन । यदि हैन भने सम्बन्धित पक्षहरूको ध्यान यता जानु अपरिहार्य छ ।

आज यो प्रदेशभित्रबाट नियमित रूपमा प्रकाशित हुने साहित्यिक पत्रिकाहरू आँजुर, गोलसिमल र नवप्रज्ञापन मात्र

हुन् । धनुषाबाट मैथिली भाषामा आँजुर, सर्लाहीबाट नेपाली भाषामा गोलसिमल र बाराबाट नेपाली भाषामा नवप्रज्ञापन निकै लामो समयदेखि नियमित रूपमा प्रकाशित भइरहेका छन् ।

XXX

विस. २०६८ सालको जनगणना अनुसार भोजपुरी नेपालमा बोलिने तेस्रो र मधेस प्रदेशमा बोलिने दोस्रो ठुलो भाषा हो। यसको समृद्ध र विकसित साहित्य परम्परा छ। मधेस प्रदेशमा मात्र हैन अन्य प्रदेशहरूमा पनि भोजपुरीका वक्ता ठुलो सङ्ख्यामा छन्। धेरै जिल्लामा बोलिने र मातृभाषीहरू भएको यो भाषाको मुख्य क्षेत्र तराईका जिल्लाहरू रौतहट, बारा र पर्सा हुन् ।

मेरो मातृभाषा नेपाली हो । तर म भोजपुरी बहुल क्षेत्रमा हुर्कें, बढें, पढें, जानें र बुझें । मैले मलाई खोज्ने र चिन्ने अनि जान्ने काम यहीँबाट प्रारम्भ भयो । यही माटोले गतिशील बन्न सिकायो । बाटो लाग्नेहरू सधैँ अगाडि हुन्छन् यो कुरा पनि बुझायो । बस्नेहरू कतै पुग्दैनन् तसर्थ 'सकेसम्म हिँड र हिँडिरहनुपर्छ' यसैले भन्यो । निम्न माध्यमिक तहसम्मको नेपाली भाषाको पाठ्यपुस्तक भोजपुरी भाषी गुरुहरूबाटै पढें ।

धेरै अघिदेखि नवप्रज्ञापनमा विभिन्न मातृभाषाका रचनाहरू प्रकाशित भइरहेका छन् । प्राप्त रचनाहरूलाई स-सम्मान स्थान दिइरहेको पनि छ । ८४औँ अङ्कलाई नेपालका प्रमुख १० भाषाका करिब ८० कथाहरू समेटेर बहुभाषाकथा विशेषाङ्क बनाएको थियो । त्यो अङ्कमा प्रकाशित कथाहरूको सारांश नेपाली भाषामा दिइएको थियो भने कथाहरू आफ्नै मातृभाषामा रहेका थिए ।

नेपाल बहुभाषी मुलुक हो । यहाँका सबै मातृभाषाको समान किसिमले विकास हुनुपर्छ । यी हाम्रा सम्पत्ति हुन् । आफ्नो सम्पत्तिको उत्थानका लागि हामी सबैले यथास्थानबाट योगदान गर्नु आवश्यक छ । राज्यको मात्र हैन आफूलाई देशको जिम्मेवार नागरिक सम्झने हामी सबैको ध्यान यता जानु पर्छ । उसले गरेर मात्र पुग्दैन, हामीले पनि आ-आफ्नो ठाउँबाट यथाशक्य गर्नु पर्छ । यही दायित्वबोधका कारण नवप्रज्ञापनको नेपालीय भोजपुरी विशेषाङ्क तयार भएको हो ।

यो अङ्कमा ६५ स्रष्टाहरू समावेश हुनुहुन्छ । भोजपुरी भाषाका सबै स्रष्टाहरू समेटिनुभएको छ म दावा गर्दिनँ तर धेरै समेटिनुभएको छ यो भन्न सक्छु । यो एउटा व्यक्तिले आफ्नो नैतिक उत्तरदायित्व सम्झेर गरेको एउटा प्रयास हो । यो

अङ्कले दिन नसकेको पूर्णता अन्य साथीहरू, संस्थाहरू र नैतिक उत्तरदायित्व सम्झने व्यक्तिहरूले अवश्य पनि दिनु हुनेछ भन्नेमा म पूरापूर आशावादी छु ।

अन्त्यमा अतिथि सम्पादकको जिम्मेवारी वहन गर्दै हरतरहले सघाउने साहित्यकार गोपाल अश्कप्रति आभार व्यक्त गर्नु म मेरो पहिलो कर्तव्य सम्झन्छु । यसैगरी कवि सुनील कुमार र आ-आफ्ना रचना उपलब्ध गराएर सहयोग पुऱ्याउने स्रष्टाहरूप्रति आभारी छु । र पत्रिकाको टिममा रहेर आवश्यक सहयोग गर्ने साथीहरूलाई यथोचित धन्यवाद दिँदै विदा चाहन्छु ।

सन्तानब्बे

हरेक मानिसको चिनारी उभित्रको सग्लो, अग्लो र स्पष्ट विचार हो । यसले उचाइमा मात्र पुऱ्याउँदैन जीवन्त पनि बनाउँछ । विचारच्युतहरू कहिल्यै अग्लिँदैनन् । यो प्रमाण

इतिहासका पानाहरूमा मनग्गे भेट्न सकिन्छ ।

आँखाहरूमा जो जति अग्लिएका छन् ती सबैका पछाडि असल विचार र मूल्य-मान्यताको भूमिका छ । ती विश्वासको शिखरमा पुगेका छन् । ऊनीहरूलाई चिन्न त्यही काफी छ । हो, यही आधारमा चिनिरहेछौँ, जानिरहेछौँ र बुझिरहेछौँ । हामी मात्र हैन धेरैभन्दा धेरैले चिनेका, जानेका, बुझेका र अनुभव गरेका छन् ।

विचार पाखा लागे पछि वास्तविक पहिचान भेट्न सकिँदैन । अहँ, यस्तो भएको छैन । त्यो सत्यको जगमा उभिएर आस्था विश्वासको सग्लो धरातल समाती रहेको हुन्छ । सत् बाँडेर असत् तिरस्कार गरिरहेको हुन्छ । त्यसले बाटो छाड्दैन मात्र हैन डगमगाउँदैन पनि । जीवनको यथार्थबोध गरी सत्यको पछिपछि हरहमेशा हिँडिरहन्छ ।

समय र परिस्थिति अनुसार फेरबदल भइरहुँदैन । सतीसालझैँ सधैँ ठिङ्ग उभिइरन्छ । कुनै पनि खालका हावाले छुन वा हल्लाउन सक्दैन । तसर्थ मूल बाटोबाट बहकिँदैन । अर्को पक्षबाट प्रयासै नगरिएला यसो भन्न सकिँदैन । तर ती सफल हुँदैनन् । विश्वासको पछाडि एउटा बलियो आधार हुन्छ । तसर्थ सबैलाई उठ्न, हिँड्न र विचारमा अडिग रहन टेवा दिइरहन्छ ।

आज भोलि विचार क्रमश : स्खलित हुन लागेका छन् । सहजै देख्न र बुझ्न सकिन्छ । नभए कि हामीले हामी बुझेका छैनौँ वा बुझेर पनि बुझ पचाइरहेका छौँ । बुझ्नका निम्ति आफ्नै आँखा चाहिन्छ । चिन्तन र सोच चाहिन्छ । विचार र विश्वास चाहिन्छ । हामीबाट ती बिस्तारै पर बनिरहेछन् । यही भएर ती कुरा थाहा पाउन नसकेका हौँ ।

हिजोका आदर्श आज जम्मै स्वार्थका खाडलमा पुरिन लागेका छन् । सपनाका ब्यापारी स्वार्थ सिद्धिका लागि निर्लज्ज बन्दै पराय विचार बोकेर हिँड्न खोजिर हेछन् । ऐले परिवेश अनौठो देखिँदैछ । खै किन हो, ती आफू खोतलिन पटक्कै तयार छैनन् । छलछामको खेती आरम्भ गरिएको छ । आँखा स्वार्थको खाडलमा पुरिँदै गएको अनुमान सहजै लगाउन सकिन्छ । अहँ, विगत भरेङ भन्दा बढी केही पनि हुन सकिरहेको छैन ।

ती जबर्जस्ती अन्योल जन्माउन खोजिरहेछन् । रोक्ने छेक्नेतिर ध्यान जान सकिरहेका छैनन् । हामी पुर्पुरोमा हात राखेर चुपचाप भद्रो हेरिरहेछौँ । सकारात्मक प्रतिक्रियामा अभिव्यक्त हुन सकिरहेका छैनौँ । अर्थात् विचार उठ्न वा अग्लिन सकिरहेका छैनन् । हुन त प्रश्न ओठओठमा नभएका हैनन्, तर उत्तर कतै देख्न सकिँदैन ।

हिजोका सपना आज कतै देखिँदैनन् यसर्थ गायब बनाईएको छ । उनीहरू आजभित्र आफ्नो सिङ्गा तस्बिरहरू खोज्ने प्रपञ्चमा छन् । विश्वासमा आगो झोस्न खोजिँदै छ । यस्तो काम निरन्तर भइरहेछन् । आजको मानचित्र यही हो । अनि वर्तमान असरल्ल चिन्तनमा छ । विडम्बना ! तर ऊ अलिकति पनि जिम्मेवार बन्न सकिरहेको छैन ।

विचारमा आगो झोसेर खरानी बेच्न आतुरहरू उफ्रीउफ्री मनमौजी गीत गाइर हेछन् । समयको राम्रो ब्यापार भएको छ । बाँच्ने नाममा इतिहास पोल्नेहरू हाँसिरहेका छन् । हामी केही गर्न सकिरहेका छैनौँ । ध्यान सिङ्गोतिर नभई अंशतिर गइरहेछन् तथापि यो समय सत्य हुन सक्ला तर ध्रुवसत्य हुन सक्दैन ।

क्षणिक लाभ वा कसैको लहलहैमा विचारमा आगो झोस्नेहरू यथास्थितिबाट माथि उठ्न सक्दैनन् । ती जहाँको त्यहीँ र जस्ताको त्यस्तै रहन्छन् । आस्थाको धरोहर ढालेर बाँचिरहेकाहरूलाई जीवित भन्न

सकिँदैन । हो, ती त केवल मृत्यु बाँचिरहेछन् । तर हामी पनि मुख छोपेर केवल टुलुटुलु हेर्नुभन्दा बढी केही गर्न सकिरहेका छैनौँ ।

विचारका व्यापारीहरूको हेरी नसक्नुको उफ्रिपाफ्री छ । ती प्वाँख फेर्ने उद्यममा लागेका छन् । निरीह वर्तमान यो दृश्य चुपचाप हेरिरहेछ । केही गरिरहेको छैन । पटक पटक आस्था विश्वासमा किन डढेलो लगाइन्छ । हामी पुरापूर बेखबर छौँ । ती टाउका गनेर हामीलाई धमाधम बिक्री गरिर हेछन् । हामी यसैलाई स्वतन्त्रता भनिरहेछौँ ।

आदेश पालकहरूको काम यहि हो र ती विना हिचकिचाहट दत्तचित्त बनेका छन् । कसैलाई दाँयाबाँया हेर्ने फुर्सद छैन । अह्राएको वा लगाएको गर्ने तिनीहरूको उद्देश्य हुन्छ । औकात बिर्सेर वा समर्पण गरेर ती त्यही गरिरहेछन् । हामी उभिएर टुलुटुलु हेरिरहेछौँ । यसलाई बहादुरी भन्न ती ब्यस्त छन् ।

यो बहादुरी हैन । बोलीमा लोली मिसाएर नृत्यमा सामेल हुनेहरू बहादुर हुन सक्दैनन् । हिजो एउटा आदर्श बोकेर हिंड्न थालेका हामी आज अर्काको बोलीतिर आकर्षित बन्दै छौँ । एकहुल मानिस यसैलाई सत्य हो भन्ने राग अलाप्दै छन् । यो विषम समय कसरी अग्रगामी हुन सक्ला ?

विगतमा आदर्श सिकाउनेहरूले मुख फेरेका छन् । ती भारी बोकेर हिंड्ने मनसुवामा मात्र छैनन् बाटो छेक्ने धुनमा पनि छन् । न सिमानामा दुःखिरहेछन् न त जयसिंह कि विधवा र नाबालक सन्तानमा । भरेङ चढेर उपल्लो चोटामा पुगेका छन् । यसर्थ ती अग्लिएका छन्, हामी होचिएका छौ । यो यथार्थ हो, आफैँभित्र परिचय नखोजे परिस्थितिले कोल्टो फेर्न सक्दैन ।

अस्थिर हैन, गतिशील विचार सबैको बाटो हो । यसको पछि लाग्नु र सम्मान गर्नु हामी सबैको कर्तव्य पनि हो । त्यो विश्वासिलो हुन्छ । तर पनि यसलाई जान्न आफूलाई चिन्नु अति आवश्यक छ । यसो भनौँ सबै भन्दा ठुलो कुरा स्वपहिचान हो । यसले मात्र हामीलाई हामी बनाउँछ । अन्यथा हामी हामी हुन सक्दैनौँ ।

अन्ठान्नब्बे

नेपाली युवाहरूमा विदेशमोह बढी छ । यहाँ केही पनि छैन, जे छ उतै छ, तसर्थ उतै जानुपर्छ, भन्नेहरूको सङ्ख्या दिनप्रतिदिन बढिरहेको छ । ती त्यहाँ सबै कुरा सहजरूपमा प्राप्त हुन्छ भन्ने सोच राख्छन् । तर यो विचारमा सत्यता छैन । त्यहाँ पनि अनगिन्ती दुख,अप्ठेरा र असजिलाहरू छन् । यो कुरा न उनीहरूले मनन गर्न सकिरहेका छन् न त हामीले बुझाउन सकिरहेका छौँ । चुरो कुरो यही हो ।

उता जानखोज्ने र प्रेरित गर्नेहरूका मन-मस्तिष्कमा यो कुरा देखिँदैन । ती त्यता उज्यालो उज्यालो र यता अँध्यारो नै अँध्यारो छ भन्ने प्रचारप्रसार गरिरेका छन् । पेसा-व्यवसाय बनाएकाहरूले त आँखा चिम्लँदै पक्षमा वकालत गर्ने नै भए । विधिको विडम्बना वा भनौँ समयको खेल के हो कुन्नि, आजसम्म हामी के किन र कसरी ? भन्नेतिर पटक्कै जान सकिरहेका छैनौँ ।

हुन त यहाँ केही छैन, जे छ सबै उतै छ भन्ने अभिमत आज हैन हिजो-अस्ती देखिकै हो । अर्थात् हजुर बा र बाहरू कै पालोदेखिको हो । हाम्रा मस्तिष्कमा ती कसरी बसे र कसले बसायो यो बताउन कठिन छ । स्वार्थका लागि खास शक्तिले त्यसो भनेको हुनुपर्छ । हामी सोझा छौँ, यसैले कसैले स्वार्थले भनेका कुरा खुरूखुरू पत्यायौँ । कुनै रहस्य छ कि ? अहँ, कहिल्यै

जाँचबुझ गरेनौं ।

यो हाम्रो मूल कमजोरी हो । यसैमाथि टेकेर खेल्नेहरू उहिल्यैदेखि खेलिरहेका छन् । अत्तपत्तो नपाएका हामी चुपचाप मार खेपिरहेछौँ । जाँचबुझ र सोधखोजतिर गइरहेका छैनौँ । जसले जे भन्यो चुपचाप पत्याई रहेछौँ । दायाँबायाँ केही हेरिरहेका छैनौँ । यसैले पछि परेका हौँ र कारण सोझोपना हो ।

हामीसँग केही छैन भन्ने कुरामा न हिजो सत्यता थियो न त आज छ । सत्य कुरा के भने हामीले वरिपरिको परिवेश हेरिरहेका छैनौँ । छामीरहेका र बुझिरहेका छैनौँ । संसार हामीसँग धेरैथोक भएको भनिरहेको छ । तर हामी हामीसँग केही छैन भन्दै धमाधम देश छाडी रहेछौँ । केही गर्न नसके पनि यो मनस्थितिले देशलाई माया गर्नेहरूलाई अत्यन्तै दुःखी बनाइरहेको छ ।

अँ त, विदेश जाँदै नजाने भन्न खोजेको हैन, जान सकिन्छ । उहाँ पुगेर राम्रा-राम्रा काम गर्न सकिन्छ । सिप र क्षमता प्रदर्शन गरेर धन आर्जन गर्न सकिन्छ । यसले स्वदेशको सान र मान पनि बढ्छ । त्यहाँको सिप र प्रविधि यहाँ ल्याएर प्रयोग गर्न सकिन्छ । तर हाम्रो सोच यो दिशातिर अघि बढिरहे जस्तो देखिँदैन । हामी देशमा केही छैनको रटान मात्र लगाइरहेका छौं । यसो भन्नु आफ्नो खुट्टामा आफै बञ्चरो हान्नु सरह हो ।

यहाँ सबैथोक नहोला, यो मान्न सकिन्छ । यो पनि सत्य हो कि संसारका कुनै पनि मुलुकमा सबथोक हुँदैन । सबै कुरा एउटै देशमा नहुन सक्छ यो अनौठो कुरा होइन । नभएका कुरा अन्यत्रबाट लिने र बढी भएका दिने प्रचलन संसार भर छ । यहाँ केही छैन भनिरहनुको सट्टा मैले के गरैँ राम्रो हुन्छ र गर्न सक्छु भन्नेतिर ध्यानु आवश्यक छ । के हामीले हाम्रा मनमा यस्तो सोचहरू उमारेका छौँ त ?

निर्धक्क बनेर यसोचाहिँ भन्न सकिन्छ यहाँ केही पनि नगर्ने वा नकारात्मक सोच बोक्नेहरूका लागि यो देशमा केही छैन । सकारात्मक सोच राखेर आफू जन्मेको माटोको लागि केही गरौँ र गर्नु मेरो पनि दायित्व हो भन्नेहरूका लागि धेरथोक छ । दुःखको कुरा, त्यसो भन्न हामी हिचकिचाई रहेका छौँ । र भन्नेहरूलाई पनि निरूत्साहित बनाइरहेका छौँ । कौवाले कान लग्यो भन्ने सुने पछि कान छाम्नुको सट्टा आकाशतिर हेर्दै दुगुरी रहेकाछौँ ।

हिजो ५६ लाख जनसङ्ख्या हुँदा पनि यहाँ काम पाइँदैन भनेर बिदेसिनेहरूको सङ्ख्या सानो थिएन । ऐले त्यो सङ्ख्या तीन करोडको हाराहारी पुग्दा पनि उही बोली बिकिरहेछ । गन्तव्य फरक भएका छन् तर लोलीबोली उही उही छन् । हिजोको सोच र चिन्तनमा अलिकति पनि फेरबदल हुन सकिरहेको छैन ।

खै किन हो, यही देशमा बस्नुपर्छ, यही माटोको खनजोत र गोडमेल गर्नुपर्छ, यसलाई सुन्दर बनाए हामी खुसी र सुखी हुन सक्छौँ भन्ने पाठ पढाउन चासो दिइएको देखिँदैन । हाम्रा आँखामा अग्रजको नाममा दर्जहरूको मुखबाट यी वाणी बिरलै सुन्न पाइन्छन् । सुनिए पनि तिनीहरू भित्री र बाहिरी कुराहरू गर्छन् । देखाउने र गर्ने व्यवहार अलग अलग हुन्छन् । सन्तान बाहिर पठाउने अभिभावकको शान-मान बेग्लै पाइन्छ । किँञ्चित भाव देख्न सकिँदैन । प्रफुल्ल र उत्साहित भावले प्रस्तुत हुन्छन् ।

माथिका यी सन्दर्भहरूबाट के पुष्टि हुन्छ भने हामी आवश्यक मात्रामा गम्भीर छैनौँ । अल्ली बढी हल्लाको पछि पछि कुद्छौँ । सत्य के हो त ? खोजी गर्नेतिर कमै लाग्छौँ । यहाँ केही छैन भन्नुको अर्थ

आफैँलाई विश्वास गरिरहेका छैनौँ भन्नु हो । यो सोच किमार्थ उपयुक्त हैन । अगाडिको बाटो पनि देखाउँदैन । यसले त परायको पछि लाग्न सिकाउँछ । यस्तो सोच र चिन्तन कुनै हालतमा सकारात्मक वा अग्रगामी हुन सक्दैन ।

हामीसँग सबैथोक छ, नभएको त यही माटोमा केही गरौँ र गर्न सकिन्छ भन्ने सोच मात्र हो । हामीले सबैभन्दा पहिले हेर्ने आफैँलाई हो । आफूसँग के छ त्यसैको बढी उपयोग गर्नुपर्छ । आफ्नै तागतले हिँड्नुपर्छ । यो समय आइसकेको छ । ढिला गरिरहनु हुँदैन । बुझ्दै नबुझी केही छैन भनेर राख्ने गरिएको भाव त्याग्नुपर्छ । हिजो जे भयो छाडौँ, अब यही देशमा बसेर केही न केही गरौँ यसैमा तपाई हाम्रो कल्याण र भविष्य छ ।

उनान्सय

भन्नुस् त ! यहाँ को हतारमा छैनन् ? कृपया यो प्रश्नको चित्त बुझ्दो उत्तर दिने प्रयास गर्नुहोला । विनम्रतापूर्वक आग्रह गर्छु एकछिन सोचेर जबाफ दिए हुन्छ ।

यहाँ सबै हतारमा छन् । पालो कुर्ने र अर्काको विचार श्रवण पछि आफ्नो धारणा राख्ने धैर्य कमैसँग छ । केवल कसरी पहिला हुने र अगाडि देखिने भन्ने हुटहुटी मन मनमा छन् । तहतहका मनहरू उचालिई रहेछन् । आफ्नै पारामा बढ्न खोजी रहेछन् । प्रतियोगिता नै त नभनौँ तर तँछाड मछाडको अवस्था छ । यो सोच सकारात्मक कि नकारात्मक निर्णय गर्ने अधिकार यहाँकै काँधमा छोड्न चाहन्छु ।

यहाँ कुरा सुन्नेहरू भेट्टाउन कठिन भए पनि सुनाउनेहरूको कुनै कमी छैन । एक दुईजना मात्र कहाँ हो र ? ती त हुल हुलमा भेटिन्छन् । समूह समूहमा फेलापर्छन् । ठाउँ ठाउँमा देखिन्छन् । तपाईं निर्धक्क बने हुन्छ महाशय जति चाह्यो त्यति सजिलै पाउन सक्नुहुन्छ । यो विषयमा तपाईं वरपर केही खोजखबर नगरी विश्वस्त बन्दा हुन्छ ।

आफ्ना कुरा सुनाउन हमेसा मरिहत्ते गर्नेहरू के सुनाउँछु, कति सुनाउँछु, किन सुनाउँछु, कसका लागि सुनाउँछु कसरी सुनाउँछु यो कुरामा ध्यान दिँदै दिँदैनन् । बस्, सुनाउने ध्याउन्नाले उनीहरूका मन आकुल ब्याकुल हुन्छ । अगाडि बढी हाल्छन् । मेरो कुरा तिनीहरूले रुचाउँछन् वा रूचाउँदैनन् ध्यान कहिल्यै गएको देखिँदैन ।

किन यस्तो भएको होला ? मनमा घरीघरी प्रश्न उब्जन्छन् । उत्तर खोज्छु तर भेट्दिन । उत्तर दिन सामर्थ्य राख्नेहरू नभएका हुन् या म तिनीहरूलाई भेट्न असमर्थ बनेको हुँ थाहा छैन तर यो कुरा पक्का हो आजका मितिसम्म खोजेको उत्तर पाएको छैन । अनि कहिले पाउँछु वा पाउँदिन त्यो पनि म पटक्कै जान्दिनँ ।

म र हामीबिच धेरै अन्तर छ तर भेद खुट्याउन सकिरहेका छैनौँ । यसैले हो, कसैलाई सुन्न सकिरहेका छैनौँ, बुझ्न सकिरहेका छैनौँ, जान्न सकिरहेका छैनौँ, पढ्न सकिरहेका छैनौँ, थाहा पाउन सकिरहेका छैनौँ, अन्दाज गर्न सकिरहेका छैनौँ । यही कारण हामी हामीमै हराइरहेछौँ र विश्वास खोज्न चारैतिर भौँतारिइरहेछौँ । तर पाइरहेका छैनौं ।

समय विभाजित छ । विभाजित भए पनि यसलाई बोकेर हामी हिँडिरहेछौँ । कहाँ पुग्न खोजेको हो, थाहा छैन तथापि हिँड्न छाडेका छैनौँ । मानिस टुक्राटुक्रामा बाँडिएछन् । जोड्नेभन्दा फुटाउनेहरूको सङ्ख्या ठूलो छ । ती त्यही गर्न तल्लीन छन् । उनीहरूकै एकछत्र राज चलिरहेछ । आ-आफ्ना राजमा नरमाउने कोही होलान्

र ? हुन त होलान् तर सङ्ख्या सानो होला यति भन्न सकिन्छ ।

आज विधि र प्रक्रिया अवरूद्ध छन् । उठ्नुपर्ने हामी थियो तर उठाउन सकेनौँ । म उठ्यो, अनि उठाउन जोडबल लगायो । यतिखेर उठाउनेहरू के सोचिरहेछन् कुन्नि, भन्न सकिन्न तर उठेकाहरू अगाडि पुग्न सकिरहेका छैनन् । ठाउँको ठाउँ रोकिएका छन् । बाटो असरल्ल बनेको महसुस हुन्छ तर ती फिटिक्कै बोलिरहेका छैनन् । आँखा प्रश्नमा रूपान्तरित हुने सोचमा छन् ।

माफ गर्नुहोला महाशय ! अलिकति अगाडि बढ्न मन लाग्यो । मैले महसुस गरेका कुरा भन्छु है त । को छैन

हतारमा ? कृपया एकछिन सुनिदिनुहोला । सबैभन्दा पहिले बाआमा हतारमा छन् । उनीहरूलाई सन्तानहरूले छिटो विदेश पुगेर कमाउन थालिहाले हुन्थ्यो भन्ने लागेको छ । विद्यार्थीलाई ज्ञान हासिलगरिरहनुको साटो छिटाभन्दो छिटो पढाइ सकेर कमाउनेतिर लागिहाल्न पाए हुन्थ्यो भन्ने हतारो लागेको छ ।

शिक्षकलाई बुझाउनेतिर भन्दा छिटोछिटो काम सकेर अन्यत्र आँखा लगाउन पाए हुन्थ्यो भन्ने लागेको छ । कतिपय शिक्षालयलाई देशलाई आवश्यक जनशक्ति हैन विदेशमा के को माग छ ती कुरा तयार बनाएर उता पठाउने हतार छ । किसानहरू कृषिकर्म भन्दा बढी अन्य पेसाव्यवसाय बारे जान्ने सुन्ने र बुझ्ने लयमा छन् । गृहिणीहरू परम्परागत जिम्मेवारी बहन गर्नुको साटो उत्तरदायित्व छाडेर भए पनि सामाजिक सञ्जालमा रम्ने रमाउने हतारमा छन् । अनि कर्मचारी जनताको सेवामा हैन सङ्गठन र आफन्तका काम सकिदिने मनसायमा छन् ।

यसो त नेताहरू पनि कम हतारमा छैनन् । हिजो राजनीति सेवा थियो आज पेसा भएको छ यसर्थ जतिसक्दो छिटो मन्त्री बन्ने र कमाएर सन्तानको भविष्य सुधार्नेतिर लाग्ने हतारमा छन् । कार्यकर्ता हतारमा छन् किनकि आफूले छनोट गरेको व्यक्ति पदमा पुगेपछि हुने लाभका कुराले तिनीहरूका जिब्रा रसाइरहेछन् । मतदाता पनि हतारमा हतारमा छन् किनकि उनीहरूलाई आफूले मत दिएको व्यक्तिले चुनाव जितेको र मन्त्री भएको देख्नु छ ।

लेखकहरू अझ धेरै हतारमा छन् उनीहरूलाई छिटोभन्दा छिटो स्थापित हुनु छ । सामाजिक प्रतिष्ठा कायम गर्नु छ । म पनि केही हुँ भन्ने देखाउनु छ । यसै गरी पत्रकारहरू पनि हतारमै छन् । समाचारले पार्ने दीर्घकालीन असर जेसुकै होस् छिटोभन्दा छिटो समाचार सम्प्रेषण गरेर आफ्नो खुबी र क्षमता देखाउन ती लालयित छन् ।

हुन त सबैभन्दा हतार जनताको सेवक सरकारलाई हुनुपर्ने हो तर स्थिति त्यस्तो छैन । हाम्रा आँखा छर्लङ्ग देखी रहेछन् । हामी टुलटुल्ती हेरिरहेछौँ । त्यो भन्दा बढी गर्न सकिरहेका छैनौँ । पक्ष-विपक्ष कहिल्यै एक हुँदैनन् । हमेसा फरक फरक हुन्छन् । नहुनुपर्ने हो तर भइरहेछ । हामी हेरिरहेछौँ ।

देश निर्माणको कुरामा खासै कसैको ध्यान पुगिरहेको छैन । हिजैदेखि केवल सत्ता बनाउने र भत्काउने खेल चलिरहेछ । सत्ता बिना कोही सोझो उभिन सक्ने अवस्थामा छैनन् । त्यसैले सत्ताका लागि तिकडम बाजी चलिरहेको छ । अचेल देश कपर्दी, तेलकासा र आनमान खेल्ने मैदान भएको छ । खेलाडीहरू मजासँग खेलिरहेका छन् । भोलि कुर्ने धैर्य कसैसँग छैन । ती केवल अगाडि देखिरहेछन् । वरपर र तलमाथि हेर्ने फुर्सद कसैलाई छँदै छैन । त्यसैले सबै हतार हतारमा छन् ।

खण्ड : घ

यात्राका सहयात्रीहरू

नवप्रज्ञान ३० वर्ष हिंडेपछि १०० अङ्कमा आइपुगेको छ। १०० अङ्कभित्र नवप्रज्ञापनले कतिजना छाप्यो, को को लाई छाप्यो ?, कसरी छाप्यो यही कुरा यस खण्डमा देखाउन खोजीएको हो । अनि उहाँहरूका के के नामका के के रचना कुन कुन अङ्कमा कसरी छापिए त्यो जान्नु पनि आवश्यक छ। यो विषय स्वयं लेखकदेखि पाठक र खोकर्ताहरूका लागि पनि आवश्यक हुने ठानेर यस खण्डमा समावेश गरिएको हो ।

क्र.सं.	लेखक	रचना	विधा	प्रकाशन मिति	पृ.
१.	अखिल थापा	जंगबहादुर शहीद	कथा	माघ २०५४	२६
	अखिलेश्वर पाण्डेय	विभिन्न आयाममा...	लेख	कार्तिक २०७८	९४
२.	अगिव बनेपाली	नेपाल भाषाको...	समालोचना	वैशाख २०७३	७२
	"	दुई लघुकथा	लघुकथा	वैशाख २०७३	७२
३.	अङ्कित अधिकारी	गजल		साउन ०७७	८९
	"		गजल	वैशाख २०७८	९२
४.	अंकुश्री	वनमहोत्सव	लघुकथा	वैशाख २०७३	७२
५.	अच्युत अधिकारी	सडक	कविता	असोज २०६५	४१
६.	अच्युत खनाल	परिकल्पना	,,	पौष ०५०	३
	,,	हीरा खेती	,,	पौष २०५१	१७
	,,	जब दुख्न थाल्छ	,,	चैत्र २०५३	२२
	,,	बालिका	,,	माघ २०५४	२६
	,,	बसको टिकट	लघुकथा	आश्विन २०५५	२८
	,,	खोइ त्यो पोको ?	संस्मरण	आश्विन २०५६	२९
	,,	तरङ्ग-तरङ्गिणी	कविता	वैशाख २०६२	३०
	"	बेलायतमा भानु...	संस्मरण	वैशाख २०७१	६४
	"	सिर्जनामै रमाऔं	कविता	वैशाख २०७२	६८
७.	अच्युत घिमिरे	स्वर्गजस्तो बस्ती	,,	पौष २०६५	४२
	,,	जीर्ण पर्खालभित्रका	कृतिपरिक्रमा	असार २०६६	४४
	,,	युवाको सपना	कविता	असोज २०६६	४५
	"	नयाँ वर्ष...	कविता	वैशाख २०६८	५२

	”	पसिनाको मोल	कविता	वैशाख २०७०	६०
	”	दुई लघुकथा	लघुकथा	वैशाख २०७३	७२
	”		गीत	वैशाख ०७७	८८
	”	दुस्मन	लघुकथा	माघ २०७८	९५
८.	अच्युतरमण अधिकारी	नम्बर पुगेन	कथा	२०६७	४९
९.	अच्युत रिजाल	गीत	कविता	जेठ २०५३	१८
	,,	गीत	,,	असोज २०५३	२०
	,,	सम्झनाका परेलीबाट	,,	,, २०५४	२४
	,,	गीत	,,	असोज २०६२	३१
	,,	गजल	,,	असोज २०६३	३४
	”	गीत	कविता	माघ २०६७	५१
	”	शुभकामना	कविता	कार्तिक २०६९	५८
	”	गाउँमा साइरन	समीक्षा	साउन २०७०	६१
	”	मनभित्र	कविता	कार्तिक २०७०,	६२
	”	चुँदीमा घुमेर	कविता	वैशाख २०७१	६४
	”	गीत	कविता	कार्तिक २०७१	६६
	”	सार्थक जीवन	कविता	वैशाख २०७२	६८
	”	गीत	कविता	साउन २०७३	७३
	”	मनको उज्यालो	कविता	माघ २०७३	७५
	”		गीत	वैशाख ०७७	८८
१०	अच्युतशरण अर्याल	गण्डकी अञ्चलको...	खोजी	वैशाख २०७०	६०
११	अच्युत हुमागाईं	अविमान	कविता	साउन २०७०	६१
१२	अजमत अली अन्सारी		गीत	वैशाख २०७९	९६
१३	अजय साह	गजल	कविता	कार्तिक २०७१	६६
१४	अजरा असगर	खेलौना	कथा	पौष २०६३	?
१५	अर्जुन 'बेघर'		मुक्तक	वैशाख ०७५	८०
१६	अज्ञात युवक	हातहरू	कविता	पौष २०६४	३८
	,,	ऋमशः ऋमशः	,,	,, २०६६	४६
१७	अतीन्द्र दाहाल	सशक्तीकरण र...	समालोचना	साउन २०६८	५३
१८	अधिकारी कुमार अनल		गजल	वैशाख २०७८	९२
१९	अनन्तप्रसाद वाग्ले	गजल	कविता	पौष २०५३	२१
	,,	हिमालयको मुरले	,,	वैशाख २०६२	३०
	”	देशभरि अलिअलि...	नियात्रा	कार्तिक २०६७	५०
	”	बागमती अञ्चलको...	खोजी	वैशाख २०७०	६०

२०	अनमोलमणि	दुई हाइकु	कविता	जेठ २०५३	१८
२१	अनाकर	आह्वान : नारीभित्र...	कविता	माघ ०७७	९१
२२	अनिता तुलाधर	दुई लघुकथा	लघुकथा	वैशाख २०७३	७२
२३	अनिता लामा	होसियार सडकहरु	कविता	कार्तिक २०७०,	६२
२४	अनिता साह	इज्जत	कथा	वैशाख ०७६	८४
	”	जिनगी	कविता	वैशाख २०७९	९६
२५	अनिल थापा	गजल	कविता	कार्तिक २०६८	५४
२६	अनिल पृथक	गजल	कविता	माघ २०६८	५५
२७	अनिल पौडेल	दुई टुक्रा	कविता	मंसिर २०५१	८
	”	ठगको अर्ती	संस्मरण	कार्तिक २०६७	५०
	”	पुरस्कार तथा सम्मान	रिपोर्ट	माघ २०६८	५५
	”	गीत	कविता	वैशाख २०७०	६०
२८	अनिल श्रेष्ठ	सर, कोशीले घरखेत सबै	,,	असोज२०६६	४५
२९	अनिला राई		गीत	वैशाख ०७७	८८
३०	अनुपमा करारा		मुक्तक	कार्तिक ०७४	७८
	”		मुक्तक	वैशाख ०७५	८०
३१	अनुराधा	चुनमुन...	कथा	वैशाख २०७०	६०
३२	अनुराधा लम्साल	गुरुदेव	कविता	वैशाख २०७२	६८
३३	अंजली बस्नेत	आमा	कविता	माघ २०७९	९९
३४	अप्सरा पुडासैनी	हाम्रो देश	कविता	साउन २०७१	६५
	”	साहित्यप्रेमी	संस्मरण	कार्तिक २०७१	६६
	”	भूकम्पपछि	लेख	साउन २०७२	६९
	”	सबै मेरै	कविता	माघ २०७२	७१
	”	हिजो र आज...	कविता	साउन २०७३	७३
	”	सहयोग	लघुकथा	माघ ०७४	७९
३५	अभय श्रेष्ठ	वाख्यागीत	कथा	वैशाख ०७६	८४
३६	अभि क्षेत्री ‘समर्पण’		मुक्तक	वैशाख ०७५	८०
३७	अभ्यस्त यात्री	हो म एउटा..	कविता	साउन २०७२	६९
३८	अमरकुमार प्रधान	स्पर्श	कथा	साउन २०६८	५३
	”	तेजप्रकाश श्रेष्ठको...	समालोचना	वैशाख २०७०	६०
	”	बुद्ध नेपालकै...	लेख	साउन २०७०	६१
	”	आदिकविको काठमाडौं	लेख	वैशाख २०७१	६४
	”	मामाले पढाएको स्कुल	नियात्रा	कार्तिक २०७२	७०
	”	साइनो	कथा	वैशाख ०७६	८४

	”	चामलको गेडामा नामाक्षर	संस्मरण	साउन २०७८	९३
	”	पार्वती	कथा	माघ २०७९	९९
३९	अमर गिरी	इतिहासको पुस्तक	कविता	कार्तिक २०६७	५०
४०	अमर तुम्यहाङ	म्यामुन म्या	कविता	वैशाख २०७०	६०
४१	अमर त्यागी	नेता	,,	मंसिर २०५१	९
	,,	दुई गजल	,,	चैत्र २०५३	२२
	,,	गजल	,,	असोज २०५४	२४
	,,	,,	,,	माघ २०५४	२६
	,,	जिन्दगी (गजल)	,,	आश्विन २०५४	२८
	,,	अनुराधा उपन्यासका	समीक्षा	आश्विन २०५६	२९
	,,	१. अनागरिक २. रोदन	सूत्रकथा	वैशाख २०६२	३०
	,,	रोदन	,,	असार २०६३	३३
	,,	विद्रोही, नियति	,,	वैशाख २०६४	३६
	,,	विम्व-प्रतिविम्व	निबन्ध	असोज २०६५	४१
	,,	गजल	कविता	,, २०६६	४५
	”	गजलकार घनश्याम...	समालोचना	कार्तिक २०६७	५०
	”		गजल	वैशाख २०७८	९२
४२	अमर बान्तु राई		गीत	वैशाख ०७७	८८
४३	अमृत शर्मा ढकाल		गीत	वैशाख ०७७	८८
४४	अम्बिका थापा मगर		गजल	माघ २०७९	९९
४५	अम्बिका भण्डारी		मुक्तक	वैशाख ०७५	८०
४६	अम्बु बिहानी		मुक्तक	वैशाख ०७५	८०
४७	अमानव	केही छेस्का	,,	चैत्र २०५३	२२
४८	अमित घिमिरे	दुई लघुकथा	लघुकथा	वैशाख २०७३	७२
४९	अमिर निशाचर	गजल	,,	असोज २०५१	८
५०	अमृत फुयाँल	गीत	,,	फागुन २०६२	३२
५१	अमृत योन्जन तामाङ	तामाङ बालसाहित्य	लेख	वैशाख २०७०	६०
५२	अमोददेव भट्टराई	दुई लघुकथा	लघुकथा	वैशाख २०७३	७२
५३	अम्बर गुरुङ	घाँटीमै ल्वाङ अडकियो	संस्मरण	असार २०६५	४०
	”	अनुभव र अनुभूति	कुराकानी	साउन २०६८	५३
५४	अम्बिका गिरी	गजल	कविता	फागुन २०६२	३२
५५	अम्बु बिहानी	चार मुक्तक	कविता	साउन २०७३	७३
५६	अरुणकुमार ढुङ्गाना	सपथ	कविता	मंसिर २०५१	९
५७	अरुण खत्री ‘नदी’	दुई मुक्तक	,,	पौष २०५१	१०

	,,	मुक्तक	,,	जेठ २०५३	१८
	,,	मुक्तक	,,	पौष २०५३	२१
	,,	उपाय	लघुकथा	वैशाख २०६२	३०
	,,	हाइकु	,,	वैशाख २०६४	३६
	,,	शर्मिला खड्का दाहालको	कृतिपरिक्रमा	असोज २०६७	४९
	"	प्रोमोसनपछिको	कविता	माघ २०७०	६३
	"	भानुभक्त	कविता	वैशाख २०७१	६४
	"	आमाबाबुको मुख	लघुकथा	साउन २०७३	७३
	"	पुरोहितको...	लघुकथा	कार्तिक २०७३	७४
	"	सञ्जीवनी (उपन्यास)	समीक्षा	माघ ०७५	८३
	"	राष्ट्र उद्गारको...	कृति समीक्षा	साउन ०७६	८५
	"	नलेखिएको कथा...	समीक्षा	कार्तिक ०७६	८६
	"	झझल्कोमा...	समीक्षा	साउन ०७७	८९
	"	उत्कृष्ट कर्मचारी	लघुकथा	कार्तिक ०७७	९०
	"	डाक्टरको पेशा	लघुकथा	साउन २०७८	९३
	"	बन्दाबन्दी	लघुकथा	माघ २०७८	९५
	"	नोक्सान	लघुकथा	साउन २०७९	९७
५८	अरुण विक्रम शाह	ना उमंग	कविता	वैशाख २०७९	९६
५९	अर्चना सापकोटा	महामारी र बालबालिका	कविता	माघ २०७९	९९
६०	अर्जुन ग्लान	समय	कविता	फागुन २०६२	३२
	"	चुरी जे	कविता	साउन २०७०	६१
	"	तामाङ साहित्यको चर्चा	आलेख	वैशाख ०७६	८४
६१	अर्जुन थापा		गजल	वैशाख २०७८	९२
६२	अर्जुन पौडेल	प्रजातन्त्र	कविता	मंसिर २०५१	९
६३	अर्जुनप्रसाद गुप्ता 'दर्दिला'		गीत	वैशाख ०७७	८८
	"		गीत	कार्तिक ०७७	९०
६४	अर्जुनप्रसाद ढुंगेल	मित्रलाई चिठी	कविता	जेठ २०५३	१८
६५	अर्जुन याबा	मेरी मोना	कविता	माघ २०६९	५९
	"	समय	कथा	कार्तिक २०७०,	६२
६६	अल्का अधिकारी	मुक्तक	कविता	माघ २०५४	२६
६७	अल्वर्तो मोराविया	जिन्दगीको अन्त	लघुकथा	वैशाख २०७३	७२
६८	अशेष मल्ल	चौथीको त्यो रात	संस्मरण	असार २०६५	४०
६९	अशोक कुमार शिवा	अष्ट्रेलिया यात्रा	नियात्रा	साउन ०७४	७७
७०	अशोक बोहरा	'असीम पीडा'	मुक्तक	वैशाख ०७५	८०

७१	अशोक भुर्तेल	स्वास्थ्य नै धन हो	निबन्ध	चैत्र २०६४	३९
७२	असफल आकृति	गजल	कविता	पौष २०६६	४६
	,,	,,	,,	असोज २०६७	४९
७३	असफल गौतम	मुक्तक	कविता	साउन २०६९	५७
	"	दुई मुक्तक	मुक्तक	साउन ०७४	७७
७४	अस्मिता भट्टराई		मुक्तक	वैशाख ०७५	८०
७५	अस्मिता शर्मा	भूतको कपर्तीभित्रका...	कृतिपरिक्रमा	माघ २०६७	५१
	"	रातो फूलमा...	कृतिपरिक्रमा	वैशाख २०६८	५२
	"	शर्मिलाको उज्यालो...	कृतिपरिक्रमा	साउन २०६८	५३
	"	विष्णु पौडेलका तीन	कृतिपरिक्रमा	चैत्र २०६६	४७
	,,	तीन नयाँ कृति	,,	असार २०६७	४८
	,,	'दण्डहीनता' भित्रका	,,	असोज २०६७	४९
	"	यशु श्रेष्ठका...	"	कार्तिक २०६७	५०
७६	आनन्द अस्तित्व		हाइकु	वैशाख २०७९	९६
७७	आत्माराम 'आत्मा'	गाँव-घर	लेख	वैशाख २०७९	९६
७८	आँसु अनुषा	नोस्टाल्जिक पहाड बूढो	कृतिपरिक्रमा	पौष २०६३	३५
७९	आचार्य प्रभा		गजल	कार्तिक ०७६	८६
	"		गीत	वैशाख ०७७	८८
८०	आदर्श वान्धव	एक संघारिया...	.....	कार्तिक २०७०	६२
८१	आदिम सुरेन्द्र	बादलको घुम्टाहरु पढ्दा	कृति परिक्रमा	माघ ०७४	७९
८२	आनन्द घिमिरे	हाम्रो घरको	,,	आश्विन २०५५	२८
८३	आनन्ददेव भट्ट	मेरो कोठो खुस्कँदा	संस्मरण	असार २०६५	४०
	"	साहित्यमा मूल्य...	लेख	साउन २०७१	६५
८४	आनन्द रानोहोंछा		मुक्तक	वैशाख ०७५	८०
८५	आनन्दराम पौडेल	जात	कविता	वैशाख २०६४	३६
८६	आभा सिंह	विम्ब प्रतिविम्ब	लघुकथा	वैशाख २०७३	७२
८७	आभास अधिकारी	पाउँ देश...	कविता	कार्तिक २०७१	६६
८८	आरआर.चौलागाईं	आफैंभित्रको उद्घोष	,,	चैत्र २०५३	२२
	,,	शिष्टाचार	लघुकथा	असोज २०६२	३१
